# नेपाल बौद्ध परियत्ति शिक्षा


प्रधान कार्यालयः

**विश्व शान्ति विहार**

नयाँ बानेश्वर, मीनभवन, काठमाडौं

फोनः ४१०६९४१, ४१०६९३६

E-mail: pariyatti2556@gmail.com

Website : www.nepalpariyatti.com


## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष

२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष

३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष

४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष

५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष

६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष

७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष

८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

(कक्षा ८, दोश्रो पत्र)

Dhamma.Digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

(कक्षा ८, दोश्रो पत्र)


सम्पादक

भिक्षु धर्मगुप्त महास्थविर

भिक्षु बोधिज्ञान महास्थविर

भिक्षु निग्रोध

अमिता धाख्वा


https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

# परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

## (द्वितीय पत्र)

Dhamma Digital

सम्पादक
भिक्षु धर्मगुप्त महास्थविर
भिक्षु बोधिज्ञान महास्थविर
भिक्षु निग्रोध महास्थविर
अमिता धाख्वा

प्रकाशक
अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति

प्रकाशनार्थ सहयोगी
काठमाडौं महानगरपालिका

© प्रकाशकमा

प्रथम संस्करण : ५०० प्रति
बु.सं. :२५६५
वि.सं. :२०७८
ने.सं. :११४१
ई.सं. :२०२१

सहयोगार्थ रकम : ३००

Dhamma.Digital

https://dhamma.digital

# साधुवाद

प्रस्तुत पुस्तक परियत्ति शिक्षा कोविद प्रथम वर्ष (कक्षा ८) को दोश्रो पत्रको पाठ्यक्रमानुसार तयार पारिएको हो । यस दोश्रो पत्रमा अंगुत्तर निकाय, विशुद्धिमार्ग, दश पारमिता, मिलिन्द प्रश्न, धम्मपद नेपाली अनुवाद राखिएको छ ।

यस पुस्तकको खण्ड एक अंगुत्तर निकायको नेपाली अनुवादक धर्मरत्न शाक्य 'त्रिशुली' हुनुहुन्छ । खण्ड दुईमा रहेको विशुद्धिमार्गको मूल लेखक आचार्य बुद्धघोष हुनुहुन्छ भने नेपाली अनुवाद भिक्षु सम्यक सम्बोधि प्राणपुत्रले गर्नुभएको हो । खण्ड तीन दश पारमिताका सम्पादक भिक्षु कुमार काश्यप महास्थविर तथा भिक्षु सुदर्शन महास्थविर हुनुहुन्छ । खण्ड चारमा रहेको मिलिन्द प्रश्न नेपाल भाषामा श्री दुण्डबहादुर वज्राचार्यले अनुवाद गर्नुभएकोलाई भिक्षु शोभनले नेपालीमा अनुवाद गर्नुभएको हो । त्यस्तै खण्ड पाँचको धम्मपदको नेपाली अनुवाद भिक्षु धर्मगुप्त महास्थविरद्वारा भएको हो । उहाँहरू सबैलाई सम्पादन मण्डलको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।

यस संग्रहमा भएका पुस्तकहरू प्रुफ रिडिङ्ग गरी आवश्यक परिमार्जन संशोधन र शुद्धाशुद्धिमा भिक्षु निग्रोध, भिक्षु विमलो, अनागारिका धम्मत्राणी, अनागारिका आभासवती, अनागारिका श्रृजना, अनागारिका मधुभाणिनी, अमिता धाख्वाहरूले सहयोग गरेका थिए ।

परियत्ति शिक्षाको प्रसार र विस्तारका लागि उपयुक्त भएको यस पुस्तकका मूल लेखकहरू, मूल अनुवादकहरू र पुनः अनुवादक तथा पुस्तक प्रकाशक दाताहरू तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई साधुवाद दिन चाहन्छु ।

अन्तमा,परियत्ति कोविद तहको पाठ्यपुस्तकहरू श्रोत सामाग्रीको रूपमा छरिएर रहेका पुस्तक तथा फोटोकपीमा भर पर्नुपर्ने अवस्था थियो साथै पुराना प्रकाशनहरू अप्राप्य भैसकेको सन्दर्भमा विद्यार्थीहरूलाई सर्वसुलभ हुनेगरी एउटै पुस्तकका रूपमा प्रकाशन गर्न आर्थिक सहयोग गर्नु भएकोमा काठमाडौं महानगरपालिकालाई हार्दिक साधुवाद दिन चाहन्छौं ।

**सम्पादन मण्डल**



https://dhamma.digital

# विषयसूची


## अंगुत्तरनिकाय ... 2

१. नीवरणप्पहानवग्गो ... 2
२. अदन्तवग्गो ... 3
३. अच्छरासङ्घातवग्गो ... 4
४. कल्याणमित्तादिवग्गो ... 6
५. अनापत्तिवग्गो ... 7

## विशुद्धि मार्ग ... 9

पहिलो परिच्छेद ... 10
शील निर्देश ... 10
(निदान कथा) ... 10
विशुद्धिमार्ग के हो ? ... 11
१. शील के हो ? ... 18
२. शीलको अर्थ के हो ? ... 19
३. यसका लक्षण, रस, प्रत्युपस्थान के हुन ? ... 20
४. शीलको गुण के हो ? ... 21
५. शील कति प्रकारका छन् ? ... 23
द्विक ... 24
त्रिक ... 26
चतुष्क ... 28
प्रातिमोक्ष संवरशील ... 30
इन्द्रिय संवरशील ... 33
महातिष्य स्थविरको कथा ... 34
आजीव-पारिशुद्धि-शील ... 37
तेल कन्दरिकाको कथा ... 42
कुलूपक भिक्षुको कथा ... 43
प्रत्यय सन्निश्रित शील ... 47
प्रातिमोक्ष संवर शुद्धि सम्पादन विधि ... 52
महावर्तनिक स्थविरको कथा ... 53
ताम्रपर्णी द्वीप स्थविरको कथा ... 53
इन्द्रिय संवर शुद्धि सम्पादन विधि ... 54




https://dhamma.digital

चित्रगुप्त स्थविरको कथा ... 56
महामित्र स्थविरको कथा ... 58
आजीव पारिशुद्धि सम्पादन विधि ... 58
सारिपुत्र स्थविरको कथा ... 60
महातिष्य स्थविरको कथा ... 61
प्रत्यय-सन्निश्रित-शील सम्पादन विधि ... 62
दुई प्रकारका प्रत्यवेक्षण ... 62
चार प्रकारका परिभोग ... 62
चार प्रकारका शुद्धिहरू ... 63
पञ्चक ... 65
महासंघरक्षित स्थविरको कथा ... 67
तिष्य स्थविरको कथा ... 69
कुनै महास्थविरको कथा ... 69
संक्लेश र विशुद्धि ... 72
दोश्रो परिच्छेद ... 81
धुताङ्ग निर्देश ... 81
धुतांग के हो ? ... 83
दुई भाइ स्थविरहरूको कथा ... 84
१. पांशुकूलिकांग ... 84
चीवर परिभोग ... 85
२. त्रैचीवरिकांग ... 87
३. पिण्डपातिकांग ... 89
उत्कृष्ट पिण्डपातिकको कथा ... 89
४. सापदानचारिकांग ... 91
५. एकासनिकांग ... 92
६. पात्रपिण्डिकांग ... 93
७. खलुपच्छाभतिकांग ... 94
८. आरण्यकांग ... 95
शयनासन प्रमाण ... 95
९. वृक्षमूलिकांग ... 98



https://dhamma.digital

१०. अभ्यवकाशिकांग ... 99
११. श्मशानिकांग ... 100
१२. यथासंस्थरिकांग ... 102
१३. नैषद्यिकांग ... 103
विनिश्चय कथा ... 104
(३) संक्षेप र विस्तारले -... 106
दश पारमिता ... 110
पारमिता धर्मको लक्षण ... 113
पारमीधर्मको प्रत्यय ... 114
प्रत्येकबुद्ध र श्रावकबुद्धहरुको लागि अभिनिहार ... 115
पारमिता सम्पादन गर्ने उपाय ... 117
पारमिता सम्पादन समय ... 117
तीन प्रकारका बोधिसत्त्वहरु ... 118
अठार-अभव्यस्थान ... 119
चार-बुद्धभूमि ... 119
बोधिसत्त्वहरुको छ-अज्झास ... 120
चार सम्पत्ति ... 121
आश्चर्य अद्भूत शक्ति ... 122
दानपारमिता ... 124
शंखपाल जातक (५२४) ... 124
आमीसदान ... 126
विसह्य जातक (३४०) ... 126
अकित्ति जातक (४८०) ... 127
कुरुधर्म जातक (२७६) ... 128
महासुदर्शन जातक (९५) ... 128
अभयदान ... 130
महाकपि जातक (४०७) ... 131
निग्रोधमृग जातक (१२) ... 131
धम्मदान ... 133
दानको पूजाविधि र अनुकम्पाविधि ... 133



https://dhamma.digital

तीन प्रकारका दान पारमिता ... 135
वेस्सन्तर जातक ... 136
(ख) दान उपपारमिता ... 146
सीलव जातक (७२) ... 146
शिवि जातक (४९९) ... 147
(ग) दान परमत्थपारमिता ... 149
जयद्दिस जातक (५३०) ... 150
सस जातक (३१६) ... 150
महासत्वको कथा ... 151
शीलपारमिता ... 155
साम जातक (५४०) ... 158
मातुपोसक जातक (४५५) ... 159
गिज्भ जातक (३९९) ... 160
चुल्ल-नन्दिय जातक (२२२) ... 160
भिक्खा परस्पर जातक (४९६) ... 161
मतकभत्त जातक (१८) ... 164
धोनसाख जातक (३५३) ... 165
सीलवीमंस जातक (८६) ... 167
सीलवीमंसन जातक (३०५) ... 168
लोहकुम्भी जातक (३१४) ... 169
राहुललाई दिएको उपदेश ... 170
चेतिय जातक (४२२) ... 171
कक्कारु जातक (३२६) ... 172
भद्रघट जातक (२९१) ... 173
कुम्भ जातक (५१२) ... 174
सुरापान जातक (८१) ... 175
कुरुधर्म जातक (२७६) ... 175
गंगामाल जातक (४२१) ... 178
संघीभेद जातक (३४९) ... 179
चुल्लबोधि जातक (४४३) ... 182



https://dhamma.digital

चम्पेय्य जातक (५०६) ... 183
भूरिदत्त जातक (५४३) ... 183
नैष्क्रम्य पारमिता ... 185
काम जातक (४९७) ... 187
चित्तहत्थ थेरको कथा ... 188
कुदाल जातक (७०) ... 188
महाकप्पिन स्थविरको कथा ... 189
सोनक जातक (५२९) ... 191
सत्य जातक (३१०) ... 194
मखदिव जातक (९) ... 194
हत्थिपाल जातक (५०९) ... 195
महाजनक जातक (५३९) ... 196
सरभंग जातक (५२२) ... 198
सुसीम जातक (४११) ... 198
कामको उपमा ... 199
युधञ्जय जातक (४६०) ... 203
सोमनस्स जातक (५०५) ... 204
अयोधर जातक (५१०) ... 205
भिस जातक (४८८) ... 206
प्रज्ञा पारमिता ... 208
प्रज्ञा पारमिताको लक्षण ... 209
प्रज्ञा विभाजन ... 210
प्रज्ञामा मोह हुँदैन ... 213
प्रज्ञा शान्तिवादी हुन्छ ... 214
राजोवाद जातक (१५१) ... 214
श्वेतकेतु जातक (३७७) ... 215
सम्भव जातक (५१५) ... 217
प्रज्ञा आचरणमा निर्भर ... 218
पोटिठ्ल भिक्षुको कथा ... 218
प्रज्ञा नै मानिसको रत्न हो ... 219



https://dhamma.digital

प्रज्ञा प्राप्तिको हेतु ... 221
दश पारमितामा प्रज्ञापारमिता ... 221
प्रज्ञा-परिहानिको हेतु ... 222
प्रज्ञा पारमिता र अन्य पारमिता ... 223
विधुर जातक (५४५) ... 225
महाबोधि जातक (५२८) ... 229
महोषध जातक ... 234
वीर्य पारमिता ... 241
बोधिपक्षीय धर्ममा वीर्य ... 242
वीर्य आफैले गर्नुपर्छ ... 243
वीर्य उत्पन्न हुने कारण ... 244
वीर्यको प्रतिपक्षीधर्म : थीनमिद्ध ... 244
वीर्यविष अलसीको कारण ... 245
कुसितवत्थु ... 247
आरम्भ वीर्य ... 248
दश पारमितामा वीर्यपारमिता ... 252
वीर्य पारमिता, उपपारमिता र परमत्थपारमिता ... 252
संख जातक (४४२) ... 253
भोजाजानीय जातक (२३) ... 253
पञ्चावुध जातक (५५) ... 254
कुरुंगमिग जातक (२१) ... 255
महाकपि जातक (५१६) ... 256
वण्णुपथ जातक (२) ... 257
कुक्कुर जातक (२२) ... 257

मिलिन्द-प्रश्न ... 260
(क) लक्षण-प्रश्न ... 260
१. महावर्ग ... 260
१. पुद्गलप्रश्नमीमांसा... 260
१. महा वर्ग ... 260
२. आयुविषयक प्रश्न ... 263



https://dhamma.digital

३. पण्डितवाद र राजवाद चर्चापद्धति विषयक प्रश्न ... 264
४. अनन्तकायको प्रश्न ... 264
५. प्रव्रज्याविषयक प्रश्न ... 266
६. प्रतिसन्धि (जन्म-मृत्यु) विषयमा प्रश्न ... 267
७. योनिसोमनसिकार (विवेक-ज्ञान) का विषयमा प्रश्न ... 267
८. मनसिकार लक्षण-प्रश्न ... 267
९. शीलादि लक्षण-प्रश्न ... 268
१०. (क) श्रद्धाको लक्षणप्रश्न ... 269
१०. (ख) श्रद्धाको लक्षण-प्रश्न ... 270
११. वीर्यलक्षण-प्रश्न ... 271
१२. स्मृतिलक्षण-प्रश्न ... 271
१३. समाधिको लक्षणप्रश्न ... 272
१४. प्रज्ञालक्षण-प्रश्न ... 273
१५. नाना धर्म एकसाथ मिलेर हुने कार्य निष्पादनप्रश्न ... 274
२. अद्धानवर्ग ... 274
१. धर्मसन्ततिप्रश्न (वस्तुको अस्तित्व) ... 274
२. प्रतिसन्धि (पुनर्जन्म) विषयक प्रश्न ... 276
३. ज्ञान र प्रज्ञाको विषयमा प्रश्न ... 276
४. अर्हत् सुख-दु:ख सम्बन्धी बारे प्रश्न ... 278
५. वेदनाको विषयमा प्रश्न ... 279
६. नाम-रूप समान हुन्छ वा हुँदैन भन्ने विषयमा प्रश्न ... 280
७. नागसेनको पुनर्जन्म विषयबारे प्रश्न ... 282
८. नाम-रूप परस्परआश्रय विषयमा प्रश्न ... 282
९. कालको विषयमा प्रश्न ... 283
३. विचार वर्ग ... 284
१. त्रिविध कालको मूल -अविद्या) ... 284
२. कालको अज्ञात आरम्भ ... 284
३. आरम्भकालको ज्ञान ... 285
४. संस्कारको उत्पत्ति विषयमा प्रश्न ... 286



https://dhamma.digital

५. भवन्त-भाव संस्कार उत्पन्न हुन्छ हुँदैन भन्ने विषयमा प्रश्न ... 286
६. वेदगू (=ज्ञाता वा आत्मा) विषयमा प्रश्न ... 288
७. चक्षुविज्ञान आदि विषयमा प्रश्न ... 290
८. स्पर्शलक्षण विषय-प्रश्न ... 292
९. वेदना लक्षण-प्रश्न ... 293
१०. संज्ञालक्षण-प्रश्न ... 293
११. चेतनालक्षण-प्रश्न ... 294
१२. विज्ञानलक्षण-प्रश्न ... 294
१३. वितर्कलक्षण-प्रश्न ... 295
१४. विचारलक्षण-प्रश्न ... 295
४. निर्वाण वर्ग ... 296
१. स्पर्श आदिलाई छुट्ट्याउन सकिन्छ सकिन्न भन्ने विषयमा प्रश्न ... 296
२. नागसेन-प्रश्न ... 296
(ख) विमतिच्छेदन-प्रश्न ... 296
(शंका-निवारण-प्रश्न) ... 297
३. पाँच आयतन कर्मोत्पत्तिप्रश्न ... 297
४. कर्मको प्रधानता ... 297
५. प्रयत्नकरण प्रश्न ... 298
६. नरकाग्निको उष्णता विषयमा प्रश्न ... 299
७. पृथ्वी संधारण विषयमा प्रश्न ... 300
८. निरोधनिर्वाण विषयमा प्रश्न ... 300
९. निर्वाण लाभ विषयमा प्रश्न ... 301
१०. निर्वाण-सुख-ज्ञान विषयमा प्रश्न ... 301
५. बुद्धवर्ग ... 302
१. बुद्ध रहनुमा शङ्का विषयमा प्रश्न ... 302
२. भगवान्को श्रेष्ठता विषयमा प्रश्न... 302
३. बुद्धको अनुत्तर भाव विषयमा प्रश्न ... 302
४. धर्मदर्शनबारे प्रश्न ... 303



https://dhamma.digital

५. सङ्क्रमण विना प्रतिसन्धि विषयमा प्रश्न ... 303
६. वेदगू प्रश्न... 303
७. पुनर्जन्म विषयमा प्रश्न ... 304
८. कर्मफलको विषयमा प्रश्न... 304
९. प्रतिसन्धि (जन्म) ज्ञान विषयमा प्रश्न ... 305
१०. बुद्धनिदर्शन प्रश्न ... 305
६. स्मृति वर्ग ... 306
१. कायस्पृहा विषयमा प्रश्न ... 306
२. सर्वज्ञभाव विषयमा प्रश्न ... 306
३. महापुरुषलक्षण विषयमा प्रश्न ... 307
४. भगवान्को ब्रह्मचर्य विषयमा प्रश्न ... 307
५. बुद्धको उपसम्पदा विषयमा प्रश्न ... 308
६. अश्रु विषयमा प्रश्न ... 308
७. सराग र विराग विषयमा प्रश्न ... 308
८. प्रज्ञा-प्रतिष्ठान विषयमा प्रश्न ... 309
९. संसार विषयमा प्रश्न ... 309
१०. पहिले गरेको कामलाई स्मरण गराउनेसम्बन्धी प्रश्न ... 309
११. स्मृति उत्पत्ति विषयमा प्रश्न ... 310
७. अरूपधर्मव्यवस्थान वर्ग ... 310
१. सत्पदशस्मृत्युपाद विषयमा प्रश्न ... 310
२. बुद्धगुण स्मृतिलाभ विषयमा प्रश्न ... 312
३. दुःखनिरोधका निम्ति प्रयत्न विषयमा प्रश्न ... 312
४. ब्रह्मलोकदूरी विषयमा प्रश्न ... 313
५. लोक दुईमा समकालिकोत्पत्ति विषयबारे प्रश्न ... 314
६. बोध्यङ्ग विषयमा प्रश्न ... 315
७. पाप-पुण्यसम्बन्धी ठूलो-सानो विषयमा प्रश्न ... 315
८. ज्ञाताज्ञात पापकरण प्रश्न ... 316
९. यसै जन्ममा देवालोकगमनका विषयमा प्रश्न ... 316
१०. दीर्घास्थि विषयमा प्रश्न ... 317
११. श्वास-प्रश्वास निरोधका विषयमा प्रश्न ... 317



https://dhamma.digital

१२. समुद्रको विषयमा प्रश्न ... 317
१३. समुद्रको एकरसता विषयमा प्रश्न ... 318
१४. सूक्ष्मधर्म विषयमा प्रश्न ... 318
१५. विज्ञान-नानात्वका विषयमा प्रश्न ... 318
१६. अरूपधर्मको कठिनताबारे प्रश्न ... 319
मेण्डक प्रश्न ... 321
(क) महावर्ग ... 321
१. धार्मिक मन्त्रणाको अयोग्य आठ स्थान ... 322
२. धार्मिक मन्त्रणाका लागि अयोग्य आठ व्यक्तिहरू ... 323
३. गुप्त मन्त्रणा गर्न अयोग्य नौ प्रकारका व्यक्तिहरू ... 323
४. बुद्धि- परिपक्वताका आठ कारण ... 324
५. आचार्यका पच्चीस गुण ... 325
६. उपासकका दस गुण... 326
१. ऋद्धिबल वर्ग ... 327
१. बुद्ध-पूजाविषयक प्रश्न ... 327
(१) आगोको उपमा (उदाहरण) ... 328
(२) आँधीको उपमा ... 329
(३) ढोलको उपमा ... 329
(४) महापृथ्वीको उपमा ... 330
(५) पेटका कीराहरुको उपमा ... 331
(६) रोगको उपमा ... 331
(७) नन्दक यक्षको उपमा ... 332
२. सर्वज्ञभाव विषयमा प्रश्न ... 333
(१) संक्लेश चित्त ... 333
(२) स्रोतापन्न चित्त ... 334
(३) सकृदागामीको चित्त ... 334
(४) अनागामी चित्त ... 335
(५) अर्हत्को चित्त ... 335
(६) प्रत्येक-बुद्धको चित्त ... 336
(७) बुद्धको चित्त ... 336



https://dhamma.digital

३. देवदत्त-प्रव्रज्या विषयमा प्रश्न ... 338
४. भूकम्पन विषयमा प्रश्न ... 342
५. शिवि राजाको आँखादान विषयमा प्रश्न ... 346
६. गर्भावक्रान्ति विषयमा प्रश्न ... 350
७. सद्धर्म-अन्तर्धान विषयबारे प्रश्न ... 355
८. अकुशलच्छेदन विषयमा प्रश्न ... 358
९. उत्तरिकरणीय प्रश्न ... 361
१०. ऋद्धि बलप्रदर्शनको विषयमा प्रश्न ... 363
४. मेण्डक प्रश्न ... 365
(ख) योगिकथा ... 365
२. अभेदवर्ग ... 365
१. क्षुद्रानुक्षुद्रविषयक प्रश्न ... 365
२. अव्याकरणीय प्रश्न ... 366
३. मृत्यु-भय विषयमा प्रश्न ... 368
४. मृत्युपाशबाट मुक्ति विषयमा प्रश्न ... 372
५. बुद्ध–लाभान्तराय प्रश्न ... 376
६. अपुण्य विषयमा प्रश्न ... 378
७. भिक्षुसङ्घपरिहरण विषयमा प्रश्न ... 379
८. अभेद्यपरिषद् विषयमा प्रश्न ... 380
३. प्रणामित वर्ग ... 382
१. श्रेष्ठधर्म विषयमा प्रश्न ... 382
२. सर्व सत्वहितकरणबारे प्रश्न ... 384
३. गुह्य वस्तु निर्देशनको विषयमा प्रश्न ... 386
४. कठोर भाषा प्रयोग विषयमा प्रश्न ... 388
५. रूखहरूमा अचेतन भाव विषयमा प्रश्न ... 390
६. पिण्डपातको महत्फल विषयमा प्रश्न ... 391
७. बुद्ध पूजा विषयमा प्रश्न ... 393
८. ढुङ्गाको टुक्राबाट भगवान्को खुट्टामा लागेको चोट ... 394
९. श्रेष्ठ र अश्रेष्ठ श्रमणका विषयमा प्रश्न ... 395
१०. गुण वर्णन विषयमा प्रश्न ... 396



https://dhamma.digital

११. अहिंसानिग्रह विषयमा प्रश्न ... 397
१२. भिक्षु प्रणामितको (स्थविरहरूको निष्काशन) विषयमा प्रश्न ... 399
४. सर्वज्ञतावर्ग ... 400
१. अद्धिकर्म विषयमा प्रश्न ... 400
२. धर्मविनयप्रतिछन्नता विषयक प्रश्न ... 401
३. मिथ्या भाषणको गरूत्व-लघुत्व ... 404
४. बोधिसत्वको धर्मता (स्वभाव) बारे प्रश्न ... 405
५. आत्महत्याविषयक प्रश्न ... 406
६. मैत्री भावनाको बारे प्रश्न ... 408
७. पाप पुण्य समविषम विषयमा प्रश्न ... 411
८. अमरादेवी विषयबारे प्रश्न ... 414
९. क्षीणस्रव (अर्हत्) को अभयत्व ... 416
१०. बुद्ध-सर्वज्ञता विषयमा प्रश्न ... 417
५. संसर्ग वर्ग ... 419
१. संसर्ग विषयमा प्रश्न ... 419
२. भोजन संयम विषयमा प्रश्न ... 420
३. बुद्धको निरोगी विषयमा प्रश्न ... 421
४. मार्गोत्पादन विषयमा प्रश्न ... 423
५. बुद्धको अहिंसा अभ्यास विषयमा प्रश्न ... 425
६. छद्दन्त र ज्योतिपाल विषयमा प्रश्न ... 427
७. घटीकार विषयमा प्रश्न ... 428
८. ब्राह्मण र राजवाद विषयमा प्रश्न ... 430
९. धर्मोपदेशान्तर भोजन विषयमा प्रश्न ... 432
१०. धर्मदेशनामा भगवान्‌को अल्प उत्सुकका विषयमा प्रश्न ... 436
११. बुद्धका कोही आचार्य नभएकोबारे प्रश्न ... 438
धम्मपद ... 442
क) अत्त वग्गो ... 442
(गाथा नं.१५७, १५८, १५९, १६०, १६५)



https://dhamma.digital

ख) लोकवग्गो **… 445**
(गाथा नं.१६९, १७०, १७३, १७४, १७८)
ग) बुद्धवग्गो **… 447**
(गाथा नं. १८१, १८२, १८३, १९३, १९४)
घ) सुखवग्गो **… 449**
(गाथा नं.१९७, २०१, २०२, २०३, २०४)
(ङ) पियवग्गो **… 452**
(गाथा नं २१२, २१३, २१४, २१५, २१६)

Dhamma.Digital



https://dhamma.digital

# अङ्गुत्तरनिकाय

## अनुवादक – धर्मरत्न शाक्य



https://dhamma.digital

# अंगुत्तरनिकाय

## १. नीवरणप्पहानवग्गो

१. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई (विषयलाई) देख्दिन जस्मा कि अनुत्पन्न कामेच्छा (काम - तृष्णा) उत्पन्न हुन्छ, उत्पन्न भएको कामेच्छा वृद्धि भएर आउँछ, परिमाणमा अधिक हुँदै आउँछ । "भिक्षुहो ! जुन कि यो – शुभ- निभित्त (पुरुष वा स्त्रीले एक आपसमा रुपलाई सौन्दर्य मानेर आकर्षिक हुने भाव) । " भिक्षुहो ! 'शुभ-निमित्तलाई' नै गलत विचार गरि लिनाले अनुत्पन्न कामेच्छा उत्पन्न हुन्छ, उत्पन्न भएको कामेच्छा वृद्धि भएर आउँछ, परिमाणमा अधिक भएर आउँछ ।"

२. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन जस्मा कि अनुत्पन्न व्यापाद (द्वेष) उत्पन्न हुन्छ, उत्पन्न ब्यापाद वृद्धि भएर आउँछ । "भिक्षुहो ! जुन कि यो - विरोध गर्नु (प्रतिघ निमित्तं ) । " भिक्षुहो ! 'विरोधी भावलाई' नै गलत विचार गरि लिनाले अनुत्पन्न भएको व्यापाद उत्पन्न हुन्छ, उत्पन्न भएको व्यापाद वृद्धि भएर आउँछ, परिमाणमा अधिक भएर आउँछ ।"

३. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन, जस्मा कि अनुत्पन्न थीनमिद्ध (शारीरिक र मानसिक आलस) उत्पन्न हुन्छ, उत्पन्न भएको थीनमिद्ध भएर आउँछ, परिमाणमा अधिक भएर आउँछ । " भिक्षुहो ! जुन कि यो - अरुचि, सुस्त, उँघ, भोजनान्तर तन्द्रा र चित्तको अकर्मण्यता । "भिक्षुहो ! 'चित्तको अकर्मण्यताले' नै गर्दा अनुत्पन्न थीनमिद्ध उत्पन्न हुन्छ, उत्पन्न भएको थीनमिद्ध वृद्धि हुन्छ, परिमाणमा अधिक भएर आउँछ ।

४. "भिक्षुहो ! मैले अन्य कुनै पनि धर्मलाई देख्दिन जस्मा कि अनुत्पन्न उद्धच्चकुकुच्च (अशान्त, पश्चाताप) उत्पन्न हुन्छ, उत्पन्न भएको उद्धच्चककुच्च वृद्धि भएर आउँछ, परिमाणमा अघिक भएर आउँछ ।"

५. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन, जस्मा कि अनुत्पन्न विचिकिच्छा (शंका) उत्पन्न भएर आउँछ, उत्पन्न भएको विचिकिच्छा वृद्धि भएर आउँछ, परिमाणमा अधिक हुन्छ । "भिक्षुहो ! जुन कि यो – गलत विचार मनमा आए । "भिक्षुहो ! 'गलत विचार' लिनाले अनुत्पन्न विचिकिच्छा उत्पन्न हुन्छ, उत्पन्न भएको विचिकिच्छा वृद्धि भएर आउँछ, परिमाणमा अधिक भएर आउँछ ।



https://dhamma.digital

६. "भिक्षुहो ! मैले अन्य कुनै पनि धर्मलाई देख्दिन जस्मा कि अनुत्पन्न कामच्छन्द ( काम-तुष्णा) उत्पन्न हुँदैन, उत्पन्न भएको कामच्छन्द प्रहीण हुन्छ। "भिक्षुहो ! 'असुभ - निमित्तलाई' नै सठीक विचार लिएमा अनुतपन्न कामच्छन्द उत्पन्न हुँदैन, उत्पन्न भएको कामच्छन्द प्रहीण हुन्छ ।"

७. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन जस्मा कि अनुत्पन्न व्यापाद (द्वेष) उत्पन्न हुँदैन, उत्पन्न भएको व्यापाद प्रहीण हुन्छ । "भिक्षुहो ! जुन कि यो - मैत्री, चित्त विमुक्ति । "भिक्षुहो ! 'मैत्री, चित्त विमुक्तिलाई नै सठीक विचार लिएमा अनुत्पन्न व्यापाद उत्पन्न हुँदैन, उत्पन्न भएको व्यापाद प्रहीण हुन्छ ।"

८. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन, जस्मा कि अनुत्पन्न थीनमिद्ध ( शारिरीक मानसिक आलस) उत्पन्न हुँदैन, उत्पन्न भएको थीनमिद्ध प्रहीण हुन्छ। " भिक्षुहो ! जुन कि यो - उद्यमि, प्रयत्नवान, पराक्रमि । " भिक्षुहो । 'प्रयत्न - शीलद्वारा' नै अनुत्पन्न थीन मिद्ध उत्पन्न हुँदैन, उत्पन्न भएको थनिमद्धि प्रहीण हुन्छ ।"

९. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन जस्मा कि अनुत्पन्न उद्धच्चकुकुच्च ( अशान्त चित्त र पश्चाताप) उत्पन्न हुँदैन, उत्पन्न भएको उद्धच्चकुकुच्च प्रहीण हुन्छ। "भिक्षुहो ! जुन कि यो शान्त - चित्त । "भिक्षुहो ! 'शान्त - चित्तद्वारा' नै अनुत्पन्न उद्धच्चकुकुच्च उत्पन्न हुँदैन, उत्पन्न भएको उद्धच्चकुकच्च प्रद्दीण हुन्छ।

१०. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन, जस्मा कि अनुत्पन्न विचिकिच्छा (शंका) उत्पन्न हुँदैन, उत्पन्न भएको विचिकिच्छा प्रहीण हुन्छ। "भिक्षुहो ! जुन कि यो - सठीक विचार मनमा आए। "भिक्षुहो ! 'सठिक विचार' लिएमा अनुत्पन्न विचिकिच्छा उत्पन्न हुँदैन, उत्पन्न भएको विचिकिच्छा प्रहीण हुन्छ ।"

## २. अदन्तवग्गो

१. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन, जुन दमन गरी नराखेमा यस्तो महान अनर्थकारी हुन्छ। "भिक्षुहा ! जुन कि यो- चित्त । "भिक्षुहो ! चित्तलाई दमन गरी नराखेमा महान अनर्थकारी हुन्छ ।"

२. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन, जुन दमन गरी राखेमा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ।" जुन कि यो–चित्त । "भिक्षुहो ! चित्तलाई दमन गरी राखेमा महान अर्थकार्रा हुन्छ ।"



https://dhamma.digital

३. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन, जुन असंरक्षित हुँदा यस्तो महान अनर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त असंरक्षित हुँदा महान अनर्थकारी हुन्छ ।"

४. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई देख्दिन जुन सुसंरक्षित हुँदा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त सुसंरक्षित हुँदा महान अर्थकारी हुन्छ ।"

५. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई दख्दिन जुन असुरक्षित हुँदा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त असुरक्षित हुँदा महान अनर्थकारी हुन्छ ।"

६. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई दख्दिन जुन सुरक्षित हुँदा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त असुरक्षित हुँदा महान अनर्थकारी हुन्छ ।"

७. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई दख्दिन जुन असंयमित हुँदा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त असंयमित हुँदा महान अनर्थकारी हुन्छ ।"

८. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई दख्दिन जुन संयमित हुँदा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त संयमित हुँदा महान अनर्थकारी हुन्छ ।"

९. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई दख्दिन जुन अदमित, असंरक्षित, असुरक्षित, असंयमित हुँदा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त अदमित, असंरक्षित, असुरक्षित, असंयमित हुँदा महान अनर्थकारी हुन्छ ।"

१०. "भिक्षुहो ! मैले अन्य कुनै पनि एक धर्मलाई दख्दिन जुन दमित, संरक्षित, सुरक्षित, संयमित हुँदा यस्तो महान अर्थकारी हुन्छ । "भिक्षुहो ! जुन कि यो - चित्त । "भिक्षुहो ! चित्त दमित, संरक्षित, सुरक्षित, संयमित हुँदा महान अनर्थकारी हुन्छ ।"

## ३. अच्छरासङ्घातवग्गो

१. "भिक्षुहो ! यो चित्त प्रभास्वर छ, त्यसलाई आगन्तुक उपक्लेशद्वारा नै उपल्किष्ट पारि दिएको हुन्छ । त्यसलाई अश्रुतवान पृथकजनले (धर्म, श्रवण नगरेका साधारण जनले) यथार्थतालाई जानेको हुँदैन । त्यसैले म भन्दछु अश्रुतवान पृथकजनमा भावनामय चित्त हुँदैन ।"



https://dhamma.digital

२. "भिक्षुहो ! यो चित्त प्रभास्वर छ, त्यसलाई आगन्तुक उपक्लेशद्वारा ने विमुक्त गरि दिएको हुन्छ । त्यसलाई श्रुतवान आर्यश्रावकले यथार्थ रुपले जानेको हुन्छ । त्यसैले म भन्दछु - श्रुतवान आर्यश्रावकमा भावनामय चित्त हुन्छ ।"

३. "भिक्षुहो ! चुट्की बजिञ्जेलसम्ममा भए पनि भिक्षुले मैत्री चित्तको भावन गर्छ भने यसैलाई भनिन्छ– "भिक्षुहो ! भिक्षु ध्यानमा रिक्त नभई बसेको, शास्ताको आज्ञालाई पालन गरेको, उपदेशअनुसार गरेको अनि व्यर्थैमा राष्ट्रपिण्ड नखाएको ।' जसले अधिक गर्दछ उसलाई भन्नु नै के छ ।"

४. "भिक्षुहो ! चुट्की बजिञ्जेलसम्म भए पनि भिक्षुले मैत्री चित्तको भावना गर्छन भने यसैलाई भनिन्छ- "भिक्षुहो ! भिक्षु ध्यानमा रिक्त नभई बसेको, शास्ताको आज्ञालाई पालन गरेको, उपदेशअनुसार गरेको अनि व्यर्थैमा राष्ट्रपिण्डलाई नखाएको । जसले अधिक गर्दछ उसलाई भन्नु नै के छ ।"

५. "भिक्षुहो ! चुट्की बजिञ्जेलसम्म भएपनि भिक्षुले मैत्री चित्तलाई मनमा लिन्छ भने यसैलाई भनिन्छ– "भिक्षुहो । 'भिक्षु ध्यानमा रिक्त नभई बसेको, शास्ताको आज्ञालाई पालन गरेको, उपदेशअनुसार गरेको, व्यर्थैमा राष्ट्रपिण्डलाई नखाएको, जसले अधिक गर्दछ उसलाई भन्नु नै के छ ।"

६. "भिक्षुहो ! जति पनि अकुशल धर्महरु (कुशल नभएको धर्महरु), अकुशल भागका र अकुशल पक्षका छन् ती सबैमा मन पूर्वगामि हो । ती सबै धर्महरु मनमा पहिला उत्पन्न हुन्छ । अनि साथसाथैमा अकुशल धर्महरु लाग्छन् ।"

७. "भिक्षुहो ! जति पनि कुशल धर्महरु, कुशल भागका र कुशल पक्षका छन् ती सबैमा मन पूर्वगामि हो । ती सबै धर्महरु मनमा पहिला उत्पन्न हुन्छ अनि साथ साथैमा कुशल धर्महरु लाग्छन् ।"

८. "भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्मलाई देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरु परिक्षीण हुन्छन्, "भिक्षुहो ! जुन कि प्रमाद ( असावधानी) "भिक्षुहो ! ' प्रमादताले' नै अकुशल धर्महरु उत्पन्न हुन्छन् अनि कुशल धर्म ह्रास अनि परिक्षीण हुन्छ ।"

९. "भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्मलाई देख्दिन जुन अनुत्पन्न कुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन अकुशल धर्महरु परिक्षीण हुन्छन्, "भिक्षुहो ! जुन कि यो- अप्रमाद ( सावधानी) "भिक्षुहो ! 'अप्रमादताले' नै अनुत्पन्न कुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरु क्षय हुन्छन् ।"

१०. "भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्मलाई देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्म क्षय हुन्छन् ।



https://dhamma.digital

“भिक्षुहो ! जुन कि यो – आलस्य । “ भिक्षुहो ! ‘आलस्यताले’ नै अनुत्पन्न अकुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरु क्षय हुन्छन् ।”

## ४. कल्याणमित्तादिवग्गो

१. “भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्मलाई देख्दिन, जुन अनुत्पन्न कुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरु क्षय हुन्छन्, “ भिक्षुहो ! जुन कि यो– कल्याण-मित्रता ।“भिक्षुहो ! ‘कल्याण-मित्र’ भएमा नै अनुत्पन्न कुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न अशुकल धर्महरु क्षय हुन्छन् ।

२. “भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्महलाई देख्दिन, जुन अनुत्पन्न अकुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरु क्षय हुन्छन्, “भिक्षुहो ! जुन कि अशुकल धर्महरुमा लाग्नु अनि कुशल धर्ममा नलाग्नु । “भिक्षुहो ! ‘अकुशल धर्महरुमा’ लाग्दा अनि ‘कुशल धर्महरुमा’ नलाग्दा अनुत्पन्न अकशुल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरु क्षय हुन्छन् ।”

३. “भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्मलाई देख्दिन जुन अनुत्पन्न कुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरु क्षय हुन्छन्, भिक्षुहो ! जुन कि कुशल धर्महरुमा लाग्नु अनि अकुशल धर्महरुमा नलाग्नु । “भिक्षुहो ! ‘कुशल धर्महरुमा’ लाग्दा अनि ‘अकुशल धर्महरुमा’ नलाग्दा अनुत्पन्न कुशल धर्महरु उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरु क्षय हुन्छन् ।”

४. “भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्मालाई देख्दिन, जुन अनुत्पन्न बोध्यङ्गहरु (स्मृति, धर्म विचय, वीर्य, प्रीति, प्रश्रब्धि समाधि र उपेक्षा यी सात प्रकारलाई बोध्यङ्ग भन्दछन्) उत्पन्न हुँदैनन् अनि उत्पन्न बोध्यङ्गहरुले भावनालाई परिपूर्ण गरी लाभ उठाउन सक्दैनन्, “भिक्षुहो ! जुन कि यो – अनुचित विचार लिएमा । “भिक्षुहो ! ‘अुनचित विचार’ लिएमा अनुत्पन्न बोध्यङ्गहरु उत्पन्न हुँदैनन् अनि उत्पन्न बोध्यङ्गहरु भावनालाई परिपूर्ण गरि लाभ उठाउन सकिनेछन् ।”

५. “भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक धर्मलाई देख्दिन जुन अनुत्पन्न बोध्यङ्गहरु उत्पन्न हुन्छन्, उत्पन्न बोध्यङ्ग भावनालाई परिपूर्ण गरि लाभ उठाउन सक्छन्, “भिक्षुहो ! जुन कि यो– उचित विचार लिएमा । “भिक्षुहो ! ‘उचित विचार’ लिएमा अनुत्पन्न बोध्यङ्गहरु उत्पन्न हुन्छन्, अनि उत्पन्न बोध्यङ्गहरु भावनालाई परिपूर्ण गरि लाभ उठाउन सकिनेछन् ।”



https://dhamma.digital

६. “भिक्षुहो ! यो थोरै मात्रको हानि हो, जुन कि यो- आफन्तको हानि हुनु । “भिक्षुहो ! वास्तवमा हानि यो हो जुन कि यो– आफन्तके वृद्धि हुनु । “भिक्षुहो ! वास्तवमा हानि यो हो, जुन कि प्रज्ञाको हानि हुनु ।

७. “भिक्षुहो ! यो थोरै मात्रको वृद्धि हो, जुन कि यो– आफन्तको वृद्धि हुनु । “भिक्षुहो ! जुन कि यो– प्रज्ञाको वृद्धि हो यो नै उत्तम वृद्धि हो । “भिक्षुहो ! त्यसैले यसलाई यसरी शिक्षा लिनु पर्छ– प्रज्ञालाई नै वृद्धि गर्छु, उन्नति गर्छु । “भिक्षुहो ! यसरी नै शिक्षा लिनुपर्छ ।”

८. “भिक्षुहो ! यो थोरै मात्रको हानि हो जुन कि यो– भोगको हानि । “भिक्षुहो । वास्तवमा हानि यो हो, जुन कि यो– प्रज्ञाको हानि हुनु ।”

९. “भिक्षुहो ! यो थोरै मात्रको वृद्धि हो, जुन कि भोगको वृद्धि । “भिक्षुहो ! जुन कि यो प्रज्ञाको वृद्धि हो यो नै उत्तम वृद्धि हो । “भिक्षुहो ! त्यसैले यसलाई यसरी शिक्षा लिनुपर्छ– प्रज्ञालाई नै वृद्धि गर्छु, उन्नति गर्छु । “भिक्षुहो ! यसरी नै शिक्षा लिनुपर्छ ।”

१०. “भिक्षुहो ! यो थोरैमात्रको हानि हो जुन कि यो- यशको हानि । “भिक्षुहो ! वास्तवमा हानि यो हो,जुन कि यो– प्रज्ञाको हानि हुनु ।”

## ५. अनापत्तिवग्गो

१. “भिक्षुहो ! जो भिक्षुहरुले अनापत्तिलाई ( दोष नलाग्ने), आपत्ति ( दोष लाग्ने) भन्दछन्, “भिक्षुहो ! ती भिक्षुहरु बहुजन अहितार्थ, बहुजन असुखार्थ धेरै नै जनहरु तथा देवमनुष्यहरुका लागि अकल्याणार्थ अहितार्थ र असुखार्थ लागेका हुन्छन् । “भिक्षुहो ! ती भिक्षुहरुले धेरै नै पापोत्पन्न गर्ने हुन्छन् अनि तिनीहरुद्वारा नै यस सद्धर्मलाई अन्तर्धान गर्ने हुन्छन् ।”

२. “भिक्षुहो ! जो भिक्षुहरुले अनापत्तिलाई, अनापत्ति भन्दछन्, “ भिक्षुहो ! ती भिक्षुहरु बहुजन अहितार्थ, बहुजन असुखार्थ धेरै नै जनहरु तथा देवमनुष्यहरुका लागि अकल्याणार्थ अहितार्थ र असुखार्थ लागेका हुन्छन् । “भिक्षुहो ! अनि तिनीहरुद्वारा नै यस सद्धर्मलाई अन्तर्धान गर्ने हुन्छन् ।”

३.–१० “भिक्षुहो ! ती भिक्षुहरु[1] लहुक (हलुको) आपत्तिलाई गरुक ( भारी ठूलो) आपत्ति भन्दन् ..... पे°.... गरुक आपत्तिलाई लहुक आपत्ति, भन्दछन् ..... पे°.... दुष्ठुल्ल आपत्तिलाई अदुष्ठुल्ल आपत्ति भन्दछन् ..... पे°.... सावशेष आपत्तिलाई अनवशेष आपत्ति भन्दछन् ..... पे°.... अनवशेष आपत्तिलाई सावशेष आपिप्ति भन्दछन् ..... पे°.... अप्रतिकर्म आपत्तिलाई सप्रतिकर्म आपत्ति भन्छन्, “भिक्षुहो ! ती भिक्षुहरुले



https://dhamma.digital

बहुजन, अहितार्थ, बहुजन असखार्थ धेरै नै जनहरु तथा देव मनुष्यहरुका लागि अकल्याणार्थ, अहितार्थ, र असुखार्थ लागेको हुन्छन् । "भिक्षुहो ! ती भिक्षुहरुले धेरै नै पापोत्पन्न गर्ने हुन्छन् अनि तिनीहरुद्वारा नै यस सद्धर्मलाई अन्तर्धान गर्ने हुन्छन् ।"

११. "भिक्षुहो ! जो भिक्षुहरु अनापत्तिलाई अनापत्ति भन्दछन्, "भिक्षुहो ! ती भिक्षुहरु बहुजन हितार्थ, बहुजन सुखार्थ, धेरै नै जनहरु तथा देवमनुष्यहरुका लागि कल्याणार्थ, हितार्थ र सुखार्थ लागेको हुन्छन् । "भिक्षुहो ! ती भिक्षहरुले धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् अनि तिनीहरुद्वारा नै यस सद्धर्भमा चिरस्थायी गर्ने हुन्छन् ।

१२. "भिक्षुहो ! जो भिक्षुहरु आपत्तिलाई आपत्ति भन्दछन्, भिक्षुहो ! ती भिक्षुहरु बहुजन हितार्थ, बहुजन सुखार्थ, धेरै नै जनहरु तथा देवमनुष्यहरुका लागि कल्याणार्थ, हितार्थ र सुखार्थ लागेका हुन्छन् । "भिक्षुहो ! ती भिक्षुहरुले धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् अनि तिनीहरुद्वारा नै यस सद्धर्मलाई चिरस्थायी गर्ने हुन्छन् ।"

१३.–२०. "भिक्षुहो ! जो भिक्षुहरु लहुक आपत्तिलाई लहुक आपत्ति भन्दछन् ..... पे°.... गरुक आपत्तिलाई गरुक आपत्ति भन्दछन् ..... पे°.... दुष्ठुल्ल आपत्तिलाई दुष्ठुल्ल आपत्ति भन्दछन् ..... पे°.... सावशेष आपत्ति

---

**१. विनय पिटक हेर्नु ।**

भन्दछन् ..... पे°.... अनवशेष आपत्तिलाई अनवशेष आपत्ति भन्दछन् ..... पे°.... सप्रतिकर्म आपत्तिलाई सप्रतिकर्म आपत्ति भन्दछन् । ..... पे°.... अप्रतिकर्म आपत्तिलाई अप्रतिकर्म आपत्ति भन्दछन्, "भिक्षुहो ! ती भिक्षुहरु बहुजन हितार्थ, बहुजन सुखार्थ, धेरै नै जनहरु तथा देवमनुष्यहरुका निम्ति कल्याणार्थ हितार्थ र सुथार्थ लागेका हुन्छन् । "भिक्षुहो ! ती भिक्षुहरुले धेरै नै पुण्योत्पन्न गर्ने हुन्छ अनि यस सद्धर्मलाई चिरस्थायी गर्ने हुन्छन् ।"



https://dhamma.digital

# विशुद्धि मार्ग

Dhamma.Digital

लेखक – आचार्य बुद्धघोषकृत
अनुवाद – सम्यक् सम्बोधि प्राणपुत्र



https://dhamma.digital

# पहिलो परिच्छेद

# शील निर्देश

## (निदान कथा)

*सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।*
*आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥*

(जो व्यक्ति प्रज्ञावान् हुन्छ, वीर्यवान् हुन्छ, पण्डित हुन्छ, संसारमा भय नै भय देख्नु (भिक्षु) हुन्छ, ऊ शीलमा प्रतिष्ठित भएर, चित्त (समाधि) र प्रज्ञाको भावना गर्दै यस जटा (जञ्जाल)लाई सुल्झाउन सक्दछ ।)

यसरी जुन माथिको गाथा भनिएको छ त्यो किन भनिएको हो ? यसको निम्न कारण छ - संयुक्त निकाय (१, ३, ३) अनुसार एक समय भगवान्ले श्रावस्तीमा गर्नुहुँदा, रातमा कुनै देवपुत्रले उहाँको नजिक आएर आफ्नो शङ्का मेटाउनको लागि निम्न प्रश्न गरेको थियो -

*अन्तो जटा बहि जटा, जटाय जटिता पजा ।*
*तं तं गोतम ! पुच्छामि, को इमं विजटये जटं ?*

(भित्र जटा (जञ्जाल) छ, बाहिर जटा छ, जटाले प्रज्ञा जकडिएको छ, त्यसैल हे गौतम ! तपाईसँग सोध्दछु कि कसले यस जटालाई सुल्झाउन सक्दछ ?)

त्यस प्रश्नको निम्न संक्षिप्त अर्थ हो :-

जटा - यो जाल फैलाउने तृष्णाको नाम हो । त्यो रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म आलम्बनहरूमा तल रूप, माथि धर्म भएअनुसार बारम्बार उत्पन्न हुने हुनाले सिलाउने, गाँठो पार्ने, अर्थानुसार, बाँसको झ्याङ आदिको शाखा, जाल आदि जटाजस्तै भएकोले जटा भनिएको हो । त्यो तृष्णा आफ्नो र पराइवस्तुमा, आफ्नो र अरुको शरीरमा, चक्षु, स्रोत, घ्राण, जिव्हा, काय र मन, भित्री आयतन तथा रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म, बाहिरी आयतनहरूमा उत्पन्न भएबाट भित्री जटा, बाहिरी जटा भनिएको हो । जटाहरू



https://dhamma.digital

यसरी उत्पन्न भएबाट प्राणी जटाद्वारा जकडिएका छन् । जसरी बाँसको जटा आदिले बाँस आदिहरू । यसप्रकार त्यस तृष्णाको जटाद्वारा सत्वसमूह भनिने सबै प्राणी जकडिएका छन्, बाँधिएका छन्, कस्सिएर सिलाइएका छन् भन्ने अर्थ लाग्दछ ।

यसरी जकडिएको छ, त्यसैले गौतम ! म तपाईंसँग सोध्दछु .....। यहाँ गौतम भने भगवान्लाई गोत्रद्वारा सम्बोधन गरिएको छ । कसले यस जटालाई काट्न सक्दछ ? यसप्रकार काम, रूप, अरूप तीनै धातुहरूलाई जकड्ने यस जटालाई कसले सुल्झाउँछ ? सुल्झाउनको लागि को समर्थ छ ? भन्ने तात्पर्यले सोधिएको हो ।

देवपुत्रले यसरी सोधेकोमा भूत, भविष्य र वर्तमान्का सबै कुराहरूलाई निर्वाधरूपले जान्ने, देवताहरूका देव, इन्द्रहरूमा उत्तम इन्द्र, ब्रह्माहरूमा उत्तम ब्रह्मा, चार प्रकारका वैशारद्य, दशबललाई धारण गर्ने, खुलाज्ञान भएको (अनावरण ज्ञान), समन्तचक्षु (सर्वज्ञ) भगवान्ले उसको उत्तर दिनुहुँदै निम्न

गाथा भन्नुभयो -

*सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।*
*आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥*

अब महर्षि (बुद्ध) द्वारा बताइएको यस गाथाको शील, समाधि, प्रज्ञाका भेदहरू ठीकठीक अर्थ बताउँदै, बुद्ध धर्ममा अत्यन्तै दुर्लभ प्रव्रज्या पाएर, विशुद्धि (निर्वाण) को लागि कल्याणक, सीधा मार्ग र शील आदिको संग्रहलाई ठीकठीक थाहा नपाउनेहरू, शुद्धिको चाहना गर्नेहरू लगायत योगीले धेरै उद्योग गर्दा पनि यो विशुद्धिलाई पाउन सक्दैन, उसको प्रमोदको लागि बिल्कुलै परिशुद्ध, अनुराधपुर, श्रीलङ्काको महाविहारवासी भिक्षुहरूका निणयसँगै, धर्ममा आश्रित भएर विशुद्धि मार्गलाई बताउँदछु ।

त्यस सम्बन्धी मेरो सत्कारपूर्ण कथनलाई, विशुद्धि चाहने सबै साधुजनले आदरपूर्वक सुन्नुहोस् ।

## विशुद्धिमार्ग के हो ?

विशुद्धि = सब मलरहित, अत्यन्त परिशुद्ध निर्वाण भनेर जान्नुपर्दछ । त्यस विशुद्धिको मार्ग नै विशुद्धिमार्ग हो । निर्वाणको प्राप्तिको उपायलाई मार्ग भनिएको छ । त्यस विशुद्धमार्गलाई बताउँदछु भन्ने अर्थ हो ।



https://dhamma.digital

१. त्यो विशुद्धिमार्गको व्याख्या कतै विपश्यनाकै दृष्टिकोणले गरिएको छ । जस्तै - धम्मपद (२७७) अनुसार भनिएको छ -

*सब्बे संखारा अनिच्चा ति यथा पञ्ञाय पस्सति ।*
*अथ निब्बिन्दति दुक्खे एस मग्गो विसुद्धिया ॥*

(सबै संस्कार अनित्य छन् - यसरी जब प्रज्ञाले देख्दछ, तब सबै दुःखबाट निर्वेद (विराग) प्राप्त हुन्छ - यही नै विशुद्धिको मार्ग हो ।)

२. कतै ध्यान र प्रज्ञाको दृष्टिकोणले । जस्तै धम्मपद (३७२) अनुसार भनिएको छ -

*यम्हि झानञ्च पञ्ञा च स वे निब्बान सन्तिके ॥*

(जसमा ध्यान र प्रज्ञा छन्, ऊ नै निर्वाणको नजिक हुन्छ ।)

३. कतै कर्म आदिको दृष्टिकोणले । जस्तै मज्झिम निकाय (३,५,१), संयुक्त निकाय (२,२,१०) अनुसार भनिएको छ -

*कम्मं विज्जा च धम्मो च सीलं जीवितमुत्तमं ।*
*एतेन मच्चा सुज्झन्ति न गोत्तेन धनेन वा ॥*

(कर्म, विद्या, धर्म, शील र उत्तम जीविका - यिनबाट प्राणी शुद्ध हुन्छ, न कि गोत्रले या धनले ।)

४. कतै शील आदिको दृष्टिकोणले । जस्तै संयुक्त निकाय (२,२,५) अनुसार भनिएको छ -

*सब्बदा शील सम्पन्नो पञ्ञावा सुसमाहितो ।*
*आरद्धविरियो पहितत्तो ओघं तरति दुत्तरं ॥*



https://dhamma.digital

## बुद्ध गुण

चार वैशारद्य - १. आफूलाई सम्यक सम्बुद्ध भनिने सबै धर्महरू जानी निर्भीक हुनु । २. आफूलाई क्षीणस्रव भनिने सबै आस्रवहरू क्षीण भएको जानेर निर्भीक हुनु । ३. विघ्नकारक धर्महरू राम्ररी जानेर निर्भीक हुनु । ४. जुन उद्देश्यले धर्मको उपदेश दिइन्छ ती राम्ररी दुःख विनाशतर्फ लैजाने हुन् भनी जानेर निर्भीक हुनु ।

दश बल - १. उचितलाई उचित र अनुचितलाई अनुचितको स्तरमा ठीक ढङ्गले जान्नु । २. भूत, भविष्य, वर्तमान्मा गरिएका कर्महरूको विपाकलाई स्थान र कारणसहित ठीक ढङ्गले जान्नु । ३. सर्वत्रगामिनी प्रतिपदालाई ठीक ढङ्गले जान्नु । ४. अनेक धातु ( ब्रह्माण्ड), नाना धातुयुक्त लोकहरूलाई ठीक ढङ्गले जान्नु । ५. नाना विचार भएका प्राणीहरूलाई ठीक ढङ्गले जान्नु । ६. अन्य प्राणीहरूका इन्द्रियहरूको प्रबलता र दुर्बलतालाई ठीक ढङ्गले जान्नु । ७. ध्यान, विमोक्ष, समाधि, समापत्तिको संक्लेश, व्यवधान (निर्मलीकरण) र उत्थानलाई ठीक ढङ्गले जान्नु । ८. पूर्वजन्मका कुराहरूलाई ठीक ढङ्गले जान्नु । ९. अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा प्राणीहरूको उत्पन्न हुने, मर्ने, परलोकमा गएको देख्नु । १०. आस्रवको क्षयद्वारा आस्रवरहित चित्तको विमुक्ति र प्रज्ञाको विमुक्ति साक्षात्कार गर्नु ।



https://dhamma.digital

(सर्वदा शीलयुक्त रहने, प्रज्ञावान्, एकाग्रचित्त, उत्साही र संयमी व्यक्ति कठिनाइले मात्र पार गर्न सकिने काम, भव, दृष्टि, अविद्या आदि ओघ (बाढी) बाट पार तर्दछ ।)

५. कतै स्मृतिप्रस्थान आदिको दृष्टिकोणले । जस्तै दीघनिकाय (२,९) मज्झिम निकाय (१,१,१०) अनुसार भनिएको छ -

भिक्षुहरू, यो जुन चार स्मृतिप्रस्थान छन्, ती प्राणीहरूका विशुद्धिका लागि, शोक, विलाप, समतिक्रमणको लागि, दुःख दौर्मनस्य शान्त गर्नको लागि, आर्यमार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कार गर्नका लागि एउटै मात्र मार्ग हुन् ।

सम्यक प्रधान आदिमा पनि यसैप्रकारले । जस्तै (१) अनुत्पन्न अकुशलहरू उत्पन्न नगर्न, (२) उत्पन्न अकुशलहरू प्रहाण गर्न, (३) अनुत्पन्न कुशलहरू उत्पन्न गर्न, (४) उत्पन्न कुशलहरू चिरस्थायी गर्नको लागि गरिने प्रयत्न, उद्योग, वीर्य आदि ।

- तर यस प्रश्नोत्तरमा शील आदिको दृष्टिकोणले बताइएको छ । त्यसको संक्षिप्त व्याख्या निम्नप्रकार छ :-

सीले पतिट्ठाय = शीलमा उभिएर । शीललाई राम्ररी पालन गर्नेलाई नै शीलमा उभिएको भनिन्छ । त्यसैले शीलको परिपूर्णताद्वारा शीलमा उभिएर भन्ने अर्थ हो । नरो = सत्व (प्राणी) । सपञ्ञो = कर्मद्वारा उत्पन्न हुने अलोभ, अदोष, अमोह आदि त्रिहेतुक प्रतिसन्धि (पुनर्जन्मको प्रथमचित्त) को प्रज्ञायुक्त प्रज्ञावान् । चित्तं पञ्ञञ्च भावयं = समाधि र विपश्यनाको भावना गर्दै । चित्त शब्दले यहाँ समाधि निर्दिष्ट भएको छ र प्रज्ञा शब्दले विपश्यना । आतापी = वीर्यवान् । वीर्य नै क्लेशहरूलाई तपाउने, पोल्नेको अर्थमा 'आताप' भनिन्छ । त्यो (योगी) वीर्यवान् छ, यसैले ऊ आतापी (वीर्यवान्, उद्योगी) हो । निपको = नैपक्व (प्रज्ञाले युक्त) । यस शब्दद्वारा कर्मस्थान (ध्यान) लाई परिपूर्ण गर्नमा लागेको परिहार्य प्रज्ञा देखाइएको छ ।

यस प्रश्नोत्तरमा प्रज्ञा शब्द तीन पटक आएको छ । पहिलो जाति ( जन्मबाट उत्पन्न) प्रज्ञा, दोस्रो विपश्यना प्रज्ञा, तेस्रो हिँड्ने, उठ्ने, बस्ने आदि सबै कामहरूलाई पूर्ण गर्ने परिहार्य प्रज्ञा ।

संसारमा भय देख्दछ, अतः भिक्खु हो । ऊ यस शीलद्वारा, यस चित्तद्वारा, निर्दिष्ट समाधिद्वारा, यी तीन प्रकारका प्रज्ञाद्वारा र यस वीर्यद्वारा, यी ६ गुणयुक्त भिक्षु । सो इमं विजटये जटं = उसले यस जटालाई सुल्झाउन सक्दछ । जसरी मानिस पृथ्वीमा उभिएर राम्ररी सान लगाएर, धारिलो बनाइएको हतियार उठाएर, ठूलो बाँसको झ्याङ्गलाई काट्दछ, यसरी नै



https://dhamma.digital

शीलरूपी पृथ्वीमा उभिएर, समाधिरूपी ढुङ्गामा सान लगाएर, धारिलो बनाइएको विपश्यनाको प्रज्ञारूपी हतियारलाई वीर्य र बलद्वारा पकडेर, परिहार्य प्रज्ञाको हातद्वारा उठाएर, आफूभित्र दबिएका ती सब तृष्णाको जटालाई सुल्झाउँदछ, टुक्राटुक्रा गरिदिन्छ, काटेर झारिदिन्छ । मार्ग प्राप्तिकावे क्षणमा नै यस भिक्षु त्यस जटालाई सुल्झाउँदछ । फल प्राप्ति भएको क्षण जटारहित भएर ऊ देवताहरूको साथै सारा लोकको अग्रदक्षिणेय (सबैभन्दा पहिले दान पाउनयोग्य) हुन्छ ।

यसैले भगवान्ले भन्नुभएको छ -

*सीले पतिट्ठाय नरो सपञ्ञो चित्तं पञ्ञञ्च भावयं ।*
*आतापी निपको भिक्खु सो इमं विजटये जटं ॥*

यो जुन प्रज्ञाद्वारा सपञ्ञो भनिएको छ, त्यसको लागि अलग केही पनि गर्नुपर्दैन । किनकि पूर्वजन्ममा गरिएको कर्मको आनुभावद्वारा नै उसलाई प्राप्त हुन्छ । आतापी निपको = यसमा बताइएको वीर्यद्वारा सततः परिश्रम गरेर, प्रज्ञाद्वारा होश सम्हालेर, शीलमा प्रतिष्ठित भएर, चित्त र प्रज्ञाअनुसार बताइएको समथ र विपश्यना भावना गर्नुपर्दछ । भगवान्ले शील, समाधि, प्रज्ञालाई यहाँ विशुद्धिमार्ग बताउनुभएको छ । यहाँसम्म -

(१) तीन शिक्षाहरू, (२) तीन प्रकारको कल्याणकारी धर्म (शासन), (३) त्रैविद्य (तीन विद्या) आदिको उपनिश्रय (प्रधान कारण), (४) दुई अन्त्यको त्याग, (मध्यम प्रतिपदा बीचको मार्ग) को सेवन, (५) अपाय आदिबाट मुक्ति पाउने उपाय, (६) तीन प्रकारले क्लेशको प्रहाण, (७) शिक्षापदको उल्लंघन आदिको प्रतिपक्ष (विरोध), (८) तीनै संक्लेशहरूको विशोधन र (९) स्रोतापन्न आदि मार्गफल पाउने साधन बताइएको छ ।

कसरी ? यहाँ शीलद्वारा अधिशील शिक्षा, समाधिद्वारा अधिचित्त शिक्षा र प्रज्ञाद्वारा अधिप्रज्ञा शिक्षा बताइएको छ ।

शीलबाट धर्म (शासन)को आरम्भमा कल्याणकारी हुने बताइएको छ । संयुक्त निकाय (४३,७,२) को यस वचनानुसार “कुशल धर्मको प्रमाणको लागि धम्मपद (१८३) को गाथा प्रस्तु गर्न सकिन्छ । जस्तै -

*सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।*
*सचित परियोदपनं एतं बुद्धानुसासन ॥*



https://dhamma.digital

(नगर्नु सबै पापहरू, गर्नु कुशल सञ्चय, चित्त शुद्ध गर्दै लानु यही बुद्धहरूका शिक्षा ।)

कुशल धर्मको आरम्भ के हो ? - सुविशुद्ध शील । 'नगर्नु सबै पापहरू' शील धर्मको आरम्भ हो र त्यो पनि आफूले गरेको कर्मलाई याद गरेर पश्चाताप नगर्ने आदि गुणहरू प्राप्त हुने कारणले कल्याणकारी छ । समाधि मध्यमा कल्याणकारी हुने भनिएको छ । "कुशल (पुण्य) को सञ्चय गर्नु" आदि वचनले समाधि धर्मको मध्य हो, र त्यो पनि ऋद्धिविध आदि गुणहरूलाई प्राप्त हुने कारणले कल्याणकारी छ । प्रज्ञा अन्तमा कल्याणकारी हुने बताइएको छ । "चित्त शुद्ध गर्दै लानु यही बुद्धहरूका शिक्षा (शासन) हो" यस वचनले, प्रज्ञा सबैभन्दा ठूलो भएको कारण, प्रज्ञा नै शासन (धर्म( को अन्तिम हो र त्यो प्रिय, अप्रिय (आलम्बनहरू) मा एकसमान हुनाले कल्याणकारी छ । जस्तै - धम्मपद (८१) अनुसार भनिएको छ -

*सेलो यथा एकघनो वातेन न समीरति ।*
*एवं निन्दा पसंसासु न समिञ्जन्ति पण्डिता ॥*

(जसरी ठोस पर्वत वायुद्वारा कम्पन हुँदैन, त्यसरी नै पण्डित निन्दा र प्रशंसाद्वारा विचलित हुँदैन ।)

त्यसरी नै, शील तीनै विद्याहरूको प्राप्तिको उपनिश्रय (प्रधान कारण) बताइएको छ । भिक्षु शील सम्पत्तिको सहाराले तीनै विद्याहरूलाई प्राप्त गर्दछ, त्यसभन्दा अगाडि होइन । समाधि ६ अभिज्ञाहरूको प्राप्तिको प्रधान कारण बताइएको छ । समाधिले सम्पत्तिहरूको सहाराले ६ अभिज्ञाहरूको प्राप्ति हुन्छ, त्यसभन्दा अगाडि होइन । प्रज्ञा अर्थ, धर्म, निरुक्ति, प्रतिभान यी चार प्रतिसम्भिदाका भेदहरूको प्राप्तिको साधन बताइएको छ । प्रज्ञाले सम्पत्तिको सहाराले चारैवटा प्रतिसम्भिदाहरूलाई प्राप्त गर्दछ, न कि कुनै अन्य साधनद्वारा ।

शील कामसुखमा लिप्त हुने तृष्णाको अन्त गर्ने त्याग भनिएको छ, समाधि आफूलाई पीडा दिनमा लागिरहने अत्तकिलमथानुयोग अन्त गर्ने त्याग र प्रज्ञा मध्यम प्रतिपदालाई ग्रहण गर्ने साधन बताइएको छ । त्यसरी नै शहील नरक, प्रेत, असुर, पशुपंक्षी आदि अपायबाट छुट्कारा पाउने उपाय भनिएको छ । समाधि कामधातुको अतिक्रमणको उपाय र प्रज्ञा सारा काम, रूप, अरूप आदि भवहरूलाई नाघेर जाने उपाय भनिएको छ ।

शील तदंग प्रहाणको रूपमा क्लेशरुको प्रहाण (त्याग) भनिएको छ । समाधि विक्कम्भन (दबाउनु) प्रहाण र प्रज्ञा समुच्छेद प्रहाण भनिएको छ ।



https://dhamma.digital

त्यसरी नै, शील क्लेशहरूको दमन र विरोध, समाधि बारम्बार उत्पन्न भएर आउने क्लेशहरूको विरोध र प्रज्ञा कामराग, प्रतिघ, मिथ्यादृष्टि, शंका, मान, भवराग, अविद्या आदि सात अनुशयको विरोध भनिएको छ।

## पहाण

***तदङ्ग पहाण - प्रदीपको प्रंकाशद्वारा जसरी अन्धकार अलिअलि गर्दै हटेर जान्छ, त्यसरी नै प्राणी हिंसाबाट विरत हुने आदि कुशल अङ्गहरूद्वारा प्राणीहिंसा गर्ने आदि अकुशल अङ्गहरूको प्रहाण हुन्छ। यसलाई तदङ्ग प्रहाण भनिन्छ।***

***विक्खम्भन पहाण - जसरी गाग्रोले छुनासाथ पानीको सतहमा रहेको भ्याउ तर्केर जान्छ, त्यसरी नै उपचार र अर्पणा समाधिद्वारा पञ्चनीवरण दबेर जान्छ, टाढिएर जान्छ त्यसलाई विक्खम्भन प्रहाण भनिन्छ।***

***समुच्छेद पहाण - चारैवटा आर्यमार्गहरूको भावनाद्वारा क्लेशहरू पूर्णतया हटेर जानु, फेरि कहिले पनि उत्पन्न नहुनुलाई समुच्छेद प्रहाण भनिन्छ।***

शील दुराचारको खराबीहरूको विशोधन (दूरीकरण) भनिएको छ। समाधि तृष्णाको संक्लेश (खराबी) को विशोधन र प्रज्ञा दृष्टिको संक्लेशको विशोधन भनिएको छ।

त्यसरी नै शील स्रोतापन्न, सकृदागामी हुने साधन बताइएको छ। समाधि अनागामी हुने र प्रज्ञा अरहन्त हुने साधन बताइएका छन्। अंगुत्तर निकाय (१, २१४-२१५) अनुसार भनिएको छ कि स्रोतापन्न र सकृदागामी



https://dhamma.digital

चरणहरू शीलहरूलाई परिपूर्ण गर्ने हुन्छन् । अनागामी चरण समाधिलाई परिपूर्ण गर्ने हुन्छ र अर्हत् प्रज्ञालाई परिपूर्ण गर्ने हुन्छ ।

यसप्रकार यहाँसम्म, तीन शिक्षाहरू, तीन प्रकारले कल्याणकर धर्म, त्रिविध आदिको उपनिश्रय, दुई अन्तको त्याग, मध्यम प्रतिपत्तिको सेवन, अपाय आदिबाट छुट्कारा पाउने उपाय, तीन प्रकारले क्लेशहरूको प्रहाण, शिक्षापदको उल्लंघन आदिको विरोध, तीनैवटा संक्लेशहरूको विशोधन र स्रोतापन्न आदि (मार्गफल) पाउने साधन - यी नौ र अन्य तीन विवेक, तीन कुशल मूल, यसप्रकारका तीन गुणहरूद्वारायुक्त धेरै धर्म बताइएका छन् ।

यस्ता अनेक गुणहरूयुक्त शील, समाधि, प्रज्ञाको रूपमा देशना गरिएको यो विशुद्धिमार्ग अति संक्षेपमा नै प्रस्तुत गरिएको छ । यसैले, 'सबैको उपकारको लागि पर्याप्त छैन' भनी सोचेर यसको विस्तृत वर्णन गर्नको लागि, पहिले शीलको सम्बन्धमा यी प्रश्न गरिएका छन् -

(१) शील के हो ? (२) शीलको अर्थ के हो ? (३) यसका लक्षण, रस (कृत्य), प्रत्युपस्थान (जान्ने आकार), पदस्थान (प्रत्यय-सामीप्य कारण) के हुन् ? (४) शीलको गुण के हो ? (५) शील कति प्रकारका छन् ? (६) यसको मल (संक्लेश) के हो ? (७) यसको विशुद्धि के हो ?

यिनीहरूका उत्तर निम्नानुसार हुन् :-

## १. शील के हो ?

जीवहिंसा आदि गर्नेबाट विरत रहनु, या उपाध्याय आदिको सेवटहल गर्ने व्यक्तिको चेतना आदि धर्म (मानसिक अवस्थाहरू) शील हो । प्रतिसम्भिदा मार्ग (१) ग्रन्थानुसार भनिएको छ - 'शील के हो ? चेतनाशील हो, चैतसिकशील हो, संवरशील हो, अनुल्लंघनशील हो ।

(क) जीवहिंसा आदिबाट विरत रहने या व्रतप्रतिपत्ति (व्रताचार) पूर्ण गर्ने व्यक्तिको चेतना नै चेतनाशील हो । अरु पनि, जीवहिंसा आदि गर्न छाड्ने व्यक्तिको तीन कायिक अकुशल र चार वाचिक अकुश छाडेको सात कुशल कर्मपथको चेतना (कुशल कर्महरू गर्ने विचार) चेतनाशील हो ।

(ख) जीवहिंसा आदिबाट विरत रहने व्यक्तिको विरति (अलग हुने विचार) चैतसिकशील हो ।

"लोभ (अभिध्या) त्यागेर, लोभरहित चित्तले विहार गर्दछ" आदिप्रकारले दीघनिकाय (१, २४) अनुसार भनिएको लोभरहति हुनु, प्रतिहिंसा नगर्नु र सम्यकदृष्टि राख्नु चैतसिकशील हो ।



https://dhamma.digital

(ग) संवर पाँच प्रकारका हुन्छन् - (१) प्रातिमोक्षसंवर, (२) स्मृतिसंवर, (३) ज्ञानसंवर, (४) क्षान्तिसंवर र (५) वीर्यसंवर । यिनमा - "यस प्रातिमोक्ष संवरले राम्ररीयुक्त हुन्छ" भनेर विभंग (१२, २) अनुसार भनिएको कुरा यही प्रातिमोक्षसंवर हो । "चक्षु इन्द्रियको रक्षा गर्दछ, चक्षु इन्द्रियको संवर गर्दछ" भनेर दीघनिकाय (१,२,४) र विभंग (१२,२) अनुसार भनिएको कुरा यही स्मृतिसंवर हो ।

*यानि सोतानि लोकिस्मं (अजिता ति भगवा) सति तेसं निवारणं ।*
*सोतानं संवरं बूमि पञ्ञायेते पिथियरे ॥*

(भगवान् अजितलाई बताउनुहुन्छ - संसारमा जुन तृष्णा आदिका स्रोत छन्, स्मृतिले तिनीहरूलाई रोक्दछ, म स्रोतहरूको संवर (संयम) बताउँदछु, यो प्रज्ञाद्वारा बन्द हुन्छ ।)

सुत्तनिपा (५६, ४) अनुसार भनिएको चाहिँ ज्ञान-संवर हो । प्रत्यय-प्रतिसेवन-शील पनि यसैमा समावेश हुन्छ ।

जुन - "ठण्डी गर्मीलाई सहने हुन्छ" आदिप्रकारले मज्झिम निकाय ( १,१,२) अनुसार भनिएको छ - त्यो क्षान्तिसंवर हो । जुन "उत्पन्न भएको कामसम्बन्धी वितर्कद्वारा वशीभूत हुँदैन ।" आदिप्रकारले भनिएको छ त्यो वीर्यसंवर हो । आजीव परिशुद्धि, जीविकाको निर्दोषभाव शील पनि समावेश हुन्छ ।

यसप्रकार यी पाँच प्रकारका संवर र जो पापमा भय देख्ने कुलपुत्रशरुको अगाडि आएको पापका वस्तुहरूबाट विरति हो - यी सबैलाई संवरशील भनी जान्नुपर्दछ ।

(घ) ग्रहण गरिएको शीलको काय र वाणीद्वारा उल्लंघन नगर्नु नै अनुल्लंघन शील हो ।

## २. शीलको अर्थ के हो ?

शीलन (आधार, वासस्थान) को अर्थमा शील हो । यो शीलन के हो ? कायकर्म आदिको संयम, अर्थात् सुशीलताद्वारा अवीप्रकीर्णता (एकजस्तो बनिरहनु) अथवा स्थिर हुनुको लागि आधारजस्तै कुशल धर्महरूलाई धारण गर्नु नै यसको अर्थ हो । शब्दलक्षण (व्याकरण) विद्हरूले यिनै दुई अर्थलाई



https://dhamma.digital

मान्दछन् । अन्य आचार्यहरू, शिरार्थ (शिरसमान उत्तम) शीलार्थ हो, शीतलार्थ, शीलार्थ हो आदिप्रकारले पनि अर्थ लगाउँदछन् ।

## ३. यसका लक्षण, रस, प्रत्युपस्थान के हुन ?

*सीलनं लक्खणं तस्स भिन्नस्सापि अनेकधा ।*
*सनिदस्सनत्तं रूपस्स यथा भिन्नस्स नेकधा ॥*

(अनेकप्रकारको भेद भए तापनि शीलन (आधार हुनु) नै शीलको लक्षण हो । जसरी अनेकप्रकारले रातो, पहेंलो रंगमा बाँडिएको भए तापनि रूपको लक्षण सनिदर्शन (देखिनु) हो ।)

जसरी नीलो, पहेंलो आदि नानाप्रकारले बाँडिएको रूपायतनको पनि लक्षण सनिदर्शन हुनु नै हो, ती नीलो आदि भेदमा बाँडिए तापनि तिनले सनिदर्शन भावलाई नाघ्न सक्दैनन्, त्यसैप्रकार चेतना आदि नानाप्रकारमा बाँडिएको शीललाई पनि .... कायकर्म आदिको संयम र कुशल धर्महरूको वासस्थानको विचार अनुसार 'शीलन' (लक्षण) बताइएको छ । चेतना आदि भेदहरूमा बाँडिएको शीलले पनि संयम र वासस्थान (आधार) को उल्लंघन गर्न सक्दैन, त्यसैले त्यसको त्यही लक्षण हुन्छ । यस्तो लक्षणयुक्त शीलको -

*दुस्सील्यविद्धंसनता अनवज्जगुणो तथा ।*
*किच्चसम्पत्ति अत्थेन, रसो नाम पवुच्चति ॥*

(अनाचार (दुःशील) को नाश गर्नु तथा निर्दोष गुणयुक्त हुनु रस हो किनकि कृत्यर सम्पत्तिको अर्थमा नै रस शब्द प्रयोग गरिएको छ ।)

यसैले शीललाई, कृत्यको अर्थमा खराब आचरण (दुःशील) लाई नाश गर्नु रस (काम) युक्त र सम्पत्तिको अर्थमा निर्दोष रसयुक्त जान्नुपर्दछ । लक्षण आदिमा कृत्य (काम) नै सम्पत्ति या रस भनिन्छ ।

*सोच्चेय्य पच्चुपट्ठान तयिदं तस्स विञ्ञुहि ।*
*ओत्तप्पञ्च हिरि चेव पदट्ठानन्ति वण्णितं ॥*

(पण्डितहरूले परिशुद्ध हुनु शीललाई जान्ने आकार (प्रत्युपस्थान) र संकोच तथा लज्जालाई पदस्थान (प्रत्यय) भनेका छन् ।)



https://dhamma.digital

”कायको पवित्रता, वाणीको पवित्रता, मनको पवित्रता” यसप्रकार इतिवुत्तक (३,२,७) र अंगुत्तर निकाय (३,२,८) अनुसार बताइएाके पवित्रता शीललाई जान्ने आकार हो । त्यो पवित्र भएकोले जान्ने गरिन्छ, ग्रहण गर्ने गरिन्छ (सम्झिने गरिन्छ) । पण्डितहरूले हिरि (पाप गर्नुमा लज्जा) र ओतप्प (पाप गर्नुमा डर) लाई यसको पदस्थान भनेका छन् । सामीप्य कारण यसको अर्थ हो । हिरि र ओतप्प भएर नै शील उत्पन्न हुन्छ र स्थिर हुन्छ । हिरि र ओतप्प नभएमा न त शील उत्पन्न नै हुन्छ, न स्थिर हुन्छ ।

यसप्रकार शीलका लक्षण, रस, प्रत्युपस्थान (जान्ने आकार) र पदस्थान (प्रत्यय) आदि जान्नुपर्दछ ।

## ४. शीलको गुण के हो ?

पश्चाताप नगर्नु आदि शीलका अनेक गुण छन् । अंगुत्तर निकाय (१०,१,१) अनुसार भनिएको छ - “आनन्द ! सुन्दर शील (सदाचार) पश्चाताप नगर्नको लागि हो, पश्चाताप नगर्नु यसको गुण हो ।” अरु पनि दीघनिकाय (२,३,१) र उदान (८,६) अनुसार भनिएको छ - “गृहपतिहरू, शीलवान्ले शील पालन गर्नुमा पाँच गुण छन् । कुन पाँच ?”

(१) यहाँ गृहपतिहरू, शीलवान्, शीलयुक्त व्यक्ति प्रमादमा नपर्ने कारणले धेरैधेरै धनसम्पत्ति प्राप्त गर्दछ । यो शीलवान्को शील पालन गर्नुको पहिलो गुण हो ।

(२) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान्को ख्याति, इमान्दारी फैलिन्छ । यो शीलवान्को शील पालन गर्नुको दोस्रो गुण हो ।

(३) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान् जुनजुन सभामा जान्छ, चाहे क्षत्रीयहरूकावे सभा होस्, चाहे ब्राह्मणहरूको सभा होस्, चाहे वैश्यहरूको सभा होस्, चाहे श्रमणहरूको सभा होस्, ऊ निर्भीक निःसंकोच रूपले जान्छ । यी शीलवान्को शील पालनको तेस्रो गुण हो ।

(४) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान् वेहोश भएर मर्दैन । यो शीलवान्को शील पालन गर्नुको चौथो गुण हो ।

(५) फेरि गृहपतिहरू, शील पालन गर्ने व्यक्ति, शीलवान् शरीरलाई त्यागी मरेपछि सुगति प्राप्त गरी स्वर्गलोकमा उत्पन्न हुन्छ । यो शीलवान्को शील पालन गरेको पाँचौ गुण हो ।”

अरु पनि, मज्झिम निकाय (१,१,६) अनुसार भनिएको छ “भिक्षुहरू ! यदि कुनै भिक्षुले ‘म सब्रह्मचारीहरू (गुरु भाइहरू) का प्रिय मनाप र इज्जतको



https://dhamma.digital

दृष्टिले हेरिने व्यक्ति होउँ' भन्ते चाहन्छ भने उसले शीलहरूकै पालन गर्नुपर्दछ" आदिप्रकारले, प्रिय मनाप हुनेदेखि लिएर आस्रवक्षय (अर्हत्व) सम्म पुग्ने धेरैधेरै शीलका गुण बताइएका छन् ।

यसरी पश्चाताप नगर्नु आदि अनेकप्रकारका गुणहरूको प्राप्ति शीलको गुण (आनिशंस) हो ।

अरु पनि -

*सासने कुलपुत्तानं पतिट्ठा नत्थि यं विना ।*
*आनिसंस परिच्छेदं तस्स सीलस्सको वदे ॥*

(जुन शीलविना कुलपुत्रहरूको धर्ममा प्रतिष्ठा हुँदैन, त्यस शीलको गुणको विस्तारलाई कसले बताउन सक्दछ ?)

*न गंगा यमुना चापि सरभू वा सरस्वती ।*
*निन्नगा वा चिरवती मही वा पि महानदी ॥*
*सक्कुणन्ति विसोधेतुं तं मलं इध पाणिनं ।*
*विसोधयति सत्तानं यं वे सीलजलं मलं ॥*

(गंगा, यमुना, सरभू या सरस्वती, अचिरवती (राप्ती) मही (नारायणी) या महानदीले जुन मललाई धोएर सफा गर्न सक्दैन, प्राणीहरूको त्यो मल यस शीलको जलद्वारा धोएर सफा हुन्छ ।)

*न तं सजलदा वाता न चापि हरिचन्दनं ।*
*नेव हारा न मणयो न चन्दकिरणङ्कुरा ॥*
*समयन्तीध सत्तानं परिलाहं सुरक्खितं ।*
*यं समेति इदं अरियं सीलं अच्चन्तसीलं ॥*

(न त पानी भरिएको हावा, न त हरिचन्दन, न मोतीको हार, न मणि, न चन्द्रका किरणहरूकले नै प्राणीहरूको त्यस परिडाह (जलन) लाई त्यति शान्त पार्न सक्दछ, जति कि राम्ररी रक्षा गरिएको, यो आर्यशीलले शीतल पार्न सक्दछ ।)

*सीलगन्धोसमो गन्धो कुतो नाम भविस्सति ।*
*यो समं अनुवाते च पटिवाते च वायति ॥*



https://dhamma.digital

(शीलको सुगन्धजस्तै दोस्रो सुगन्ध कहाँ हुन्छ ? जुन कि हावा लाग्ने दिशातिर र उल्टा दिशातिर पनि एकजस्तै बहन्छ ।)

*सग्गारोहणसोपानं अञ्ञं सीलसमं कुतो ।*
*द्वारं वा पन निब्बान नगरस्स पवेसनं ॥*

(स्वर्गारोहणको लागि शीलजस्तै अर्को सिंढी कहाँ पाइन्छ ? अथवा निर्वाण नगरको प्रवेशको लागि द्वार कहाँ पाइन्छ ?)

*सोभन्तेवं न राजानो मुत्तामणि विभूसिता ।*
*यथा सोभन्ति यतिनो सील भूसनभूसिता ॥*

(मोती मणिहरूद्वारा सजाइएको राजा त्यसरी शोभित हुँदैन जसरी शीलको आभूषणद्वारा विभूषित भिक्षु (यति) शोभायमान् हुन्छ ।)

*अत्तानुवादादिभयं विद्धंसयति सब्बसो ।*
*जनेति कित्ति हासञ्च सीलं सीलवतं सदा ॥*

(शीलले आत्मनिन्दा आदि भयलाई सबैप्रकारले मेटाइदिन्छ र शीलवान्को लागि सर्वदा कीर्ति (यश) तथा हर्ष (सन्तोष) उत्पन्न गर्दछ ।)

*गुणानं मूल भूतस्स दोसानं बलघातिनो ।*
*इति सीलस्स विञ्ञेय्यं आनिसंस कथा मुखन्ति ॥*

(सारा गुणहरूको जरा र राग आदि दोषहरूको बललाई नाश गर्न सक्ने शीलको गुण (आनिशंस) को कथाद्वारा यसप्रकार जान्नुपर्दछ ।)

## ५. शील कति प्रकारका छन् ?

(१) एक प्रकारको छ - यी सारा शील नै आफ्नो 'शीलन' (आधार हुनु) लक्षणले एक प्रकारको छ ।



https://dhamma.digital

(२) दुई प्रकारका छन् - चारित्र र वारित्र, आभिसमाचारिक र आदिब्रह्मचर्यक, विरति र अविरति, निश्रित र अनिश्रित, कालपर्यन्त र आप्राणकोटि, सपर्यन्त र अपर्यन्त, लौकिकर लोकोत्तर ।

(३) तीन प्रकारका छन् - हीन, मध्यम र प्रणीत; आत्माधिपत्य, लोकाधिपत्य र धर्माधिपत्य; परामृष्ट, अपरामृष्ट र प्रतिप्रश्रब्धि; विशुद्धि, अविशुद्धि र वैमत्तिक; शैक्ष, अशैक्ष र नशैक्ष (नैवशैक्षय) नाशैक्ष्य) ।

(४) चार प्रकारका छन् - हानभागीय, स्थितिभागीय, विशेषभागीय र निर्वेदभागीय; भिक्षु, भिक्षुणी, अनुपसम्पन्न र गृहस्थ शील; प्रकृति, आचार, धर्मता र पूर्वहेतुक शील; प्रातिमोक्ष संवर, इन्द्रिय संवर, आजीव पारिशुद्धि र प्रत्यय सन्निस्रित शील ।

(५) पाँच प्रकारका छन् - पर्यन्त पारिशुद्धि शील आदिअनुसार । प्रतिसम्भिदामा मार्ग (१,४२) अनुसार यसो पनि भनिएको छ - "शील पाँच छन् - पर्यन्त पारिशुद्धिशील, अर्यन्तपारिशुद्धि शील, परिपूर्ण पारिशुद्धिशील, अपरामृष्ट पारिशुद्धिशील र प्रतिप्रश्रब्धि पारिशुद्धि शील ।" त्यसरी नै प्रहाण, वेरमणि (विरत हुनु) चेतना, संवर र अनुल्लंघन (अव्यतिक्रम) शीलअनुसार ।

एक प्रकारको शीलको अर्थ माथि भनिएको शीलन लक्षणअनुसार जान्नुपर्दछ ।

## द्विक

दुई प्रकारको समूहमा जुन भगवान्द्वारा 'यो गर्नुपर्दछ' भनी भनिएको शिक्षापद (नियम) लाई पालन गर्नु हो, त्यो चारित्र शील हो। जुन 'यो गर्नु हुँदैन' भनी निषेध गरिएकोलाई नगर्नु वारित्र शील हो ।

यसको यो भावार्थ हो - शीलअनुसार आचरण गर्नु, शीलहरूको राम्ररी पूर्तिको लागि कोशिस गर्नु, त्यो चारित्र हो । त्यसबाट निषेध गरिएको बाट शीललाई बचाव गर्नु, रक्षा गर्नु, त्यो वारित्र हो । श्रद्धा, वीर्यको साधन चारित्र हो । श्रद्धाको साधन वारित्र हो । यसरी चारित्र-वारित्रअनुसार (शील) दुई प्रकारका छन् ।

दोस्रो द्विकमा अभिसमाचारको अर्थ हो उत्तम समाचार (श्रेष्ठ आचरण) । अभिसमाचार नै आभिसमाचारिक हो । अथवा अभिसमाचारको सम्बन्धमा भनिएको आभिसमाचारिक हो । सम्यकवचन, सम्यककर्मान्त र सम्यक्आजीविका पालन गरिएको आजीव अष्टमलाई छाडी शेष शीलको यो नाम हो । मार्ग ब्रह्मचर्यको आदि (आरम्भ) भएबाट आदि ब्रह्मचर्यक भनिन्छ । यो आजीव अष्टमक शील कै नाम हो । पूर्वभागमा नै परिशुद्धि गर्ने



https://dhamma.digital

कारणले, त्यो मार्गको प्रारम्भिक अवस्था हो । यसैले मज्झिम निकाय (३,२,७) अनुसार भनिएको छ - "पहिले नै भिक्षुको कायकर्म, वचीकर्म तथा आजीविका परिशुद्ध हुन्छन् ।" अथवा जुन शिक्षापद पाराजिकालाई छाडी शेष क्षुद्रानुक्षुद्रक (ससान) भनिएका छन् - यी आभिसमाचारिक शील हुन् र शेष आदिब्रह्मचर्यक शील हुन् । भिक्षु, भिक्षुणी प्रातिमोक्षमा आएको आदिश्रह्मचर्यक हुन् तथा स्कन्धक (विनयपिटकको चुल्लवग्ग र महावग्ग आदि) व्रतमा आएका आभिसमाचारिक शील हुन् । त्यसको पालन गर्नाले आदिश्रह्मचर्यक पनि पूर्ण हुन्छ । यसैले अंगुत्तर निकाय (३) अनुसार भनिएको छ - "भिक्षुहरू, भिक्षुले आभिसमाचरिक शीलको पूर्तिबिना आदिब्रह्मचर्यक शीललाई पूर्ण गर्नेछ भन्ने कुरा सम्भव छैन ।" यसप्रकार आभिसमाचारिक, आदिब्रह्मचर्यक अनुसार दुई प्रकारका शील छन् ।

तेस्रो द्विकमा - जीवहिंसा आदिबाट विरत रहनु मात्र विरति शील हो । शेष चेतना, चेतशिक, संवर, अनुल्लंघन शील आदि अविरति शील हो । यसप्रकार विरति, अविरतिअनुसार शील दुई प्रकारका छन् ।

चौथो द्विकमा :- निश्रय दुई प्रकारका हुन्छन्, (१) तृष्णा निश्रय, र (२) दृष्टि निश्रय । "म यस शीलद्वारा देव वा देवहरूमा कुनै एक हुने छु" भन मज्झिम निकाय (१,५,६) अनुसार जो यस्तो भव सम्पत्तिलाई इच्छा गरेर पालन गरिएको शील छ यो तृष्णा निश्रय हो । जुन - "शीलद्वारा शुद्धि हुन्छ" विभंग (१२) अनुसार यसप्रकारले प्रव्रर्तित हुन्छ - यो दृष्टि निश्रय हो । त्यसैको उपकारक जुन कि लोकोत्तर र लौकिक छन् - ती अनिश्रित शील हुन् । यसप्रकार निश्रित, अनिश्रितअनुसार शील दुई प्रकारका छन् ।

पाँचौं द्विकमा - समयको परिच्छेद गरेर ग्रहण गरिएको शील कालपर्यन्त शील हो । त्यसरी ग्रहण नै ग्रहण गरेर जीवन पर्यन्त पालन गरिएको शील आप्राणकोटिक शील हुन्छ । यसप्रकार कालपर्यन्त, आप्राणकोटिकअनुसार शील दुई प्रकारका छन् ।

छैठौं द्विकमा - लाभ, यश (ख्याति), आफन्त (ज्ञाति), अंग र जीवन सम्बन्धी कुराहरूलाई देख्नासाथ नै जुन शील समाप्त हुन्छ, त्यो सपर्यन्त शील हो, यसको विपरीत अपर्यन्त शील हो । पटिसम्भिदामग्गमा भनिएको छ - "कुनचाहिँ शील सपर्यन्त हो ? लाभलाई देख्दैमा जुन खतम हुने शील छ, यशलाई देख्दैमा जुन खतम हुने शील छ, आफन्तहरूलाई देख्दैमा जुन खतम हुने शील छ, अंगलाई देख्दैमा जुन खतम हुने शील छ, जीवनलाई देख्दैमा जुन खतम हुने शील छ ।"

कुनचाहिँ शील लाभलाई देख्दैमा खतम हुने हुन्छ ? "कुनै मानिसले लाभको लागि, लाभको कारणले आफूले ग्रहण गरेको शिक्षापदको उल्लंघन



https://dhamma.digital

गर्दछ - यो लाभलाई देख्दैमा खतम हुने शील हो।" यसैप्रकार पटिसम्भिदामग्ग (१,१६) अनुसार अन्य विषयमा पनि विस्तार गर्नुपर्दछ।

अपर्यन्त शीलको उत्तरमा पनि भनिएको छ - कुनचाहिँ शील लाभलाई देख्दैमा खतम हुँदैन ? "कुनै मानिस लाभको लागि, लाभको कारणले आफूले ग्रहण गरेको शिक्षापदको उल्लंघनको चित्त पनि उत्पन्न गर्दैन भने के उसले शीललाई उल्लंघन गर्दछ ? यो लाभलाई देख्दैमा खतम हुने शील होइन।" यसप्रकार अरुमा पनि विस्तार गर्नुपर्दछ। यस्ता सपर्यन्त, अपर्यन्तअनुसार शील दुई प्रकारका छन्।

सातौं द्विकमा - सबै काम, भव, दृष्टि अविद्या आदि आस्रवसहित शील लौकि शील हुन् र आस्रवरहित लोकोत्तर शील हुन्। लौकिक भव-सम्पत्ति ल्याउन सक्ने र भव-निस्तार (मुक्ति) को साधन हुन्छ। जस्तै - परिवार पालि (१६४) अनुसार भनिएको छ - "विनय संवरको लागि हो। संवर पश्चाताप नगर्नुका लागि हो। पश्चाताप नगर्नु प्रमोदको लागि हो। प्रमोद प्रीतिको लागि हो। प्रीति प्रश्रब्धि (शान्त भाव) को लागि हो। प्रश्रब्धि सुखको लागि हो। सुख समाधि (चित्तको एकाग्रता) को लागि हो। समाधि यथार्थ ज्ञान (प्रत्ययसँगै नामरूप देख्ने ज्ञान) देख्नको लागि हो। यथार्थ ज्ञान देख्नु निर्वेदको लागि हो। निर्वेद विराग (अर्हत् मार्ग) को लागि हो। विराग विमुक्ति (अर्हत् फल) को लागि हो। विमुक्ति विमुक्तिज्ञान देख्नको लागि हो। विमुक्तिज्ञान देख्नु रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान आदि उपादानरहित परिनिर्वाणको लागि हो। जुन केही पनि ग्रहण नगरी चित्त मुक्त हुनु हो, यसैको लागि (विनय सम्बन्धी) कुराकानी गर्नु हो। विचार गर्नु हो। सहारा लिनु हो। सुन्नुको लागि कान दिनु हो।" लोकोत्तर (शील) भवनिस्तारतर्फ लाने र प्रत्यवेक्षण ज्ञान (प्राप्त गरिएको मार्गफल देख्ने ज्ञान) को भूमि हुन्छ। यसप्रकार लौकिक लोकोत्तरअनुसार शील दुई प्रकारका छन्।

## त्रिक

त्रिकहरूमा पहिलो त्रिकमा - हीन-छन्द, चित्त, वीर्य (उत्साह-उद्योग) को मीमांसा (प्रज्ञा-ज्ञान) द्वारा पालन गरिएको शील हीनशील हो। मध्यम-छन्द आदिद्वारा पालन गरिएको मध्यमशील र प्रणीन (श्रेष्ठ-उत्तम) द्वारा पालन गरिएको प्रणीतशील हो। अथवा ख्यातिको अभिलाषाद्वारा ग्रहण गरिएको हीनशील हो, पुण्य फलको इच्छाद्वारा ग्रहण गरिएको मध्यमशील र "यो गर्नु नै छ" भनेर शिष्ट (आर्य) विचारद्वारा ग्रहण गरिएको प्रणीतशील हो। अथवा "म नै सदाचारी हुँ, यी अन्य भिक्षु दुराचारी र पापी हुन्" मज्झिम निकाय (



https://dhamma.digital

१) अनुसार यसप्रकार आफूलाई माथि चढाउने र अरुलाई निन्दा गरेर पालन गरिएको उपक्लिष्ट (कलुषित) शील हीनशील हो । उपक्लिष्ट नभएको लौकिक शील मध्यमशील हो र लोकोत्तर शील प्रणीतशील हो । अथवा तृष्णाअनुसार भवसम्पत्ति तथा भोगसम्पत्तिको लागि पालन गरिएको शील हीनशील हो । अथवा मुक्तिको लागि पालन गरिएको मध्यमशील र सबै प्राणीहरूको मुक्तिको लागि पालन गरिएको बोधिसत्वको पारमिता शील प्रणीतशील हो । यसप्रकार शील - हीन, मध्यम र प्रणीतअनुसार तीन प्रकारका छन् ।

दोस्रो त्रिकमा - जो आफ्नो लागि अनुचित छ त्यसलाई छोड्ने इच्छाले, आत्मगौरव र आत्मसम्मानद्वारा पालन गरिएको शील आत्माधिपत्यशील हो । लोकनिन्दा हटाउने इच्छाले, लोकगौरव र लोकसम्मानद्वारा पालन गरिएको शील लोकाधिपत्यशील हो । धर्मको महत्वको पूजा गर्ने इच्छाले, धर्मको गौरव र सम्मान गर्दै पालन गरिएको शील धर्माधिपत्यशील हो । यसप्रकार अधिपत्यसमूहअनुसार शील ती प्रकारका छन् ।

तेस्रो त्रिकमा - द्विकमा जुन निश्रित र अनिश्रित बताइएका छन्, ती तृष्णा, दृष्टि (उल्टा धारणा) द्वारा परामृष्ट (जकडिएको) भएको कारणले परामृष्टशील हुन् । पृथक्जनमध्ये शीलयुक्त कल्याणपृथक्जनको मार्ग प्राप्तिको साधनले र अरहन्त हुन बाँकी भएका स्रोतेपन्न, सकृदागामी, अनागामी, शैक्ष्यहरूका मार्गयुक्त शील अपरामृष्टशील हो । शैक्ष्य, अशैक्ष्यका फलयुक्त शील प्रतिप्रश्रब्धिशील हो । यसप्रकार परामृष्टसमहूह आदि अनुसार शील ती प्रकारका छन् ।

चौथो त्रिकमा - जुन शील आपत्ति (अपराध दोष) नगरिकन पालन गरिएको छ अथवा दोष गरे पनि त्यसको प्रतिकार गरेर पालन गरिएको छ त्यो विशुद्धशील हो । दोष गरेर प्रतिकार नगरिएको शील अविशुद्धशील हो । वस्तु, आपत्ति या उल्लंघन सम्बन्धी कुराहरूका जो विमति (सन्देह) मा पर्दछ, उसको शील वैमतिकशील हो । योगीले अविशुद्ध शीलको विशोधन गर्नुपर्दछ । विमतिमा पर्दा परवस्तुको उल्लंघन नगरी विमति मेटाउनुपर्दछ । यसरी भिक्षुलाई सहुलियत हुनेछ । यसप्रकार विशुद्ध समूहअनुसार शील तीन प्रकारका छन् ।

पाँचौं त्रिकमा - चार आर्यमार्गहरू र तीन श्रामण्यफलहरूयुक्त शील शैक्ष्यशील हो । अर्हत्फल अशैक्ष्यशील हो, शेष पृथग्जनको शील नैवशैक्ष्यनाशैक्ष्य (नशैक्ष्य नअशैक्ष्य) शील हो । यसप्रकार शैक्ष्यसमूहअनुसार शील तीन प्रकारका छन् ।



https://dhamma.digital

प्रतिसम्भिदा मार्ग (१) अनुसार भनिएको छ - "किनकि लोकमा प्राणीहरूको त्यस्तो प्रकृति (स्वभाव) पनि शील भनिन्छ, जसबारे भनिन्छ कि यो सुखशील हो, यो दुःखशील हो, यो कलहशील (झगडालु) हो, यो मण्डनीय (आफूलाई सिंगार, सजावटमा लागईराख्ने) शील हो । यसैले यस पर्यायले शील तीन प्रकारका छन् (१) कुशलशील (२) अकुशलशील, (३) अव्याकृतशील ।" यस्तै कुशलसमहूहअनुसार पनि शील ती प्रकारका छन् । यीमध्ये अकुशल यहाँ अभिप्रेत शीलको लक्षण आदिमा एउटासँग पनि मेल खाँदैन, यसैले यहाँ बताइएको छैन । अतः यहाँ बताइएको ढङ्गले नै यसलाई तीन प्रकारले जान्नुपर्दछ ।

## चतुष्क

पहिलो चतुष्कमा -

*योध सेवति दुस्सीले सीलवन्ते न सेवति ।*
*वत्थुवीतिक्कमे दोसं, न पस्सति अविद्दसु ॥*
*मिच्छासङ्कप्पबहुलो इन्द्रियानि न रक्खति ।*
*एवरूपस्स वे सीलं जायते हानभागियं ॥*

(जो मूर्ख दुःशीलवान्हरू (दुराचारीहरू) को संगत गर्दछ, शीलवान्हरूको संगत गर्दैन र शीलको वस्तुको उल्लंघनमा दोष देख्दैन, किसिम-किसिमको मिथ्यासंकल्प गर्छ र इन्द्रियको रक्षा गर्दैन त्यस्तो व्यक्तिको शील नै हानभागीय (पतनगामी) शील हुन्छ ।)

*यो पनत्तमनो होति सीलसम्पत्तिया इध ।*
*कम्मट्ठानानुयोगम्हि न उप्पादेति मानसं ॥*
*तुट्ठस्स सीलमत्तेन अघटन्तस्स उत्तरिं ।*
*तस्स तं ठितिभागियं सीलं भवति भिक्खुनो ॥*

(जो आफ्नो शील सम्पत्तिमा प्रसन्न हुन्छ, तर कर्मस्थानमा जुट्नको लागि भने प्रयोग गर्दैन त्यस शील मात्रले सन्तुष्ट रहने तर उत्तरोतर उद्योग नगर्ने भिक्षुको शील स्थितभागीयशील हुन्छ ।)



https://dhamma.digital

*सम्पन्नसीलो घटति समाधत्थाय यो पन ।*
*विसेसभागियं सीलं होति एतस्स भिक्खुनो ॥*

(जो शीलसम्पन्न भएर समाधिको लागि उद्योग गर्दछ त्यस भिक्षुको शील विशेषभागीयशील हुन्छ ।)

*अतुट्ठो सीलमत्तेन निब्बिदं योनुयुञ्जति ।*
*होतिनिब्बेध भागियं सीलमेतस्स भिक्खुनो ॥*

(जो शील मात्रमा असन्तुष्ट भएर निर्वेद (विपश्यना) मा जुट्दछ त्यस भिक्षुको शील निर्वेदभागीय शील हुन्छ ।)

- यसरी हानभागीयअनुसार शील चार प्रकारका छन् ।

दोस्रो चतुष्कमा - भिक्षुहरूको लागि प्रज्ञप्त शिक्षापद, जुन भिक्षुणीहरूको लागि प्रज्ञप्त शिक्षापदबाट बच्नयोग्य शील, भिक्षुशील हो । भिक्षुणीहरूको लागि प्रज्ञप्त शिक्षापद, जुन भिक्षुहरूको लागि प्रज्ञप्त शिक्षापदहरूबाट बच्नयोग्य शील भिक्षुणीशील हो । श्रामणेर, श्रामणेरीहरूको जुन दश शील छन् ती अनुपसम्पन्नशील हो । उपासक, उपासिकाहरूको नित्य शील (सधैं पालन गर्ने शील) अनुसार पाँच शिक्षापद या उत्साह भएमा दश, शिक्षापद, उपोसथाङ्गानुसार आठ शिक्षापद गृहस्थशील हुन् । यसरी भिक्षुशील आदिअनुसार शील चार प्रकारका छन् ।

तेस्रो चतुष्कमा - उत्तर कुरू (द्वीप) मा बस्ने मनुष्यहरूले पञ्चशील उल्लंघन नगर्नु प्रकृतिशील हो । त्यसत्यस देश, कुल र सम्प्रदायको आ-आफ्नो परम्पराद्वारा ल्याइएको चारित्र आचारशील हो । "आनन्द यो स्वाभाविक कुरा हो कि जब बोधिसत्व आमाको गर्भमा वास गर्दछ, तब बोधिसत्वको आमालाई पुरुषहरूप्रति कामवासनाको चित्त उत्पन्न हुँदैन ।" यसरी दीघनिका (२,१) र मिज्झिम निकाय (३,३,३) अनुसार भनिएको बोधिसत्वको आमाको शील स्वाभाविकशील हो । महाकश्यप आदि पवित्र चित्त हुने तथा बोधिसत्वको तीती जन्महरूमा पालन गरिएको शील पूर्वहेतुकशील हो । यसप्रकार प्रकृति आदिअनुसार शील चार प्रकारका छन् ।

चौथो चतुष्कमा - जुन कि - "यहाँ भिक्षु प्रातिमोक्षको संवरद्वारा संवृत भएर विहार गर्दछ, आचार र गोचरद्वारा सम्पन्न, अल्पमात्र पनि दोषहरूमा भय देख्ने हुन्छ र राम्ररी शिक्षापदलाई सिक्दछ ।" यसप्रकार विभंग (१२,१) अनुसार भगवान्द्वारा भनिएको शील प्रातिमोक्ष संवरशील हो । जुन - "ऊ चक्षुले रूपलाई देखेर निमित्तलाई ग्रहण नगर्ने हुन्छ र न अनुव्यञ्जनलाई,



https://dhamma.digital

जसको कारण चक्षुइन्द्रियमा असंयतापूर्वक विहार गर्दै लोभ, दौर्मनस्य खराब अकुशल धर्म उत्पन्न होऊन् यसको संवर (संयम) को लागि जुट्दछ, चक्षुइन्द्रिको रक्षा गर्दछ । श्रोत्र (कान) द्वारा शब्द सुनेर, घ्राण (नाक) द्वारा गन्धलाई सुँघेर, जीव्हा (जिब्रो) द्वारा रसलाई चाखेर, कायद्वारा स्पर्श गरेर, मनले धर्मलाई जानेर निमित्त र अनुव्यञ्जनलाई ग्रहण गर्ने हुँदैन, मनेन्द्रियलाई संवर गर्दछ" भनी जुन दीघनिकाय (१,२) अनुसार भनिएको छ यो इन्द्रिय-संवरशील हो । जुन आजीविकाको कारण प्रज्ञप्त ६, शिक्षापदहरूको उल्लंघन जस्तै कुहन (धूर्त्याईं), लपन (कुराकानी गर्नु), नैमित्तकत्ता (ईशारा गर्नु), निष्प्रेषिकता (महत्व घटाउनु), लाभले लाभ खोज्नु (निजिगिंसनता-अन्वेषण) इत्यादि यसप्रकारका खराब धर्मानुसार हुने मिथ्या आजीविकादेखि विरति हो - यो आजीव पारिशुद्धिशील हो । "प्रज्ञाद्वारा जानेर चीवरको सेवन गर्दछ, ठण्डीदेखि बचाउ गर्दछ" आदिप्रकारले भनिएको, प्रज्ञाले जानेर परिशुद्ध चीवर, भोजन, शयनासन, औषधी यी चार प्रत्ययहरूको सेवन गर्नु प्रत्यय सन्निश्रितशील हो ।

## प्रातिमोक्ष संवरशील

चौथो चतुष्कमा उल्लेखित परिभाषाको आरम्भदेखि लिएर क्रमशः शब्दहरूको वर्णन समेतको विनिश्चय कथा (व्याख्या) हो । यहाँ = यस शासन (धर्म) मा । भिक्षु = संसारमा भय देख्ने वा छिन्नभिन्न (थाङ्ना) कपडा लाउने व्यक्ति आदि शब्दद्वारा बोलाइने, श्रद्धाद्वारा प्रव्रजित कुलपुत्र । प्रातिमोक्षको संवरद्वारा संवृत = प्रातिमोक्ष भनिन्छ शिक्षापद शीललाई । यस शीललाई जसले पालन गर्दछ, राख्दछ, यस शीलले त्यस व्यक्तिलाई अपायआदिको दुःखहरूबाट मुक्त गराउँछ, छोडाउँदछ, यसैले प्रातिमोक्ष भनिन्छ । ढाक्नु संवर हो । काय, वचनद्वारा शीलहरूको उल्लंघन नगर्ने कर्मको नाम हो । ... यसैले प्रातिमोक्ष संवर भनिएको हो । त्यस प्रातिमोक्ष संवरद्वारा उपगत, समन्नागत (युक्त भएको) भन्ने अर्थ हा । विहार गर्दछ = वास गर्दछ ।

आचार र गोचरद्वारा सम्पन्न = इत्यादिको अर्थ झानविभंग (१२,१) पालिमा आएअनुसार नै जान्नुपर्दछ । भनिएको छ - "आचार र गोचरयुक्त - आचार पनि छ, अनाचार पनि छ । अनाचार के हो ? कायद्वारा नियमको उल्लंघन, वाणीद्वारा नियमको उल्लंघन र काय वाणीद्वारा नियमको उल्लंघन गर्नुलाई अनाचार भनिन्छ । सबै दुःशील्य (दुराचार) अनाचार हुन् ।

कोही भिक्षु बाँस, पात, फूल, दतिवन दिएर, नुहाइदिएर, चापलूसी गरेर, झूटो बोलेर, सेवाटहल गरेर, सन्देशबाहकको काम गरेर अथवा बुद्धद्वारा



https://dhamma.digital

निन्दित अन्य प्रकारका मिथ्यापेशाद्वारा आफ्नो पेशा चलाउँदछ भने यो अनाचार भनिन्छ ।

आचार के हो ? कायद्वारा उल्लंघन नगर्नु, वाणीद्वारा उल्लंघन नगर्नु र कायवाणी द्वारा उल्लंघन नगर्नुलाई आचार भनिन्छ । सबै संवरशील आचार हुन् ।

कोही भिक्षु न बाँस दिएर, न पात दिएर, न फूल दिएर, न फल दिएर, न नुहाइदिएर, न दतिवन दिएर, न चापलुसी गरेर, न झूटो बोलेर न सेवाटहत गरेर, न सन्देशबाहक भएर र न बुद्धद्वारा निन्दित कुनै एक पेशा गरेर आचार गर्नुलाई आचार भनिन्छ ।

गोचर - गोचर पनि छ, अगोचर पनि छ । अगोचर के हो ? कुनै वेश्या बस्ने टोलतिर भिक्षाटन जाने गर्छ, विधवाकहाँ जाने, हुन्छ, किशोरी ( पाँच कामगुणयुक्त युवती), हिजडा (नपुंसक), वा भिक्षुणीसँग मैथुन समागम गर्छ या भट्टीमा जाने गर्छ, राजा, राजाको महामन्त्रीहरू, अन्य मतावलम्बीहरू र अन्य मतावलम्बीहरूका चेलाहरूकासाथ मिलेर विहार गर्दछ । अनुचित गृहस्थहरूसँग लगाव राख्दछ । अथवा जुनसुकै श्रद्धारहित छन्, अप्रसन्न छन्, भिक्षु, भिक्षुणी, उपासक, उपासिकाप्रति आक्रोश वचन बोल्दछन् अनर्थ, अहित, अप्राशु (असुख विहार), गर्ने गर्दछन्, निर्भय हुन चाहँदैनन्, त्यस्ता कुलहरूको सेवन गर्दछन्, संगत गर्दछन्, बारम्बार त्यहाँ जाने गर्दछन् - त्यसलाई अगोचर भनिन्छ ।

गोचर के हो ? कोही वेश्या, विधवा किशोरी ... कहाँ नजाने हुन्छ । भट्टीमा जाँदैन । राजा, राज्य महामन्त्रीहरू ... अन्य मतावलम्बीहरूका चेलाहरूसँग मिलेर विहार गर्दैन । गृहस्थहरूसँग अनुचित लगाव राख्दैन । अथवा जुन कुल श्रद्धावान्, प्रसन्न, कुवाजस्तै भएको, काषाय वस्त्रद्वारा प्रभासित, जुन भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको अर्थ, हित चाहने हुन्छन् त्यस्ता कुलहरूको सेवन गर्दछ, संगत गर्दछ, त्यहाँ बारम्बार जान्छ - त्यसलाई गोचर भनिन्छ । यस्ता आचार र गोचरद्वार ... युक्त हुन्छ, यसैले आचार-गोचरसम्पन्न भनिन्छ ।"

यसप्रकारबाट पनि आचार-गोचरलाई जान्नुपर्दछ ।

अनाचार दुई प्रकारका हुन्छन् - शारीरिक र वाचसिक ।

शारीरिक अनाचा के हो ? कुनै भिक्षु संघमा गएर पनि अशिष्टता ( अगौरव) साथ स्थविर भिक्षुहरूलाई धक्का दिँदै उठ्दछ, धक्का दिँदै बस्दछ, अगाडि नै उभिन्छ, अगाडि नै बस्दछ, अग्लो आसनमा पनि बस्दछ, टाउको छोपेर पनि बस्दछ । उठेर पनि बोल्दछ, हात हल्लाउँदै पनि बोल्दछ, स्थविर भिक्षुहरू विनाजुत्ता हिँड्डुल गर्दा जुत्ता लाएर हिँड्डुल गर्दछ । होचो स्थानमा



https://dhamma.digital

हिँड्डुल गर्दा अग्लो स्थानमा हिँड्डुल गर्दछ, जमीनमा हिँड्डुल गर्दा चंक्रमणमा हिँड्डुल गर्दछ । स्थविर भिक्षुहरूसँग ठेलमठेल गरेर पनि बस्दछ, नयाँ भिक्षुहरूलाई पनि आसनबाट हटाउँदछ, अग्निशाला (जन्ताघर) मा पनि भिक्षुहरूलाई नसोधी दाउरा छोडी आउँछ, ढोका बन्द गरिदिन्छ, घाटमा पनि स्थविर भिक्षुहरूलाई धक्का दिँदै पानीमा पस्दछ, अगाडि पनि उभिन्छ, धक्का दिँदै पनि नुहाउँछ, अगाडि पनि नुहाउँछ, धक्का दिएर पनि बाहिर निस्किन्छ, अगाडि पनि निस्किन्छ, गृहस्थीहरूको घरमा जाँदा पनि स्थविर भिक्षुहरूलाई धक्का दिँदै जान्छ, अगाडिअगाडि जान्छ, मार्गबाट हटेर पनि स्थविर भिक्षुहरूको अगाडिअगाडि हिँड्छ, जुन कुलहरूको भित्री पर्दा लगाएको कोठा हुन्छ, जहाँ कुलकी स्त्रीहरू, कुमारीहरू बस्दछन्, त्यहाँ पनि नसोधी पस्दछ, बच्चाको टाउको पनि सहलाउँदछ - आदिलाई शारीरिक अनाचार भन्दछन् ।

वाचसिक अनाचार के हो ? कुनै भिक्षु संघमा गएर पनि अगौरव ( अशिष्टता) गर्दै स्थविर भिक्षुहरूलाई नसोधी धर्मोपदेश दिन्छ, प्रश्नको उत्तर दिन्छ, प्रातिमोक्षको उद्देश गर्दछ, उठीउठी पनि बोल्दछ, हात हल्लाउँदै पनि बोल्दछ, गृहस्थीहरूको घरमा गएर स्त्री या कुमारीसँग पनि यसप्रकार - हे फलाना नामकी, हे फलाना गोत्रकी, के छ हालचाल ? यवागु (जाउलो) छ ? भात छ ? खाना छ ? के पिउने ? के खाने ? के भोजन गर्ने ? अथवा के मलाई दिन्छौ ? यसो भनी सोध्दछ । यसलाई वाचसिक अनाचार भनिन्छ । यसको विपरीत आचार जान्नुपर्दछ ।

अरु पनि भिक्षु गौरव, इज्जत लज्जा र संकोचसाथ राम्ररी लगाएको, ओढेको, सुन्दरतापूर्वक आउनेजाने, अवलोकन-विलोकन (देखभाल गर्नु) र समेट्ने, पसार्ने, झुकेको आँखा भएको, इर्यापथयुक्त, इन्द्रियहरूमा संयम राख्ने, भोजनमा मात्रा जान्ने, जागरुक हुने, होश र ख्याल राख्ने अल्पेच्छक सन्तोषी, उद्योगी, आभिसमाचारिक कामहरू सत्कारपूर्वक गर्ने, ठूलाहरूलाई गौरव गर्दै विहार गर्दछ, यसलाई आचार भनिन्छ । यसप्रकार आचार जान्नुपर्दछ ।

गोचर तीन प्रकारका हुन्छन् - (१) उपनिश्रय गोचर (२) आरक्ष्य गोचर (३) उपनिबन्ध गोचर ।

के हो उपनिश्रय गोचर ? अंगुत्तर निकाय (१०,१, ९-१०) अनुसार १. अल्पेक्षकथा, २. सन्तुष्टिकथा, ३. प्रविवेककथा, ४. असंसृष्टकथा, ५. वीर्यारम्भकथा, ६. शीलकथा, ७. समाधिकथा, ८. प्रज्ञाकथा, ९. विमुत्तिकथा, १०. विमुक्ति-ज्ञान-दर्शनकथा आदि दश कथावस्तुका गुणहरूयुक्त कल्याण मित्रलाई जसको सहाराले (१) नसुनिएको कुरा पनि सुन्दछ, (२) सुनेको कुरालाई पक्का गर्दछ, (३) सन्देह मिटाउँदछ, (४) दृष्टि सीधा गर्दछ, (५) चित्त प्रसन्न



https://dhamma.digital

गर्दछ, अथवा जसको अनुकरण गर्दै श्रद्धा, शील श्रुत, त्याग, प्रज्ञालाई बढाउँदछ, त्यसलाई उपनिश्रय गोचर भनिन्छ ।

के हो आरक्ष्य गोचर ? भिक्षु गाउँमा प्रवेश गरी सडकमा जाँदै झुकेको आँखा पारी चार हात टाढा हेरी संयमका साथ हिँड्दछ । न हाथी हेर्दै जान्छ, न घोडा, न रथ, न यात्री न स्त्री न पुरुढा, न माथि हेर्दै जान्छ, न तल हेर्दै जान्छ, न दिशाविदिशामा हेर्दै जान्छ, यसप्रकार यसलाई आरक्ष्य गोचर भनिन्छ ।

के हो उपनिबन्ध गोचर ? चार स्मृतिप्रस्थान जसमा चित्तलाई बाँध्दछ । संयुक्त निकाय (५,१४८) अनुसार भगवान्ले यसो भन्नुभएको छ - "भिक्षुहरू, भिक्षुको कुनचाहिँ गोचर आफ्नो पैतृक विषय (अंश) हो ? त्यही जसमा चार स्मृतिप्रस्थान छन् ।" यसलाई उपनिबन्ध गोचर भनिन्छ। यसप्रकार यस आचार र यस गोचरयुक्त हुन्छ - यसैलाई आचार गोचरसम्पन्न भनिन्छ ।

अल्पमात्रको दोषहरूमा पनि भय देख्ने = अनजानमा गरेको ७५ सेखिय (भिक्षु नियम) दोष र अकुशल चित्तआदिको उत्पन्न हुने धेरै सानासाना दोषहरूमा पनि भय देख्ने । राम्ररी शिक्षापदहरूलाई सिक्दछ = जुनकुनै शिक्षापदमा सिक्न योग्य छ, ती सब राम्ररी सिक्दछ । प्रातिमोक्षद्वारा संवृत = यहाँसम्म व्यक्तिलाई ध्यानमा राखेर प्रातिमोक्ष-संवरशीलको उपदेश गरिएको छ । आचार-गोचर सम्पन्न इत्यादि सबै जसरी प्रतिपन्न हुने भिक्षुको शील पूर्ण हुन्छ, त्यस प्रतिपत्ति (मार्ग) लाई देखाउनको लागि भनिएको छ भनी सम्झनुपर्दछ ।

## इन्द्रिय संवरशील

यसपछि "ऊ चक्षुले रूपलाई देखेर" आदिप्रकारले इन्द्रिय संवरशीलमा देखाइएको छ त्यसमा ऊ = त्यस प्रातिमोक्ष-संवरशीलमा स्थित भिक्षु । चक्षुले रूपलाई देखेर = कारणानुसार चक्षु नामद्वारा पुकारिने रूपलाई देख्नमा समर्थ चक्षुविज्ञानद्वारा रूपलाई देखेर । पुरानो मानिसहरूले भनेका छन् - "चित्त नभएमा चक्षुले रूपलाई देख्दैन र चक्षु नभएमा चित्तले पनि देख्दैन । द्वार (भित्री आयतन) र आलम्बनको (बाहिरी आयतन) संघर्ष हुँदा मात्र चक्षुप्रसादयुक्त चित्तले देख्दछ । 'धनुषले मार्दछ' इत्यादिजस्तै । यसप्रकारको कारणयुक्त कथा हुन्छ । यसैले चक्षु विज्ञानद्वारा रूपलाई देखेर भन्ने अर्थ हो । न निमित्तलाई ग्रहण गर्ने हुन्छ = ऊ स्त्री पुरुषका शुभ निमित्त आदि अथवा क्लेश बढाउने वस्तुहरूको निमित्तलाई ग्रहण गर्दैन, हेर्ने मात्र गर्दछ । न अनुव्यञ्जनहरूलाई ग्रहण गर्ने



https://dhamma.digital

हुन्छ = क्लेशहरूको पछिपछि उत्पन्न हुने र त्यसलाई प्रकट गरिएबाट अनुव्यञ्जन नामले भनिने हातखुट्टा, मुस्काउनु, हाँस्नु, बोल्नु, अवलोकन गर्नु (नियालेर हेर्नु), देख्नु आदिप्रकारका आकारहरूलाई ग्रहण गर्दैन । जुन यहाँ यथार्थमा छ त्यसैलाई मात्र ग्रहण गर्दछ । चैत्य पर्वत, मिहिन्तले, श्रीलङ्कामा बस्नु हुने महातिष्य स्थविरसमान ।

## महातिष्य स्थविरको कथा

महातिष्य स्थविर चैत्य पर्वतदेखि अनुराधपुर भिक्षटनको लागि आउँदै हुनुहुन्थ्यो । त्यस समयमा बाटोमा कुनै कुलवधु आफ्नो लोग्नेसँग झगडा गरी राम्ररी सजिएर देवकन्या (अप्सरा) जस्तै बिहानै अनुराधपुरदेखि निस्केर माइत जाँदै थिइन् । बीचमार्गमा स्थविरलाई देखेर, विपरीत चित्त (कामराग चित्त) भई खितितिती हाँसेर, शब्दले आकर्षित गर्न खोजिन् र स्थविरले - यो के हो ? भनी हेर्नुहुँदा त्यस स्त्रीको दाँतका हड्डीहरू देख्नुभयो । स्थविरले पनि ती हड्डीहरूमा नै अशुभसंज्ञा (विपश्यना ज्ञान) वृद्धि गर्नुभएर अरहत्व प्राप्त गर्नुभयो । यसैले भनिएका छ -

*तस्सा दन्तट्ठिकं दिस्वा पुब्बसञ्ञं अनुस्सरि ।*
*तत्थेव सो ठितो थेरो अरहतं अपापुणी ॥*

(उनको दाँतको हड्डीहरूलाई देखेर आफूले अधिष्ठान गरेको पूर्वको अशुभसंज्ञाको (चिन्तन) गर्नुभयो र त्यहीँ उभेर नै स्थविरले अर्हत्व प्राप्त गर्नुभयो ।)

एनको लोग्नेले पनि त्यसै बाटोबाट जाँदा स्थविरलाई देखेर सोध्यो - "भन्ते, के तपाईंले कुनै स्त्रीलाई देख्नुभयो ?" तब उसलाई स्थविरले भन्नुभयो -

*नभिजानामि इत्थी वा पुरिसो वा इतो गतो ।*
*ऋपि च अट्ठिसंघातो गच्छतेसं महापथे ॥*

(म जान्दिन कि स्त्री या पुरुष यहाँबाट गएको छ तर पनि यस महामार्ग भएर त्यो हड्डीसमूह कंकाल जाँदैछ ।)

जसको कारण = प्रारम्भमा, जुनकारणद्वारा उसको चक्षुइन्द्रियको असंवरको हेतु यो व्यक्ति स्मृतिको झ्यालबाट । चक्षुइन्द्रियमा असंवृत =



https://dhamma.digital

चक्षुद्वारलाई विनाबन्द गरी । विहार गर्दै लोभ दौर्मनस्य खराब अकुशल धर्म = यी अभिध्या (विषम लोभ) आदि प्रवृत्तिहरू । उत्पन्न होस् = पछि परोस्, एकदम व्याप्त होस् । जसको संवरको लागि जुट्दछ = त्यसै चक्षुइन्द्रियको स्मृतिको झ्याललाई बन्द गर्नको लागि जुट्दछ र यसरी जुटेर नै चक्षुइन्द्रियको रक्षा गर्दछ = चक्षुइन्द्रियमा संवर गर्दछ आदि भन्ने गरिन्छ ।

यद्यपि चक्षुइन्द्रियमा संवर या असंवर छैन । चक्षुप्रसादको सहाराले स्मृति (होश) या प्रमाद (वेहोश) हुँदैन । तैपनि जब रूपालम्बन आँखा अगाडि आउँदछ तब भवांग चित्त दुई पटक उत्पन्न भएर निरुद्ध हुँदा क्रियामनोधातु आवर्जनको काम गर्दै उत्पन्न भएर निरुद्ध हुन्छ । तत्पश्चात् चक्षुविज्ञानले देख्ने काम गर्दछ, फेरि विपाकमनोधातु सम्प्रतिच्छन्नको काम, त्यसपछि विपाक-अहेतुक-मनोविज्ञानधातु सन्तीरणको काम, फेरि क्रिया-अहेतुक-मनोविज्ञानधातु व्यवस्थापन गर्ने काम गर्दै उत्पन्न भएर निरुद्ध हुन्छ, त्यसपछि जवन चित्त उत्पन्न हुन्छ । त्यसमा पनि न त भवांगको समय, न आवर्जन आदिमध्ये कुनै एकको नै समयमा संवर या असंवर हुन्छ ।

जवनको समयमा यदि दुःशील, भूल, अज्ञान, अक्षान्ति या आलस्य उत्पन्न हुन्छ, तब असंवर हुन्छ । यसो भएको कारणले त्यो चक्षुइन्द्रियमा असंवर हुनु भनिन्छ । किन ? किनकि त्यस समय स्मृतिद्वार पनि अरक्षित हुन्छ, भवांग पनि, आवर्जन आदि वीथि चित्त पनि अरक्षित नै हुन्छ । कसरी ? जसरी नगरका चारैवटा द्वारहरू बन्द नरहनाले, यद्यपि भित्रको घर, द्वार, कोठाहरू इत्यादि राम्ररी बन्द हुन्छन्, तैपनि, भित्र नगरमा सारा सामान अरक्षित नै हुन्छ । किनकि नगरको द्वारबाट चोर पसेर जे चाह्यो त्यो गर्न सक्दछ । यसरी नै जवनको समय दुःशील आदि उत्पन्न हुँदा तिनको असंवर भएबाट द्वार पनि अरक्षित हुन्छ, भवांग पनि, आवर्नन आदि वीथिचित्त पनि अरक्षित हुन्छन् ।

त्यसमा शील आदि उत्पन्न हुँदा द्वार पनि रक्षित हुन्छ, भवांग पनि, आवर्जन आदि वीथि चित्त पनि । कसरी ? जसरी नगरमा द्वारहरू बन्द रहनाले, यद्यपि भित्रको घर इत्यादि आरक्षित हुन्छन्, तथापि,



https://dhamma.digital

## वीथि सन्तती

चित्तको उत्पति विनाश हुँदै लगातार प्रवाहित हुने क्रमलाई सन्तती भनिन्छ । तर एउटा रूप (भौतिकसमूह) उत्पन्न भएर विनाश हुन्जेलसम्म सत्रवटा चित्तहरू उत्पति विनाश भइसक्छन् । अर्थात् सत्रवटा चित्तको आयुजस्तै एउटा रूपको आयु हुन्छ । यी सत्र चित्तहरूको उत्पत्ति-विनाश क्रमलाई वीथि भनिन्छ । यसरी एक वीथिभित्र उत्पन्न हुने सत्र चित्तहरूको नाम र कृत्य यसप्रकार छन् -

१. भवंग - यो पहिलो चित्त हो । भवको अंगलाई भवांग भनिन्छ । यसलाई अतीत भवंग र गाढनिन्द्राको अवस्था पनि भनिन्छ । किनकि यसबेला चित्तले पूर्वसंस्कारलाई मात्र ग्रहण गरेको हुन्छ ।

२. भवंगचलन - यो दोस्रो चित्त हो । जब कुनै आलम्बन कुनै द्वारमा ठक्कर खानासाथ त्यसलाई ग्रहण गर्ने चित्त उत्पन्न हुनलाई भवंग चित्त आलम्बनतिर प्रभावित हुन खोज्ने चित्तको नाम नै भवंचलन हो ।

३. भवंगोपच्छेद - यो तस्रो चित्त हो । आलम्बनतिर प्रभावित हुन खोज्दाखोज्दै चित्तको उत्पत्ति-विनाशको तीव्रगति भएकोले भवंगचलन विनाश भएर अतीत संस्कारलाई छाड्ने नयाँ चित्तको नाम नै भवंगोपच्छेद हो ।

४. आवर्जन - यो चौथो चित्त हो । अतीत संस्कारलाई त्यागेर आलम्बनतिर प्रभावित हुँदा कुन द्वारमा के भएको हो भनी विचार गर्दछ । यसलाई क्रियामनोधातु पनि भनिन्छ । यो पञ्चद्वारमा आवर्जन गर्नेलाई पञ्चद्वारावर्जन र मनमा आवर्जन गर्नेलाई मनोद्वारावर्जन भनिन्छ ।

५. विज्ञान - यो पाँचौं चित्त हो । कुन द्वारमा आलम्बनले ठक्कर खाएको छ त्यसलाई जान्ने गर्दछ । द्वारअनुसार चक्षुविज्ञान (हेर्ने चित्त), श्रोत्रविज्ञान (सुन्ने चित्त), घ्राणविज्ञान (सुँघ्ने चित्त), जिव्हाविज्ञान (स्वादलिने चित्त), कायविज्ञान (स्पर्श गर्ने चित्त), मनोविज्ञान (विचार गर्ने चित्त) भनिन्छ ।

६. सम्प्रतिच्छन्न - यो छैठौं चित्त हो । विज्ञानले जानिएको आलम्बनलाई सम्यक्रूपले ग्रहण गर्ने वा स्वीकार गर्ने गर्दछ । यसलाई विपाक-मनोधातु पनि भनिन्छ ।

७. सन्तीरण - यो सातौं चित्त हो । ग्रहण गरिएको आलम्बनलाई सम्यक विचार वा देखेको हो वा होइन भनी चिन्तन गर्दछ । यसलाई विपाक-अहेतुक-मनोविज्ञानधातु पनि भनिन्छ ।

८. वोट्ठपन - यो आठौं चित्तले त्यसरी विचार गरेको आलम्बनप्रति मीमांसा गरी राम्रो वा नराम्रो भनी छुट्याएर निर्णय गर्दछ ।

९. जवन - नवौंदेखि पन्ध्रौं चित्तहरू वोट्ठपन चित्तले राम्रो र नराम्रो भनी निर्णय गर्नासाथ आलम्बनप्रति प्रभावित भएर कुशल या अकुशल भएर दौडिन्छन् । विशेषगरी वोट्ठपन चित्तानुसार सही निर्णय गरेमा जवनचित्तहरू कुशलचित्तहरू हुन्छन् । गलत निर्णण गरेमा अकुशलचित्तहरू हुन्छन् । वास्तवमा वीथिको सत्र चित्तहरूमध्ये कर्मफल दिने चित्तहरू यी सातवटा जवन चित्तहरू मात्र हुन् ।

१०. तदालम्बन - सोह्रौं र सत्रौं चित्तहरू ज्वन चित्तहरूलाई आलम्बन गरी उत्पत्ति हुने गर्दछन् । सातवटा जवनचित्तहरू उत्पत्ति भइसकेपछि त्यसको प्रतिक्रिया



https://dhamma.digital

*रोकिन्छ तर गतिको प्रभावको कारणले यी सोह्रौं र सत्रौं तदालम्बनचित्तहरू उत्पत्ति भएका मात्र हुन् । त्यसैले चित्तहरूको कुनै फल हुँदैनन् ।*

*यसरी एक रूप उत्पन्न-विनाश हुन्जेलसम्म सत्रवटा चित्तहरू उत्पत्ति-विनाश भइसकेपछि चित्त पुनः भवंग अवस्थामा नै पुग्दछ । अतः यसरी नै चित्तहरू क्रमैले उत्पत्ति-विनाश हुँदै जीवन प्रवाह (प्रवर्ति) कायम गर्दछन् ।*

भित्र नगरमा सार सामान राम्ररी र गोप्य हुन्छन् । नगरको द्वारहरू बन्द हुँदा चोर पस्न सक्दैन । यसरी नै जवनचित्तको समय शील आदि उत्पन्न हुँदा द्वार पनि सुरक्षित हुन्छन्, भवांग पनि, आवर्जन आदि वीथिचित्त पनि सुरक्षित हुन्छन् । यसैले जवनको समयमा उत्पन्न भए तापनि चक्षुइन्द्रियमा संवर भनिएको हो ।

श्रोत्रद्वारा शब्दलाई सुनेर = इत्यादिमा पनि यसरी नै बुझ्नुपर्दछ । यसप्रकार थोरैमा रूप आदि क्लेशहरूको बन्धन, निमित्त (लक्षण) आदि ग्रहण गर्नेलाई त्यागयुक्त स्वभावलाई इन्द्रियसंवर शील जान्नुपर्दछ ।

## आजीव-पारिशुद्धि-शील

इन्दिय-संवरशीलपछि बताइएको आजीव-पारिशुद्धि-शीलमा विनयपिटकानुसार जुन जीविकाको कारण प्रज्ञप्त ६ शिक्षापदहरू छन् - जसले (१) जीविकाको हेतु, जीविकाको कारण, खराब इच्छुक, इच्छानुसार काम गर्ने, अविद्यमान्, असत्य, अलौकिक शक्ति (उत्तरमनुष्यधर्म) को कुरा गर्दछ उसलाई पाराजिकाको आपत्ति हुन्छ (२) जीविकाको हेतु, जीविकाको कारण, कुनै स्त्री सन्देश पुरुषकहाँ या पुरुषको सन्देश स्त्रीकहाँ पुऱ्याइदिन्छ उसलाई संघादिशेषको आपत्ति हुन्छ । (३) जीविकाको हेतु, जीविकाको कारण, "जो तिम्रो विहारमा रहनुहुन्छ, उहाँ भिक्षु अर्हत् हुनुहुन्छ" - भनी भन्दछ गृहस्थहरूले उसलाई सही मानेमा त्यस भिक्षुलाई थुल्लच्चयको आपत्ति हुन्छ । (४) जीविकाको हेतु, जीविकाको कारण, भिक्षु बिरामी नभएता पनि आफ्नो लागि अरुलाई भनेर उत्तम भोजन गर्दछ उसलाई पाचित्तियको आपत्ति हुन्छ (५) जीविकाको हेतु, जीविकाको कारण, भिक्षुणीले बिरामी नभए तापनि आफ्नो लागि अरुलाई भनेर उत्तम भोजन गर्दछ, उसलाई पाटिदेशनीयको आपत्ति हुन्छ । (६) जीविकाको हेतु, जीविकाको कारण, सूप (झोल) या भात बिरामी नभए तापनि आफ्नो लागि अरुलाई भनेर खान्छ, उसलाई दुक्कटको आपत्ति हुन्छ ।



https://dhamma.digital

यसप्रकार प्रज्ञप्त जुन ६ शिक्षापद छन् यिनै ६ शिक्षापदमध्ये विभंग (१२) अनुसार कुहन निर्देशनमा यस्तो लेखिएको छ ।

*"तत्थ कतमा कुहना ? लाभ सक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या पच्चयपटिसेधनसंखातेन वा समान्तजप्पितेन वा इरियापथस्स वा अट्ठपना, सण्ठपना, भाकुटिका, भाकुटियं, कुहना, कुहायना, कुहितयं-अयं कुच्चति कुहना ।"*

(कुहन (धूत्याईं) के हो ? लाभ, सत्कार प्रशंसा पाउनको लागि खराब इच्छा हुने, इच्छाचारीको जुन चीवर आदि प्रत्ययको निषेध सम्बन्धी अरहन्तजस्तै गरेर आफ्नो लागि भनिने हो, इर्यापथ चालढालको हावभाव हो, सजावट हो, दुरुस्त गर्नु हो, भृकुटी गर्नु हो, वञ्चन, ठगवृत्ति र ठग्ने भाव हो - यसलाई कुहन (धूत्याईं) भनिन्छ ।

लाभसक्कारसिलोकसन्निस्सितस्स = लाभसत्कार र कीर्ति शब्द ( ख्याति) सँग मिलेको वा चाहने व्यक्तिको । पापिच्छस्स = आफूमा नरहने गुणलाई वर्णन गर्ने पापेच्छुकको । इच्छापकतस्स = इच्छाचारीको अर्थात् त्यस्तो पापेच्छाबाट दास भएको व्यक्तिको ।

यसपछि किनकि प्रत्यय प्रतिषेधन सामन्तजप्पा, इर्यापथ सम्बन्धी तीन प्रकारका कुहन वस्तु महानिद्देसमा आएका छन् यसैले तीनै प्रकारका देखाउनको लागि पच्चपटिसेधनसंखातेन वा इत्यादि भनी आरम्भ गरिएको छ .

पच्चयपटिसेधन संखातेन = प्रत्ययप्रतिषेधनसँग सम्बन्धित । अथवा प्रत्ययहरूको प्रतिषेधन भनिनेसँग सम्बन्धित । भिक्षुलाई चीवर आदि दिनको लागि दायकहरूको निमन्त्रणा गर्दा त्यसलाई चाहेर पनि खराब इच्छाको कारण ढोंगी भएर अस्वीकार गर्दछ । गृहस्थले "अहा, आर्य अल्पेच्छ हुनुहुन्छ, केही लिन पनि चाहनुहुन्न । हाम्रो लागि भलाई हुन्छ यदि थोरै भए पनि केही लिइदियोस्" आदि विचार गरी अनुरोध गरेर किसिम-किसिमका उपायहरूद्वारा राम्राराम्रा चीवर आदि ल्याउँदा, भिक्षुले गृहस्थहरूलाई आफूप्रति अचल श्रद्धावान् जानेर, गृहस्थहरूप्रति अनुकम्पा गर्ने भावलाई प्रकट गरेर स्वीकार गर्दछ । तब यसप्रकार त्यस्तो ढोंगी स्वभावको कारणले ऊ पछिपछि भारी गाडाहरूसमेत ल्याउने (स्वीकार्ने) हुन जान्छ । यसैलाई प्रत्ययप्रतिषेधन ( प्रत्ययको निवारण) कुहनवस्तु सम्झिनुपर्दछ । महानिद्देसमा यस्तो भनिएको छ .

"के हो प्रत्ययप्रतिषेधन कुहनवस्तु ? यहाँ गृहस्थ भिक्षुलाई चीवर, पिण्डपात (भिक्षान्त), शयन, आसन, ग्लानप्रत्यय (रोगीको पथ्य), भैषज्य ( औषधि) र परिष्कारहरूद्वारा सत्कार गर्न निमन्त्रित गर्दछ । खराब इच्छुक,



https://dhamma.digital

इच्छाचारी (भिक्षु) चीवर परिष्कारको इच्छुक भए तापनि त्यसभन्दा अधिक पाउने इच्छाले, चीवर, पिण्डपात, शयनासन, ग्लानप्रत्यय, भैषज्य र परिष्कार लिनलाई अस्वीकार गर्दछ र ऊ यसो भन्दछ "साधुलाई मूल्यवान् चीवरसँग के मतलब ? यो उचित छ कि साधु श्मशानमा या फोहरमा फ्याँकिएको, दोकानबाट त्यागिएको वस्त्रहरू या थाङ्नाहरू जम्मा गरेर, संघाटी बनाएर, धारण गरोस् । साधुलाई मूल्यवान् भिक्षान्नसँग के मतलब ? यो उचित छ कि साधु भिक्षा मागेर भिक्षाद्वारा जीवन बिताओस् । साधुलाई मूल्यवान् शयनासनसँग के मतलब ? यो उचित छ कि साधु रुखमुनि बस्ने होस् या खुला मैदानमा । साधुलाई मूल्यवान् ग्लानप्रत्यय भैषज्य - परिष्कारसँग के मतलब ? यो उचित छ कि साधु गोमूत्रको औषधि या हर्रोको चूणद्वारा औषधि गरोस् ।"

त्यसो भनेर गृहस्थलाई देखाउनको लागि खस्रो चीवर लगाउँदछ, रुखासुखा भिक्षान्न खान्छ, खस्रो शयनासन सेवन गर्दछ । रुखासुखा ग्लान प्रत्यय भैषज्य परिष्कार सेवन गर्दछ । यसले गर्दा उसलाई गृहस्थले यसप्रकार मान्दछ - "यो साधु (श्रमण) अल्पेच्छ छ, सन्तोषी छ, संयमी छ, एक्लै विहार गर्दछ, उद्योगी छ, त्यागमय रहनसहनयुक्त (धुतवादी) छ ।" त्यसपछि उनीहरू अझ बढी चीवर पिण्डपात प्रदान गर्न निमन्त्रणा गर्दछन् । त्यो देखेर भिक्षुले, मज्झिम निकाय (३,५,१) अनुसार, यसो भन्दछ - "दान गर्दाखेरि तीन कुराको मेल भएमा श्रद्धावान् कुलपुत्रलाई धेरै पुण्य हुन्छ । (१) श्रद्धा, (२) दान दिने वस्तु र (३) दाक्षिणेत्रय्ये (प्रतिग्राहक) । तिमीहरूमा श्रद्धा छ, दान दिने वस्तु पनि छ, र म प्रतिग्राहक (दान लिने व्यक्ति) हुँ । यदि मैले यस दानलाई ग्रहण नगरूँ भने तिमीहरू दानपुण्यदेखि बञ्चित हुनुपर्छ । मलाई यस वस्तुको मतलब छैन तैपनि तिमीहरूलाई अनुकम्पा गरेर ग्रहण गर्दछु" भन्दै त्यस समय धेरै चीवर, पिण्डपात, भैषज्य र परिष्कार पनि ग्रहण गर्दछ । जुन यसप्रकार भृकुटी गर्नु हो, ठगीवृत्ति हो, यसैलाई प्रत्ययप्रतिषेधन कुहनवस्तु भनिन्छ ।"

सामन्तजप्पितेन (सांकेतिक भाषा) = विषयलाई संकेत गरी घुमाएर बोलिएको । ढोंगी इच्छा हुँदाहुँदै अलौकिक धर्मको प्राप्तिसूचक वाणी बोल्नु र त्यस्तैत्यस्तै आश्चर्य पार्ने काम गर्नुलाई सामन्तजप्पा कुहनवस्तु भनेर जान्नुपर्दछ । जस्तै भनिएको छ - के हो सामन्तजप्पा कुहनवस्तु ? यहाँ कुनै खराब इच्छा हुने, इच्छाचारी, इज्जत पाउने इच्छुक हुन्छ, "मानिसहरूले मेरो यसरी इज्जत गर्दछ" भनी सोचेर आफूले आर्यधर्म प्राप्त गरेझैं गरेर, आफ्नो रहनसहनप्रति संकेत गरेर दायकहरूले आफूलाई आर्य नै सम्झिने गरी, आर्यहरूले बोल्नेझैं गरी आर्यधर्म (लोकोत्तर धर्म) मिश्रित वाणी बोल्दै, भन्दछ - जो यसप्रकार चीवर धारण गर्दछ, ऊ श्रमण महानुभावयुक्त (महेशाख्य)



https://dhamma.digital

भनिन्छ । जो यसप्रकारको पात्र, फलामको थाल (लोहथालकं), धर्मकरक (पानी चाल्ने चाल्नी विशेष), कपडाछान, साँचो, कायबन्धन (पेटी), जुत्ता, धारण गर्दछ ऊ महानुभावयुक्त हुन्छ । जसका यसप्रकारका उपाध्याय, आचार्य समानोपाध्याय, गुरुभाइ (समानाचार्य) परिचित्र व्यक्ति, एकसाथ खाने पिउने, अभिन्न मित्र, सहायक छन्, जो यसप्रकारको विहारमा बस्दछ, जस्तो कि विहार, घर, महल, बंगला, गुफा, शून्यागार, कुटी, कूटागार, अट्ट (मोटो भित्ता भएको घर), माल (भुईंतला घर), उद्दण्ड (बिनाकोठाको दीर्घशाला), उपस्थानशाला, मण्डप, रुखमुनि बस्दछ .... अथवा कुहक भावले हमेशा संयमशील भइबस्ने, अत्यन्त मुख खुम्च्याउने, अति नै आश्चर्यमा पार्ने, मुखौटे, मुखविकारद्वारा सम्मानित हुन्छ यस्तो श्रामणले यसप्रकारको शान्त विहार समापत्तिहरूलाई प्राप्त गरेको छ । यसरी गम्भीर, गूढ, निपुण, ढाकिएको, लोकोत्तर, शून्यता ( निर्वाण) को विषयमा कुराकानी गर्दछ । जुन यसप्रकारको भृकुटी ढोंग गर्दछ - ठग्ने गरिन्छ, यसलाई सामन्तजप्पा सम्बन्धी कुहनवस्तु भनिन्छ ।"

इरियापथस्स वा = सुत्ने, बस्ने, उठ्ने, उभिने शरीरको अवस्था आदि चार इर्यापथहरूको । ढोंग गर्ने इच्छा नै भएर सम्मानित हुने अभिप्रायद्वारा, आफ्नो चालढाल (इर्यापथ) द्वारा आश्चर्यमा पार्ने इर्यापथसम्बन्धी कुहनवस्तु भनेर जान्नुपर्दछ । जस्तै भनिएको छ - "के हो इर्यापथसम्बन्धी कुहन वस्तु ? कुनै खराब इच्छुक, इच्छाधारी, सम्मानित हुने अभिप्रायले "लोकले मेरो इज्जत गर्नेछ" भनी सोचेर अरहन्तहरूजस्तै आफ्नो चालढाल बनाउँदछ, बिछ्यौना बिछ्याउँदछ, लोकले मलाई अरहन्त सम्भियोस् भन्ने चाहना गर्दै हिँड्दछ, उठ्छ, बस्छ, सुत्छ, एकाग्र चित्तयुक्तझैं, हिँड्छ, उठ्छ, बस्छ, सुत्छ र बाटामा बसेर ध्यान गर्ने हुन्छ । जुन यसप्रकारले इर्यापथको स्थापन, संस्थापन गरिन्छ ... यसलाई इर्यापथसम्बन्धी कुहनवस्तु भनिन्छ ।"

अट्ठपना = प्रारम्भिक स्थापन, या आदरद्वारा स्थापना । ठपना = स्थापन (बनावट) का आकार । सण्ठपना = ठीकठाक (अभिसंस्करण) गर्नु । प्रासादिक भाव (यसप्रकार हावभाव बनाउनु कि जसलाई देख्दैमा मन प्रसन्न होस्) गर्नु भनिएको छ । भाकुटिका = प्रधान (श्रमणधर्म ध्यानादि) द्वारा मर्दित भावले ढोंग गर्नु । 'मुख खुम्च्याउनु' भनिएको छ । भृकुटी ढोंग गर्नु यसको स्वभाव हो, यसैले यो भ्राकुटिक हो । भ्राकुटिकको हुनु भाकुटियं हो । कुहना = ढोंग गर्नु, विस्मय (अचम्म) मा पार्नु । कुह (विस्मय) को क्रिया कुहायना हो । विस्मयमा परेको (कुहित) हुनु कुहितत्तं हो ।

*तत्थ कतमा लपना ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या परेसं आलपना, लपना, सल्लपना, उल्लपना, समुल्लपना,*



https://dhamma.digital

*उन्नहना, समुन्नहना, उक्काचना, समुक्काचना, अनुप्पियभाणिता, चाटुकम्यता, मुग्गसुप्पता, पारिभट्टता - अयं वुच्चति लपना ।*

के हो लपना (कुराकानी गर्नु) ? लाभ, सत्कार र प्रशंसा पाउनको लागि, खराब इच्छायुक्त, इच्छाचारीको जनु अरुलाई सम्बोधन गर्नु, कुरा गर्नु, धम्काई कुरा गर्नु, घुमाइफिराई का गर्नु, लगातार घुमाइफिराई कुरा गर्नु, कुरामा फसाउनु, लगातार कुरामा फसाउनु, बढाइचढाई कुरा गर्नु, लगातार बढाइचढाई कुरा गर्नु, प्रिय वचन बोल्नु, चापलुसी गर्नु, ख्यालख्याल कुरा गर्नु, सेवटहल गर्नु - आदिलाई लपन (कुराकानी गर्नु) भनिन्छ ।

आलपना = (सम्बोधन गर्नु) विहारमा आएर मानिसहरूलाई देखेर - "केको लागि तपाईंहरू आउनुभएको हो, के भिक्षुहरूलाई दान दिनको लागि निमन्त्रणा गर्न ? यदि यस्तो हो भने हिँड्नुहोस् म पछि उनीहरूलाई लिएर आउनेछु ।" यसप्रकार आरम्भदेखि नै आफैंले सम्बोधन गर्दै भन्नु अथवा आफ्नो सम्बन्धमा - "म तिष्य हुँ, राजा ममाथि प्रसन्न छ र प्रसन्न छन् अन्य फलाना-फलाना राजमन्त्रीहरू" यसप्रकारले भन्नु, ... कुरा कोट्याउँदै विज्ञापन गर्नु । लपना = सोद्धा मात्र त्यसप्रकारले भन्नु । सल्लपना = फकाउनु । गृहस्थहरू आफ्नो कारणले उदास भएको बेला घुमाइफिराई फकाउनु । उल्लपना = उल्क्याउनु "तपाईं महाकुटुम्बी हुनुहुन्छ, महानाविक हुनुहुन्छ, महादानपति हुनुहुन्छ" यसप्रकार बढाइचढाई भन्नु । समुल्लपना = सबै प्रकारले फुर्क्याई, फूर्क्याई (फकाईफुलाई) गरी भन्नु ।

उन्नहना = फसाउनु । "उपासकहरू ! तिमीहरू पहिले यस्तो समयमा दान दिन्थ्यौ, अब किन दिँदैनौ ?" यसप्रकार जबसम्म "भन्ते, हामीहरू दान दिन्छौं तर अवकाश पाउँदैनौं" इत्यादि भन्दैनन् तबसम्म बढाइचढाई गरी आफ्नो कुरामा फसाउनु, बाँध्नु भनिन्छ अथवा ऊखुलाई हातमा लिएको देखेर - 'उपासक कहाँबाट ल्याइरहेको छौ ?' "ऊखु खेतबाट भन्ते ।" "के त्यहाँको ऊखु मिठो छ ?" "भन्ते ! खाएर जान्नुपर्दछ ।" "उपासक, भिक्षुहरूलाई "मलाई ऊखु देउ" भनी मागेर खाने अनुमति छैन, के गर्नु" आदि भनी जुन यसप्रकारको खोलेर पनि बाँध्ने कुराकानी छ त्यो उन्नहना हो । चारैतिरबाट घुमाइफिराई बाँध्नु, फसाउनु समुन्नहना हो ।

उक्काचना = सूचित गर्नु । "यो कुलले मलाई चिन्दछ, मान्दछ । यदि यहाँ दान दिने वस्तु छ भने मलाई नै दिन्छ" - यसरी दायकअगाडि नै संकेत गरी भन्नु, राम्ररी प्रकट गर्नु उक्काचना भनिन्छ । उदाहरणको लागि तेल कन्दरिकाको कथा यहाँ भन्नुपर्दछ।



https://dhamma.digital

## तेल कन्दरिकाको कथा

दुई भिक्षुले एक गाउँमा गएर आसनशालमा बसेर एउटी केटीलाई बोलाए। उनी आएपछि एक भिक्षुले दोस्रो भिक्षुसँग सोध्यो - "भन्ते, यी कसकी छोरी हुन् ? अर्कोले भन्यो - "हाम्रो सेवटहल गर्ने तेल कन्दरीकाकी छोरी हुन्। यिनकी आमाले मलाई घिउ दिँदा गाग्रोबाट नै दिन्थिन्। यिनले पनि आमा जस्तै गाग्रोबाट नै दिन्छिन्" भनी त्यस भिक्षुले उक्काचन गऱ्यो।

सबैप्रकारले बारम्बार उक्काचन गर्नु समुक्काचना हो। अनुपिय्यभाणिता = सत्यानुरूप या धर्मानरूप नभएर आफ्नो स्वार्थको लागि मात्र बारम्बार प्रिय वचन (मीठो कुरा) बोल्नु। चाटुकम्यता = चापलुसी गर्नु। नीचवृत्तिभाव भएको हुनु, आफूलाई तलतल पारी प्रस्तुत गर्नु। मुग्गसुप्पता = मूंगीको सूप (झोल) जस्तै हुनु। जस्तै - मूंगीलाई पकाउँदा कुनै पाक्दैन, बाँकी पाक्दछ, यसरी नै जुन व्यक्तिको कुरामा केही मात्र साँचो हुन्छ, बाँकी झूठो हुन्छ त्यस्तो व्यक्तिलाई 'मूंगीको सूपजस्तै' भनिन्छ। पारिभट्टता = सेवटहलको भाव। जस्तै - बच्चाहरूको धाई (रेखदेख गर्ने महिला) जस्तै - दायकको बच्चालाई स्वयं काख या काँधमा बोक्नु, लिइराख्नु ... त्यो पारिभृत्यको काम हो। पारिभृत्य हुनु नै पारिभृत्यता हो।

*तत्थ कतमा नेमित्तिकता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स यं परेसं निमित्तं, निमित्तकम्मं, ओभासो, ओभासकम्मं, सामान्तजप्पा, परिकथा - अयं वुच्चति नेमित्तिकता।*

(के हो नेमित्तिकता (इशारा गर्नु) ? लाभसत्कार र प्रशंसा पाउनको लागि ... अरुको लागि निमित्त गर्नु, निमित्त दिनु, संकेत गर्नु, अवभास गर्नु, अरुको सम्बन्धमा भनेझैं गरी आफ्नो लागि भन्नु, त्यसलाई प्रकट गर्नु, कथा भन्नु आदिलाई नैमित्तकता (इशारा गर्नु) भनिन्छ।)

निमित्त = प्रत्यक्ष संकेत गर्नु। केही अरुबाट आफूलाई प्रत्यय, आवश्यक वस्तु दिलाउनको लागि काय र वाक प्रयोग गर्नु। निमित्तकम्म = अप्रत्यक्ष संकेत गर्नु। खानेवस्तुलाई लिएर गइरहेको देखेर 'के तपाईंले खाना पाउनुभयो ? आदिप्रकारले निमित्त गर्नु। ओभासो - प्रत्ययको विषयमा प्रत्यक्ष कुराकानी गर्नु। ओभासकम्मं = प्रत्ययबारे अप्रत्यक्ष कुरा गर्नु। बाछालाई पाल्ने गोठालालाई देखेर - 'के यी बाछाहरू दूध पिउने बाछाहरू हुन् कि मही पिउने बाछाहरू हुन्, भनी सोध्दा "भन्ते, दूध पिउने बाछाहरू हुन्" भनी जवाफ दिँदा "दूध पिउने बाछाहरू होइनन् होला। यदि दूध पिउने बाछा हुन् भने त भिक्षुले पनि दूध पाउँथ्यो नि ?" इत्यादिले अथवा ती केटाहरूको आमाबाबुलाई भनेर दूध दिलाउनको लागि संकेत गर्नु। सामन्तजप्पा =



https://dhamma.digital

सांकेतिक कुरा गर्नु । इच्छितवस्तुलाई नजिक गरी कुरा गर्नु । गृहस्थको घरमा बारम्बार जाने कुलूपक भिक्षुको कथा यहाँ भन्नुपर्दछ -

## कुलूपक भिक्षुको कथा

कुलूपक भिक्षु भोजन गर्नेइच्छाले घरभित्र प्रवेश गरी बस्यो । गृहस्वामिनीले उसलाई देखेर केही पनि नदिने इच्छाले 'चामल छैन' भन्दै, चामक लिएर आउने इच्छा भएकीजस्ती गरी छिमेकीको घरमा गइन् । भिक्षु पनि कोठाभित्र पसेर हेर्दै झ्यालको कुनामा ऊखुको लाँक्रा, भाँडोमा गुंड ( सखर) को डल्लो, टोकरीमा नुनिलो माछाको सील, ठूलो घैंटो (कुम्भी) मा चामल, भाँडामा घिउ हेरेर, निस्केर बस्यो । गृहस्वामिनी 'चामल पाइएन' भन्दै आइन् । भिक्षुले भन्यो - "उपासिका, आज भिक्षा पाउँदिन भनी मैले पहिले नै अपशकुन देखेको थिएँ ।"

"के भन्ते"

"झ्यालको कुनामा राखको उखुको लाँक्राझैं सर्पलाई देखे । त्यसलाई मार्छु भनी चारैतिर हेर्दा भाँडामा राखिएको गुँडको डल्लाजस्तै ढुंगालाई देखें । ढुंगाले हिर्काएपछि टोकरीमा राखेको नुनिलो माछाको सीलजस्तै सर्पले फुलाएको फणलाई देखें । त्यस डल्लालाई डस्ने इच्छा गरी मुख खोल्दा ठूलो घैंटोमा राखिएको चामलजस्तै उसको दाँतहरूलाई देखें र त्यो कुपित हुँदा भाँडामा राखिएको घिउजस्तै त्यसको मुखबाट निस्किँदै गरेको फिँजलाई देखें ।"

उनले "चिण्डेलाई बहकाउन सकिँदैन" भनी सोचेर अन्तमा उखु, भात पकाएर, घिउ, गुँड र माछासहित सबै थिइन् ।

यसरी विषयलाई नजिक गरी भन्नुलाई सामन्तजप्पा जान्नुपर्दछ । परिकथा = जसरी कुनै कुरा भन्न मिल्दछ त्यसरी नै उदाहरण दिँदै घुमाइफिराई भन्नु ।

*तत्थ कतमा निप्पेसिकता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या परेसं अक्कोसना, वम्भना, गरहना, उक्खेपना, समुक्खेपना, खिपना, संखिपना, पापना, सम्पापना, अवण्णहारिका, परिपिट्ठिमंसिकता - अयं वुच्चति निप्पेसिकता ।*

(के हो निष्प्रेषिकता (महत्व घटाउनु) ? लाभसत्कार र प्रशंसा पाउनको लागि ... अरुलाई हकार्नु, निन्दा गर्नु, बेइज्जत गर्नु, उत्क्षेपण गर्नु (व्यङ्ग्य गर्नु), समुत्क्षेपण गर्नु (बारम्बार व्यङ्ग्य गर्नु), हाँसोमा उडाउनु, बारम्बार



https://dhamma.digital

हाँसोमा उडाउनु, अपराध गर्नु, बारम्बार अपराध गर्नु, निन्दा फैलाउनु, पछाडि कुरा काट्नु - यसलाई निष्प्रेषिकता (महत्व घटाउनु) भनिन्छ ।

अक्कोसना = आक्रोषन गर्नु । संयुक्त निकाय अर्थकथा (१,११,१,४) अनुसार - (१) चोर होस्, (२) मूर्ख होस्, मूढ होस्, ऊँट होस्, गोरु होस्, गधा होस्, नरकगामी होस्, पशु होस्, तिमीलाई सुगति छैन, तिमीलाई दुर्गति मात्र छ आदि दश आक्रोषन कुराहरूद्वारा गाली गर्नु, होच्याउनु । वम्भना = तुच्छ बनाउनु, होच्याएर भन्नु । गरहना = निन्दा गर्नु । तिमी अश्रद्धावान् छौ, अप्रसन्न छौ आदिप्रकारले दोषरोपण गर्नु । उक्खेपना = कुरा काट्नु । "यसलाई यहाँ नभन" आदि तरिकाको कुराले उत्क्षेपण गर्नु । समुक्खेपना = घुमाइफिराई कुरा काट्नु समुत्क्षेपण हो । अथवा दायकले नदिने देखेर "अहा, दानपति" आदि भन्दै व्यंगात्मक तरिकाले बढाइचढाई गरेर भन्नु उत्क्षेपण हो । 'महादानपति' यसप्रकार व्यंगात्मक तरिकाले राम्ररी बढाइचढाई गरी भन्नु समुच्क्षेपण हो । "यस्तो पनि जिन्दगी हो जसले यस्तो बीज खान्छ ?" भनी हाँसो गर्नु (मजाक गर्नु) । संखिपना = घुमाइफिराई उपहास गर्नु । 'के उहाँलाई तपाईं नदिने अदायक भन्नुहुन्छ जो सर्वदा सबैलाई छैन भन्ने वचन दिन्छ' आदि भनी व्यंग गरी खुब हाँसोमा उडाउनु ।

पापना = बदनाम गर्नु । दायक हुन नदिनु या दायक होइन भनी निन्दा गर्नु । सबप्रकारले पापना सम्पापना हो । अवण्णहारिका = गोप्यता फैलाउनु । 'यस्तो निन्दाको डरले मलाई दिन्छ भनी सोचेर एक घरदेखि अर्को घर, एक गाउँदेखि अर्को गाउँ, एक जनपददेखि अर्को जनपदमा दायकको निन्दालाई पुऱ्याउनु ।

परपिट्ठमंसिकता = चुक्ली लगाउनु । अगाडि मीठो कुरा गरी अरुसँग उसको पछाडि निन्दा गर्नु । जो पछाडि देख्न नसक्नेको पिठ्यूँको मासु पछाडिबाट खाएजस्तो हो, यसैले पिठ्यूँको मासु खानुजस्तै भनिएको छ । अयं वुच्चति निप्पेसिकता = किनकि जुनप्रकार बाँसको खप्लेटो (वेणु पेसिका) शरीरमा लागेमा लगाएको अभ्यांग (मालिश गरिएको वस्तु) लाई बिल्कुलै पुछिदिन्छ, त्यसप्रकार यो अरुको गुणलाई पिनेर गन्ध (सुगन्ध) खोज्नेझैं अरुको गुणहरूलाई बिल्कुल नष्ट गरेर चूर्णविचूर्ण गरेर आफूले लाभ खोज्नेजस्तै हुन्छ, यसैले निष्प्रेषिकता भनिन्छ ।

*तत्थ कतमा लाभेन लाभं निजिगिंसनता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छो इच्छापकतो इतो लद्धं आमिसं अमुत्र हरति, अमुत्र वा लद्धं आमिसं इधाहरति या एकरूपा आमिसेन आमिसस्स एट्ठि, गवेट्ठि, परियेट्ठि, एसना, गवेसना, परियेसना - अयं वुच्चति लाभेन लाभं निजिगिंसनता ।*



https://dhamma.digital

(के हो लाभले खोज्नु ? लाभ, सत्कार प्रशंसा पाउनको लागि .... यहाँबाट पाइएको आमिष (चार प्रत्यय) लाई यहाँबाट त्यहाँ लैजान्छ या त्यहाँ पाएकोलाई यहाँ ल्याउँछ। यो यसप्रकारले आमिषले आमिषलाई खोज्नु, तलाशी लिनु, पत्ता लगाउनु, एषण, गवेषण, पर्येषण गर्नु, यसैलाई भनिन्छ लाभले लाभलाई खोज्नु।)

निजिगिंसनता = खोज्नु । इतो लद्ध = यस घरबाट पाएको । अमुत्र = अमुक घरमा । एट्ठि = चाहना । गवेट्ठि = खोज्नु । परियेट्ठि = बारम्बार खोज्नु । शुरुदेखि लिएर प्राप्त भएको भिक्षालाई ठाउँठाउँमा केटाहरूलाई दिएर अन्तमा दूधबाट बनाइएको यवागु आफूले खाएर गएको भिक्षुको कथा यहाँ भन्नुपर्दछ । यसैले एट्ठिलाई एसना, गवेट्ठिलाई गवेसना, परियेट्ठिलाई ( पर्रेष्ठि) लाई परियेसना = पर्येषण आदि पर्यायवाची शब्दहरू हुन् भनी यहाँ सम्झनुपर्दछ ।

यी कुहन आदिका अर्थ हुन् ।

अब इत्यादि यसप्रकारका खराब धर्महरूको = यहाँ 'इत्यादि' शब्दले = "जस्तै कुनैकुनै श्रमण ब्राह्मण श्रद्धापूर्वक दिएको भोजनलाई खाएर उनीहरू यसप्रकारका तिर्यक विद्याहरू (अनावश्यक विद्याहरू) को मिथ्या आजीविकाले जीवन व्यतित गर्दछन् । जस्तै - अंग, निमित, उत्पात, स्वप्न, लक्षण, मुसाले खाएको लुगाको फललाई बताउनु, अग्निहोम (अग्नि हवन), दर्विहोम आदिप्रकारले ब्रह्मजाल सूत्रमा भनेजस्तै अनेक खराब धर्महरूलाई ग्रहण गर्ने भनी जान्नुपर्दछ।

यसप्रकारको आजीविकाको कारण भगवान्द्वारा भनिएको यी ५ शिक्षापदहरूको उल्लंघन गर्ने र कुहन (धूर्त्याइँ), लपन (कुराकानी गर्नु), नैमित्तकता (इशारा गर्नु), निष्प्रेषिकता (महत्व घटाउनु), लाभले लाभलाई खोज्नु आदि यस्ता खराब (पाप) धर्महरूद्वारा गरिएको मिथ्या आजीविका छन्, ती मिथ्या आजीविकाद्वारा सबैप्रकारले जुन विरति (अलग हुनु) हो, त्यही आजीवपरिशुद्धिशील हो ।

यो शब्दार्थ हो - यसको सहाराले बाँच्दछन् - त्यसैले यो आजीव हो । त्यो के हो ? चीवर आदि खोज्न गरिएको व्यायाम (प्रयत्न) । पारिशुद्धि भनिन्छ पारिशुद्ध हुनुलाई । आजीवको परिशुद्धि नै आजीवपारिशुद्धि हो ।



https://dhamma.digital

## विभिन्न तिर्यक विधाहरू

*(१) अंग विद्या = हातखुट्टा आदिमा यसप्रकारको अंगयुक्त मानिस दीर्घायु हुन्छ, यशवान् हुन्छ भनी जान्ने ज्ञान। (२) निमित्त विद्या = पण्डूराजा (महावंश ८, १०) ले तीन मोतीहरूलाई मुट्ठीमा लिएर ज्योतिषसँग सोध्यो "मेरो हातमा के छ ?" ज्योतिषले यताउता हेऱ्यो । त्यस समय माउसुलीद्वारा पक्डिएको झिंगा मुक्त भएको देख्यो तब उसले "मोती छ" भनी भन्यो । फेरि राजाले "कति छ ?" भनी सोध्दा ज्योतिषले तीन पटक कुखुरा बासेको शब्द सुनेर "तीन वटा छ" भनी भन्यो । यसरी त्यस कुरालाई बताउनका लागि निमित्तलाई हेर्ने ज्ञान। (३) उत्पात विद्या = बिजुली चम्किने, इन्द्रधनुष निस्कने आदिलाई देखेर "यो हुन्छ, यस्तो हुन्छ" आदि भन्ने ज्ञान। (४) स्वप्न विद्या = सपना देखेअनुसार योयो फल हुन्छ भनी जान्ने ज्ञान। (५) लक्षण विद्या = लक्षण हेरेर मानिसहरूको भविष्य, गुणधर्म जान्ने ज्ञान। (६) मुसाले खाएको लुगाको फल विद्या = अमुक भागमा मुसाले प्वाल पार्दा यस्तो फल हुन्छ भनी जान्ने ज्ञान। (७) अग्निहोम विद्या = यसप्रकारको काठले यस्तो हवन गर्दा यस्तो फल हुन्छ भनी जान्ने ज्ञान। (८) दर्विहोम विद्या = डाडुअनुसार होम गर्ने विद्यान ज्ञान ।*

Dhamma.Digital

## प्रत्यय सन्निश्रित शील

त्यसपछि जुन प्रत्यय सन्निश्रितशील भनिएको छ, त्यसका चीवर सम्बन्धी पालि यसप्रकार छ -

*पटिसंखा योनिसो चीवरं पटिसेवति, यावदेव सीतस्स पटिघाताय, उण्हस्स पटिघाताय, डंसमकसवातप सिरिंसपसम्फस्सानं पटिघाताय, यावदेव हिरिकोपीनपटिच्छादनत्थं ।*

पटिसंखा योनिसो = उपायद्वारा, पथद्वारा, ज्ञान (प्रतिसंख्या) द्वारा जानेर, प्रत्यवेक्षण (राम्ररी विचार) गरेर, भन्ने अर्थ लाग्दछ । यहाँ “ठण्डीद्वारा वचावको लागि” आदिप्रकारले भनिएको प्रत्यवेक्षणलाई नै ‘योनिसो पटिसंखा’ जान्नुपर्दछ । चीवरं = संघाटी, उत्तरासँग, अन्तरवासक आदिमध्ये जुनकुनै पनि भिक्षुको लागि प्रयोग हुने लुगा । पटिसेवति = परिभोग गर्दछ, लगाउँछ, या ओड्दछ । यावदेव = जबसम्म । यो प्रयोग गर्ने समयलाई जनाउने शब्द हो । योगीलाई त्यति नै चीवर सेवन (प्रयोग) गर्नु आवश्यकता छ, जति ठण्डी आदिबाट बचाउको लागि आवश्यक छ, यसभन्दा बढी होइन । सीतस्स = भित्री (आध्यात्मिक शारीरिक) धातुको प्रकोप (ज्वर आदि) ले या बाहिरी ( बाह्य) ऋतु परिवर्तनको कारणले उत्पन्न जुनकुनै प्रकारका ठण्डीलाई । पटिघाताय = मेटाउनको लागि । जसरी गर्दा शरीरमा रोग उत्पन्न हुँदैन त्यसप्रकार उसलाई हटाउनको लागि । ठण्डीले पीडित हुँदा विक्षिप्तचित्त भएको भिक्षु ठीकढंगले प्रधान (ध्यानअभ्यास) गर्न सक्दैन । यसैले ठण्डीबाट बच्नको लागि चीवर सेवन गर्नुपर्दछ भनी भगवान्ले आज्ञा दिनुभएको छ । यसैप्रकार सर्वत्र बुझ्नुपर्दछ । मात्र यहाँ उण्हस्स = अग्नि सन्तापको भनी बुझ्नुपर्दछ । जंगलमा डढेलो लाग्ने (वनदाह) आदिको समयमा त्यस्तो सम्भावना जान्नुपर्दछ ।

डंसमकवातातपसिरिंसपसम्फस्सानं, = यसमा डंस = डस्ने झिंगा । उनीहरूलाई अन्ध माखा (डंस) पनि भनिन्छ । मकस = लममखुट्टे । वात = वायु धूलोसहित वा धूलोरहित सबैप्रकारका । आतप = सूर्यको गर्मी । सिरिंसप = जुनसुकै घिस्रिएर हिँड्ने प्राणी, दीर्घ जाति = सर्प, खजुर, माकुरा, माउसुली, बिच्छी आदि । सम्फस्सानं = ती प्राणीहरूद्वारा डस्ने र छुने दुवै प्रकारको स्पर्श । त्यो पनि चीवर ओढेर बस्नेलाई पीडित गर्दैन । यसैले त्यस्ता स्थानहरूमा उनीहरूबाट बच्नको लागि चीवर प्रतिसेवन (प्रयोग) गर्दछ ।



https://dhamma.digital

यावदेव = जबसम्म । फेरि यसको निश्चित प्रयोजनको समय अलग गरी देखाउनको लागि यो शब्द प्रयोग गरिएको हो । लज्जांगलाई ढाक्नु नै यसको निश्चित प्रयोजन हो । अरु प्रयोग भने कहिलेकाहीँ मात्र हुनेछ । हिरिकोपीनं = त्योत्यो सम्बाध स्थान (लज्जांग) । जुनजुन अंगलाई खोल्नाले हिरि (लज्जा) कुपित हुन्छ, नाश हुन्छ, त्यसत्यस हिरिलाई कोपन (कुपित गर्नु) द्वारा नै हिरिकोपीन भनिन्छ । त्यस हिरिकोपीनलाई ढाक्नुको अर्थमा हिरिकोपीनपटिच्छादनत्थं ।

पिण्डपात सेवनबारे पालि यसप्रकार छ -

*पटिसंखा योनिसो पिण्डपातं पटिसेवति, नेव दवाय, नमदाय, नमण्डनाय, नविभूसनाय, यावदेव इमस्स कायस्स ठितिया यापनाय विहिंसूपरितिया ब्रह्मचरियानुग्गहाय, इति पुराणञ्चवेदनं पटिहंखामि, नवञ्च वेदनं नउप्पादेस्सामि, यात्रा च मे भविस्सति अनवज्जा च फासुविहारो चाति ।*

पिण्डपात = जुनकुनै आहार । जुनकुनै पनि आहार भिक्षाद्वारा भिक्षुको पात्रमा राखिदिएकोले पिण्डपात भनिन्छ अथवा पिण्डहरूको पतना (पतन हुनु - झर्नु) पिण्डपात हो । ठाउँठाउँमा पाइएको भिक्षाको सन्निपात (थुप्रो) समूह भनिन्छ । नेव दवाय = गाउँका केटाहरूजस्तै खेल्नको लागि होइन, मनोरञ्जन गर्नको निमित्त होइन भन्ने अर्थ लाग्दछ । न मदाय = गाउँका केटाहरूले मुक्का हान्ने, पहलवानी गर्ने आदिजस्तै घमण्ड गर्नको लागि होइन । बलको र पुरुषमद (म पुरुष हुँ यसप्रकारको मान) को लागि होइन । न मण्डनाय = अन्तःपुरको वेश्या आदिजस्तै श्रृंगार गर्नको लागि होइन अथवा सजावट अंगप्रत्यंगलाई मोटाउनुको लागि होइन । न विभूसनाय = नर्तक, नर्तकी आदिजस्तै विभूषणको लागि होइन । अर्थात् छविकावे सुन्दरवर्ण गर्नको निमित्त होइन ।

यसमा “क्रिडाको लागि होइन” जुन भनियो त्यो मोहको उपनिश्रय हटाउनको लागि भनिएको हो । ‘न मदको लागि’ द्वेषको उपनिश्रय हटाउनको लागि हो । ‘न मण्डनको लागि’, “न विभूषणको लागि” यो रागको उपनिश्रयलाई हटाउनको लागि हो । ‘न क्रिडाको लागि’, ‘न मदको लागि’ यी दुवै आफ्नो संयोजन (बन्धन) को उत्पत्तिलाई रोक्नको लागि हो । यी चारैवटाबाट अयोनिशः (वेठीक) प्रतिपत्ति र कामभोगको सुखका लिप्सामा लागिरहनेलाई हटाउनको लागि भनिएको हो भनी जान्नुपर्दछ ।

यावदेव, = जबसम्म । इमस्स कायस्स = यी चार महाभूतहरू (पृथ्वी, जल, अग्नि, वायु) द्वारा बनिएको रूपकायको । ठितिया = स्थितिको लागि,



https://dhamma.digital

सिलसिला कायम गर्नको लागि । यापनाय = जीवन प्रवाहलाई अटूट बनाईराख्नको लागि । यो धेरै दिनसम्म स्थित राख्नको लागि । जीर्ण घर भएको मानिसको घरलाई भत्किन नदिनको लागि खम्बा, टेको लगाउनेझैं, बैलगाडी धूरालाई तेल लगाउनेझैं, शरीरको स्थिति बनिरहने र जीवन व्यतीत गर्नको लागि यो पिण्डपात (भिक्षान्त) को सेवन गर्दछ (खाँदछ) न कि क्रिडा, मद, मण्डन, विभूषणको लागि । अर्थात् स्थिति जीवितेन्द्रियको नाम हो । यसैले 'यस शरीरको स्थिति बनिरहने तथा जीवन व्यतीत गर्नको लागि' भन्नाले शरीरको जावितेन्द्रियलाई प्रवर्तित गरिराख्नको लागि पनि भनिएको सम्झिनुपर्दछ ।

विहिंसूपरतिया = जिघच्छा परमा रोगा (भोक परम रोग हो) - धम्मपद (१५७) को यस वचनानुसार रोगको अर्थमा भोकलाई विहिंसा भनिन्छ । भोकको शान्तिको लागि पनि भिक्षु भोजन गर्दछ । घाउमा औषधिको लेप लगाएझैं र गर्मी ठण्डी आदिमा उसको प्रतिकार गरेझैं । ब्रह्मचरियानुग्गहाय = सम्पूर्ण शासन ब्रह्मचर्य र मार्ग ब्रह्मचर्यको पालन गर्नको लागि । भिक्षु पिण्डपातको प्रतिसेवनको कारण प्राप्त शारीरिक बलको सहारा तीन अधिशील, अधिचित्त, अधिप्रज्ञा शिक्षाहरू कार्यपूर्ण गर्नमा लागिरहनको लागि, संसाररूपी मरुभूमिलाई पार गर्नको लागि प्रयत्नशील, ब्रह्मचर्य (श्रमण धर्म) को रक्षाको लागि, संयुक्त निकाय (१२,७,३) को मरुभूमि पार हुनेहरूको आफ्नो छोराको मासु, नदी पार गर्नेहरूको नाउ र समुद्र पार हुनेहरूको नाउ आदि उदाहरणजस्तै भोजन गर्दछ ।

इति पुराणञ्च वेदनं पटिहंखामी नवञ्च न उप्पादेस्सामि = यसप्रकार यस भिक्षान्तलाई खानाले पुरानो भोकको वेदना (पीडा) लाई हटाउँछु र ज्यादा खानाको कारण (१) आहार हस्तक (धेरै खाएर उठ्न नसकेर अरुले हात दिएर उठाउनु पर्ने), (२) अलम शाटक (धेरै खाएर पेट फुलेपछि कपडा लगाउन नसक्ने), (३) तत्रवर्तक (धेरै खाएर उठ्न नसकी त्यहीँ पल्टिरहने), (४) काक मांसक (कागले आएर खान सक्ने गरी मुख बाहिरसम्म आउने गरी खाने), (५) भुक्त वमितक (धेरै खाएर त्यहीँ वान्ता गर्ने), ब्राह्मणहरूमध्ये कुनै एकजस्तै नयाँ वेदना उत्पन्न गर्दिन । यसरी ध्यानमा राखेर रोगीको उपचार प्रयोग गरेझैं भोजन गर्दछ । या अनुचित अति भोजनको कारण पुरानो कर्मको प्रत्ययले उत्पन्न हुने वेदनालाई यस समय पुरानो वेदना भनिन्छ । उचित परिमाणानुसारको भोजनद्वारा त्यसको प्रत्यय (हेतु) लाई भिडाउँदै त्यस पुरानो वेदनालाई हटाउनेछु । जुन भोजन यस समयमा गरिएको छ त्यो अनुचित परिभोगको कारण अगाडि उत्पन्न हुनाले नयाँ वेदना भनिन्छ । उचित भोजन गरेर त्यसको जरालाई उत्पन्न हुन नदिएर नयाँ वेदनालाई उत्पन्न गर्दिन । त्यसप्रकारले पनि यहाँ अर्थ सम्झिनुपर्दछ ।



https://dhamma.digital

यहाँसम्म, उचित भोजन गर्नु, शरीरलाई पीडित गर्नेलाई त्याग र धार्मिक सुखलाई नत्याग्नु बताइएको छ भनी जान्नुपर्दछ ।

यात्रा च मे भविस्सति = उचित र परिमित भोजनद्वारा जीवितेन्द्रियको उपच्छेद (मृत्यु) गर्ने या इर्यापथलाई बिगार्ने उपद्रव (परिश्रय) नहुनाले हाम्रो यस आहार आदि प्रत्ययहरूको अनुरूप हुने शरीरलाई चिरकालसम्म चलिरहने (बाँचिरहनु) नामले चिनिने जीवन यात्रा हुनेछ । औषधिको बलमा बाँच्ने रोगीजस्तै - यसैले पनि यसको सेवन गर्दछ ।

अनवज्जता च फासु विहारो च = (निर्दोष र सुख विहार) अनुचितरूपले खोज्ने, लिने, परिभोग गर्ने बानीलाई त्याग्नाले निर्दोष र परिमित भोजनले सुखविहार हुन्छ । या अनुचित र अपरिमित भोजनको कारण उदासी तन्द्रा, हाई, विज्ञहरूद्वारा निन्दित हुने आदि दोषहरू नभएबाट निर्दोष र उचित, परिमित भोजनको कारण शारीरिक बल उत्पन्न हुनाले सुखविहार हुन्छ । अथवा जति खान सकिन्छ त्यति ठोसीठोसी पेटभरी खाने आदत त्याग्नाले शयन, स्पर्श, निद्राको सुखलाई त्याग्नाले निर्दोष र चार पाँच गाँस मात्र कम खानाले चारै इर्यापथहरू (सुन्नु, बस्नु, उभिनु, हिँड्नु) को योग्य (शरीरलाई) बनाउनाले मलाई सुखविहार हुनेछ भनी सोचेर पनि प्रतिसेवन गर्दछ । थेरगाथा (९८३) मा यो भनिएको पनि छ ।

*चत्तारो पञ्च आलोपे अभुत्वा उदकं पिवे ।*
*अलं फासु विहाराय पहितत्तस्स भिक्खुनो ॥*

(चारपाँच गाँस कम खाएर पानी पिउनु । यसो गर्नु ध्यानरत निर्वाणमुखी भिक्षुको सुखपूर्वक विहारको लागि पर्याप्त छ ।)

यहाँसम्म प्रयोजनको परिग्रहण र मध्यम प्रतिपदा बताइएको छ भनी जान्नुपर्दछ ।

शयनासन सेवनबारे पालि यसप्रकार छ -

*पटिसंखा योनिसो सेनासनं पटिसेवति, यावदेव सितस्स पटिघाताय, उण्हस्स पटिघाताय, डंसमकसवातातपसिरिंसपसम्फस्सानं पटिघाताय, यावदेव उतुपरिस्सयविनोदनपटिसल्लानारामत्थं ।*

सेनासनं = शयन र आसन । जहाँजहाँ सुत्छ, विहारमा या अटारी, आराम कोठा आदिमा त्यो शयन हो । जहाँजहाँ आसन लगाउँदछ, बस्दछ त्यो आसन हो । उनीहरूलाई एउटै गरेर शयनासन भनिन्छ ।



https://dhamma.digital

उतुपरिस्सयविनोदनपटिसल्लानारामत्थं = ऋतु परिश्रयलाई हटाउन तथा चित्त एकाग्र गर्नको लागि पीडित गर्ने अर्थमा ऋतु नै परिश्रय (उपद्रव) हो। त्यस ऋतु परश्रयलाई हटाउन तथा चित्तको एकाग्रता गर्नको लागि अर्थात् जुन शरीरमा रोग उत्पन्न गर्ने र चित्तलाई विक्षिप्त (चंचल) गर्ने ऋतु हुन्छ, त्यसलाई हटाउन र एकाग्रताद्वारा उत्पन्न सुखको लागि भनिएको हो। ठण्डी आदिदेखि बचावटद्वारा नै ऋतु परिश्रय (मौसमको गडबडीले उत्पन्न कष्ट) लाई हटाउन भनिएको हो। जस्तै - चीवरको प्रतिसेवन गर्नाले लज्जांगलाई ढाक्ने, खास मतलब हो, अरु प्रयोग कहिलेकाहीँ मात्र हुन्छ भनी भनिएको छ। यसैप्रकार यहाँ पनि विशेष ऋतुको गडबडीद्वारा उत्पन्न कष्टलाई हटाउनेबारे नै भनिएको भनी जान्नुपर्दछ। अथवा यो उक्तप्रकारको ऋतु नै ऋतु हो। तर परिश्रय दुई प्रकारका हुन्छन् - (१) प्रकट परिश्रय र (२) प्रतिच्छन्न परिश्रय। प्रकट परिश्रय (उपद्रव) सिंह, बाघ, आदि हुन् र प्रतिच्छन्न परिश्रय राग, द्वेष आदि हुन्। ती, जहाँ बिनासुरक्षा र अयुक्त रूपहरूको हेर्ने आदिद्वारा पीडित हुँदैन, त्यस शयनासनलाई जानेर, राम्ररी सोच विचार गरी प्रतिसेवन गर्दै भिक्षुले "प्रज्ञाद्वारा राम्ररी जानेर ऋतुको परिश्रयलाई हटाउनको लागि शयनासनको सेवन गर्दछ" भनिएको भनी जान्नुपर्दछ।

औषधि सेवनबारे पालि यसप्रकार छ -

*पटिसंखा योनिसो गिलानपच्चयभेसज्जपरिक्खारं पटिसेवति, यावदेव उप्पन्नानं वेय्यावाधिकानं वेदनानं पटिघाताय, अव्यापज्जपरमतायाति।*

गिलानपच्चयभेसज्जपरिक्खारं = (ग्लान-प्रत्यय भैषज्य - परिष्कार), यहाँ रोगको विपक्षी (प्रतिअयनार्थ) भएको अर्थमा प्रत्यय हुन्छ। विपरीत हुनु नै यसको अर्थ हो। जनुकुनै पनि पथ्यको यो नाम हो। वैदद्वारा आज्ञा गरिएबाट भिषक् (वैद्य) को काम भैषज्य भनिन्छ। ग्लान (रोगी) को प्रत्यय नै भैषज्य हो। जस्तै - जुनकुनै रोगीयोग्य दवाई, तेल, मह, घिउ, सख्खर आदि पथ्यहरू।

परिक्खारो = (परिष्कार)। त्रिपिटकमा परिष्कार शब्दको विभिन्न अर्थमा प्रयोग भएको छ। जस्तै - संयुक्त निकाय (२,१२,७,३), को "सात नगरपरिष्कारहरूद्वारा राम्ररी घेरिएको थियो" आदिमा परिष्कारको परिवार भनिन्छ। संयुक्त निकाय (२,१२,७,३), को "रथ शील परिष्कायुक्त छ, ध्यान यसको धुरी हो र वीर्य चक्का हुन्" आदिमा अलंकार अर्थ लाग्दछ। संयुक्त निकाय (२,१२,७,३), को "जुनकुनै यी प्रव्रजितद्वारा जीवनको लागि परिष्कार जुटाउनुयोग्य छ ?" आदिमा सम्भार (कारण) अर्थ लाग्दछ। यहाँ परिवार र



https://dhamma.digital

सम्भार दुवै नै उपयुक्त छन् । त्यो ग्लान प्रत्यय भैषज्य जीवननाशक रागेहरूको उत्पन्न हुनको लागि मौका नदिएर रक्षा गर्नाले जीवनको परिवार पनि हुन्छन् । जसले गर्दा धेरै दिनसम्म जीवन चालु भइरहन्छ । यसरी नै भैषज्यको कारणले सम्भार पनि हो । यसैले यसप्रकार ग्लान प्रत्यय भैषज्य परिष्कारलाई परिष्कार भनिन्छ । वैद्यद्वारा बताइएको रोगीको लागि जुन केही पथ्य तेल, मह, घिउ, सख्खर आदि छन् ती सबलाई जीवन परिष्कार भनिन्छ ।

उप्पन्नानं = उत्पन्न भएको, पैदा भएको, जन्मेको । वेय्याबाधिकानं = आबाघहरूको । यहाँ व्याबाधा भनिन्छ धातुप्रकोपलाई र त्यसबाट उत्पन्न कोढी, खटेरा, विमिराहरू आदिलाई । व्याबाधाले उत्पन्न हुनाले व्यावाधिक भनिन्छ । वेदनानं = (वेदनाहरूको), दु:खवेदना, अकुशल-विपाकवेदना अर्थात् ती व्याबाधाहरू (रोगहरू) का वेदनाहरू (पीडाहरू) को । अव्यापज्जपरमताय = दु:खरहित हुनका लागि अर्थात् जबसम्म ती सारा दु:ख हराएर जाँदैन तबसम्म ... ।

यसरी संक्षेपमा प्रज्ञाद्वारा राम्ररी जानेर प्रत्ययहरूको परिभोग (सेवन) गर्ने लक्षण भएको 'प्रत्यय सन्निश्रित शील' सम्झिनुपर्दछ ।

यहाँ, यो शब्दार्थ - किनकि यसको प्रत्यय (कारण) सहाराले, परिभोग गर्दै प्राणी चल्दछन्, प्रवर्तित हुन्छन् (जीवित रहन्छन्) यसैले प्रत्यय भनिन्छ । ती प्रत्ययहरूको सन्निश्रित हुनु प्रत्यय सन्निश्रित हो ।

## प्रातिमोक्ष संवर शुद्धि सम्पादन विधि

यसरी यी चारै प्रकारका शीलहरूमा श्रद्धापूर्वक 'प्रातिमोक्ष संवर' लाई पूर्ण गर्नुपर्दछ । शिक्षापदहरूको प्रज्ञापन गर्नु श्रावकहरूको सामर्थ्यको बाहिर भएको कारण त्यो श्रद्धाले नै पूर्ण गरिनुपर्ने विषय हो । शिक्षापदको प्रज्ञप्तिका प्रतिक्षेष नगर्नु नै यहाँ उदाहरण दिइन्छ । यसैले जसरी शिक्षापद बताइएका छन् त्यसरी नै सबैलाई श्रद्धाले ग्रहण गरेर आफ्नो जीवनको चाहना नगरी राम्ररी पूरा गर्नुपर्दछ । यो भनिएको पनि छ -

*किकी व अण्डं चमरी बालधिं पियं व पुत्त नयनं व एककं ।*
*तथेव सीलं अनुरक्खमानका सुपेसला होथ सदा सगारवा ति ॥*

(जसरी बट्टाई चराले आफ्नो अण्डालाई, चौंरीले आफ्नो पुच्छरलाई, आमाले एक्लो प्रिय पुत्रलाई, कानोले आफ्नो एउटै आँखाको रक्षा गर्दछ, त्यसरी नै शीललाई राम्ररी रक्षा गर्दै शीलप्रति सर्वदा प्रेम र गौरव गर्ने होऊ ।)

अर्को पनि - अंगुत्तर निकाय (८,२,९) अनुसार भनिएको छ - "यस्तै नै प्रल्हाद महाराज । जुन मैले शिष्यहरूको लागि शिक्षापद बनाएको छु ती



https://dhamma.digital

शीलहरूका मेरा शिष्यहरू जीवनको लागि पनि उल्लंघन गर्ने छैनन् ।" यस सम्बन्धमा चोरहरूद्वारा जंगलमा बाँधिएको स्थविरहरूको कथा जान्नुपर्दछ -

## महावर्तनिक स्थविरको कथा

महावर्तनिक जंगलमा एक स्थविरलाई चोरले कालवल्ली नामको लता विशेषद्वारा बाँधेर सुताइदियो । सुताइएको स्थविर जुनप्रकार सुतेको थियो, त्यसैप्रकार सुतेर, सात दिनसम्म विपश्यना बढाउनु भएर, अनागामी फल प्राप्त गरी त्यहीँ मर्नुभई ब्रह्मलोकमा उत्पन्न हुनुभयो ।

## ताम्रपर्णी द्वीप स्थविरको कथा

एक अर्को स्थविरलाई ताम्रपर्णी द्वीप, श्रीलंकामा चोरहरूले गुरुचिको लताद्वारा बाँधेर सुताइदियो । त्यहाँ जंगलमा आगो लाग्यो । त्यस लतालाई चोरले जरादेखि काटेको थिएन । भिक्षुहरूलाई लता काट्ने वा चुँडाउने अनुमति छैन । चुँडाउनेलाई पाचित्तियको दोष हुन्छ । त्यसैले उहाँले आपत्तिदेखि डराउनुभएर लतालाई नचुँडालिकन नै विपश्यना गर्नुभई समसीसी हुनुभएर परिनिर्वत हुनुभयो । पाँच सौ भिक्षुहरूसँगै आउनुभएको महाअभिज्ञा प्राप्त दीर्घभाणक अभय स्थविरले उहाँ अरहन्त भिक्षुलाई देख्नुभएर उहाँको शरीरलाई जलाएर चैत्य बनाउनुभयो ।

**समसीसी**

***समसीसी तीन प्रकारका हुन्छन् - १. इरियापथ समसीसी, २. रोग समसीसी, ३. जीवित समसीसी । १. जो उभिनु आदि इरियापथहरूमा कुनै एकको अभिष्ठान गरी "यसलाई भंग नगरेर नै अरहत्वलाई पाउने छु" भन्दै विपश्यना गर्दछ तब उसलाई अरहत्व प्राप्ति र इरियापथको भंग एकैसाथ हुन्छ भने यसलाई इरियापथ समसीसी भनिन्छ । २. जो चक्षु आदि कुनै रोग हुँदा "यहाँबाट नउठी नै अरहत्वलाई पाउने छु" भन्दै विपश्यना गर्दछ । तब उसलाई अरहत्वको प्राप्ति र रोगदेखि मुक्ति सँगसँगै हुन्छ भने यसलाई रोग समसीसी भनिन्छ । ३. जसको आस्रवक्षय र जीवितक्षय एकैसाथ हुन्छ यसलाई जीवित समसीसी भनिन्छ । संयुक्त निकाय अर्थकथा (१,४,३,३) र पुग्गल पञ्ञति (१,१९) अनुसार भनिएको छ - "जो व्यक्तिको न अघि न पछि एकसाथ आस्रवहरूक्षय र जीवनक्षय हुन्छ त्यस व्यक्तिलाई जीवित समसीसी भनिन्छ ।***



https://dhamma.digital

यसरी अन्य श्रद्धावान् कुलपुत्रले पनि -

*पातिमोक्खं विसोधेन्तो अप्पेव जीवितं जहे ।*
*पञ्ञतं लोकनाथेन न भिन्दे सील संवरं ॥*

(प्रातिमोक्षको विशुद्धरूपले पालन गर्दै चाहे मर्नु परोस् तर लोकनाथ (भगवान् बुद्ध) द्वारा प्रज्ञप्त शील संवरलाई भेद (नाश) नगरोस् ।)

## इन्द्रिय संवर शुद्धि सम्पादन विधि

जसरी प्रातिमोक्ष संवर श्रद्धाद्वारा पूर्ण गरिन्छ र त्यसै गरी स्मृतिद्वारा इन्द्रियसंवरलाई पूर्ण गर्नुपर्दछ । किनकि स्मृति (होश) द्वारा बचाइएको इन्द्रियहरू अभिध्या (लोभ) आदिद्वारा पछारिंदैन, अतः ऊ इन्द्रिय-संवरशील स्मृतिद्वारा पूर्ण गर्ने हुनेछ । यसैले "भिक्षुहरू तातो, जलेको, ज्वाला भएको, धमधपाएको फलामको छडद्वारा चक्षुइन्द्रियलाई दागेमा उत्तम छ । तर आँखाद्वारा देखिने रूपहरूमा बनावटअनुसार निमित्त (लक्षण) ग्रहण गर्नु राम्रो होइन" आदिप्रकारले संयुक्त निकायको आदित्त परियाय सूत्रलाई राम्ररी स्मरण गरी रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म विषयहरूमा चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, मनोद्वारहरू आदिले उत्पन्न भएको विज्ञानका, अभिद्या आदिद्वारा पछारिएको निमित्त आदिको ग्रहण गर्नलाई, बनेको स्मृतिद्वारा रोक्दै राम्ररी यसलाई पूर्ण गर्नुपर्दछ ।

यसरी यसको पूर्ण नगर्नाले प्रातिमोक्ष-संवरशील पनि धेरै दिनसम्म नरहने अचिरस्थायी हुन्छ । शाखा समूहद्वारा राम्ररी नघेरिएको बालाजस्तै यो क्लेशरूपी चोरहरूद्वारा हरण हुन्छ । जसरी खुला ढोका भएको गाउँ डाँकाहरूद्वारा लुटिन्छ त्यसरी नै उसको चित्तमा राग घुस्दछ, या ठीक ढंगले नछाएको घरमा पानी चुहिन्छ । त्यसैले भनिएको छ -

*रूपेसु सद्देसु अथो रसेसु, गन्धेसु फस्सेसु च रक्खं इन्द्रियं ।*
*एते हि द्वारा विवटा अरक्खिता, हनन्ति गामं व परस्स हारिनो ॥*

(रूप, शब्द, गन्ध, रस र स्पर्शहरूमा इन्द्रियको रक्षा गर । यी द्वारहरूलाई खुला र अरक्षित राखेमा डाँकुहरूद्वारा लुटिने गाउँसमान हरण गरिनेछ ।)



https://dhamma.digital

धम्मपद (१,१३) मा पनि भनिएको छ -

*यथा अगारं दुच्छनं उट्ठि समतिविज्भति ।*
*एवं अभावितं चित्तं रागो समति विज्भति ॥*

(जसरी गलत तरिकाले छाएको घरमा वर्षाको पानी चुहिन्छ त्यसरी नै ध्यानाभ्यासरहित चित्तमा राग घुस्दछ ।)

त्यसलाई पूर्ण गर्दा प्रातिमोक्ष-संवरशील पनि धेरै दिनहरूसम्म रहने चिरस्थायी हुन्छ । शाखा समूहद्वारा राम्ररी घेरिएको बालाजस्तै यो क्लेशरूपी चोरहरूद्वारा हरण गरिँदैन । ठीकसँग बन्द गरिएको ढोका भएको गाउँजस्तै डाकुहरूद्वारा लुटिँदैन । त्यसरी नै उसको चित्तमा राग पस्दैन वा ठीकसँग छाएको घरमा वर्षाको पानी नचुहिनेसमान । त्यसैले भनिएको छ -

*रूपेसु सद्देसु अथो रसेसु, गन्धेसु फस्सेसु च रक्खं इन्द्रियं ।*
*एते हि द्वारा विवटा अरक्खिता, न हनन्ति गामं व परस्स हारिनो ॥*

(रूप, शब्द, गन्ध, रस र स्पर्शहरूमा इन्द्रियलाई रक्षा गर । यी द्वारहरूलाई बन्द र ठीकसँग संवृत्त गरेमा डाँकुद्वारा लुटिने गाउँजस्तै हरण हुँदैन ।)

*यथा अगारं सुच्छन्नं वुट्ठि न समति विज्भति ।*
*एवं सुभावितं चित्तं रागो न समति विज्भति ॥*

(जसरी राम्ररी छाएको घरमा वर्षाजल चुहिँदैन त्यसरी नै ध्यानाभ्यासद्वारा अभ्यस्त चित्तमा राग पस्दैन ।)

यो अत्यन्त उत्कृष्ट (उत्तम) उपदेश हो । यो चित्त धेरै नै छिटोछिटो बदलिरहन्छ । यसैले उत्पन्न रागलाई अशुभनिमित्तले मनसिकार (मनमा ग्रहण गर्नु) ले रोकेर इन्दि्य संवरलाई पूर्ण गर्नुपर्दछ, नयाँ प्रब्रजित भएको वङ्गीस स्थविरजस्तै । संयुक्त निकायको बङ्गीस संयुक्त, आनन्द सुत्तानुसार भरखरै प्रब्रजित भएको स्थविरलाई भिक्षाटनमा जाँदा आँखाको माध्यमबाट राग उत्पन्न भयो । तत्पश्चात् उहाँले आनन्द स्थविरलाई भन्नुभयो -

*काम रागेन डय्हामि, चित्तं मे परिडय्हति ।*
*साधु निब्बापनं ब्रूहि अनुकम्पाय गोतमाति ॥*



https://dhamma.digital

(म कामरागले जलिरहेछु । मेरो चित्त पनि जलिरहेछ, हे गौतम (गोत्री) ! अनुकम्पा गरेर यसलाई शान्त गर्ने केही उपाय भन्नुहोस् ।)

तब आनन्द स्थविरले भन्नुभयो -

*सञ्ञाय विपरियेसा चित्तं ते परिडय्हति ।*
*निमित्तं परिवज्जेहि सुभं रागूपसंहितं ॥*
*संखारे परतो पस्स, दुक्खतो नो च अत्ततो ।*
*निब्बापेहि महारागं मा डय्हित्थो पुनप्पनं ॥*
*असुभाय चित्तं भावेहि एकग्गं सुसमाहितं ।*
*सतिकायगता त्यत्थु निब्बिद्धाबहुलो भव ॥*

(विपरीत विचार भएको कारण तिम्रो चित्त जलिरहेछ, त्यसैले रागयुक्त शुभनिमित्तलाई त्याग । अशुभनिमित्तद्वारा एकाग्र र सुसमाहित चित्तको भावना गर । संस्कारहरूलाई अनित्य र दुःखको स्तरमा हेर, आत्माको स्तरमा होइन । महारागलाई शान्त गर, बारम्बार नजलाऊ । चित्तमा अशुभभावना राख, एकाग्र र समाधिष्ठ होऊ, तिमीमा कायगतास्मृति बनाई राख । बारम्बार वैराग्य बढाई राख )

वंगीस स्थविरले पनि रागलाई हटाई भिक्षाटन गर्नुभयो ।

इन्द्रियसंवर गर्ने भिक्षु कुरण्डक महलेण गुफामा रहने चित्रगुप्त स्थविर र चोरक विहारमा बस्नुहुने महामित्र स्थविरजस्तै हुनुपर्दछ ।

## चित्रगुप्त स्थविरको कथा

कुरण्डक महालेण (गुफा) मा सात बुद्धहरूका अभिनिष्क्रमणको चित्रकर्म अतिसुन्दर बनाइएको थियो । एक समय केही भिक्षुहरू शयनासनको लागि घुम्दै त्यस महालेणमा आईपुगे र भित्र हेर्दै जाँदा ती चित्रकर्म देखेर - “भन्ते, मनोरम चित्रकर्म रहेछन्” भनी भन्दा स्थविरले भन्नभयो - “आवुसो ! यस लेणमा बसेको साठी वर्षभन्दा पनि धेरै भैसक्यो तर यसमा चित्रकर्म छ या छैन भन्ने जानेको पनि थिइन । आज चक्षुमान् (आँखा हुने) हरको कारणले जानें ।”

स्थविरले यतिका दिनसमम त्यहाँ बस्नुहुँदा, आँखा उठाएर गुफालाई पहिले कहिले पनि हेर्नुभएको थिएन । त्यस गुफाको ढोकामा एउटा धेरै ठूलो



https://dhamma.digital

(Iron wood tree) नगरको रुख थियो । त्यसको माथि पनि स्थविरले पहिले कहिले हेर्नुभएको थिएन । प्रत्येक वर्ष जमिनमा कशरी झरेको देखेर फूल फुलेको भनी जान्नुहुन्थ्यो ।

श्रीलंकाको दुट्ठगामीनी अभयका पिता कावेनतिष्य (ई पू. १४५-१०१ अगाडि) राजाले स्थविरको त्यस गुण सम्पत्तिलाई सुनेर वन्दना गर्ने इच्छाले तीन पटकसम्म सन्देश पठाए । तैपनि स्थविर नआउँदा त्यस महाग्राम गाउँमा "तबसम्म बच्चाहरूले दूध पिउन नपाउन् जबसम्म स्थविर आउनुहुन्न" भनी साना बच्चाहरू भएका स्त्रीहरूका स्तनलाई छोपेर छाप लगाइदिए ।

स्थविर बच्चाहरूमाथि कृपा गरी तत्कालीन श्रीलंकाको राजधानी महाग्राम जानुभयो । राजाले सुनेर, "जाऊ भणे, स्थविरलाई साथै ल्याऊ, शील ग्रहण गर्नेछु" भनी मानिस पठाए । अन्तपुरमा स्थविरलाई ल्याएर राजाले प्रणाम गरी भोजन गराए । भोजन समापत भएपछि "भन्ते, आज फुर्सत छैन, भोलि शील ग्रहण गर्नेछु" भन्दै स्थविरको पात्र लिँदै रानीसँगै अलिक टाढासम्म पछिपछि आएर प्रणाम गरी फर्के । स्थविर, राजाले प्रणाम गरोस् या रानीले "महाराज सुखी होऊ," भन्थे । यसप्रकार सात दिन बित्यो । भिक्षुहरूले सोधे - "भन्ते, किन तपाईं राजाले प्रणाम गर्दा पनि, रानीले प्रणाम गर्दा पनि - 'महाराज सुखी होऊ' यति मात्र भन्नुहुन्छ ?" स्थविरले भन्नुभयो - "आवुस, यो राजा हो कि यो रानी हो भनी म विचार राख्दिन ।"

सप्ताह बितेपछि "स्थविरलाई यहाँ रहनु दुःखदाय छ भनेर राजाद्वारा बिदा दिइएपछि उहाँ कुरण्डक महालेणमा जानुभएर राती चंक्रमण गर्न सुरु गर्नुभयो । नागको रुखमा बस्ने देवता दण्ड दीपक (मशाल) लिएर उभिरह्यो । त्यस मशालले गर्दा स्थविरको कर्मस्थान परिशुद्धरूपले प्रकट भयो । तब स्थविरले "के आज मेरो कर्मस्थान अत्यन्त परिशुद्ध प्रकाशित भइरहेछ ?" भनी सोचेर खुशी हुँदै कर्मस्थान बढाउनु हुँदै लगभग मध्यपहरको समय सारा पर्वतलाई गुञ्जाउँदै अर्हत्व प्राप्त गर्नुभयो ।

यसैले आफ्नो भलाइ चाहने अन्य कुलपुत्रले पनि -

*मक्कटो व अरञ्ञम्हि वने भन्तमिगो विय,*
*वालो विय च उत्रस्तो न भवे लोललोचनो ।*

*अधो खिपेय्य चक्खूनि युगमत्तदसो सिया,*
*वनमक्कटलोलस्स न चित्तस्स वसं वजे ॥*



https://dhamma.digital

(जंगलको बाँदरजस्तै, वनमा चञ्चल मृगजस्तै, मूर्खजस्तै त्रस्त हृदय र चंचल नेत्रको नहुनू । आँखालाई झुकाएर चार हात टाढा हेर्ने (युग्मदर्शी) बन, जंगली चंचल बाँदरजस्तै चित्तको वशमा नजाऊ ।)

## महामित्र स्थविरको कथा

महामित्र स्थविरकी आमालाई विषगण्ड (ट्यूमर) निस्कियो । उनकी छोरी पनि भिक्षुणीहरूसँग प्रब्रजित भएकी थिइन् । आमाले छोरीलाई भनिन् - "जाऊ आर्ये, आफ्नो भाइकहाँ गएर मेरो विमारी बारे बताएर औषधी ल्याऊ ।" उनी गएर भिक्षुलाई भनिन् । स्थविरले भन्नुभयो - "मलाई जडीबुटी आदि औषधी जम्मा गरेर पकाउन आउँदैन, तर तिमीलाई औषधी बताउँदछु, 'म जबदेखि प्रब्रजित भएँ तबदेखि कामराग चित्तले मैले कहिले पनि इन्द्रियहरूलाई खोलेर कामराग उत्पन्न हुने स्त्री आदि विषभाग रूपलाई हेरिन । यस सत्यवचनले मेरी आमा निरोगी होऊन् ।' जाऊ, यस वाक्यलाई भनेर उपासिकाको शरीर मल ।" उनी गएर भनेअनुसार गरिन् । उपासिकाको खटिरा पनि त्यसै क्षण फिँजको पिण्डजस्तै फुटेर निको भयो । उनले उठेर "यदि सम्यक सम्बुद्ध जीवित हुँदो हो त किन मेरो पुत्रजस्तै भिक्षुको शिरमा आफ्नो जालजस्तै हातद्वारा नसहलावस्" भन्दै आनन्दवचन भनिन् । यसैले -

*कुलपुत्तमानी अञ्ञोपि पब्बजित्वान सासने ।*
*मित्तत्थेरो व तिट्ठेय्य वरे इन्द्रिय संवरे ॥*

(कुलपुत्र हुँ भनेर दाबी गर्ने अरुहरू पनि शासनमा प्रब्रजित भएर मित्र स्थविरजस्तै श्रेष्ठ इन्द्रिय संवरमा उभिनुपर्दछ ।)

## आजीव पारिशुद्धि सम्पादन विधि

इन्द्रियसंवर स्मृतिद्वारा पूर्ण गरिएजस्तै यसरी नै वीर्यद्वारा आजीव पारिशुद्धि पूर्ण गर्नुपर्दछ । ठीकढंगले आरम्भ गरिएको वीर्यद्वारा मिथ्या (वेठीक) आजीविकाको प्रहाण भएको कारण त्यस वीर्यद्वारा नै पूर्ण गर्नुपर्दछ । यसैले अनुचित अन्वेषणलाई छोडेर वीर्यद्वारा भिक्षाटन आदि सम्यक खोजद्वारा यसलाई पूर्ण गर्नुपर्दछ । परिशुद्धरूपले उत्पन्न प्रत्ययहरूको सेवन गर्नु र अपरिशुद्धहरूलाई विषधारी सर्पलाई त्यागिदिएझैं त्यागिदिनुपर्दछ ।



https://dhamma.digital

धुताङ्ग धारण नगरेको संघबाट, गणबाट र धर्मोपदेश आदि गुणहरूद्वारा प्रसन्न गृहस्थहरूबाट प्राप्त प्रत्यय परिशुद्धरूपले प्राप्त भएको भनिन्छ। भिक्षाटन आदिद्वारा उत्पन्न प्रत्यय अत्यन्त परिशुद्ध हुन्छ नै। धुताङ्ग धारण गरेको भिक्षुको भिक्षाटन आदि र उसका गुणहरूद्वारा प्रसन्न भएकाहरूबाट धुताङ्गको नियमानुकूल प्राप्त प्रत्यय पनि परिशुद्ध हुन्छ। एक विरामीलाई राम्रो गर्न योग्य गाईको मूत्रमा भिजाएको हर्रो र घिउ, मक्खन, मह, चिनीयुक्त चारमहवस्तुहरू प्राप्त हुँदा - "चारमहवस्तुहरूलाई अन्य सब्रह्मचारीले पनि खानेछ" भनी सोचेर हर्रोको एक भागलाई मात्र खाने भिक्षु धुताङ्ग ग्रहण गर्न योग्य हुन्छ। यसै भिक्षुलाई उत्तम आर्यवंशको भनिन्छ।

जुन यी चीवर आदि प्रत्यय छन्, तिनमा जुनकुनै आजीवको परिशोधन गर्नेलाई चीवर र पिण्डपात (भिक्षान्त) बारे निमित्त, अवभास, परिकथाका विज्ञप्तिहरू गर्नु हुँदैन। शयनासनमा जसले धुताङ्ग धारण गरेको छैन, उसले निमित्त, अवभास परिकथा गर्न सक्दछ।

निमित्त = शयनासनको लागि भूमि ठीकठाक आदि गर्नुलाई भनिन्छ। 'भन्ते, के गरिँदैछ ? कसले गराउँदैछ ?' भनी गृहस्थद्वारा सोध्दा - "कोही पनि छैन" भनी उत्तर दिनु अथवा जुनकेही अन्य पनि यसप्रकारको निमित्त गर्नुलाई निमित्त भनिन्छ। अवभास = संकेत गर्नु। "उपासकहरू, तिमीहरू कहाँ बस्छौ ?" "प्रासादमा, भन्ते।" "तर उपासकहरू ! भिक्षुहरूलाई प्रासादको अनुमति छैन।" यसप्रकार भन्नु अथवा जुनकेही अन्य तरिकाले यस्तो अवभास गर्नु। परिकथा = उपमा कथा। "भिक्षुसंघको लागि शयनासनको दिक्कत छ" भनी कुरा भन्नु, या जुन अन्य पनि यसप्रकारको पर्यायकथा छन्।

भैषज्य (औषधीमा) जब उचित छ। तर त्यसप्रकारले प्राप्त भएको भैषज्य रोग निको भइसकेपछि खानुपर्छ कि पर्दैन ?

"भगवान्‌ले अनुमति दिनुभएको छ, यसैले उचित छ" भनी विनयपिटकलाई कण्ठस्थ गर्ने विनयधर भन्छ, तर सूत्रपिटकलाई कण्ठस्थ गर्ने सूत्रान्त्रिक भन्छ - "यद्यपि आपत्ति हुँदैन, तर आजीविका कुपति हुन्छ। यसैले उचित छैन।"

जुन भगवान्‌द्वारा बताइएकोलाई पनि निमित्त, अवभास, परिकथाका विज्ञप्तिहरू नगरिकन अल्पेच्छता आदि गुणहरूको नै सहारा जान्ने समय आए तापनि अवभास आदि विनाप्राप्त भएको प्रत्ययहरूको प्रतिसेवन गर्दछ, यो परम सल्लेखवृत्ति भनिन्छ जस्तै - सारिपुत्र स्थविरको उदाहरणबाट स्पष्ट हुन्छ।



https://dhamma.digital

## सारिपुत्र स्थविरको कथा

उहाँ आयुष्मान् एक समय गणलाई छाडी एकान्तमा फल समापत्तिसहित विहार गर्ने समय प्रविवेक बढाउँदै महामौद्गल्यायन स्थविरसँगै कुनै एक जंगलमा विहार गर्नुहुन्थ्यो । एक दिन उहाँलाई पेटमा वायुको रोग उत्पन्न भएर धेरै पीडित गऱ्यो । महामौद्गल्यायन स्थविर सन्ध्याको समय उहाँ आयुष्मान्कहाँ जानुभयो । स्थविरलाई पल्टिरहेको देखेर, त्यसबारे "आवुस, पहिले तपाईंको यो रोग कुन चीजले निको हुन्थ्यो ?" भनी सोध्नुभयो । सारिपुत्र स्थविरले भन्नुभयो - "आवुस, गृहस्थकालमा मेरी आमाले घिउ, चिनी आदि मिलाएर पानीरहित दूधमा पकाएको खीर दिन्थी, त्यसैले मेरो रोग निको हुन्थ्यो ।" महामौद्गल्यायन आयुष्मान्ले पनि "धेरै राम्रो आवुस, यदि मेरो या तपाईंको पुण्य छ भने शायद भोलि पाइनेछ" भनी भन्नुभयो ।

उनीहरूको यस कुराकानीलाई चंक्रमणको एक छेउको रुखमा बस्ने देवताले सुनेर - "भोलि आर्यको लागि खीर प्राप्त गर्नेछु" भनी विचार गरी त्यसै समय स्थविरको सेवक (उपस्थापक) को घरमा गएर जेठो छोरोको शरीरमा पसेर पीडित गऱ्यो । उसको औषधी गर्नको लागि जम्मा भएका व्यक्तिहरूसँग त्यस देवताले भन्यो - "यदि भोलि सारिपुत्र स्थविरको लागि यस्तोयस्तो (माथि बताएजस्तै) खीर तयार गर्छौ भने म यसलाई छाडिदिन्छु ।" उनीहरूले "तिमीले नभने पनि हामीहरू स्थविरको लागि सदा निश्चित भिक्षा दिन्छौं" भनेर भोलिपल्ट त्यस्तो खीर तयार गऱ्यो ।

महामौद्गल्यायन स्थविरले सबेरै नै आएर "आवुस, जबसम्म म भिक्षाटनबाट आउने छैन तबसम्म यहीं बस्नुस्" भनेर गाउँमा प्रवेश गर्नुभयो । ती मानिसहरूले अगाडि आएर स्थविरको पात्र लिएर त्यसप्रकारको खीर भरिदिए । स्थविरले जानको लागि संकेत गर्नुभयो । उनीहरूले - "भन्ते, तपाईं खानुहोस्, अरु पनि दिने छौं" भनेर स्थविरलाई खुवाएर फेरि पात्र भरिदिए । उहाँले पछि "राम्रो आवुस, सारिपुत्र ! खानुहोस्" भनेर खीर नजिक लानुभयो । सारिपुत्र स्थविरले "कसरी यो प्राप्त भयोहोला ?" भनी विचार गर्दा त्यो प्राप्त भएको कारण देख्नुभएर "आवुस, मौद्गल्यायन ! भिक्षान्न खान योग्य छैन" भनी खान अस्वीकार गर्नुभयो ।

मौद्गल्यायन स्थविरले पनि आयुष्मान्ले "मजस्तोले ल्याएको भिक्षान्न पनि खानु हुँदैन" भनी एकरति पनि दुःखी चित्त नगरी एकै वचामा नै पात्रको मुखको धारमा (बिंडमा) पक्डेर एकतर्फ घोप्टाईदिनुभयो । खीर जमिनमा पोखिनासाथ नै स्थविरको रोग निको भयो । तबदेखि उहाँलाई जीवन पर्यन्त त्यो रोग फेरि लागेन । तत्पश्चात् उहाँले मौद्गल्यायन स्थविरसँग भन्नुभयो



https://dhamma.digital

- “आवुस, कुराकानी गरेको कारणले प्राप्त भएको खीर आन्द्राहरू निस्केर जमिनमा घुमे तापनि खानु अनुचित छ” भनेर मिलिन्दपञ्हो (६,१,५) अनुसार यस उदानलाई भन्नुभयो -

*वची विञ्ञति विप्फारा उप्पन्नं मधुपायासं ।*
*सचे भुत्तो भवेय्याहंसाजीवो गहरितो मम ॥*
*यदिपि मे अन्तगुणं निक्खमित्वा बहि चरे ।*
*नेव भिन्देय्यमाजीवं चजमानोपि जीवितं ॥*

(कुराकानी गरेको कारण प्राप्त भएको मीठो खीर मैले खाएको भए, तब मेरो आजीविका निन्दित हुन्थ्यो । यदि मेरो आन्द्रा निस्केर बाहिर घुम्न थाले तापनि म आजीविकालाई तोड्न सक्दिन, चाहे प्राण नै निस्केर जाओस् ।)

*आराधेमि सकं चित्तं विवज्जेमि अनेसनं ।*
*नाहं बुद्धं पतिकुट्ठं काहामि च अनेसनं ॥*

(म आफ्नो चित्तलाई वशमा लिन्छु, अन्वेषणको त्याग गर्दछु । बुद्धद्वारा निन्दित अन्वेषणलाई म गर्दिन ।)

चीरगुम्बमा रहने आम्रखादक महातिष्य स्थविरको कथा पनि यहाँ भनिनुपर्दछ ।

## महातिष्य स्थविरको कथा

महातिष्य स्थविर अकालको समय मार्गमा जाँदा भोजन नमिल्दा र यात्राको थकावटले थाकेर दुर्बल शरीर भएर, कुनै पाकेको आँपको रुखमुनि पल्टिनुभयो । धेरैजसो आँप यताउता खसेको थियो । त्यहाँ एकजना धेरै बूढा गृहस्थले स्थविरको नजिक गएर, स्थविरलाई थाकेको जानेर, आँपको सर्वत पिलाएर आफ्नो पिठ्यूँमा बोकेर आफू बस्ने स्थानमा ल्यायो । तब स्थविरले “ऊ न तिम्रो पिता हो, न माता हो, न आफन्त हो, न भाई हो, जसले त्यस्तो काम गरोस्, मात्र तिमी शीलवान् भएको नाताले त्यो व्यक्तिले तिम्रो सेवा गर्दैछ” आदि मनमनमा विचार गर्दै आफैलाई उपदेश गरी विपश्यना ज्ञान बढाएर गृहस्थको पिठ्यूँमा नै अरहत्व प्राप्त गर्नुभयो ।

यसरी सबप्रकारबाट पनि



https://dhamma.digital

*अनेसनाय चित्तम्पि, अजनेत्वा विचक्खणो ।*
*आजीवं परिसोधेय्य, सद्धा पब्बजितो यती ति ॥*

(श्रद्धाद्वारा प्रब्रजित बुद्धिमान् भिक्षु अन्वेषणको लागि चित्त पनि उत्पन्न नगरी आफ्नो आजीविकालाई परिशुद्ध गरोस् ।)

## प्रत्यय-सन्निश्रित-शील सम्पादन विधि

जसरी वीर्यद्वारा आजीव परिशुद्धि हुन्छ, त्यसरी नै प्रत्यय सन्निश्रित शीललाई प्रज्ञाद्वारा पूर्ण गर्नुपर्दछ । प्रज्ञावान्ले नै प्रत्ययहरू सदोष वा निर्दोष जान्न सक्दछ । अतः त्यो प्रज्ञाद्वारा नै साध्य छ । यसैले प्रत्ययप्रति गिद्ध स्वभाव (लोभ) त्याग गरी धर्मयुक्त प्रत्ययहरूलाई भनिएको विधिअनुसार प्रज्ञाद्वारा प्रत्यवेक्षण गरेर परिभोग गर्दै त्यसलाई पूर्ण गर्नुपर्दछ ।

## दुई प्रकारका प्रत्यवेक्षण

प्रत्यवेक्षण दुई प्रकारका हुन्छन् - (१) प्रत्ययहरूलाई पाउने समय र (२) परिभोग गर्ने समय । पाउने समयमा पनि धातु व्यवस्थान (धातु मनसिकार) अनुसार र आहार प्रतिकूलको संज्ञाअनुसार प्रत्यवेक्षण गरी राखिएको चीवर आदि, त्यसको पछि परिभोग गर्ने व्यक्तिको परिभोग निर्दोष नै हुन्छ । परिभोग गर्ने समयमा पनि प्रत्यवेक्षण गरेमा प्रत्यय परिभोग निर्दोष नै हुन्छ ।

## चार प्रकारका परिभोग

यो निश्चयात्मक निश्चय हो - परिभोग चार प्रकारका हुन्छन् - १) स्तेयपरिभोग, २) ऋणपरिभोग, ३) दायादपरिभोग, ४) स्वामी परिभोग । संघको बीचमा बसेर परिभोग गरिएको दुःशीलको परिभोग स्तेयपरिभोग हो । शीलवान्ले विनाप्रत्यवेक्षण गरी परिभोग गर्नु ऋणपरिभोग हो । यसैले चीवरलाई जबजब लगाउँछ, ओढ्छ, तबतब प्रत्येवक्षण गर्नुपर्दछ । पिण्डपात भने गाँसगाँसमा प्रत्येवक्षण गर्नुपर्दछ । यस्तो गर्न नसक्नेले दिउँसोको भोजनभन्दा पहिले, पछि, पहिलो प्रहर, बीचको प्रहर, अन्तिम प्रहरमा गर्न सकिन्छ । यदि विनाप्रत्यवेक्षण गरेर नै सूर्योदय हुन्छ भने ऊ ऋण परिभोग गर्ने व्यक्ति हुन्छ । शयनासन पनि जबजब परिभोग गर्दछ तबतब प्रत्यवेक्षण



https://dhamma.digital

गर्नुपर्दछ । औषधी लिने समयमा पनि परिभोग गर्नेगर्ने समयमा प्रत्ययको विचार राख्नु नै उचित राख्नु नै उचित हुन्छ । यस्तो हुँदा पनि लिने समय भने विचार गरी तर परिभोग गर्ने समय प्रत्यवेक्षण नगर्ने व्यक्तिलाई आपत्ति हुन्छ । तर लिने समयमा विचार नगरी परिभोग गर्ने समयमा प्रत्यवेक्षण गर्ने व्यक्तिलाई भने आपत्ति हुँदैन ।

## चार प्रकारका शुद्धिहरू

शुद्धि चार प्रकारका हुन्छन् - १. देखनाशुद्धि, २. संवरशुद्धि, ३. पर्येष्टिशुद्धि, ४. प्रत्यवेक्षणशुद्धि । देशनाशुद्धि = प्रामिमोक्ष संवरशीललाई भनिन्छ । देशनाद्वारा भिक्षु शुद्ध हुने कारणले देशनाशुद्धि भनिन्छ । संवरशुद्धि = इन्द्रिय संवरशीललाई भनिन्छ । ऊ "म फेरि यसो गर्ने छैन" यसरी मनमा अधिष्ठान गर्ने संवरले नै शुद्ध हुने कारणले संवरशुद्धि भनिन्छ । पर्येष्टिशुद्धि = आजीव पारिशुद्धि शीललाई भनिन्छ । ऊ अन्वेषणलाई त्यागेर धर्मसहित प्रत्यय लाभ गर्ने व्यक्तिको पर्येषण (खोजी) को शुद्धताको कारणले पर्येष्टिशुद्धि भनिन्छ । प्रत्येवेक्षणशुद्धि = प्रत्यय सन्निश्रितशीललाई भनिन्छ । भिक्षुले भनेअनुसार प्रत्ययवेक्षणद्वारा शुद्ध हुने कारणले प्रत्यवेक्षणशुद्धि भनिन्छ । यसैले भनिएको छ "लिने समय विचार नगर्दा पनि परिभोग गर्ने समय प्रत्यवेक्षण गर्ने व्यक्तिलाई आपत्ति हुँदैन ।"

स्रोतागामी मार्गप्राप्त, स्रोतापत्ति फलप्राप्त, सकृदागामी मार्गप्राप्त, सकृदागामी फलप्राप्त, अनागामी मार्गप्राप्त, अनागामी फलप्राप्त, अरहन्त मार्गप्राप्त यी सात शैक्ष्यहरूको परिभोग दायादपरिभोग हो । उनीहरू भगवान्का पुत्र हुन्, यसैले बाबुसँग रहने प्रत्ययको दायाद (उत्तराधिकारी) भएर प्रत्ययको परिभोग गर्दछन् । के उनीहरू भगवान्का प्रत्ययहरूको परिभोग गर्दछन् या गृहस्थहरूका प्रत्ययहरूको ? गृहस्थहरूद्वारा दिइएको भए तापनि भगवान्द्वारा स्वीकार गरिएको कारणले भगवान् कै वस्तु हुन्छन्, यसैले भगवान्का प्रत्ययहरूको परिभोग गर्दछन् भनी जान्नुपर्दछ । मज्झिम निकाय (१,१,३) को धम्मदायाद सुत्त यसको प्रमाण हो । क्षीणास्रवहरूको परिभोग स्वामीपरिभोग हो । उनीहरू तृष्णाको दासत्वबाट निस्किसकेको काराणले स्वामी भएर परिभोग गर्दछन् ।

यी परिभोगहरूमा स्वामीपरिभोग र दायादपरिभोग सबैका लागि उचित छन् । ऋणपरिभोग उचित छैन । स्तेय परिभोगको त कुरै छैन । जुन यो शीलवान्को प्रत्यवेक्षण हो, त्यो ऋण परिभोगको बिल्कुल विरुद्ध भएको



https://dhamma.digital

कारणले ऋणरहित परिभोग हुन्छ । यो दायादपरिभोगमा नै संगृहीत हुन्छ । शीलवान् पनि शीलशिक्षायुक्त हुनाले शैक्ष्य नै भनिन्छ ।

यी परिभोगहरूमध्ये स्वामीपरिभोग सर्वश्रेष्ठ छ, यसैले यसलाई चाहना गर्ने भिक्षुले भनेअनुसार प्रत्यवेक्षण गरी, परिभोग (सेवन) गर्दै, प्रत्यय सन्निश्रितशीललाई पूर्ण गर्नुपर्दछ । यस्तो गर्ने व्यक्ति नै कृत्यकारी हुनेछ । त्यसैले संयुक्त निकाय (२,१४,१६-१७) अनुसार भनिएको छ -

*पिण्डं विहारं सयनासनञ्च आपञ्च संघाटि रजूपवाहनं ।*
*सुत्वान धम्मं सुगतेन देसितं संखाय सेवे वरपञ्ञसावको ॥*

(भोजन, शयनासन, विहार, जल र संघाटीको धूलो धुने काम, सुगत (बुद्ध) द्वारा उपदेशित धर्मलाई सुनेर प्रज्ञावान् भिक्षु प्रत्यवेक्षण गरी उपभोग गरोस् ।)

*तस्मा हि पिण्डे सयनासने च आपे च संघाटिरजूपवाहने ।*
*एतेसु धम्मेसु अनूपलित्तो भिक्खु यथा पोक्खरे वारिविन्दु ॥*

(यसैले भोजन, शयनासन, पानी र संघाटिको धूलो धुने काम - यति कुरामा कमलको पातमा पानीको थोपाजस्तै भिक्षु लिप्त नहोस् ।)

*कालेन लद्धा परतो अनुग्गहा खज्जेसु भोज्जेसु च सयनासनेसु ।*
*मत्तं सो जञ्ञा सततं उपट्ठितो वणस्स आलेपनरूहने यथा ॥*

(अरुको कृपाद्वारा समयमा मिलेको खाद्य भोज्य र शयन-आसनमा सर्वदा मात्रा जानोस्, जस्तो - घाउमा लगाउनको लागि औषधिको आलेप ( मलम) को मात्रा ।)

*कन्तारे पुत्तमंसं व अक्खस्सम्भञ्जनं यथा ।*
*एवं आहारे आहारं, यापनत्थममुच्छितो ॥*

(मरुभूमिमा छोराको मासु र घुरीलाई तेल लगाउनेझैं धेरै खाने तृष्णालाई छोडेर जीवन यापन गर्नको लागि भोजन गरोस् ।)



https://dhamma.digital

यस प्रत्यय सन्निश्रितशीलको पूर्तिको लागि भाञ्जा संघरक्षित श्रामणेरको कथा भन्नुपर्दछ । ऊ राम्ररी प्रत्यवेक्षण गरी खान्थ्यो । जस्तै भनिएको छ -

*उपज्झायो मं भुञ्जमानं सालिकूरं सुनिब्बुतं ।*
*मा हेव त्वं सामणेर जिव्हं झापेसि असञ्ञतो ॥*
*उपज्झायस्स वचो सुत्वा संवेगमलभिं तदा ।*
*एकासने निसीदित्वा अरहत्तं अपापुणिं ॥*
*सोहं परिपुण्णसंकप्पो चन्दो पण्णरसो यथा ।*
*सब्बासवपरिक्खीणो नत्थि दानि पुनब्भवोति ॥*

(खुब चिसो धानको भात मैले खाँदा समय उपाध्यायले मलार्य भन्नुभयो - "श्रामणेर, यसरी तिमी असंयमी भएर जिब्रो नचलाऊ" उपाध्यायको वचनलाई सुनेर त्यस समय मलाई संवेग प्राप्त भयो र उक आसनमा बसी अर्हत्व प्राप्त गरें । म पूर्णिमाको चन्द्रजस्तै पूर्ण संकल्पयुक्त छु । मेरो सबै आस्रव क्षीण भइसक्यो, अब फेरि जन्मलिनु छैन ।

*तस्मा अञ्ञोपि दुक्खस्स पत्थयन्तो परिक्खयं ।*
*योनिसो पच्चवेक्खित्वा पटिसेवेथ पच्चयेति ॥*

(यसैले अरु पनि दुःखको नाश चाहने भिक्षुले ठीकसँग प्रत्येवेक्षण गरी प्रत्ययहरूको सेवन गरोस् ।)

यसरी प्रातिमोक्ष संवरशील आदिअनुसार शील चार प्रकारका हुन्छन् ।

## पञ्चक

पाँच प्रकारको समूहमा पञ्चकमा अनुपसम्पन्न शील आदिअनुसार अर्थ सम्झिनुपर्दछ। प्रतिसम्भिदा मार्ग (१,१६) अनुसार भनिएको छ - "कुनचाहिँ पर्यन्त परिशुद्धिशील हो ? पर्यन्त शिक्षापदयुक्त अनुपसम्पन्नहरूको शील नै पर्यन्त पारिशुद्धिशील हो । कुनचाहिँ अपर्यन्त पारिशुद्धिशील हो ? अपर्यन्त शिक्षापदयुक्त उपसम्पन्नहरूको शील नै अपर्यन्त पारिशुद्धिशील हो। कुनचाहिँ परिपूर्ण पारिशुद्धिशील हो ? कुशल धर्ममा लागिरहने कल्याण पृथग्जनहरूको,



https://dhamma.digital

शैक्ष्य पर्यन्त परिपूर्ण गर्नेहरूको, शरीर तथा जीवनप्रति चाहना नराख्नेहरूको र जीवन त्यागेकाहरूको शील नै परिपूर्ण पारिशुद्धिशील हो । कुनचाहिँ अपरामृष्ट पारिशुद्धिशील हो ? सात शैक्ष्यहरूको शील नै अपरामृष्ट पारिशुद्धिशील हो । कुनचाहिँ प्रतिप्रश्रब्धि पारिशुद्धिशील हो ? तथागतका श्रावहरूको, प्रत्येक बुद्धहरूको, र तथागत अरहत सम्यक्सम्बुद्धको शील प्रतिप्रश्रब्धि पारिशुद्धिशील हो ।"

अनुसम्पन्नहरूको शीललाई गन्तिमा सपर्यन्त (सीमासहित) हुनाले पर्यन्त पारिशुद्धिशील भनेर जान्नुपर्दछ । उपसम्पन्नहरूको -

*नवकोटी सहस्सानी असीति सतकोटियो ।*<br>
*पञ्ञाससतसहस्सानि छत्तिंसा च पुनापरे ॥*<br>
*एते संवर विनया सम्बुद्धेन पकासिता ।*<br>
*पेय्यालमुखेन निद्दिट्ठा सिक्खा विनयसंवरे ॥*

(आठ खरब, नब्बे अरब, पचास लाख, छत्तीस ( ८,९०,००,५०,००,०३६) यति सम्बुद्धद्वारा बताइएको विनय संवर छन्, जो ऐजनद्वारा विनय पिटकमा निर्दिष्ट छन् ।)

यसरी गिन्तिले सपर्यन्तलाई पनि सम्पूर्णरूपले ग्रहण गर्नु र लाभ, यश, ज्ञाति, अंग, जीवितअनुसार अदृष्ट पर्यन्तलाई अपर्यन्त पारिशुद्धि शील भनेर जान्नुपर्दछ । चीरगुम्बमा बस्नुहुने आम्रखादक महातिष्य स्थविरको शीलजस्तै बुझ्नुपर्दछ ।

*धनं चजे अङ्गवरस्स हेतु, अङ्गं चजे जीवितं रक्खमानो ।*<br>
*अङ्गं धनं जीवितञ्चापि सब्बं, चजे नरो धम्ममनुस्सरन्तो ॥*

(राम्रो अङ्गलाई बचाउनको लागि धनको त्याग गरोस्, जिन्दगीको रक्षा गर्दै अङ्गको त्याग गरोस् अंग, धन र जिन्दगी सबैलाई मानिसले धर्मको स्मरण गर्दै त्यागिदेओस् ।)

उहाँ आयुष्मान्ले उपरोक्त महासुत्तसोम बोधिसत्व (जातक अर्थकथा २१,५) सत्पुरुषको अनुश्रुतिलाई नछाडी, प्राण जाने शंका भए तापनि, शिक्षापदको उल्लंघन नगरी, निम्नअनुसार संवेग उत्पन्न गर्दै त्यसै अपर्यन्त पारिशुद्धिशीलको सहाराले उपासकको पिठ्यूँमा नै अर्हत्व प्राप्त गर्नुभयो । त्यसैले भनिएको छ -



https://dhamma.digital

*न पिता नपि ते माता न जाति नपि बन्धवो ।*
*करोतो तादिसं किच्चं सीलवन्तस्स कारणा ॥*
*संवेगं जनयित्वान सम्मसित्वान योनिसो ।*
*तस्स पिट्ठिगतो सन्तो अरहत्तं अपापुणि ॥*

(ऊ न तिम्रो पिता हो, न माता, न नातेदार हो र न त बन्धु नै हो, केवल शीलवान् भएको कारणले त्यस्तो काम गरिरहेको छ - यसप्रकार संवेग पैदा गरी र ठीकरूपले विचार गरेर उसको पिठ्यूँमा बसेर अर्हत्व प्राप्त गरे ।)

कल्याण पृथग्जनको शील उपसम्पदादेखि लिएर राम्ररी धोएको जातिमणिजस्तै र राम्ररी निखारिएको सुनजस्तै अत्यन्त परिशुद्ध हुनाले, चित्त उत्पन्न गर्ने मात्रको मलरहित अर्हत्वको नै प्रत्यय हुन्छ । त्यसैले परिपूर्ण पारिशुद्धिशील भनिएको छ । महासंघरक्षित र भाञ्जा संघरक्षित स्थविरहरू जस्तै ।

## महासंघरक्षित स्थविरको कथा

साठी वर्षभन्दा अधिक उमेरमा, मृत्यु शैय्यामा सुतेको समयमा महासंरक्षित स्थविरसँग भिक्षुसंघले लोकोत्तर धर्मको प्राप्तिको विषयमा सोध्यो । स्थविरले - "मलाई लोकोत्तर धर्मको प्राप्ति भएको छैन" भन्नुभयो तब उहाँको सेवा टहल गर्ने तन्नेरी भिक्षुले भन्यो - "भन्ते, तपाईं परिनिवृत्त हुनुहुँदैछ भनी थाहा पाएर चारैतिरबाट बाह्र योजनदेखि टाढाबाट पनि मानिस जम्मा भएका छन् । तपाईंको पृथग्जन मृत्युले महाजन समूहलाई पछुताउ हुनेछ ।"

"आवुस, मैले मैत्रेय भगवान्को दर्शन गर्नेछु भनी सोचेर विपश्यना गरिन । ठीक छ, मलाई उठाएर राख र एक्लै छाड" भनी स्थविरले भन्नुभएपछि त्यस तन्नेरी भिक्षुले पनि स्थविरलाई बसालेर बाहिर निस्केर आयो । स्थविरले पनि ऊ निस्कनासाथ नै अर्हत्व प्राप्त गरेर चुट्कीले संकेत गर्नुभयो । संघ जम्मा भएर भन्यो - "भन्ते, यस्तो मृत्युको समयमा पनि लोकोत्तर धर्मलाई उत्पन्न गर्नुभएर तपाईंले कठिन काम गर्नुभयो ।"

"आवुस, यो काम कठिन छैन, तैपनि तिमीहरूलाई कठिन कुरा बताउनेछु । आवुस, म प्रब्रजित भएको समयदेखि लिएर स्मृतिरहित अज्ञानले गरेको कामलाई देख्दिन ।"

उहाँको भाञ्जाले पनि पचास वर्षको अवस्थामा त्यस्तै अर्हत्व प्राप्त गर्नुभयो ।



https://dhamma.digital

*अप्पस्सुतोपि चे होति सीलेसु असमाहितो ।*
*उभयेन न गरहन्ति सीलतो च सुतेन च ॥*

(यदि अल्पश्रुत पनि हुन्छ र शीलहरूमा पनि असंयमी हुन्छ भने उसको शील र श्रुत दुवैबाट निन्दा हुन्छ ।)

*अप्पस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*
*सीलेतो न पसंसन्ति तस्स सम्पज्जते सुतं ॥*

(यदि अल्पश्रुत पनि हुन्छ र शीलहरूमा पनि संयमी हुन्छ भने उसको शीलद्वारा प्रशंसा गरिन्छ, उसको लागि श्रुत आफै पूर्ण भएर जान्छ ।)

*बहुस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*
*सीलेतो न पसंसन्ति तस्स सम्पज्जते सुतं ॥*

(यदि बहुश्रुत पनि हुन्छ तर शीलमा असंयमी हुन्छ तब उसको शीलको कारणले निन्दा हुन्छ उसको लागि श्रुत सुखदायि हुँदैन ।)

*बहुस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*
*उभयेन नं पसंसन्ति सीलतो च सुतेन च ॥*

(यदि बहुश्रुत पनि हुन्छ र शीलहरूमा पनि संयमी हुन्छ तब उसको शील र श्रुत दुवैद्वारा प्रशंसा हुन्छ ।)

*बहुस्सुतं धम्मधरं सम्पञ्ञं बुद्धसावकं ।*
*नेक्खं जम्बोनदस्सेव को तं निन्दितुमरहति ॥*
*देवापि नं पसंसन्ति ब्रह्मनापि पसंसितो ति ॥*

(बहुश्रुत, धम्मधर, प्रज्ञवान्, बुद्धको शिष्य, सुनको सिक्का (असर्फी) जस्तै कसले निन्दा गर्न योग्य हुन्छ ? देवता पनि उसको प्रशंसा गर्दछ, ऊ ब्रह्माद्वारा पनि प्रशंसित हुन्छ ।)

शैक्षहरूको दृष्टिले या पृथग्जनहरूको भवले परामृष्ट (पकडिने) नभएको शीललाई अपरामृष्ट - शील भनेर जान्नुपर्दछ । कुटुम्बिकपुत्र तिष्य स्थविरको शीलजस्तै ।)



https://dhamma.digital

## तिष्य स्थविरको कथा

मज्झिम निकाय अर्थकथा (१,१,१०) अनुसार श्रावस्तीमा तिष्य नामको एक वैश्यको छोरो थियो । उहाँले चालीस करोड सुन छाडी प्रब्रजित भई गाउँदेखि शून्य जंगलमा ध्यान गरी बस्नुहुन्थ्यो । उहाँको भाइबुहारीले - "जाऊ उसलाई मार" भनेर ५०० चोरहरूलाई पठाई । उनीहरू गएर स्थविरलाई घेरेर बसे । स्थविरले भन्नुभयो "उपासक, केका लागि आएका हौ ।" चोरहरूले पनि "तपाईंलाई मार्न आएका हौं" भनी जवाफ दिए । तब स्थविरले "उपासक मेरो वचन लिएर मलाई आज एकरातको लागि प्राण देओ" भनी अनुरोध गर्दा चोरहरूले "श्रमण, को यहाँ साक्षी हुन सक्छ ?" भनी भने । स्थविरले ठूलो ढुङ्गा लिएर दुवै तिघ्राको हड्डीहरूलाई भाँचेर "उपासक, साक्षी ठीक छ ?" भनी सोध्नुभयो । उहाँले फेरि त्यस्तो शीलको सहाराले अर्हत्व पाउने इच्छाले चोरहरूलाई भन्नुभयो ।

*उभो पादानि भिन्दित्वा सञ्ञापेस्सामि वो अहं ।*
*अट्ठियामि हरायामि सरागमरणं अहं ॥*

(दुवै खुट्टाहरूलाई भाँचेर तिमीहरूलाई सम्झाउँछु मलाई रागसहित मर्नुमा घृणा र लज्जा लाग्दछ ।)

स्थविरको कुरा सुनेर चोरहरू हटेर चक्रमणको छेउमा आगो बालेर सुते । स्थविरले पीडालाई दबाएर शीलको प्रत्यवेक्षण गर्नुहुँदै, परिशुद्ध शीलको कारणले प्रीति पामोज्ज उत्पन्न भयो । तब उहाँले विपश्यनालाई बढाएर तीनै प्रहर रातमा श्रमणधर्म गरी अरूयोदयको समयमा अरहत्व प्राप्त गर्नुभयो ।

## कुनै महास्थविरको कथा

अरु पनि, कुनै महास्थविर धेरै सिकिस्त विरामी भएर आफ्नो हातले भोजन पनि खान नसक्ने भएर आफ्नो पिसाप दिसामा पोतिएर ओल्टेकोल्टे फेर्दै हुनुहुन्थ्यो । उहाँलाई देखेर कुनै एक तन्नेरी भिक्षुले भन्यो - "अहा, जीवन संस्कार कति दुःखकर छ ?" तब उसलाई महास्थविरले भन्नुभयो -

"आवुस, म यस समय मरे स्वर्गको सम्पत्ति पाउनेछु, यसमा कुनै शंका छैन, तर यस शीललाई नष्ट गरी पाएको सम्पत्ति भिक्षु शिक्षालाई त्यागेर गृहस्थ हुनेझैं हो" र यति भन्नुभएर - "शीलसहित नै मर्ने छु" भनी प्रतिज्ञा



https://dhamma.digital

गरी त्यहीँ पल्टिनुभएर त्यसै रोग बारे विचार गर्नुहुँदै अर्हत्व पाउनुभएर भिक्षुसंघलाई जातक अर्थकथा (२, ४३७) अनुसार यी गाथाहरूद्वारा भन्नुभयो -

*फुट्ठस्स मे अञ्ञतरेन व्याधिना, रोगेन बाल्हं दुक्खितस्स रूप्पतो ।*
*परिसुस्सति खिप्पमिदं कलेवरं, पुप्फं यथा पंसुनि आतपे कतं ॥*

(मलाई एक रोग हुँदा, त्यस रोगले धेरै दुःखीत र पीडित यो मेरो गर्मीको समय धूलोमा राखिएको फूलझैं छिटोछिटो सुक्दै थियो ।)

*अजञ्ञं जञ्ञसंखातं असुचिं सुचिसम्मतं ।*
*नाना कुणप परिपूरं जञ्ञरूपं अपस्सतो ॥*

(यो घृणित शरीर मूर्खद्वारा मनोहर भनिने तथा अपवित्र हुँदाहुँदै पनि पवित्र मानिने नाना दुर्गन्धहरूले भरिएको यथार्थतालाई नदेख्नेहरूको लागि मनोहर हुन्छ ।)

*धीरत्थुमं आतुरं पूतिकायं दुग्गन्धियं असुचिं व्याधिधम्मं ।*
*यत्थप्पमत्ता अधिमुच्छिता पजा हापेन्ति मग्गं सुगतूपपत्तिया ॥*

(यो आतुर, दुर्गन्ध बहने, अपवित्र, रोगी, फोहर शरीरलाई धिक्कार छ, जसमा प्रमादी बनी (भुलेर) मूर्छित् भएर मानिसले स्वर्गको प्राप्तिको मार्ग भएको शीललाई त्यागिदिन्छ ।)

अर्हन्त आदिको शीललाई सबै क्लेशहरू शान्त र परिशुद्ध गर्ने प्रतिप्रश्रब्धि पारिशुद्धिशील भने जान्नुपर्दछ ।

दोस्रो पञ्चकमा - जीवहिंसा आदि त्याग आदिअनुसार अर्थ सम्झिनुपर्दछ । प्रतिसम्भिदामार्गमा यसो भनिएको छ - "शील पाँच छन्, (१) प्राणातिपातको प्रहाणशील, (२) विरत (वेरमणि) शील, (३) चेतनाशील, (४) संवरशील, (५) उल्लंघन नगर्नु (अव्यतिक्रम) अनुल्लंघनशील । ··· चोरी, व्यभिचार झूटो बोली, चुक्ली, कटुवचन, अनावश्यक गफ, अभिध्या (विषम लोभ), व्यापाद (प्रतिहिंसा), मिथ्यादृष्टिको नैष्क्रम्य (कामभोगलाई त्याग गरी निस्कनु) द्वारा कामच्छन्द (कामभोगको चाहना), अव्यापाद (अविहिंसा) द्वारा व्यापादको, आलोकसंज्ञा (उज्यालेको विचार) द्वारा थिनमिद्ध (मानसिक र चैतसिक आलस्स) को, अविक्षेप (एकाग्रता) द्वारा उद्दच्चपन (चंचल स्वभाव) को, धर्मसम्बन्धी विचार विमर्शद्वारा विचिकिच्छा (शंका) को, ज्ञानद्वारा



https://dhamma.digital

अविद्याको, प्रामोद्य (प्रमुदित हुनु) द्वारा उदासीनताको, प्रथमध्यानद्वारा नीवरणहरूको, द्वितीयध्यानद्वारा वितर्क र विचारको, तृतीयध्यानद्वारा प्रीतिको, चतुर्थध्यानद्वारा सुखदुःखको, आकाशानन्त्यायतन समापत्तिद्वारा रूपसंज्ञा, प्रतिघ र नानात्वसंज्ञाको, विज्ञानानन्त्यायतन-समापतिद्वारा अकाशानन्त्यायतन-संज्ञाको, आकिंचन्यायतन-समापतिद्वारा विज्ञानानन्त्यायतन-संज्ञाको, नैवसंज्ञानासंज्ञायतन-समापतिद्वारा आकिंचन्यायतन-संज्ञाको, अनित्यको अवलोकनद्वारा नित्यसांको, दुःखको अवलोकनद्वारा सुखसंज्ञाको, अनात्मको अवलोकनद्वारा आत्मसंज्ञाको, निर्वेदानुपश्यनाद्वारा नन्दि (प्रीतियुक्त तृष्णा) को, विरागानुपश्यनाद्वारा रागको, निरोधानुपश्यनाद्वारा समुदय (उत्पत्ति) को, प्रतिनिःसर्गानुपश्यनाद्वारा (नित्य आदिको रूपमा) ग्रहण गर्ने कामको, क्षयानुपश्यनाद्वारा घनसंज्ञा (एकत्व ग्रहणको विचार) को, व्यय (विनाश) अनुपश्यनाद्वारा आयुहन (राशिकरण) को, विपरिणामानुपश्यनाद्वारा ध्रुवसंज्ञाको, अनिमित्तानुपश्यनाद्वारा निमित्तको, अप्रणिहितानुपश्यनाद्वारा प्रणिधि (इच्छा)को, शून्यतानुपश्यनाद्वारा अभिनिवेष (आत्मदृष्टि)को, अभि-प्रज्ञा-धर्म-विपश्यना ( दुःख आदिअनुसार सब त्रैभूमिक धर्मको विचार) द्वारा सारग्रहण गर्ने विचारको, यथाभूत ज्ञानदर्शन (स्थीरभावको प्राप्त अनित्य आदिको विपश्यना) द्वारा संमोहको विचारको, आदिनवानुपश्यना (दोषहरूलाई देख्नु) द्वारा आलस्स चित्तमा जमेको तृष्णाको, प्रतिसंख्यानुपश्यना (संस्कारहरूको त्यागको अवलोक) द्वारा अप्रतिसंख्याको, विवर्तानुपश्यना (निर्वाणको अवलोक) द्वारा संयोगको विचारको, स्रोतापत्तिमार्गद्वारा दृष्टिले उत्पन्न क्लेशहरूको, सकृदागामीमार्गद्वारा स्थूल क्लेशहरूको, अनागामीमार्गद्वारा सूक्ष्म क्लेशहरूको, अरहत्मार्गद्वारा सारा क्लेशको प्रहाणशील हो, वेरमणिशील हो, चेतनाशील हो, संवरशील हो, अनुल्लंघनशील हो ।

पटिसम्भदामग्ग (१,१६) अनुसार यसप्रकारको शीलले चित्तमा पश्चाताप आउन दिँदैन, प्रमोदलाई ल्याइदिन्छ, प्रीति, प्रश्रब्धि, सौमनस्य, ध्यानाभ्यास, भावना, आधिक्य, अलंकार, परिष्कार, परिवार, पपूर्ति, एकान्त निर्वेद, विराग, निरोध, उपशमन, अभिज्ञा, ज्ञान र निर्वाणलाई ल्याइदिन्छ ।"

यहाँ प्रहाण = उक्तप्रकारको जीवहिंसा आदि नहुने अतिरिक्त अरु कुनै दोस्रो धर्म छैन । किनकि विभिन्न प्रहाण (त्याग) विभिन्न कुशल धर्मको प्रतिष्ठा (आधार) को अर्थमा धारण गर्ने हुन्छ र कम्पित नहुने कारणले समाधान ( कायकर्म आदिको संयम) हुन्छ । यसैले पहिले भनिएको प्रकारले नै आधार ( वासस्थान) र संयम भनिने शीलनको अर्थमा शील भनिएको छ । दोस्रो चार कुराहरू त्यसत्यस (कर्म) देखि अलग्गिने, त्यसत्यस कार्यको संवर ती दुवैयुक्त चेतना र त्यसत्यस कुराको उल्लंघन नगर्ने भिक्षुको उल्लंघन नगर्ने



https://dhamma.digital

अधिष्ठानअनुसार चित्तको प्रवृत्ति हुनुलाई भनिएको हो । उसको शीलार्थ पहिले बताइसकिएको छ । यस्तो प्रहाण आदिअनुसार शील पाँच प्रकारका छन् ।

## संक्लेश र विशुद्धि

"शीलको संक्लेश (मल) के हो ? शीलको विशुद्धि के हो ? खण्डित (टुक्रिनु) आदि हुनु शीलको संक्लेश हो र अखण्डित हुनु विशुद्धि हो । त्यो खण्डित आदि हुनु लाभ, यश आदिको कारण भेद (नाश) हुने र सात प्रकारको मैथुन संभोगमा गनिन्छ । जसको सात आपत्ति स्कन्धहरूमध्ये प्रारम्भमा या अन्तमा शिक्षापद टुक्रिन्छ, उसको शील किनारा फाटेको कपडाजस्तै खण्डित हुन्छ । जसको शिक्षापद बीचमा टुक्रिन्छ उसको बीचमा प्वाल परेको कपडाजस्तै प्वालैप्वाल परेको हुन्छ । जसको शिक्षापद लगातार दुईतीन पटक टुक्रिन्छ उसको पिठ्यूँमा या पेटमा नराम्रो रंगले कालो, रातो आदि कुनै रंगको शरीर भएको गाईजस्तै टाटेपाटे हुन्छ । जसको शिक्षापद अन्तर राखीराखी टुक्रिएको हुन्छ उसको अन्तर राखीराखी भद्दा रंगहरूको विन्दुयुक्त विचित्र छिर्केबिर्के गाईजस्तै अशोभनीय हुन्छ । यसप्रकार लाभ आदिको कारण भेद (नाश) हुनाले खण्डित आदि हुन्छ ।"

यसरी नै सात प्रकारका मैथुन संभोगद्वारा पनि शील खण्डित हुन्छ । अंगुत्तर निकाय (७,५,७) अनुसार भगवान्‌ले भन्नुभएको छ, (१) "ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण पक्का ब्रह्मचारी हुने दावा गर्दै स्त्रीसँग त मैथुन सेवन गर्दैन तर स्त्रीद्वारा बुकुवा लगाउँछ, शरीर मलाउँछ, उसको सहाराले नुहाउँछ, शरीर मल्न लगाउँछ र त्यसको मजा लिन्छ । उसलाई मन पराउँछ र उसमा प्रसन्न मन गर्छ - ब्राह्मण, यो ब्रह्मचर्यको खण्ड हुनु पनि हो, प्वाल पर्नु पनि हो र टाटेपाटे हुनु पनि हो । ब्राह्मण, यो भनिन्छ कि त्यसले अपरिशुद्ध ब्रह्मचर्य पालन गर्दैछ, मैथुन संयोगद्वारा संयुक्त । त्यसले जन्म, बुद्धत्व, मृत्युबाट छुट्कारा पाउँदैन र त्यो दुःखदेखि पनि छुट्दैन भनी म भन्दछु ।

(२) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण पक्का ब्रह्मचर्य हुने दावा गर्दै स्त्रीसँग मैथुन सेवन गर्दैन, न त बुकुवा नै लगाउँछ तर स्त्रीसँग ठट्टा गर्दै हाँस्छ, जिस्किन्छ, जस्किँदै जीवन व्यतित गर्दछ, त्यो त्यसको मजा लिन्छ ... ।

(३) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... न जिस्किँदै हिँड्छ, तर आफ्नो आँखाले स्त्रीको आँखासँग जुधाएर हेर्दछ, अवलोकन गर्दछ, ऊ त्यसको मजा लिन्छ ... ।



https://dhamma.digital

(४) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... र न त आँखाले स्त्रीको आँखासँग जुधाउँछ - तर भित्ताको आड लिएर, पर्खालको छेउबाट हाँस्दै गरेकी, बोल्दै गरेकी, गाउँदै गरी, या रूँदै गरेकी स्त्रीको शब्द सुन्छ र त्यसमा मजा लिन्छ ... ।

(५) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... न स्त्रीको शब्द सुन्छ तर पहिले स्त्रीसँग जुन ख्याल ठट्टा गरेको थियो त्यसैलाई याद गर्छ र त्यसको मजा लिन्छ ...।

(६) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण ... न उसलाई याद गर्छ र न त्यसको मजा लिन्छ । तर पाँच काम गुणहरूमा समर्पित समङ्गीभूत (तल्लीन), त्यसमा आनन्द लिँदै गरेको गृहपति या गृहपति पुत्रलाई देखेर ऊ त्यसको मजा लिन्छ ...।

(७) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण वा ब्राह्मण त ऊ त्यसको मजा लिन्छ तर ऊ कुनै देव निकायको इच्छा गर्दै ब्रह्मचर्यको पालन गर्छ "म यस शील व्रत, तप अथवा ब्रह्मचर्यद्वारा देवता हुनेछु या कुनै विशेष देवता हुनेछु भनी ऊ त्यसको मजा लिन्छ ...।"

यसप्रकार यस्तो भिक्षु लाभ आदिको कारण भेद र सात प्रकारका मैथुन संभोगद्वारा खण्डित आदि हुनुमा गनिएको जान्नुपर्दछ ।

खण्डित आदि नहुनु भनेको सबप्रकारले शिक्षापदहरू नटुट्नुमा, टुक्रिएको (शिक्षापदहरू)को प्रतिकर्म (सुधार) गर्न योग्यको प्रतिकर्म गर्नुमा, सात प्रकारको मैथुन संभोग नहुनुमा र अन्य क्रोध, लुकिराखेको शत्रुता, म्रक्ष (अरुको गुणलाई हीन गरी देखाउनु र आफ्नो त्यसभन्दा अधिक गुणवान् बनाउनु), निष्ठूरता (पलास), ईर्ष्या, मात्सर्य, माया, शठता, जडता, हिंसा, मान, अतिमान, मद, प्रमाद, आदि खराब कुराहरू उत्पन्न नहुनाले अल्पेक्ष हुनु, संतोष, संलेख आदि गुणहरूको उत्पतिमा संगृहीत हुनु हो ।

जुन शील लाभ आदिको लागि पनि भंग हुँदैन या भूलचूकले भंग भए तापनि प्रतिकर्म गरिएको छ, मैथुन संभोग या क्रोध लुकेको शत्रुता आदि खराब धर्महरूद्वारा दुषित भएको छैनन् ती सबप्रकारले अखण्डित, अछिद्रित, सादा, अकलुषित भनिन्छन् । ती नै भुजिस्व (स्वाधीन, तृष्णाको दासत्वदेखि मुक्त) हुनाले स्वतन्त्र छन्, विज्ञहरूद्वारा प्रशंसनीय छन., तृष्णा र दृष्टिद्वारा दृढतापूर्वक नपकडिएकाले अपरामृष्ट छन् । ती उपचारसमाधि या अपर्णासमाधिलाई प्राप्त गराउने हुन्छन् । अतः समधि दिलाउने हुन्छन् यसैले शील अखण्डित आदि हुनुलाई विशुद्धि भनेर जान्नुपर्दछ ।

यो विशुद्धि दुई प्रकारले पूर्ण हुन्छ - (१) शील विपत्तिको दोषलाई र (२) शील सम्पत्तिको गुणलाई देख्नाले । "भिक्षुहरू, दुःशीलको शील विपत्तिमा



https://dhamma.digital

यी पाँच दोष छन् ।" अंगुत्तर निकाय (५,२,३) को सूत्रानुसार शील विपत्तिको दोष सम्झिनुपर्दछ ।

दुःशील व्यक्ति दुःशील हुनाको कारणले देवता र मनुष्यहरूको अप्रिय हुन्छ । सब्रह्मचारीहरू उसको आज्ञा मान्दैनन् । ऊ दुःशील भएको निन्दाले दुःखित रहन्छ । शीलवान्हरूको प्रशंसा भएको बेलामा ऊ पछुतो गर्छ र दुःशील भएको कारण सनपाटको कपडाजस्तै दुर्वर्ण हुन्छ । जो उसको नक्कल गर्दछ, ऊ पनि धेरै दिनहरूको लागि अपाय दुःखलाई ल्याउने हुनाले दुःख भोग्दछ । जसको दानवस्तुहरू ग्रहण गर्दछ, त्यस दुःशील भिक्षुले ग्रहण गरेको कारणले, त्यो दान महाफल दायक नहुने कारणले कम मूल्यवान् हुन्छ । अनेक वर्षदेखि भरिएको गुहुको कुण्डजस्तै साफ गर्न नसकिने हुन्छ । श्मशानमा जलेको काठजस्तै श्रामण्य मार्गफल र गृहस्थ कामभोगविलास दुवैतर्फबाट वञ्चित रहन्छ । भिक्षु भएको दावा गरे तापनि भिक्षु हुन सक्दैन । गाईहरूको पछिपछि जाने गधाजस्तै हुन्छ । ऊ सबैसँग दुश्मनी साँध्ने मानिसजस्तै हमेशा उद्विग्न रहन्छ । मुर्दा जस्तै एकसाथ रहनयोग्य छैन । श्रुत आदि गुणहरूबाट युक्त भए तापनि सब्रह्मचारीहरूको लागि पूजनीय हुँदैन, ब्राह्मणहरूको लागि श्मशानको आगोजस्तै । विशेष अधिगम (मार्गफलको प्राप्ति) मा असमर्थ हुन्छ, रूप देख्नमा अन्धाजस्तै हुन्छ । सद्धर्ममा आशारहित हुन्छ, राज्यमा चण्डाल ( पोडे) को छोराजस्तै हुन्छ । म सुखी हुँ यस्तो माने तापनि दुःखी नै हुन्छ, अंगुत्तर निकायको "अग्गक्खन्ध परियाय" मा भनिएको दुःखहरूको भागी हुनाको कारण ।

दुःशीलहरूको पाँच कामगुणहरूको परिभोग, वन्दना, सत्कार गर्नु, आदि सुखको मजा लिनुमा तल्लीन चित्तयुक्त व्यक्तिहरूको, तिनलाई याद गर्नाले पनि हृदयमा सन्ताप पैदा भई गर्म रगत वमन गर्नु लगाउने, अत्यन्त कटु दुःखलाई देखाउँदै, सबप्रकारले कर्मको विपाकलाई प्रत्यक्ष देख्ने भगवान्ले अंगुत्तर निकाय (७,७,८) अनुसार भन्नुभयो - "भिक्षुहरू, तिमीहरू आदिप्त, दनदन बलेको, धपधपाएको, त्यस आगोको धेरै ठूलो राशिलाई देख्छौ होइन ?" "हो भन्ते !" "तब के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम छ - त्यस धपधपाएको आगोको धेरै राशिलाई आलिंगन गरेर, त्यसको नजिक बसेको या सुतेको अथवा धेरै कोमल हातखुट्ट भएकी क्षत्रिय कन्या (राजकुमारी), ब्राह्मण कन्या या गृहपति कन्यासँग आलिंगन गरी उसँग बसेको या सुतेको ?"

"भन्ते, यही उत्तम हुन्छ जो कि धेरै कोमल हात खुट्टा भएकी क्षत्रीय कन्या, ब्राह्मण कन्या या गृहपति कन्यासँग आलिंगन गरी उसँग बसेको या सुतेको । भन्ते, यो आदिप्त दन्किएको, धपधपाएको त्यस आगोको धेरै ठूलो राशीलाई आलिंगन गरी त्यसको नगिच बसेको वा सुतेको दुःखदायी हुन्छ ।"



https://dhamma.digital

"भिक्षुहरू, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई बताउँदछु कि त्यस दुःशील, पापधर्मी, अपवित्र, सन्देहरहित काम गर्ने, लुकीलुकी कर्म गर्ने अश्रमण, जुन कि श्रमण हुने दावा गर्दछ, अब्रह्मचारी जनु कि ब्रह्मचारी हुने दावा गर्दछ, भित्र दुर्गन्धले भरिएको, अवश्रुत (उत्पन्न राग आदिद्वारा भिजिएको), रछ्यानजस्तै भएको व्यक्तिको लागि उत्तम छ कि त्यस आदिप्त दन्किएको, धपधपाएको आगोको धेरै ठूलो राशीलाई आलिंगन गरी त्यसको नजिक बसेको या सुतेको । त्यो के कारणले ? भिक्षुहरू, ऊ त्यसको कारणले मृत्यु प्राप्त गर्दछ या मृत्यु मात्रको दुःखलाई । तर उसको शरीर छुटेपछि मरेर अपाय दुर्गति विनिपात नर्कमा उत्पन्न हुँदैन । तर भिक्षुहरू, त्यस दुःशील ... रछ्यानजस्तै भएको ... क्षत्रीय कन्या ... को साथ बसेको या सुतेको त्यो उसको धेरै दिनको अहित, र दुःखको लागि हुनेछ । किनकि शरीर छुटेपछि ... दुर्गति ... नरकमा उत्पन्न हुनेछ ।"

यस्तो अग्निस्कन्धको उपमाद्वारा स्त्रीसम्बन्धी पाँच कामगुणहरूको सेवनको कारणले उत्पन्न दुःखलाई देखाउनुभएर त्यसै उपायद्वारा अंगुत्तर निकाय (७,७,९) अनुसार भगवान् भन्नुहुन्छ "त के मान्दछौ, भिक्षुहरू, कुनचाहिँ उत्तम, जुन कि बलवान् मानिस मजबुत केशको डोरीले दुवै खुट्टाको नलीखुट्टा बाँधेर रगडोस्, ऊ नरम छालालाई छेडोस् । नरम छालालाई छेडेर भित्री छालालाई छेडोस्, भित्री छालालाई छेडेर मासुलाई छेडोस्, मासुलाई छेडेर नसालाई छेडोस्, नसालाई छेडेर हड्डीलाई छेडोस्, हड्डीलाई छेडेर मासीमा रोकोस् अथवा जुन कि क्षत्रीय महासार, ब्राह्मण महासार या गृहपति महासारको अभिवादन पाओस् ?"

अंगुत्तर निकाय (७,७,१०) अनुसार भगवान्ले भन्नुभयो - "त के मान्दछौ, भिक्षुहरू, कुनचाहिँ उत्तम हो, बलवान् मानिसले तेलमा धोइएको धारिलो बर्छीले ठीक छातीमा हिर्काएको वा क्षत्रीय महासार, ब्राह्मण महासार या गृहपति महासारको अञ्जलि पाएको ?"

**महासार विधान**

*अभिधानप्पदीपिका (३३७-३९) अनुसार - कम्तिमा यस करोड रूपियाँ जसको निधान छ र २० प्रतिशत व्यवहारमा ल्याउँदछ ऊ क्षत्रिय महासार भनिन्छ । असी करोड रूपैयाँ जसको निधान छ र नित्य १० प्रतिशत व्यवहारमा ल्याउँदछ ऊ ब्राह्मण महासार भनिन्छ र त्यसको आधा जसको निधन छ र नित्यव्यवहारमा पनि आधा नै आउँछ ऊ गृहपति (वैश्य) महासार भनिन्छ ।*



https://dhamma.digital

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम हो, बलवान् मानिसले तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको पाताले शरीरलाई बेरेको या क्षत्रीय ... ब्राह्मण ... गृहपतिले श्रद्धापूर्वक दिएको चीवरको परिभोग गरेको ?"

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम हो, बलवान् मानिसले तातो, आदिप्त, दन्किएको, धपधपाएको फलामको डण्डाले मुख खोलेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको गोलालाई मुखमा राखेको, त्यसले ओठ पोलोस्, मुख पनि, घाँटी पनि, पेट पनि पोलोस्, ठूलोआन्द्रा पनि, सानो आन्द्रा पनि, लिएर तलतिर निस्कोस् अथवा क्षत्रीय, ब्राह्मण, गृहपति महासारहरूले श्रद्धापूर्वक दिएको भोजनलाई खाएको ?"

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम, बलवान् मानिसले टाउको या काँधमा पक्रेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको खाट या फलामको पिर्कामा बसाएको या सुताएको अथवा क्षत्रीय, ब्राह्मण, गृहपतिबाट श्रद्धापूर्वक दिइएको खाट र पिर्का परिभोग गरेको ?"

"त के मान्दछौ, भिक्षुहरू कुनचाहिँ उत्तम, बलवान् मानिसले माथि खुट्टा तल टाउको गरी पक्रेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको गाग्रीमा राखेको, ऊ त्यहाँ फिँज निकाली पाक्दै गरेको, एकपल्ट माथि पनि आओस्, एकपल्ट तल पनि जाओस्, एकपल्ट तेर्सो पनि जाओस् अथवा क्षत्रीय, ब्राह्मण, गृहपति महासारको श्रद्धापूर्वक दिइएको विहार उपभोग गरे ?"

केशको डोरी, धारिलो बर्छी, फलामको पाता, फलामको गोला, फलामको खाट, फलामको पिर्का, फलामको ठूलो गाग्रो, यी उपमाहरूद्वारा अभिवादन, हात जोड्नु, चीवर, पिण्डपात, खाट, पिर्का, विहारको परिभोगको कारणले उत्पन्न दुःखलाई देखाइएका छन् । यसैले भनिएका छन् -

*अग्गिक्खन्धालिङ्गन दुक्खातिदुक्खं कटुकं फलं ।*
*अविजहतो कामसुखं सुखं कुतो भिन्नसीलस्स ॥*

(आगोको राशिलाई आलिंगन गरेको दुःखभन्दा अत्यन्त दुःखदायक र तीतो, फल दिने काम सुखलाई नत्याग्ने, शील खण्डित भएको भिक्षुलाई सुख कहाँ ?)

*अभिवादन सादियने किं नाम सुखं विपन्नसीलस्स ।*
*दल्हवालरज्जुघंसन - दुक्खाधिक - दुक्ख - भागिस्स ॥*



https://dhamma.digital

(बलियो केशको डोरीद्वारा रगड्ने दुःखभन्दा अधिक दुःख भोग्ने शीलरहित (दुःशील) भिक्षुलाई अभिवादन लिनमा के सुख छ ?)

*सद्धानमञ्जलिकम्मसादियने किं सुखं असीलस्स ।*
*सत्तिपप्हार दुक्खाधिमत्तदुक्खस्य यं होतु ॥*

(श्रद्धावान्हरूले हात जोडी प्रणाम गरेको आश्वाद लिनुमा शीलरहित व्यक्तिलाई के सुख छ, जुन कि बर्छीद्वारा रोपिएको दुःखभन्दा अधिक दुःखको कारण हो ?)

*चीवरपरिभोग सुखं किं नाम असंयतस्स येन चिरं ।*
*अनुभवितब्बा निरये जलित अयोपट्ट - सम्फस्सा ॥*

(असंयमीलाई चीवर परिभोग गर्न के सुख ? जसले कि नरकमा धेरै दिनसम्म जलेको फलामको पाताहरूको स्पर्श भोग्नुपर्दछ ।)

*मधुरोपि पिण्डपातो हलाहलविसूपमो असीलस्स ।*
*आदित्ता गिलितब्बा आयोगुला येन चिररत्तं ॥*

(अशीलवान्को लागि मीठो भिक्षा पनि हलाहल विषभैं हो जसले गर्दा उसले तातो फलामको गोला धेरै दिनसम्म निल्नुपर्नेछ।)

*सुखसम्मतोपि दुक्खो असीलिनो मञ्चपीठपरिभोगो ।*
*यं बाधिस्सन्ति चिरं जलित अयोमञ्च पीठानी ॥*

(दुःशीलको लागि खाटपिर्काको परिभोग सुखसम्मत भए तापनि दुःखदायक हुन्छ, जुन कि धेरै दिनसम्म फलामको तातिएको खाटपिर्काले पीडित गर्छ ।)

*दुस्सीलस्स बिहारे सद्धादेय्य म्हिका निवासरति ?*
*जलितेसु निवसितब्बा येन अयोकुम्भिमज्भेसु ॥*



https://dhamma.digital

(दुःशीलले श्रद्धापूर्वक दान दिइएको विहारमा वास गरेको रति (सुख) के ? जसबाट कि उसले बल्दो फलामको धेरै ठूलो लौह कुम्भी नरकमा वास गर्नुपर्दछ ।)

*संकस्सरसमाचारो कसम्बुजातो अवस्सुतो पापो ।*
*अन्तोपूती ति च यं निन्दन्तो आह लोकगुरुं ॥*

(जसलाई के लोक गुरु (भगवान्) ले निन्दा गर्दै भन्नुभयो - यो भिक्षु सन्देह गर्दै विचरण गर्ने रछ्यान भएको छ, अवश्रुत (रागादिद्वारा भिजिएको) छ र भित्र दुर्गन्धले भरिएको छ ।)

*धि जीवितं अधञ्ञस्स तस्स समणजनवेसधारिस्स ।*
*अस्समणस्स उपहतं खतमत्तानं वहन्तस्स ॥*

(त्यस अभागी श्रमण भेषधारी अश्रमण, दुःखित, आफ्नो जरालाई खन्दै गरेको व्यक्तिको जीवनलाई धिक्कार छ ।)

*गूथं विय कुणपं वियमण्डनकामा विवज्जयन्तीध ।*
*यं नाम सीलवन्तो सन्तो किं जीवितं तस्स ॥*

(यहाँ गुहुजस्तै, लाशजस्तै आफूलाई सजाउने दुःशील, जसलाई कि शीलवान् सज्जन त्यागिदिन्छ, उसको जीवनबाट के लाभ ?)

*सब्बभयेहि अमुत्तो मुत्तो सब्बेहि अधिगमसुखेहि ।*
*सुपिहित सग्गद्वारो अपाय मग्गं समारूल्हो ॥*
*करूणाय वत्थुभूतो कारूणिकजनस्स नाम को अञ्ञो ।*
*दुस्सीलसमो दुस्सीलताय इति बहुविधा दोसाति ॥*

(सारा भयहरूद्वारा अमुक्त, सारा अभिगम (मार्गफल) को सुखहरूद्वारा वञ्चित, जसको लागि स्वर्गको द्वार बिल्कुल बन्द भएको छ, जुन अपायको मार्गमा हिँडिरहेछ, दयालु मानिसहरूको दयाको पात्र बन्न सुहाउने, दुःशीलजस्तै अरु को छ ? यसप्रकार दुःशीलताका धेरै प्रकारका दोष छन् ।)

यसप्रकार प्रत्यवेक्षण आदिद्वारा शील विपत्तिमा दोष देख्ने र त्यसदेखि विपरीत शील सम्पत्तिमा गुण देख्नेलाई जान्नुपर्दछ । अरु पनि -



https://dhamma.digital

*तस्स पासादिकं होति पत्तचीवरधारणं ।*
*पब्बज्जा सफला तस्स यस्स सीलं सुनिम्मलं ॥*

(जसको शील सुनिर्मल छ, उसले पात्र र चीवरको धराण गर्नु प्रासादिक हुन्छ । उसको प्रब्रज्या सफल हुन्छ ।)

*अत्तानुवादादिभयं सुद्धसीलस्स भिक्खुनो ।*
*अन्धकारं विय रविं हदयं नावगाहति ॥*

(शुद्ध शीलवान् भिक्षुको हृदयमा आफ्नो निन्दा, परनिन्दा, राजा भय, दुर्गति भय आदि भयहरू त्यसप्रकार पस्दैनन् जसरी कि अन्धकार सूर्यमा ।)

*सीलसम्पत्तिया भिक्खु सोभमानो तपोवने ।*
*पभासम्पत्तिया चन्दो गगने विय सोभति ॥*

(शील सम्पत्तिद्वारा भिक्षु तपोवनमा त्यसप्रकार शोभित हुन्छ जुनप्रकार प्रभा सम्पत्तिद्वारा चन्द्रमा आकाशमा शोभायमान् हुन्छ ।)

*कायगन्धोपि पामुज्जं सीलवन्तस्स भिक्खुनो ।*
*करोति अपि देवानं सीलगन्धे कथा व का ॥*

(शीलवान् भिक्षुको शरीरको वासनाले पनि देवहरूसम्मलाई प्रमुदित गर्दछ भने शीलको वासनाको कुरा नै के गर्नु ?)

*सब्बेसं गन्धजातानं सम्पत्तिं अभिभुय्य ।*
*ऋविधाति दसदिसा सीलगन्धो पवायति ॥*

(सबप्रकारका सुगन्धहरूको सम्पत्तिलाई उछिनेर शीलको सुगन्ध दशौ दिशामा बेरोकटोक बहन्छ ।)

*अप्पकम्पि कता कारा सीलवन्ते महप्फला ।*
*होन्ती ति सीलवा होति पूजा सक्कारभाजनं ॥*



https://dhamma.digital

(शीलवान्‌को लागि अल्पमात्र पनि गरेको उपकार महाफलदायक हुन्छ । यसैले शीलवान् पूजा सत्कारको पात्र हुन्छ ।)

*सीलवन्तं न वाधन्ति आसवा दिट्ठधम्मिका ।*
*सम्परायिकदुक्खानं मूलं खनति सीलवा ॥*

(यस जन्मको आस्रवले शीलवान्‌लाई पीडित गर्दैन, शीलवान्‌ले परलोकको दुःखहरूको पनि जरा उखेल्छ ।)

*या मनुस्सेसु सम्पत्ति या च देवेसु सम्पदा ।*
*न सा सम्पन्नसीलस्स इच्छतो होति दुल्लभा ॥*

(मनुष्यलोकमा जुन सम्पत्ति छ र देवलोकमा सम्पदा जुन छ, त्यो चाहेमा शीलवान्‌को लागि दुर्लभ हुँदैन ।)

*अच्चन्तसन्ता पन या अयं निब्बानसम्पदा ।*
*सम्पन्नसीलस्स मनो तमेव अनुधावति ॥*

(यो अत्यन्त शान्त निर्वाण जुन सम्पत्ति छ, त्यसैपछि शीलसम्पन्न भिक्षुको मन दौडिन्छ ।)

*सब्बसम्पत्तिमूलम्हि सीलम्हि इति पण्डितो ।*
*अनेकाकारवोकारं आनिसंसं विभावये ति ॥*

(शील सबै सम्पत्तिको मूल हो - यसप्रकार जानेर पण्डित व्यक्तिले अनेक तरहले यसको गुणको वर्णन गरोस् ।)

त्यस्तो वर्णन गर्ने व्यक्तिको मन शीलको विपत्तिप्रति उदासीन भएर शील सम्पत्तितर्फ झुकेको हुन्छ । यसैले यस शीलको यथोक्त विपत्तिको दोष र शीलको सम्पत्तिको गुणलाई देखेर सबप्रकारले आदरपूर्वक शीललाई परिशुद्ध गर्नुपर्दछ ।

यहाँसम्म, “सीले पतिट्ठाय नरो सपञ्ञो”, यस गाथाद्वारा “विशुद्धिमार्ग” मा शील, समाधि, प्रज्ञाको भेदले दिइएको उपदेशमध्ये शील सम्बन्धी अंश समाप्त भएको छ ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको विशुद्धिमार्गमा शील निर्देश नामक पहिलो परिच्छेद समाप्त ।*



https://dhamma.digital

# दोश्रो परिच्छेद

## धुताङ्ग निर्देश

अल्पेच्छ, सन्तोष आदि गुणहरूद्वारा जुनप्रकारले शील परिशुद्धि हुन्छ, ती गुणहरू पूर्ण गर्नको लागि, राम्ररी शील पालन गर्ने योगीले धुताङ्ग धारण गर्नुपर्दछ। यसै गरी अल्पेच्छ, सन्तोष, सल्लेख, प्रविवेक (क्लेशहरूको) दूरीकरण, उद्योग, सुभरता (पाल्न सजिलोपन) आदि गुणरूपी जलले चित्त मल धोइन्छ र शील परिशुद्ध हुनेछ, व्रत पनि पूर्ण हुनेछ। यसप्रकार निर्दोष शील व्रत गुणद्वारा परिशुद्ध सबै आचरणहरू भएको, अंगुत्तर निकाय (४,३,८) अनुसार चार आर्यवंशमध्ये १. चीवरमा सन्तोष २. पिण्डपातमा सन्तोष ३. सयनासनमा सन्तोष - यी तीन आर्यवंशमा प्रतिष्ठित भएपछि उक्त योगी चौथो ४. भावनारामता नामक आर्यवंशको प्राप्तियोग्य हुन्छ । यसैले धुताङ्गको कथा प्रारम्भ गर्दछु। कुलपुत्रहरू जुन लोकामिष (लाभसत्का आदि) त्याग गरी, शरीर र जीवनप्रति ममतारहित हुन्छन्, त्यसैले त्यस अनुलोम प्रतिपद् (विपश्यना भावना) पूर्ण गर्नको लागि भगवान्ले तेह्र धुताङ्ग बताउनुभएको छ। जस्तै कि :-

(१) पांशुंकूलिकांग (२) त्रैचीवरिकांग (३) पिण्डपातिकांग (४) सापदानचारिकांग (५) एकासनिकांग (६) पात्रपिण्डकांग (७) खलुपच्छाभत्तिकांग (८) आरण्यकांग (९) वृक्षमूलिकांग (१०) अभ्यवकाशिकांग (११) श्मशानिकांग (१२) यथासंस्थरिकांग (१३) नैसाद्यिकांग ।

*अत्थतो लक्खणादीहि समादानविधानतो ।*
*पभेदतो भेदतो च तस्स तस्सानिसंसतो ॥*
*कुसलत्तिकतो चेव धुतादीनं विभागतो ॥*
*समासब्यासतो चापि विञ्ञातब्बो विनिच्छयो ॥*

(अर्थद्वारा, लक्षण आदिद्वारा, ग्रहण गर्ने विधानद्वारा, प्रभेद र विनाशद्वारा, उसको गुण, कुशलत्रिकद्वारा, धुत आदिको विभागद्वारा तथा संक्षेप - विस्तारद्वारा विनिश्चय जान्नुपर्दछ ।)

अर्थद्वारा विनिश्चय यसप्रकार छन् - सडक, श्मशान, रछ्यानको थुप्रो र जहाँकहीं पनि धूलो (पांशु) माथि फालिएको वस्तुहरू धूलो भन्ने अर्थ लाग्दछ



https://dhamma.digital

। त्यसैले त्यस्ता ठाउँमा फालिएको कपडा पनि धूलोको किनारजस्तै हुनाले पांशुकूल भनिन्छ । अथवा धूलोजस्तै कुत्सित अवस्थालाई प्रापत हुनाले त्यस कपडालाई पाशंकूल भनिन्छ। यस्तो नामले जानिने पाशंकूल चीवर धारण गर्नु नै पाशुंकूल भनिन्छ । जुन भिक्षुले त्यस्तो शीलसम्पन्न हुन्छ उसलाई पांशुकूलिक भनिन्छ । पांशुकूलिकको अंग पांशुकूलिकांग हो । अंग भनिन्छ कारणलाई । अर्थात् जुन कारणले यस्तो शील ग्रहण गर्दा पांशुकूलिक भनिन्छ त्यसैलाई पांशुकूलिकांग भनिएको भनी जान्नुपर्दछ ।

यसैगरी संघाटी, उत्तरासँग, अन्तरवासक - यी तीन चीवरहरूलाई धारण गर्ने जसको शील हुन्छ त्यस भिक्षुलाई त्रैचीवरिक भनिन्छ। त्रैचीवरिकको अंग त्रैचीवरिकांग हो ।

अन्नको गाँस (पिण्ड) लाई भिक्षा भनिन्छ र त्यस पिण्डहरूको पतन नै पिण्डपात हो। अर्थात् अरुले दिएको पिण्डहरू आफ्नो पात्रमा झार्नु भनिएको हो । त्यस पिण्डपातको चाहना गरेर, घरघर गएर खोजी गरेर आफ्नो पात्रमा प्राप्त भएको आहारलाई नै पिण्डपात भनिन्छ । जसले त्यस्तो पिण्ड (भिक्षा) को लागि खोजी गर्ने व्रत पालन गर्दछ उसैलाई पिण्डपाती भनिन्छ । यहाँ पतनाको अर्थ हो घुम्नु । पिण्डपाती भिक्षुलाई नै पिण्डपातिक भनिन्छ । पिण्डपातिकको अंग पिण्डपातिकांग हो ।

दान भनिन्छ भेद गर्नुलाई । दानरहित भएको अर्थमा अपदान भनिन्छ । जसको अर्थ भेद नपार्नु । अपदानसहित हुनु सापदान हो। अर्थात् नछुटाईकन प्रत्येक घरमा भिक्षा माग्ने भन्ने अर्थ लाग्दछ। यसैले सापदान गुणयुक्त भएर घरैपिच्छै भिक्षा माग्दै हिड्ने शील भएको भिक्षु सापदानचारी हो। सापदानचारी नै सापदानचारिक हो । उसको अंग सापदानचारिकांग हो ।

एक आसनमा एक भोजन गर्नु एकासन हो । त्यो शील हुने भिक्षु एकासनिक हो। उसको अंग एकासनिकांग हो ।

विभिन्न भाँडालाई अस्वीकार गरी, एउटै पात्रमा परेको पिण्डलाई पात्रपिण्ड भनिन्छ । त्यसप्रकारको पात्रपिण्डको गुणलाई विचार गरी पात्रपिण्डको शीललाई पालन गर्ने भिक्षुलाई पात्रपिण्डिक भनिन्छ। उसको अंग पात्रपिण्डिकांग हो ।

खलु निपात शब्द हो जसको अर्थ अस्वीकार गर्नु हो । खाइसकेपछि प्राप्त हुने आहरलाई पच्छाभत्त भनिन्छ । त्यसप्रकार प्राप्त भएको आहारलाई खानु पच्छाभत्त भोजन भनिन्छ। खाइसकेपछि पाएको आहार खानु हुँदैन भनेर थाहा पाईकन पनि पछिको आहारलाई लिने भिक्षु पच्छाभत्तिक हो। पच्छाभत्तिक नभएको भिक्षु नै खलुपच्छाभत्तिक हो । ग्रहण गर्ने नियमानुसार अतिरिक्त भोजनलाई अस्वीकार गर्ने भिक्षुको यो नाम हो । तर अर्थकथामा भनिएको छ



https://dhamma.digital

- "खलु एक पंक्षी हो । त्यसले मुखमा लिएको फल खस्दा फेरि खाँदैन ।" त्यसरी नै यो भिक्षु पनि त्यस्तै शीलको हुन्छ अर्थात् खाँदाखाँदै मुखबाट कुनै सिता वा आहार खसेमा बाँकी खाना नखाई उठ्ने शील पालन गर्नाले खलुपच्छाभत्तिक भनिएको हो । उसको अंग खलुपच्छाभत्तिकांग हो ।

आरण्य (जंगल) मा बस्नु जसको शील हुन्छ, उसलाई आरण्यक भनिन्छ । उसको अंग आरण्यकांग हो ।

रुखमुनि बस्नुलाई वृक्षमूल भनिन्छ । त्यस्तो शील भएको भिक्षुलाई वृक्षमूलिक भनिन्छ । वृक्षमूलिकको अंग वृक्षमूलिकांग हो । अभ्यवकाशिकांग, श्मशानिकांगमा पनि यसैप्रकार जान्नुपर्दछ ।

जुनसुकै वस्तु बिछ्याइएको हुन्छ त्यसलाई यथासंस्थत भनिन्छ । "त्यो तिम्रो लागि हो" भनी यसप्रकार निश्चित उद्देश्य गरी बिछ्याइएको शयनासनको नै यो नाम हो । त्यस यथासंस्थतमा विहार गर्नु जसको शील हुन्छ उसैलाई यथासंस्थिक भनिन्छ । उसको अंग यथासंस्थिकांग हो ।

चार इरियापथमध्ये सुत्ने इरियापथलाई त्यागी बस्ने, उठ्ने, हिड्ने इरियापथमा मात्र विहार गर्ने जसको शील हुन्छ उसैलाई नैसद्यिक भनिन्छ । उसको अंग नैसद्यिकांग हो ।

## धुतांग के हो ?

यी सबै ग्रहण गर्नाले क्लेशहरू नष्ट हुने हुनाले धुत (परिशुद्ध) भनिन्छ जुन भिक्षुको अंग हो । या क्लेशहरूलाई चकनाचुर पार्न सक्ने हुनाले 'धुत' नामले जानिने ज्ञानांगलाई धुतांग भनिन्छ । अथवा आफ्नो प्रतिपक्ष (वैरी) लाई नष्ट गर्ने अर्थमा धुत र प्रतिपत्तिको अंग हुनाले पनि धुतांग भनिन्छ ।

यस लक्षण आदिद्वारा विनिश्चय यसप्रकार छन् - ग्रहण गर्ने चेतना यसको लक्षण हो । अर्थकथामा भनिएको छ - व्यवहारिक सत्यानुसार जसले ग्रहण गर्दछ त्यसलाई व्यक्ति भनिन्छ । तर परमार्थ सत्यानुसार ग्रहण गर्ने चित्त चैतसिक धर्म मात्र हुन् । यसैले जुन ग्रहण गर्ने चेतना हो त्यो धुतांग हो । जुन विषयहरूलाई त्यागिन्छ त्यसलाई वस्तु भनिन्छ । धुतांगले चंचल स्वभावलाई हटाउने वा त्याग्ने गर्दछ । त्यसैले चंचलतारहित हुनु जान्ने आकार ( प्रत्युपस्थान) हो । अल्पेच्छा आदि आर्यधर्म यसको प्रत्यक्ष कारण (पदस्थान) हो ।

ग्रहण गर्नेद्वारा विनिश्चय यसप्रकार छन् - (१) समादान, (२) विधान, (३) प्रभेद, (४) भेद र (५) गुण आदि पाँचै ग्रहण गर्ने विधानमा, भगवान्को



https://dhamma.digital

जीवित समय, सबै धुतांगहरूलाई भगवान्सँग नै ग्रहण गर्नुपर्दछ । उहाँको परिनिर्वृत्तपछि महाश्रावकसँग, उहाँहरू नहुँदा क्षीणास्रव ... अनागामी ... सकृदागामी ... स्रोतापन्न ... त्रिपिटकधारी ... दुई पिटकधारी ... एक पिटकधारी ... दीघनिकाय आदिमध्ये कुनै एक निकायलाई कण्ठस्थ गर्ने ... एक संगीतिलाई धारण गर्ने ... अर्थकथाचार्य ... धुताङ्गधारीसँग ग्रहण गर्नुपर्दछ । उहाँहरू पनि नहुँदा चैत्य या आँगन बडारकुँडार गरी टुक्रुक्क बसी, सम्यक सम्बुद्धसँग भनेझैं गरेर ग्रहण गर्नुपर्दछ । स्वयं पनि ग्रहण गर्नु उचित छ । यहाँ, चैत्य पर्वतमा बस्ने दुई भाइ स्थविरहरूमध्ये जेठो भाइको धुताङ्गको अल्पेच्छताको कथा भन्नुपर्दछ ।

## दुई भाइ स्थविरहरूको कथा

उहाँहरूमध्ये एकजना स्थविर नैसद्यिक हुनुहुन्थ्यो । यो कुरा सबैलाई पनि थाहा थिएन । एकरात उहाँलाई सुत्ने चौकीमा पल्टिरहनुभएको समयमा अर्को स्थविरले बिजुलीको चमकमा देख्नुभएपछि सोध्नुभयो - “के भन्ते, तपाईं नैसद्यिक हुनुहुन्छ ?” स्थविरले धुताङ्गको अल्पेच्छताको कारणले त्यसक्षण सुतेर पछि फेरि धुताङ्ग ग्रहण गर्नुभयो ।

यो अहिले साधारण कथा हो । अब, एकएकको ग्रहण गर्ने विधान, प्रभेद, विनाश र गुणको वर्णन गर्दछु ।

## १. पांशुकूलिकांग

समादान = “गृहपतिद्वारा दिइएको चीवरलाई त्यागदछु र पांशुकूलिकांग ग्रहण गर्दछु” यी दुई वाक्यमध्ये कुनै एकवाक्यद्वारा पाशुकूलिकांग धुताङ्ग ग्रहण गर्न सकिन्छ ।

विधान = यसप्रकार जति धुतांग ग्रहण गरिन्छ, उसलाई श्मशानिक, पार्पणिक, रथियचोल, संकार चोल, स्वस्ति वस्त्र, स्नान वस्त्र, तीर्थको वस्त्र, गतप्रत्यागत, आगोले डढेको वस्त्र, गाईले खाएको वस्त्र, धमिराले खाएको वस्त्र, मुसाले खाएको वस्त्र, किनारा काटिएको वस्त्र, झल्लर च्यातिएको वस्त्र, ध्वजाहृतवस्त्र, स्तूपमाथिको वस्त्र, श्रमणको चीवर, अभिषेकको वस्त्र, ऋद्धिमय वस्त्र, पान्थिक वस्त्र, वताहृत वस्त्र, देवदत्तीय वस्त्र, सामुद्रिक वस्त्र - यीमध्ये कुनैलाई लिएर च्याती, कमजोर भागलाई छाडी, बलियो भागलाई साफ गरी



https://dhamma.digital

चीवर बनाई, पुरानो गृहपति चीवर (गृहस्थले दिएको चीवर) लाई त्यागी परिभोग गर्नुपर्दछ ।

## चीवर परिभोग

श्मशानिक = श्मशानमा फालिएको कपडा । पार्पणिक = दोकानको ढोकामा फ्याँकिएको कपडा । रथियचोल = पुण्य चाहनेहरूद्वारा झ्यालबाट बाटोमा फालिएको कपडा । संकारचोल = रछ्यानमा फ्याँकिएको कपडा । स्वस्ति वस्त्र = गर्भको मललाई पुछेर फ्याँकिएको कपडा ।

तिष्य अमात्यकी आमाले सय कार्षापण (असर्फी) मूल्य पर्ने वस्त्रले गर्भको मल पुछेर "पांशुकूलिक भिक्षुले लिनेछ" भनी सोचेर महाग्राम, श्रीलङ्काको तावेलि नामक मार्गमा फ्याँक्न लगाईन् । कुनै एक पांशुकूलिक भिक्षुले च्यातिएको पुरानो भागलाई सिउनको लागि मात्र त्यो कपडा लियो ।

स्नानवस्त्र = झाँक्रीहरूद्वारा शिरदेखि नुहाउन लगाइएको व्यक्तिले जुन "यो अभागी वस्त्र हो" भनेर छोडेर गएको वस्त्र । तीर्थवस्त्र = स्नान तीर्थमा छोडिएको कपडा टुकडा । गतप्रत्यागतवस्त्र = मानिस श्मशान गएर आउने समय, नुहाई त्यहीँ छाडिदिएको कपडा । आगोले जलेको वस्त्र = आगोले डढेको कपडाको आंशिक भाग, त्यसलाई मानिसले फ्याँकिदिन्छ । गाईहरूले खाएको आदि स्पष्ट छ । यसप्रकारको वस्त्र पनि मानिसहरू फ्याँकिदिन्छन् । ध्वजाहृत वस्त्र = नाउमा चढ्दा ध्वजा बाँधेर चढ्ने कपडा, त्यसलाई उनीहरूले नदेख्ने भएपछि लिनुपर्छ । लडाई मैदानमा ध्वजा बाँधेर राखिएको कपडा भएमा त्यसलाई दुवै सेनाहरू गइसकेपछि लिनुपर्दछ ।

स्तूपमाथिको वस्त्र = वल्मीकलाई घेरेर पूजाकर्म गरिएको कपडा । श्रमणको चीवर = भिक्षुसँग प्राप्त गरेको चीवर । अभिषेक वस्त्र = राजाको अभिषेक भएको स्थानमा छोडिएको वस्त्र । ऋद्धिमय वस्त्र = "आऊ, भिक्षु" भने प्रब्रजित भएका भिक्षुहरूको ऋद्धिद्वारा उत्पन्न भएको चीवर । पान्थिक वस्त्र = बाटोमा खसेको कपडा । जुन वस्त्र मालिकको भूलले बिर्सेको हुन्छ, त्यसलाई अलि पर्खिएर लिनुपर्छ । वाताहृत वस्त्र = हावाले हुत्याएर टाढा फालिएको कपडा । त्यसलाई मालिकहरूले नदेख्ने भएपछि लिनुपर्छ । देवदत्तीय वस्त्र = अनुरुद्ध स्थविरजस्तो महान् व्यक्तित्व भएको भिक्षुलाई देवताहरूद्वारा दिइएको चीवर । सामुद्रिक वस्त्र = समुद्रको लहरद्वारा स्थलमा तारिएको, फ्याँकिएको कपडा ।

तर "संघको लागि दिनेछौं" भनेर दिइएको, या वस्त्र माग्दै घुम्दा प्राप्त भएको वस्त्रहरू पांशुकूल होइनन् । भिक्षुद्वारा दिइएको वस्त्रमा पनि जुन



https://dhamma.digital

वर्षावासको अन्तमा उपासकहरूद्वारा भिक्षुहरूलाई हातमा पक्रन लगाएर पांशुकूलिकलाई दिने गरिन्छ या शयनासन बनाएर "यस शयनासनमा रहने भिक्षुले यसको उपभोग गरोस्" भनी दिइएको शयनासन चीवर हुन्छ, त्यो पनि पांशुकूल होइन । त्यसरी पकड्न नलगाइएको वस्त्र नै पांशुकूल हुन्छ । त्यसमा पनि जुन दायकहरूद्वारा कुनै भिक्षुको खुट्टामा चढाइएको हुन्छ, त्यस भिक्षुद्वारा पांशुकूलिक भिक्षुको हातमा राखिएको भएमा त्यो एक तरिकाले शुद्ध हुन्छ । जुन भिक्षुको खुट्टामा उक्त प्रकारले राखिएको हुन्छ त्यसलाई पनि त्यसरी नै दिइएको हुन्छ भने त्यो दुवैतर्फबाट शुद्ध हुन्छ । तर अरुहरूको हातमा नै राखिएको हुन्छ, त्यो अनुत्कृष्ट चीवर हो । यसप्रकार पांशुकूलिक भिक्षुले सही ढंगले चीवरको परिभोग गर्नुपर्दछ ।

प्रभेद = पांशुकूलिक तीन प्रकारका हुन्छन् (१) उत्कृष्ट, (२) मध्यम र (३) मृदु । श्मशानमा फ्याँकिएको (वस्त्र) मात्र ग्रहण गर्ने भिक्षु उत्कृष्ट धुतांगधारी हुन्छ । "कुनै प्रब्रजितले लिनेछ" भनी सोचेर राखिएकोलाई ग्रहण गर्ने भिक्षु मध्यम धुतांगधारी हुन्छ । खुट्टामा राखेर दिइएको लिने भिक्षु मृदु धुतांगधारी हुन्छ ।

भेन (विनाश) = त्यसमा आफ्नो रूचि, इच्छाले गृहस्थले दिएको चीवरलाई लिएको क्षणमा नै धुतांग नष्ट हुन्छ ।

गुण = जब भिक्षु उपसम्पन्न हुन्छ तब उसलाई चार निश्रय बताइन्छ - (१) यो तिम्रो प्रब्रज्या भिक्षाटनको सहारामा हुनेछ । (२) पांशुकूल चीवरको सहारामा हुनेछ । (३) वृक्षमूल शयनासनको सहारामा हुनेछ । (४) गौमूत्रमा भिजिएको हर्रोको सहारामा हुनेछ । यसभन्दा बढी प्राप्त भएमा तिमीलाई लाभ हुनेछ । अन्यथा यी निश्रयहरूमा तिमीले जीवनपर्यन्त उत्साह गर्नुपर्दछ । यसप्रकार बताइएको निश्रयहरूमध्ये "पांशुकूल चीवरको सहारा प्रवज्या हुनेछ" यस वाक्यद्वारा निश्रयको अनुरूप प्रतिपतिको हुनु, पहिलो आर्यवंश (चीवरमा सन्तोष) मा प्रतिष्ठित हुनु, चीवरहरूको रक्षा गर्ने दुःखबाट छुट्कारा पाउन, अरुको कब्जादेखि बाहिर हुनु, चोरहरूको डरदेखि निडर हुनु, परिभोग गर्ने तृष्णारहित हुनु, श्रमणयोग्य परिष्कारको हुनु, "ती मूल्यहीन छन् तर सुलभ छन्, निर्दोष छन्" यसरी भगवान्‌द्वारा अंगुत्तर निकाय (४,३,७) र इतिवुत्तक (४,२) अनुसार प्रशंसा गरिएको प्रत्ययको हुनु, आत्म विश्वासको प्रेरक हुनु, अरुलाई देख्नुमा सुन्दर लाग्नु, अल्पेच्छ आदिको गुणहरूले पूर्ण हुनु, प्रतिपत्तिको वृद्धितिर राम्ररी गतिशील हुनु, भविष्यमा भिक्षुहरूले अनुसरण गर्न योग्य हुनु।

*मारसेन विधाताय पंसुकूलधरो यति ।*
*सन्नद्धकवचो युद्धे खतियो विय सोभति ।*



https://dhamma.digital

(मारको सेनालाई नाश गर्नको लागि युद्धमा कवच लगाई तैयार क्षत्रियसमान पांशुकूल धारण गर्ने भिक्षुको शोभा हुन्छ ।)

*पहाय कासिकादीनि वरवत्थानि धारितं ।*
*यं लोकगुरुना को तं पंसुकूलं न धारये ॥*

(काशी आदिमा बनेको सुन्दर वस्त्रहरूलाई छाडी लोकगुरु (भगवान्) ले पनि जुन पांशुकूललाई धारण गर्नुभयो त्यस पांशुकूललाई कसले धारण गर्दैन ?)

*तस्मा हि अत्ततो भिक्खु पटिञ्ञं समनुस्सरं ।*
*योगाचारानुकूलम्हि पंसुकूले रतो सिया ॥*

(यसैले भिक्षु आफ्नो प्रतिज्ञालाई स्मरण गर्दै योगाचारअनुकूल पांशुकूल धारण गर्नमा लागोस् ।)

## २. त्रैचीवरिकांग

समादान = "चौथो चीवरलाई त्यागदछु या त्रैचीवरिकांगलाई ग्रहण गर्दछु" यसमध्ये कुनै एक वाक्यद्वारा त्रैचीवरिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस त्रैचीवरिकले चीवरको लागि पाएको, कपडालाई जबसम्म कठिनाइको कारणले चीवर बनाउन सक्दैन वा विचारक (सहयोगी भिक्षु वा श्रामणेर) लाई पाउँदैन या सियो आदिमध्ये कुनै पनि पाउँदैन भने तबसम्म पुरानो चीवर राखिछोड्नुपर्दछ । राखिछोड्नुमा दोष छैन । तर चीवर बनाएर रंगाउने समयदेखि पुरानो चीवर राखिछाड्नु हुँदैन । यस्तो गर्ने धुतांग चोर हुन्छ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले रंगाउने समयमा पहिले अन्तरवासक या उत्तरासंगमध्ये एउटालाई लगाएर, दोस्रोलाई रंगाउनुपर्दछ । त्यसपछि दोस्रोलाई लगाएर पहिलो रंगाउनुपर्दछ । उत्तरासँग ओढेर संघाटी रंगाउनुपर्दछ । संघाटीलाई अन्तरवासकजस्तै लगाउनु हुँदैन । यो गाउँको नजिक भएको शयनासनमा बस्ने भिक्षुको नियम हो । तर जंगलमा रहँदा दुवैलाई एकसाथ धोएर रंगाउनुपर्दछ र यस्तो नजिक स्थानमा राख्नुपर्दछ ताकि कसैलाई देखेमा काषाय वस्त्र तानेर लगाउन सकियोस् ।



https://dhamma.digital

चीवर रंगाउने घरमा चीवर रंगाउँदा लगाउने एक काषाय वस्त्र हुन्छ, त्यसलाई लगाएर या ओढेर रंगाइको काम गर्नुपर्दछ ।

मृदु धुतांगधारीले आफ्नो मेलजोल भएको भिक्षुको चीवर लगाएर या ओढेर रंगाइको काम गर्नुपर्दछ । त्यहाँ तन्ना या बिछ्याउनाको रूपना बिछ्याइएको चीवर पनि उसको लागि ठीक छ, तर हमेशा धारण गर्नु ठीक छैन । मेलजोलको भिक्षुहरूको चीवर पनि समय अन्तर पारेर परिभोग गर्नुपर्दछ । धुतांगधारी त्रैचीवरिकको लागि चौथो कपडाको रूपमा अंशकाषाय (एक काँध भएको गञ्जी) नै हुनुपर्दछ । त्यो पनि चौडाइमा एब बित्ता र लम्बाइमा तीन हात नै हुनुपर्दछ ।

भेद = यी तीनै (उत्कृष्ट, मध्यम, मृदु) ले पनि चौथो चीवर ग्रहण गर्ने क्षण नै धुतांग नष्ट हुन्छ ।

गुण = त्रिनचीवर धारण गर्नु भिक्षु काय परिहरण गर्ने चीवरद्वारा सन्तुष्ट हुन्छ । आफ्नो पखेटासँगै जाने चराजस्तै त्रिचीवरसहित स्वतन्त्र यात्रा गर्न सक्ने, थोरै काम गरे पुग्ने, धेरै कपडाहरू नबटुल्ने, बोझ हलुंगो भएको जीवन हुनु, अधिक चीवरको लागि लालच नहुनु, विहित (कल्प्य) भएर पनि मात्रा जानेको कारण सल्लेखको विचार भएको हुनु, अल्पेच्छता आदिको गुणसम्पन्न भएको - इत्यादिको गुण सिद्ध हुन्छन् ।

*अतिरेकवत्थतण्हं पहाय सन्निधिविवज्जितो धीरो ।*
*सन्तोससुखरसञ्ञू तिचीवरधरो भवति योगी ॥*

(तीनचीवरलाई धारण गर्ने धीर योगीले अधिक वस्त्र राख्ने तृष्णा छाडेर चीवर धेरै जम्मा गर्ने इच्छालाई परित्याग गरेर सन्तोष र सुखको रसलाई बुझेको हुन्छ ।)

*तस्मा सपत्तचरणो पक्खीं व सचीवरो व योगिवरो ।*
*सुखमनुविचरितुकामो चीवर - नियमे रतिं कयिरा ति ॥*

(यसरी आफ्नो पखेटासहित विचरण गर्ने पक्षीजस्तै चीवरसाथ नै सुखपूर्वक विचरण गर्ने इच्छा भएको उत्तम योगीले चीवरको नियममा मन लगाओस् ।)



https://dhamma.digital

## ३. पिण्डपातिकांग

समादान = “अधिक लाभलाई त्याग्दछु, या पिण्डपातिकांगलाई ग्रहण गर्दछु” यीमध्ये कुनै एक वाक्यद्वारा पिण्डपातिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस पिण्डपातिकले सांघिक भोजन, केही भिक्षुहरूलाई उद्देश्य गरी दिइएको उद्देश्य भोजन, निमन्त्रण, दायकले “यति भिक्षु आउनुहोस्” भनी संख्या तोकी पठाएको शलाक भोजन, पाक्षिक भोजन, उपोसथको भोजन, प्रतिपदाको भोजन, अन्य स्थानबाट आएको भिक्षु भिक्षाटनमा जान असम्भव हुँदा दिइने आगन्तुक भोजन, अन्य स्थानमा जाँदा भिक्षाटनको व्यवस्था नमिल्ने हुनाले जानअघि दिइने गमिक विरामी भोजन, बिरामी भिक्षुको लागि पठाइएको बिरामी भोजन, बिरामी भिक्षुको सेवटहल गर्ने सेवकलाई दिइने भोजन, विहारमा दिइने विहार भोजन, घरमा दिइने गृहस्थ भोजन, पालोपालो गरी दिइने पालो भोजन - यी चौदह प्रकारका भोजन ग्रहण गर्नु हुँदैन ।

यदि “सांघिक भोजन ग्रहण गर्नुहोस्” आदिप्रकारले नभनेर “हाम्रो घरमा संघ भिक्षा ग्रहण गर्दछ, तपाईं पनि भिक्षा ग्रहण गर्नुहोस्” भनेर दिइएको हुन्छ भने त्यसलाई ग्रहण गर्नुपर्दछ । संघद्वारा निरामिष शलाका (औषधि आदिको शलाका), विहारमा पकाइएको भात पनि ग्रहण गर्नु ठीक नै छ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले अगाडिबाट पनि, पछाडिबाट पनि ल्याइएको भिक्षालाई ग्रहण गर्दछ । ढोकाअगाडि उभिएर पात्र ग्रहण गर्नेलाई दिइएको, फर्काएर ल्याइएको भिक्षालाई पनि ग्रहण गर्दछ । तर त्यस दिन उसले पर्खेर भिक्षा ग्रहण गर्दैन । मध्यम धुतांगधारीले त्यस दिन पर्खेर पनि ग्रहण गर्दछ । तर भोलिको लागि स्वीकार गर्दैन । मृदु धुतांगधारीले भोलिको लागि पनि, अरु दिनहरूको लागि पनि भिक्षा स्वीकार गर्दछ । ती मध्यम र मृदु दुवैले स्वतन्त्रतापूर्वक विहार गर्ने सुख पाउँदैन, तर उत्कृष्टले पाउँदछ । जस्तै -

## उत्कृष्ट पिण्डपातिकको कथा

एउटा गाउँमा अंगुत्तर निकाय (४,३,८) को आर्यवंश सूत्रको उपदेश हुँदै थियो । उत्कृष्ट धुतांगधारीले अन्यलाई भन्यो - ‘आऊ, आवुस, जाऔं धर्म सुन्नको लागि ।’ त्यसमध्ये एकले भन्यो - “भन्ते, एक मानिसद्वारा म भोजनको लागि बसाइएको छु ।” “भन्ते, मैले भोलिको लागि एउटा मात्र भिक्षा स्वीकार



https://dhamma.digital

गरेको छु" भनी दोस्रोले जवाफ दियो । यसप्रकार भिक्षाको लागि पर्खिनु पर्दा धर्मश्रवणबाट दुवै वञ्चित रहे । पहिलो भिक्षुले बिहानै भिक्षाटन गरी धर्मदेशना सुनेर धर्मरसको अनुभव (प्रतिसंवेदन) गऱ्यो ।

भेद = यी तीनैको पनि संघभोजन आदि धुताङ्ग प्रतिज्ञाभन्दा बढी प्राप्त हुने अतिरेक लाभ ग्रहण गर्ने क्षण नै धुतांग नष्ट हुन्छ ।

गुण = "पिण्डपिण्ड गरी प्राप्त भएको गाँस (आलोप) को सहारा प्रब्रज्या हो" यस वाक्यद्वारा निश्रय अनुरूप प्रतिपत्तिको हुनु, दोस्रो आर्यवंश ( पिण्डपातमा सन्तोष) मा प्रतिष्ठित हुनु, अरुको अधिकारभन्दा बाहिर रहने जीवन हुनु, "ती थोरै छन् तर सुलभ र निर्दोष छन्" भनी भगवान्द्वारा प्रशंसा गरिएको प्रत्ययको हुनु, अल्छीपनको नाश हुनु, परिशुद्ध आजीविकाको हुनु, सेखीय प्रतिपत्ति पूर्ण गरिसकेको हुनु, अरुलाई पालन पोषण नगर्नु, दायकहरूप्रति अनुग्रह गर्नु, मान (घमण्ड) को त्याग, रस्वादन गर्ने तृष्णाको त्याग गर्नु, पाचित्तीय आपत्ति हुने गण भोजन, परस्पर भोजन निमन्त्रणामा विनासमय विचरण गर्दा चारित्र शिक्षापदहरूद्वारा आपत्तिको नहुनु, अल्पेच्छता आदिअनुसार विचार हुनु, राम्ररी प्रतिपत्तिको वृद्धि, भविष्यको जनतामाथि अनुकम्पा गर्नु ।

*पिण्डियालोपसन्तुट्ठो अपरायत्तजीविनो ।*
*पहीणाहारलोलुप्पो होति चातुद्दिसो यति ॥*
*विनोदयति कोसज्जं आजीवस्स विसुज्झति ।*
*तस्मा हि नातिमञ्ञेय्य भिक्खाचरियं सुमेधसो ॥*

(पिण्डपिण्ड गरी प्राप्त भएको आलोप (गाँस) द्वारा सन्तुष्ट हुनु, स्वतन्त्र पेशा भएको, आहारको लोलुपतारहित भएको भिक्षु चारै दिशामा जाने हुन्छ । ऊ आलस्यलाई छोड्दछ, उसको आजीविका परिशुद्ध हुन्छ, यसैले प्रज्ञावान् भिक्षुले कहिले पनि भिक्षाटनलाई अवहेलना नगरोस् ।)

यसप्रकारको भिक्षुको -

*पिण्डपातिकस्स भिक्खुनो अत्तभरस्स अनञ्ञपोसिनो ।*
*देवापि पिहयन्ति तादिनो नो चे लाभसिलोकनिस्सितोति ॥*

(अरुको पालन पोषण नगरी केवल आफ्नो भरण गर्ने, मन, काय, वाणी तीनैमा लाभ, प्रशंसालाई नचाहने पिण्डपातिक भिक्षुलाई देवताले पनि चाहन्छ ।)

## ४. सापदानचारिकांग

समादान = “लोलुप स्वभावलाई त्यागदछु या सापदानचारिकांगलाई ग्रहण गर्दछु” यीमध्ये कुनै एक वाक्यद्वारा सापदानचारिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस सापदानचारिकलाई गाउँबाहिर ढोकामा उभिएर साँढे, कुकुर, वेश्या, सक्स्याहा, विधवा आदिको परिश्रय (विघ्नबाधा) नहुने विचार गर्नुपर्दछ। जुन गल्ली या गाउँमा उपद्रव (परिश्रय) हुन्छ, त्यसलाई छाडेर अन्य स्थानमा भिक्षाटन गर्नुपर्दछ । जुन घर, गल्ली या गाउँमा केही प्राप्त हुँदैन त्यहाँ गाउँ नभएको विचार गरी छाडिजानुपर्दछ । तर जहाँ केही प्राप्त हुन्छ त्यसलाई छाडिजानु ठीक छैन । त्यो भिक्षुले समयमा नै गाउँमा प्रवेश गर्नुपर्दछ । यस्तो भएमा कठिनाइले भिक्षा मिल्ने स्थानहरूलाई छाडेर अन्य स्थानमा जान सक्नेछ। यदि विहारमा दान दिइरहेको या बाटोमा आउँदै गरेको मानिसले पात्र लिएर भोजन दिन्छ भने त्यो योग्य छ । उसले बाटामा जाँदै गर्दा पनि भिक्षाटन गर्ने समयमा पुगेको गाउँलाई नछोडिकन नै भिक्षाटन गर्नुपर्दछ । त्यहाँ नपाएमा अथवा थोरै पाएमा गाउँको परिपाटीद्वारा अर्को गाउँमा भिक्षाटन गर्नुपर्दछ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले अगाडिबाट, पछाडिबाट, फर्काएर ल्याएको, दिएको गएको भिक्षालाई ग्रहण गर्दैन, तर आफू पुगेको ढोकामा पात्र दिने गर्छ । यस धुतांगमा महाकाश्यप स्थविरजस्तो अरु कोही हुन सकेन । तर उहाँको पनि पात्र दिने ठाउँ देखिन्छ । मध्यम धुतांगधारीले अगाडि, पछाडि अथवा फर्काएर ल्याएको भिक्षालाई ग्रहण गर्दछ। आफू पुगेको ढोकामा पात्रलाई दिन्छ तर भिक्षा पर्खेर बस्दैन। यसप्रकार ऊ उत्कृष्ट पिण्डपातिकजस्तै हुन्छ। मृदु धुतांगधारीले त्यस दिन बसेर पर्खिरहन्छ।

भेद = यी तीनैको पनि धुतांग लोलुप (लालची) स्वभाव उत्पन्न हुने मात्रले पनि भंग हुने गर्दछ ।

गुण = नित्य नयाँ दाताहरू पाउनु, चन्द्रमाजस्तै हुनु, कुलप्रतिको आशक्तिको त्याग गर्न सक्नु, सबैमा एकैप्रकारको अनुकम्पा राख्नु, कुलूपक ( दायकको घरमा बरोबर जाने भिक्षु) द्वारा उत्पन्न दोषहरूबाट मुक्त हुनु, निमन्त्रणा नचाहने हुनु, भिक्षा ल्याइदियोस् भन्ने इच्छा नहुनु, अल्पेच्छ आदिअनुसार जीवन हुनु ।

*चन्दूममो निच्चनवो कुलेसु, अमच्छरी सब्बसमानुकम्पो ।*



https://dhamma.digital

*कुलूपकादीनव विप्पमुत्तो होतीध भिक्खु सपदानचारी ॥*

(सपदाचारी भिक्षु चन्द्रमाजस्तो नित्य कुलमा नयाँ, कंजुसी नभएको, सबैप्रति बराबर अनुकम्पा गर्ने, कुलूपकको दोषहरूबाट मुक्त हुन्छ ।)

*लोलुप्पचारञ्च पहाय तस्मा ओक्खितचक्खू युगमत्तदस्सी ।*
*आकङ्खमानो भुवि सेरिचारं चरेय्य धीरो सपदानचारं ॥*

(यसैले लोलुप स्वभाव त्यागेर, आँखा झुकाएको, चारहातसम्म हेर्ने, धीर भिक्षु संसारमा इच्छानुरूप विचरण गर्ने इच्छुक सपदानचारी बनोस् ।)

## ५. एकासनिकांग

समादान = "नानाप्रकारको भोजनलाई त्यागदछु या एक आसनमा गरिने भोजनलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा एकासनिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस एकासनिकलाई आसनशालामा बस्दा, स्थविरको आसनमा नबसेर "यो आसन मेरो हो" यस्तो आफ्नो योग्य आसनको विचार गरी बस्नुपर्दछ। यदि भोजन आरम्भ गरेपछि आचार्य या उपाध्याय आउनुभएमा उठेर व्रत (आफ्नो कर्तव्य) गर्नुपर्दछ । तर त्रिपिटकधारी चूडाभय स्थविरले भन्नुभयो - "भोजन समाप्त नगरेसम्म आसनमा बसी भोजन गरोस् या करणीय व्रत गरोस्, तर यदि उठेर व्रत गर्दछ भने व्रत गरोस्, तर फेरि खाना नखाओस् ।"

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले थोरै होस् या धेरै, जुन भोजनमा हात लगाउँछ, त्यसपछि अर्को लिन सक्दैन । यदि मानिसहरूले -"स्थविरले केही खानु भएन" भनी सोचेर घिउ आदि ल्याउँछ भने त्यसलाई पनि औषधिको रूपमा मात्र ग्रहण गर्नुपर्दछ, न कि आहारको लागि । मध्यम धुतांगधारीले जबसम्म भात सिध्दिएको हुँदैन तबसम्म अरु लिन सक्दछ। ऊ भोजन पर्यन्तक भिक्षु हुन्छ। मृदु धुतांगधारीले जबसम्म आसनबाट उठ्दैन, तबसम्म खान सक्दछ । ऊ जबसम्म पात्र धुनलाई पानी लिँदैन तबसम्म खाएर आसन पर्यन्तक हुन्छ अथवा जबसम्म उठ्दैन, तबसम्म खाँदै गरेको आसन पर्यन्तक हुन्छ ।

भेद = नाना आसनहरूमा खाना खाएको क्षण यी तीनैको धुतांग भंग हुन्छ ।



https://dhamma.digital

गुण = निरोग हुनु, सुखपूर्वक जिउनु, स्फुर्ति, बल, सुखविहार गर्नु, अतिरिक्त भोजन नगर्नाको कारण आपत्तिको नहुनु, रसास्वादनको तृष्णाको नाश हुनु, अल्पेच्छता आदिअनुसार जीवन हुनु।

*एकासनभोजने रतं न यतिं भोजनपच्चया रुजा ।*
*विसहन्ति रसे अलोलुपो परिहापेति न कम्ममत्तनो ॥*

(एक आसनमा भोजन गर्नुमा लीन भएका् यति (भिक्षु) लाई भोजनको कारण रोगले सताउँदैन, ऊ रसमा लोलुप भई आफ्नो कामलाई बिगार्दैन ।)

*इति फासुविहारकारणे सुचिसल्लेखरतूपसेविते ।*
*जनयेथ विसुद्धमानसो रतिमेकासनभोजने यती ॥*

(यसैले विशुद्ध चित्त भएको भिक्षु सुखपूर्वक विहार गर्नको लागि कारण बनोस् र उसले पवित्र सल्लेखको रति (सुख) द्वारा सेवित, एक आसनमा भोजन गर्नुमा प्रेम गरोस् ।)

## ६. पात्रपिण्डिकांग

समादान = "दोस्रो भाँडालाई त्याग्दछु या पात्रपिण्डिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा पात्रपिण्डिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस पात्रपिण्डिकलाई यवागु (जाउलो) पिउने समय अतिरिक्त भाँडामा व्यञ्जन पाएमा, व्यञ्जनलाई पहिले खानुपर्दछ अथवा यवागु पिउनुपर्दछ । यदि यवागुमा राखिदियो भने नुनिलो सुकाएको माछा आदि व्यञ्जनहरू राख्नाले यवागु प्रतिकूल (अरुचिकर) हुन्छ र जसरी प्रतिकूल रहोस् त्यसै गरी खानुपर्दछ । यसैले त्यस्तो व्यञ्जनको सम्बन्धमा नै यो भनिएको हो । जुन मह, सख्खर आदि प्रतिकूल हुन्न, त्यसलाई यवागुमा राख्नुपर्दछ । ग्रहण गर्ने समय मात्राले ग्रहण गर्नुपर्दछ । काँचो साग हातले पक्रेर खानुपर्दछ । त्यसरी नखाएसम्म पात्रमा नै राख्नुपर्दछ । दोस्रो भाँडालाई त्याग गरेको कारण कुनै रुखको पात पनि लिनु योग्य हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ - त्यसमा उत्कृष्ट धुतांगधारीले ऊखु खाने समय अतिरिक्त, अन्य खाना खाँदा केही पछि छोड्नु हुँदैन । भातको पिण्ड, माछा, मासु, मालपुवालाई पनि टुक्राएर खानु हुँदैन । खान अयोग्य



https://dhamma.digital

पहिले नै फ्याँक्नुपर्दछ र भातका पिण्डहरू खानुअघि नै टुक्रा पार्नुपर्दछ। मध्यम धुतांगधारीले एक हातले टुक्राचाएर खान सक्दछ। यसलाई हस्तयोगी भनिन्छ। मृदु धुतांगधारीलाई पात्रयोगी भनिन्छ। उसको लागि जुन पात्रमा राख्नसक्ने लायक हुन्छ, त्यस सबैलाई हातद्वारा या दाँतले टुक्रचाएर खान सक्दछ।

भेद = यी तीनैको पनि धुतांग अन्य भाँडोलाई लिने क्षण भंग हुन्छ।

गुण = नानाप्रकारका रसहरूको तृष्णा नहुनु, भोजन गर्ने अत्यधिक इच्छा नराख्नु, आहारको प्रयेजनलाई देख्नु, थाल आदि बोक्नुबाट उत्पन्न दुःख नहुनु, अविक्षिप्त भएर भोजन गर्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु।

*नाना भोजनविक्खेयं हित्वा ओखित्तलोचनो।*
*खणन्तो विय मूलानि रसतण्हाय सुब्बतो॥*
*सरूपं विय सन्तुट्ठिं धारयन्तो सुमानसो।*
*परिभुञ्जेय्य आहारं को अञ्ञो पत्तपिण्डिका॥*

(नाना भोजनको विक्षेपलाई त्यागेर, आँखा तल झुकाएर हिड्ने, सन्तोष धारण गर्दै, प्रसन्न चित्तले खाना खाने, रस तृष्णाको जार उखेलेजस्तै भएको सुव्रती पात्रपिण्डिक भिक्षुलाई छाडेर अरुको आहार खाने छ ?)

## ७. खलुपच्छाभतिकांग

समादान = "अतिरिक्त भोजन त्यागदछु या खलुपच्छाभत्तिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा खलुपच्छाभत्तिकांग ग्रहण गर्न सकिन्छ।

विधान = त्यस खलुपच्छाभत्तिकलाई खाइसकेपछि फेरि भोजन कल्प्य गराएर खानु हुँदैन।

प्रभेद = यो पनि तीन प्रकारको छ। जुन भिक्षान्न खान अयोग्य हुन्छ त्यसलाई प्रवारण भिक्षान्न भनिन्छ। त्यसमा उत्कृष्ट धुतांगधारीले प्रवारण नगरिएको प्रथम भिक्षान्न खाइसकेपछि फेरि अर्को प्रवारित भिक्षान्नलाई खानु हुँदैन। मध्यम धुतांगधारीले जुन भोजनलाई प्राप्त गर्दछ त्यसैलाई खान सक्दछ। मृदु धुतांगधारीले जबसम्म आसनदेखि उठ्दैन, तबसम्म खान सक्दछ।

भेद = यी तीनैको पनि खाइसकेपछि कल्प्य गराई खाएको क्षण धुतांग भंग हुन्छ।



https://dhamma.digital

गुण = अतिरिक्त भोजन खाने आपत्तिदेखि बच्नु, खञ्चुवा स्वभावको नुहुनु, आमिषको संचय नगर्नु, फेरि भिक्षान्न नखोज्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*परियेसनाय खेदं न याति न करोति सन्निधिं धीरो ।*
*ओदरिकत्तं पजहति खलुपच्छाभतिको योगी ॥*

(खलुपच्छाभत्तिक धीर योगी (भिक्षु) भोजन खोज्ने दुःख उठाउँदैन, न त संचय गर्दछ, खञ्चुवा स्वभावलाई त्याग्दछ ।)

*तस्मा सुगतपसत्थं सन्तोसगुणादि वुड्ढीसञ्जननं ।*
*दोसे विधुनितकामो भजेय्य योगी धुतङ्गमिदं ॥*

(यसैले सन्तोष आदि गुणहरूलाई बढाउने, दोषहरूलाई नाश गर्ने इच्छाले सुगतद्वारा प्रशंसित यस धुतांगलाई योगीले पालन गरोस् ।)

## ८. आरण्यकांग

समादान = "गाउँको शयनासनलाई त्याग्दछ या आरण्यकांगलाई ग्रहण गर्दछ" यीमध्ये कुनै एक वाक्यद्वारा आरण्यकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस आरण्यकले गाउँको शयनासनलाई छाडी जंगलमा सबेरै अरुणेदयसम्म रहनुपर्दछ ।

## शयनासन प्रमाण

उपचार सिमाना भएको गाउँ नै ग्रामान्त शयनासन हो । जुनकुनै एक झोपडी मात्र अथवा अनेक झोपडी भएको, घेरिएको अथवा नघेरिएको, मानिस भएको वा मानिस नभएको, यहाँसम्म कि चार महिनाभन्दा बढी बसेको सार्थ (यात्रा टोली) पनि गाउँ नै हो । प्रकारद्वारा घेरिएको गाउँको सम्बन्धमा, श्रीलंकाको पुरानो राजधानी अनुराधपुरजस्तो यदि दुई इन्द्रशील (मूल ढोकामा राखिएको ढुंगाको खम्बा) हुन्छ तब मूलद्वारमा उभिएर मध्यम कद भएको मानिसले फ्याँकेको ढुंगा खस्ने दुरीसम्म गाउँको उपचार सिमाना हुन्छ। त्यसको लक्षण - "जसरी जवान मानिस आफ्नो बललाई देखाउँदै हातलाई फैलाएर



https://dhamma.digital

ढुंगा फ्याँक्छ, त्यस्तो फ्याँकिएको ढुंगा झर्ने स्थानको भित्र" भनी विनयधर भन्दछ । तर सौत्रान्तिकले भने "कागलाई भगाउनको लागि हानिएको ढुंगा झर्ने क्षेत्र भित्रमा" भनी भन्दछ । नघेरिएको गाउँको सम्बन्धमा जुन सबभन्दा अन्तको घरद्वारमा उभिएकी स्त्रीले भाँडाबाट पानी फ्याल्दा भिज्ने स्थानसम्म घरको उपचार सिमाना हो । त्यस घरको उपाचार सिमानाबाट माथि भनेअनुसार ढुंगा फ्याँक्दा झरेको स्थानसम्म गाउँ भनिन्छ र त्यहाँबाट फेरि ढुंगा फ्याँक्दा झरेको स्थान गाउँको उपचार सिमाना हो ।

आरण्य - विनयपिटक, पाराजिक पालि (२) को पर्यायले - "गाउँ र सिमानालाई छाडी, बाँकी सबै आरण्य भनिएको छ । अभिधर्मपिटकको विभंग (१२) को पर्यायले "इन्द्रशीलदेखि बाहिर निस्केर सब आरण्य" भनिएको छ । तर सूत्रान्तको पर्यायमा लक्षण यसप्रकारको छ - आरण्य शयनासन कमसेकम पाँचसय धनुष (२,००० हात) हुन्छ । त्यसलाई नघेरिएको गाउँको सन्दर्भमा आचार्यद्वारा चढाइएको धनुषद्वारा र घेरिएको गाउँको सन्दर्भमा पहिलो ढुंगा खसेको ठाउँदेखि लिएर जंगल विहारको घेरासम्म नापेर ठीक गर्नुपर्दछ ।

यदि विहार घेरिएको छैन भने विनयको अर्थकथाअनुसार जुन सबभन्दा पहिले शयनासन, भोजनशाला, सर्वदा एकत्रित हुने स्थान (बैठक), बोधिवृक्ष र चैत्य हुन्छ, शयनासन भने टाढा पनि हुन सक्छ, त्यसलाई अलग गरी नाप्नुपर्दछ । तर मज्झिम निकायको अर्थकथाअनुसार विहार र गाउँको उपचार सिमानालाई छाडेर दुवै ढुंगा झर्ने स्थानको बीचलाई नाप्नुपर्दछ भनी भनिएको छ ।

यद्यपि नजिकै गाउँ छ, त्यहाँबाट विहारमा बसेको भिक्षुहरूलाई मनुष्यहरूको शब्द सुनिन्छ, पहाड, नदी आदि बीचबीचमा हुनाले सिधा जान सकिँदैन भने जुन उसको स्वाभाविक मार्ग भए, नाउद्वारा जानुपर्दा त्यस मार्गमा पाँचसय धनुष लिनुपर्दछ । तर कसैले ध्यान अभ्यासको लागि हो भनी बहाना बनाएर यदि नजिकको गाउँको ठाउँठाउँमा मार्ग बन्द गर्दछ भने उसलाई धुतांग चोर भनिन्छ ।

विधान = यदि आरण्यक भिक्षुको उपाध्याय या आचार्य बिरामी हुन्छ भने आरण्यमा पथ्य (आवश्यक सामान) लाई नपाएको कारण गाउँको शयनासनमा लगेर सेवा गर्नुपर्दछ । तर त्यस स्थानबाट समयानुसार सबेरै निस्केर आफ्नो धुतांगको अंगयुक्त स्थानमा पुगेर अरुणोदय गर्नुपर्दछ । यदि अरुणोदयको समयसम्म पनि रोगीको रोग बढ्दछ भने रोगीको नै काम गर्नुपर्दछ । धुतांगको शुद्धिलाई हेर्नु हुँदैन ।



https://dhamma.digital

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले सर्वदा आरण्यमा अरुणोदय बिताउनुपर्दछ । मध्यम धुतांगधारीले वर्षाको चार महिना, गाउँमा बस्न सक्दछ । मृदु धुतांगधारीले जाडोमा पनि बस्न सक्दछ ।

भेद = यी तीनैको नियत समयानुसार आरण्यदेखि आएर गाउँको शयनासनमा धर्मोपदेश सुन्दै अरुणोदय भएमा पनि धुतांग भंग हुँदैन । सुनेर जाँदै गरेको अवस्थामा मार्गमा अरुणोदय हुँदा पनि त्यो भंग हुँदैन । तर धर्मोपदेशक उठेर जाँदा पनि "क्षणभरजति सुतेर जानेछु" भनी सुत्दासुत्दै अरुणोदय हुन्छ वा आफ्नो इच्छाले गाउँको शयनासनमा बस्दाबस्दै अरुणोदय गर्दछ भने धुतांग भंग हुन्छ ।

गुण = आरण्यक भिक्षु आरण्यको गुणलाई मनमा राखी नपाएको समाधि प्राप्त गर्न समर्थ हुन्छ या प्राप्त गरेकोलाई रक्षा गर्न सक्दछ भने शास्ता पनि उसमाथि प्रसन्न हुन्छ । जस्तै अंगुत्तर निकाय (३,२,३) अनुसार भनिएको छ - "नागित, म त्यस भिक्षुको आरण्य विहारदेखि प्रसन्न छु ?" एकान्त शयनासनवासी यस भिक्षुको चित्तलाई अनुचित रूप आदिले विक्षिप्त गर्दैन । तसर्थ ऊ भयरहित हुन्छ, जीउने इच्छा त्यागदछ, एकान्त सुखको रसको अनुभव गर्दछ, पांशुकूलिक आदि हुन पनि ऊ योग्य हुन्छ ।

*पविवितो असंसट्ठो पन्तसेनासने रतो ।*
*आराधयन्तो नाथस्स वनवासेन मानसं ॥*
*एको अरञ्ञे निवसं यं सुखं लभते यति ।*
*रसं तस्स न विन्दन्ति अपि देवा सइन्दका ॥*

(एकान्त चिन्तनमा लीन, संसर्गरहित, एकान्त शयनासनमा लागेको, वनको वासद्वारा नाथ (भगवान्) को मनलाई प्रसन्न गर्दै, एक्लै जंगलमा रहने यति, जुन सुखलाई प्राप्त गर्दछ, त्यसको रसलाई इन्द्रसाथै सबै देवताहरूले पनि पाउन सक्दैन ।

*पंसूकूलं च एसो व कवचं विय धारयं ।*
*अरञ्ञसंगामगतो अवसेसधुतायुधो ॥*
*समत्थो नचिरस्सेव जेतुं मारं सवाहनं ।*
*तस्मा अरञ्ञवासम्हि रतिं कयिराथ पण्डितो ॥*



https://dhamma.digital

(यो पांशुकूललाई कवचजस्तै धारण गरेको, आरण्यसंग्राममा गएको अवशेष धुतांगरूपी हतियारहरूद्वारा सुसज्जित भिक्षुले थोरै दिनमा सेनासाथ मारलाई जित्न समर्थ हुन्छ । यसैले आरण्यवासमा पण्डित सुख गरोस् ।)

## ९. वृक्षमूलिकांग

समादान = "छाएकोलाई त्यागदछु, रूखमुनि बस्ने वृक्षमूलिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा वृक्षमूलिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस वृक्षमूलिकलाई देशको सीमामा भएको रुख, देवी देवताहरूको चैत्यमा भएको वृक्ष, गुँद आउने रुख, फलको रुख, चमेराहरू भएको रुख, खोक्रो भएको रुख, विहारको बीच भएको रुख, यी रुखहरूलाई छाडी विहारदेखि टाढा रुखलाई ग्रहण गर्नुपर्दछ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले रूचिअनुसार रुख ग्रहण गरी सफासुग्घर गराउन सक्दैन । झरेको पातहरूलाई खुट्टाले हटाएर बस्नुपर्दछ । मध्यम धुतांगधारीले त्यस स्थानलाई आएका मानिसहरूद्वारा सफासुग्घर गराउन सक्छ । मृदु धुतांगधारीले विहारको श्रामणेरहरूलाई बोलाएर सफा गराई, बराबर गरी बालु बिछ्याई, पर्खालले घेरा लगाई, ढोका लगाउन सक्दछ । पूजाको दिन वृक्षमूलिक त्यहाँ नबसेर अन्य स्थानको आडमा बस्नुपर्दछ ।

भेद = यी तीनै धुतांग छाइएको स्थानमा वास गर्दा क्षण भंग हुन्छ । तर जानीजानी छाइएको स्थानमा अरुणोदय हुँदासम्म बस्दछ भने धुताङ्ग भङ्ग हुन्छ भनी अंगुत्तर भाणक भन्दछ ।

गुण = "वृक्षमूलयुक्त शयनासनको सहारा प्रव्रज्या हो" महावग्गको यस वाक्यद्वारा निश्रयानुसार प्रतिपतिको हुनु । "उनीहरू थोरै छन् तर सुलभ र निर्दोष छन्" भनी भगवान्द्वारा प्रशंसित प्रत्ययको हुनु, हर समय रुखका पातहरूका विकारहरूलाई देख्नाले अनित्यको विचार उत्पन्न हुनु, शयनासनको कंजुसी र नाना काममा जुटिरहन नपर्ने हुनु, देवताहरूकोसाथ रहनु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*वण्णितो बुद्धसेट्ठेन निस्सयोति च भासितो ।*
*निवासो पविवित्तस्स रुक्खमूल समो कुतो ।*



https://dhamma.digital

(श्रेष्ठ भगवान् बुद्धद्वारा प्रशंसित र निश्रय भनिएको एकान्त निवासको लागि वृक्षमूलजस्तै अन्य निवास के हुन्छ ?)

*आवासमच्छेरहरे देवता परिपालिते ।*
*पविवित्ते वसन्तो हि रुक्खमूलम्हि सुब्बतो ॥*
*अभिरत्तानि नीलानि पण्डूनि पतितानि च ।*
*पस्सन्तो तरूपण्णानि निच्चसञ्ञं पनूदति ॥*

(आवास सम्बन्धी कञ्जुसी हराउँछ । देवताहरूद्वारा परिपालित एकान्तमा वृक्षमुनि रहँदै, शीलवान् भिक्षु रातो, नीलो र पहेंलो खसेको रुखको पातहरूलाई हेर्दै, नित्य हुने विचारलाई छाडिदिन्छ ।)

*तस्मा हि बुद्धदायज्जं भावनाभिरतालयं ।*
*विवित्तं नातिमञ्ञेय्य रुक्खमूलं विचक्खणो ॥*

(यसैले बुद्ध दायाद, भावनामा लागिरहने आलय र एकान्त वृक्षमूललाई बुद्धिमान् भिक्षु अवहेलना नगरोस् ।)

## १०. अभ्यवकाशिकांग

समादान = "छाएको र वृक्षलाई त्याग्दछु या खुला मैदानमा बस्ने व्रतलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा अभ्यवकाशिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस अभ्यवकाशिकलाई धर्म सुन्नको लागि छाएको स्थानमा या उपोसथ गर्नका लागि उपोसथ गृहमा पस्नुपर्दछ । यदि त्यसरी पस्दा वर्षा हुन्छ भने वर्षा भएसम्म ननिस्केर वर्षा समाप्त भएपछि मात्र निस्कनुपर्दछ । साथै भोजनशाला अथवा अग्निशालामा गएर व्रत गर्ने समय, भोजनशालामा बूढा भिक्षुहरूलाई भोजन दिने समय, पढ्ने या पढाउने समय भिक्षुहरूले बाहिर राखेको खाट, पिर्का आदिलाई भित्र राख्ने समय छाएका स्थानमा पस्नुपर्दछ । यदि बाटोमा हिँड्दा आफूभन्दा बूढा भिक्षुहरूको परिष्कार ग्रहण गरेको समयमा वर्षा भएमा बाटोमा स्थित शालामा पस्नुपर्दछ । तर केही पनि लिएको छैन भने "शाखामा उभिनेछु" भनी सोचेर छिटो हिँड्नु हुँदैन । स्वाभाविक चालले गएर ओत लागेर वर्षा नरोकिएसम्म रोकिएर जानुपर्दछ । वृक्षमूलिकको पनि यसैप्रकार विधान जानुपर्दछ ।



https://dhamma.digital

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले रुख, पहाड वा घरको सहारा लिएर बस्नु हुँदैन । खुला मैदानमा नै चीवरको कुटी बनाई रहनुपर्दछ । मध्यम धुतांगधारी घरको सहाराविना रुख, पहाडको मात्र आड लिएर बस्न सक्दछ । मृदु धुतांगधारीले मर्यादा (गुफाभित्र पानी नजाओस् भनी गुफामाथि खनेको सानो रेखा नाली) नकाटिएको गुफा पनि, हाँगाहरूबाट बनिएको मण्डप पनि, पीनाले जमा गरी कडा गरिएको कपडा र खेतको हेरविचार गर्नेहरूले छाडिराखेको झोपडी प्रयोग गर्न सक्दछ ।

भेद = यी तीनवटै धुतांग बस्ने उद्देश्य लिएर छाएको स्थान र रुखतल जानासाथ भंग हुन्छ । "जानीजानी त्यहाँ अरुणोदय गरेमात्र पनि भंग हुन्छ" भनी अंगुत्तर भाणक भन्दछ ।

गुण = आवासको बाधाहरूको उपच्छेद (नाश) हुनु, थिनमिद्ध ( मानसिक र शारीरिक आलस्य) को नाश हुनु, "मृगजस्तो विचरण गर्ने भिक्षु आलयरहित र घरविहीन भएर विहार गर्दछ ।" संयुक्त निकाय (१,१,९,४) अनुसार यसप्रकार गरिएको प्रशंसायोग्य हुनु, घरबाररहित हुनु, चारै दिशाहरूमा जानु, अल्पेच्छता आदिअनुसार वृत्ति ।

*अनगारियभावस्स अनुरूपे अदुल्लभे ।*
*तारामणि वितानम्हि चन्ददीपप्पभासिते ॥*
*अब्भोकासे वसं भिक्खु मिगभूर्तेन चेतसा ।*
*थीनमिद्धं विनोदेत्वा भावनारामतं सितो ॥*
*पविवेक रसस्सादं न चिरस्सेव विन्दति ।*
*यस्मा तस्मा हि सप्पञ्ञो अब्भोकासे रतो सिया ॥*

Dhamma.Digital

(प्रब्रजितहरूको अनुरूप, सुलभ, तारामणिद्वारा सजिएको, चन्द्ररूपी बत्तीद्वारा प्रभासित, खुला मैदानरूपी चउरमा भिक्षु मृगजस्तो मनयुक्त भएर बस्दै, शारीरिक र मानसिक आलस्यलाई हटाई, भावना गर्दै तुरुन्त नै प्रविवेक (एकान्त चिन्तन) को रस्वादन गर्दछ, यसैले प्रज्ञावन् भिक्षु खुला मैदानमा रहने अभ्यास गरोस् ।)

## ११. श्मशानिकांग

समादान = "श्मशानलाई त्यागिदन या श्मशानिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा श्मशानिकांग ग्रहण गर्न सकिन्छ ।



https://dhamma.digital

विधान = त्यस श्मशानिकले जुन ठाउँमा मानिसले गाउँ बसाउँदै "यो श्मशान हो" भनी मान्दछ, त्यहाँ बस्नु हुँदैन । किनकि लाश नजलाएको स्थान श्मशान हुँदैन । लाश जलाउन छाडेको बाह्र वर्ष पुगेको ठाउँलाई श्मशान नै भनिन्छ ।

त्यसमा चक्रमण, मण्डप आदि बनाई, खाट, पिर्का बिछ्याई, पिउनको लागि पानी राखी धर्म पाठ गर्दै बस्नु हुँदैन । यो धुतांग धेरै कठिन छ । यसैले उत्पन्न उपद्रव मिटाउनको लागि संघ स्थविर या राजकर्मचारीलाई भनेर अप्रमादले रहनुपर्दछ । चक्रमण गर्दा समय, आधा आँखाले मूर्दाघाटी (मूर्दा जलाउने स्थान) लाई हेर्दै चक्रमण गर्नुपर्दछ । श्मशानमा जाँदा पनि महामार्गबाट उत्रेर, अलग बाटो हिँड्नुपर्दछ । दिनमा नै आलम्बनलाई राम्ररी हेरेर मनमा राख्नुपर्दछ । यसरी गर्नाले उसको लागि त्यो रात्री भयानक हुँदैन । अमनुष्यहरूले शोर गरी घुमे तापनि कुनै वस्तुद्वारा हिर्काउनु हुँदैन । श्मशानमा नित्य जानुपर्दछ । "रातको दोस्रो प्रहरलाई श्मशानमा बिताएर अन्तिम प्रहरमा फर्किनुपर्दछ" भनी अंगुत्तर भाणक भन्दछ । अमनुष्यहरूको प्रिय तिलको मालपुवा, केराउ मिसिएको खिचडी, माछा, मासु, दूध, तेल, सक्खर आदि खाद्य भोज्यलाई खानु हुँदैन । मानिसहरूका घरमा जानु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ। उत्कृष्ट धुतांगधारीले जहाँ हमेशा मूर्दा जलाउँछ, हमेशा मुर्दा राखिन्छ, हमेशा रुवाबासी भइरहन्छ, त्यस्तो स्थानमा बस्नुपर्दछ । मध्यम धुतांगधारीको लागि ती तीन स्थाहरूमध्ये कुनै एक भए पनि ठीक हुन्छ । मृदु धुतांगधारीले उक्त प्रकारको श्मशानलाई पाए मात्र पनि उचित नै हुन्छ ।

भेद = यी तीनवटै धुतांग श्मशान नभएको स्थानमा वास गर्नासाथ भंग हुन्छ । साथै "श्मशानमा नजाने दिनमा पनि" भंग हुन्छ भनेर अंगुत्तर भाणक भन्दछ ।

गुण = मर्ने विचार आइरहनु, अप्रमादपूर्वक विहार गर्नु, अशुभ निमित्तको लाभ हुनु, कामरागको दूरीकरण हुनु, हमेशा शरीरको स्वभावलाई हेर्नु, संवेगको अधिकता हुनु, आरोग्यता आदिको घमण्डलाई त्याग गर्न सक्नु, भय र भयानकताको सहनशीलता हुनु, अमनुष्यहरूको गौरवनीय हुनु, अल्पेच्छ आदिअनुसार जीवन हुनु ।

*सोसानिकं हि मरणानुसतिप्पभावा ।*
*निद्‌दागतम्पि न फुसन्ति पमाददोसा ॥*
*सम्पस्सतो च कुणपानि बहूनि तस्स ।*
*कामानुराग वसगम्पि न होति चित्तं ॥*



https://dhamma.digital

(श्मशानिकलाई मरणानुस्मृतिको प्रभावले निद्रालु हुने प्रमादबाट उत्पन्न दोषलाई पनि छुन पाउँदैन र धेरै लाशलाई हेर्दाहेर्दै उसको चित्त कामरागको पनि वशिभूत हुँदैन ।)

*संवेगमेति विपुलं न मदं उपेति ।*
*सम्मा अथो घटति निब्बुतिमेसमानो ॥*
*सोसनिकंगमिति नेकगुणावहत्ता ।*
*निब्बाननिन्न हदयेन निसेवितब्बं ॥*

(धेरै संवेग उत्पन्न हुनछ, धमण्ड आउँदैन, ऊ शान्ति (निर्वाण) लाई खोज्दै राम्ररी उद्योग गर्दछ, यसैले अनेक गुणहरूलाई ल्याउने श्मशानिकांगलाई निर्वाणतर्फ झुकिएको हृदयले नै सेवन गर्नुपर्दछ ।

## १२. यथासंस्थरिकांग

समादान = "शयनासनको लोलुपतालाई त्याग्दछु या यथासंस्थारिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा यथासंस्थारिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस यथासंस्थारिकले "यो तिम्रो लागि हो" भनेर उसको लागि जुन दिइएको शयनासन हुन्छ त्यसैबाट सन्तोष गर्नुपर्दछ । अन्य शयनासनमा अरुलाई उठाउनु हुँदैन ।

प्रभेद = यो पति तीन प्रकारको छ । उत्कृष्ट धुतांगधारीले आफ्नो शयनासनलाई "के टाढा छ ? धेरै नजिक छ ? या अमनुष्य, दीर्घ जातिक ( साँप) आदिद्वारा उपद्रवयुक्त छ अथवा गर्मी या शीतल छ ?" भनी सोध्न सक्दैन । मध्यम धुतांगधारीले सोध्न सक्दछ । तर गएर हेर्न सक्दैन । मृदु धुतांगधारीले गएर हेरेर, यदि त्यो उसलाई राम्रो लाग्दैन भने अर्कोलाई ग्रहण गर्न सक्दछ ।

भेद = यी तीनवटै धुतांग शयनासनको लोलुपता उत्पन्न भएमा भंग हुन्छ ।

गुण = "जुन मिल्छ त्यसमा सन्तोष गर्नु," जवनहंस जातक (४७६) र पाचित्तिय पालिअनुसार उपदेशको पालन गर्नु, सब्रह्मचारीहरूको हितैषी हुनु, हीन, उत्तमको विचारको त्याग हुनु, अनुरोध र विरोधको प्रहाण हुनु, अधिक इच्छाको ढोकालाई बन्द गर्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।



https://dhamma.digital

*यं लद्धं तेन सन्तुट्ठो यथासन्थतिको यति ।*
*निब्बिकप्पो सुखं सेति तिणसन्थरणेसुपि ॥*

(जे पाइन्छ त्यसैमा सन्तुष्ट रहने यथासंस्थारिक भिक्षु बिछ्याएको घाँसमा पनि निर्विकल्प सुखपूर्वक सुत्दछ ।)

*न सो रज्जति सेट्ठम्हि हीनं लज्जा न कुप्पति ।*
*सब्रह्मचारि नवके हितेन अनुकम्पति ॥*

(ऊ उत्तम पाएर त्यसमा राग गर्दैन र न त हीन पाएर क्रोध नै गर्दछ । नयाँ सब्रह्मचारीहरूको भलाई गरिनयोग्य अनुकम्पा गर्दछ ।)

*तस्मा अरियसताचिण्णं मुनिपुंगव वण्णितं ।*
*अनुयुञ्जेथ मेधावी यथासंथतरामतं ॥*

(त्यसैले आर्यजनहरूद्वारा बराबर सेवित भएको, मुनिपुंगव (भगवान् बुद्ध) द्वारा प्रशंसित यथासंस्थर विहारमा प्रज्ञावान् जुटोस् ।)

## १३. नैषद्यिकांग

समादान = "ओछ्यानलाई त्यागदछु या नैषद्यिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा नैषद्यिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस नैषद्यिकलाई रात्रीको तीन प्रहरमध्ये एक प्रहर उठेर चक्रमण गर्नुपर्दछ । बस्ने, सुत्ने, उठ्ने र हिँड्ने इर्यापथहरूमा सुत्नु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ । उत्कृष्ट धुतांगधारीले अढेस लिनु हुँदैन । न चीवरसँग पलेटी मार्नु हुन्छ र न आयोगपट्ट (सुत्दा पल्टिन्छ भनेर बाँध्ने कपडा) नै ग्रहण गर्न सक्दछ । मध्यम धुतांगधारीले यी तीनमध्ये सबै प्रयोग गर्न सक्दछ । मृदु धुतांगधारीले अढेस लिने, चीवरसँग पलेटी मार्ने, आयेगपट्ट, तकिया र पाँच अंगयुक्त आसन, सात अंगहरूयुक्त आसन पनि प्रयोग गर्न सक्दछ । पाँच अंगयुक्र आसन भनिन्छ - पीठ्यूँको अढेस लाग्नेसहितको चारखुट्टे कुर्सी या आसनलाई । पीठ्यूँको अढेस लाग्नेसँगै दुवै छेउमा हात राख्न बनाइएको कुर्सी या आसन सात अंगयुक्त आसन भनिन्छ ।



https://dhamma.digital

त्यसलाई पील्हाभय स्थविरको लागि बनाइएको थियो । स्थविर अनागामी भएर परिनिवृत्त हुनुभयो ।

भेद = यी तीनवटै धुताङ्ग शय्या सेवन गर्नाले भंग हुन्छ ।

गुण = "शय्यासुख, ओल्टेकोल्टे फेर्दै सुत्ने सुख र निन्द्रासुखमा लागी विहार गर्दछ" भनिएको चित्तको बन्धनको नाश गर्नु, सबै कर्मस्थानहरूमा लाग्नको लागि सहुलियत, सुन्दर इर्यापथको हुनु, उद्योग गर्ने अनुकुलता हुनु, राम्ररी प्रतिपत्तिलाई पूर्ण गर्नु,

*आभुजित्वान पल्लकं पणिधाय उजुं तनुं ।*
*निसीदन्तो विकम्पेति मारस्स हदयं यति ॥*

(शरीरलाई सिधा गरी पलेटी मारी बस्ने योगीले मारको हृदयलाई कम्पन गराउँछ ।)

*सेय्यसुखं मिद्धसुखं हित्वा आरद्धवीरियो ।*
*निसज्जाभिरतो भिक्खु सोभयन्तो तपोवन ॥*
*निरामिसं पीतिसुखं यस्मा समधिगच्छति ।*
*तस्मा समनुयुञ्जेय्य धीरो नेसज्जिकं वतं ॥*

(शय्या र निद्राको सुखलाई त्यागेर आरब्धवीर्य (उद्योगी) बसेर बिताउनुमा रत भिक्षु तपोवनलाई सुशोभित गर्दै, निरामिष प्रीतिसुखलाई पाउँदछ । यसैले धीर भिक्षु नैषद्यिक व्रतमा लागोस् ।)

## विनिश्चय कथा

*कुसलत्तिकतो चेव धुतादीनं विभागतो ।*
*समासब्यासतो चापि विञ्ञातब्बो विनिच्छयो ॥*

(१. कुशल त्रिक, २. धुतांग आदिको विभाग र ३. संक्षेप तथा विस्तारले पनि धुतांगको विनिश्चय जान्नुपर्दछ ।)

(१) कुशल त्रिकले सबै धुतांग शैक्ष्य, पृथग्जन, क्षीणास्रवअनुसार कुशल हुन सक्दछ, अव्याकृत हुन सक्दछ, तर धुतांग अकुशल हुन सक्दैन । तर जसले भन्दछ - "खराब इच्छुक, इच्छाचारी आरण्यक हुन्छ" आदि अंगुत्तर निकाय ( ३,) को वाक्यद्वारा धुतांग अकुशल पनि हुन्छ । उसलाई भन्नुपर्दछ - हामी यो



https://dhamma.digital

भन्दैनौं कि आरण्यकको अकुशल चित्त हुँदैन । हामी भन्दछौं कि जो आरण्यमा रहन्छ ऊ आरण्यक हो, चाहे ऊ खराब इच्छा भएका होस् या अल्पेच्छा होस् । तर धुतांगको परिभाषामा नै भनेअनुसार त्यसत्यस धुतांगहरूको ग्रहणद्वारा क्लेशहरूलाई धोइएको हुनाले, धौइएको योग (धुत) को भएको अथवा क्लेशहरूलाई फट्कारी सकेको अर्थमा "धुत" नामले व्यवहृत ज्ञानको अंग भएको हुनाले धुतांग भनिएको हो । या त्यो योग (धुत) हो जसले ती क्लेशहरू धोइन्छन् र प्रतिपत्तिको विरुद्ध विषयहरूलाई फट्कार्नाले अंग बनिएको हुनाले योगको अंग धुतांग भनिन्छ । अथवा कुनै पनि अकुशल धुत (धोइएको) हुँदैन, जसमा यी अंग नहोस् । किनकि अकुशलले केही पनि फट्कार्दैन, जसको अंग मानेर धुतांग भनियोस् । न त चीवरको लोलुपता आदिलाई नै फट्कार्न सक्छ र न प्रतिपत्तिको अंग नै हुन्छ । यसैले यो ठीक भनिएको छ कि "अकुशल धुतांग हुँदैन ।"

श्रीलंकाको अभयगिरि विहारवासी आदि जसको भनाई छ कि धुतांग कुशलत्रिकदेखि अलग छ, उसको लागि असलमा धुतांग नै छैन । यदि धुतांग कुशलत्रिक नहुने भए केलाई फट्कार्नाले धुतांग भनिन्छ ? किनकि उनीहरूको कुरा मान्ने हो भने "धुतको गुणहरूलाई पालन गरिरहेछ" यस वचनको विरोध पनि हुन्छ, अतः त्यस विचारलाई मान्नु हुँदैन ।

(२) धुत आदिको विभागले - यसको लागि (१) धुत, (२) धुतवादी, (३) धुतधर्म, (४) धुतांग, (५) कसको लागि धुतांगको सेवन उपयुक्त छ आदि जान्नुपर्दछ ।

(१) धुत = क्लेश धोइएको व्यक्ति अथवा क्लेशहरूलाई फट्कार्ने धर्म ।

(२) धुतवादी = यहाँ (१) धुत हो, धुतवादी होइन (२) धुत होइन, धुतवादी हो (३) न धुत हो न धुतवादी हो (४) धुत पनि हो, धुतवादी पनि हो आदिलाई पनि जान्नुपर्दछ ।

(१) धुत हो, धुतवादी होइन = जुन धुतले आफ्नो क्लेशहरूलाई सफा गर्दछ तर अरुको धुतांगको लागि उपदेश गर्दैन, अनुशासन गर्दैन, वक्कुल स्थविरजस्तै ऊ धुत हो, धुतवादी होइन । जस्तै भनिएको छ "यो आयुष्मान् वक्कुल धुत हो, तर धुतवादी होइन ।"

(२) धुत होइन, धुतवादी हो = जो धुतांगले आफ्नो क्लेश धुँदैन, मात्र अरुलाई धुतांगको उपदेश गर्दछ, अनुशासन गर्दछ, उपनन्द स्थविरजस्तै, ऊ धुत होइन, धुतवादी हो । जस्तै भनिएको छ - "यो आयुष्मान् शाक्यपुत्र उपनन्द धुत होइन, धुतवादी हो ।"



https://dhamma.digital

(३) न धुत हो न धुवादी हो = जो दुवैरहित छ, लालुदायीजस्तै, ऊ न त धुत हो न धुतवादी हो । जस्तै भनिएको छ "यो आयुष्मान् लालुदायी न धुत हो, न धुतवादी हो ।"

(४) धुत पनि हो धुतवादी पनि हो = जो दुवैयुक्त छ, धर्म सेनपति झैं, ऊ धुत पनि हो र धुतवादी पनि हो । जस्तै भनिएको छ "यो आयुष्मान् सारिपुत्र धुत हो र धुतवादी पनि हो ।"

(३) धुतधर्म = (१) अल्पेच्छता, (२) सन्तुष्टिभाव, (३) सल्लेखता, (४) प्रविवेकको हुनु, (५) ज्ञानमा लागेको हुनु, यी पाँच धर्म धुतांग परिवारका चेतनाहरू हुन् । "अल्पेच्छाको नै सहाराले" आदि अंगुत्तर निकाय (३) को वचनद्वारा धुतधर्म हुन्छ ।

त्यसमा अल्पेच्छता र सन्तुष्टि अलोभ हो । सल्लेखता र प्रविवेक अलोभ र अमोह दुवैमा आउँछ । यसैमा लाग्नु, ज्ञान हो । अलोभद्वारा निषेध गरिएको वस्तुहरूमा लोभलाई फट्काछ्र्छ र अमोहद्वारा निषेध गरिएको वस्तुहरूमा दोषहरूलाई प्रश्रय दिने मोहलाई फट्काछ्र्छ । अलोभले भगवान्‌द्वारा बताइएको वस्तुहरूका प्रतिसेवन गर्नाले प्रवर्तित कामसुख ( कामसुखल्लिकानुयोगो) मा लाग्नुलाई र अमोहले धुतांगमा अत्यन्त सल्लेखद्वारा प्रवर्तित आफूलाई नानाप्रकारद्वारा कष्ट दिनमा लागिरहने (अत्तकिलमथानुयोगो) लाई फट्कार्दछ । यसैले यी धर्महरूलाई धुतधर्म भनी जान्नुपर्दछ ।

(४) धुतांगहरू = तेह्र धुतांगहरूलाई जान्नुपर्दछ । पांशुकूलिकांग ... नैषद्यिकांग आदिका अर्थ र लक्षण माथि बताइएका नै छन् ।

(५) कसको लागि धुतांग सेवन उपयुक्त छ ? राग र मोहचरित भएकाहरूलाई धुतांग सेवन उपयुक्त छ । किन ? धुतांगको सेवन दुःख प्रतिपद र सल्लेख विहार हो । दुःख प्रतिपदको सहारा राग शान्त हुन्छ । सल्लेखको सहारा अप्रमतको मोह टाढिएर जान्छ । अथवा आरण्यकांग, वृक्षमूलिकांगको प्रतिसेवन द्वेषचरित्रको लागि उपयुक्त छ । विनासंघर्षको विहार गर्दै, उसको द्वेष पनि शान्छ हुन्छ ।

## (३) संक्षेप र विस्तारले -

(१) संक्षेपमा = तीन शीर्ष अंग (प्रधान अंग) र पाँच असम्भिन्न ( अमिश्र) अंग, कुल आठ अंग हुन्छन् । त्यसमा सपदानचारिकांग, एकासनिकांग, अभ्यवकाशिकांग - यी ती शीर्ष अंग हुन् । सपदानचारिकांगको पालन गर्दै पिण्डपातिकांगको पनि पालन गर्दछ । एकासनिकांगको पालन गर्दै पात्रपिण्डिकांग र खलुच्छाभतिकांगको पनि पालन हुँदै जान्छ ।



https://dhamma.digital

अभ्यवकाशिकांगको पालन गर्नेलाई के गाह्रो छ वृक्षमूलिकांग र यथासंस्थारिकांगको पालन गर्नुलाई ? यसप्रकार यी ती शीर्ष अंग हुन् र आरण्यकांग, पांशुकूलिकांग, त्रैचीवरिकांग, नैषद्यिकांग, श्मशानिकांग यी पाँच असम्भिन्न (अमिश्र) अंग हुन् । यी सबै आठ नै हुन्छन् ।

पुनः दुई चीवर सम्बन्धी, पाँच पिण्डपात सम्बन्धी, पाँच शयनासन सम्बन्धी एक वीर्य सम्बन्धी यसप्रकार चारवटा हुन्छन् । जसअनुसार पांशुकूलिकांग र त्रैचीवरिकांग चीवर सम्बन्धी, पिण्डपातिकांग, सापदानचारिकांग, पात्रपिण्डिकांग, खलुपच्छाभतिकांग, यथासंस्थारिकांग पिण्डपात सम्बन्धी, एकासनिकांग, आरण्यकांग, वृक्षमूलिकांग, अभ्यवकाशिकांग, श्मशानिकांग शयनासन सम्बन्धी र नैषद्यिकांग वीर्य सम्बन्धी छन् ।

पुनः सबै निश्रयानुसार पनि दुईवटा हुन्छन् । प्रत्यय सन्निश्रित बाह्र (१२) र वीर्य सम्बन्धी एक । सेवन गर्नयोग्य, असेवन गर्न अयोग्यानुसार पनि दुई नै हुन्छन् । जसको धुतांगको पालन गर्दै कर्मस्थान बढ्दछ, त्यसलाई त्यसको पालन गर्नुपर्दछ । जसको पालन गर्दै घट्दछ, त्यसलाई पालन नगर्दा पनि बढ्दछ, घट्दैन, भने उसलाई पनि भविष्यका भिक्षुहरूमाथि अनुकम्पा गर्दै धुतांगको पालन गर्नुपर्दछ । जसको पालन गर्दा पनि, पालन नगर्दा पनि बढ्दैन उसलाई पनि भविष्य फलको लागि धुतांगको पालन गर्नुपर्दछ ।

यस्ता सेवनयोग्य र सेवनअयोग्यानुसार दुई प्रकार भए तापनि सबै चेतनानुसार एक प्रकारको हुन्छ । किनकि सबै धुतांगहरूको धुतांग ग्रहण गर्नु नै चेतना हो । अर्थकथामा पनि भनिएको छ “जुन चेतना हो, त्यो धुतांग हो, यस्तो भनिन्छ ।”

(२) विस्तारले = भिक्षुहरूको लागि तेह्र, भिक्षुणिहरूको लागि आठ, श्रामणेरहरूको लागि बाह्र, शिक्षामाणा र श्रामणेरीहरूको लागि सात, उपासक उपासिकाहरूको लागि दुई - यसप्रकार बयालिस धुतांगहरू हुन्छन् ।

यदि खुला मैदानमा आरण्यको अंगहरूयुक्त श्मशान हुन्छ, तब एक जना भिक्षुले सारा धुतांगहरूका परिभोग गर्न सक्दछ । भिक्षुणीहरूको लागि आरण्यकांग र खलुपच्छाभतिकांग दुवै शिक्षापदद्वारा नै निषेध गरिएको छ । अभ्यवकाशिकांग, वृभमूलिकांग, श्मशाननिकांग - यी ती पालन गर्न मुश्किल छन् । भिक्षुणीलाई सहायिकाविना बस्नु हुँदैन । यस्तो स्थानमा बस्न तयार हुने समानइच्छा भएकी सहायिका पाउन दुर्लभ हुन्छ । यदि पाए तापनि संसर्ग विहारदेखि नछुटोस् । यस्तो भएमा जसको लागि धुतांग पालन गर्दछिन् उनीलाई त्यसै अर्थको सिद्धि नहुन सक्छ । यसप्रकार परिभोग गर्न नसक्ने भएको कारण पाँच धुतांगलाई कम गरी भिक्षुणीहरूको लागि आठ नै धुतांग



https://dhamma.digital

हुन्छन् भनी जान्नुपर्दछ । यथोक्तमध्ये त्रैचीवरिकांलाई छाडी शेष बाह्र श्रामणेरहरूको लागि, सात शिक्षामाणा र श्रामणेरीहरूको लागि जान्नुपर्दछ । उपासक उपासिकाहरूको लागि एकासनिकांगर पात्रपिण्डिकांग यी दुई योग्य छन् र यिनीहरू परिभोग पनि गर्न सक्दछन् यसैले दुई धुतांग भनिएका छन् । यसप्रकार विस्तारले सबै बयालिस हुन्छन् ।

यहाँसम्म “सीले पत्तिट्ठाय नरो सपञ्ञो” यस गाथाद्वारा शील, समाधि र प्रज्ञानुसार उपदेश दिइएको विशुद्धिमार्गमा जुन अल्पेच्छता, सन्तुष्टिता आदि गुणहरूद्वारा उक्तप्रकारको शीलको शुद्धिकरण हुन्छ, ती सबैलाई पूर्ण गर्नको लागि ग्रहणयोग्य धुतांगको कुरा बताइएको छ, त्यो यहाँ समाप्त हुन्छ ।

***सज्जनहरूको प्रमोदको लागि लेखिएको विशुद्धिमार्गमा धुतांग निर्देश नामक दोस्रो परिच्छेद समाप्त***

Dhamma.Digital



https://dhamma.digital

# दशपारमिता

Dhamma.Digital

लेखक – भिक्षु कुमार काश्यप महास्थविर,
भिक्षु सुदर्शन महास्थविर



https://dhamma.digital

# दश पारमिता

महापुरुष अथवा महान व्यक्ति हुनलाई गुणधर्म परमावश्यक हुन्छ । गुणधर्मविना कुनै पनि व्यक्ति महापुरुष अर्थात् महानव्यक्ति हुनसक्दैन । राजाको छोरा, महाजनको छोरा, विद्वाको छोरा हुँदैमा वा धन, जन, सन्तान हुँदैमा कुनै पनि व्यक्ति महापुरुष हुँदैन । त्याग, नैतिकता, निष्कामता, समानता, परोपकार र अनवरत कार्यशीलता आदि गुणयुक्त व्यक्ति नै महापुरुष हुन्छ । तर यस्तो गुण बनाउन लामो तपश्याको आवश्यकता पर्दछ ।

वास्तवमा सुमेध तापस दीपंकर बुद्धकै पालामा नै अर्हत हुनसक्ने क्षमता भएर पनि उनले बहुजन हिताय र सुखायको अभिप्राय बोकी आफूले प्राप्त गर्न सक्ने अर्हतत्व समेत परित्याग गरे । यसरी साँच्चै महापुरुष हुन चाहनेले ठूलो अभ्यासबाट महान गुणहरु आफूमा बनाउन सबैभन्दा पहिले आफूलाई प्राप्त भएको सुख नै अरुको लागि उपयोग गर्ने हुन्छ ।

तत्कालिन राजनैतिक दृष्टिले सिद्धार्थ कुमार साधारण राजाका सुपुत्र हुन् । तर आज उनी विश्वमा एकजना महान दार्शनिकको रुपमा, मानवजगतको महान क्रान्तिकारीको रुपमा साथै शान्तिका अग्रदूतको रुपमा प्रख्यात छन् । त्यसैले शाक्यमुनि बुद्ध नेपालको मात्र नभएर विश्वकै हुन्, विश्वकै ज्योति पनि हुन् । बुद्ध यस लोकमा प्रसिद्ध भएको न राजाको सुपुत्र भएर हो न धन, जन र सन्तानले गरेर नै हो भने न त देव-ब्रम्हाले गरेर नै हो । आफ्नै आदर्शमय जीवन र श्रेष्ठतम चरित्रले गर्दा बुद्ध यस धर्तीमा प्रसिद्ध भएका हुन् । बुद्धको आदर्श र श्रेष्ठतम चरित्रको अभ्यासलाई पारमिता-गुणधर्म पूर्ण गर्नु भनिन्छ । बुद्ध, प्रत्येकबुद्ध वा अर्हत् हुनलाई दश पारमिता अर्थात् दश गुणधर्म अनिवार्य छन् भन्ने कुरा बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ । त्यसैले बुद्ध, प्रत्येकबुद्ध र अर्हत्‌हरुलाई चिन्नको लागि मात्र होइन सबै बौद्धहरुले स्वयं आफूमा बौद्धत्वगुण अभिवृद्धि गर्नको लागि पनि पारमिताधर्म अध्ययन र अभ्यास नगरी नहुने गुणधर्म हो ।

बोधि तीन प्रकारका छन् । यहाँ बोधिको तात्पर्य विशेष ज्ञान, यथार्थज्ञान वा सम्यकज्ञान हो । अर्को शब्दले भन्नुपर्दा आर्यमार्ग वा सर्वज्ञताज्ञान हो ।

तीन बोधि :-

१) श्रावकबोधि

२) प्रत्येकबोधि

३) सम्यक् सम्बोधि



https://dhamma.digital

श्रावकको साधारण अर्थ श्रोता हो । प्रायः मानिसहरुलाई जतिसुकै तीक्ष्ण र सहजप्रज्ञा भएतापनि कम्तिमा श्रोतापत्ति हुनलाई अरुसँग उपदेश सुन्नु *"परतो घोष प्रत्यय"* हुनु आवश्यक हुन्छ । जस्तै सारिपुत्र स्थविरले बुद्धधर्ममा प्रवेश गर्नुअघि अस्सजति भन्तेको उपदेश सुने र मार्गफल पनि प्राप्त गरे । अरुसँग उपदेश सुनेर मात्र अवबोध हुने हुनाले श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत् आर्यहरुलाई श्रावक भनिएका हुन् र श्रावकहरुको ज्ञानलाई "*श्रावकबोधि*" भनिन्छ ।

अरुबाट धर्मश्रवण नगरी कुनै एउटा निमित्त लिएर "*पटिच्च समुप्पाद*" (प्रतीत्यसमुत्पाद) विचार गरी आफू एक्लै निर्वाण अवबोध गर्नेलाई "*प्रत्येकबुद्ध*" भनिन्छ । उनको ज्ञान- "*प्रत्यकेकबोधि*" हो । अरुसँग सोधेर आफू पनि बोध भएर अरुलाई पनि बोध गर्ने सामर्थ्य श्रावकसँग हुन्छ । तर प्रत्येकबुद्ध आफू एक्लै बोध भएर अरुलाई भने निर्वाण धर्म-ओवाद गर्दैनन् । श्रावकहरु बुद्धोत्पाद कालमा मात्र उत्पति हुन्छन्, जबकि प्रत्येकबुद्ध नभएको कालमा मात्र उत्पति हुन्छन् ।

आफू स्वयंले ज्ञान-निर्वाण बोध गर्न सक्ने र अरुलाई समेत बोध गर्न सक्ने सामर्थ्यता प्राप्त वा शक्तिपूर्ण व्यक्तित्वलाई "*सम्यक् सम्बुद्ध*" भनिन्छ । सम्यक् सम्बुद्धको ज्ञान नै "*सम्यक् सम्बोधि*" ज्ञान हो । सम्यक्को अर्थ यथार्थरुपले हो भने 'स' को अर्थ स्वयं र 'बुद्ध' को तात्पर्य अवबोध हो ।

माथि उल्लेखित तीन बोधिहरुमध्ये आफूलाई प्रसन्न वा स्वीकार्य एउटा बोधि प्राप्तिको लागि संसारबन्धनबाट मुक्त भएको निर्वाणको प्रार्थना गरी कुशलचर्या गर्नुलाई नै *पारमी* वा *पारमिता* भनिन्छ । पारमीरुपी कुशल बोधि निर्वाणतिर लाने रथसमान हुन्छ । बुद्धत्व प्रार्थना पूर्ण गर्ने कुशलचर्या गर्नुलाई *महाबोधियान* अर्थात् *महायान* भनी भनिएको हुन्छ । प्रत्येकबुद्धत्व प्रार्थना पूर्ण गर्ने कुशलचर्या *प्रत्येकबोधियान* हो । अर्हतत्व प्रार्थना पूर्ण गर्ने कशलचर्या *श्रावक-बोधियान* हो ।

गंगानदी, समुद्र आदि पार तर्नुलाई पनि '*पार*' भनिन्छ । यथार्थतः सांसारिक बन्धनबाट पारको अवस्थालाई निर्वाणको संज्ञा दिइएको हो । संसाररुपी सागको पार निर्वाण भएकोले निर्वाण पुग्ने गुणधर्मको अर्थले पनि यसलाई पारमी भनिएको हो । अर्को शब्दमा भन्ने हो भने- '*सम्बोधि संख्यात*' पार जानलाई र उपकार हुने गुणधर्मलाई पारमी भनिएको हो । दानशील आदि गुणधर्म पूरा गरिलानु नै पारमिता हो ।

चरियापिटक अर्थकथाअनुसार तृष्णा, मान, दृष्टि मिश्रित नभएको, क्लेश धमलिो नभएको, करुणा र कौशल्यले राम्ररी सुरक्षित भएको दानशील आदिलाई पनि पारमी भनिएको देखिन्छ । यसले स्पष्ट हुन्छ कि पारमी पूरा



https://dhamma.digital

गर्ने बखतमा तृष्णा, मान र दृष्टि क्लेशबाट अलग हुनुपर्दछ । साथै करुणा र ज्ञानले आफूलाई सुरक्षित बनाइराख्नुपर्छ ।

वास्तविक बौद्धहरुले स्वार्थगत भावनाले वा आशावादी भएर कुनै कुशलक्रिया गर्नु हुँदैन । यदि कसैले पनि भवभोग सम्पत्तिको आशा गरेर पुण्यकर्म गरेमा एकातिर त्यसको महत्त्व कम हुन्छ भने अर्कोतिर आशा, तृष्णा र इच्छा घट्नुको सट्टा झन् बढेर जाने सम्भावना हुन्छ । जसले गर्दा उसको क्लेश मात्र अधिक हुन्छ । तब ऊ निर्वाणको मार्गबाट टाढिँदै जान्छ । यस्तो पुण्यकर्म मजबुत तवरले पारमीधर्ममा समावेश पनि हुँदैन । हाम्रो समाजमा कीर्ति, प्रशंसा वा नाम प्रचार गर्ने उद्देश्यले दान आदि गर्नेहरुको संख्या कम छैनन् । साँच्चै भन्ने हो भने यस्ता पुण्य पनि तृष्णा मिश्रित भएर पारमिताको गुणधर्ममा समावेश हुँदैन । त्यसरी नै आफ्नो उच्च श्रेणीत्व, सामर्थ्यता, धनमत्ता, परजनलाई देखाउनको लागि मात्र धन खर्च गरेर पुण्य गर्नेहरु पनि हाम्रो समाजमा धेरै छन् । 'ऊभन्दा म के कम ?' भन्ने भावना जगाएर 'उसलेभन्दा मैले धेरै दान गर्छु' भनी जसले दान गर्छ वा शील पालन गर्छ, त्यो मान मिश्रित कुशलकर्म भएकोले पारमिता गुणधर्म अन्तर्गत पर्दैन ।

कसैकसैले विदर्शना (विपश्यना) मार्गफल विषयमा कुनै पनि विचार नगरी दान, शील र तपस्याले मात्र मन शुद्ध हुन्छ भनी विचार गर्दछ । तर यो गलत धारणा हो, यो दृष्टि मिश्रित कुशलधर्म भएकोले यो पनि पारमिता गुणधर्म अन्तर्गत पूर्णरुपले पर्दैन ।

*"यस्स कामनाय पवत्तित हीन, पुञ्ञफल कामनाय पवत्तित मज्झिम,*
*कत्तब्ब मे विदन्ति अरियभाव निस्साय पवत्तित पणीत ।"*

भवभोग, सम्पत्ति यश र कीर्तिको लागि जुन व्यक्तिले कुशलकर्म गर्दछ, त्यो हीनकुशलकर्म हुन्छ । आफ्नो विमुक्तिको कारणले गरिने कुशलकर्म मध्यमस्तरको हुन्छ । सारा प्राणीहरुको मुक्तिको लागि भनी गरिने कुशलकर्म प्रणीतस्तरको हुन्छ ।

यथार्थतः पारमिता भनेको करुणा भरिएको स्वच्छ शीतल हृदयले पूरा गर्नुपर्छ । फेरि त्यस अवस्थामा परजनबाट क्रोध, ईर्ष्या आदि जे जस्ता अप्रिय व्यवहार प्रदर्शन गरेतापनि अखण्डरुपले आफ्नो कार्य गरिँदै लानुपर्छ । तब मात्र ऊ सफल हुन सक्छ ।

हो, कहिलेकाहिँ करुणाचित्तबाट पनि मूढक्रियामा हुन सक्छ । त्यस अवस्थामा प्रज्ञामा प्रतिष्ठित भएर करुणालाई आरक्षा गर्नुपर्छ । अर्थात् प्रज्ञाले



https://dhamma.digital

करुणाको वैकल्पिक कार्य गर्न सक्नुपर्छ। प्रज्ञानुकूल गरिने कारुणिक क्रिया नै सर्वप्रकारले श्रेष्ठोत्तम हुन्छ।

पारमिता दश प्रकारका छन्। जस्तै :-

*१) दान - त्याग।*
*२) शील - नैतिकगुण।*
*३) नैष्कम्य - अनाशक्ति, वैराग।*
*४) प्रज्ञा - यथार्थज्ञान।*
*५) वीर्य - उत्साह।*
*६) क्षान्ति - सहनशीलता।*
*७) सत्य - यथार्थवचन।*
*८) अधिष्ठान - प्रतिज्ञा।*
*९) मैत्री - समताभाव, समानभाव।*
*१०) उपेक्षा - मध्यस्थता।*

यी माथि उल्लेखित दश पारमितालाई *पारमिता, उपपारमिता, परमत्थपारमिता*को रुपमा तीस संख्यामा पुऱ्याउन सकिन्छ। त्यसरी नै अर्हतको लागि दश पारमिता, प्रत्येकबुद्धको लागि दश पारमिता र दश उपपारमिता गरी बीस पारमिता र सम्यक् सम्बुद्धको लागि सबै तीस पारमिता गुणधर्महरु पूरा गर्न अनिवार्य छ।

## पारमिता धर्मको लक्षण

अरुलाई अनुकम्पा राख्नु, दया गर्नु पारमिताको लक्षण हुन्। परोपकार गर्नु नै पारमिताको रस (काम) हो। आफ्नो श्रमले प्राणीप्रति अनुकम्पापूर्ण हृदयले र प्रज्ञापूर्ण दृष्टिकोणले गरिने परोपकार चर्या नै बोधिसत्त्वको क्रिया हुन्छ। त्यसैले बुद्धत्वप्रार्थना गरी गुणधर्म पूरा गर्नेहरुलाई एकातिर बोधिसत्त्व भनिन्छ भने अर्कोतिर परजनको हितोपकार गर्नेलाई पनि बोधिसत्त्व नै भनिन्छ। अथवा आफ्नो स्वार्थको लागि होइन परार्थको लागि धन, शक्ति, जीवन दिन सक्नेलाई बोधिसत्त्व भनिन्छ। बोधिसत्त्वबाट हुने यस किसिमका क्रियाकलापलाई नै *बोधिचर्या* भनिन्छ भने बोधिचर्याद्वारा नै बुद्धत्व प्राप्तिको अवस्थामा पुग्न सकिने हुन्छ। यसप्रकार बोधिसत्त्व - धर्म र परोपकार एक अर्काको अर्थ खुलस्त पारिदिने पर्यायवाची शब्दजस्तै हुन्।

अरुहरुको दु:ख देखेर बोधिसत्त्वले आफूलाई नै भएझैं सम्झिन्छन् र मनमा दु:खको अनुभूतिको महशूस गर्ने हुन्छ। बोधिसत्त्वले जुनसुकै उपाय वा



https://dhamma.digital

कुशलताले परदु:ख हटाउन स्वयंले नै अदम्य उत्साह गर्दछन् । अरुलाई दु:खमुक्त गरिदिन नसकेसम्म उनमा प्रीति उत्पन्न हुँदैन ।

बोधिसत्त्वले जोसुकैसँग पनि जहिले पनि हितैषी भाव देखाउँदछन् । आफू-अरु, उँच-नीच, सम-असम, भेदभाव नराखी, विश्व नै आफ्नो परिवारजस्तै गरी आफ्नो हित-सुखको वास्ता नराखी बोधिसत्त्वले अर्काको हितसुखको कामना गर्दछन् ।

सकल सत्व प्राणीप्रति चुलि भरिएको करुणात्मक परोपकार नै उनको जीवनलक्ष्यको प्रधानाङ्ग हुन्छ । उनको हृदय नै करुणात्मक भाँडो जस्तै हुन्छ । वचन र क्रियाले पनि बोधिसत्त्व करुणासहगत चित्तका हुन्छन् । आध्यात्मिक करुणाले उनको आँखा तेजिलो हुन्छ भने अनुहारमा प्रसन्नता छाएको हुन्छ ।

## पारमीधर्मको प्रत्यय

*मनुस्सत्तं लिंगसम्पत्ति, हेतु सत्थारदस्सनं ।*
*पब्बज्जा गुणसम्पत्ति, अधिकारो च छन्दता ।*
*अट्ठधम्मे समोधाना, अभिनिहारो समिज्झति ॥*

यस गाथा अनुसार पारमीधर्मको प्रत्यय अर्थात् अपकारक अङ्ग आठ प्रकारका छन् । यहाँ आठ अंगको विषयमा अलगअलग उल्लेख गरिनेछ ।

*१. मनुस्सत्तं*: मनुष्यत्व । बुद्ध पनि मनुष्य नै थिए, देव ब्रह्मादि होइन । त्यसैले बुद्धत्वको लागि मनुष्यजन्ममा नै पहिलोपल्ट प्रार्थना गर्नुगर्छ । यदि प्रार्थनाअनुसार कार्य पनि सफल हुन्छ भने भविष्यमा बुद्ध हुन्छ । अन्य देव ब्रह्मादि जातिले सर्वप्रथम बुद्धत्व प्राप्त गरी पारमिता गुणधर्म सिद्ध हुँदैन ।

*२. लिङ्गसम्पत्ति*: पुरुषत्व । पुरुषत्व भावमा नै बुद्धत्वको लागि प्रार्थना गरिनुपर्छ । पुरुषत्व भावले नै बुद्ध हुन्छ । त्यसैले, स्त्री, नपुंसक वा पण्डक ( दुवै लिङ्ग भएको) आदि भावमा प्रार्थना गरेर कहिले पनि सिद्ध हुँदैन ।

*३. हेतु* : त्यसै अवस्थामा वा जन्ममा अर्हत्सम्मका हुनसक्ने पुण्य भएको हुनुपर्छ । जस्तै सुमेध तापस त्यसै जन्ममा अर्हत्सम्म हुनसक्ने पुण्य भएको हुनुहुन्थ्यो ।

*४. सत्थारदस्सन* : शास्ताको दर्शन । बुद्धत्व प्रार्थना वा बोधिसत्त्व गुणधर्म पालनाको प्रारम्भ बुद्धको दर्शनदेखि शुरु हुन्छ । बोधिवृक्ष र चैत्य आदि स्थापना गरी सिद्ध हुँदैन । जस्तै सुमेध तापसले दीपङ्करबुद्धको सम्मुख बुद्धत्व प्रार्थना गरे ।



https://dhamma.digital

*५. पब्बज्जा* : प्रव्रज्या । बुद्ध-प्रार्थना गर्नाले कर्म र कर्मफलमा विश्वार गरी पव्रजित (गृहत्यागी) भएर नै प्रार्थना गर्नुपर्छ, गृहस्थ भएर होइन । जस्तै सुमेध तापसले प्रव्रजित भएर प्रार्थना गरे । फेरि बुद्ध स्वयं पनि पव्रजित हुन्छन् । गृहस्थ बुद्ध भएर गृहस्थमा बस्न असम्भव छ ।

*६. गुणसम्पत्ति* : पञ्च अभिज्ञा र अष्ट समापत्तिजस्ता गुणसम्पत्ति हुनुपर्छ । प्रब्रजित भएर पनि यी गुणसम्पत्तियुक्त भएको व्यक्तिले मात्र बुद्धत्व प्रार्थना गरेर सिद्ध गर्न सक्छ । यी गुण नभएकाहरुले सक्दैनन् ।

*७. अधिकार* : आधिपत्य । आवश्यक परेमा आफ्नो जीवनसम्म बुद्धत्वको लागि त्याग गर्न सक्ने हुनुपर्दछ । सुमेध तापसले जस्तै प्राण परित्यागको प्रण नगरिकन नै बुद्धत्व प्राप्त गर्नु सम्भव छैन ।

*८. छन्द* : बुद्ध हुने महति इच्छा । महान उत्साह र प्रयत्न भएको हुनुपर्छ । अन्यथा होइन ।

*यी आठ मूल अङ्गहरु प्रत्यय वा दुढ संकल्पलाई नै अभिनिहार भनिन्छ । विवरण प्राप्त हुने आवस्थामा आफू स्वयं बुद्ध भएर परजनलाई पनि चार आर्यसत्य अवबोध गर्नेछु* भनी प्रार्थना गरिनु 'प्रथम प्रार्थना' हो । नियत विवरणको तात्पर्य बुद्धको भविष्यवाणी हुन् भन्ने कुरा दीपङ्कर बुद्धले सुमेध तापस हिलोमा पल्टेर बसेको दृश्य देखेर निश्चय नै यो तापस भविष्यमा बुद्ध हुने दृढसंकल्प (अभिनिहार) गरी पल्टिरहेको छ भन्ने कुरा स्वयं आफैले बुझेका थिए । गहन विचार पछि सुमेध तापसले भविष्यमा गौतम बुद्ध हुनेछ भन्ने निर्णयमा पुगी भविष्यवाणी समेत गरे ।

'भविष्यमा हुने गौतम बुद्धको कुलभूमि कपिलवस्तु नगर हुनेछ, आमा महामाया, बाबु शुद्धोदन हुनेछ । साथै प्रथम शिष्य उपतिस्स (सारिपुत्र) द्वितीय शिष्य कोलित (मौद्गल्यान) भने परिचाक (उपस्थामक) आनन्द स्थविर हुनेछ । यसरी नै खेमा स्थविरा प्रथम शिष्या, उत्पलवर्णा द्वितीय शिष्या हुनेछन् भने उनीहरु ज्ञानले परिपक्व भएर नै गृहत्याग (अभिनिष्क्रण) गर्नेछन् । महान तपश्यापछि न्यग्रोध रुखमुनि खीर ग्रहण गरी नेरञ्जना नदी तीरमा भोजन गरी बोधि मण्डपमा बसी पिपटबोटमुनि बुद्धत्व प्राप्त गरिलिनेछ ।

गौतम बुद्धप्रतिको यो उल्लेखलाई नै नियत विवरण भनिएको छ ।

## प्रत्येकबुद्ध र श्रावकबुद्धहरुको लागि अभिनिहार

प्रत्येकबुद्धहरुको मूल प्रार्थनाको (अभिनिहार) बखतमा पाँच अङ्गयुक्त हुनुपर्दछ । ती हुन् :-

*१) मनुष्यत्व*



https://dhamma.digital

*२) लिङ्गसम्पत्ति*

*३) श्रीणाश्रव दर्शन*

*४) अधिकार*

*५) छन्द ।*

यहाँ श्रीणाश्रव दर्शन भनेको बुद्ध, प्रत्येकबुद्ध र अर्हत्‌हरुका सम्मुख हुनु हो । प्रथम प्रार्थना सारा क्लेश नाश भइसकेकाहरुका अगाडि मात्र सिद्ध हुन्छ । महाश्रवाकहरुका अधिकार र छन्द यी दुई अङ्गयुक्त भएमा पनि समृद्ध हुन्छ भनिएको छ ।

प्रसंगवश यहाँ चरियापिटक अर्थकथाअनुसार पारमी सम्बन्धमा आचार्यहरुका केही मतान्तरहरुको चर्चा गरिनु प्रासङ्गिक हुन्छ ।

१. अकुशलसँगै मिश्रित दान आदि गुणधर्मलाई पारमी भनिन्छ । अकुशलसँग मिश्रित नभएको दान आदि कुशलधर्मलाई उपपारमी भनिन्छ । अकुशल पनि नभएको कुशल पनि नभएको दान आदि धर्मलाई परमार्थपारमी भनिन्छ ।

२. अर्को मतअनुसार अभिनिहार अर्थात् मूल प्रार्थनाभन्दा अगाडि पूरा गरिएको दान आदि धर्मलाई पारमी भनिन्छ। अभिनिहारभन्दा पछि पूरा गरिएको दान आदि धर्मलाई उपपारमी भनिन्छ भने बुद्धभूमिमा बसेर पूरा गरेको दान आदि धर्मलाई परमार्थपारमी भनिन्छ ।

३. त्यसैगरी अर्को मतअनुसार बोधिसत्त्वभूमिमा बसेर परमार्थको लागि पूर्ण गरेको दान आदि गुणधर्मलाई पारमी भनिएझैं आफ्नो लागि गुणधर्म पूरा गर्नुलाई उपपारमी भनिएको छ । आफ्नो र अर्काको लागि गरिने दान आदि गुणधर्मलाई परमार्थपारमी भनिएको छ ।

४. त्यसरी नै पारमी श्रावकको हुन्छ, उपपारमी प्रत्येकबुद्धबाट हुने र परमार्थपारमी सम्यक् सम्बुद्धबाट हुने कुरा पनि उल्लेख भएको छ ।

५. अर्को मतअनुसार सांसारिक सुख दिने पुण्य पारमी हो र निर्वाणसुख दिने पुण्य उपपारमी हो भने अरुलाई सांसारिकसुख र निर्वाणसुख दिने पुण्य परमार्थपारमी हो ।

माथि भनिएअनुसारको अर्थपरिधि वा व्याख्यानअनुसार दश पारमिता नै तीस पारमिता हुन्छन् भने अर्कोतिर दानशीलादि अनुसरा दश पारमी नै स्वभाव अनुरुप षत पारमितामैं सीमित गरी देखाइएको पनि छ, जुन षत पारमिताको प्रचलन नेपालमा अद्यावधि रहिरहेको छ । ती हुन् :-

*१) दान*

*२) शील*

*३) क्षान्ति*



https://dhamma.digital

*४) वीर्य*

*५) ध्यान र*

*६) प्रज्ञा ।*

दश पारमिता अन्तर्गत नैष्क्रम्यपारमिता प्रव्रज्या प्राप्त हुने अवस्थामा हुने भएकोले यसलाई शीलपारमितामा गाभिएको छ । नीवरणदेखि अलग अवस्था ध्यान पारमितामा समावेश हुन्छ । अकुशलदेखि अलग भएर कुशल प्राप्त अवस्थामा दान आदि षत पारमिता पनि एकै ठाउँमा मिल्न आउँछ । *सत्यपारमिता वा विरति सत्यको पक्षमा, शीलपारमितामा, ज्ञान सत्यको पक्षमा प्रज्ञापारमिता संग्रह हुन्छ* । मैत्रीपारमिता ध्यानमा समावेश हुन्छ । उपेक्षापारमिता ध्यान र प्रज्ञा दुवैमा समावेश हुन्छ । अधिष्ठानपारमिता ६ वटैमा संग्रहित हुन्छ । वस्तुतः संक्षिप्तमा भन्ने हो भने सारा पारमी करुणा र प्रज्ञा दुवैमा संग्रहित हुन्छ ।

## पारमिता सम्पादन गर्ने उपाय

पारमिता जति महानगुण हो, त्यति नै यो पूरा गर्न उपाय वा कुशलता पनि बलियो हुनुपर्छ, दरिलो हुनुपर्छ । यहाँ यसैबारे चर्चा गरिनेछ ।

१. *अनवसेस सम्भरण* अर्थात् दान आदि दश पारमितामध्ये कुनैपनि नछोडि सम्पादन गर्नु ।

२. *सक्कच्च कारिताय* अर्थात् दश पारमितामा आदर गौरव राखी राम्ररी क्रमैसँग सम्पादन

गर्नु ।

३. *सातच्च कारिताय* अर्थात् अखण्डहरुले पारमिता सम्पादन गर्नु ।

४. *चिरकालाभियोग* अर्थात् चिरकालदेखि पारमिता अभ्यास गरी सम्पादन गर्नु ।

## पारमिता सम्पादन समय

एक दिन आनन्द स्थविरले सोध्नुभयो -

'भो भागवान् ! बुद्धत्वप्रार्थना पूरा गर्न कति समय बित्दछ ?'

बुद्धद्वारा आज्ञा हुन्छ- *'बुद्धानं आनन्द, हेट्ठिम परिच्छेदेन चत्तारि असंख्यय्यानि कप्पसतसहस्सानि, मज्झिम परिच्छेदेन अट्ठ असंख्यय्ययानि कप्पसतसहस्सानि, उपरिम परिच्छेदेन सोलस असंख्यय्यानि कप्पसतसहस्सानि ।'*



https://dhamma.digital

आनन्द, कम्तिमा पनि निम्न परिच्छेदले चार असंख्य एक लाख कल्प, मध्यम परिच्छेदले आठ असंख्य एक लाख कल्प र उत्तम परिच्छेदले सोह्र असंख्य एक लाख कल्पले बोधिसत्त्वहरुको पारमिता सम्पादन सम्पूर्ण हुने हुन्छ .

## तीन प्रकारका बोधिसत्त्वहरु

प्रज्ञा, श्रद्धा र वीर्य यी तीन गुणधर्म बुद्धत्व प्राप्तिको लागि उपकारक गुणधर्म हुन् । यी तीन गुणधर्म सबै बोधिसत्त्वहरुमा समान रुपले विद्यमान रहँदैन । त्यसैले बोधिसत्त्व पनि तीन प्रकारका हुन्छन् ।

जस्तै :-

*१. प्रज्ञाधिक*

*२. श्रद्धाधिक*

*३. वीर्याधिक*

प्रज्ञाधिक (प्रज्ञा अधिक) बोधिसत्त्वहरुको श्रद्धा अल्प हुन्छ । वीर्य मध्यम हुन्छ । श्रद्धाधिक बोधिसत्त्वहरुको प्रज्ञा मध्यम हुन्छ भने वीर्य हीन हुन्छ । वीर्याधिक बोधिसत्त्वहरुको प्रज्ञा कम हुन्छ, श्रद्धा मध्यम हुन्छ ।

प्रज्ञाधिक बोधिसत्त्वहरुलाई चार असंख्य र एक लाख कल्पमा सम्बोधि प्राप्त हुन्छ । श्रद्धाधिक बोधिसत्त्वहरुलाई आठ असंख्य र एकलाख कल्पमा सम्बोधि प्राप्त हुन्छ । वीर्याधिक बोधिसत्त्वहरुलाई सोह्र असंख्य र एकलाख कल्पमा सम्बोधि प्राप्त हुन्छ ।

जोकोही बुद्ध हुन सक्छ, बुद्धधर्ममा जो-कसैलाई पनि बुद्ध हुनको लागि अवसर दिइएको छ । बुद्धहरु फक्रिएको फूलजस्तै हुन् । बुद्ध हुनलाई इच्छा गर्नेहरु कोपिलाजस्तै हुन् । बौद्ध दृष्टिकोणमा बुद्ध हुने शक्ति सबै प्राणीहरुमा नभएका होइनन् । तर त्यो शक्ति गुणधर्मले पूर्ण गर्नुपर्छ । गुणधर्मको पूर्णताले मात्र बुद्ध हुन्छ, त्यसै बुद्ध हुँदैन ।

यहाँ पारमिता आनिशंस (फल) बारे उल्लेख गरिनेछ । जबदेखि बोधिसत्त्वले मूलप्रार्थना अर्थात् अभिनिहारले पूर्णता प्राप्त गर्दछन् तबदेखि निम्न अभव्यस्थानमा जन्म हुँदैन । यसैगरी चार बुद्धभूमि, छ अभ्यास र चार सम्पत्तियुक्त हुन्छन् ।



https://dhamma.digital

## अठार-अभव्यस्थान

अपदान ग्रन्थ र सूत्रनिपातको अर्थकथाअनुसार नियत विवरण प्राप्त बोधिसत्त्व बुद्ध नभएसम्म कहिले पनि (१) जन्मले अन्धो हुँदैन, (२) बहिरो हुँदैन, (३) पागल हुँदैन, (४) दुर्गम स्थानमा जन्म हुँदैन, (५) दोषी गर्भमा जन्म हुँदैन, (६) मिथ्यादृष्टिक हुँदैन, (७) लिंग परिवर्तन हुँदैन, (८) आनन्तर्यकर्म ( आमाबाबु, अरहन्त, गुरुको हत्या, संघभेद, बुद्धमाथि सांघातिक हमला) गर्दैन, (९) कुष्ठ रोग हुँदैन, (१०) पशुयोनीमा बट्टाईभन्दा सानो र हात्तीभन्दा ठूलो भएर जन्म लिँदैन (११) *खप्पिपासा र निज्झामतण्हिक* भनिने प्रेतयोनीमा जन्म हुँदैन, (१२) *काल कञ्जिक* असुर निकायमा जन्म हुँदैन, (१३) लोकान्तरिक नरकमा जन्म हुँदैन, (१४) अवीचि नरकमा जन्म हुँदैन, (१५) कामलोकमा मार हुँदैन, (१६) रुपलोकमा असञ्ञिभूमिमा जन्म हुँदैन, (१७) अरुपलोकमा जन्म हुँदैन, (१८) अन्य चक्रवाल (ब्रम्हाण्ड) मा जन्म पनि हुँदैन ।

## चार-बुद्धभूमि

*१) उत्साह* : दान आदि क्रिया विषयमा हतोत्साह नभई अगाडि बढ्ने स्वभाव ।

*२) उम्मग* : पारमिता पूरा गर्ने अवस्थामा निर्दोषीरुपले उपाय थाहा पाउने तीक्ष्ण स्वभाव ।

*३) अवत्थान* : जतिसुकै वाधा आए तापनि, जतिसुकै कष्ट भए तापनि दान आदि गुणधर्म

निश्चल रुपले गर्ने ।

*४) हित चरिया* : आफूलाई दुःखकष्ट दिनेलाई समेत नछोडी सकल प्राणीप्रति मैत्री र करुणा

राख्ने ।

यी चार गुण पारमी पूरा गर्नेलाई अति उपकारी भएकोले यसलाई बुद्धभूमि भनिएको हो । अर्थात् यी गुणविशेष बुद्धत्व प्राप्तिको लागि पृष्ठभूमिजस्तै हुन् ।



https://dhamma.digital

## बोधिसत्त्वहरुको छ-अज्झास

*१. नेक्खम्मज्झास*
*२. पविवेकज्झास*
*३. अलोभज्झास*
*४. अदोसज्झास*
*५. अमोहज्झास*
*६. निस्सरणज्झास*

अज्झासको अर्थ विचार हो । यी ६ प्रकारका विचार बोधिसत्त्वहरुमा भइरहन्छ । जसरी रुख बलियो बनाउन जरा उपकारक भएझैं बोधिसत्त्वहरु बाधिचर्यामा स्थीर हुनलाई यी ६ अज्झास अत्यन्त उपकारक हुन्छन् । जरा बलियो नभएमा ठूलो हावा आउँदा रुख ढल्दछ। त्यसरी नै ६ अज्झास नभएमा बोधिचर्या विनाश हुने सम्भावना रहन्छ । जसबाट बुद्ध हुने सम्भावना टाढिँदै जान्छ । अब यहाँ यिनै ६ अज्झासबारे अलगअलग संक्षिप्त परिचय दिइनेछ ।

१) *नेक्खम्मज्झास* : गृहत्याग गर्नु अर्थात् अशक्तिबाट अलग हुने विचार, जुन बोधिसत्त्वहरुमा भइ नै रहन्छ । *'सदा सम्बाधायं घरावासा'* भनेझैं घरको दोषलाई बोधिसत्त्वले देखिरहन्छन् । घरमा बस्ने विचार हुँदैन । त्यसरी नै पञ्चकाम विषयमा दोष देखेर धन, जन, घर, खेत र सन्तान छोडी प्रव्रजित हुन्छन् । नेक्खम्मज्झास सम्पत्ति नभएको व्यक्ति पञ्चकाममा मात्र भुलेर एक रुपैंया पनि त्याग गर्ने शक्ति नभएको हुन्छ । गहिरो पोखरीमा गह्रुंगो ढुङ्गा जहिले पनि तलको तलै रहिरहन्छ । त्यो कहिले पनि माथि आउन सक्दैन । त्यस्तै उनीहरुको जीवन पनि माथि उकास्न सकिँदैन ।

*२. पविवेकज्झास* : विवेकशील हुने विचार अर्थात् विवेक प्रिय भएर विवेकमा बस्ने विचार बोधिसत्त्वहरुमा रहन्छ । तब छोराछोरी, आफन्त र जहान परिवार जम्मा गरी त्यसैमा मात्र भुलेर बस्नुमा दोष देख्दछन् । घर, परिषद्को बीचमा बस्ने इच्छा गर्दैनन् । जसरी जेलमा कैदी जहिले पनि जेलबाट बाहिर निस्कने विचार गर्दछ, स्वयं आफूलाई पुनः पक्रेर जेलमा राख्न खोज्दा पनि त्यसरी नै बाहिर निस्कन पाउने विचार गर्दछ । त्यसरी नै पविवेकज्झास अभ्यन्तरमा भएका बोधिसत्त्वहरु मानिसहरुका बीच रहे तापनि पविवेकज्झास अभ्यन्तर गति भएको कारणले फेरि विवेक स्थानमा जान विचार गर्दछन् ।

*३. अलोभज्झास* : लोभलाई जित्नु अर्थात् लोभको प्रतिपक्ष विचार । बोधिसत्त्वले लोभको दोष देख्दछन् । अलोभ विचार भएका बोधिसत्त्वहरु भएकाले जुनसुकै वस्तु भए तापनि सजिलै त्याग गर्दछन् । जस्तै छोराछोरी,



https://dhamma.digital

धन, शरीर, शरीरको अङ्गप्रत्यङ्ग र आफ्नो प्राण समेत परार्थको लागि त्याग गर्दछन्, उत्सर्ग गर्दछन् । अलोभज्झास भएका बोधिसत्त्वहरुका लागि त्याग गर्नु कुनै दुष्कर हुँदैन । बरु स्वभावगत विचारले त्याग नगरी बस्नु मात्र दुष्कर हुन्छ ।

४. *अदोसज्झास* : द्वेषविहीन विचार अर्थात् दोष प्रतिपक्ष विचार । बोधिसत्त्वले द्वेषमा दोष देख्दछन् । उनले सधैं कसरी द्वेष हटाउने भनी उपाय रच्दछन् । आफ्नो जीवनमा हानी गर्नेहरुलाई देख्दा पनि क्रोध गर्दैनन् । बरु मैत्री र करुणा राख्दछन् ।

५. *अमोहज्झास* : मोहरहित विचार अर्थात् मोहको प्रतिपक्ष विचार । बोधिसत्त्वले मोहको दोष देख्दछन् । कर्तव्याकर्तव्य र असल खराब बुझ्दछन् । स्कन्ध, धातु आयतन भनेको के हो ? यसबारे राम्ररी जान्दछन् ।

६. *निस्सरणज्झास* : संसारदुःखबाट मुक्त हुने विचार । बोधिसत्त्वले भव अर्थात् संसारको दोष देख्दछन् । त्यसैले तृष्णामा भुल्न खोज्दैनन् । उनले तृष्णा नबनाउने उपाय गर्दछन् । विपस्सना भावनामा सदैव ध्यानाकर्षित रहन्छन् ।

## चार सम्पत्ति

*१) इन्द्रिय सम्पत्ति*
*२) प्रतिपत्ति*
*३) कौशल्य*
*४) अध्याशय*

यी निम्न सम्पत्तिहरु महाबोधिस्त्वहरुमा मात्र विशेषरुपले हुने गुणधर्म हुन् । यो श्रावक बोधिसत्त्वहरुमा हुँदैन । त्यसैले यस कुरामा हामीले विस्तृत चर्चा गर्नु राम्रो हुनेछ ।

*१) इन्द्रिय सम्पत्ति :*

यी पाँच प्रकारका छन् :-

क) सद्धिन्द्रिय,
ख) वीरियिन्द्रिय
ग) सतिन्द्रिय
घ) समाधिन्द्रिय
ङ) पञ्ञिन्द्रिय

(पञ्चइन्द्रियः श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा)



https://dhamma.digital

यी पाँच इन्द्रिय तीक्ष्ण रुपले अभिवृद्धि भएको व्यक्ति बोधिसत्त्व हुन्छ । सर्वप्रकारले नै श्रद्धाबल सम्पन्न भएर श्रद्धाले गर्नुपर्ने कर्तव्य निर्दोष रुपले गर्दछन् । साथै बोधिसत्त्वमा कहिले पनि चलश्रद्धा र दुर्बलश्रद्धा हुँदैनन् । कहिले पनि हतोत्साहित हुँदैनन् । वीर्यले गर्नुपर्ने कर्तव्य पूर्णरुपले गर्दछन् । दुर्बलवीर्य भएको हुँदैनन् । त्यसरी नै सतिन्द्रिय, समाधिन्द्रिय, पञ्ञिन्द्रिय पनि बलवान हुन्छन् ।

*२) प्रतिपत्ति सम्पत्ति* : आत्मार्थकामी नभई परार्थ चर्या गर्नु । बोधिसत्त्वले आफ्नो सुख छोडी अर्काको हितको लागि चर्या गर्दछन् । जुनसुकै हितैषी कार्य गर्दा पनि आशा लिएर वा प्रत्युपकारको भावनाले गर्दैनन् । आफूलाई हानी गर्नेसँग पनि उनको हितैषीभाव रहिरहन्छ । जुनसुकै कुशलकर्म गर्दा पनि फलको आशा लिएर गर्दैनन् । सकल प्राणीहरु दुःखमुक्त गर्नको लागि सर्वज्ञत्वको प्रार्थना गर्दछन् ।

*३) कौशल्य सम्पत्ति* : स्थानोचित योग्य ज्ञान । अर्थात् स्थानोचित प्रज्ञा भएको हुनु । कस्तो मानिससँग कस्तो व्यवहार कुशलता बनाउनुपर्छ । बोधिसत्त्व त्यस कुशलता ज्ञान हुने साथै गम्भीर प्रश्न पनि निराकरण गर्न सक्ने शक्ति भएका हुन्छन् । जुनसुकै दुष्करक्रिया पनि बहुजन हिताय बहुजन सुखाय गर्नको लागि बोधिसत्त्व सदा तत्पर हुन्छन् ।

*४) अध्याशय सम्पत्ति* : पारमी सम्पन्न गर्न महति इच्छा हुनु । बोधिसत्त्वमा त्याग गर्ने शक्ति भएझैं त्याग पनि गरिरहन्छन् । किनकि त्याग नै उनको प्रीतिको कारण हो । त्यसैले बोधिसत्त्व सदा अरुको मनोकामना पूरा कसरी गर्ने भन्ने तर्फ लागेका हुन्छन् ।

## आश्चर्य अद्‌भूत शक्ति

बोधिसत्त्वहरुको आश्चर्य शक्ति चार प्रकारका छन् । ती हुन् :-

१. सकल प्राणीहरु आफ्नै परिवारको रुपमा देख्दछन् र त्यस्तै व्यवहार गरेर लान सक्ने

क्षमता भएको हुन्छ । यो नै प्रथम आश्चर्य हो ।

२ छोराछोरी हुनेहरुको चित्त पुत्रतृष्णाले धमिलिएको हुन्छ । तर बोधिसत्त्वहरु स्वभावधर्मलाई

बुझेर कहिले पनि पुत्रतृष्णाले चित्त धमिलाएर बस्दैनन् । यो दोश्रो आश्चर्य हो ।



https://dhamma.digital

३. बोधिसत्त्वहरुमा जहिले पनि सत्वप्राणीहरुको बहुजन हिताय बहुजन सुखाय गर्ने महान

इच्छा पलाई रहने हुन्छ। यो तेश्रो आश्चर्य हो। जसले दिन प्रतिदिन पारमिता बढ्दै जान्छ।

४. पुण्यस्कन्ध संग्रह गरेका बोधिसत्त्वहरु परजनका लागि गौरव, मान र सत्कार गर्न योग्य

हुन्छन्। यो चौथो आश्चर्य हो।

बोधिसत्त्वहरुले अति दुःखकष्ट सहेर किन पारमिता पूरा गरिराखेका हुन्, के फल प्राप्त गर्न अर्थात् कुन प्रयोजनको लागि हो ? यसबारे विचार गर्न योग्य छ। संक्षिप्तरुपले भन्ने हो भने सम्यक् सम्बुद्धत्व नै पारमिताको फल हो। विस्ताररुपले महापुरुष लक्षण, असिति अनुव्यञ्जन, व्याम प्रभरि जस्ता अनेक गुणसमूहले युक्त भएको रुपकाय सम्पत्ति, दशबल, चार वैशारद्य ज्ञान, षड असाधारण ज्ञान आदिमा पारमिता गुणधर्मकै फल हुन्।

Dhamma.Digital



https://dhamma.digital

# दानपारमिता

दानपारमिताः दशवटा बोधिसत्त्व पारमिता चर्याको प्रथम चर्या हो । परित्याग दानपारमिताको लक्षण हो, दिइने वस्तुसँग लोभ नहुने यसको रस (कृत्य) हो । साथै वस्तुसँग नटाँसिने यसको प्रत्युप्रस्थान (अनुभूति) हो । दानको साधारण अर्थ हो - दिनु । केही कसैलाई दिनु भन्नु कुशल कार्य हो । यसको सम्बन्ध वस्तु र चित्तसँग हुन्छ । किनकि वस्तुमा टाँसिने लोभरूपी अकुशलको विपक्ष गुण अलोभ स्वतः कुशलचेतना हो । साथै संकीर्ण उन्मुख दिशाको विपरित उदार र विस्तृर्ण परार्थ स्वभाव कुशल प्रवत्ति हो । पहिलेदेखि आफूभित्र लुकेर बसेको मेरोमेरो मलाईमलाई भन्ने दुषित लोभलाई र त्यसको आधार मोहलाई नाश गरी पठाउने अर्थमा यो परमार्थ पनि हो । त्यसैले आयु, वर्ण, सुख, बल र प्रज्ञा (ज्ञान) प्राप्त गर्न मात्र दान गर्नु बोधिसत्त्वको पारमिता गुणधर्मको लक्ष्य हुन गाऱ्हो हुन्छ । किनकि यस्तो दानको फल इच्छा नगर्दा पनि प्राप्त हुने हुनाले प्रार्थना गर्दा त्यो मूलतः अज्ञानको स्वभाव हुन जान्छ । लोकुत्तरतिर अग्रसर हुने अभ्यासको क्रममा पूर्ण गर्ने पारमिता कुनै पनि प्रकारले संसारचक्र घुमिरहने रुपले मात्र हुन सक्दैन । यसरी केही न केही ईच्छा गरी दान दिएमा त्यो दान ऋण दिएर व्याज लिनेझैं हुन्छ । त्यसैले लोभ नाश गरेर निर्वार्णाथ पारमितामा गुणात्मक र धनात्मक सांसारिक भोगविलास प्राप्तिको इच्छा गर्दैन । यदि कसैले पनि यसरी दानको फल भवभोगको मात्र लक्ष्य राखेमा त्यो दान *वट्टगामि* अर्थात् जन्मचक्रमा घुमिरहने पुण्य हुनेछ । *विवट्टगामि* अर्थात् संसारचक्रको क्षुद्रतादेखि माथि जाने संसारमुक्तिको पुण्य हुने छैन । *वट्टगामि* पुण्य *विवट्टगामि* कार्यभन्दा उत्तम हुँदैन । हामीलाई यो प्रसंग राम्ररी बुझ्न शंखपाल जातक (५२४) स्मरणीय हुन्छ ।

***<u>दानपारमिताको कथात्मक व्याख्या</u>*** :

## शंखपाल जातक (५२४)

बोधिसत्त्व दूर्योधनले ऋषिप्रव्रज्या लिएको आफ्नो बाबुलाई भेट्न जाँदा नागराजलाई देखे । उनलाई नागराजाको वैभव मन पर्दछ । त्यो वैभव प्राप्त गर्न दानादि कुशलकर्म गरेर मृत्युपछि लक्ष्यअनुसार शंखपाल नामक नागराजा भई जन्मे । तर धेरै समय नबित्दै उनी नागभूवनको ऐश्वर्यदेखि वाक्क भए । फेरि दानादि गुणधर्म पालन गर्ने विचार गरे । अष्टशील पालन



https://dhamma.digital

गर्दै पोखरी किनारमा बस्न थाले । त्यसैबेला शिकारबाट निराश भएर आएका, खाली हात भएका शिकारीहरुको एक जमात त्यहाँ आइपगे । उनीहरुले नागराजालाई देखे । तब त्यसै नागनाजाको मासु खाने भनी नागलाई पिट्न थाले । नागराज सहेर चुप बसिरह्यो । त्यसले आफ्नो शरीर नै उत्सर्ग गर्ने इच्छा गरे । *'कसैलाई मेरो छाला मन पर्छ भने उसले मेरो छाला लैजाऊ । फेरि जसलाई मासु मन पर्छ उसले मासु लैजाऊ'* भनी उसले आफूलाई समर्पण गरिराखेका थिए । त्यसैले जे-जस्तो गरे पनि त्यस्तै गराई, काटमार गरे पनि सहेर बसेका नागलाई देखेर अलार नामक एकजना व्यापारीले शिकारीहरुलाई नाग छोड्न लगायो । अलारले दिएको धनद्रव्य लिएर शिकारीहरु जानासाथ नागराज शंखपालले अलारलाई आफ्नो नागभूवनमा लगे । नागभूवनमा पुगेर अलारले- 'तिमीले किन त्यसरी आफूलाई भएको कष्ट सह्यौ ?' भनी सोध्दा बोधिसत्त्व शंखपालले भने :-

*मनुस्स योनिं अभिपत्थमानो तस्मा परक्कम ततो करोमि ।*

मैले मनुष्य योनिको कामना गरी यो पराक्रम गरेको हुँ । यसको कारण निःसन्देह यही नै हो । मनुष्यलोक छोडी अन्य कुनै पनि लोकमा राम्ररी शुद्धि र संयम गर्न हुँदैन, सकिँदैन । मुनष्ययोनि प्राप्त गरेर मात्रै जन्म र मरणको अन्त्यत्व निर्वाण प्राप्त गर्न सकिन्छ ।

यस कथामा ऐश्वर्यको निरासता र त्यसको भोगमा अन्तरनिहित अतृप्त स्वभाव पाइन्छ । दूर्योधनले दान र शीलको भोगको कामना गरी मनुष्यत्व समाप्त गरे । परिणामतः नागराजा शंखपाल भएर आफ्नो प्राण उत्सर्ग गरी फेरि मनुष्यत्व नै कामना गर्न पुगे । त्यसैले तुलना देखाइएको यस जातककथावस्तुमा दानशील आदि पारमिताको लक्ष्य कस्तो हुनुपर्छ भनी देखाइएको छ । साथै पुण्य गर्ने पारमिताको उद्देश्य विवट्टगामि हुन्छ भन्ने कुरा पनि स्पष्ट पार्दछ । *बोधिचर्यावतार* ग्रन्थको शब्दमा चित्तको उत्सर्गवृत्तिलाई नै दानपारमिता भनिन्छ ।

यो चित्तको उदारता र उत्सर्गवृत्ति जुनसुकै क्षेत्रमा पनि चाहिन्छ । यही नै मानवजीवनको मङ्गलप्रद कार्य हो । त्यसैले महामांगलिक गुणधर्ममध्ये एउटा गुण मानिएको छ । अझ सप्त सत्पुरुष धनमा एउटा धन, चार संग्रहनीय सारमा प्रथम गुणधर्म सार पनि दान नै भनिएको छ ।

विविध दानको व्यापक अर्थ बुझ्नको लागि अनेक प्रकारले विचार गर्नुपर्दछ । यसको लागि दान दिने वस्तु वा तत्त्वअनुसार, दान ग्राहक र दान दाताको दृष्टिले विवेचना गर्नु राम्रो हुनेछ । अझ स्तरअनुसार यसको व्याख्यान हुनुपर्छ ।



https://dhamma.digital

दान दिने वस्तु वा तत्त्वअनुसार अनेक दान छन् । त्यसमध्ये आमीसदान, अभयदान र धर्मदान गरी तीन प्रकारका छन् ।

## आमीसदान

दातव्यवस्तु अनेक प्रकारका छन् । त्यसै पनि सम्पूर्ण प्रकारका बाह्य पदार्थ कसैलाई दिनुलाई नै आमीसदान भनिन्छ । दान जसलाई पनि दिनु हुने अर्थमा दातव्यवस्तु यतिउति भन्ने नै हुँदैन । बोधिसत्त्वले जसलाई जे चाहिन्छ त्योसम्म बाहिरिकवस्तु माग्नै नपर्ने गरी दिन्छन् । हो, यसरी दान गर्नअघि बोधिसत्त्वले कसैलाई दुःखकष्ट नगराउनेतिर दृष्टि राख्दछन् । साथै आयुध, शस्त्र, मद्य आदि अनुचित कार्य वा नसुहाउँदो वस्तु दान गर्नुहुन्न । जस्तै खान नहुने विरामीलाई भोजन दिनु, कसाहीको हातमा काट्ने हतियार दिनु, काट्ने व्यक्तिलाई तलवार दिनु आदि काम बोधिसत्त्वको तर्फबाट हुँदैनन् । राम्रो हुने उपकार हुने अर्थमा सधैं जुनसुकै वस्तु जसलाई पनि दिनुमा कहिले पनि बोधिसत्त्वको हात पछाडि सर्दैनन् । खाने-पिउने, लाउने-बस्ने, लगाउने आदि दातव्य वस्तुहरुको यतिउति भनी मापदण्ड नै छैन । हो, भिक्षुसंघको लागि आवश्यक वस्तुको परिमाण भएकोले चार प्रत्यय दान भन्न सकिन्छ ।

*चारप्रत्ययहरु हुन :-*

*१) भिक्षान्न,*

*२) चीवर वस्त्रादि अष्टपरिष्कार,*

*३) विहार, शयनासन वा निवासस्थान*

*४) भैषज्य औषधी*

त्यसरी नै छाता, जुत्ता, दतिवन वा जति पनि सानोठूलो पदार्थ छन् ती सबै चाहिएको बेला चाहिनेलाई पुग्दो हित र उपकारक हुने गरी दान दिनुलाई नै अमीसदान भनिन्छ ।

अमीसदान दिँदा बोधिसत्त्वहरुको चित्त अकम्पित, अविचलित हुन्छ भन्ने कुरालाई विसहच जातक (३४०) ले स्पष्ट पार्दछ ।

## विसह्य जातक (३४०)

अस्सी करोडको मालिक विसहच सेठले पञ्चशील पालन गर्दै नगरको चारै द्वारमा नगरबीचमा, आफ्नो घरको ६ ढोकाहरुमा दानशाला बनाएर दान दिने गरे । त्यसरी विसहचले प्रत्येक दिन दान दिँदै गर्दा इन्द्रको आसन



https://dhamma.digital

तातिन्छ । उनको दान खण्डित गर्न इन्द्रले उनको सम्पूर्ण वैभव लोप गरिदियो । दान दिनको लागि जहानलाई दातव्य वस्तु खोज्न पठाउँदा केही पनि पाइनन् । पछि एकजना घाँसीले हँसिया, टोकरी र डोरी घरभित्र फ्यालेर गइन् । उनले घाँस काटेर भएपनि दान कर्म नरोक्ने उद्देश्य लिएर त्यही हँसिया, टोकरी र डोरी लिएर घाँस काटेर बेच्न थाले । घाँस बेचेर आधा आम्दानी दान गर्दा अन्य याचकहरुले पनि माग्दा बाँकी आम्दानी पनि दान गरे । फलस्वरुप त्यस दिन दुबै निराहार रहे ।

यसैगरी घाँस काट्दै, बेच्दै सारा आम्दानी याचकहरुलाई दान गर्दै ६ दिनसम्म दुवै निराहार रहे । सातौं दिन घाँस काटेर बेच्न ल्याउँदा निराहार र सूर्यको प्रकाशले आँखा तिरमिराउँछ, घाँसमै ढल्छ र अनि इन्द्र आएर दानको कारण सोध्छन् । जवाफमा उनले- *'न त शक्रत्वको न ब्रम्हत्वको इच्छानै ममा छ, म त सर्वज्ञताको प्रार्थना गर्दै दान दिन्छु'* भनी स्पष्ट पारे ।

बुद्धको चर्या सम्बन्धी संग्रहित चरियापिटकको पहिलो चर्या- 'अकत्ति चरिया' मा यसै कुरालाई अकित्ति जातक (४८०) मा स्पष्ट पारिएको छ ।

## अकित्ति जातक (४८०)

८० करोड धन भएको महाशाल ब्राम्हणको कुलमा बोधिसत्त्वको जन्म भयो । उनलाई अकित्ति नाम राखियो । उनको यशवती नाम गरेकी बहिनी पनि थिईन् । आमाबाबु परलोक भइसकेपछि उनले आफ्नो विशाल धनसम्पत्ति देखेर विचार गरे- 'हाम्रा आमाबाबुले धनसम्पत्तिको एकरति पनि सार्थक गरी गएनन् । धनसम्पत्ति भनेको पोको पारेर राख्दैमा सधैं भइरहने वस्तु होइन ।' यसरी विचार गरेर उनले धनसम्पत्ति आफूले लाने विचार गरी दान दिन थलो । तर दान दिँदा पनि समाप्त नभएपछि 'जसलाई जेजे चाहिन्छ लैजाऊ' भनी ढोका खुल्ला नै छोडिदिए । बहिनीसँगै प्रव्रजित त भए तर त्यहाँ पनि मानसत्कारले ओइरो लागेपछि बहिनीलाई समेत केही नभनी सुटुक्क *कारद्वीपमा* बस्न गए, जहाँ उनले एकान्तमा सन्तोष जीवन बिताए ।

जीवनयापन गर्न रुखको बोक्रा पकाएर खाने अभ्यासको क्रममा उनको सदाचारको प्रतापले इन्द्र डराउँदै के उद्देश्यले शील पालन गरेका हुन् भनी परीक्षा गर्ने विचार गरे । इन्द्रले ब्राम्हणभेषमा आएर दान लिन आए । त्यतिबेला आफूलाई खान तयार गरेको रुखको बोक्रासमेत दान गरे । ६ दिनसम्म इन्द्र त्यसरी नै दान दिन आए । उनले पनि अविचलित चित्तले दान दिँदै गरे । यस अविचलित चित्तबाट प्रवाहित दान देखेर इन्द्र स्वयं प्रभावित भए र उनले दान गर्नुको सोधे । "मेरो यो दान सर्वज्ञताको प्रत्यय होस् ।



https://dhamma.digital

बारबार जन्म लिनुपर्ने दुःख, शरीर नाश हुनु पनि दुःख, सम्मोह मरण पनि दुःख, त्यसैले हे वासव ! म तपश्या गर्दैछु ।" भनी जवाफ दिए ।

दान दिँदा 'मलाई काम लाग्ने' भनी हात नझिक्ने बोधिसत्त्वहरुको स्वभाव हुन्छ । लोकको लागि, प्राणीहरुका लागि यावत् आफूसँग भएका वस्तु अरुलाई आवश्यक भएको दिनमा बोधिसत्त्वको हृदय विचलित हुँदैन ।

## कुरुधर्म जातक (२७६)

बोधिसत्त्व जतिबेला कुरुराष्ट्रका नरेश थिए, त्यतिबेला उनले पञ्चशील (कुरुधर्म) पवित्रताका साथ पालन गरेका थिए । साथसाथै नगरभरी दानशाला प्रतिदिन ६ लाखको वस्तुहरु दान गर्दथे । त्यस समयमा कलिङ्गराष्ट्रको दन्तपुर नगरमा दुर्भिक्ष भयो । दुर्भिक्षले अकाल भएर मानिसहरु भोकै मरे, रोगी भए, विरामी भए । यसरी दुर्भिक्ष, अकालभय, रोगभयले ग्रसित जनता कराउँदै राजाकहाँ जाँदा दुर्भिक्ष कसरी हटाउने भनी सोच्दा, विभिन्न उपाय गर्दा पनि नहुँदा, कुरु राष्ट्रको अञ्जन वसभ नामक मङ्गलहात्ती ल्याएमा वर्षा हुन्छ भनेकाले ब्राम्हणहरुलाई हात्ती माग्न पठाइयो । ब्राम्हणले हात्ती माग्दा कुरुनरेशले विना हिच्किचाहट मङ्गलहात्ती गहनासहित दान गरे ।

*'दान दिन छोड्नु भन्दा बरु राज्य नै छोड्छु'* भन्ने बोधिसत्त्व वेस्सन्तरसँग यो मङ्गल हात्ती दान दिएको कुरु जातकमा समता पाइन्छ । बोधिसत्त्वले जस्तोसुकै राज्यसत्ता वा अधिकार प्राप्त भए तापनि त्याग र सदाचार छोड्नुहुन्न । अधिकार र शक्ति सम्पन्न जीवनमा पनि उनले भोग विलासमा लिप्त गरी आफ्नो जीवन समाप्त पार्दैन भन्ने कुरा निम्न महासुदर्शन जातक (९५) ले स्पष्ट गर्दछ ।

## महासुदर्शन जातक (९५)

सधैं दिनको तीनपल्ट आफ्नो विशाल राज्यमा कसलाई भोक लागेको छ, कसलाई प्यास लागेको छ, कसलाई औषधी चाहिन्छ भनी घोषणा गर्ने काम चक्रवर्तीले गर्दछन् । यसरी आफ्नो चर्या बारेमा महासुदर्शन चक्रवर्तीले भनेका छन् - *'मैले जीवनभर महादान गरें । यो मलाई मन नपरेकोले होइन । सम्बोधि ज्ञान प्राप्त गर्ने अभिलाषाले नै दान दिँदै गरेको हुँ ।'* यसबेला सप्तरत्न जडिएको आशनमा पल्टिरहेका चक्रवर्ती महासुदर्शन राजालाई सुभद्रा देवीले भनिन्- *'देव, चौरासी हजार (नागरिक) भएको राज्यको यो कुशावती*



https://dhamma.digital

*राजधानी हो । यसलाई माया गर्नुहोस् ।'* चक्रवर्ती महासुदर्शनले भने- *'यसरी नभन देवी, बरु मलाई यसरी उपदेश देऊ - यसमा आशक्त भएर नबस, यसलाई छोड्न सिक ।'* चक्रवर्तीले फेरि भने - *'दान गर, सदाचारी बन, उपोसथ ब्रत पालन गर ।'*

बोधिसत्त्वहरु यसरी त्याग भावनाले भरिएको चित्त भएर्फै आवश्यक हुनेलाई दिनुमा ज्ञानले देख्न सक्ने क्षमता पनि हुन्छ । शंख ब्राम्हणले तातो बालुवामा हिँडिरहेका प्रत्येकबुद्धलाई देख्नासाथ आफ्नो जुत्ता फुकाली जुत्ता र छाता दान गरे । उपमाको शब्दमा उनले भने- *'जसरी किसानले राम्रो खेत देखेर पनि बीउ छरेन भने ऊ धन मन पराउने हुँदैन । त्यसरी नै पुण्य मन पराउनेहरुले उत्तम पुण्य क्षेत्र देखेर पनि त्याग नगरेमा पुण्य मन पराएको हुँदैन ।'*

निमिराजले उपकार गरेजस्तै बोधिसत्त्व (शंखचर्या) ले पनि पशु, पंक्षी वा मानिस सबैलाई भ्याएसम्म उपकार गर्छन् । दान वास्तवमा सुगति प्राप्त हुने पुण्य कार्य हो भन्ने कुरा पनि निमिराज चर्या वा निमि जातक (५४१) मा बोधिसत्त्व निमिको चरित्रमा देख्न सकिन्छ । जस अनुसार बोधिसत्त्व निमिले स्वर्ग घुमी फर्केर भने- *'तिमीहरुले पनि दान आदि पुण्य कर्म गर । त्यसो गरेमा तिमीहरु पनि देवलोकमा जन्म लिन जान सक्छौ ।'*

दानको फलवर्णन अनेक प्रकारले गरिएको छ । त्यो फलवर्णन वस्तुनिष्ठ गुण विशेषमा गुणात्मक भएको देखिन्छ ।

पंखा दानले शीत उष्ण, पीडा, शरीरमा डाह, राग, द्वेष, मोहको डाहले मुक्ति प्राप्त हुन्छ । जुत्ता दानले अनेक वस्तुले बनाएको जुत्ता प्राप्त हुन्छ । खुट्टा सन्चो हुन्छ । केश काट्ने छुरा (ब्लैड, रेजर, सेभर) दानको पुण्यले सुखी हुन्छ, चित्त अक्षिप्त हुन्छ, धैर्य-वीर्य हुन्छ, क्लेश क्षेदन गर्न सक्ने हुन्छ । सियो धागो दान गर्नाले शंकारहित, राम्रो तीक्षबुद्धि, गम्भीर र सूक्ष्म स्थानमा अर्थज्ञान र स्थिरज्ञान हुने हुन्छ ।

यसरी दानको फलवर्णन धेरै गरिए तापनि बोधिसत्त्व ज्ञानले पूर्ण दान क्षेत्रमा प्रतिष्ठित भएर मात्र दानको लक्ष्यले बुद्धत्वसम्म पुग्ने हुन्छ । बोधिसत्त्वले यो दानको मार्गमा अघि बढ्न प्रज्ञायुक्तले दान दिनुपर्छ । बुद्धि विवेक प्रयोग नगरी दिएको दान उत्तम हुँदैन भनी ठाउँठाउँमा उल्लेख भएका छन् ।

वस्तुतः बौद्धआदर्शको दानको व्याख्याको लक्ष्य दान प्राप्तार्थ होइन । बोधिसत्त्व चरित्रमा माग्ने र अरुको लिनमा सदा संकुचित हुन्छ । ब्रह्मदत्त जातक (३२३) अनुसार बोधिसत्त्व तपस्वीले पाँचाल राजासँग हिमालायमा फर्किन आवश्यक सम्भेर पनि बाह्रवर्षसम्म एउटा छाता एकजोडी जुत्ता मागेनन् । आज भन्छु भोली भन्छु भन्दै बाह्रवर्षपछि मात्र बल्ल एउटा छाता र



https://dhamma.digital

एकजोडी जुत्ता मागे । किनकि माग्दाखेरि नदिएमा माग्नेको मन दुःखित हुन्छ । माग्दा दिनेको इच्छा भए तापनि दातव्यवस्तु नभएमा दाताको मन रुन्छ । दातव्य वस्तु भएर पनि लोभ र आशक्ति दिन नसकिने हुन्छ । त्यसैले माग्नु भनेको राम्रो होइन । यो चाहियो त्यो चाहियो भनी माग्नुलाई राम्रो भनिँदैन र मानिँदैन पनि ।

वास्तवमा स्वर्गको प्रलोभनराखी दान दिनु बौद्धआदर्शमा गनिँदैन । स्वर्गको प्रलोभनले कतिसम्म मानवजीवनमा क्रुरतम कार्य हुन्छ त्यो कुरा खण्डहाल जातक (५४२) को यज्ञमा बलि दिनको लागि बाँधिएका मानिसहरुका क्रन्दनले स्पष्ट पार्दछ । स्वर्गको आश गरी *पासोले* बाँधेर कयौं पशूहरुसहित मानिसहरुको बलि चढाइयो । साथै कति दक्षिणा लाभ गरिन्छ, त्यसको वर्णन पालि साहित्यमा भरिएको छ । त्यसैले पालि साहित्यमा दानको भित्री अभिप्राय पुरोहित्याँई लाभ होइन, मानवसेवाको लागि जीवन उत्सर्ग गरी बसेकाहरुका जीवनमा निम्नतम आवश्यकताको पूर्ति मात्र हो । त्यसैले बौद्ध साहित्यमा आफूलाई गाई चाहिएमा गाई, रथ चाहिएमा रथ, सुन चाहिएमा सुन, नोकर-दास चाहिएमा नोकर-दास, युवती चाहिएमा युवती दिने दानको विधि र गुणको वर्णन उल्लेख भएका छैनन् । जसरी रक्सी दान लिने स्त्रोत्र आजसम्म छैन, आजकालको दानमध्ये कतिपय दानहरु पहिला दान नगरिएका वस्तुहरु पनि छन् । त्यसैले बौद्ध विचारमा यो वस्तुचाहिँ दान दिन उत्तम हो भन्ने उल्लेख छैन । बरु के-कस्तो अवस्थामा कस्ता व्यक्तिलाई कस्तो चित्तले उसलाई सहयोग गर्‍यो भन्ने अर्थमा दानलाई महान मानिएको छ ।

तृष्णाले जकडिएको उपभोग परिभोग वस्तु आहार, पान, वस्त्र, गृह, क्षेत्रजस्तै यसलाई रुप, शब्द, गन्ध, रस र स्पर्श अनुसार विचार गर्दा आमीसदान आध्यात्मिकरुपले पनि हुन जान्छ, बाहिरिकरुपले होइन । यस अर्थमा शील सदाचार सारा तात्विक अर्थमा दान हुन्छ । अभयदान भनेको पनि यसै अर्थमा दान हो ।

## अभयदान

कसैलाई आफ्नो तर्फबाट भय नदिनु नै अभयदान हो । पदार्थदान जतिसुकै दिए तापनि आफ्नो तर्फबाट अरुलाई अभयदान भएन भने त्यो पनि राम्रो हुँदैन । कसैलाई मार्दिन भन्नु नै सबैलाई बाँच्न देऊ भन्नु हो । सबैलाई बाच्न मन पर्छ । सारा जीवित प्राणी दण्ड देखेर डराउँछन् । त्यसैले आफूबाट प्राणीहरुलाई भय नहुनु नै अभयदान हो । बोधिसत्त्वहरुले आफ्नो समूह वा जातिगत प्राणीहरुलाई सामूहिक मरण भय नबनाउन आफ्नो प्राणसमेत



https://dhamma.digital

उत्सर्ग गर्दछन् । त्यसरी प्राण उत्सर्ग गरिएको दान परमार्थपारमिता पनि हुन्छ । महाकपि जातक (४०७) यसको उदाहरण हो ।

## महाकपि जातक (४०७)

एकसमय बोधिसत्त्व अस्सी हजार बाँदरहरुको नाइके भएर जन्म लिए । हिमालयको नदी किनारमा एउटा ठूलो मिठो आँपको बोट थियो । त्यस बोटको आँप खाएर नै उनीहरु जीविका गर्दथे । वाराणासीका राजा ब्रह्मदत्तले एकदिन त्यस बोटको आँप अति नै मिठो छ भन्ने थाहा पाए । राजाले आफ्नो सैनिक मार्फत् त्यस बोटलाई घेरा दिन लगाए । बोधिसत्त्वले ती सैनिकहरुको तर्फबाट आफ्ना अनुयायीहरुलाई बनाउन नदी पारी लानुपर्ने जरुरत भएको महशुस गरे । उनीहरु भने नदी पारी उफ्रिएर जान सक्दैनन् । त्यसैले बोधिसत्त्व एउटा लहरा लिएर आए । तर रुखमा लहारा बाँधी उफ्रिएर पारी जाँदा कम्मरमा बाँधिएको कम्मरको लहरा छोटो भयो । उता भने समय ढिलो भैसकेको थियो र सैनिकहरुको तर्फबाट आफ्ना अनुयायीहरु मुश्किलमा बाँच्ने देखिए । त्यसैले यता वारी रुखमा एक छेउ र अर्को छेउ आफ्नो कम्मरमा लहरा बाँधेर आफूले पारी रुखलाई पक्रिराखे । यसरी छोटो लहराको सहाराले सबैलाई छिटो पारतर्न सजग गराई पुनः सबैलाई पारतर्न सहयोग गरे । यसै क्रममा बोधिसत्त्वको मृत्यु भयो ।

यो बहुजन हिताय प्राण उत्सर्ग गरेको कथा दान परमात्थपारमिताको कथा पनि हो । साथै सबैलाई मृत्युदेखि अभय दिएकोले अभयदानको कथा पनि हामीले भन्न सक्छौं । बोधिसत्त्वले आफ्नो पुरुषार्थले महान् करुणायुक्त गुणधर्मले प्रभावित पारी अरुको सट्टामा आफ्नै प्राणदान दिएर *'म मात्र बाँचेर के गर्ने र ?'* भनी आफ्नो स्वजातिहरु अझ प्राणी मात्रलाई अभयदान दिएको उदाहरण कम महत्त्वपूर्णको छैन । निग्रोधमृग जातक (१२) यसको ज्वलन्त सान्दर्भिक जातक कथा हुन् ।

## निग्रोधमृग जातक (१२)

जहिले पनि मृग शिकार जानलाई वाराणासीका राजा ब्रम्हादत्तले जनतालाई दुःख दिने गर्दथे । राजासँग शिकारमा जाँदा जाँदै उनीहरु खेतीकिसानी नै गर्न पाएनन् । त्यसैले जङ्गलबाट मृगहरु धपाउँदै राजदरवारको ठूलो बगैंचामा जम्मा गरिदिए । त्यसो गर्दा राज-बगैंचामा परेका मृगहरुमध्ये



https://dhamma.digital

निग्रोधमृग र उनका पाँचसय साथीमृगहरु, शाखामृग र उनका पाँचसय साथीमृगहरु पनि परे । फेरि राजाले आफ्नो शौखमा धेरै मृगहरु मारेकोले मृगहरुले सल्लाह गरेर दिनको एउटा एउटा मृग स्वयं पालैपालो गरी मृग मार्ने ठाउँमा जान स्वीकार गरे । एकदिन शाखामृगको समूहको गर्भवती मृगिणीको पालो आयो । तिनले बिन्ति गरिन् - *'म गर्भवती छु । त्यसैले मेरो ठाउँमा अरु कसैलाई पठाईदेऊ । पछि म पनि जान्छु, मेरो बच्चा पनि जानेछ ।'* त्यसकुरामा शाखामृगले सिधा भने- *'आफ्नोआफ्नो पालामा आफूआफू नै जानुपर्छ ।'* तब मातृप्रेम भरिएको त्यो मृगले निग्रोधमृगको समूहमा पुगेर विन्ति गऱ्यो- *'मेरो समुदायको नाइकेले मेरो विन्ति स्वीकार गरेन । मेरो पेटमा बच्चा छ । त्यसैले मेरो पालामा कुनै अरु पठाइदेऊ, म तिम्रो समुदायबाट पछि गइदिन्छु । मेरो बच्चा पनि पछि तिम्रै समूहबाट पालो लिएर जान्छ ।*

निग्रोधमृगको नाइकेले त्यस गर्भिणी मृगको विन्ति सुनेर *'उसको पालामा ऊ जानुपर्दैन'* भनी आश्वासन दियो । तर मृत्युको पालो कसैले पनि भर्ने जसो नलागेपछि ऊ आफै स्वयं मृत्युको पालो भर्न गयो । तर निग्रोधमृगलाई उनको सुवर्ण वर्ण देखेर राजाले अभयदान दिएका थिए । त्यसरी अभयदान दिइराखेको मृग देखेर भान्छेले राजालाई विन्ति गर्न गयो । पछि राजाले सोध्दा निग्रोधमृगले भने- *'म आफ्नो पाले भनी आएको होइन । एउटा गर्भिणी मृगको पालामा म आएको हुँ । किनकि उसको पेटमा भएको बच्चालाई मार्न मन पर्दैन । फेरि उसको मृत्युको पालो भर्ने भने अरु कोही छैन । त्यसैले म आएको हुँ । उसको सट्टामा आएको हुनाले मलाई मारिदेऊ ।'*

निग्रोधमृगको कुरा सुनेर राजाको मनमा च्वाच्च बिभ्यो, तब उनले भने- *'तिमी दुवैलाई अभय दिइसकें ।'*

निग्रोधमृले जवाफमा भने - *'हामी दुईटालाई मात्र निर्भय अभय प्राप्त भएर के गरुँ । अन्य सारा मृगहरुको मरण भय छ ।'* राजाले सारा मृगहरुलाई अभयदान दिए ।

निग्रोधमृगले प्रत्युत्तरमा भने - *'हामी मृगहरुलाई अभय वर पाएर के गरौं । अरु ठाउँका मृगहरु मर्नु नै पर्छ ।'* राजाले सारा मृगजातिलाई नै अभयदान दिए ।

यसरी भन्दै निग्रोधमृगले सम्पूर्ण स्थलचर प्राणीहरु, आकाशमा उडिहिंड्ने नभचर प्राणीहरु, पानीमा बस्ने जलचर प्राणीहरुलाई अभयदान दियो ।

यसरी नै राजाको तर्फबाट हुने भयको पिडाबाट मुक्ति दिने काम मात्र अभयदान हुँदैन । अपितु आगोपानी आदि प्राकृतिक कारणले पनि आउने भयावस्थामा अभयत्व दिने कार्य कोशिस पनि अभयदान नै हुन जान्छ । जहाँ



https://dhamma.digital

आगो लागेको ठाउँमा गएर उनीहरुको धनजन रक्षार्थ आफ्नो श्रम र हिम्मत प्रयोगमा ल्याउने काम पनि अभयदान हो । पानीले बिगार्ने स्थानमा नबिगार्ने व्यवस्था गरिदिनु अथवा इनार, पोखरी वा नदीमा खसेकोलाई निकालिदिनु जस्ता कार्य पनि अभयदान सरह नै हुन्छ । त्यसरी नै रोगीलाई मृत्युभय हुँदा औषधी वा सेवा सहयोग गरिदिनु पनि अभयदान हुन्छ । यस अर्थमा बाँध, अस्पताल आदि बनाइदिनु, आफूले अरुलाई नमार्ने अथवा थुनेर राखेकोलाई फुकुवा गरिदिनु अभयदान दिएझैं नै हो ।

## धम्मदान

जसले क्लेश नाश गर्नलाई अनुत्तर धर्मदेशना गर्दछ, उसलाई नै धर्मदान गर्नु भनिन्छ । प्राणीहरुलाई ओवाद उपदेश दिएर हितोपकार गर्नु पनि धर्मदानमा समावेश हुन्छ । अधर्म र असत्मार्गबाट धर्म र सत्मार्गमा ल्याउनु पनि धर्मदान हुन्छ । त्यसरी नै बुद्धको शासनमा वा धर्ममा आएकाहरुलाई प्रज्ञादान गरिदिनु र दान, शील, स्वर्ग वा कामको आदि (फल) बोरमा धर्मदेशना गर्नु अझ श्रावक, प्रत्येक र बोधिसत्त्वको चरित्र बुझ्नु वा त्यसस्ता सद्गुण बनाउनको लागि बताउने पनि धर्मदान विशेष नै हुन्छ । भनिएको पनि छ - *'सब्ब दानं धम्मदानं जिनाति ।'* अर्थात् सारा दानलाई धर्मदानले जित्दछ । किनभने प्रज्ञा नै मानिसहरुको रत्न हो । विनाधर्मदान प्राणीहरु प्रज्ञावान हुँदैनन् ।

यसको अतिरिक्त चित्तको सदाशयता विपुलता पनि त्यागको अन्तर्गत पर्दछ । किनकि यसमा संकीर्णतालाई छोडेर बस्ने भाव हुन्छ । दानवस्तु र दानग्राहकहरु नभएका चित्तको यस दानलाई मनोमय-दान भनिन्छ ।

## दानको पूजाविधि र अनुकम्पाविधि

ग्राहकप्रतिको व्यवहार दृष्टिकोणले पनि दानलाई अनेक भेद गर्न सकिन्छ । पूजाविधि र अनुकम्पाविधि यी दुई दानका भेद हुन् ।

कसैलाई सम्मान र आदर भावले दिनुलाई पूजादान भनिन्छ । लाकोपकारी सत्पुरुष वर्गको, श्रमणहरु वा भिक्षुहरुप्रति सम्मान राखी जुन परित्याग गर्छ त्यो दान हो भने अर्कोतिर सद्गुण सत्चरित्रको पूजा हो । बौद्धदान प्रवृत्तिलाई चिन्ने व्यस्तताको कुरा नै हामीले राम्ररी बुझ्नुपर्दछ । साँच्चै नै पवित्र भएर लोक उपकारको काममा जीवन उत्सर्ग गरी समर्पित



https://dhamma.digital

हुनेहरुको घरखेतको चिन्ता गर्दैन गर्दै बस्ने फुर्सद नै हुँदैन, त्यतातिर ध्यानै जाँदैन । त्यसैले त्यस्ता वर्ग अर्थात् भिक्षुसंघको सेवा उपस्थानको लागि बुद्धले उपासक उपासिकाको लागि जिम्मा दिएका थिए । बुद्धले - *'यस्तो श्रद्धान्न राम्ररी गुणधर्म पालन नगरी खानुभन्दा रातो हुनेगरी तातिएको आगोको गोला खानु उत्तम'* भनी भिक्षुहरुलाई सतर्क गराएको छ। सत्चरित्रवान् सत्पुरुषहरुको संरक्षणको लागि सहयोग गर्नुलाई नै पूजादान भनिन्छ। शीलवानहरुलाई दिइने दान त्यसैले श्रेष्ठ हुन्छ ।

अंकुरले बाह्र पोजन लामो चुलो बनाएर दशहजार दिनसम्म महान दान गऱ्यो तर प्रतिग्राहक शीलवानहरु प्राप्त नभएकोले उसलाई महानफल प्राप्त भएन । यसको विपरित इन्दकले एक दिन एक चम्चा मात्र भात क्षीणास्रवी अनुरुद्ध महास्थविरलाई दान दिएको भए तापनि उसलाई महान फल प्राप्त भयो। असल खेत र असल बीजको उदाहरणले दायक र प्रतिग्राहकहरुको महत्त्वलाई बुझ्न सकिन्छ। खेत असल भएर पनि बीउ असल नभएमा जसरी फल राम्रो हुँदैन, त्यसरी नै प्रतिग्राहक सत्चरित्रवान् भएर पनि दायक दुश्चरित्रवान् भएमा फल राम्रो हुँदैन । त्यसैगरि बीउ असल भएर पनि खेत असल नभएमा जसरी फल नराम्रो हुनसक्छ, त्यसरी नै दायक सत्चरित्रवान् भएर प्रतिग्राहक दुश्चरित्रवान् हुँदा फल नराम्रो हुन्छ । बीउ पनि नराम्रो र खेत पनि नराम्रो हुँदा त फल झनै नराम्रो हुन्छ, त्यसरी नै दाता र प्रतिग्राहक दुवै दुश्चरित्रवान् भएमा फल नराम्रो हुन्छ। तर बीउ पनि राम्रो र खेत पनि राम्रो हुँदा जसरी फल राम्रो हुन्छ, त्यसरी नै दायक र ग्राहक सच्चरित्रवान् हुँदा फल राम्रो हुन्छ ।

यसोभन्दैमा दान दुश्चरित्रवान्हरुलाई दिनै हुन्न भन्ने छैन र त्यसो भनिँदैन पनि । विशेषतः बोधिसत्त्वहरुको हृदय महाकरुणाले भरिने हुँदा सदा झैं करुणापात्रतर्फ हृदय झुक्दछन् । शीलवान् दानग्राहक मात्र खोजेर बोधिसत्त्वको दान पूर्ण हुँदैन । अर्कोतिर फेरि दानको सफलताको आशा आकांक्षामा मात्र बोधिसत्त्वहरुको दानपारमिता कुण्ठित हुँदैन पनि । बोधिसत्त्वको भाव नै आत्मभावको उत्सर्गमा टिकिरहेको हुन्छ । प्राणीहरुको हित गर्नु राम्रो गर्नको लागि आफ्नो वस्तु परित्यागीहरुसँग अतीत, वर्तमान र अनागत कालको कुशलाकुशलत्वको आकर्षणबाट पनि बोधिसत्त्वहरु विमुक्त हुन्छन्। त्यसैले दुःखी र अज्ञानीहरु बोधिसत्त्वको लागि विशेष व्यापक दानक्षेत्र भएको हुन्छ। फेरि पारमिता गुणधर्म र कौशल्यको आरक्षित भावमा बसेर सधैं जे पनि दान गर्न तत्पर भएको हुन्छ भने त्यसरी दान पाएकोमा नै सन्तोष र आनन्दको अनुभूति प्राप्त गर्ने हुन्छ।



https://dhamma.digital

आयु, वर्ण, सुख, बल र प्रज्ञा पाँच सम्पदाजस्तै निर्वाणको कामनामा बोधिसत्त्व आहारदान दिन्छन् । कामक्लेशको पिपासाले शान्ति प्राप्त गर्नकै लागि पानी दान गर्छन् । लज्जा र त्रास छोप्नलाई नै वस्त्रदान गर्छन् । त्यसरी नै ऋद्धि र निर्वाण सुखार्थ सुगन्ध, बुद्धगुणको शोभा उत्पतिको लागि माला गन्ध, बोधिमण्डपको निम्ति र तथागतको शयनको लागि शयनासन, शरण भावार्थमा आवास, पंचचक्षुको लागि प्रदीप, सकल लोकले मन पराउने रस, अजरामय भावनाको लागि औषधी, आर्यजाति प्राप्त गर्न छोरा, संसारको श्रेष्ठत्व प्राप्त गर्न पत्नी, धर्मराज बनाउन राज्यदान गर्छन् । जुनसुकै दानकर्म सम्पन्न गरे तापनि बोधिसत्त्वको उद्देश्य हो - बुद्धत्व प्राप्ति । साँच्चै भन्ने हो भने बोधिसत्त्वहरु बाहिरी दानले मात्र सन्तोष हुँदैनन् । आफ्नो शरीरका अङ्गप्रत्यङ्ग र प्राणसमेत आवश्यकता अनुसार परित्याग गर्दछन् ।

## तीन प्रकारका दान पारमिता

दान दिने दाताको बाह्यवस्तुमा टाँसिएको आफ्नो लोभ जित्न कुनै वस्तु दिनु नै दानपरामिता हो । दानवस्तु र दाताको कठिन त्याग अनुसार दानपारमिता तीन प्रकारका छन् । धनसम्पत्ति, छोराछोरी र पत्नी आदि परित्याग गर्नु दानपारमिता हो । यो पारमिता पूर्ण गर्दा सदा - *'करुणापाय कोसल्ल परिग्गहिता अत्तुपकरण परिचाय चेतना'* अर्थात्- *'करुणा, उपाय र कौशल्य गुणयुक्त भए आफ्नो उपकरण छोड्ने चेतना'* हुनुपर्दछ । फेरि आफ्नो शरीरको अङ्गप्रत्यङ्ग नै परित्याग गरी दान दिनुलाई उपपारमिता भनिन्छ । यसैगरी आफ्नो जीवन प्राण-पर्यन्त उत्सर्ग गर्नुलाई दान परमत्थपारमिता भनिन्छ । यहाँ यी तीन पारमिताहरुको बारेमा अलगअलग विचा गरिनेछ ।

### *(क) दान पारमिता*

*यथापि कुम्भो सम्पुण्णो, यस्स कस्सचि अधोकतो ।*
*वमते उदकं निस्सेसं, न तत्थ परिरक्खति ॥*
*तथेव याचके दिस्वा, हीनमुक्कट्ठ मज्झिफमे ।*
*ददाहि दानं निस्सेसं, कुम्भो विय अधोकतो ति ॥*

जसरी भरिएको गाग्रोलाई कसैले घोप्ट्याई दिएमा सारा पानी पोखिन्छ, त्यहाँ एक थोपा पानी रहँदैन । त्यसैगरी तिमीले उत्तम, मध्यम र



https://dhamma.digital

निम्न सबै स्तरका याचक देख्दा घोप्ट्याईको कलशजस्तै भएर सम्पूर्ण दान गर । यही नै बुद्धत्वको निदानकथा हो, आर्दश हो ।

बोधिसत्त्व दानपारमिता पूर्ण गरेर मात्र अन्य पारमितापूर्ण गर्दछन् । फेरि अन्य पारमिता पूर्ण गर्दै जाँदा पनि दानपारमिता पूर्ण गर्दै जान्छन् । बोधिसत्त्व सिद्धार्थले सुमेध तापसको जीवनमै बुद्धत्वको प्रार्थना गरी दानपारमिताबाटै प्रथमतः बोधिसत्त्वको चयौ सुरु गरे । अन्तिम बोधिचर्या पूर्ण भएको वेस्सन्तरको जीवन पनि दानपारमिताबाट नै पूर्ण हुन्छ । यसप्रकार दानपारमिता भनेको बोधिसत्त्व चर्याको मूल आधार नै देखिन आउँछ । त्यसैले नै अन्य अनेक पारमिता पूर्ण गर्नुपर्दा दानपारमिता पनि त्यस सँगसँगै पूर्ण हुँदैजाने हुन्छ । घरबार, धनसम्पत्ति आदि जति पनि त्याग गरी विभिन्न पारमिता पूर्ण गरेर ऋषिप्रव्रजित भए त्यसमा यही दानपारमिता नै पूर्ण भएको देखिन्छ । बोधिसत्त्वको जीवनमा अत्यन्त कठिन परित्याग पनि अभ्यासले गर्दा सजिलो भएको देखिन्छ । दानपारमिताको उदाहरणलाई स्पष्ट पार्ने धेरै कथाहरु माथि उल्लेख भइसकेका छने । तापनि यहाँ पूर्णरुपले संक्षिप्त दानपारमिताको एउटा बोधिसत्त्वचर्या प्रस्तुत गरिन्छ ।

## वेस्सन्तर जातक

वेस्सन्तर जातकलाई नेपालमा विश्वन्तरको कथा भनेर चिनिन्छ । त्यसैगरी मद्दी रानीलाई मन्दिरा रानी भनिन्छ । यसरी नाम फरक परे तापनि कथाको मूलकथाको विषयवस्तुमा भिन्नता देखिँदैन । पालि साहित्य अनुसार वेस्सन्तरको कथा यहाँ प्रस्तुत गरिनेछ, जुन मूलरुपको कथा भएकोले कथाभित्रको विषयवस्तु बुभ्न वा सार प्राप्त गर्नु लाभदायक हुन्छ ।

बोधिसत्त्व वेस्सन्तर राजकुमार शिवि देशका राजा सञ्जय तथा महारानी फुसतिदेवीका सुपुत्र थिए । बोधिसत्त्वलाई सोह्र वर्षको उमेरमा भद्र राजकुलकी मद्दी नाम गरेकी राजकुमारीसँग विवाह गरिदिए । तर बोधिसत्त्व वेस्सन्तरको जीवन दानपारमिताको जीवन त्यागमय चरित्रको उज्ज्वल उदाहरणको रुपमा अगाडी बढिरहेको हुन्छ ।

बोधिसत्त्व वेस्सन्तरले आफू आठ वर्षको जति हुँदा विचार गरेका थिए - *'मागन मात्र आएमा अथवा कसैलाई आवश्यक परेमा आफ्नो हृदय, आँखा, मासु, रगत र प्राणसम्म दान दिनेछु ।'* फेरि राज्याभिषेक लिएदेखि उनले प्रतिदिन सातलाख धन खर्च गरी महादान गरे । आफ्नो ६ वटा दानशालामा महिनाको ६ पल्ट स्वयं आफै दान राम्ररी भयो भएन हेर्न जाने गर्थे ।



https://dhamma.digital

यसैबेला कलिङ्ग देशमा अनावृष्टि भयो । कलिङ्गका प्रजाहरुले त्यहाँको राजालाई भने - *'सञ्जय राजाका छोरा वेस्सन्तर राजकुमारले जे दान माग्न गए पनि दिनुहुन्छ । राजकुमारसँग सेतो मङ्गलसम्मत एउटा हात्ती छ । त्यो हात्ती हाम्रो देशमा भित्र्याउन सकेमा सुवृष्टि हुन्छ । त्यसैले कुनै एकजना ब्राम्हणलाई पठाएर त्यो हात्ती मगाउनु पऱ्यो ।'*

राजालो प्रजागणको कुरा सुनेर आठजना ब्राम्हणलाई त्यस मंगलसम्मत हात्ती माग्न पठाए । बोधिसत्त्व पूर्णिमाको दिन सोह्र गाग्रो पानीले नुहाएर पूर्वतिर रहेको दानशालामा जाने गर्थे । त्यहाँ बोधिसत्त्वलाई भेट्न नपाएपछि ब्राम्हणहरुले दक्षिणतर्फको दानशालाको ढोकामा उभिएर वेस्सन्तरको जय ! वेस्सन्तरको जय !! भन्दै हात उठाउँदै ठूलठूलो स्वरमा कराउन थाले ।

वेस्सन्तर राजकुमारले उनीहरु कराइराखेको सुनेर उनीहरुलाई *'के चाहियो ?'* भनेर सोधे । उनीहरुले बोधिसत्त्वलाई सक्दो प्रशंसा गरिसकेपछि आफ्नो देशमा भएको दुर्भिक्षको बयान सुनाए । फेरि अन्तमा दान माग्दै भने- *'हामी तपाईंको मंगलसम्मत एउटा हात्ती दान लिन नै यतिका दुःख खपेर यहाँसम्म आएका हौं ।'*

बोधिसत्त्वले - *'मैले आफ्नो शरीरमा भएको मासु, रगत र प्राणसम्म पनि माग्न आएमा दान दिन्छु भनेको छु । यिनीहरुले त बाहिर रहेको वस्तु मात्र मागेका छन्'* भनी विचार गरी त्यस हात्तीलाई सबै अलंकारले श्रृंगार गर्न लागएर उनीहरुले प्रयोग गर्ने वस्तुहरु पनि दान गरे । जब त्यस मङ्गलसम्मत हात्ती दान गरे तबभ ने सारा देशवासी नै रिसाए । रिसले चूर्ण जनता राजाकहाँ गएर भन्न गए- *'महाराज, जुन हात्ती नभएमा हाम्रो देशमा दुर्भिक्ष हुनसक्छ, त्यस्तो सुलक्षण हात्ती राजकुमारले दान दिए । अब यस राज्यको गति के होला ! यदि महाराजले हाम्रो विन्ति सुन्नु नभएमा राजकुमार सहित शिवि राज्य स्वयं जनताहरुले आफ्नो हातमा पार्नेछन् ।'*

प्रजाहरुको यो कुरा सुनेर राजाको मनमा धेरै दुःख भयो । उनले आफ्नो छोरालाई त्यसरी दान दिने चाला त्याग्न सुझाव दिए । तर बोधिसत्त्वले भने दान चाला छोड्न अस्वीकार गरे । यसको बदलामा बरु उनले सजाय स्वरुप वंकपर्वत जान तयार भएको स्वीकार गरी विदा लिनको लागि आफ्नी रानी मद्दीदेवीकहाँ गए । तर मद्दीदेवीले आफू पनि सँगै जाने कुरामा जिद्दी गरिन् । बच्चाहरुले दुःख पाउँछन् भनेर पनि रोक्न खोज्दा पनि *'हुन्छ हवसे'* भनिनन् । बच्चाहरु पनि सबै लिएर वंकपर्वत जाने कुरामा नै जिद्दी गरिन् र अन्ततः त्यस्तै भयो पनि । आमाबाबु धुरुधुरु रुवाएर वेस्सन्तर र मद्दीदेवी, बाजे



https://dhamma.digital

बज्यैहरुको मन थाम्न नै नसक्ने गरी छोरा जालीकुमार र छोरी कृष्णाजिनीसँगै लिएर वंकपर्वत जान बाहिर निस्के ।

वेस्सन्तरसहित परिवार बाहिर जाँदा पनि धेरै मानिसहरुले हृदय छियाछिया भयो, सबै रोए । त्यसरी रुनेहरुमध्ये अब दान लिन पाइने छैन भनी रुने ब्राम्हणहरु मत्र वेस्सन्तरको दरबारमा भ्याएसम्मको दान लिन आए । रथमा बसेर बाहिर जाँदा पनि महारानीको गहनासमेत दान लिन आए । अझ पछि वेस्सन्तरहरु चढिएका घोडा दान लिन आए भने रथ समेत दान लिन आए । तर दानशील वेस्सन्तरले भने कहिले पनि दान दिनुमा हात तान्नु भएन । रथसमेत दान दिएर एकजना बच्चा आफूले बोकेर एउटा बच्चा महारानीलाई बोकाएर वंकपर्वततिर लागे ।

जेतुत्तर नगरबाट पाँचपाँच योजन टाढा रहेको सुवर्ण तालगिरि पर्वत, कोन्तिभार नदी, आरञ्जर पहाड, दुन्निवट्ट गाउँ त्यहाँबाट दश योजन उता रहेको वेस्सन्तरको मामाली देशमा (मामाघर) पुगे । बोधिसत्त्वलाई वंकपर्वत नगएर त्यहीँ बस्न कति ठम्याउने प्रयास गरिए, कति प्रार्थना गरिए, तर उनले स्वीकार गरेनन् । उनले स्पष्ट भने- *'मलाई बुबाले बुबाले वंकपर्वतमा बस्न जान निस्काशित गरिएको हो । त्यसैले म त्यहीँ बस्न जान्छु । मैले मङ्गलसम्मत हात्ती दान गरेँ । फेरि मलाई देखेर शिवि देशका बासिन्दाहरु धेरै रिसाएका छन् । त्यसैले मलई यहाँ राखेमा अथवा सञ्जय राजालाई भन्न गएमा उनीहरु रिसाउने छन् । मेरो कारणले मेरो पूज्य बाबु समेत निस्काशित हुन सक्नेछन् । त्यसैले मलाई वंकपर्वतमा नै जान दिनोस् । हेर्नुहोस् मलाई राज्य चलाउने ईच्छा पनि छैन । राज्यबाट निस्काशित व्यक्ति हुँ । फेरि यहाँ मैले राज्य गर्दा शत्रु बढ्छन् । दुई राज्यबीच झगडा समेत हुनसक्छ । त्यसैले मलाई वंकपर्वतमा नै जान दिनोस् ।'*

यसरी मामाहरुले र त्यहाँका मानिसहरुले गरेको आग्रहलाई उपेक्षा गरी बोधिसत्त्व त्यस नगरमा नै प्रवेश नगरी वंकपर्वततिर लागे । पन्ध्र योजनसम्म बोधिसत्त्वलाई त्यहाँका क्षत्रियहरुले पुऱ्याउन गए । त्यसपछि उनीहरुले आँखाभरि आँसु पारी पन्ध्र योजन बाटोबाट बिदाई गरे ।

बोधिसत्त्व पहिला दक्षिण दिशातिर हेरेर अगाडी बढे । त्यसपछि गन्धमादन पर्वत, त्यहाँबाट उत्तरतिरको विपुल पर्वत, त्यहाँबाट पनि उता विभिन्न प्रकारका माछा भएको केतुमुनि नदीसम्म पुगे । त्यहाँ नुहाएर विश्राम गरिसकेपछि बर-वृक्ष मार्ग हुँदै नालिक पर्वत गएर उत्तरपूर्व हेरेर मुचलिन्द दहमा पुगे । अझ त्यो भन्दा पर राम्रो सफा पानी भएको ठूलो पोखरी जुन वंकपर्वत थियो । वेस्सन्तरले त्यहीँ नै आफ्नो राजकुमार वस्त्र फुकाली तपस्वीभेष धारण गरे । मद्दीदेवीले आफ्नो स्वामीलाई तपस्वीभेषमा देखेर



https://dhamma.digital

पहिले विरह गरिन् । पछि आफूले पनि तपस्विनी भेष लिई वेस्सन्तरसमक्ष प्रार्थना गरिन्- *'हजुरले फलफूल खोज्न जङ्गल जानुपर्दैन । केटाकेटी हेरेर यहीँ बस्नुहोस् । सधैँ म आफै जङ्गलमा गएर फलफूल खोजी ल्याउनेछु ।'* वेस्सन्तरले त्यो कुरा स्वीकार गरे । फेरि पछि कुबेलामा आश्रममा प्रवेश नगर्न उपदेश दिँदै वेस्सन्तर आफ्नो तपश्याचर्या कार्यमा लागे ।

यसरी वेस्सन्तर तपस्याचर्यामा रहँदा कलिङ्गको दुन्निवट्ठ गाउँमा जुजक नामक वृद्ध ब्राम्हण बस्ने गर्थ्यो । उसले मागीमागी नासो राखेको सय रुपैयाँ एकजना ब्राम्हणले खाइदियो । फेरि सट्टामा उसलाई तरुनी छोरी एउटी दिई पठायो । उसको कामकुराको उदाहरण दिएर अन्य ब्राम्ह्णहरुले आ-आफ्ना जहानहरुलाई गाली दिन थाले । त्यसैले सारा ब्राम्हणीहरु त्यस ब्राम्हणलाई ईर्ष्याले हेर्न थाले । धपाई पठाउने विचार गरे । तब ब्राम्हणी पानी भर्न जाँदा सबैले उसलाई होच्याउन थाले । उसलाई पानी भर्न जान नै लाज लाग्यो । आफ्नो लोग्नेलाई पानी भर्न पठाउन मन पनि थिएन । त्यसैले त्यस ब्राम्हणीले ब्राम्हणलाई काम गराउनको लागि वेस्सन्तरको छोराछोरी दान लिन पठाइन् । ब्राम्हणले पनि -*'दान लिन जाने होइन'* भनी फकाउँदै फकाउँदै वंकपर्वतको बाटो सोध्दै गयो । वेस्सन्तरलाई दान लिन आउनेको तर्फबाट दुःख दिन मन नपराउनेहरुमध्ये तपस्वीहरु पनि थिए । तर त्यस ब्राम्हणले तपस्वी अच्यूतलाई पनि त्यसरी नै फकाएर भन्यो- *'तपस्वी मैले वेस्सन्तरसँग मेही माग्न भनी आएको. होइन । म त खाली सत्पुरुषहरुको दर्शन गर्नु मङ्गल हो भनी आएको हुँ । म उहाँको शिष्य हुँ । त्यसैले मलाई उहाँको दर्शन जाने बाटो देखाईदेऊ । शिवि राजाले देशनिकाला गरेदेखि मैले उहाँको दर्शन गर्न पाएको छैन । मलाई छिटै बाटो देखाइदेऊ ।'*

यसरी भन्दाभन्दै अन्तमा जुजक वेस्सन्तरको ठाउँमा पुग्यो । जुजकलाई देख्नासाथ वेस्सन्तरले भने- *'सात महिना बित्यो मैले दान गर्न नपाएको । सात महिनादेखि बन्द भएको दानरुपी ढोका आज बल्ल खोलिने भयो । आऊ ब्राम्हण तिमीलाई स्वागत छ ।'*

ब्राम्हणले खुशी हुँदै भन्यो- *' वेस्सन्तर, नदीको पानीमा प्यासीले जतिसुकै पिए पनि समाप्त हुँदैन । त्यसरी नै हजुरको दान दिने श्रद्धा पनि जतिसुकै दान लिन आएतापनि समाप्त हुँदैन । हजुर महान् श्रद्धालु भएकोले म पनि हजुरसँग मेही माग्न आएको हुँ ।'*

आफूसँग त्यहाँ कुनै धनद्रव्य नभएको कुरा वेस्सन्तरले स्पष्ट पारे । तापनि आफूसँग भएको दिने भनी आश्वासन पनि दिए । यसो भन्नासाथ जुजक ब्राम्हणले विस्तारै आफ्नो कुरा बतायो - *' वेस्सन्तर मलाई पैसा चाहिएको छैन । हेर्नुहोस् म कति बुढो भइसकेँ । मैले कुनै काम गर्नै सकिन ।*



https://dhamma.digital

*त्यसैले एउटा दुईटा काम गराउन मलाई बच्चा एक-दुईजना भए खुब राम्रो हुन्थ्यो । हजुरका यी बच्चाहरु त्यसै जङ्गलमा पनि परिरहेका छन् । मलाई दिनु भएमा काम पनि लाग्नेछ, हजुरलाई पनि महानपुण्य लाभ हुन्छ नै । यस कारणले म हजुरको शरणमा आएको हुँ ।'*

मागे जति दिन्छु भनी विचार गरेको बोधिसत्त्व वेस्सन्तरले त्यस ब्राम्हणको विन्ति पनि स्वीकार गरे । तर बच्चाहरुमा आमा मद्दीदेवी नआएसम्म पर्खेर बस्न अनुरोध गरे ।

यो कुरा सुनेर ब्राम्हणले भन्यो - *' वेस्सन्तर म त तुरुन्तै फर्किनुपर्छ । फेरि मलाई तुरुन्तै दान नदिएमा हजुरको पुण्य कार्यमा पनि वाधा हुन्छ, मेरो लाभमा पनि हानि हुनसक्छ । किनकि आइमाईहरुले याचकहरुलाई मन सन्तुष्टि हुने गरी दान दिँदैनन् ।* वेस्सन्तरले- *'मद्दिदेवी त्यस्ती छैनन्, उसको दानशीलता धेरै बलियो छ'* भनी भन्दा पनि ब्राम्हणको चित्त बुझेन । बारबार *'छिटो दिनुहोस्'* भन्दा बोधिसत्त्वले ब्राम्हणलाई अर्को कुरा भने -*'त्यसो हो भने मैले यी बच्चाहरु तिमीलाई दिइसकेँ । तर बच्चाहरु लिएर तिमी सञ्जय राजाकहाँ जाऊ । तिमीसँग यी बच्चाहरु लिएर तिमीलाई धेरै धनसम्पत्ति दिनेछन् ।'*

बोधिसत्त्वले फेरि आफ्ना बच्चाहरुलाई सम्बोधन गरी भने- *'आऊ बाबु, यहाँ आऊ मेरो पारमी पूर्ण गरिदेऊ । मेरो वचन एकपल्ट सुनिदेऊ । मेरो हृदयमा शीतल पारिदेऊ । संसार सागरबाट पार जानलाई, प्राणीहरुलाई संसार सागरदेखि पार लानलाई तिमीहरु मेरो निम्ति रथजस्तै, डुंगाजस्तै भइदेऊ । मेरो बोधिधर्म पूर्ण गरी सकल देव मनुष्यहरुलाई संसारदुःखबाट मुक्त गर्नेछु । फेरि हे बाबु, तिमी यस ब्राम्हणदेखि मुक्त हुन हजार रुपैंया यसलाई उपलब्ध गराऊ, बहिनीलाई उच्च-उत्तम स्थानमा पार्न तिमीले सर्वशत दिलाएर मात्र मुक्त गरिलेऊ ।'*

पुनः ब्राम्हणलाई हेरेर बोधिसत्त्वले भने- *'ब्राम्हण, मैले यी बच्चाहरु मन नपरेर दिएको होइन । मलाई यी बच्चाहरु आफ्नो आँखा र मुटुभन्दा पनि धेरै मन पर्छ, प्यार लाग्छ, स्नेह जाग्छ । तर यसभन्दा पनि मलाई जगतको हित मन पर्छ । हित हुने ज्ञान सर्वज्ञज्ञान बढी मन पर्छ । यो मेरो त्यागको प्रभावले छिट्टै नै मैले सर्वज्ञता प्राप्त गरी जगत प्राणीलाई उद्धार गर्न सकुँ ।'*

यसरी बोधिसत्त्व वेस्सन्तरले प्रार्थना गरी आफ्ना छोराछोरी त्याग गरे । त्यसबेला भूकम्प भयो । क्षणिक वर्षा पनि भयो ।

तर दान लिइसकेपछि ब्राम्हणले भन्यो - *'वेस्सन्तरको कुनै कुरा स्वीकार गर्न सकिँदैन ।'* यति भनेर वेस्सन्तरको अगाडि नै जालिकुमार र कृष्णाजिनीलाई बाँधेर, तर्साएर, गाली गर्दै, तान्दै लग्यो । यो देखेर बोधिसत्त्वको



https://dhamma.digital

मनमा पनि एकपल्ट *‘ब्राम्हणलाई तुरुन्तै दुर्यटुक्रा पारेर आफ्ना बच्चाहरु फर्काएर ल्याउँ कि’* जस्तो भयो । तर तुरुन्तै - *‘अहो ! मैले त्याग गरिसकेपछि यसो गर्नु त उचित हुँदैन’* भनी पुनः विचार गरे ।

फलफूल लिन गएकी मद्रीदेवीकावे जङ्गलमा मन विचलित हुन्छ । उनको हातबाट फल टिप्ने अंकुश भुईंमा खस्यो । पशुहरुले पनि आफूलाई बाटो छेकेको झैं महशूस भयो । मन आकुलव्याकुल बनाएर मद्रीदेवी जङ्गलबाट फर्किएर आइन् । तर गाईका बाछ्राहरु गाई पर्खेर बसेझैं बाटोबीचमा आएर बाटो कुर्न आउने ठाउँमा आज बच्चाहरु पर्खिन आएनन् । टाढाबाटै दुरुरर दौडिएर आएर जिउमा लुटपुटिनेझैं गरी आउने बच्चाहरु देखिएनन् । आश्रममा पुगेर हेरिन् । मद्रीदेवीको स्तनले भरिएको छाती फुट्नेझैं भयो । मन नपरीनपरी विचार गर्न नहुने ढङ्गले बच्चाहरुलाई कतै केही भए कि भनी शंका हुनासाथ सहन सकिनन् । यता वेस्सन्तर भने केही नभनी चुपलागी बसिरहे ।

तब यताउता खोजिन् र चहारिन् । पछि वेस्सन्तरकहाँ आएर भनिन्- *‘किन आज हजुर नबोलिकन बस्नुभएको ? वनको पंक्षी नकराएझैं हजुर पनि आज कसरी नबोलिकनै बस्नुभयो ? बच्चाहरुलाई बाघले खायो कि ? भालुले खायो कि ? अथवा कुतै खसे कि ? खेल्न गएका फर्केर मात्र आएका छैनन् कि ? अथवा कतै काममा पठाउनुभएको हो कि ? खै, कहाँ गए मेरा बच्चाहरु ? खै कहाँ गए ? कहाँ गए भनेको ..........?’*

तर बोधिसत्त्वले जवाफ दिने नै के ? तब मद्रीदेवी झन्झन् अनेक प्रश्न गर्दै रुँदै बसिन् । अझ बोधिसत्त्वको मनमा कुरा खेल्यो - *‘यथार्थ कुरा बताए भने शोकको शोक नै भइरहन्छ, मद्रीदेवीको मन पागल हुन्छ । त्यसैले कुनै अर्कै कुरामा एकपल्ट उसको मन तान्नु पर्‍यो’* भनी विचार गरी मद्रीदेवीको मनमा प्रहार गर्न, अर्कै विषयमा मन पठाउन उसलाई कडा वचन बोलेर शोकदेखि मन पन्छाएर पठाउँछु भन्ने विचार गरी बोधिसत्त्वले भने- *‘हे मद्री तिमी राम्री छौ, फेरि तिमी युवती, जङ्गलमा अनेक शिकारीहरु छन् । मन्त्रतन्त्र जानेका पनि छन् । तिमी बिहानदेखि बाहिर जान्छौ, राती मात्र फर्किन्छौ । असल महिलाहरुको यस्तो बानी हुँदैन । तिमीले मेरा बच्चाहरुलाई केही भए कि, वेस्सन्तर कसरी कराइरहे होला भनी विचार पुऱ्याएको नै देखिँदैन । यो कसैको दोष होइन मेरो नै दोष हो । मलाई आफ्नो राज्यदेखि निष्काशित गरी यहाँ पठाइयो, म निर्धनी भएँ, त्यसैले मलाई यस्तो भयो ।’*

वेस्सन्तरले त्यसो के भनेका थिए, मद्रीदेवीको मनका अर्को आँधीबेरी आयो । तर विषय अर्को भयो । उनी क्वाँ क्वाँ रुँदै वनमा भएको सारा कुरा विन्ति गरिन् । फेरि उनी आफूलाई वेस्सन्तरले शंका गरे भनी दुःखित भइन् । कति कुरा भनिन् र पनि वेस्सन्तरले भने अरु केही पनि बोलेनन् । न



https://dhamma.digital

बच्चाहरुको विषयमा केही बोले, न हातमुख धोएर खानेपिउने नै गरे । पछि मद्दीदेवी दुःखले मुर्छा परिन् ।

यस समयमा वेस्सन्तरले - *'अब सत्य कुरा भन्ने समय भयो'* भनी सोचे । तब मद्दीदेवीको छातीमा हात राखी फेरि कमण्डलु भरी पानी ल्याई पानी पिलाए । सात महिनादेखि आफूले नछुएको मद्दीदेवीलाई वेस्सन्तरले आफ्नो काखमा टाउको बिसाएर पानी छर्केर अनुहार मुसारे, छाती सुम्सुम्याए । केही क्षणपछि मद्दीदेवी होशमा आइन् । आँखाभरि आँशु राखेर आफूलाई काखमा राखेका वेस्सन्तरलाई देखिन् ।

तब वेस्सन्तरले उसलाई सारा कुरा बताए- *'प्रिय मद्दी, तिम्रो मनमा चोट लाग्ला कि भनेर चिन्तित हुँदै फेरि बच्चाहरुसँग बिछोडिनु पर्ने दुःख बताउन मैले तिमीलाई यसो भनें । मद्दी, तिमीलाई मेरो दान दिने स्वभाव त थाहै छ । तिमी वनमा जाँदाखेरि यहाँ मकहाँ एकजना गरिब ब्राम्हण आयो । उसले बच्चा दान माग्यो । त्यसैले मैले हाम्रा बच्चाहरु उसलाई दान दिएँ । तिमीले मनमा धैर्य राख । महापुरुषहरुले निर्वाणको निम्ति आफ्नो छाती फोडेर दान दिन्छ । प्रिय मद्दी, तिमीले मेरो यो दानको अनुमोदन गर ।'*

वेस्सन्तरले छोराछोरी दान गरिसकेपछि देवराज शक्रको मनमा *यो वेस्सन्तरले कसैले माग्न आए आफ्नो जहान पनि त्याग गर्नेछ र मद्दीदेवीको दुर्गति हुनेछ । उसको धर्म पनि बिग्रनेछ । त्यसैले अहिले नै म गएर मद्दीदेवी दान लिएर आउँछु । यी बच्चाहरु पनि ठीक ठाउँमा पार्छु* भन्ने विचार गरी ब्राम्हण भेष लिर वेस्सन्तरकहाँ इन्द्र स्वयं आइपुग्यो । महासत्व वेस्सन्तरले त्यस ब्राम्हणभेषधारी शक्रलाई पनि स्वागत गर्दै बिसाए । फेरि जङ्गलमा के लिने आशयले आएको भनी सोधे । तब ब्राम्हणभोषधारी इन्द्रले भन्यो- *'आफू अति नै बृद्ध भएकोले विवाह गर्न खोज्दा विवाह हुन पनि गाह्रो भएकोले मद्दीदेवी एउटी माग्न आएको हुँ ।'*

बोधिसत्त्वले-*'हिजो मैला आफ्ना छोराछोरीहरुलाई दान दिएँ, आज फेरि धर्मपत्नी दान लिन आयो । भोली मेरो मुटु नै दान लिन आउनेछ । तर जगतको हितार्थ म कहिले पनि दान माग्न आएकोलाई खाली हात फर्काउँदिन'* भनी विचार गरी भने- *'भो ब्राम्हण, मैले आफ्नो तर्फबाट मद्दीदेवी तिमीलाई दिइसकें । मसँग भएको वस्तु म लुकाइ राख्दिन । कसैले दान लिन आउँदा आफूसँग मात्र भएमा मेरो आफ्नो मुटु नै निकालेर दान दिन्छु । मलाई दान दिन खुब मन पर्छ ।'*

यसो भनी मद्दीदेवीको विचार सोधे । मद्दीदेवीले पनि - *'बोधिसत्त्वको दान दिने स्वभावलाई बाधा हुँदिन'* भन्ने सोचेर त्यस कुरालाई स्वीकार गरिन् । तर स्वीकार गरी दान मात्रै के दिए, तुरुन्त त्यस भेषधारी ब्राम्हणले



https://dhamma.digital

भन्यो - *'भो वेस्सन्तर, यो मद्दीदेवी मैले हजुरलाई नै दिइराख्छु । यिनी हजरसँग मात्र बस्न सुहाउँछे । जसरी पानी र शंखको एउटै वर्ण हुन्छ, त्यसैगरी हजुरको दुवैजनाको रुपवर्ण पनि एउटै नै छ ।'*

यसरी बोधिसत्त्व वेस्सन्तरको दानको प्रशंसा गरी त्यस भेषधारी ब्राम्हणले आफ्नो इन्द्ररुप प्रकट गऱ्यो । फेरि केही वरदान दिने इच्छा गऱ्यो । तर वेस्सन्तरले यी आठवटा कामना मात्रै गरे-

*१) म राजदरबारमा पुग्दा मलाई बाबुले अनुमोदन गरोस् ।*

*२) बन्धनमा परेकाहरु बन्धनमुक्त होउन् ।*

*३) बुढाबुढी, तन्नेरी तरुनी सबैका लागि स्वयम् जीविकाको लागि आधार बन्न सकुँ ।*

*४) परदार सेवन नगरी स्वास्नीमानिसको वशमा नबस्ने होऊँ ।*

*५) मेरा छोराछोरी सुखी होउन् ।*

*६) उनीहरुलाई दिव्य भोजन प्राप्त होस् ।*

*७) जेसुकै भए तापनि मेरो धन समाप्त नहोस् । फेरि त्याग गरिसक्दा मनमा पुनः पश्चाताप नभएको होऊँ ।*

*८) यस जीवनबाट न्यूत (मुक्त) भई सुगतिमा गएर त्यहाँबाट पनि च्यूत भएर एउटा जन्म छाडेर अर्को जन्म लिन नपरोस् ।*

यी कामनाहरु पूर्ण हुने तथा राजाले लिन आउने कुरा प्रकाश पारी इन्द्र अन्तरध्यान भयो ।

उता जुजक ब्राम्हणले बाटो बिराएर कलिङ्गराज्यमा जान्छु भनेर जाँदै गर्दा जेतुत्तर नगरमा पुग्यो । त्यस दिन राजा सञ्जय सबेरै खाने पिउने गरेर न्यायालयमा बसिरहेका थिए । राजाले ती बच्चाहरुलाई ल्याउँदै गरको टाढैबाट देखे र विचार गरे- 'सिंहको डमरुजस्तै समान तेज र स्फूर्ति भएका, बलिरहेको दाउराजस्तै तेजिला ती दुईजना बच्चाहरु को होलान् ?' भनी विचार गरी राजदूत मार्फत् हेर्न पठाए । पछि राजा सञ्जयको नजिक पुग्ने बित्तिक्कै जुजक ब्राम्हणले भन्यो- *'महाराज, आजको पन्ध्र दिनअघि मलाई एकजना दानी राजाले यी बच्चाहरु दान दिएका हुन् । वनमा बस्दा जोसुकै याचकलाई पनि उनले कसैलाई पनि त्यसै खाली हात फर्काउँदैनन् । उनको दान दिनुमा इच्छा भएभैँ त्यो पूरा गर्ने तत्परता पनि रहेको छ । जेसुकै पनि दान दिन तयार व्यक्तित्व हुन्- वेस्सन्तर राजकुमार ! उहाँ वेस्सन्तरले नै मलाई बच्चाहरु दान दिएका हुन् ।'*

यो कुरा सुनी राजा सञ्जयको हृदय छियाछिया हुन्छ, उनले दुःख सहन सकेनन् । तब बच्चाहरुलाई काखमा बस्न आऊ भन्नासाथ जालिकुमारले आफ्नो बाबु वेस्सन्तरले आफूलाई भनेका कुरा सुनाए- *'महाराज मलाई*



https://dhamma.digital

*काखमा राख्न र कृष्णाजिनीलाई काखमा राख्न, मेरो लागि एक हजार र मेरी बहिनीको लागि सर्वशत मूल्य यस ब्राम्हणलाई दिनुहोस् ।'*

नाति जालिकुमारले भनेझैं राजाले ब्राम्हणलाई आवश्यक रकम दिए। नातिहरुको प्रेम र स्नेहले राजा र महारानी फुसतिदेवीलाई छोरा वेस्सन्तर र बुहारी मद्दीदेवीको सम्झनाले पिरोल्न थाले । अझ जालि कुमारले बराबर बिन्ति गर्नाले राजा सञ्जयले वेस्सन्तरलाई दरबारमा फिर्ता बोलाउने पहल गर्न थाले ।

यसरी नै एकदिन राजा साठीहजार सैन्य, हात्ती, घोडाको बल सहित वेस्सन्तरलाई लिन गए । यो सैनिकदल वंकपर्वतमा आइपुग्दा पहिला त वेस्सन्तरको मनमा आफूलाई लिन आएझैं लागेन । बोधिसत्त्वले मद्दीदेवीलार्य भने- *'मद्दी, सायद हाम्रा बाबुलाई शत्रुहरुले जितेर हामीलाई पनि पक्रन यहाँ कोही आउँदैछन् । हेर त कति सैन्यहरु देखिन्छन्, कति रथका ध्वजाहरु देखिन्छन् ।'* तर सैन्यदल नजिकिँदै आउँदा कुरा स्पष्ट भयो र मद्दीले सबैभन्दा पहिले त्यो शत्रुदल नभई आफ्नै देशको ध्वजा भएको कुरा बताइन् । उता राजा सञ्जय पनि एकैचोटी सबै परिवार नजिक जाँदा हर्ष-विस्मात् दुवै एकैपटक हुन्छ भनेर पहिला राजा स्वयं वेस्सन्तरकहाँ पुगे । वेस्सन्तर र मद्दीदेवीले राजा सञ्जयलाई स्वागत गरे । उनीहरुबीच कुशल वार्ता भइसकेपछि महासत्वले जालि र कृष्णाजिनीको बारेमा सोधे- *'हजुरलाई मन परेका दुवै जना नातिनातिनीहरुलाई पनि एकजना ब्राम्हणलाई दान दिएँ। त्यो ब्राम्हण भने धेरै निर्दयी रहेछ । बच्चाहरुलाई पिट्दै लग्यो । अहिले बच्चाहरु कुन अवस्थामा छन् त्यो मलाई थाहा छैन । यदि तपाईंलाई उनीहरुको बारेमा कुनै कुरा थाहा छ भने बताउनुहोस् । नानीहरुको बारेमा सन्न पाए हामीलाई धेरै आनन्द हुनेछ ।'*

राजा सञ्जयले प्रत्युत्तरमा दवै बच्चाहरु आफ्नो साथमा रहेको कुरा वेस्सन्तरलाई सुनाए । वेस्सन्तरले पछि आफ्नी आमाको विषयमा अनेक कुरा सोध्दै गर्दा आमा चाहिँ त्यहाँ आइपुगिन् । मद्दीदेवीले फुसतिदेवीको पाउमा परी- *'म तपाईंको बुहारी हुँ'* भनिन् ।

अनि वेस्सन्तरले पनि आफ्नो आमा महारानीलाई वन्दना गरे । त्यसैबेला जालिकुमार र कृष्णाजिनी त्यहाँ आइपुगे । मद्दीदेवी दौडिएर गई दुवै बच्चाहरुलाई झ्वाप्प अंगालो मारेर आँखाभरि आँशु बरर खसालिन् । छातीबाट दुध बहचो । अनि छोराछोरीहरु देख्नासाथ वेस्सन्तर त्यहीँ मुर्छा परे । त्यसबेला ठूलो भूकम्प भयो । महासमुद्रमा रहेको पानी जोडले प्रकम्पित भएको महशूस भयो ।



https://dhamma.digital

जेहोस्, जस्तोसुकै होस्, भइसकेको कुरा बिर्सेर पठाउनु जाती भन्दै राजा शिविबाट आज्ञा भयो- *‘अब तिमीले आमाबाबु र दाजुभाइ दिदीबहिनीको मन राख । छोराछोरीले आमाबाबुको सुखको लागि अथवा आमाबाबुको दुःख हटाउन प्राणसम्म त्याग गर्छन् । त्यसैले तिमीले यस ऋषिभेष छोडी राजशासनको भार स्वीकार गर ।’*

तर बोधिसत्त्वले त्यस वन-प्रदेशमा अझै सारा परिवारसहित एक महिना बिताए । त्यसपछि मेरो पारमिता गुणधर्म पूर्ण गर्ने काम सकियो भन्ने विचारले पर्णकूटी त्याग गरे र पुनः त्यस कूटीको चारैतिर हेर्दै उनले विचार गरे- *‘अहो कूटी मैले यहाँ सात महिना बसेर पारमिता गुणधर्म अन्तसम्म पूर्ण गरिसकेँ । धन्य यो स्थान ।’*

यसपछि ठूलो उत्साहसहित वेस्सन्तर आफ्नो देशमा फर्के । सारा प्रजाहरुले बोधिसत्त्व वेस्सन्तरलाई स्वागत गरे ।

उपरोक्त चर्चाबाट बोधिसत्त्व वेस्सन्तरको महान् त्याग बारे स्पष्ट हुन्छ । बोधिसत्त्व कतिसम्म परोपकार उन्मुख छन् भन्ने यो एउटा प्रमाण हो । मङ्गलसम्मत दान दिँदा मानवताको स्वतन्त्र व्यक्तित्वप्रति घाउ भएको भाव यस कथाको मूल प्रत्याशित विषय होइन । साथै एकातिर खालि लिनेलिने, आफू र आफ्नो गुटको मात्र स्वार्थगत फाईदा उठाउन अरुहरुको जे-जस्तोसकै र जसरी भए पनि हडप्ने लोभी ब्राम्हणत्व र अर्कोतिर खालि दिनेदिने, जे पनि दिने त्यागी बोधिसत्त्वको भाव अतुलनीय उदाहरण मान्न सकिन्छ । यसबाट जातक युगीन मानव समाजको प्रतिनिधित्व गरेको देखिन्छ । साथै मद्रीदेवीको आफ्नो जहानप्रतिको प्रेम, सतित्व र वेस्सन्तरको त्यागशीलताको बीचको पारस्परिक द्वन्द श्रृजना हुँदा इन्द्रले दुवैको असल हुने गरी आफूले दान लिन आएको दृष्य पनि धेरै महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ । नत्र वेस्सन्तरको त्यागपछि मद्रीदेवीको शील पवित्रता कलंकित हुने अथवा शीलको पवित्रताको लागि दान कुण्ठित हुने, यी दुवै बौद्ध संस्कारको विपरित पक्ष हुन् । पछि त्यसरी दिएर मात्र बसेर लोभ संस्कार भएकाहरुबाट संसारले कसरी पार पाउँदछ भन्ने तर्क आज हामीसामु उभिएको छ ।

यसप्रकार यो वेस्सन्तर चरित्र अनेको त्यागको आदर्श देखाउने बोधिसत्त्व अवदानमध्ये सायद यसलाई महत्त्वपूर्ण मानिन्छ । पालि जातकको संकलनमा यो जातक सबैभन्दा तल परेको कुरा पनि यस प्रसंगमा सम्झनलायक नै छ ।



https://dhamma.digital

## (ख) दान उपपारमिता

वेस्सन्तर जातकमा बोधिसत्त्वको दान पारमिता धेरै कठिन चर्याको रुपमा रहेको छ । तर बोधिसत्त्वहरु यस्तै दानले नै मात्र सन्तोष हुँदैनन् । बोधिसत्त्वहरुको विचार हुन्छ -

*'अहं बाहिर दानमेव देमि, तं मं न परितारेति । अज्झतिक दानं कातुकामोम्हि । सचे मं कोचि हदयं याचेय्य उरं भिन्दित्वा हदयं निहरित्वा ददेय्यं । सचे अक्खिनी याचेय्य उपादेत्वा ददेय्यं ।'*

मैले बाहिरी वस्तु मात्र दान दिइरहेको छु । यसले म पार हुन सक्दिन । आन्तरिक अङ्ग दान दिने पनि इच्छा गरेँ । यदि कसैले मसँग हृदय नै (मुटु) पनि मागेमा म छाती नै फोडेर दान दिन्छु । यसरी नै कसैले यदि आँखा मागेमा आँखा निकालेर दिन्छु ।

वास्तवमा बाहिरी वस्तु दान दिन सजिलो छ तर आफ्नो शरीरको अङ्गप्रत्यङ्ग दान दिन गाह्रो हुन्छ । त्यसैले यस अर्थमा दानपारमिताभन्दा दान उपपारमिता महान् हुन्छ, श्रेष्ठ हुन्छ । परार्थमा आफ्नो धन सम्पत्ति दिनु वा समाप्त गर्नुभन्दा पनि आफ्नो सन्तानलाई दुःख कष्ट दिनु वा त्यस्तो भएको हेर्नु गाह्रो हुन्छ । अझ अर्काको लागि आफ्नो शरीर नै बलिदान गर्नु झन् गाह्रो हुन्छ । तर यी गाह्रो विषयहरु पनि बोधिसत्त्वले आफ्नो चर्या पारमिताको अभ्यासबलले सहज बनाउँदछन् ।

## सीलव जातक (७२)

कथा अनुसार सीलवहस्तिराजले बाटो बिर्सेको एकजना पथिकलाई बाटो देखाइदियो । उसको हस्तिदन्त देखेर त्यस मानिसले पछि शिल्पिलाई सोध्यो- *'मैले हात्तीको दाँत ल्याइदिएमा किन्छौ कि ?' 'शिल्पिहरुले यस्तो दन्त भए हुन्छ, पैसा दिएर किन्ने'* भनेर मात्र के भनेको थियो त्यो व्यक्ति आरी लिएर त्यही जङ्गलमा गएर रुन गयो । फेरि हात्ती आएर उसलाई रोइरहेको कारण सोध्यो । उसले भन्यो - *'स्वामी, म निर्धन, म धेरै दरिद्र । बाँच्ने उपाय नै छैन । त्यसैले म तपाईंकहाँ आएको हुँ । यदि तपाईंले आफ्नो एउटा दाँत मलाई दिनुभयो भने त्यो बेचेर मैले आफ्नो जीवन रक्षा गर्न सक्नेछु ।'*

सीलव हात्तीले आफ्नो दाँत काट्न दियो । फेरि भन्यो - *'मैले यो दन्त तिमीलाई मन नपरेर दिइरहेको होइन, मलाई असजिलो वा मलाई आवश्यक नभएर दिइरहेको पनि होइन । मलाई योभन्दा सयगुणा हजारगुणा*



https://dhamma.digital

*धेरै बढी धर्म बुझ्ने बुद्धत्वज्ञानरुपी दन्त मन पर्छ । त्यसैले मात्र यो दिइरहेको छु । यो दन्त दानले बुद्धत्वज्ञान बोध गर्न कारण बनोस् ।'* तर त्यो अकृतज्ञ मानिसले त्यो दन्त बेचेर फेरि त्यहीँ आयो । पहिले लगेकोले साहुमात्र तिर्न सकियो तर फेरि बाँकी रहेको दन्त काटेर लियो । केही समयपछि आएर भित्रीदाँत जरैदेखि उखेलेर लिएर गयो ।

दान उपपारमिताको दृढता यस कथामा देख्न पाइन्छ । यसरी नै यो चर्या बोधिसत्त्व अरुलाई दिनुमा कतिसम्म अविचलित रुपमा दृढ हुन्छ भन्ने प्रमाण (दसी) हो । त्यसैगरी छद्दन्त जातक (५१४) मा छद्दन्त हात्तीले *दाह्रा किटेर सहेर* आफ्नो दन्त दान दिएझैँ जस्तो दान उपपारमिताको उदाहरण हुनसक्ने जातक कथाहरु धेरै छन् । ती यी उपपारमिताको उदाहरण हुनसक्ने कथामध्ये सिवि जातकलाई (४९९) अति नै महत्त्वपूर्ण मानिन्छ ।

## शिवि जातक (४९९)

शिवि (सिवि) राष्ट्रको राजा भएकोले उनलाई शिवि राजा भनिएको हो । शिवि तक्षशिलामा शिक्षादीक्षा लिइसकेपछि उपराज भए । पछि बाबुको मृत्युपछि राजा भए ।

शिविले राजा हुनासाथ चार नगर ढोकामा चारवटा, नगरको बीचमा एउटा र राजभवन नगिच एउटा गरी जम्मा ६ वटा दानशाला बनाउन लगाए । तर शिवि राजा बाहिरी वस्तु दान दिनुमै सन्तोष भएनन् । आफ्नो शरीरको मासु, रगत वा आँखा दान लिन आएतापछि दिन्छु भनेर विचार गरी दरबारबाट निस्के । उता इन्द्रले शिवि राजाको अधिष्ठानको परीक्षा गर्नको लागि वृद्ध ब्राम्हणभेष धारण गरी शिवि राजाको अगाडि महाराजको जय भन्दै प्रकट भयो । जय जयकार गरी टुप्लुक्क बस्यो । राजाले किन भनी सोध्नासाथ उसले भन्यो- *'महाराज हजुरको दानसंकल्प कीर्तिघोषले सारा लोक प्रभावित भएको छ । म वृद्ध भएँ, फेरि मैले आँखा देख्दिन । हजुरको दुईवटा आँखामध्ये मलाई एउटा आँखा दान दिनुहोस् । त्यसपछि हजुरले पनि देख्नुहुन्छ र म पनि देख्नेछु ।'*

बोधिसत्त्वले जवाफ दिँदै भने- *'ब्राम्हण तिमीले जुन आशा गर्‍यो त्यो पूरा हुन्छ । अब तिमीले आँखा पाउँनेछौ । हेर तिमीले एउटा मात्र आँखा माग्यौ तर म तिमीलाई दुवै आँखा दिन्छु । तिमी आँखा देख्ने होऊ । अनि तिम्रो इच्छा पूरा हुन्छ ।'*

यति भनेर बोधिसत्त्व शिवि परिषद्को बीचमा आँखा निकाल्न नहुने विचारले अन्त:पुरमा प्रवेश गरेर सीवक वैद्यलाई बोलाउन पठायो ।



https://dhamma.digital

यो कुरा थाहा पाई प्रजागणहरु जम्मा भएर कराउन आए- *'हे देव, आँखा दान दिनु हुँदैन । हामीलाई बेवास्ता नगर्नुहोस्, बरु धेरै मोती माणिक्य दिनुहोस् । रथ, घोडा, हात्ती आदि पनि दिनुहोस्, तर आँखा दान दिनुहुँदैन ।'*

यसरी भन्न आउनेहरुलाई शिवि राजाले नरम भएर जवाफ दिए- *'दिन्छु भनेर जसले नदिने इच्छा गर्छ, उसलाई कम्मरमा बाँधेको पटुकाले आफैलाई घाँटीमा बाँधेर झुण्डिने भनिन्छ । जसले दिन्छु भनिसकेपछि दिँदैन त्यो पापीभन्दा पनि महापापी हुन्छ । जे माग्यो त्यो दिने, नमागेको नदिने गर्नुपर्छ । त्यसैले म त्यही दिन्छु, जुन त्यस ब्राम्हणलाई चाहिएको छ ।'*

यो कुरा सुनी अमात्यहरुले आयु, वर्ण, सुख, बलमध्ये के आशा राखी दान दिन लागेका हुन् ? भनी सोधेको जवाफमा शिवि राजाले भने- *'यो दान न मैले स्वर्गको आशामा दिइरहेको हुँ, न त मैले ऐश्वर्यको लागि दिइरहेको हुँ, न मैले छोराछोरी, धन, राज्यको इच्छा गरी दिइरहेको हुँ, यो त सत्पुरुषको चरित्र हो । त्यसैले मलाई दान दिनुमा नै आनन्द लाग्छ ।'*

राजा शिविले फेरि सीवक वैद्यलाई आज्ञा गर्दै भने कि- *'हे सीवक, तिमी मेरा साथी हौ । तिमी मेरा मित्र हौ । तिमी जान्ने-सुन्ने हौ । तिमीले इच्छाअनुसार आँखा निकालेर त्यस माग्नेको हातमा राखिदेऊ ।'*

राजाले यसरी बारबार भन्नाले सीवक वैद्यले औषधि राखेर नदुख्नेगरी आँखा निकाल्न थाले तापनि आँखा निकालिसकेपछि पीडा हुन्छ, सही नसक्नु दर्द हुन्छ । निस्किसकेको आँखा काटेर निकाल्नअघि सीवक वैद्यले भन्यो- *'महाराज, विचार गरिहेर्नुपर्‍यो । म अहिलेसम्म आँखालाई पहिलेजस्तै गर्न सक्छु ।'*

बोधिसत्त्वले भने- *'ढीलो गर्नु भएन चाँडो काम सकाउनुपर्‍यो ।'*

सीवकले निकालिसकेको आँखा काट्यो । त्यसबेला झन् अति नै पीडा भयो । महारानीहरु र अमात्यहरु त्यहाँ क्वाँक्वाँ रोई बसे । सीवकले त्यो दृश्य हेर्न नसकेर फेरि बिन्ति गर्‍यो- *'महाराज, आँखा दिन परेन । म औषधी गरेर आँखा पहिलेजस्तै गरिदिन्छु ।'*

यसको जवाफमा बोधिसत्त्व शिविले भने- *'यसरी ढिलो गर्नु हुँदैन । छिट्टै मेरो हातमा आँखा राखिदेऊ । मैले छिट्टै आफ्नो दान पूर्ण गर्नेछु ।'*

सीवक वैद्यले पहिले दाहिने आँखा हातमा राखिदियो । देब्रे आँखाले दाहिने आँखा हेर्दै वेदना सहनुहुँदै शिवि राजाले भने- *'ब्राम्हण, आऊ मलाई यो आँखाभन्दा सयगुणा-हजारगुणा ज्यादा सर्वचक्षु मन पर्छ । यस आँखा दिएको कारणले पनि सर्वज्ञतारूपी आँखा प्राप्त गर्न सकुँ ।'* यसरी नै बोधिसत्त्वले अर्को आँखा पनि दान दिए । फेरि त्यस भेषधारी इन्द्र दुवै आँखा दान लिइसकेपछि सबैले देख्ने गरेर नै नगरबाट बाहिर निस्केर देवलोक फर्क्यो ।



https://dhamma.digital

केही समयपछि राजाको आँखामा आँसु भरिएको देखियो। तर आँखा भने देखिएको होइन। तब आँखा नदेखेर राज्य के गर्नु भनी विचार गरी राज्यको शासनभार मन्त्रीहरुलाई सुम्पेर उद्यानमा आएर राजा प्रव्रजित श्रमणधर्म पालना गरी बसे।

यस प्रकार शिवि राजा प्रव्रजित गुणधर्ममा बस्नुभएको बेला देवराज इन्द्र प्रकट भयो। फेरि इन्द्रले बोधिसत्त्व शिविलाई भन्यो- *'मन परेको वरदान माग।'* *जवाफमा बोधिसत्त्व शिविले भने - 'हे शक्र ! मसँग धेरै धन छ, सेना छ, अनन्त कोष छ, तापनि आँखा नदेखेर धेरै बाँचेर बस्नुभन्दा नबस्नु नै जाति हुन्छ।'*

यसरी बोधिसत्त्वको कुरा सुनी इन्द्रले दानको प्रतिफल यहीँ प्राप्त हुन्छ भनी आँखा दिने कुरा बतायो। त्यसमा शिवि राजाले स्पष्ट पार्दै भने- *'मलाई फेरि आँखा देखाउने भएमा कसैको आँखा लिएर म पर्दैन। आँखादानको फलअनुसार भए मात्र मन पर्छ।'*

इन्द्रले यो कुरा सुनेर *'सत्यक्रिया गर्नु'* भन्यो। शिवि राजाले पनि सत्यक्रिया गरे- *'अनेक गोत्रको जस्तोसुकै याचक होस् जसले मसँग माग्न आउँछ, उनीहरु मलाई मन पर्छ। मेरो आफ्नो सत्यक्रियाद्वारा मेरो आँखा ठीक होस्।'*

यसरी बोधिसत्त्वले सत्यक्रिया गरेका मात्र के थिए नयाँ आँखा उत्पन्न भयो, जुन स्वाभाविक आँखा मात्र नभई, दिव्यआँखा हुनगयो। त्यसपछि बोधिसत्त्व शिविले दानको प्रतिफल प्रस्तुत गरेर सबैलाई दानादि कुशल कार्य गर्ने शिक्षा दिँदै धर्मानुसार शासन गरे।

## (ग) दान परमत्थपारमिता

दानपारमिताभन्दा दान उपपारमिता पूर्ण गर्नु गाह्रो हुन्छ भने अझ दान उपपारमिताभन्दा दान परमत्थपारमिता पूर्ण गर्नु बढी कठिन हुन्छ। किनभने दान उपपारमितामा शारीरिक कष्ट सहन गर्ने क्षमता बढी चाहिन्छ भने दान परमत्थपारमितामा त जीवन नै त्याग गर्ने भावना चाहिन्छ। परको हितार्थ र कल्याणार्थ बुद्धत्व आकांक्षा गर्ने बोधिचित्तले आफ्नो जीवनप्रति माया कहिले पनि गर्नुहुन्न। बोधिचित्तमा जीवन वा प्राण उत्सर्ग गर्ने ठूलो आकांक्षा र त्यसको लागि आवश्यक त्यागबल सधैँ रहिरहन्छ। यसको उदाहरणार्थ जातकीय अभिव्यक्तिहरु कम छैनन्। त्यसमध्ये अभयदानमा उल्लेखित निग्रोध जातक (७२) एउटा उदाहरण हो साथै बौद्ध अभयदान, अहिंसा र प्रेमको क्षेत्र जस्तै क्रमशः विस्तृत हुँदै जान्छ भन्ने कुराको यो राम्रो उदाहरण हो।



https://dhamma.digital

## जयद्दिस जातक (५३०)

कामि्पल्य राजाको दुईजना छोराहरु यक्षणीले खाइदिइन् । तर तश्रो राजकुमार यक्षणीले लैजाँदा यक्षणीलाई पछ्याएर लग्यो । पछि पोखरीमा हामफाल्दा बच्चाले यक्षणीको दुध पियो । तब त्यस बच्चाप्रति यक्षणीको मातृस्नेह उत्पन्न भयो । त्यसैले उसलाई हेरचाह गरी राख्यो । उसलाई 'म मानिस हुँ' भन्ने थाहा थिएन । उसले आफूलाई यक्ष नै सम्झिन्थ्यो । उता राजालाई चौथो पुत्ररत्न प्राप्त भयो । उसको नाम जयद्दिस राखियो । जयद्दिस राजा भएपछि उसको छोरा पुत्ररत्न प्राप्त छोराको रुपमा बोधिसत्त्व अलीन कुमारले जन्म लिए ।

एकदिन शिकार गर्न जाँदा राजा जयद्दिस आफ्ना सैन्य भारदारहरुबाट छुट्टिएर मानुष्यक्षकहाँ पुग्दा मनुष्य-मंसको स्वाद थाहा पाइसकेको मानुष्ययक्षले जयद्दिस राजालाई पक्रियो, जो उसैको सद्दैभाइ हो । यसरी पक्रिँदा जयद्दिसले *'दानको लागि एकजना ब्राम्हणलाई दिइसकेको वचन पूरा गरी आउँछु'* भनी फर्केर आउँदा युवराज भएको बोधिसत्त्व अलीन कुमारले बाबुको सट्टामा आफू जाने कुरा गरे । पछि यक्षघोषित भएको र मासुरगतको स्वादले यक्षस्वभाव भइसकेको मानुषयक्षको अगाडि पुगी- *'म मेरो बाबुको सट्टामा आएँ ।'*यक्षले उसलाई प्राणान्त पीडाबारे जतिसुकै कुरा भने पनि अलीन कुमारले भने- *'बाबुको सट्टामा आफू मर्न पाउनु नै मलाई सुखकर विषय हो ।'* अझ अन्तमा यक्षलाई उसको यक्षलक्षण नभएको देखेर उसलाई मानुषस्वभावमा ल्याइदिए । पछि यक्षले मानिसको मासुसमेत खान छोडेको मात्र होइन, ऊ स्वयं ऋषि जीवनमा प्रवेश गर्‍यो ।

## सस जातक (३१६)

यही विषय सस पण्डितको विषयमा पनि हो । बाँदर आदि वनचर प्राणीहरुकाबीच बसेको खरायोले शीलपालन गरिबस्यो । यही शील लिएर बसेको समयमा इन्द्रले ऊसँग भिक्षा माग्न आयो । पहिलेका पण्डितहरुले माग्नासाथ आफूलाई नै बलिदान गरी आफ्नो मासु दिएको सम्झेर खरायोले आफू नै आत्मसमर्पण गर्ने इच्छा गर्‍यो । फेरि आगो बाल्न दिएर आफ्नो शरीर टक्टकाएर प्रण गर्दै भन्यो- *'यदि मेरो शरीरमा कुनै प्राणी छ भने म आगोमा हामफालिसके पछि मर्नुभन्दा अहिले नै तल झर ।'* यसो भनी खरायो



https://dhamma.digital

आगोभित्र हामफाल्यो । तर यसरी आगोमा हामफाल्दा त्यस इन्द्रले बालेको आगो खरायोको लागि कमलफूलमाथि खसेझैँ शितल भयो ।

यी तीन जातकमा पनि आत्मसमर्पणसम्मको वर्णन गरे झैँ अन्तमा भने जीवन बचेको नै देखाइएको छ । यसरी यी जातककथाहरुमा दान उपपारमिताको आदर्श देखाए तापनि सुखान्त भएको पाइन्छ। त्यसैले यसका अगाडि महाकप्पिन जातक (४०७) एक तहमाथि पर्छ। किनकि यसमा गर्भवती मृगको सट्टामा मरी नै दिन्छु भनेर गएर पनि राजाको तर्फबाट अभयदान प्राप्त भएझैँ अथवा अलीनले बाबुको सट्टामा मासु खुवाउन जान्छु भनी यक्षको अगाडि गए तापनि यक्षले उसलाई छोडेझैँ अथवा ब्राम्हणभेषधारी इन्द्रलाई आफ्नो मासु नै दान दिन्छु भनी आगोमा हामफाल्दा पनि खरायो बचेझैँ, महाकप्पिनको प्राण बाँदरपरिषद्लाई पार गरिसक्दा पनि बचेन । आफ्नो बाँदरसमूहलाई पार गरिदिएर वा निरापद अवस्थामा पठाइदिएर महाकप्पिन बाँदर मरेर नै गयो । अझ यस हृदयस्पर्शी जातकअनुसार दान परमत्थपारमितामा महासत्वको कथा नै उत्कृष्ट देखिन्छ । त्यसैले पालि परम्पराले दान परमत्थपारमितामा मूल उदाहरण अनुसार ससजातक अगाडि राखे तापनि अझ प्राचीन शिल्पी र चित्रले पनि यसलाई नै मन पराएको छ। भने महासत्व चर्यालाई नै यहाँ संक्षिप्तले दान परमत्थपारमिताको उदाहरणको रुपमा प्रस्तुत गर्नु प्रासङ्गिक देखिन्छ । हो, अवश्यमय पनि यो कथा पालि साहित्यमा देखिँदैन भने त्यस्तै आर्यसुरले आफ्नो जातकमालामा उल्लेख गरेको व्याघ्रजातक सम्ममा राजारानी भएको कथा बनेको थिएन । नेपालमा यो चर्याको विकास नितान्त आफ्नै शैलीमा अगाडि बढेको देखिन्छ। अझ यसले स्वदेशी तथा विदेशी, यसमा पनि विशेषतः तिब्बतीय पद्धतिको महायान सम्प्रदायका श्रद्धालु भक्तहरुमा र यसरी नै यो जातकको क्षेत्र नेपालकै रुपमा बलियो जग बसेर यसले महत्त्वपूर्ण स्थान ओगटेको पनि सयौं वर्ष भैसकेको छ । नेपालका विभिन्न धार्मिक साहित्यमा समेत यसको प्रसङ्ग उल्लेख भइसकेका छन् । धर्मको प्रभाव धेरै भएको इतिहासमा पनि यसको चर्चा भइसकेको छ ।

## महासत्वको कथा

जतिबेला महारथ राजाले गंधवतीपुरमा राज्य गर्दथे, त्यतिबेला उनका महाप्रसाद, महादेव र महासत्व तीनभाइ छोराहरु थिए । एक दिन ती राजकुमारहरुले आफ्ना बाबुको वचन लिएर वनक्रिया गर्न गंधमान पर्वतमा गए । फेरि रमाइलो वनभित्र जाँदै मन्त्री, सिपाही सबै एकातिर परे । तर पनि



https://dhamma.digital

राजकुमारहरु कहिले फुलिरहेका फूल टिपेर आपसमा हानाहान गर्दै खेल्नमा आनन्द लिइरहे भने कहिले फूल टिपेर आरामले बसेर माला गाँस्दै, बस्दै हाँसिरहे । उता मन्त्री र सैन्य सिपाहीहरु भने चिन्ता लिँदै राजकुमारहरुको खोजीमा लागेका थिए ।

महाप्रसाद टाढा वनान्तरमा पुगेर बाघ भालु सम्झेर डराउन थाले । महादेवले मनमा धन्दा लिन थाले । तर महासत्व भने वनजङ्गलमा ऋषिहरु भेट हुन्छ कि भनेर मनमनै आशा गर्दै बसे । जाँदाजाँदै साँच्चै नै टाढा वनान्तरमा पुगे, नजिकै भौंडी-गुफामा एउटा बघिनीले बच्चा (डमरु) जन्माएर बसेको देखे । महाप्रसाद र महादेव दुवै डराए । तर महासत्वको हृदयमा करुणा भरियो । किनकि डमरुहरुले बघिनीलाई चिथोर्दै मासु नै खानेझैं गरी चलिरहेका थिए । आमा बघिनी भने चल्न नै नसकेर मुख बाउँदै बसिरहिन् । यो हेर्दै महादेव डराएर महाप्रसाद नजिक बस्न गए । महासत्वले भने आफैलाई बिर्सेर आमा बघिनी र बच्चाहरुतिर आँखा झिमिक्क नगरी एकटकले हेरिरहे । महाप्रसादले त्यस बघिनी त्यसै भोकाएर प्यास लागेर मर्नेछ भनी बताए । किनकि यसलाई तातोतातो मासु, तातो-आलो रगत चाहिन्छ । यसले खोज्न जान सक्दैन । नजिक कोही पनि अगाडि आउँदैन । यो कुरा थाहा पाउनासाथ महासत्व कुमारले मन थाम्न सकेनन् र पनि मुखले भने केही प्रकट गरेनन् । *'एकजनाले आफ्नो प्राण समर्पण गरिदिन्छ भने छवटा बाघहरुको प्राण बच्ने हुन्छ, यो कति ठूलो धर्म हुन्छ होला है ?'* भनी महासत्वले प्रश्न गरे ।

त्यसपछि तीनै जना राजकुमारहरु त्यहाँबाट फर्के । महासत्वको आँखामा भने त्यही बघिनी र डमरुहरु मात्र झल्झली आइरहे । उनले *'कुनै उपकार नगरी दीर्घायु भएर बाँच्नुभन्दा केही उपकार गरी मरेर जानु वेश हुन्छ'* भनी विचार गरिसकेपछि दाजुहरु दुवैलाई - *'म वनको बीचमा राखेको एउटा वस्तु लिएर आउँछु, तपाईंहरु विस्तारै जाँदै गर्नुहोस्'* भनी महासत्व फर्केर गए । *'ठूलो एउटा पुण्यसम्भार छुट्ला र ठूलो हानि हुन्छ'* भनेर डराएर दौडिँदै फर्केर पुनः भोकाएका प्यास लागेका ती बघिनी र बच्चाहरुका अगाडि पुगे । करुणायुक्त भएर राजकुमार लुगा फुकालेर अगाडि पल्टिए । फेरि मनमनै सोचे- *'यस मेरो दानको पुण्यले म छिटै अनुत्तर सम्यक् सम्बोधिज्ञान लाभ गरी संसारका सकल प्राणीहरुको उद्धार गर्न सकुँ ।'* तर बघिनी जति भोकाएको भएपनि आफैले महासत्वलाई खान सकेन । तब महासत्वको मनमा विचार उत्पन्न भयो- *'यी बाघहरु अति नै दुर्बल भइसके त्यसैले यिनीहरुले मलाई खान सकेनन् । अब मैले बघिनीलाई आफैले नै मासु काटेर नदिइकन हुन्न ।'* यति विचार गरेर महासत्व राजकुमारले आफैले मासु काटेर बघिनीको मुखमा राख्दै खुवाउन थाले । अति पीडाले गर्दा पछि बोधिसत्त्व स्वयंले मासु काट्न



https://dhamma.digital

पनि सकेनन् । त्यसबेलासम्म बघिनी पनि उठ्न सक्ने भइसकी । बाघका बच्चाहरु पनि चल्न सक्ने भए । तब तिनीहरुले आ-आफै महासत्वको रगत-मासु खाएर आफ्नो भोक, प्यास मेटाए । यसरी महासत्व राजकुमारले अरुको लागि आफ्नो प्राणसमेत समर्पित गरे ।

उता अर्कोतर्फ भने महाप्रसाद र महादेव दुवै राजकुमारहरुको मनमा निकैबेर अबेरसम्म पनि महासत्व फर्केर नआएकाले शंका उत्पन्न भयो । सोही समयमा महासत्वको दान परमत्थपारमिताको कारणले भूकम्प गयो । महाप्रसादको मनमा महासत्व फेरि त्यसै बघिनीकहाँ गयो होला भन्ने पनि शंका भयो । तब किसिमकिसिमका तर्कवितर्क गर्दै दुवै राजकुमार वनतर्फ लागे । तर भौंडीमा पुगी हेर्दा उनीहरुले बघिनी देख्न सकेनन् । स-साना बाघहरु पनि देख्न सकेनन् । त्यसैले फेरि दुवैजना तल भौंडीमा उत्रेर हेर्दा यताउता रगत लागेको केश र हड्डीहरु छरिएको खिङ्रिङ्ग अवस्था देखे । तब राजकुमारहरुका मनमा झन् शंका उठे । त्यसै पनि भाई महासत्व होइन होला भनी विचार गरी यताउता महासत्व छ कि भनी खोजिहिंड्दा एउटा रुखमाथि आफ्नो भाईको मुकूटसहित राज-गहनालुगा झुण्ड्याइराखेको देख्नासाथ दुवै राजकुमारहरु पनि केराको बोट ढलेझैं, जरा नलिएको ठूलो रुख ठूलो आँधीवेरी आउँदा ढलेझैं, चट्याङ परेर पीडा सहन नसकी चित्कार गर्दै ढलेझैं डयाम्मै ढले । फेरि पछि मूर्छाबाट उठेर छाती मल्दै अति नै विलाप गरे । राजप्रासादमा एकातिर परेका मन्त्री, सैन्य-सिपाहीहरु भने राजकुमारहरुलाई खोज्दाखोज्दै गंधमान पर्वतमा आइपुगे । त्यहाँ तिनीहरुले महाप्रसाद र महादेव दुवै राजकुमारहरु क्वाँक्वाँ रुँदै गरेका देखे । महासत्व राजकुमार मात्र देखेनन् । केही क्षण उनीहरुले यस्तोउस्तो केही भन्न सकेनन् त्यहीँ राजकुमारको मुकूटसहित बहुमूल्य गहना र पोशाक रुखमा झुण्डिएको देखे भने चारैतिर रगत उछिट्टिएको र केश, हड्डी आदि छताछुल्ल भएको देख्नासाथ दुवै राजकुमारसहित उनीहरु पनि सबै क्वाँक्वाँ रुन थाले ।

विरह शान्त पारी केही क्षणपछि रुँदै केही कुराकानी गरे । फेरि महासत्व राजकुमारले बाघहरुलाई मासु खुवाएको कुरा बुझ्नासाथ एकपल्ट सबै क्वाँक्वाँ रोए । धैर्यवान् कोहीकोहीले मात्र *'धन्य, धन्य महासत्व राजकुमार कस्ता दयावान'* भनी भने ।

उता दरबारमा भने राजकुमारकी आमा रानी सत्यवतीले *'आफ्नो शरीरबाट दुधको मुन्टो खस्यो, मुखको दाँत झऱ्यो, घरमा पालिराखेको तीनवटा परेवाहरु पाखाको छेउमा खेलिराखेकै समयमा अकस्मात् एउटा बाजले झम्टिएर एउटा परेवा लग्यो, त्यसपछि भने उनलाई जीउभरी सियोले घोचेझैँ कष्ट भयो'* भनी सपना देखिन् । यता नराम्रो सपना देखेको र उता तीनैजना



https://dhamma.digital

राजकुमारहरु फर्केर नआएकोले धन्दा लिइबस्दा खोज्न गएका मन्त्री, सैन्य सिपाहीसहित दुईजना राजकुमारहरु मात्र फर्केर आएको देखिन्। कसैले पनि महासत्व राजकुमारको विषयमा केही भन्न सकेका होइनन्। तर यसै समयमा महासत्व राजकुमारको मुकूटसहित गहना पोशाक लिएर एकजना मन्त्री देखियो। तब भएको वृतान्त कुरा बताउन बारबार आग्रह गर्दा एकजना धैर्य भएको मन्त्रीले भन्यो- *'राजकुमारको प्राण विनाकारणले गएको होइन। भोकाएको बधिनी र बच्चाहरुको प्राण रक्षार्थ हृदयमा करुणा भएको राजकुमारले आफ्नो रगत र मासु दान गर्नुभयो।'* यति कुरा महारानी सत्यवतीले के सुनेकी थिइन् उनी मूर्छा परिन्। यसरी विरह गर्दै सबैजना रुँदै कराउँदै गर्दा केही दिन बित्यो। तब सबै महासत्वले महादान गरेको ठाउँमा हेर्न गए। यसरी महासत्वको पुण्यस्मृतिमा स्मारक बनाएर महासत्व राजकुमारको महादान चर्या स्मरण गरी बसे।

यसरी त्यो महासत्व चर्या मानवताको रुपमा दान परमत्थपारमिता पूर्ण गर्ने भएकोले अन्य दान परमत्थपारमिताको उदाहरण कथाभन्दा राम्रो छ। फेरि वेस्सन्तर राजकुमारको दानपारमिता, शिवि राजाको दान उपपारमितासँगै महासत्वको दान परमत्थपारमिता सान्दर्भिक देखिएझैँ क्रमबद्ध देखिन्छ पनि। अझ कथाको उद्देश्यमा आँखा खोली अध्ययन गर्दा थाहा हुन्छ कि यी तीनैवटा कथामा पारमिता गुणधर्म, पूर्ण गरेको उदाहरण एउटै जातक कथामा ल्याउने कोशिस भएअनुसार मणिचूड अवदानको सृजना भयो। किनकि यस दानपारमिता, दान उपपारमिता र दान परामत्थपारमिता मणिचूड राजाबाट नै पूर्ण भएको देखिन्छ।

Dhamma.Digital



https://dhamma.digital

# शीलपारमिता

शीलको साधारण अर्थ सदाचार हो । यसरी नै शील भन्नाले कायिक र वाचिक कार्य अनर्थरुपमा यताउता प्रयोग वा त्यसलाई राम्ररी आरक्षा गरी राख्नु नै शील हो । साधारण अर्थमा काय र वाक सुशिक्षित हुनुलाई शील भनिन्छ । किनकि यसबाट कुशलधर्मको लागि आधार तय हुन्छ र शरण लिने गरिन्छ । सारा गुणधर्मको मूल नै शील भएको हुन्छ । त्यसरी नै सारा निर्दोष गुणरुपी शरीरको टाउको भएको यो भावलाई शील भनिएको छ। सिस शब्दमा *स* कार *ल* भएर सिल (संस्कृतमा शील) हुनगयो । जसरी टाउको नभएमा शरीरको अस्तित्व नै नहुने हुन्छ त्यसैगरी शील नभएमा गुणधर्मको अस्तित्व रहँदैन । यस भावार्थमा सील (शील) को व्याख्या राम्रो देखिन्छ भने यसले क्लेशले गर्ने डाह पीडा शान्त शितल पार्दछ । यही शितल शब्दको त लोप भएर शील भएको छ। यसको लक्षण नै कायिक र वाचिक कर्म विक्षिप्त नगरी स्थिर गर्ने कुशलधर्मलाई आधार भाव दिनु हो । दुःशीलभाव नबनाउनु यसको कृत्य वा रस हो । साथै परिशुद्धि प्रत्युप्रस्थान भएर लज्जा र भय यसको पदस्थान भएको हुन्छ ।

शीलको राम्रो उद्देश्य देख्नको लागि माथि दिइएको पारिभाषिक वर्णन धेरै उपयुक्त छ। नश शील भनेको नै धर्मको वा पुण्यको अर्थमा जे पनि पालन गर्ने बाह्य विधिविधान भनी देख्ने गर्दछ। जसलाई पालिमा रमाइलो विशेषणको अर्थमा *गोसील, कुक्कूटसील वा सकुणसील* भनियो। अर्थात् अर्को शब्दमा भन्ने हो भने मात्र बाह्य विधिविधानको शील मानिसको लागि मानवशील होइन । बुद्धको समयमा मानिसहरुलाई अनावश्यक तर मानिसहरुले पक्रिराखेर धारणपालन गरिराखेको यस्ता धेरै प्रकारका शील थियो । त्यस्तो शीलको कारणमा कतिले चार खुट्टा टेकेर हिंड्ने गर्दथे, कतिले काँचो मात्र खाने गर्दथे, अझ कतिले घाँस खाने गर्दथे, कति भुईंमा राखेर खान्थे । फेरि यस्तो गर्नेहरु मानिससँग नबस्ने, मानिसको भाषासम्म नबोल्ने गर्दथे । उनीहरु भुईंमा नै सुत्दथे । यस्ता व्रतधारण पालन गर्नेहरुलाई नै बौद्धदृष्टिले *गोसील पालक* ( गोशील) भनिन्छ । त्यसरी नै कति प्राय खुम्चिएर सुत्ने गर्दछ, माटो खन्ने गर्दछ। अझ चित्तको, पीडा र विरक्त अवस्थामा अथवा भक्तिभावको समयमा कुकुरजस्तै भुक्नेलाई *कुक्कूटसील* (कुकुरशील) भनिन्छ। कोट्याएर, खनेर खाने व्रतलाई *सकुणसील* (चराशील) भनिन्छ । यी शीलमध्ये आजको संसारमा कतिका शील धर्मको नाममा जस्ताको तस्तै त छैन । तापनि यी शील नै



https://dhamma.digital

परिवर्तित हुँदै आएको रुपमा पनि आजकाल शील नभएको भने होइन । बौद्धदृष्टिले यी शील मानिसले पालन गर्न योग्य वा गर्नुपर्ने शील होइनन् ।

अब हामी साँच्चैकै शीलको विषयमा विचार गरौं । गुणभावअनुसार यथार्थ शीललाई पनि विभिन्नरुपले विभाजन गरिएका छन् । यी विभाजनको विषयमा विचार गर्नुअघि हाम्रो विषय पारमिता गुणधर्म भएकोले यसै अनुरुप नै एकपल्ट विचार गर्नु सुहाउँदो हुनेछ । हुन त पानी छेक्ने बाँध संवरशील जस्तै हो । शीलले आरक्षित भउको चित्त जहाँ सन्तोष हुन्छ, त्यही नै सबल हुन्छ । त्यसपछि सारा बुद्धहरुका सागरमा जानको लागि शील घाट पनि हुन्छ । मारसेना पराजित गर्नको लागि र क्लेश छिनाउन शील अचूक आयुध हो । शील संसार सागरदेखि तर्न ठूलो द्वीप हो । शील मन पर्ने प्राप्त गर्न मूल्यजस्तै भएर पनि यो कसैले खोसेर वा चोरेर लान सक्दैन । शील *ससारकान्तार* ( मरुभूमि) पार नभएसम्म खानको लागि लगिएको आहारजस्तै हुन्छ । यो जहाँ पनि, जहिले पनि वास्नादार फूलजस्तै साथै सबैभन्दा मूल्यवान सत्पुरुषहरुको साँच्चैकै गहनाजस्तै हो । यही शील दिव्य र मनुष्यत्व लाभ वा यशकीर्ति आदिको कारणमा होइन, अझ आत्म मोक्षार्थ मात्र पनि होइन, आफ्नो र परको मोक्षको लागि पालन गर्दै शील बोधिसत्त्वको पारमितामा समावेश हुनजान्छ ।

दृष्टिभ्रम, मानप्रेम र तृष्णाले पीडित नभएको कुशलशीललाई नै शीलपारमिता भनिन्छ । यसलाई सधैं करुणा र उपाय कौशल्यभावले आरक्षा गरी काय र वाक कार्यले गतिशील गर्दछ । भवभोग व देवत्वको तृष्णाले भरिएको शीलपारमितामा समावेश हुँदैन । सत्वहरु शुद्ध हुनु नै विस्पस्नाज्ञानले भनी नबुझेर शीलले नै मात्र शुद्ध हुन्छ भनी विचार गरेमा यो दृष्टिमिश्रित शील कर्म हुन्छ । अरु साना देख्नु मानवत्वले भरिएको शील पनि पारमितामा गन्ती गर्न योग्य शील हुँदैन । सारांशमा ती सम्बोधिमा पुग्न पार जान धेरै उपकार हुने शील नै शीलपारमिता हुन्छ ।

शीलपारमितालाई आर्यशील पनि भनिन्छ । किनकि यो बुद्ध र बोधिसत्त्वहरुको शीलजस्तै अरहतहरुका स्वभावशील पनि हुने । गृहस्थलाई सुहाउँदो र प्रव्रजितलाई सुहाउँदो अनुसार शीलको दुई अङ्ग छन् भने बोधिसत्त्वहरुले गृहस्थ भए तापनि प्रव्रजित भए तापनि शील आरक्षा गर्नुमा भरपर्दो कोशिस गर्दछन् । शील चारित्रशील र वारित्रशील गरी दुई प्रकारका हुन्छन् । पालना गरी पूर्ण हुने वा श्रद्धापूर्ण भएर ग्रहण गरिने चारित्रशील हो । श्रद्धाले आरक्षा गर्न नहुने, छोडिदिनुपर्ने वा विरक्तितर्फ पूर्ण हुने वारित्रशील हो । चारित्रशील पालन आफ्नै आत्मगौरवले स्वेच्छाले गर्नुपर्दछ । मात्र कसैले भनेको कारणले होइन ।



https://dhamma.digital

बोधिसत्त्वले चारित्रशीलमा पूजा र सम्मान यथायोग्यरुपले अप्रमादपूर्वक नै पालना गर्दछन् । कल्याणमित्रको सत्संग गर्नु, राम्रो कुरामा साधुवाद दिनु, अरुको अपराधमा क्षमा दिनु, शक्ति बनाउन अरुको गुण प्रकाश गर्नु, आफ्नो दोष सुधार गर्न आत्मलोचना गर्नु, निर्दोष काममा अल्छी नभई प्रयत्नशील हुनु, रोगीहरुको सेवामा उत्साह बनाउनु, ज्ञातिवर्गलाई धैर्य गराउनु, चाहिनेहरुलाई भ्याएसम्म सहयोग गर्नु, अपराधीहरुलाई अपराध गर्न अनुबल नदिनु, बरु सुधारको लागि प्रयत्न गर्नु सारा चारित्रशीलको अङ्ग हुन्छन् । शीलपारमिता पालन गर्नेहरुले बोधिसत्त्वहरुको परम दुष्कर उदारचर्याको कथा सुनेर यस्तो कसले गर्न सक्दछ र ? भनी पछाडि फर्किंदैनन् । *'बरु म पनि त्यही बाटो लाग्नेछु'* भनी विचार गरी सम्बोधि प्राप्त गर्नको लागि वीर्य उत्साह गर्छ । यस्तो उत्साहले युक्त भएर परार्थचर्यामा पालन गरिने शील नै परमार्थ अर्थमा समेटिएर शीलपारमिता पूर्ण हुन जान्छ ।

लोकमा पूजा र सम्मानयोग्यहरुमध्ये बुद्ध, बोधिसत्त्व र आमाबाबुहरु अग्र छन् । गौतम बुद्धको बोधिसत्त्व जीवनवृतान्त पढेमा हामीले देख्छौं कि बोधिप्रार्थना गर्दादेखि सिद्धार्थ गौतम हुनुभन्दा अगाडिकावे बुद्धसम्मको पूजा तथा सम्मान उनले गरेका थिए ।

गौतमबुद्धले आफ्नो सम्बोधिको प्रार्थना दीपङ्कर बुद्धसँग गरेका थिए । त्यसबेला उनले बाटो बनाएर बुद्धप्रति पूजा र सम्मान प्रकट गरे । त्यसपछि कौण्डन्य बुद्धको पालामा बोधिसत्त्व विजितावी भन्ने चक्रवर्ती राजा भएर बुद्धसहित भिक्षुसंघलाई महादान गरी स्वयं धर्मश्रवण गरिसकेपछि भिक्षु भए । मंगल बुद्धको समयमा बोधिसत्त्वले सुरुचि नाम ब्राम्हण भएर जन्म लिए । उनले मंगलबुद्धसहित असंख्य भिक्षुसंघलाई दान दिए र स्वयंले पनि प्रव्रजित भएर जीवन अपनाए । सुमन बुद्धको पालामा अतुल नामक नागराज भएर महादान गरे । रेवत बुद्धको पालामा अतिदेव नामक ब्राम्हण भएर बोधिसत्त्वले ठूलो श्रद्धा देखाई बुद्धको वर्णन गरे । सोभित बुद्धको शासनमा अजित नामक ब्राम्हण भएर धर्मोपदेश सुनेर भिक्षुसंघलाई संघभोजन समर्पण गरे । अनोमदस्सी बुद्धको पालामा यक्ष सेनापति भएर संघदान गरे । पद्मबुद्धको पालामा सिंहको जन्म लिएर निरोधसमापत्ति ध्यानमा बसेका बुद्धलाई प्रदक्षिणा गरे । नारद बुद्धको पालामा ऋषि भएर भिक्षुसंघलाई दान गरे । पद्मोत्तर बुद्धको पालामा जटिल नामक महानागरिक भएर भिक्षुसंघलाई तीन वस्त्र प्रदान गरे । सुमेध बुद्धको शासनमा उत्तर नाम ब्राम्हण माणवक भएर ८० करोध धन त्याग गरी भिक्षु भएर प्रातिमोक्ष शील पालन गरे । सुजात बुद्धको पालामा चक्रवर्ती राजा भएर महादान गरे । प्रियदर्शी बुद्धको पालामा काश्यप नामक ब्राम्हण भएर तीन वेदविज्ञ भएर संघाराम बनाइदिई, दान दिएर प्रवज्या ग्रहण



https://dhamma.digital

गरे । अर्थदर्शी बुद्धको पालामा सुसीम नामक तपस्वी भएर मन्दारफूलको छाताले बुद्धलाई पूजा गरे। धर्मदर्शी बुद्धको पालामा शक्र भएर बुद्धको सम्मान र पूजा गरे। सिद्धार्थ बुद्धको पालामा मंगल तपस्वी भएर बसेका थिए। उनले बुद्धलाई जम्बुफल दान गरे। तिष्य बुद्धलाई सुजात क्षत्रीय भएर फूलले पूजा गरे। पुष्य बुद्धलाई विजितावी राजा भएर राज्य छोडी शीलाचरणले बुद्धको पूजा गरे। विपश्यी बुद्धलाई अतुल नाग भएर सिंहासन प्रदान गरे। शिखी बुद्धलाई अरिन्दम राजा भएर चीवरवस्त्र र भोजनले पूजा गरे। विश्वभू बुद्धलाई सुदर्शन नामक राजा भएर, ककुसन्ध बुद्धलाई खेम नामक राजा भएर, कोणागमन बुद्धलाई पर्वत नामक राजा भएर दानादि पूर्ण कार्य गरे। काश्यम बुद्धको पालामा ज्योतिपाल ब्राम्हण युवक भएर प्रव्रजित जीवन बिताए।

यो जातकीय अभिव्यक्ति अवदान साहित्यले केही परिवर्द्धन र परिवर्तनको कोशिस पनि गरेको देखिन्छ। जेसुकै होस् सारांश अभिप्रायः बुद्धप्रति अभिवादन र वन्दना मानादिको चारित्रशील पालन बोधिप्रार्थनादेखि बोधिप्राप्तिसम्म भएको कुराको प्रस्तुति नै मात्र हो।

त्यसरी नै जुनसुकै जन्ममा पनि बोधिसत्त्वले आफ्ना आमाबुबाहरुलाई गौरव सत्कार गर्दछन्। कुनै जन्ममा त यो गुणधर्म पालन गर्नलाई जीवन नै परित्याग गरेका छन्।

जयद्दिस्स जातक (५१३) मा अलिन्दले आफ्नो बाबु जयद्दिस्सको लागि प्राण उत्सर्ग गरेको चारित्रशीलको वर्णन माथि गइसकेको छ । बुद्धले उपदेशअनुरुप पूर्ण यौवनमा आमाबुबाहरुलाई आफूमा सामर्थ्य भइकन पनि पालनपोषण नगर्ने व्यक्ति नीच मानिन्छ। त्यसैले बोधिसत्त्वहरुले यो कर्तव्य पालनको अवसर गुमाउनुपर्‍यो कि ठूलो अपशोच गर्दछन्। बोधिसत्त्व सामको विरह यस्तै नै विरह हो।

### *शील पारमिताको कथात्मक व्याख्या :-*

### **साम जातक (५४०)**

दुईजना निषाद मित्रहरुको एकएक जना सन्तान छ, दुकूलक र पारिका। दुवैलाई अनिच्छापूर्वक विवाह गरिदिए। दुवैजना रागार्णवमा लिप्त नभई ब्रह्मार्थमा वासगरे। फेरि दुबैले आमाबुबाको वचन लिए। हिमप्रदेशको हिमनदी किनारमा तपस्या गर्न गए। शक्रले उनीहरुको भलाईको लागि पुत्र प्राप्तिको लागि प्रार्थना गरेतापनि उनीहरुले भने स्वीकार गरेनन्। अन्तमा



https://dhamma.digital

पारिका तपश्विनीको ऋतुमती कालमा नाभिस्पर्श गर्नासाथ इन्द्रको प्रभावले गर्भधारण भयो । शिशुको जन्म हुनासाथ सुवर्णसाम भनी नामाकरण गरियो । पछि आबाबु अन्धा हुनासाथ पालनपोषण गरी बसे । एकदिन पानी लिन जाँदा वाराणासीका राजा पिलीयक्खले मृग सम्झी हानेको वाणले सुवर्ण सामलाई ढाल्यो । मरणपीडा भएको बोधियत्व सामले राजालाई भने- *'मेरा आमाबाबुकहाँ एकहप्ताको लागि खानेकुरा छ । तर पानी छैन । त्यसैले मेरा अन्ध आमाबाबुहरु पानी पिउन नपाइकन नै मर्ने भए । आफू मर्छु भनेर डर छैन । मलाई त मेरा आमाबाबुहरु खान पाउँदैनन् भनी दुःख लागिरहेछ । मेरी बिचरी आमा अवश्यमेव पक्कै पनि धेरै बेरसम्म रोइरहनु हुन्छ । आधा रात बित्नासाथमा उहाँको आँसु नदीको पानी सुकेर जाने झैँ सुक्ने हुन्छ । उहाँ मेरो बाबु पनि धेरै बेरसम्म रुनुहुन्छ । फेरि नदी सुक्ने झैँ सरी अन्तमा सुकेर जान्छ । मैले उहाँहरुको सेवा एकरति पनि अल्छी नमानिकन गरिराखेको थिएँ र मेरा आमाबाबु 'छोरा, छोरा' भन्नु हुँदै छामछुम गर्दै यताउता जङ्गलमा खोजिहिँड्नु हुन्छ । यही नै मेरो त्यो घाउ हो, जसले मेरो हृदय थरर्र कमाउँदै छ ।'*

राजाले सामको विरह सुनेर राजदरबार नफर्किकन त्यहीँ नै बसी ती अन्ध-अन्धा सामको आमाबाबुहरुको सेवा गर्ने विचार गरे । त्यसैले राजालाई बाटो देखाएर सुवर्ण सामले भने- *'मेरो टाउको शिरानमा जुन बाटो छ त्यहाँबाट आधाकोश जानासाथ मेरा आमाबाबुहरु बस्नुभएको ठाउँमा पुग्दछ । त्यहाँ पुगेर उनीहरुको सेवा गर्नुहोस् । हे काशीराज, तपाईंलाई मेरो नमस्कार छ । हे काशीवर्धन, तपाईंलाई मेरो नमस्कार छ । घोर जङ्गलमा तपाईंले मेरो आमाबुबाको सेवा गर्नुहोस् । मेरो विन्ति छ । मेरा आमाबाबुलाई मेरो नमस्कार पुऱ्याई दिनुहोस् ।'*

यी शब्दहरु पलिको गाथाको अनुदित शब्दहरु हुन् । यसभित्र चारित्रशील पालनको क्रियात्मक उद्घोषण प्रतिध्वनित भएको छ । पछि आमाको सत्य प्रभावले साम स्वस्थ्य भएको वर्णन गरिएको छ, जुन यहाँ सम्बन्धित विषयको रुपमा रहेको देखिँदैन ।

## मातुपोसक जातक (४५५)

हिमालयको नगिच रहेको वनप्रदेशमा बास गरेको हात्तीहरुका नाइकेले आफ्नी आमालाई राम्ररी पालनपोषण गर्न परिषद् नै त्याग गरे । तर अन्धी आमाको सेवा गरिरहेको त्यस हात्तीले जंगलमा बाटो बिराएको एकजना पथिकलाई बाटो मात्र के देखाइदिएका थिए, राजालाई गएर सर्वश्वेत हात्तीको बारेमा वर्णन गरी सुनायो । पछि त्यस हात्तीलाई पक्रेर लग्यो । तर हात्तीले



https://dhamma.digital

दरबारमा खाने पिउने नै गरेन । पछि राजा स्वयं अगाडि आएर सोध्दा त्यस हात्तीले भने- *'त्यहाँ मेरी अन्धी आमालाई बाटो देखाउने कोही पनि छैन । उसले चण्डोरण पर्वततिर आफ्नो सुँड पछार्दै विरह गर्दै होली ।'* राजाले यो कुरा सुनेर त्यस हात्तीलाई बन्धनमुक्त गरिदिए । पछि उनको शिलाप्रतिमा बनाएर एकपल्ट आफ्नो देशको यात्रा पनि गरे ।

बोधिसत्त्वहरुले चारित्रशील पालन नगरी खानुभन्दा नखाई मरिजानु उत्तम ठान्दछन् भन्ने यसको सारांश हो । यसरी नै जसले राम्रो यस्तो चारित्रधर्म पालन गर्दछ, उसको यात्रा उत्सव गर्न योग्य हुन्छ । यही कुरा गिज्झ जातक (३९९) को चरित्र चित्रणले पनि अझ स्पष्ट हुन्छ ।

## गिज्झ जातक (३९९)

एक समय बोधिसत्त्व गिद्ध भई जन्मिए । त्यतिबेला उनले सिनो ल्याउँदै, खुवाउँदै अन्धा आमाबाबुहरुको पालनपोषण गर्दथे । एकदिन सिनो खोज्दै जाँदा शिकारीले राखेको जालमा फसे । आफू मर्नु पर्छ भन्ने डरभन्दा बढी *'आफू मरेपछि पहाडको चट्टानको भीरमा बसेको अन्धो आमाबाबुहरुलाई कसले पालन गर्छ'* भनी विलाप गर्न लागे । उनको विलाप सुनेर, शिकारीलाई दया लागेर, आमाबाबुको पालनकर्ता भनी जालबाट मुक्त गरिदिए । चारित्रशीलमा रही आमाको सेवामा आफ्नो प्राण नै उत्सर्ग गरेको जस्तो राम्रो उदाहरण हामीलाई चुल्ल-नन्दिय जातक (२२२) को प्रस्तुतिबाट स्पष्ट हुनेछ ।

## चुल्ल-नन्दिय जातक (२२२)

नन्दिय र चुल्ल नन्दिय नामक बाँदरहरुका आमाले आँखा देख्दैन । ती दुवै बाँदर समूहको नाइके हुन् । बाँदरहरुको नेतृत्व गर्दै उनीहरुले आमालाई दिइपठाएको खाद्यपेय पदार्थ आमाकहाँ पुग्दैनथ्यो । यसै कारणले खिन्न भएर आमाको नै सेवा गर्छु भनेर दाजुचाहिँले भाइचाहिँलाई बोलाएर नेतृत्वको भार सुम्पिन खोज्यो । तर भाइ चुल्ल नन्दिय बाँदरलाई चित्त बुझेन । पछि दुवै मिलेर आमाको सेवा उपस्थान गर्नमा तल्लीन रहे ।

एकदिन एकजना शिकारी खाली हात लिएर घर फर्किरहेको थियो । त्यसबेला उसले त्यस अन्धी बाँदर्नीलाई देख्यो । तब तीरले हानेर मार्ने चेष्टा गऱ्यो । त्यो देखेर नन्दियले आफ्नो भाइलाई आफ्नो अनुपस्थितिमा आमाको राम्ररी सेवा गर्नु भनी ऊ आफू स्वयं शिकारीको अगाडि प्रकट हुँदै भन्यो-



https://dhamma.digital

*'शिकारी, तिमीले मेरी बूढी आमालाई नमार । लौ बरु मलाई मार । म मेरी आमाको सट्टा आत्मत्याग गर्न आएको हुँ ।'* शिकारीले यस कुरालाई स्वीकार गऱ्यो । तर नन्दियलाई मारिसकेपछि त्यस शिकारीले फेरि वृद्ध बाँदर्नीलाई पनि मार्न खोज्यो । तब चुल्लनन्दिय बाँदर पनि अगाडि आएर भन्न थाल्यो- *'हे शिकारी, तिमीले किन मेरी वृद्ध आमालाई मार्न आँटेको ? लौ तिमीलाई पुगेन भने म आफै पनि मरिदिन्छु । तर तिमीले मेरी आमालाई छोडि दिनुपर्छ ।'* यसो भनेर त्यस शिकारीलाई आफ्नी वृद्ध आमालाई मार्दिन भनी प्रतिज्ञा पनि गराएर चुल्लनन्दिय बाँदरले आत्मसमर्पण गऱ्यो । तर शिकारीले उसलाई मारिसकेपछि पनि फेरि त्यस वृद्ध बाँदर्नीलाई पनि माऱ्यो । यस पापले त्यो शिकारी पृथ्वी फुटेर जिउँदै अवींचि नर्कमा झऱ्यो ।

यसरी यो जातक एकातिर चारित्रशीलको पारमितामा परमत्थपारमिताको उदाहरण हुन्छ भने अर्कोतिर यस जातकले शील परमत्थपारमितापूर्ण गर्नेहरुप्रति अन्यायबाट हुने विपाक पनि देखाउँछ ।

शीलपारमिताको चारित्रशीलमा आमाबाबुप्रति मात्र कर्तव्य सन्निहित हुँदैन, अपितु गुरुजनादिको सेवा पनि चारित्रशील अन्तर्गत पर्दछ । वस्तुतः चारित्रशील जो कसैले पनि पालन गर्नुपर्ने देखिन्छ । आफूभन्दा श्रेष्ठहरुलाई सेवा गर्नु, सम्मान गर्नु, गौरव राख्नु, सुहाउँदो रुपले आवश्यकता अनुसार हुनुपर्छ भन्ने कुरा *भिक्खा परस्पर जातकले* राम्ररी प्रस्तुत गर्दछ ।

## भिक्खा परस्पर जातक (४९६)

एक समयमा एक राजा अगतिमा पर्ने डरले शीलाचरण गुणधर्मले सम्पन्न भई धर्मपूर्वक राज्य गर्दथे । तैपनि आफूमा केही दोष छ कि भनेर भेष बदलेर दुर्गुणताको खोजी गर्न हिंडे । उसले दरबार, नगर, गाउँमा आफ्नो दुर्गुणताबारे बताउने कोही नभेटिएपछि पुरोहितसहित दुर्गम प्रदेशतिर हिंडे । एउटा नगरमा पुग्दा नगरबाहिरको पौवामा बसिरहेको समय त्यस नगरको सेंठले देखेर राजाप्रति करुणाले प्रणीत आहार ल्याएर खान दियो । त्यसै पौवामा एकजना बोधिसत्त्व तपस्वी र एकजना प्रत्येकबुद्ध पनि बसेका थिए । राजाले त्यो खाना पुरोहितलाई नै खाना दान गरे । फेरि त्यस पुरोहितले तपस्वीलाई दान गऱ्यो । अझ तपस्वीले पनि त्यही भोजन प्रत्येकबुद्धलाई सभक्तिपूर्वक चढाए ।

सेंठले त्यसरी एकअर्कालाई दान गरेको र प्रत्येकबुद्धले चुपचाप सेवन गरेको देखेर त्यसको कारण सोध्यो । जवाफमा राजाले भने- *'उहाँ मेरो आचार्य हुनुहुन्छ । मेरो आदरणीय हुनुहुन्छ । मेरो भलाईमा लागिरहनु हुन्छ ।'*



https://dhamma.digital

पुरोहितले भन्यो - *'म छोराछोरी जहानको पालनपोषण गर्ने गृहस्थमा आशक्त छु । गृहस्थमा आशक्त नहुने उहाँ तपस्वीलाई दान दिन नै योग्य छ ।'*

बोधिसत्त्व तपस्वीले भने- *'म फलफूल, कन्दमूल खोजेर, खनेर खाने गर्दछु । अरुले दिएको खाद्यान्न पकाएर पनि खान्छु । तर उहाँ प्रत्येकबुद्ध पकाएर खान नहुने अकिञ्चन, परिशुद्धलाई दान दिन योग्य छ ।'*

यसपछि प्रत्येकबुद्धले भने- *'उसले मलाई परिशुद्ध सम्झेर भोजन दान गऱ्यो । दातालाई भोजन निमन्त्रणा गर्नु मेरो आजीविकासँग मिल्दैन । त्यसैले मैले कसैलाई पनि दान नगरी चुपचाप खाएँ ।'*

यसरी नै उपकारको बदलामा प्रत्युपकार गर्नु पनि शील अन्तर्गत पर्छ । महाअस्सारोह जातक (३०२) मा महाअस्सारोहले आफू राज्यबाट पलायन हुनु परेको अवस्थामा सहयोग गर्ने एकजना प्रत्यन्त ग्रामवासीलाई पछि आफ्नो राज्य आफ्नो अधीनमा पर्ने बित्तिकै आधा राज्य नै दिए । गुठी जातक (१५७) को सन्देश पनि यस्तै हो । अझ यसरी नै उपकारको बदलामा प्रत्युपकारको आदर्श प्रदर्शन गर्ने कार्यमा भद्दसाल जातक (४६५) ले अतुलनीय रुपमा स्वजन रक्षाको आदर्श प्रस्तुत गर्नुमा सफल देखिन्छ ।

कथा अनुसार ब्रह्मदत्तले भद्दसाल रुख काटेर एउटै मात्र सिंगो महल बनाउन खोज्दा रुखले भन्यो - *'पहिला हाँगा छाँट, पछि टुप्पादेखि रुख काट, अनि पछि सबैभन्दा पछाडि जरा काट ।'* यस कुरामा आश्चर्य मान्ने राजालाई भद्दसालले पुनः भन्यो- *'यसो गर्दा मेरो छाँयामा तलतल उम्रेर आएको स-साना बुट्टा र घाँसहरु धेरै मर्दैनन् ।'* यस्तै कुरा काक जातक (१४०) मा पनि उल्लेख भएको पाइन्छ ।

यसरी नै रोगी सेवक हुनु, सुभाषित वचन बोल्ने हुनु, आफ्नो गुण प्रकाश गरी नबस्नु, अरुको गुणमा ईर्ष्या नगर्नु पनि शील रक्षार्थ गरिने चर्या नै हुन् । वस्तुतः शील शब्दको विषय होइन, कर्तव्यपालनको विषय हो । यस कुरालाई स्पष्ट पार्ने कार्यमा कारण्डिय जातक (३५६) को पस्तुतिलाई राम्रो मान्न सकिन्छ । यसमा जसलाई पनि *'शील लेऊ शील लेऊ'* भनी बाटोबाटोमा शील दिएर हिँड्नेलाई पर्वतको चट्टानहरु झारेर समुद्र पुरेर पृथ्वी सारा समान गर्ने कोशिस गरिरहेको मूर्खको तुलना गरिएको छ । किनकि शीलको अर्थ नैतिक गुण बनाउन प्रार्थना वा अधिष्ठान गर्नु मात्र होइन । जुन जातकीय आदर्शको विपरीत नगण्यरुपमा बोधिसत्त्व जीवनमा पनि शीलको उपेक्षा भएको पाइन्छ । उदाहरणको लागि *कणवेर जातक (३१८)* मा बोधिसत्त्व कणवेर चोरडाँकु भएको पाइएको छ । यसो भए तापनि प्रायशः बोधिसत्त्व जीवनमा पंचशील पालन नै गरको पाइन्छ । अझ शीलको बोधिसत्त्वले त्यसै पनि रक्षा



https://dhamma.digital

गर्नुहुन्छ, जसरी किकि नामको बट्टाई चराले आफ्नो अण्डा रक्षा गर्छ, चौरी गाईले आफ्नो पुच्छर रक्षा गर्छ, आमाले आफ्नो एक्लो छोराको रक्षा गर्छिन्, कानोले आफ्नो एउटा आँखाको रक्षा गर्छ ।

बोधिसत्त्वले मैत्री र करुणामा प्रतिष्ठान हुन प्राणघातदेखि अलग हुने गर्दछ । साथै आफूबाट अरुलाई अभय प्राप्त गराउँदछ । बोधिसत्त्वसँग सपनामा समेत रिस रहँदैन, उनको हृदय जहिले पनि मैत्रीले भरिएको हुन्छ । परोपकारको विचार भएकोले परवस्तुलाई सर्पसमान ठान्दछन्, अदत्तादान (चोरी) बाट रहित भई बस्दछन् । गृहस्थी भए तापनि बोधिसत्त्वले परदारलाई दिदीबहिनी समान वा आमा समान सम्भिन्छन् । अरुलाई जहिले पनि आफ्नो तर्फबाट सशंकित नहुने गरी जिउन लगाउँदछन् । अझ अशुभ भावनामा अभ्यासरत प्रव्रजित बोधिसत्त्व मैथुन धर्मदेखि नै अलग रहन्छन् । यसले गर्दा अरुबाट मन नपराई बस्दैनन् । बोधिसत्त्वले भएको र आवश्यक साथै काम लाग्ने कुरा मात्र नम्रतापूर्वक बोल्दछन् । त्यसैले अरुलाई हृदयमा आफूप्रति अविश्वास राख्न नपर्ने वतावरण बनाउँदछन् र शील गुणधर्म आरक्षाको आदर्शमा यसो भन्दछन् -

***धनं चजे यो पन अंगहेतु, अंग चजे जीवितं रक्खमानो ।***
***अंग धनं जीवनं चांपि सब्बं, सच्चे नरो धम्म मनुस्सरन्तो ॥***

अङ्गप्रत्यङ्गको हितमा धन त्याग गर्दछ, जीवन मात्र रहने हो भने आवश्यक भएमा शरीरको अङ्गप्रत्यङ्ग पनि परित्याग गर्दछ । तर धन, अङ्ग र जीवन सारालाई साँच्चैकै मानिसले धर्मको निमित शील धर्मको पालनमा परित्याग गर्दछ ।

यसरी शील पालन गर्नुमा धेरै फल प्राप्त हुन्छ भने फेरि शीलको प्रतिफल यहाँको यहीँ नै पाइन्छ । बोधिसत्त्वले प्राणघातकको विरक्तिले गर्दा सीधा शरीरसहित महापुरुष लक्षण, असत्य र सिंहजस्तै शुरवीरत्व प्राप्त गरे । संक्षिप्तमा भन्ने हो भने चारित्रशील र वारित्रशील दुवै शासनको जरा हुन् । बोधिसत्त्वहरुलाई यिनै शीलधर्म दिव्यचक्षु, दिव्यश्रोत र आश्रवक्षय ज्ञान प्राप्न गर्नलाई हेतु पनि हुन्छ । रमाइलोको लागि वा शक्ति प्रदर्शनको लागि तममा वा मोहमा हिंसादि कर्म गरी शील नबिगारिकन र भवभोग, यश सम्मान आदि प्राप्त गर्नको लागि अझ स्वास्नी, छोराछोरीको कारणसम्ममा पनि शील नबिगार्नु शीलपारमिता हो । आफ्नो शरीरको अङ्गप्रत्यङ्ग आरक्षाको निम्ति पनि शील नबिगार्नु नै शील उपपारमिता हुन्छ । साथै जीवन नष्ट हुञ्जेलसम्म पनि शील नबिगारी पालन गर्नु नै शील परमत्थपारमिता हो ।



https://dhamma.digital

स्वयं आफ्लै पारमिता गुणधर्म पालन गर्दै बुद्धत्व प्राप्त हुन सक्छ। यो ज्ञान कसैको उपासना वा कसैको कृपाले प्राप्त हुने होइन । त्यसैले नै बुद्धत्व भन्नु ईश्वरको दूत वा ईश्वरको पुत्र वा स्वयं ईश्वरको अवतार भाव प्राप्ति भनेझैँ बिल्कुल होइन। त्यसैले नै उनको धर्ममा सदाचारको मूल्य यथार्थ रुपमा पाइन्छ । तब त्यहाँ खाद्यशुद्धि, जलशुद्धि र अग्निशुद्धि आदि बाह्यशुद्धि भन्नेलाई कुनै प्रकारले पनि ठाउँ छैन ।

बौद्ध दृष्टिकोणमा पञ्चशील पालन न्यूनतम रुपमा मानिसको लागि नैतिक कर्तव्य हो । एकातिर पाप गरी बलियुक्त यज्ञ गरी पापबाट मुक्ति हुने ठानेर बस्ने वर्ग, अर्कोतिर यज्ञको दक्षिणा लिएर बस्ने वर्ग, अझ त्यसमा धर्मको आधार लिएर आफ्नो पक्ष बलियो बनाएर पनि दया, प्रेम र करुणा भन्ने अनावश्यक ठानिएको समयमा बुद्धको *अहिंसा* एउटा चुनौती हो । त्यसैगरी गरिबीको कारण बुझ्न नसकेर पायक परे अनुसार चोर्ने कार्यको विवशताले भरिएको जीवन बिताएर बस्नेहरुलाई बुद्धले *अदिन्नादान* (चोरी गर्नुबाट विरक्त रहने) को उपदेश दिए । अतृप्त स्वभावको भोगको लागि सयौं, हजारौं संख्यासम्म महिलाहरु विवाह गर्नु, अझ अनैतिक आचरणले धर्ममा बाधा नदेखि डुबिरहेका वर्ग र अनैतिक भोग विलासको शिकार भएर बस्नुपर्ने वर्गको बीचमा भइरहेको कलह, अशान्ति नाश गर्न *कामेसु मिच्छाचारा* (काम राग दुरुपयोग) देखि विरक्त हुने शिक्षा दिए। ज्ञान, चेतना र विवेकलाई सजिलै हलका पारिदिने, निरर्थक बनाइदिनेमा असत्यभाषणले ठूलो भूमिका खेलेको रोक्नलाई बुद्धले *मुसावादा* (झुठो बोल्नु) देखि विरक्त हुनलाई निर्देशन दिए । फेरि अज्ञानतामा पुण्यार्थीहरु मस्त हुनझैँ आफू धर्मको नाममा सुरा, यज्ञमंस अझ कतिले त सुन्दरीसमेतले पनि मस्त भएको, अझ यसो भएर पनि थाहा नपाउने धर्माधिकारीहरुको आँखाले देख्नको लागि बुद्धले मादकपदार्थ आदि सेवन गर्ने वस्तुबाट अलग बस्ने शिक्षा दिए ।

त्यसैले शीलको महत्त्व प्रकाश पार्नको लागि साथै बोधिसत्त्वले शीलपालनाको लागि कतिसम्म कसरी प्रयत्न गरे भन्ने बुझ्को लागि पहिला शील भङ्ग गर्दा भोग गर्नुपर्ने भोगको केही विवेचना जातकीय अभिव्यक्ति अनुरुप गर्नु आवश्यक देखिन्छ ।

## मतकभत्त जातक (१८)

कुनै पनि मृतक व्यक्तिको नाउँमा श्राद्ध गर्न प्राणीको हत्या गर्नु निरर्थक हुन्छ भन्ने कुरा यस जातकले स्पष्ट पार्दछ । तीन वेद जान्ने, लोक प्रसिद्ध आचार्य ब्राम्हणले आफ्नो शिष्यलाई भन्यो- *'नदीमा लगेर भेडालाई*



https://dhamma.digital

*नुहाऊ, फूलमाला पहिराऊ, पाँचऔंलाको टिका चिन्ह राखेर नदी किनारमा राखिराख ।'* शिष्यले त्यसै गऱ्यो । तर त्यसो गर्दा भेंडा एकपल्ट हाँस्यो, एकपल्ट रोयो । पछि ब्राम्हणशिष्यले त्यसको कारण सोध्दा आचार्य ब्राम्हणको अगाडि मात्र बताउनेछु भनी भन्यो र पछि आचार्य ब्राम्हणको अगाडि भन्यो- *'हे ब्राम्हण पहिलाको जन्ममा म तिमीजस्तै मन्त्र पाठ गर्ने ब्राम्हण थिए । मैले पनि श्राद्ध गर्छु भनी एउटा भेंडा कोटें । तब त्यो भेंडा काटेको पापले चारसय उनानब्बे चोटी आफ्नो टाउको कटाएर आइसकें । आज म पाँचसयौं पल्ट टाउको कटाउन लागिरहेको छु । म पापबाट मुक्त हुन पाइने भयो भनी सम्झिँदै म हर्षित भएँ । फेरि जसरी मैले दुःख पाएँ त्यसरी नै तिमीले पाँचसय पल्ट टाउको कटाउनुपर्ने भयो भन्ने विचारले दुःख मानी म रोएको हुँ ।'*

यो उक्तिले श्राद्ध कर्ममा बलि दिनुको कतिसम्म विरोध गर्दछ भन्ने कुरा स्पष्ट गर्दछ । हिंसालाई साधन गरी आफ्नो स्वार्थसिद्ध गर्ने ब्राम्हण पुरोहितहरुका कामकुरा र त्यसमा पत्यार गरेर हिंसा गर्नेहरु, अझ मानिस भएर मनुष्यसमेत बलि दिनेहरु, यज्ञमा अर्पित गर्नेहरु जजमानहरुको वर्णन पढ्दा आज पनि मानव हृदयमा ग्लानि र क्षोभ अनुभव हुन्छ। यसको प्रमाणको लागि धोनासाख जातक (३५३) अध्ययन योग्य छ ।

आफ्नो कोकनद प्रासाद भव्यरुपले बनाउन सकिनासाथ उदयपुत्र बोधिराज कुमारले 'अरुलाई पनि त्यस्तै समान प्रासाद कलाकारहरुले बनाइदिनेछ' भन्ने डरले कलाकारको आँखा नै फोडिदियो । तर यसबारे वेदज्ञहरुले कुनै पनि टिप्पणी गरेनन् । भिक्षुहरुको सभामा यसबारे कुराकानी चल्यो । *'आयुष्मानहरु, बोधिराजकुमारले त्यस्ता महाकर्मीहरुका आँखा फोडिदियो । ओहो ! कति कठोर व्यक्ति ! कतिसम्म पत्थर हृदय !! कतिसम्म दुस्साहसिक व्यक्ति !'* बुद्धले यसै प्रसङ्गमा आफ्नो स्वार्थको छुरा धार लगाएर अरुलाई पनि स्वार्थको छुरा तिखार्न लगाउने कुरामा बलिको मोहप्रथा खण्डन हुने गरी एकजना ब्राम्हणको कुरा प्रस्तुत गरे ।

## धोनसाख जातक (३५३)

ब्रम्हमदत्तको पुरोहित पिङ्गिलले विचार गरे - *'ब्रह्मदत्तलाई एकछत्र राजा बनाउन सके म एकछत्र राजाको एकछत्र पुरोहित हुन पाउँछु ।'* यसरी विचार गरी उसले राजालाई युद्ध गरायो । तर तक्षशिलाको राजालाई भने जित्न नै सकेन । तब तुरुन्त लाभ देखेर राजालाई भन्यो -*'हजार जना राजाहरुलाई पक्रेर पाँच प्रकारका मधुरमांस निकालेर, त्यसले पिपलबोटको देवतालाई पूजा गर्नु, आन्द्राले रुख बेर्न लगाउनु, रगतको पाँचऔंला डाम*



https://dhamma.digital

*तगाउन सकियो भने अविजित तक्षशिलाको राजालाई पनि जित्न सकिन्छ ।'* राजाले पनि त्यसै गर्‍यो । तर यसले गर्दा अञ्जिसकत नामक यक्ष नै क्रोधित भयो । अतिहिंसाले हिंसकको हृदयमा पनि कम्प (अशान्त, हलचल) ल्याइदिन्छ, क्षोभ ल्याइदिन्छ । यक्षको राजाले आँखा कानो बनाइदियो । आफ्नो आँखा दुखेर रुखमुनि बस्न जाँदा, रुखमाथि बसेर मासु खाइरहेको गिद्धले झारिल्याएको हड्डीका टुक्रा लगेर राजाका अर्को आँखा पनि फोडाएर अन्धा भयो । अन्धा राजा मारेर गयो । राज्य पनि टुक्रिएर गयो ।

हिंसा वास्तवमा विनाशकारी धर्म हो । हिंसायुक्त विजयले चिरकालीन एकता वा शान्ति ल्याउन सक्दैन । कसैले हिंसा धर्म हो भनी भन्दछ भने त्यो अन्धाधर्म नै हो । हिंसा कुनै समयको लागि आफ्नो आत्मतृप्त नभएमा तत्क्षण नै अरुलाई तप्त गर्ने धर्म हो । अझ बलियुक्त हिंसा त आफूलाई पनि तप्त गर्ने, अरुलाई पनि तप्त गराउने धर्म नै भयो । यस अवस्थामा त्यहाँ प्रेम, करुणा, मैत्री र एकता कहाँ हुन्छ ? परमशान्ति कहाँ हुन्छ ? बुद्धधर्म त्यो वास्तविक धर्म हो, जसले आफूलाई पनि तप्त नगर्ने, अरुलाई पनि तप्त नगराउने चर्या सिकाउँदछ । (कन्दरक सूत्र, मज्झिम निकाय) हिंसायुक्त यज्ञ गर्नेलाई खण्डहाल जातक (५४२) अनुसार बोधिसत्त्व आदर्शले स्पष्टरुपमा चुनौती दिन्छ । जस्त :-

*यदि किर यजित्वा पुत्तेहि, देवलोकं इतो चुता यन्ति ।*
*ब्राम्हणो ताव यजतु, पच्छापि यजसि तुवं राजा ॥*

छोरा बलि दिएर यज्ञ गर्नाले यहाँ मरेर स्वर्ग जाने हो भने ब्राम्हणले नै पहिला आफ्नो छोरा बलि दिएर यज्ञ गराउन लगाउनु होस् । बाबु तपाईंले पछि मात्र यज्ञ गर्नुहोस् ।

त्यसैले अहिंसा धर्म शीलपारमितामा सबैभन्दा माथि पर्दछ । त्यही अहिंसा, करुणा र मैत्रीपारमिता पूर्ण गर्ने आधार पनि । फेरि बोधिसत्त्वहरुको अहिंसा आदर्शले क्रोधलाई अक्रोधले जित्ने पृष्ठभूमि खडा भएको हुन्छ । बाघलाई पनि आफ्नो शरीरको रगत मासु खुवाएर परप्राणी बचाउने दान परमत्थपारमितापछि आएको अहिंसाको लक्षणले यही नै स्पष्ट हुन्छ । बुद्धले मारहरुलाई जित्नुभयो, तर उनीहरुलाई मारेर होइन । देवदत्तको विद्वेष बारे बरोबर भिक्षुहरुले चर्चा गर्छन्, तर कहीँ पनि उसको विनाश होस् भन्ने कामना कसैले पनि गरिराखेको देखिँदैन । भ्याएसम्म उपकार गर्नु, असमर्थ हुनासाथ *'सब्बेसत्ता कम्मस्सका'* भन्नु नै बौद्धआदर्श हो । मार्नेलाई मार्नु नै पर्छ, उडुस उपियाँ मार्नु अकुशल कार्य होइन भन्ने कुरा राजनैतिक दृष्टिले ठीक हुनसक्छ,



https://dhamma.digital

तर पारमिता साथै उपपारमिता र परमत्थपारमिताचर्या गर्ने संस्कृतिमा भने उपयुक्त हुन सक्दैन । 'सकल प्राणीहरु दण्ड देखेर डराउँछन्, सबै मृत्यु देखेर डराउँछन्, सकल प्राणीहरुको जीवनप्रति माया छ भनेर देख्नु धर्मको पदचिन्हमा पाइला सार्नु हो । धम्मपद (१२९) अनुसार सकल प्राणीलाई आफूसमान ठान्नु, घात गर्नु हुन्न, गराउनु पनि हुन्न, धम्मपद (१३१) अनुसार विशेषताः 'आफ्नो सुखको लागि अरुको सुख, मनपर्ने प्राणीहरुको हत्या गर्नेलाई सुख हुँदैन र मेत्त सूत्र अनुसार उत्पन्न तथा सम्भावित प्राणीप्रति मैत्री राख्नु, वसल सूत्र अनुसार *'योनिज वा अण्डज प्राणीहत्या गर्नेलाई शूद्र चण्डाल भनिन्छ'* आदिले बौद्ध अहिंसाको अर्थ राम्ररी गहिरिएर बुझाइदिन्छ ।

अझ बोधिसत्त्वहरुले आफू एक्लैले मात्र अरुलाई नमार्ने होइन कि कसैलाई पनि हिंसा गर्न नदिने प्रयत्न गर्दछन् । प्राणी मात्रलाई नै अभय वरदान प्राप्त गराउँदछन्, जस्तै निग्रोधमृग जातक (१२) । ऋण तिर्न नसकी गंगामा डुबेर मर्न खोज्ने मानिसलाई करुणा राखी रुरुमृगले प्राणको बाजी राखी रात्रिको समयमा पानीबाट बाहिर निकालिदियो । तर *'म यहाँ छु भनेर नभनिदिनु'* भन्दा पनि धनको लोभले राजालाई बताइदियो । तब राजाले रुरुसँग भेटे, त्यस मित्रद्रोहीको कामबारे पनि थाहा पायो । तब राजाले उसलाई मार्न खोज्दा मृगले भन्यो - *'महाराज, यसलाई बाँच्न दिनोस् ।'* यो रुरु जातक (४८२) को उदाहरण हो ।

मिलिन्द प्रश्नअनुसार अहिंसा त धर्मको प्रधान लक्षण हो । बुद्धको यो स्वाभाविक वचन हो त्यसैले बोधिसत्त्वले अहिंसाधर्म पालन गर्नु भएको स्वाभाविक नै हुन्छ भनी पुनः उल्लेख गर्नुपर्ने जस्तो देखिँदैन । लक्खण सूत्र, दीघनिकाय अनुसार वास्तवमा बोधिसत्त्व जीवनको यस्तो ठूलो अहिंसा गुणधर्मको पालनले नै बुद्धलाई अयातपाणी, लामालामा औंला, सीधा शरीर प्राप्त भएको हो ।

अदिन्नादान (चोरी) नगर्नु पञ्चशीलको दोश्रोशील हो । नदिइकन अरुको वस्तु लिनु नै अदिन्नादानको अर्थ हुन्छ । त्यसैले नचोर्नु यसको साधारण कामचलाउ अर्थ हो भने नदिइकन अरुको वस्तु खोसेर नलिनु वा फकाई नलिनु पनि यसको भावअर्थ हुन जान्छ । सीलवीमंस जातकको जातकीय अभिव्यक्ति यसको राम्रो उदाहरण बन्न सक्दछ ।

## सीलवीमंस जातक (८६)

वाराणसीको बोधिसत्त्व राजपुरोहितमा विचार उत्पन्न भयो -*'मलाई गरिएको सम्मान जातिको कारणले हो कि ? गोत्र, कुल, प्रदेश, शिल्पसम्पदा*



https://dhamma.digital

*वा शीलसम्पदाको कारणले हो ?'* यस कुराको परीक्षण गर्नलाई पुरोहित दरबारदेखि घर फर्किंदा बाटोमा परेको सराफि पसलमा गएर एक असर्फी चुपचाप लिए । सराफिले देखेतापनि पुरोहितप्रति श्रद्धाले गर्दा सराफिले केही पनि भनेन । फेरि भोलिपल्ट पनि त्यसरी नै एउटा असर्फी लिए । पसलेले फेरि पनि केही नबोली सह्यो । तर तेश्रो दिन पनि लिनुहुँदा सराफिलाई रिस उठ्यो । उनलाई राजपुरोहित भनेर त्यसै छाडिदिएन । पक्रेर लगेर राजाकहाँ लग्यो । आफ्नो पुरोहित पक्रेर उभ्याउन ल्याउँदा राजा आश्चर्य भए । पछि राजाले - *'किन त्यसरी असर्फी लिएको'* भनी सोध्दा पुरोहितले आफ्नो मनको सारा कुरा बताए । तब उनले शील नै संसारमा श्रेष्ठ हो भन्ने कुरा स्वीकार गरे । त्यसैले *'शील नै श्रेष्ठ भएपछि किन शीलाचरणमा कोशिस नगर्ने ? किन पुरोहित काम नछाड्ने ?'* भनी विचार गरेर ऋषि प्रव्रज्या धारण गरे ।

जुनसुकै जातिको भए तापनि शीलले नै जातित्वको बन्धन चुँडाएर वन्दना र मान गराउँछ, त्यसैले सारा कुलभन्दा शील नै ठूलो भन्ने कुरा र कसैले चोरी गर्न नसक्ने अविनाशी धन नै शील भन्ने कुरा पनि यसले स्पष्ट गर्दछ । साथै धर्माधिकारी जातकले यो पनि स्पष्टतापूर्वक भन्दछ कि बौद्धदृष्टिमा सम्मान भनेको कुल, गोत्र, जाति र प्रदेशको कारणमा होइन सदाचारको कारणमा राख्नुपर्छ । साथै सदाचरण दोश्रो आचरण हो, श्रमजीवि हुनु । अरुको श्रममा वा उत्पादित वस्तुमा मात्र नै अनुद्योगी र दुःशील भएर बाँच्ने जीवन राम्रो जीवन होइन । आफ्नो वस्तु मात्र आफूले लिने नगरेर अरुको वस्तु लिने राम्रो गुणधर्म होइन । अझै यथार्थज्ञानले हेर्ने हो भने कसैले नदेख्ने गरी कसैको वस्तु लिनु भनेको नै हुँदैन भनी सीलवीमंसन जातक (३०५) मा स्पष्ट गरिएको छ ।

## सीलवीमंसन जातक (३०५)

आफैले सिकाइराखेको पाँचसय शिष्यहरुमध्ये एकजनालाई वाराणासीको प्रसिद्ध आचार्यले आफ्नी छोरी दिने विचार गऱ्यो । त्यसैले एकदिन आचार्यले आफ्ना शिल्पज्ञहरुलाई बोलाएर भन्यो- *'मेरी छोरी तरुनी भई । उसलाई विवाह गरिदिनु पऱ्यो । यसको लागि मलाई गहना चाहिएको छ । त्यसैले तिमीहरु गएर तिम्रा आफन्तहरुले नदेख्ने गरी गहना, लुगाहरु लिएर आऊ । जसले बढी गहना, लुगा मेरी छोरीलाई ल्याउँछ, ऊसँग नै मेरी छोरीको विवाह हुनेछ ।'* यो शुभ समाचार सुनेर शिष्यहरु ठूल्ठूला गहनाका पोकाहरु लिएर आएर आफ्नो गुरुको अगाडि राखिदिए । तर त्यसमध्ये बोधिसत्त्व भने खाली हात फर्किएर आए । आचार्यले सोध्दा बोधिसत्त्वले भने- *'पाप गर्नको*



https://dhamma.digital

*लागि यस्तो ठाउँ नै कहीँ छैन, जहाँ कसैले देख्दैन । मैले कसैले नदेख्ने ठाउँ भन्ने नै देख्न सकिन । जहाँ अरु कोही नभए पनि त्यहाँ म त छँदैछु नि । मैले आफैले देखी हाल्छु । त्यसैले मैले कसैले पनि नदेख्ने गरी केही ल्याउन सकिन ।'* पुरोहितले पछि यथार्थ कुरा सारा शिष्यहरुलाई भनेर बोधिसत्त्व नै वास्तवमा साँच्चै जान्ने, बुझ्ने र असल शिष्य भनी घोषणा गऱ्यो । फेरि बोधिसत्त्वसँगै आफ्नी छोरीको विवाह गराइदियो । अन्य शिष्यहरुलाई उनीहरुले लिएर आएका गहनाहरु उनीहरुलाई नै फर्काएर लाने आज्ञासँगै शीलको उपदेश दियो ।

त्यसैले *'नदेख्ने गरी'* भन्नु नै आफ्नो विवेकको आँखा बन्द गर्नु मात्र हुन्छ । मानिसले विवेकले अरुको वस्तुलाई सर्पजस्तै सम्झनुपर्छ । बोधिसत्त्वहरुले अरुको वस्तुलाई घैंटोको टुक्राजस्तै ठान्दछन् । परोपकारी चित्त भएकोले बोधिसत्त्वहरु सजिलै स्वाभाविकरुपले नै अदिन्नादान शील पालन गर्दछन् । वास्तवमा चोरी नगर्नाले नै निशंक जीवन बिताउन पाइने हुन्छ ।

व्यभिचारी नहुनु पञ्चशीलको तेश्रो शील हो । कामपिपाशाजस्तै कामभोग पनि कहिल्यै मेट्ने प्यास होइन । बरु कामविरतिले मात्र नै कामपिपाशा निको भएर जाने हुन्छ । त्यसैले बौद्धहरुले यस्तो तृप्त हुन नसक्ने कामभोगको लागि आफ्नो विवाहिता स्त्री वा पुरुष बाहेक अन्य स्त्रीपुरुषसँग कामभोग नगर्ने प्रण गर्दछन् । शान्तप्रद नै नहुने कामभोगमा लिप्त हुँदा त्यसले जीवनमा नारकीय दुःखलाई समेत निम्त्याउने हुन्छ, जसले पछि यस दुःखको परिताप हटाउने अवसरसम्म उनीहरुलाई पाइने हुँदैन । यसको उदाहरण स्वरुप लोहकुम्भी जातक (३१४) लाई लिन सकिन्छ ।

## लोहकुम्भी जातक (३१४)

एक जन्ममा बोधिसत्त्व ऋषिप्रव्रज्या ग्रहण गरेर ध्यान तथा अभिज्ञा प्राप्त गरेको बेला वाराणसी नरेहले सपनामा चार नारकीय प्राणीहरुको चित्कार गरेको सुनेर राजा डराएको कुरा सुनाउँदा पुरोहित ब्राम्हणले *'सर्वचतुष्क यज्ञ अर्थात् मानिस, हात्ती, घोडा लगायत सारा प्राणीहरु चरचार संख्यामा बलि दिएर दशाग्रह हटेर जान्छ'* भनी बलियज्ञको तयारी गर्न लगाए ।

उता यो कुरा ध्यानदृष्टिले देखेका बोधिसत्त्वले *'घोर अनर्थ हुन लाग्यो'* भन्ने विचार गरी हिमालयबाट वाराणसी नरेशको राजउद्यानमा आएर राजालाई सपनाको वास्तविक अर्थ बताए । वास्तवमा ती प्राणी परस्त्री गमन गरी त्यसको परिणामले लोहकुम्भी नरकमा उत्पन्न भएर साठ्ठीहजार वर्ष बिताइसकेका थिए । उनीले नै नरकमा बस्नुपरेको कर्मफलको दुःखमनाउ



https://dhamma.digital

गरेको र अब मनुष्य भएर जन्मेमा शीलवान हुने प्रतिज्ञा गर्न खोजेको तर कर्मफलले गर्दा एउटा एउटा अक्षर मात्र भन्न पाएको र फेरि लोहकुम्भीमा नै डुबेको कुरा बोधिसत्त्वले बताए । तब राजा विश्वस्त भएर राजाले पशुबलि यज्ञ बन्द गरे ।

परस्त्री गमनले वास्तवमा मानिसको पौरुषत्व नै नाश गरिदिन्छ । काम मिथ्याचार एकातिर भोगमय आनन्द हो भने अर्कोतिर गधाको भारी बोक्ने काम पनि हो । महानारद काश्यप जातक (५४४) ले यसको प्रमाण दिन्छ । काम मिथ्याचारदेखि टाढिएर पछि मैथुनधर्मदेखि पनि टाढिन सकिनेछ । तब कसैलाई पनि पाप चेतनाले नहेरेर बस्न सकिन्छ । जसले गर्दा उसको चित्त शुद्ध हुन्छ । बोधिसत्त्वहरुले परस्त्रीलाई बहिनी र छोरी नै देख्दछन् । यसले गर्दा मैथुनराग हुँदैन । यसले नै बोधिसत्त्वहरुलाई नैष्क्रम्यचित्तले अगाडि बढ्न बल पनि प्राप्त हुन्छ । उहाँहरुको प्रत्येक भाषण सबैलाई हितकर र प्रियकर हुन्छ ।

असत्यवचन नबोल्नु नै चौथो शील पालन गर्नु हो । भगवान् बुद्धले असत्यवचन र श्रमणत्वको विषयमा अम्बलट्ठिक सूत्र, मज्भिम निकाय ( २/२/१) मा उपमासहित उपदेश भएको छ, जसको उल्लेख सत्यपारमितामा पनि गरिएको छ ।

## राहुललाई दिएको उपदेश

एकदिन ध्यानबाट उठेर भगवान् बुभ अम्बलट्ठिक विहारमा पुगे । त्यहाँ आयुष्मान् राहुल बसिरहेको थियो । राहुलले भगवान् बुद्ध आउँदै गरेको टाढाबाटै देख्नासाथ आशन र खुट्टा धुनको लागि पानी ठीक पाऱ्यो । भगवान् बुद्ध ओछ्याइराखेको आशनमा बसे । राहुल पनि अभिवादन गर्दै एक छेऊ बस्यो ।

तब भगवान्ले अलिकता बचेको पानी लोटामा त्यसै राखेर प्रश्न सोधे - 'राहुल लोटामा यति थोरै पानी बचेको देखेका छौ ?'

'देखें भन्ते ।'

'राहुल त्यसरी नै थोरै उसको श्रमणभाव हुन्छ, जो जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले त्यो बचेको थोरै पानी पनि भुईंमा खन्याएर सोधे- 'राहुल, देख्यौ के मैले थोरै भएको पानी पनि फ्यालिदिइस्कें ।'

'देखें भन्ते ।'

'राहुल, उसको श्रमणभाव पनि त्यसरी नै फ्यालिराखेको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'



https://dhamma.digital

फेरि भगवान्ले लोटा घोप्ट्याएर सोधे - 'राहुल, तिमीले यो लोटा घोप्ट्याएको देख्यौ कै ?'

'देखें भन्ते ।'

'राहुल, त्यसरी नै घोप्ट्याएको तुच्छ उसको श्रमणभाव हो, जसाले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

राहुल, जसरी कि लामो दाँत भएको, ठूलो शरीर भएको, असल जातको, संग्राममा जाने राजाको हात्तीले संग्राममा जाँदा आफ्नो अगाडिको खुट्टाले पनि काम गर्छ, पछाडिको खुट्टले पनि काम गर्छ, शरीरले पनि काम गर्छ, टाउकोले पनि काम गर्छ, दाँतले पनि काम गर्छ, पुच्छरले पनि काम गर्छ । तर त्यसो भए पनि त्यो हात्तीले सुँढको काम लिएन भने माहुतेले विचार गर्छ, 'यो हात्तीको दाँत लामो भए तापनि, असल जातको भए तापनि ठीक छैन । यस्तो हात्तीको तर्फबाट राजाको जीवन युद्धक्षेत्रमा आरक्षित हुँदैन ।' तर राहुल, यस्तो हात्तीले सूँढले पनि काम लिए भने त्यो राजाको लागि विश्वसनीय हात्ती हुन्छ । त्यसरी नै राहुल, जोसँग जानीजानी असत्य कुरा बोल्नुमा लाज छैन उसको लागि कुनै पनि पापकर्म अकरणीय छैन, यसरी म विश्वास गर्छु । त्यसैले राहुल, तिमीले जीवनमा कहिल्यै जिस्केर पनि झूठो कुरा गर्ने छैन भनी सिक्नुपर्छ, गम्भीर भई धारण गर्नुपर्छ ।'

## चेतिय जातक (४२२)

एक समय उपचर राजकुमार हुँदा -'म राजा भएँ भने तिमीलाई पुरोहित बनाउँछु' भनी आफ्नो साथी कोरकम्बललाई वचन दिएका थिए । जब उनी राजा भए तब आफ्नो बाबुको कारणले कारेकम्बलको दाजु कपिल ब्राम्हणलाई पुरोहितबाट हटाउन सकेनन् । राजा उपचर पनि ऋद्धिसम्पन्न थिए । चार दिशाहरुमा चार देवताहरुले खड्ग लिएर रक्षा गर्दथे । मुखबाट उत्पलगन्ध, शरीरबाट चमेलीको गन्ध आउँथ्यो । आफू बूढा भएको ठानेर कपिल पुरोहितले आफ्नो छोरालाई पुरोहित पद दिएर आफू भने प्रव्रजित जीवनमा लाग्यो ।

एकदिन राजा उपचरले आफ्नो साथी कोरकम्बललाई पुरोहित बनाउँछु भन्दा कोरकम्बलले *'ऊ ठूलो हो, म सानो हुँ त्यसैले सम्भव छैन'* भन्यो । तर राजाले भने- *'म झुठो बोलेर भए पनि तिमी जेठो र कपिल कान्छो हो भनी प्रमाणित गराइदिन्छु ।'* त्यसबेलासम्म चेतिय राष्ट्रमा कसैले पनि झुठो बोलेका थिएनन् । *'झुठो भनेको रातो हरियो कस्तो हुन्छ'* भनी थाहा नभएका राष्ट्रवासीहरु *'राजा झुठो बोल्दछन्'* भन्दा अचम्भित भएर हेर्न आए । कपिल



https://dhamma.digital

ऋषिसहितको उपस्थितिमा राजा उपचरले *'कपिल कान्छो हो र कोरकम्बल जेठो हो'* भनी भने ।

कपिल ऋषिले *'झुठो बोल्नु हुँदैन'* भनी सम्झाउनु भयो तापनि उपचरले *'कपिललाई भाई र कोरकम्बललाई दाजु नै'* भने । तर *'एकपल्ट अहिलेसम्म भ्याउँछ सत्य वचन बोल'* भन्दा पनि उनले वास्ता गरेनन् । आफूले भनिसकेको असत्यमा नै दृढ भई बसे । यसले गर्दा चारजना देवताहरुले *'असत्यभाषीहरुको रक्षा गर्दैनौं'* भनी उनलाई छाडी दिए । असत्य वचन बोलेको प्रभावले उनको ऋद्धिशक्ति पनि नाश भयो । साथै क्रमशः पैताला, घुँडा, ढाड, छातीसम्म ऊ आफै जमिनमा भास्दै गयो । अन्तसम्ममा पनि राजा उपचरले असत्य नै बोले । पछि भूमिमा नै भास्सिएर विलय भयो र उनको पतन भयो ।

चेतिय राष्ट्रको राजाले पहिले असत्य कुरा बोलेको कारणले भएको यो दृष्परिणाम वर्णनभित्र नै सत्यभाषणको महत्त्व देखाइएको छ ।

वास्तवमा यही असत्यको भरोसा लिएर देवदत्तले संघभेद गर्न सक्यो, साथै यही असत्यभाषणको फलले रोग लागेर नै उसले अनेक दुःखकष्ट सहनु पर्‍यो ।

## कक्कारु जातक (३२६)

बोधिसत्त्व तावतिंस देवलोकमा एकसमय देवपुत्रभई जन्मे । त्यसबेला वाराणसीमा महान् उत्सव भएको थियो । नाग, गरुडसहित अन्य देवताहरु त्यो उत्सव हेर्न आएका थिए । तावतिंस देवलोकका चार देवताहरु पनि दिव्य कक्कारु फूलमाला पहिरिएर आएका थिए । त्यस फूलको वासनाले नगर नै मग्मगियो । नगरवासीहरुले - *'यस्तो वास्ना आउने फूलमाला पहिरिने को रहेछ ?'* भनी खोजि हेर्दा देवताहरुले *'हामीलाई खोज्दैछ'* भन्दै जानेर आकाशमाथि बसेर देखाए ।

नगरवासीहरुले त्यस फूलबारे सोधिसकेपछि- *'त्यो फूल हामीलाई देऊ'* भन्दा देवताहरुले यो फूलमाला देवताहरुलाई योग्य छ । तर मानिसहरुमा जो चोरी गर्दैन, जो झुठो बोल्दैन, जो ऐश्वर्य पाउँदा प्रमादी हुँदैन ऊ नै यो कक्कारु पाउन योग्य छ' भने । त्यो कुरा सुनेर *'ममा ती गुण छैन तापनि म झुठो बोलेर त्यो माला पहिरिन्छु र जनताले पनि मलाई विश्वास गर्नेछन्'* भनी विचार गरी पुरोहितले *'म ती गुणले युक्त छु'* भनी भन्यो । यसरी सारा दुर्गुण छोप्ने असत्य भाषण गरी पुरोहितले कक्कारु फूलमाला लियो । तर जति पवित्र कुरामा बढी असत्य कुरा हुन्छ, त्यसको परिणाम त्यति नै डरलाग्दो



https://dhamma.digital

हुन्छ । पुरोहितले कक्कारु फूलमाला के लिएको थियो, टाउको नै फुट्लाभैँ गरी पीडा भयो । आखिर आफ्नो असत्यभाषणलाई स्वीकार गरी क्षमा मागेपछि मात्र पुनर्जीवन प्राप्त गर्न सक्यो ।

बोधिसत्त्वहरुले जहिले पनि असत्यभाषणदेखि अलग बस्दछन् । शीलाङ्ग अशुद्ध हुनासाथ अरुअरु अशुद्धि छोप्ने भएर बोधिसत्त्वहरुले यसलाई पाणातिपातभन्दा पनि दृढतापूर्वक पालन गर्नेछन् । यो शीलको दृढतालाई नै *'मुसोवादो नाम नाहोसि'* भन्ने शब्द व्यक्त गरिराखेको छ । चम्पेय्य जातक ( ५०६) अनुसार बोधिसत्त्वहरुले भन्ने गर्दछन्- *'हावाले पर्वत नै उडाएर लैजाओस्, चन्द्रसूर्य नै पृथ्वीमा खसोस्, सारा बहिरहेको नदीको पानी उल्टा बगोस् तापनि राजन् मैले असत्य कुरा बोल्दिन ।'* लक्खण सूत्र, दीघनिका अनुसार बोधिसत्त्व जीवनको सत्यवचनको प्रभावले नै बुद्धलाई उर्णलोम प्राप्त भयो फेरि एउटा रौंको प्वालमा एउटा मात्र रौं प्राप्त भयो ।

सुरामेरय वा मद्यपानदेखि विरति हुनु - पञ्चशीलको पाँचौं शील हो । चेतनशक्तिलाई विनष्ट गर्ने हुनाले नै यो सेवन गर्ने काम छोड्नुपर्ने हो । सुरासेवन गरेर मात्र चालिस करोड धन विनष्ट हुने होइन, यसले सर्वस्व नै विनष्ट गर्दा अभ्र रक्सीको सुरमा नाचेर टाउकोमा रहेको 'भद्रघट' जस्तो लाक्षणिक धनको गाग्रो समेत फुटाउँछ ।

## भद्रघट जातक (२९१)

बोधिसत्त्व एक जन्ममा सेठको रुपमा जन्मिए । उनको एक्लो छोरा थियो । जमिनमा गाडेको मात्र अस्सी करोड सम्पत्ति भएको सेठले दानादि कर्म गरेर शक्र भई जन्म लिए । तर छोराचाहिँ सम्पत्तिको मदले सुरापान गर्दै मंस, नाचगान र स्त्री नसाले सारा सम्पत्ति नष्ट गरेर भिखारी भएर माग्दै हिड्यो । उता शक्रले आफ्नो पूर्व छोराको दुःख देखेर छोराको प्रेमले एउटा मनचिन्ते भद्रघट दिएर गयो । छोराचाहिँले पनि त्यस घैंटोबाट सम्पत्ति प्राप्त गरेर फेरि सुरापान गर्दै बाटोमा घैंटो उछाल्दै हातले पक्रने गर्न थाल्यो । तर एकदिन त्यसरी उछालेर पक्रन खोज्दा चुकेर घैंटो जमिनमा बजारिएर फुट्यो । ऊ फेरि माग्नेको माग्ने नै भयो । यसैगरी सुरा सृष्टिको विषयमा निम्न जातकीय अभिव्यक्ति पनि धेरै नै राम्रो छ ।



https://dhamma.digital

## कुम्भ जातक (५१२)

हिमालयको जंगलमा एउटा रुख तलैदेखि तीन हाँगा भएर गयो । यी तीन हाँगाको बीचमा एउटा खाल्डो बन्यो । त्यस खाल्डोमा परेको पानी जम्मा भयो । त्यस रुखको वरिपरि हर्रो, अमला, मरिचको बोट थियो । एकछेउमा आफै उम्रिने धानको बोट पनि थियो । हर्रो, अमला, मरिचहरु पाकेर त्यही खाल्डोमा खस्दथ्यो । चराहरुले धानको बाला रुखमुनि बसी खाँदा धानहरु पनि त्यही खाल्डोमा नै खस्दथ्यो । यिनै वस्तुहरु घामको प्रकाशले र पानीमा भिजेर पछि कुहिँदै गयो । त्यहीँ नै आएर अनेक पंक्षीहरु त्यो नशा पिएर अचेत भएर लडे । सुर नामक वनचरले पनि केही क्षण अचेत भएको पशुपंक्षीहरु देखेर यो त विष होइन, के होला ? भनी पिइ हेऱ्यो । उसलाई पनि मात लाग्यो । फेरि उसले जंगलमा बसेको ऋषिलाई पिलायो । यसरी सबैभन्दा पहिले सुर नामक मानिसले र वरुण नामक ऋषिले देखेर पिएकोले यसलाई सुरा र वारुणी भनेको हो । उनीहरुले त्यसलाई बाँसको ढुँग्रोमा राखेर वाराणसी राजालाई भेट दियो । यसले राजालाई पनि लट्ठ पाऱ्यो । त्यसपछि लिन पठाएर पनि नपुगेर जुन विधिले सुरा तयार हुने हो, त्यसबारे विचार गऱ्यो । अन्तमा सुरा तयार गऱ्यो । वाराणसी, साकेत र श्रावस्ती देशहरु नै रक्सीले नाश भयो ।

पछि इन्द्र आएर उनीहरुलाई सुराको दोष देखायो । इन्द्रको शब्दमा नै भन्ने हो भने-*'रक्सीको घैला दोषको घैला हो । यो पिएर मानिसहरु लरखराउँछन्, खाल्डोमा, हिलोमा, पोखरीमा झर्दछन्, जुन मानिसहरुको लागि अखाद्य पदार्थ हो । रक्सीले चित्तलाई काबुमा राख्न नसकेर मानिसहरुलाई साँढेजस्तै मस्त गरिदिने वस्तु हो । रक्सीले निर्वस्त्र नग्न गरी गाउँमा गल्लीमा यताउता दौडाउने वा मूढचित्त बनाई अबेरसम्म झुलाइराख्ने हुन्छ । यसको सुरमा सभाबीच पनि बोल्नु नहुने बोल्दछ । अभिमानले रातो आँखा पारी सारा पृथ्वीको चक्रवर्ती नै आफू भएको सम्झन्छ । सुरा: अभिमान, कलह र चुक्लीको बीउ हो । सुराको सुरमा नै आमाबाबुलाई पनि गाली गर्छ । सासु र बुहारीको हात पनि समात्न जान्छ । यही पिएर नै जो कसैलाई गालीगलौज गर्छन् । फेरि नोकरचाकरको हात पक्रन जान्छ । यसको नशामा मस्त भएर नै धर्मचारी श्रमण र ब्राम्हणहरुको समेत हत्या गर्दछ । सुरा पिएर नै मानिसहरुले शारीरिक, वाचिक र मानसिक दृष्कर्म गरी नरकवास गर्न जान्छ । सुराको नशामा सत्यवादी पनि असत्यवादी हुन्छ, लज्जावान निर्लज्ज हुन्छ । समृद्धशाली पनि वनको वास गर्नुपर्ने हुन्छ । त्यसैले यस्तो दुर्गुणयुक्त भएकोले सुरा घैला फोड्नुपर्छ ।'*



https://dhamma.digital

*'मार्ने, चोर्ने र व्यभिचार गर्नेझैँ सुरापान पाप होइन । यो त एउटा पेयवस्तु मात्र हो, जुन अन्नद्वारा वा फलद्वारा तयार भएको हो'* भन्ने तर्कलाई माथिको सुराको दुर्गुणबाट हुने परिणामले जवाफ दिन्छ । सुरापान जातक ( ८१) अनुसार भन्ने हो भने सुरापान भनेको मानिसलाई बाँदरको स्वभावमा परिणत गराउने पेयपदार्थ हो ।

## सुरापान जातक (८१)

बोधिसत्त्वको पाँचसय शिष्यहरु नुन र अमिलो स्वाद लिन हिमवन्त प्रदेशदेखि वाराणसी आए । वाराणसी नरशेले रक्सीपर्वको दिन संयोग पर्दा *'ऋषिहरुले यो पनि पिउन पाउँदैनन् होला'* भनी रक्सी दान गऱ्यो । रक्सी के पिएको थियो, मदमस्त भएर ती ऋषिहरु हातखुट्टा चलाएर नाच्न थाले, गीत गाए । तब जस्तो मनलाग्यो त्यस्तै गर्न थाले, बस्न थाले र पछि निदाए । निद्राबाट ब्युँभफेपछि मात्र उनीहरुले आफ्नो स्वरुपहरु देखे । पछि आफ्नो आचार्य बोधिसत्त्वकहाँ फर्केर जाँदा *'तिमीहरुलाई नगरमा जाँदा भिक्षा त सजिलै प्राप्त भयो होला होइन ?'* भनी आचार्यले के सोध्नुभएको थियो उनीहरुले रक्सी सेवनले के के भयो भन्ने कुरा बताए । उनीहरुले भने :-

*अपायिम्ह अनच्चिम्ह, अगायिम्ह रूदिम्ह च ।*
*विसञ्ञिकरणिं पित्वा, दिट्ठाना हुम्ह वानरा ।।*

रक्सी पिएर नाच्यौं, गायौं, रोयौं । हाम्रो खुशी यति नै हो कि त्यो बेहोस हुने पिएर हामी बाँदर मात्रै भएनौं ।

पञ्चशील गृहस्थहरुलाई नभई नहुने गुणधर्म हो । पञ्चशील पालन साधारण रुपमा पनि हुन्छ, अत्यन्त व्यापक अर्थ हुन गएर चित्त निर्मल हुने साधनको रुपमा पनि हुन्छ । पञ्चशीलको परिपालन कतिसम्म परिशुद्धरुपसम्म हुनसक्छ भन्ने प्रमाण कुरुधर्म जातक (२७६) बाट छर्लङ्गिने हुन्छ ।

## कुरुधर्म जातक (२७६)

एक समयमा कुरुराष्ट्रको राजा बोधिसत्त्व धनञ्जयले बोधिसत्त्वले कुरुधर्म भनी पञ्चशील पालन गर्ने उपदेश प्रकाश पारे । त्यसबेला कलिङ्गराष्ट्रमा अनावृष्टि भयो । अनावृष्टि रोक्नलाई गरेगरेजस्तै नभएर सुवृष्टि भएको कुरुराष्ट्रसँग कुरुधर्म माग्ने पठाइयो । तर कुरुधर्म माग्दा राजालाई शंका भयो किनकि *'एकसमय आफ्नो धनुषबाट विचित्रको वाण हानि पठाएको मध्ये*



https://dhamma.digital

*जुन एउटा वाण पोखरीमा खसेको थियो त्यसैले कुनै माछा त मारिएन ?' त्यसैले 'राजमातासँग माग्न जाऊ'* भनी आज्ञा दिए ।

यसैगरी राजमातालाई पनि 'जेठी बुहारीलाई दिनुपर्ने स्वर्णमाला धनीगरिबको विचार नगरी कान्छी बुहारीलाई दिएकोले शीलधर्म त बिग्रिएन ?' भनी शंका भयो । त्यसैले उनीले पनि *'बुहारीकहाँ माग्न जाऊ'* भनी पठाइन् ।

त्यसैगरी पटरानीलाई पनि *'एकदिन नगर प्रदक्षिणामा हात्तीमाथि चढेको उपराजा देख्दा ऊसँग पनि सहवास भएमा यसको दाजु मरेमा मलाई पटरानीको प्रतिष्ठा दिएर राख्ला कि भनी सम्झेकोले आफ्नो शील धमिलियो कि'* जस्तो शंका भयो । त्यसैले उनीले पनि *'उपराजाकहाँ माग्न जाऊ'* भनी पठाइन् ।

त्यसैगरी उपराजाको मनमा पनि *'एकदिन सदाझैँ बाहिर पर्खाइराखेकाहरुलाई त्यसै रातभरी पर्खाएर आफू दरबारभित्र बसेको परितापले शील बिग्रियो कि'* भनी शंका भयो । त्यसैले उनले पनि *'पुरोहितकहाँ जाऊ'* भनी पठाए ।

पुरोहितलाई एकदिन बाटोमा जाँदा अलंकृत रथ देखेर *'त्यो मलाई भए हुन्थ्यो'* भन्ने लोभ उत्पन्न भयो । साँच्चै पछि दरबारमा त्यही रथ पुरोहितलाई दिइयो । पुरोहितले त्यो स्वीकार गरेन । तर उसलाई शंका भयो कि कतै त्यस लोभले उसको शील त बिग्रिएन ? त्यसैले उसले पनि *'अमात्यकहाँ जाऊ'* भनी पठायो ।

अमात्यले एकदिन खेतमा साँध लाउन जाँदा खुट्टी गाड्दा खुट्टी गंगटाको प्वालमा पऱ्यो त्यसैले *'गंगटा मऱ्यो होला र आफ्नो शील धमिलियो कि'* भनी शंका भयो । त्यसैले उसले पनि *'सारथीकहाँ जाऊ'* भनी पठायो ।

सारथीले एकदिन राजालाई रथमा ल्याउँदा वर्षा हुने डरले घोडालाई चाबुक देखायो । त्यस दिनदेखि त्यस ठाउँमा पुग्नासाथ घोडा तीव्र गतिले दौडिने गऱ्यो । त्यसैले सारथीलाई *'घोडालाई अनावश्यक कष्ट भयो कि'* भनेर शंका भयो । त्यसैले उसले पनि *'सेठकहाँ जाऊ'* भनी पठायो ।

सेठ एकदिन धानबाली भित्र्याउन खेतमा पुग्यो । खेतमा पुगर एक मुट्ठी बाली लिएर खम्बामा बाँधिदियो । तर उसको मनमा विचार आयो कि यस धानमा राजाको पनि हिसाब छ । *'कतै मैले कुरुधर्म बिगारेँ कि'* भनेर उसलाई पनि शंका भयो । त्यसैले उसले पनि *'द्रोणमापककहाँ जाऊ'* भनी पठायो ।

द्रोणमापकले धान भर्दा धानको थुप्रोबाट एउटा एउटा धान लिएर मापक अनुसार गन्ति गर्दै गयो । तर धान भरिसक्दा त्यो मापराखेको धानहरु



https://dhamma.digital

भरिसकेको धान ढिस्कोमा मिसिन पुग्यो। यसैले उसको शंका हो *'उसको शील धमिलियो'* भनेर। त्यसैले उसले पनि *'द्वारपालकहाँ जाऊ'* भनी पठायो।

द्वारपालले एकदिन अबेरै मूलढोकाबाट भित्रिएकाहरुलाई भन्यो- *'समय पनि जान्दैनौ। जहान लिएर वनमा रतिक्रिडा गरिबस्नुपर्छ ?'* तर दुई भने दाजुबहिनी रहेछन्। त्यसरी दाजु र बहिनीलाई लोग्नेस्वास्नी सम्झेर जथाभावी भन्न पुगेकोमा उसलाई पनि आफ्नो शील शुद्ध भएन भनेर शंका भयो। त्यसैले उसले पनि *'गणिकाकहाँ जाऊ'* भनेर पठायो।

एकपल्ट गणिकाले पहिले नै बैना लिइसकेको मानिसलाई तीन वर्षसम्म पर्खिंदा पनि फर्केर नआएको र पेशा बन्द भई गरीब हुँदै गएको कारणले न्यायाधिशसँग अनुमति लिएर पुनः पेशा गर्न अर्को मानिससँग पैसा लिएको मात्र के थियो टुप्लुक्क पहिलो मानिस आइपुग्यो। त्यसैले उसले पनि *'आफू नियम बिगारी शुद्ध भएन'* भनी मनमा शंका गरिन्।

यी कुराहरुले स्पष्ट हुन्छ, शील कतिसम्म परिशुद्ध हुनसक्छ। यतिसम्म नैतिकगुणमा विचार गरी सबैजनाले शील पालन गर्न गाह्रो होला। त्यसो भएतापनि शील जति शुद्ध हुन्छ, त्यति नै जीवन आनन्दप्रद र शान्तिप्रद हुन्छ भन्नुमा कुनै शंका नै छैन।

यसप्रकार बुद्धधर्ममा पञ्चशील पालन गर्नु गृहस्थहरुलाई अथवा प्रत्येक व्यक्तिहरुलाई पहिलो शर्त हो। किनभने धम्मपद (२६४/२४७) अनुसार प्राणीघात गर्नेलाई, झुठो कुरा गर्नेलाई, चोरी गर्नेलाई, काम मिथ्याचार गर्नेलाई, मद्यपान गर्नेलाई यसै लोकमा आफ्नै जरा उखालेर पठाउँछ भन्ने बौद्ध दृष्टिकोण रहेको छ। फेरि धम्मपद (२१७) अनुसार शीलवानलाई नै लोकजनहरुले मनपराउँछन्। अपवाद नभएको पश्चाताप मान्नु नपर्ने जीवन शीलभित्र बसेर मात्र सम्भव छ। शीलसहितको जीवन नै श्रेष्ठ जीवन हुन्छ। धम्मपद (११०) अनुसार शील नभई चञ्चलचित भएर, दुराचारी भएर सय वर्ष बाच्नुभन्दा शीलवान, ध्यानी भएर एकदिन मात्र बाँच्नु नै श्रेष्ठकर हुन्छ। धम्मपद (५७) अनुसार शीलविना अप्रमाद स्वभावको संवर्द्धन सम्भव छैन। शीलले पूर्ण भएर मात्र अप्रमादी अवस्था प्राप्त गर्न सकिन्छ।

बोधिसत्त्वहरुलाई पारमिता गुणधर्म पालन गर्न, सदा जागृत स्वभाव बनाउन विशेषतः अन्य प्राणीहरुप्रति करुणा उत्पति गर्न शीलको आधार आवश्यक पर्दछ। जुन जटा काट्न *विशुद्धिमार्ग* ग्रन्थले अतुलनीय प्रेरणा र कोशिस गरेको छ, त्यही जटा काट्न शीलमा प्रतिष्ठित *(सीले पतिट्ठाय)* भएर मात्र सम्भव हुन्छ। यही नै शीलको आधारभूतरुपमा सारा धर्मको लागि प्रारम्भिक अनिवार्य भाव हो। विशुद्धिमार्ग अनुसार यसको प्रमाण रुपमा कुशलधर्मको आरम्भ हो-सुविशुद्धशील र सारा पाप नगर्नु, *(सब्ब पापस्स*



https://dhamma.digital

*अकरणं)* शब्दको उल्लेख गरिएको छ । शील विषयमा विशुद्धिमार्गमा राम्ररी एकएक छुट्टिने गरी विवेचना गरिएको छ । जो दुराचारीसँग बस्दछ, शीलवानहरुको संसर्गमा बस्दैन, फेरि जसले वस्तुको उल्लंघनमा दोष देख्दैन, अनेकअनेक मिथ्यासंकल्प गरी इन्द्रियको रक्षा गर्दैन त्यस्तो व्यक्तिको शील *हानभागीय*(पतनगामी) हुन्छ । जो शील सम्पत्तिमा प्रसन्न हुन्छ, तर स्थानमा उद्योगतिर हुने मन गर्दैन, त्यस शील मात्रले सम्पन्न उद्योग राम्ररी नगर्ने भिक्षुको शील *स्थितभागीय* हुन्छ । तर जो शीलसम्पन्न भएर समाधिको लागि उद्योगशील हुन्छ उसको शील *विशेषभागीय* हुन्छ । फेरि जो शील मात्रले प्रसन्न भएर निर्वेद विपश्यनामा तल्लीन हुन्छ, त्यस भिक्षुको शील *निर्वेदभागीय* हुन्छ ।

सारांश शब्दमा विद्याको प्राप्ति, कामसुखमा लिप्त हुने अन्तको त्याग, क्लेश क्रमशः उच्छेद, दुराचारको विशोधन शीलले नै गर्दछ । शीलले मिथ्यादृष्टिलाई हटाएर स्रोतापति अवस्थामा पुऱ्याइदिन्छ, द्वेषलाई पूर्ण रुपमा निर्मूल गरी अनागामि हुने स्तरमा पुऱ्याइदिन्छ। शीलले यसरी प्रारम्भिक आधार मात्र दिने होइन झन्झन् परिशुद्ध हुनेगरी शील पालन हुनासाथ अन्तमा यसैले नै निर्वाणको ढोकासंघारसम्म पुऱ्याइदिन्छ। अझ विशुद्धचित्त र करुणापूर्ण हृदय बनाई शीलपारमिताको माध्यमले बोधिसत्त्वहरुले अन्य पारिमिता पूर्ण गर्न आधार समेत बनाउँदछन् । तर झन्झन् ठूलो र दरिलो रुपमा पालना गर्नाले मात्र शीलको विस्तार हुनसक्छ ।

अष्टशील पञ्चशीलभन्दा माथिल्लो स्तरको हो । अष्टशील लिनाले कामविरति (ब्रम्हचर्य) स्वीकार गर्दछ। साथै विकालभोजन छाड्दछ। नाचगान, वाद्यवादन, तमाशा, श्रृंगार, मनोरञ्जन, आभूषण गहना, उच्चशयनजस्ता तृष्णामूलक-तृष्णाउत्तेजक स्वभावले आफूलाई टाढा राख्दछ। यस्तो अष्टशील हप्ताको एकदिन पालनले ठूलो फलदायी हुन्छ ।

## गंगामाल जातक (४२१)

एक समयमा बोधिसत्त्व दरिद्रकुलमा जन्मिए । रोजगारीको खोजीमा वाराणसीको सेठको घरमा काम गर्न पुगे । भोलिपल्ट कामगरी फर्केको बेलामा सबैले अष्टशील पालन गरको देखेर उनले पनि आधा अष्टशील पालन गर्न तयार भए । तर बिहान पनि नखाएकोले पेटमा पीडा हुन थाल्यो र शीलप्रति गर्व गरेर *'मरेर जान्छु तर शील टोड्दिन'* भनी प्रतिज्ञा गरी शीलपालन गर्दै मृत्यु भए । शीलको प्रतापले मृत्युपछि वाराणसी नरेशको परिवारमा जन्म भयो । पछि राजाको मृत्युपश्चात् राजा भए ।



https://dhamma.digital

जहिले दशशील लिन्छ, तब सुन चाँदीजस्ता वस्तुहरुमा समेत विरक्ति हुने शिक्षा प्राप्त हुन्छन् । त्यसरी नै झन्झन् संयम वृद्धि गर्नलाई धेरै प्रकारका अकुशल स्वभाव वा अकुशलमूलक स्वभाव छोड्ने विभिन्न प्रकारका शील छन् । जहिले दश सुचरित्र शील पालन गर्दछ तब कायिक र वाचिकसँगै मानसिक परिशुद्धतामा पनि ध्यान दिनुपर्छ । हिंसा, चोरी, व्यभिचारजस्ता शारीरिक दुष्कर्म छोडी, असत्य भाषण छोड्दछ । साथै कडा वचन बोल्नु, चुक्ली वचन बोल्नु, अनर्थक वचन बोल्नु जस्ता कार्य छोड्नाले पनि वाचिक सुचरित्रको विकास हुन्छ। कडा वचन छोड्नाले एकातिर हिंसादेखि मृदु बनाउने चित्तलाई वचनले टेवा दिन्छ । अर्कोतिर हृदयमा दुख्ने गरी उल्टा परिणाम आउने गरी आफ्नो तर्फबाट वचन प्रयोग हुने छोड्नासाथ आफ्नो तर्फबाट अरुलाई असल हुन्छ । हो, कडा वचन प्रयोग भए तापनि त्यसको कारणले राम्रो परिणाम बाहिर आएमा भन्नु अर्के कुरा हो । भगवान् बुद्धको सबैभन्दा कडा शब्द अर्थात् उनले गाली गर्ने शब्द नै *'मोघपुरुष'* अर्थात् नबुझ्ने, मूर्ख वा बेकारको मानिस हो । यी शब्दले कसैको मन दुख्दैन, चित्त दुखिहाले तापनि चसक्क घोचेर चेतना वा जागरण ल्याउने हुन्छ । कसैको हृदयमा वैरभाव उत्पन्न हुने गरी वचन कटु बनाउनुभन्दा वचन नै ननिस्कनु बेस हुन्छ । कडा शब्दको प्रयोग पनि बच्चाको घाँटीमा केही अड्किँदा निकाल्नु पर्दा ढाडमा ड्यामड्याम पिट्नुझैँ वा मुखमा औंला पसाएर कोट्याएर निकाल्नु परेझैँ जबरजस्ती भएमा भने हुन्छ । अन्यथा नन्दविसाल जातक (२८) अनुसार कडा वचन पशुहरुलाई समेत अरुचिकर हुन्छ ।

विश्वभातृत्व, प्रेम, करुणा र मैत्रीको धर्म बुद्धधर्म भएकोले यहाँ एकतालाई मात्र ठाउँ छ । त्यसैले एकता विच्छेदक वचनलाई दश सुचरित्र शीलधारीले त्याग गर्दछ । मिलिराखेकोलाई अलग्याउने कुरा नै चुक्ली हो । त्यसैले चुक्ली कुरा गर्नु तीक्ष्ण शस्त्र प्रहार गरेझैँ हो, जसले दृढ विश्वासलाई टुक्रा पारिदिन्छ । चुक्ली प्रवृत्तिले आफ्नो बीच वा अरुको बीच विद्यमान मैत्री नष्ट गर्दछ ।

## संघीभेद जातक (३४९)

एक समय बोधिसत्त्व वाराणसीको राजा भएको समयमा एउटा गोठालाले बिर्से एउटी गर्भिणी गाई जंगलमा छोगिआयो । त्यस गर्भिणी गाईको एउटी गर्भिणी सिंहनीसँग मित्रता भयो । पछि दुवैको एउटा बाच्छा र एउटा डमरु जन्म भयो । यी दुवै आपसमा मिलेर खेल्दै ठूलाठूला भए । तर पछि



https://dhamma.digital

एउटा स्याल पनि आएर मित्रता गर्न आयो । त्यस स्यालले सिंह र साँढेको मासु खाने उद्देश्यले एक आपसमा चुक्ली लगायो । त्यही चुक्लीमा विश्वास गरी दुवै जन्मजात मित्रहरु तँतँ-मम गरी अहंकार गरी झगडा गर्दै मरे । स्यालले रमाउँदै दुवैको मासु खायो ।

त्यसैले विज्ञपुरुषहरुको गुण हुन्छ, झगडा गराउनेहरुको तर्फबाट सतर्क हुनु । स्वयं सारिपुत्र महास्थविर र महामौद्‌गल्यायन महास्थविरहरुलाई समेत झगडा गराउने कोशिस गर्नेहरु छन् । एकपल्ट एकजना भिक्षुले भन्यो - *"भन्ते सारिपुत्र, तपाईंको मौद्‌गल्यायनसँग शत्रुता छ कि ? जाति, कुल, ज्ञान र ऋद्धिले सारिपुत्र म भन्दा के हुन सक्छ ? भनेर तपाईंलाई उहाँ निन्दा गर्नुहुन्छ ।"* त्यही भिक्षु फेरि मौद्‌गल्यायन महास्थविरकहाँ गएर भन्न गयो- *'भन्ते मौद्‌गल्यायन, के तपाईंको सारिपुत्र भन्तेसँग द्वेष छ कि ? तपाईंलाई त उहाँले निन्दा गर्नुभयो ।'* तर वाचिक दुष्कर्म त्यागेका मानिसहरुले यस्ता शब्द सुन्नाले मात्र पानीसँग माछा बगेर आएझैं चुक्ली कुरामा आफ्नो क्रोध प्रवाहित गर्दैनन् । सारिपुत्र महास्थविरले मौद्‌गल्यायन महास्थविरसँग सोध्नुभयो- *'एकजना भिक्षु आएर मलाई यसो भन्न आयो, आयुष्मानलाई के भन्न आयो ?'*

साधारणजस्तै लागे तापनि यो आदर्श प्रायः मानिसहरुले अनुकरण गर्न नसकिएको गुणधर्म हो । काम नलाग्ने गरी कुरा गर्नुभन्दा मौन बस्नु उत्तम हो भनी बुझ्नु नै अर्को वाचिक सुचरित्र शीलमा बस्नु हो । सार्थक निरथएक केही विचार नगरी मुख बन्द नगरिकन बोलिरह्‌यो भने नजानिकन नै मुखभित्र बाखाको बङ्‌कुला पस्न जान्छन् ।

दश सुचरित्रमा अर्को शील मनोमय शील भने पनि हुन्छ । शील साधारणतः कायिक र वाचिक दुष्कर्म बाँध्नलाई वाचाबन्धनले आफूलाई बाँध्नु हो । मनोमय दुष्कर्म बाँध्नु भनेको असाधारण रुपले नै गाह्रो हुन्छ । यसैले होला स्वयं प्रातिमोक्ष शीलसमेतले मनोद्वारलाई अनापति गरिराखेको । यस अर्थमा दश सुचरित्र शीलको ठूलो विशेषता छ । अरुको भएको देखेर ईर्ष्या नलाग्नु, अरुको नभएको देखेर हर्षित नहुनु, मिथ्यादृष्टि छोड्नु नै यस शीलको मनोद्वार संयम गर्नु हो । जसले यस्तो शील पालन गर्न सक्दछ, उसले सम्पूर्ण गंगा सरभू आदि नदीको पानीले पखाल्न नसकेको क्लेश धेरै अंशमा पखाल्न सक्छ । आफ्नो मनमा आफैले आगो सल्काएर जलन हुने क्लेशअग्नि शीलरुपी पानीले नै शितल पारिदिन्छ । जो मानिस शीलको शरण जान्छ, ऊ कुनै वरदान वा देवदेवीको शरण जाँदैन ।

मनको नियन्त्रण दृष्टिकोणले यस्तो दश सुचरित्र शीलपछि धुताङ्गशील महत्त्वपूर्ण छ । बुद्धले प्रातिमोक्ष शील आफ्ना भिक्षु-भिक्षुणीसंघको लागि दिएको



https://dhamma.digital

शील हो । शील निर्वाणको महासागरदेखि पार हुनलाई डुंगासमान पूर्ण हुन लोभ, द्वेष र मोह छोड्नलाई त्यागमय जीवन बिताउन भगवान् बुद्धले प्रातिमोक्ष शीलको देशना गर्नुभयो । प्रातिमोक्ष शील पापपुण्यको गरुलघु दृष्टिले ठूलोसानो गरी राखिएका छन् अर्थात् तलमाथि पारिएका छन् । संघको चिरस्थायित्व र ब्रम्हचर्यको दृष्टिकोणले प्रातिमोक्ष शीलको श्रेणी वर्गीकरण गरिएका छन् । त्यसैले निमन्त्रण स्वीकार गर्नु, भोजनको मात्राज्ञान बनाउनु, चार प्रत्ययवस्तुको परिग्रहमा सीमा राख्नु इत्यादि नियम यस्तै विनय हो । यिनै कारणले शील सम्मानको कारण भएझैँ ध्यानको ढोका पनि हुनसक्यो । लौकिक जीवनमा शील अपायभय नाश गरेर सद्गति दिए तापनि, शील बन्धुबान्धवभन्दा सर्वोच्च मात्र भए तापनि, शील हातखुट्टा नभएकाहरुलाई कर्म र गतिजस्तै भए तापनि भिक्षुहरुको शीलप्रार्थना लक्ष्य हुन्छ, मिथ्यादृष्टि हटाएर सम्यक्दृष्टि बनाउनु र तृष्णा क्षय गरी निर्वाण साक्षात्कार गर्नु ।

बोधिसत्त्वहरुको शील उद्देश्य यसभन्दा पनि उच्च हुन्छ र जसको शीलको लक्ष्य बोधिज्ञान प्राप्ति गर्नु रहेको हुन्छ । बोधि प्राप्तिको लागि बोधिको बाटो पार गर्दै आउने हुनाले बोधिसत्त्वहरुको शील गुणधर्मलाई शीलपारमिता भनिएको हो । कामतृष्णा र भवतृष्णाले मुक्त नभएको शील शीलपारमितामा समावेश हुँदैन । साथै पारमिता समावेश भएको शीलधर्मले आफू ठूलो अरु सानो भनेर पनि देख्दैन, कारण बोधिइच्छित शील करुणा र मैत्रीले भरिएका उनी अहंभावले मुक्त रहन्छन् । बोधिसत्त्वहरुले शीललाई बन्धनजस्तै देख्दैनन् । लोभमुक्त नभएको पृथग्जनहरुको चित्त मात्र नै पञ्चकामगुणमा फस्दछ । बोधिसत्त्वहरुको चित्त न त लोभोन्मुख हुन्छ न त पृथग्जनहरुको चित्तजस्तै पञ्चकामगुणमा टाँसिन्छ । शील बन्धनजस्तै त्यसलाई लाग्दछ, जसको चित्त लोभयुक्त भएर पञ्चकाममा टाँसिएर बस्दछ । साथै सांसारिक सुखको आशामा पालन गरिएको शील दुर्बल पनि हुन्छ, उसले शीलको निम्ति ठूलो त्याग गर्न सक्दैन । लोभको आशाले शील पालन गर्ने व्यक्ति अलिकता भावभोगको र सम्पतिको हानि पनि सहन सक्दैन । अकिता भवभोग र सम्पति पाउनासाथ शील बिग्रन सक्छ । यसको विपरित शीलको आरक्षा निम्ति अङ्गप्रत्यङ्गसमेत त्याग गर्ने, जीवनसमेत उत्सर्ग गर्ने पारमिता शील अत्यन्त सुदृढ हुन्छ । स्वयं शील शक्ति प्रबल भएकोले, शील गुणको विपरित स्वभाव दुर्बल भएकोले बोधिसत्त्वहरुलाई शील बन्धनजस्तै नलागेको हो । बोधिसत्त्वहरुलाई शील गुणधर्म एउटा स्वाभविक गुणधर्मजस्तै हुन्छ । त्यसैले नै शीलको आरक्षामा दुर्बलताले छुन सक्दैन । अतः सजिलै शीलको लागि भवभोग, अङ्गप्रत्यङ्ग र प्राणसमेत त्याग गर्न सक्नुहुन्छ ।



https://dhamma.digital

विशेषगरी बोधिसत्त्वहरुमा मैत्री र करुणा हुने भएकोले शीलको आरक्षामा सुखकर अनुभूति हुने गर्दछ । प्राणीहरुको आचरण र चित्त आरक्षा गर्नु, आफ्नो आचरण र चित्त पनि संयमित गर्नु बोधिसत्त्वहरुको सामान्य चरित्र नै हुने हुन्छ । त्यसैले श्रावक र प्रत्येकबोधिको भूमि भएको शीलविनाको जीवन सम्यक् सम्बोधि आकांक्षी बोधिसत्त्वलाई मृत्युतुल्य हुन्छ । शील नाश गरेर भवभोग र सम्पत्ति प्राप्ति बोधिसत्त्वहरुलाई मन पर्दैन । शील बिगारेर आफ्नो अङ्गप्रत्यङ्ग बचाएर बच्न पनि मन पराउँदैनन् । शील समाप्त गरेर जीवन बचाएर पनि बस्ने इच्छा गर्दैनन् । यसको उदाहरणको लागि दानपारमिता उल्लेख गरिएको सीलव जातक (७२) अध्ययन गर्न योग्य छ ।

## चुल्लबोधि जातक (४४३)

मन नपरीनपरी बोधिसत्त्व बोधिकुमारलाई विवाह गरिदिए । उनको जहानमा पनि कामुक स्वभाव अलिकता पनि नभएको र आमाबाबुको मृत्यु भएपछि ती दुवैजनासँगै प्रव्रजित हुन गए । दशवर्ष सजिलै निर्द्वन्दरुपले प्रव्रजित जीवन बिताइसकेपछि नुन र अमिलो स्वादको लागि शहर प्रवेश गर्दा वाराणसी नरेश परिव्राजिकालाई देख्नासाथ मोहित भए । यसपछि वाराणसी राजाले सोध्दा परिव्राजकले भने-*'यो मेरो कुनै प्रकारको आफ्नो पर्दैन । हो, यिनी पहिला गृहस्थमा हुँदा मेरा जहान थिइन् ।'*

राजाले परिव्राजकको कुरा सुन्नासाथ *'त्यसो भए मैले यसलाई पटरानी बनाए पनि हुन्छ'* जबरजस्ती हात समातेर तानेर लगे । यसबेला बोधिसत्त्वको हृदयमा क्रोध उत्पत्ति भएको मात्र के थियो तुरुन्त शीलधर्म सम्झेर शान्त बसे । उता राजाले परिव्राजिकालाई अन्तपुरमा लगिसकेपछि विचार गरे-*'त्यसरी जबरजस्ती हात समातेर तान्दा पनि परिव्राजकले केही गरेन । ऊ शान्तपूर्वक बसिरहे । कतै यसले मलाई मायावी मन्त्रले मात्र केही त गर्दैन ?'* भनी विस्तारै फर्केर आएर हेर्न आए । त्यसबेला बोधिसत्त्वले चीवर च्यातेको सिलाइरहेका थिए । राजा गएर उनलाई *'तिमी किन रिसाएनौ'* भनी सोध्यो । तब बोधिसत्त्वले राजालाई क्रोध र मोहको विषयमा आँखा खोल्नेगरी उपदेश दिए । पछि राजाले परिव्राजिकासँग क्षमा मागे ।



https://dhamma.digital

## चम्पेय्य जातक (५०६)

बोधिसत्त्व चम्पेय्य नागराजले- *'चाहे मेरो छाला काटेर लेऊ, चाहे (सर्पक्रिडा) सपेराले समातेर लैजाऊ'* भनी प्रण गरी शीलमा बसे । उनलाई साँच्चैकै सपेराले पक्रेर लगेर भ्याएसम्म सास्ती पनि दियो। त्यसबेला चम्पेय्य नागराजले विचार गरे- *'मेरो विष भयानक छ । यदि मैले रिस गरेर सारा श्वास फ्याँकेमा यसको शरीर धूलोजस्तै उडाएर लान्छ । तर यसले गर्दा मेरो शील खण्डित हुन्छ । त्यसैले मैले यसो गर्दिन ।'* बोधिसत्त्व धेरै दुःख दिएर नाच्न लगायो । तर उनले आफ्नो व्रत बिग्रन्छ भनी सहेर नै बसे । चम्पेय्य नागराजको जहानले उनलाई राजाको तर्फबाट मक्त गराई नलिएसम्म नचाएझैं नाचिरह्यो ।

यो शीलाचरणको सिद्धान्त सजिलै मानिसले स्वीकार गर्न गाह्रो पर्छ । तर यसो गर्न सके बोधिसत्त्वको आदर्श सिद्धान्तलाई अनुशरण गरे झैं हुन्छ, पारमिता सम्बन्धी जति पनि बोधिसत्त्वका चरित्र छन् त्यसमा यसै आदर्शलाई पुष्ट्याई गरिएका छन् ।

## भूरिदत्त जातक (५४३)

भूरिदत्त नागराजा पनि महाऋद्धिवान भएर पनि आफूलाई जतिसुकै सास्ती गरेतापनि शील बिग्रने भयले क्रोधित भएन । भूरिदत्त नागराजाले भनिरहे- *'मलाई आफ्नो जीवनको परित्याग घाँस परित्यागभन्दा पनि साने लाग्छ । तर शीलको अतिक्रमण भने मेरो निम्ति पृथ्वी पल्टाएझैं हो । सयजन्मसम्म लहरै जीवन म त्याग गर्छु तर चार द्वीपको लागि पनि शील बिगार्ने छैन, छाड्ने पनि छैन ।'*

त्यसैगरी दानपारमितामा वर्णन गरिसकिएकोमा शंखपाल जातक (५२४) मा शंखपाल नागराजाले पनि नाकको श्वासले नै जङ्गल भष्म गर्न सक्ने भए तापनि आफूले शील पालन गर्दा आफूलाई दुःख दिने शिकारीहरुप्रति क्रोध गरेन ।

त्यसैले धन र छोराछोरीको प्राप्ति, आफ्नो अङ्गप्रत्यङ्ग तथा जीवनको लागि मात्र लक्ष्य राखेर पालन गरिने शीलपारमितामा समावेश हुँदैन । शीलपारमितामा समावेश गर्नलाई त धनसम्पत्ति छोडेर पनि अर्थात् हानि भए तापनि शील पालन गर्नुपर्दछ । अङ्गप्रत्यङ्गहीन भएसम्म पनि नबिगार्ने शील नै



https://dhamma.digital

शील उपपारमिता हुन्छ। आफ्नो जीवन नै समाप्त भए तापनि खण्डित नहुने शील नै शील परमत्थपारमिता हो ।

यसप्रकार क्लेशमल नाश गरिपठाउने परिशुद्ध जल, तलमाथि जुनसुकै दिशामा पनि बहन सक्ने सुगन्ध, नहराउने वा नबिग्रने सज्जन हृदयभरण, चित्त शान्ति हुने औषधी, संसाररुपी सागरबाट पार तर्न निरापद डुङ्गा, निर्वाणको ढोकाजस्तै शीललाई पनि बोधिसत्त्वहरुले मात्र बोधिप्राप्तिको लागि लक्ष्य राखी पालन गर्दछन् । हाम्रो बोधिसत्त्वले बोधिधर्ममध्ये एउटा बोधिधर्म सम्झेर शीलपारमितालाई पूर्ण गर्दछन् । यदि बुद्धपद मन पर्छ भने शीलको चरमसम्म जानु परे तापनि जसरी चौरीले मरेर जानु परे तापनि कते अल्झिएको आफ्नो पुच्छरलाई हानि हुन दिँदैन, त्यस्तै नै भ्याएसम्म शीललाई कुनै पनि हानि गर्दैनन् ।

Dhamma.Digital



https://dhamma.digital

# नैष्क्रम्य पारमिता

नैष्क्रम्य पारमिता बोधिसत्त्वचर्याको तेश्रो पारमिता हो । दानपारमिताबाट नैष्क्रम्य पारमिता लागि आधार प्राप्त हुन्छ भने शीलपारमिताले नैष्क्रम्यको लागि अनुबल प्राप्त गराइराखेको हुन्छ। साथै यस नैष्क्रम्य पारमिताले पछि क्लेशावरण पन्छाएर फेरि मोहाभिछन्दलाई अलग्याएर प्रज्ञापारमिता पूर्ण गर्नको लागि पृष्ठभूमि बनाउँछ। दानपारमिता छोडेर बस्नु हो भने नैष्क्रम्य पारमिता छोडी जानु हो । छोडिएको वस्तु फेरि आफूसँग आउन सक्छ वा पुग्न सक्छ र त्यसैले यहाँ त्याग बरोबर गरिहरनु पर्ने हुन्छ। छोड्नु र फेरि त्यति नै बराबर त्यही नै छोडी बस्नुपर्दैन । वेस्सन्तरको छोराछोरी र राज्य प्राप्त भएको, पछि अरिन्दम राजकुमार र सोमनस्स राजकुमार आदिको अभिनिष्क्रणपछि राज्यमा प्रत्यागमन नहुने घटनाले यस कुरालाई स्पष्ट पार्दछ। तर यसको अर्थ कुनै पारमिताको अगाडि कुनै पारमिता श्रेष्ठ भनेको होइन । पारमिता गुणधर्म त दशैवटा परस्पर श्रृंखलाबद्ध छन् । एउटाको अर्को पूरक छ । एउटा पारमिता पूर्ण हुँदा अर्को पारमिताले टेवा दिइरहेको हुन्छ । यो कुरा यति मात्र हो कि दश पारमितामध्ये कुनै एउटा पारमिता बोधिसत्त्वको कुनै एउटा जीवनमा विशेषरुपले पूर्ण गरियो भने अर्को जीवनमा अर्कै पारमिता । फेरि दश पारमिताको क्रमअनुसार बोधिसत्त्वले पारमिता गुणधर्म पनि क्रमैले पूर्ण गरेका पनि होइनन् ।

नैष्क्रम्यको साधारण अर्थ निस्केर जानु हो। यो निष्क्रणको सम्बन्धित अर्थ फोड्नलाई निर्वाणोन्मुख श्रेष्ठ, बोधितर्फको *माथि चढ्ने* भन्नलाई पछि *अभि* उपसर्ग राख्ने गरियो। फेरि यसैलाई नै *महा* शब्द थपेर महाभिनिष्क्रमण भनियो। तर प्राचीन परम्परा (चरिया पिटक) मा नेक्खम्म (पालि) नैष्क्रम्य ( संस्कृत) शब्द नै मात्र प्रयोग गरिराखेको देखिन्छ। साथै परिभाषाले पनि यसको अभिष्ट अर्थ स्पष्ट गर्दछ। सम्बोधि प्रधान नैष्क्रम्यको अर्थमा भनिएको छ - करुणा र उपाय कौशल्यले दुवै लोकको अभिवृद्धि बुझ्नको लागि दक्षित ज्ञानले आरक्षित काम र भवको आदीवन (दोष) देख्नु, फेरि कामभवले अलग हुने, मुक्त हुने कुशल चित्तोत्पाद भएर बाहिर जानुलाई नै नैष्क्रम्य भनिन्छ । सारांशमा भन्ने हो भने काम र भवदेखि बाहिर जानु वा अलग हुनुको नाम नै नैष्क्रम्य हो।

वस्तुकाम र क्लेशकाम दुई प्रकारका छन् । गृहसम्पत्ति र सहसम्बन्धको गृहसुख छोड्नु नै प्रव्रजित हुनु हो। साथै यस प्रव्रजितलाई नै वस्तुकाम निष्क्रण हुनु भनिन्छ । यो प्रव्रजितभाव पनि शासनप्रव्रजित र



https://dhamma.digital

ऋषिप्रव्रजित गरी दुई प्रकारका छन् । दुवै प्रव्रजितमध्ये वस्तुकाम छोडेको नैष्क्रम्यसुख प्राप्त गर्न सक्ने हुन्छ । तर क्लेशकाम त्याग गर्न भने शासनप्रव्रजित नै हुनुपर्ने देखिन्छ। होइन भने कामसुगति र ब्रम्हसुगतिले बाधा दिन सक्छ ।

क्लेशकाम निष्क्रमण नीवरणलाई दमन गरी वा जितेर प्राप्त हुने प्रव्रजितसुखलाई भनिन्छ । अर्थात् मुक्ति मार्गमा परेको, क्लेश विच्छेद गरी निर्वाण पुग्ने, संसारमुक्त हुने हेतु भएकोले यसलाई विपस्सना नैष्क्रम्य पनि भन्न सकिन्छ। पहिलो आशक्त भएर बस्नुबाट पन्छिनु, पछि टाढा बस्नु, अन्तमा छन्द नै फ्याक्नु क्रमबद्ध बाटो निष्क्रमणले पक्रन्छ। फेरि जहिले आफू पर हुने पारमीभावभन्दा व्यापकतामा गएर विशेषत: बोधि प्राप्तार्थ पार गर्न साधकको रुपमा निष्क्रमण हुन्छ, त्यसबेला त्यसलाई नैष्क्रम्यपारमिता भनिन्छ ।

नैष्क्रम्यपारमिताको वर्णन गर्नुअघि नैष्क्रम्यको विषयमा अलिकता चर्चा गर्नु यहाँ उचित देखिन्छ। किनकि यसले बुझ्नलाई क्रम बाँधेझैँ हुन्छ, बोध्यविषय पनि बोधगम्य हुन्छ।

सबैभन्दा पहिले निष्क्रमणको विभिन्न भेदको एकपल्ट फेरि चर्चा गरौं, जसले वस्तुकाम र वस्तुकामको कारणमा उत्पन्न हुने लोभ, द्वेष, मोह, मान, दिट्ठि आदि क्लेश कामलाई राम्ररी बुझ्न सकिन्छ । प्रव्रजित हुनु गृहस्थजीवनदेखि बाहिर जाने अर्थमा निष्क्रमण हो, ध्यान गर्ने, नीवरणबाट अलग्गिने अर्थमा निष्क्रमण हो, निर्वाण, संसारदेखि अलग्गिने अर्थमा निष्क्रमण हो । वास्तवमा भन्ने हो भने अकुशल धर्मदेखि बाहिर निस्कने भएकोले सारा कुशलधर्म नै निष्क्रमण हो । यस कुरालाई पालि गाथाले यसरी अभिव्यक्त गरिएको छ :-

Dhamma.Digital

*पब्बज्जा पठमज्झानं, निब्बाणञ्च विपस्सना ।*
*सब्बेपि कुसलाधम्मा, नेक्खमन्ति पवुच्चति ॥*

प्रव्रजित हुनु, ध्यान प्राप्त गर्नु, निर्वाण, विपस्सना र सारा कुशलधर्मलाई नैष्क्रम्य भनिन्छ ।

चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय र मनले रुप, शब्द, गन्ध, रस, स्पर्श र धर्ममा आशक्त हुने, मोहित हुने छोडेर बस्नु नै निष्क्रमण हुन जान्छ ।

नैष्क्रम्यको अगाडि कामको आदीनवलाई राम्ररी देख्नुपर्छ । अन्यथा कामको दृष्परिणाम राम्ररी दृढगरी नबुझ्रेसम्म निष्क्रमण गऱ्यो भने त्यसले नैष्क्रम्यको अर्थ नै अनर्थ गराइदिन सक्छ ।



https://dhamma.digital

## *नैष्क्रम्य पारमिताको कथात्मक व्याख्या :*

### काम जातक (४९७)

ब्रम्हदत्तको ज्येष्ठपुत्रले राज्याभिषेकको समयमा *'मलाई राज्य चाहिएको छैन'* भनी आफ्नो भाइलाई करले नै राज्याभिषेक दिन लगाए। उनी स्वयं एउटा गाउँमा गएर एकजनाको घरमा बस्न गए। तर पछि उनी एकजना राजकुमार हुन् भनी मानिसहरुले थाहा पाए । मानिसहरुले उनीकहाँ आएर भन्न थाले- *'हामीलाई यस करबाट मुक्त गरिदिनुहोस्, त्यो करमुक्त गरिदिनुहोस् ।'* उनले आफ्नो भाइद्वारा करमुक्त गराउँदा पछि करमुक्त गराउनेहरु पनि धेरै भए । पछि उनीहरुले दिन ल्याएको भेटीहरु स्वीकार गर्दागर्दै उनको मनमा कामना पनि बढ्दै गए । अनि उनले स्वयं नै कर लिन थाले । अझ त्यतिले पनि चित्त नबुझेर भाइसँग आधा राज्य नै लिए । त्यसपछि त बाँकी रहेको आधा राज्य माग्न अप्ठ्यारो भएकोले *'युद्ध गर्ने कि मेरो राज्य दिने'* भनी खबर पठाए । भाइले आफ्नो दाजुको मूर्खतामा मुस्काउँदै उनको राज्य उनलाई नै फर्काइदिए । तर यसले पनि उनको कामना पूर्ण भएन । उनको अरुअरु राज्यहरुसमेत जितेर लिने इच्छा जाग्यो ।

त्यसै समयमा *'यिनलाई पाठ सिकाउनु पर्‍यो'* भनी इन्द्र आएर तीन राज्यको खुब प्रसंशा गरी ती राज्यहरु सजिलै जित्न सकिने कुरा पनि बताए । अनि राजा अरुको राज्य जितेर लिन उत्तेजित भए र तुरुन्त युद्धको तयारी गरे । तर युद्धको लागि प्रस्थान गर्ने बेलामा राजाले त्यस भेषधारी इन्द्रलाई देख्न सकेनन् । उसलाई अब तीनवटा राम्रो राज्य नपाइने भयो भनी पीडा भयो। उनले न त तीन राज्यलाई बिर्सन सक्यो न त तीन राज्य कहाँ र कसरी लिने भन्ने नै थाहा पाएन सक्यो। यही मानसिक पीडाले ऊ ओछ्यानमा थला परे। पछि एकजना कुशल चिकित्सक बोधिसत्त्वलाई नभेटेको भए विचरा ऊ आफ्नै मानसिक रोगले विनाश हुने थियो। बोधिसत्त्वले कामको दुष्परिणाम देखाएर उसको मानसिक रोग निको पारिदिनुभयो ।

यसले स्पष्ट हुन्छ, नैष्क्रम्यको अर्थ नै कामको आदीनव देख्नुको संयोजनबाट बाहिर निस्कनु हो । साथै यसबाट भिन्न, खनालाई वा लौकिक स्वार्थ पूर्ति गर्न निष्क्रमण गर्‍यो भने त्यो वास्तविक नैष्क्रम्य हुँदैन ।



https://dhamma.digital

## चित्तहत्थ थेरको कथा

श्रावस्तीमा एकजना कुलपुत्र त्यसरी नै पात्रमा रहेको मिठो प्रणीत स्वाद लिएर प्रव्रजित हुन आयो । उसको विचार हो- *'म सधैँ काम गरेर पनि यस्तो खान पाउँदिन ।'* तर त्यो स्वाद उसको लागि त बल्छिको स्वाद मात्र नै भयो । स्वादको लागि प्रव्रज्या भएकोले मन परेझैँ मिठो प्रणीत वस्तु मनले चाहनु वास्तविक नै हो । त्यसैले उसले क्लशलाई जित्न सकेन । जीवन नै बन्धनजस्तो लाग्यो । मन परेको बेला म परेको खाने र मन परेको पिउने भन्ने कामनाले उसलाई मनमा शान्ति भएन । पछि ऊ फेरि गृहस्थ नै हुन गयो । गृहस्थ भएर मेहनत दुःख गरी काम गर्नुपर्दा प्रव्रजित हुँदाको सुख सम्झेर फेरि प्रव्रजित हुन आयो । यसरी ऊ विचरा ६ पल्टसम्म प्रव्रजित भयो, ६ पल्टसम्म गृहस्थ भयो । त्यसैले उसको नाम चित्तहत्थ थेर रहन गयो । एकदिन उसले आफ्नी जहानको अङ्गमा दृष्टि पुग्दा कामरागको दोष देख्न पुग्यो । तब उसले प्रव्रज्याको अर्थ कामनाको संयम, उपशमन साथै शान्ति प्राप्ति भनेको बुझ्यो । अन्तमा उसले छोड्नु पर्ने गृहस्थभाव वैरागले छोडेर प्रव्रजित पनि भयो र पछि फेरि गृहस्थ हुन गएन ।

वस्तुतः निष्क्रमण पंचकामगुण प्राप्त गर्नको लागि होइन भन्ने कुरा बुझेपछि मात्र नैष्क्रम्य जीवन सुखद हुन्छ । उपादानको आश्रय लिउन्जेल यो सुखदेखि विमुख भएर बस्नुपर्ने हुन्छ । निष्क्रमणको पछि पनि उसको जीवन यता न उता भइरहन्छ ।

## कुदाल जातक (७०)

किसानी काम गर्ने बोधिसत्त्व कुदाल पण्डितले एउटा कोदाले एक ठाउँमा लुकाएर प्रव्रजित जीवन बिताए । जब उनलाई यो जीवन गह्रो लाग्दै आयो तब उनी फेरि त्यही कोदालो खोजेर गृहस्थ भएर खेती गर्न गए । फेरि खेती किसानी काम गाह्रो मानेर भिक्षा पात्र बोक्न आउने र भिक्षापात्र बोक्न गाह्रो भएपछि कोदालो बोक्न जाने काम उनले ६ पटकसम्म दोहऱ्याइरहे । सातौंपल्ट मात्र उनले बुझे कि यही कोदालोको कारणले गर्दा बारबार फर्केर आइरहनुपऱ्यो । त्यसैले उनले त्यही कोदालो एउटा पोखरीमा आँखा चिम्लिएर आफूले नदेख्ने गरी फ्यालिदिए । त्यसपछि उनले *'मैले जितें, मैले जितें'* भनी उफ्रिरहे । संयोगको कुरा हो यसैबेला नै सीमान्त उपद्रव शान्त गरी वाराणसी नरेश त्यही बाटो गरी फर्किरहेको थियो । कुदाल पण्डितले त्यसरी कराइराखेको



https://dhamma.digital

सुनेर उसले सोध्यो - *'तिमीले के जित्यौ ?'* जवाफमा आफूले आफूलाई नै जितेको कुरा कुदाल पण्डितले स्पष्ट पार्दै भने :-

*न तं जितं साधु जितं, यं जितं अवजीयति ।*
*तं खो जितं साधु जितं, यं जितं नाभिजीयति ॥*

त्यो जीत साँच्चै कै जीत होइन, जसले फेरि हराउन सक्छ । त्यो जीत नै साँच्चै कै जित हो, जुन जितपछि पुनः हारमा परिणत हुँदैन ।

त्यसैले यो राम्ररी स्पष्ट छ कि निष्क्रमण गर्न अडाडि नै निष्क्रमणको उद्देश्य स्पष्ट बुझ्नुपर्छ । त्यति भएन भने पनि कम्तिमा पनि प्रव्रजित भइसकेपछि त अवश्य बुझ्नुपर्छ । त्यसैले *'संसारको सारा दुःख निस्तारण भएको निर्वाण धर्म साक्षात्कार गर्नको लागि नै यो काषायवस्त्र धारण गर्छु'* भन्ने परम्परा सारै नै महत्त्वपूर्ण देखिन्छ । दृष्टि विभ्रममा पर्नासाथ यसको मूल्य देख्ने हुँदैन । तब उनका कामच्छन्द यथार्थ रुपले नियन्त्रित हुन पनि गाह्रो हुन्छ । विशुद्धिमार्ग अनुसार मिथ्यादृष्टिको नैष्क्रमणले नै कामच्छन्दको प्रहाण हुन्छ । कामको निस्तारण नै नैष्क्रम्यको लक्ष्य हो ।

नयाँ दुःख उत्पन्न नहोस्, दुःखको प्रवाह रोकियोस्, भन्ने उद्देश्यले नै प्रव्रजित हुनुपर्छ । फेरि जन्म हुनु नपर्ने प्रव्रजित जीवनको उद्देश्य हो भने क्लेशको क्षय गर्नु र निर्वाण साक्षात्कार गर्नु नै बुद्धधर्मको यथार्थज्ञः अद्वितीय तार्किक नागसेन भन्तेले स्वयं पहिला प्रव्रजित हुँदा *'भिक्षुहरु ठूला पण्डितहरु, म उनीहरुसँग सिकेर लिनेछु'* भनेर मात्र प्रव्रजित भएको हो । तर उनले बुझेर पनि राजा मिलिन्दलाई स्पष्ट रुपमा भने- *'प्रव्रज्याको अर्थ नै कामभवदेखि निष्क्रमण हुनुलाई र परम निर्वाण प्राप्त गर्नको लागि हो ।'* यो लक्ष्य प्राप्त गर्न वस्तुकाम र क्लेशकाम छोड्नुपर्छ र छोड्दै जाँदा नैष्क्रम्यको यथार्थसुख प्राप्त हुन्छ । यसको उदाहरण महाकप्पिन स्थविरको शब्दबाट स्पष्ट हुन्छ ।

## महाकप्पिन स्थविरको कथा

कुक्कूटवती नगरको राजा महाकप्पिनले बुद्ध, धर्म र संघको विषयमा व्यापारीहरुको तर्फबाट सुन्नासाथ भगवान् बुद्ध भेट्न गए । उनले चन्द्रभागा नदीको किनारमा एउटा वरको बाटेमुनि बसिरहेका बुद्धको दर्शन गरे । भगवान् बुद्धको उपदेश सुनेर राजा कप्पिन र अमात्यहरु श्रोतापत्ति भए । उनीहरु सारा बुद्ध शासनमा प्रव्रजित भए र पछि बिस्तारै महारानी र अमात्यका जहानहरु पनि प्रव्रजित हुन आए ।



https://dhamma.digital

जेतवन विहारमा आयुष्मान् कप्पिनले जहिले पनि *'अहो सुख ! अहो सुख !'* भन्ने गर्दथे । यो सुनेर भिक्षुहरुले विचार गरे-*'भिक्षु भइसक्दा पनि महाकप्पिनले राज्यसुख याद गरी बसे ।'* उनीहरुले बुद्धकहाँ गएर उनको क्रियाकलापबारे खबर पुऱ्याए । अनि भगवान् बुद्धले महाकप्पिनलाई बोलाई सोधे - *'कप्पिन के यो कुरा सत्य हो कि तिमीले राज्यसुख सम्झेर अहो सुख !अहो सुख ! भनिरह्यौ ?'* कप्पिनले जवाफ दिए -*'यो कुरा जस्तो हो भगवान् स्वयं थाहा पाउनुभएको हो ।'* यो कुरा सुनेर भगवान् बुद्धले भने- *'भिक्षुहरु, मेरो छोराले राज्यसुख सम्झेर यसरी भनिरहेको होइन । बरु मेरो पुत्रले धर्मप्रति, धर्मरस पिएर बसिरहेको छ । उसको महापरिनिर्वाणको बारेमा रस अनुभव गरेर यसरी भनिरहेको हो ।'*

यस्तो यथार्थ सुखशान्ति बुझेन कि मानिसहरुले नैष्कम्यको अर्थ भिन्न देख्दछ, चित्त विक्षिप्त बनाएर स्वाभाविक हुन्छ । विशुद्धिमार्ग अनुसार तब यस्तो नैष्कम्य सुखदेखि टाढिन्छ भनेर नै योगीहरु नैष्कम्यको विषयमा कहिले विचार नगर्नेहरु, काममा डुबेकाहरु, विक्षिप्त हृदय भएका मानिसहरुसँग संगत गर्नु समेत टाढिएर बस्ने कोशिस गर्दछन् । *'काम अल्पस्वाद हो'* भनी बुझेर कामभोगको विनाश, फेरि सारा दुःखदेखि मुक्ति पाउने बाटोजस्तै नैष्कम्यको अभिलाषी भएर बुद्ध, धर्म र संघको गुण स्मरण गरी प्रीतिले प्रमुदित भएर बस्दछन् ।

विशुद्धिमार्ग अनुसार जहाँसम्म बोधिसत्त्वहरुको कुरा छ, उनीहरु स्वभावतः कामभोगबाट बाहिरिनुको लागि नैष्कम्यको विचार गर्नेहरु हुन्छन् । घरभित्र बस्नुमा दोष देख्ने गर्दछन्, संसार निस्तारको विचार अरुलाई पनि गराउने र आफू पनि गर्ने गर्दछन् । सारा भव र गति दोष देख्ने गर्दछन् । त्यसैले बोधिसत्त्वको रुपमा पूर्ण गर्ने नैष्कम्य चयौलाई नै नैष्कम्यपारमिता भनिन्छ ।

कामभवरहित हुनु नै नैष्कम्यको साधारण स्वभाव वा लक्षण हो । कामभवको आदीनव देख्नु यसको रस (कृत्य) हो । काम र भवदेखि विमुखभाव नै प्रत्युप्रस्थान हो । संवेग हुने वा संसारदेखि पश्चाताप मान्नु नै यसको पदस्थान हो । जुन बोधिसत्त्वले नैष्कम्यपारमिता पूर्ण गर्दछन्, उनले पहिले नै कामको आदीवन देखेको देखिन्छ । आदीनव देख्नासाथ नै त्यसबाट विमुख हुनु र संसारदेखि विरक्ति हुनु स्वाभाविक हो । पछि यही नै विरक्ति नैष्कम्यको प्रधान कारण र हेतु हुने हुन्छ । अर्को शब्दमा भन्ने हो भने आर्यसत्य नबुझ्नेलाई काम नै आकर्षणको विषय र मूल्यवान् धारणा, अर्थपूर्ण सारजस्तै देखिने हुन्छ । तृष्णा दुःखको हेतु भए तापनि त्यो छोड्न गाह्रो हुनसक्छ । काम छोड्न नैष्कम्यको प्रत्यवेक्षणविना सम्भाव छैन । फेरि कामको आदीनव जति



https://dhamma.digital

दृढतापूर्वक बुझ्यो त्यति नैष्कम्य दरिलो हुन्छ । बोधिसत्त्वहरुले संसारलाई आर्यसत्य अनुसार समीक्षा गर्दछन् । उनीहरुले संसारका मानिसहरुलाई जरा धर्म देख्दछन् । रुखबाट फल खसेझैं मानिसको मृत्यु अनिवार्य र स्वाभाविक देख्दछन् । एउटा उपमाले नै राज्यलाई त्यागिदिन्छन् ।

## सोनक जातक (५२९)

मगधराज मृत्यु हुनासाथ बोधिसत्त्व अरिन्दम राजकुमारलाई राज्याभिषेक दिएर नगर परिक्रमा गराइयो । यता राजकुमार अरिन्दमको साथी सोनक आफूलाई पुरोहित बनाउँछ भनी डरायो । फेरि एउटा सालको बोटबाट झर्दै गरेको पात हेर्दै स्वयं सोनकले अनित्य दर्शन बुझ्यो । अभिनिष्क्रमणपछि सोनकलाई प्रत्येकबुद्ध लाभ भयो । चालिस वर्षपछि अरिन्दमले आफ्नो साथी सोनकलाई सम्झे तर कहीँ पनि भेटिएन र तब गीत गाएर खोज्ने काम शुरु गरे । राजाले गीत गाएका हुन् भनी प्रजाहरु सबैले नै त्यो गीत गाउन थाले । त्यही नै गीत गाइरहेको एकजना सातवर्षको दाउरा खोज्न आएको केटोलाई प्रत्येकबुद्ध सोनकले गीतमै जवाफ सिकाए ।

जवाफी गीत सुनेर राजा अरिन्दम केटोसँगै प्रत्येकबुद्ध सोनककहाँ पुगे । *'तपाईंलाई आनन्द त छ होइन ।'* भनी राजा अरिन्दमले सोध्दा प्रत्येकबुद्धले जवाफ दिए- 'अकिञ्चन घर नभएको भिक्षुलाई सधैं आनन्द हुन्छ । पहिलो आनन्द यो हो कि उसको कोठामा धनधान्य नहुनु । दोश्रो आनन्द हो - निर्दोष भिक्षाले चित्तमल उत्पन्न गरी कष्ट नहुनु । तेस्रो आनन्द हो- शान्त भिक्षा ग्रहण गर्नु । चौथो आनन्द हो- मुक्त भएर चारिका गर्नु । पाँचौं आनन्द हो- नगरमा आगो लागे तापनि उसको केही पनि नजल्नु । छैठौं आनन्द हो- राष्ट्र लुटियो भने पनि उसको केही पनि नलुटिनु । सातौं आनन्द हो- चोर र मार्गबाधक भए पनि ऊ सकुशल हिंड्ने हुनु । आठौं आनन्द हो- ऊ जहाँ जहाँ जान्छ अपेक्षाले जानु ।'

प्रत्येकबुद्ध सोनकले यसरी आठ श्रमणभद्र बारे बताइसकेपछि राजा अरिन्दमले भने- 'तर मलाई त कामभोग नै मन पर्छ, दिव्यलोक नै मन पर्छ । कसरी यी कुराहरु प्राप्त गर्ने हो त्यो मलाई बताइदिनुहोस् ।' प्रत्येकबुद्धले कामभोगमा आशक्तहरु, कामभोगको अनुरक्तहरु फेरि कामभोगमा मुर्छित हुने प्राणीहरु पापकर्म गरी नरकमा जाने कुरा बताए । उनले फेरि एउटा उपमा दिँदै यसरी प्रकाश पारे :-



https://dhamma.digital

*उपमं मे करिस्सामि, तं सुणोहि अरिन्दम ।*
*उपमाय पिध एकच्चे, अत्थ जानन्ति पण्डिता ॥*

*गंगाय कुणपं दिस्वा, वुय्हमानं महण्णवे ।*
*वायसो समचिन्तेसि, अप्पपञ्ञो अचेतसो ॥*

*यानञ्च वत इदं लद्धं, भक्सो चायं अनप्पको ।*
*तत्थ रत्तिं तत्थ दिवा, तत्थ एव निरतो मनो ॥*

*खादं नागस्सं मंसानि, पियंभागी रसोदकं ।*
*सम्पस्सं वनचेत्यानि, न पलित्थ विहंगमो ॥*

*तं व ओतरणी गंगा, पमत्तं कुणपे रतं ।*
*समुद्दं अज्झगाहपि, अगति यत्थ पक्खिनं ॥*

*सो च भक्खपरिक्खीणो, उदापत्वा विहंगमो ।*
*न पच्छतो न पुरतो, नुत्तरं नो पि दक्खिणं ॥*

*दीपं सो न अज्झगच्छि, अगति यत्थ पक्खिणं ।*
*सो च तथेव पापत्थ, यथा दुब्बलको तथा ॥*

*तञ्च सामुद्दिका मच्छा, कुम्भीला मकरा सुसू ।*
*पसय्हकारा खादिंसु फंदमानं विपक्खिनं ॥*

*एवमेव तुवं राज, ये त अञ्ञे कामभोगिनो ।*
*गिद्धा चे उपमा राज, काक पञ्जाय ते विदू ॥*

*एता ते उपमा राज, अत्थसंदस्सनी कता ।*
*त्वं च पञ्जायते तेन, यदि काहसि का न वा ॥।*

हे अरिन्दम, सुन । म तिमीलाई एउटा उपमा दिन्छु । कति ज्ञान हुनेहरुले उपमाले पनि कुरा बुझ्दछन् । गंगामा एउटा मरेको हात्ती महासमुद्रतिर बहाउँदै लगिराखेको थियो । त्यो देखेर एउटा मूर्ख बद्धिहीन कागले विचार गऱ्या - *'मलाई एउटा यान प्राप्त भयो । मेरो लागि यो आहार पनि प्रशस्त नै*



https://dhamma.digital

*छ ।'* ऊ रातदिन त्यहीँ नै बस्यो । फेरि त्यसैमा उसको मन टाँसियो । हात्तीको मासु खाँदै गंगाको पानी पिउँदै गयो । चैत्य देख्यो तापनि त्यो काग त्यहाँबाट उडेर गएन । महासमुद्रमुखी गंगामा परेको हात्तीको मासु खानमा आशक्त भएको त्यस कागलाई समुद्रको बीचमा बहाउँदै लग्यो, जहाँबाट पंक्षीहरु उडेर फर्केर आउन सक्दैनन् । उसको खाना सकियो र ऊ पानीमा डुब्न गयो । उसले न अगाडि न पछाडि, न पूर्वदिशामा न उत्तरदिशामा कतै पनि द्वीप पाउन सकेन, ऊ दुर्बल प्राणीजस्तै त्यहीँ खस्यो, जहाँ पंक्षीहरुको गति छैन । त्यो छट्पटाइरहेको पंक्षीलाई माछा, गोही, सोंजगोंजले पक्रेर मारी खाए । हे राजन, त्यसरी नै तिमी हौ । त्यो जस्तै अन्य कति प्राणीहरु पनि कामभोगीहरु छन्, उनीहरुले यदि कामभोग नछाडेमा उनीहरु त्यो कागजस्तै नै हुनेछन् । हे महाराज, मैले अर्थ प्रकाशित गर्ने उपमा दिइसकेँ । यदि अब तिमीले उपदेश बुझेर काम गऱ्यो भने तिमी सुगतिमा उत्पन्न हुन्छौ हाइन भने दुर्गतिमा ।

बोधिसत्त्वले यो उपमा सुन्ने बित्तिकै तुरुन्त प्रकाश पारे :-

*को नुमे राजकत्तारो, सूता बेय्यत्तिं आगता ।*
*रञ्जं निय्यादयिस्सामि, नाहं रज्जेन-मत्थिको ॥*
*अज्जेव पब्बजिस्सामि, को जञ्ञा मरणं सुवे ।*
*माहं काको व दुम्मेधो, कामानं वसं अन्नगा ॥*

मलाई राज्याभिषेकको संस्कार गर्ने सूत अथवा अन्य मेरा मानिसहरु खै कहाँ गए ? म राज्यभार फिर्ता दिनेछु मलाई राज्य चाहिएको छैन । अहिले भनेर नै म प्रव्रजित हुन्छु । कसले जानेको छ र भोलि नै म मर्छु कि बाँच्छु । म मूर्ख कागजस्तै कामभोगमा वशीभूत भएर बस्न सक्दिन ।

त्यति भनेर बोधिसत्त्व महाभोग सम्पत्ति एउटा एउटा भएसम्म आफ्नो छोरालाई सुम्पेर हिलोबाट सफा ठाउँमा, काँढा नभएको चौडा बाटोको पथिक बन्न जानुभयो ।

अन्य ठाउँमा पनि भनिएको छ -

*सम्बाधोयं घरवासं, रजस्सायतनं इति ।*
*अब्भोकासो व पब्बज्जा, इति दिस्वान पब्बज्जि ॥*

छोराछोरीको हेतुद्वारा अनेक बाधासहित क्लेशरुपी धुलो उत्पत्ति हुने एउटा स्थान घर हो । प्रव्रजित हुनु अब्भोवकासजस्तै स्वतन्त्र शान्तिपुर हो, त्यसैले म प्रव्रजित भएँ ।



https://dhamma.digital

उपरोक्त जातकीय अभिव्यक्ति पुरोहितपुत्रले बोधिसत्त्वलाई उपमा दिएर नैष्कम्य प्रेरणा दियो भने प्रायः गरी बोधिसत्त्वको जीवनमा बोधिसत्त्व स्वयं जागृत भएको देखिन्छ । यहाँ पूर्वअभिव्यक्तिको विपरित स्वयं जागृत भएको एउटा उदाहरण उल्लेखयोग्य देखिन्छ ।

## सह्य जातक (३१०)

जतिबेला वाराणसीमा ब्रम्हादत्तले राज्य गरिरहेका थिए, त्यतिबेलामा बोधिसत्त्व राजपुरोहितको कुलमा जन्मिए । फेरि त्यसै दिन नै राजकुमारको पनि जन्म भयो । राजकुमारसँगै जन्मेको हुनाले बोधिसत्त्वलाई पनि सँगसँगै पढाइयो । साथसाथै शिक्षादीक्षा पनि दिइयो । दुवैको बीचमा अति ठूलो विश्वास पनि भयो । तर ब्रम्हादत्त राजाको देहान्त हुने बित्तिकै राजकुमार राजा भए । उता बोधिसत्त्वले विचार गरे 'मलाई पुरोहित पद दिन्छ । यसभन्दा त प्रव्रजित जीवन नै श्रेष्ठ छ ।' यसरी विचार गरेर आमाबाबुसँग विदा लिएर उनी प्रव्रजित भए । फेरि अभिज्ञा र सम्पत्ति र समापत्ति लाभ गरी ध्यानस्थ भई बसे । उता अनेक प्रकारको कोशिस गरी वाराणसी नरेशले बोधिसत्त्वलाई चिन्न सक्यो र तब राजाले उनलाई पुरोहित पद दिने भर्ना भन्न पठाए । तर बोलाउन आएको राजदूतलाई बोधिसत्त्वले यसरी जवाफ दिए - 'मलाई पुरोहित पद त के स्वयं काशी राज्य, कोशल राज्य, जम्बूद्वीप र चक्रवर्ती लाभ भए पनि म फिर्ता जाने छैन । खकारिसकेको खकार फेरि कसले चाट्ला ?'

कहिले यस्तो बाँध्न खोजिएको बन्धन देखेर बोधिसत्त्वले नैष्कम्यपारमिता पूर्ण गरे । फेरि कहिले जराधर्म देखेर संसारको भवको आदीनव विचार गरी पारमिता पूर्ण गरे ।

## मखदिव जातक (९)

विदेहराजा मखादेवले आफ्नो कपालीलाई भने - *'ममा सेतो केश हुनासाथ भन',* भने अनुसार एउटा सेतो केश देख्नासाथ कपालीले त्यो केश उखेलेर राजाको हातमा राखिदिए । विदेहराजाले हातमा आफ्नो सेतो केश हेर्दै भने- *'मूर्ख मखादेव, सेतो केश फुलिसक्यो तापनि तिमी यो चित्तमल परित्याग गर्न सक्दैनौ ?'* यसरी विचार गर्दै उसको छाती तातियो । शरीरबाट पसिना तरतर बग्न थाल्यो । भिजेको लुगा फुकालेर फ्याँक्न हुने भयो । तब आफ्नो ज्येष्ठपुत्रलाई राज्य सुम्पेर बोधिसत्त्व मखादेव प्रव्रजित हुन गए । त्यसैगरी



https://dhamma.digital

चुल्ल सुतसोम जातक (५२५) अनुसार बोधिसत्त्व सुतसोमले पनि आफ्ना बन्धुहरु, मित्रहरु, अमात्यहरु र परिषद्हरुलाई सम्बोधन गरी आफू प्रव्रजित हुन जाने कुरा स्पष्ट पार्दै भने- *'मेरो टाउकोमा सेता केश फुलिसक्यो, त्यसैले म प्रव्रजित हुन जान्छु ।'*

बोधिसत्त्वहरुलाई प्रेरणा अनेकप्रकारले प्राप्त हुन्छ । तर अर्कोतिर उनीहरुलाई भोगविलासमा डुबिरहने बनाउनुमा पनि कोशिस भइरहन्छ ।

## हत्थिपाल जातक (५०९)

वाराणसी राजा एसुकारी र उसको पुरोहित दुवै अपुताली थिए । देवताहरुलाई *'छोरा मात्र भउमा घरमा राख्ने जिम्मा भयो'* भनी पुरोहितले देवताहरुलाई भनेपछि चारजना छोरा प्राप्त गऱ्यो । फेरि छोराहरु प्रव्रजित हुन्छन् भनी डराएर देशको सारा प्रव्रजितहरुलाई देशनिकाला गरिदिए । उनीहरु तन्नेरी हुँदा राजाले आफ्नो प्रण अनुसार जेष्ठपुत्रलाई राज्याभिषेक दिने विचार गरे । तर परीक्षा एकपल्ट गर्नुपर्छ भनी स्वयं एसुकारी र पुरोहित ऋषिभेष लिएर भिक्षा माग्न आए । ऋषिप्रति सम्मान गर्न खोज्दा उनीहरुले आफ्नो वास्वविक परिचय दिए । तब ज्येष्ठ कुमार बोधिसत्त्व हस्तिपालले सोध्दै भने- *'मेरो परीक्षा किन लिएको ?'*

उनीहरुको जवाफ हो *'यदि हामीहरुलाई देखेर पनि प्रव्रजित नभएमा तिमीलाई हामीहरुले राज्याभिषेक गर्ने विचार गरेका थियौं । हामीहरु राज्याभिषेक गर्नलाई आएका हौं ।'*

तब हस्तिपालले भने - *'त्यसो हो भने बाबु, मलाई राज्य चाहिँदैन । म प्रव्रजित हुन जान्छु ।'* उनको विचार हो - *'न वेद नै त्यो सत्य हो, न धनलाभ नै त्यो सत्य हो, न पुत्रलाभ नै त्यो सत्य हो जसले जराको नाश हुन्छ । मृत्युसँग मैत्री हुने जरासँग साथी भएको आफू सयवर्ष निरोग भएको हेर्ने आशा गर्दछ ।'* यसरी जीवन संस्कारको तुच्छता प्रकट गरी *'महाराज तपाईं जानुहोस्, तपाईंसँग कुराकानी गर्दागर्दै व्याधि जरा मरण मेरो नगिच आयो, तपाईं अप्रमादी हुनुहोस्'* भनी राजा र आफ्नो बाबुलाई प्रणाम गरी गए ।

पुरोहित र राजाले हस्तिपालको भाई गोपाललाई पनि रोक्न सकेन । दुईदिन पर्ख भनी के भनेको थियो गोपालले जवाफमा भने -

*हिय्यो ति हिय्यो ति पोसो परेति ।*
*अनागतं नेतं अत्थीति ञत्वा, उप्पन्न छन्दं को पनुदेय्य धीरो ॥*



https://dhamma.digital

जुन मानिसले भोलिपर्सि भन्दै बस्छ, उसको पतन हुन्छ । योभन्दा भविष्य छँदै छैन, तब को यस्तो धीर पुरुष होला जसले कुशल संकल्पलाई पर्ख भनी बस्छ ?

अर्को भाइले भन्यो - 'दाजुहरुले थुकेको थुक म टाउकोमाथि राखी हिंड्दिन ।' परिणमतः पुरोहितले समेत हाँगाबिँगारहित रुख मूढोसमान हो भनी भनेर ऊ आफू पनि प्रव्रजित भए । राजपुरोहित के प्रव्रजित भए कतिका ब्राम्हणहरु पनि प्रव्रजित भए । तब राजाले *'अपुतालीको सम्पत्ति राजाको हुन्छ'* भनेर पुरोहितको सम्पत्ति ओसार्न लगाए । तर महारानीले *'अरुको खकारेको खाने'* भनेर भन्दा राजाको पनि निद्रा खुल्यो । तब राजारानी पनि प्रव्रजित भए ।

विषयुक्त रोटीजस्तै कामको भित्र अवगुण देख्ने गरी दुःखकारक तत्त्वले भरिएको हुन्छ । तापनि यो कामदोष देख्न सकिँदैन । यही दोष देख्नसक्नुको अर्को नाम बुद्धधर्म हो । काम भनेको मासु नभएको हड्डी चपाएझैँ, पेट नभर्ने तर दुःख दिने, अझ दाँत पनि टुट्न सक्ने हुन्छ । मासुको चोक्टा लिएको प्राणीलाई अर्कोले पछ्याउँदा त्यो मासुको टुक्रा नछोडेसम्म मृत्युसम्म पनि हुनसक्छ । त्यसरी नै धेरै मानिसहरुलाई आशा भएको कामको लागि संघर्ष हुन्छ । यस संघर्षमा हार्नैपर्छ, जित्ने पनि अतृप्त रोग लागेर हार्नुपर्छ ।

मानिसहरुले आफ्नो लागि, आफ्ना छोराछोरीहरुको लागि काम गरी मरेर पनि कामवासनाभित्र बसेर बाँच्ने कोशिस गर्दछन् । आफूलाई लाभ नभए तापनि छोरालाई लाभ गराउने कोशिस गरी लाभको सन्तोष लिन खोज्छन् । तर वास्तविक लाभ हुने र अवास्तविक लाभ बुझेको व्यक्तिले त्यसैलाई पर्ख नभनी त्याग गर्दछ, जुन कामको लागि अरु झगडा गरिबस्छन् ।

## महाजनक जातक (५३९)

मिथिलाधीश अरिट्ठजनक राजा हुनासाथ उनी आफ्नो भाइ देखेर डराए । भाइ पोलजनकले आफ्नो राज्य लुटेर लिन्छ भनी डराएर उनलाई राजगृहमा बन्दी बनाइदिए । तर ऊ त्यहाँबाट बाहिर आयो । दुवैको बीचमा झगडा भयो । अरिट्ठजनकले आफ्नो जहानलाई भने - *'म युद्धमा मरे भने तिमीले गर्भ रक्षा गर र तिमीले छोरालाई राजा बनाऊ ।'*

दुई दाजुभाइको युद्धमा अरिट्ठजनकको मृत्यु भयो । पोलजनक राजा भए । महारानीले चम्पा नगरमा शरण लिए र आफ्नो छोरालाई महाजनक भनी नाम राख्यो । तन्नेरी उमेरमा बोधिसत्त्व महाजनक व्यापार गर्न जाँदा डुंगा समुद्रबीच बिग्रियो । तर महाजनक न रोए न उनले देवताको नाम नै



https://dhamma.digital

लिए । जब सख्खर र घिउ खाएर तेल लागेको कपडाले शरीरमा बेरे । तब डुंगा डुब्नासाथ सात दिनसम्म पौडि खेले । त्यसबेला मणिमेखला देवकन्याले भनिन् - *'तिमी व्यर्थमा प्रयत्न गरिरहेछौ ।'* महाजनकले जवाफमा भने *'कर्म नै मानिसको कर्तव्य हो । कर्मको साक्षात्कार देखेनौ ? अरु डुबेर मरिसके, म अहिलेसम्म बाँचिरहेछु । तिमीलाई पनि मैले देखें ।'*

यसरी पराक्रम देखाएर देवकन्याको सहयोगले मिथिला देशमा पुगे । यता पोलजनक अपुताली भएर नै मरे । मिथिलामा राजको खोजी भइरहेको थियो । महाजनकलाई भेटेर राजा बनाइयो । राजा भइसकेपछि उनी बगैचामा घुम्न गए । त्यहाँ महाभोगशाली राजा जनकले एउटा फल फलेको रुख, एउटा फल नफलेको रुख देखे । फल फलेको रुख पनि शोभायमान भएको थियो, फल नफलेको रुख पनि हरियो राम्रै थियो । राजाले पहिला फल टिपेर नखाएसम्म कसैले पनि नखाने चलन थियो । राजा महाजनकले रुखमा भएको फल देख्नासाथ एउटा फल आफैले टिपेर खाए । साह्रै मिठो मानेर विचार गरे *'फर्किएर आएर अरु फल खान्छु'* ।तर राजाले एउटा फल टिपेर के खाएका थिए, सबैले एउटाएउटा, दुईटादुईटा टिप्दै फल खान थाले । रुखको टुप्पामा भएको फलसमेत टिपेर खाए । रुखको हाँगाबिँगा सारा भाँचे । पात एउटै पनि रुखमा रहेन । राजा घुमेर फर्किएर आउँदा रुखको दुर्दशा देखेर आश्चर्य माने । उता फेरि फल नफलेको रुख जस्ताको तस्तै थियो । झ्याम्मिएको रुख हेर्दाहेर्दै बोधिसत्त्व महाजनकलाई संवेग प्राप्त भयो । मिथिला राज्यलाई फल फलेको रुखजस्तै ठान्न थाले । जब आफ्नो बाबु मरेको, बाबु र काकाको रक्तपातपूर्ण झगडा सम्झे, तब उनी राज्यत्याग गरी प्रव्रजित भए । अनि महारानी सिवली पनि प्रव्रजित भइन् ।

एकदिन फेरि एउटा हातमा चुरी नहुँदा चुरीको आवाज नआएको देख्दा झस्किए । धनुष बनाउने काम गरिराखेको एकजना मानिसले एकचित्तले राम्ररी बाँस सिधा भयो वा भएन भनी हेर्न एउटा आँखा चिम्लेर हेरेको र त्यतिबेला देखेपछि महाजनक र सिवली दुवै दुवैतिर अलग्गिएर गए । अन्तमा बोधिसत्त्वले अभिज्ञा समापत्ति लाभ गरेर लिएझैं सिवलीले ध्यान लाभ गरी ब्रम्हलोक प्राप्त गरिन् ।

माथि गइसकेको बोधि राजकुमार चरितले पनि भन्दछ, कति मानिसहरुको चित्तमा कामभोगको इच्छा स्वाभाविकहरुपले नै नभएको हुन्छ । चुल्लबोधि जातक (४४३) अनुसार कति मानिसहरु राम्री परिब्राजिका र प्रव्रजितहरुलाई समेत मन पराउने हुन्छन् । तर बोधिसत्त्वहरुले जहिले पनि कामको आदि, मध्य र अनन्तकालको अनुसार परिणामको बारेमा विचार



https://dhamma.digital

गर्दछन् । त्यसलाई सम्यक्रुपले देख्दछन्, फेरि दुष्परिणामको काम छोडी नै दिन्छन् ।

## सरभंग जातक (५२२)

वराणसीको राजपुरोहितपुत्र बोधिसत्त्व ज्योतिपाल अद्‌भूत धनुर्विद्यामा पारङ्गत थिए । दैनिक हजार असर्फी भएको उनको तलबप्रति अरुले ईर्ष्या गरे । पछि धुनर्विद ज्योतिपालले आफ्नो धनुर्विद्या प्रदर्शन गरे । अत्यन्त अद्‌भूत, आश्चर्यजनक चमत्कारपूर्णको धनुर्विद्या देखेर उनलाई राजाले सेनापति पद दिने निर्णय गऱ्यो । तर त्यसबेला बोधिसत्त्व ज्योतिपालले विचार गरे, 'धनुर्विद्याको आदि (पहिले) मा के छ, मध्यमा के छ, अन्तमा के छ ?' आरम्भमा मृत्यु, मध्यमा कामभोग र अन्तमा पनि कामभोग नै भएको बोधिसत्त्व ज्योतिपालले देखे । अन्तमा यसबाट मुक्ति प्राप्त गर्नलाई उनले राति नै सुटुक्क घर छोडी गए । बोधिसत्त्वको यस निष्क्रमणको महत्त्व देख्नासाथ अरुले पनि यस आर्दशको अनुकरण गरे ।

यद्यपि कामभोगीले पनि कामभोगमा फसाउनको लागि कम कोशिस त गर्दैन । तर कम से कम बौद्धसंस्कृति निष्क्रमणको अगाडि ऊ सदा पराजित हुन्छ ।

## सुसीम जातक (४११)

वाराणसी राजमाताले आफ्नो छोरालाई हत्थे गरेर बोधिसत्त्व पुरोहितपुत्रसँग विवाह गरिन् । उसलाई नै राजपद पनि दिन लगाइन् । तर पुरोहितपुत्रलाई काम विरक्ति भयो । तब राजमाताले विचार गरिन् 'म वृद्धा भएकी र ऊ तरुण भएकोले सायद उसले सन्तोष मानेन ।' यसरी विचार गरी भनिन् - *'तपाईं पनि वृद्ध हुनुभयो ?'* प्रमाणको रुपमा आफ्नो सेतो फुलेको केश उखालेर *'तपाईंको टाउकोबाट उखेलेको हो'* भनी देखाइन् । तर परिणाम उल्टो भयो । कामको परिताप थाहा पाउने, कामको कारणमा राजपुत्रको राज्याधिकार खोसेर आफू राजपदमा परेको कुरा देखेको बोधिसत्त्वले संवेग प्राप्त गरी *'अहो ! म वृद्ध भएँ, म अब गृहस्थमा बस्नुभएन ।'* भनी बोधिसत्त्वले व्यक्त गरेका मात्र के थिए विचरा राजमाता फेरि रुईरुई भन्न थालिन् - *'मैले असत्य कुरा गरेकी हुँ आर्यपुत्र । त्यो सेतो केश तपाईंको होइन मेरो टाउकोको हो । तपाईं मदेखि टाढिनु भएकोले तपाईं वृद्ध भयो भनी आफूसँग आशक्त*



https://dhamma.digital

*गराउन मैले यसो भनेकी हुँ । मलाई नछोड्नुहोस् ।'* प्रत्युत्तरमा बोधिसत्त्वले जवाफमा - 'तिमीले जुन भन्यौ, त्यो असत्य होइन । त्यो सेतो केश मेरो नभए तापनि त्यस्तो सेतो केश मसँग पछि उम्रेर आउने अवश्य पनि हो ।' भन्दै बोधिसत्त्वले प्रव्रज्याव्रत लिए । त्यसभन्दा पहिले यसरी गाथा उच्चारण गर -

*रज्जुवालम्बीचेसा यागेहे वसतो इति ।*
*एतम्पि छेत्वान वजन्ति धीरा, अनपेक्खिनो कामसुखं पहाय ॥*

गृहवासको कामरति रोगीलाई ओल्टेकोल्टे फेर्नुको लागि बल प्रदान गर्ने डोरीजस्तै हो । धीर पुरुष त्यसलाई पनि चुँडाएर कामसुखलाई फ्यालेर प्रव्रजित हुन्छ ।

## कामको उपमा

अब यहाँ कामको आदीनव विषयमा प्राचीन उपमासहित केही कुरा बुझ्ने कोशिस गर्नेछु ।

१) *अट्ठिकंखलुपमा* :- काम भनेको अल्प स्वार्थयुक्त रगत लागेको हड्डीजस्तै, कंकालजस्तै हो । भोकाएको दुर्बल कुकुर गाई भैंसी मार्ने ठाउँमा जान्छ । त्यहाँ उसले मासु निकालिसकेको हड्डी चपाउँदै अल्परसमा आशक्त भएर बस्दछ । एकातिर उसले आफ्नो दाँतबाट निस्केको रगतको स्वाद पनि हड्डीबाट आएको भनी सम्झिन सक्छ । अर्कोतिर त्यो जतिसुकै चपाए पनि पटक्कै पेट भर्ने होइन । त्यसरी नै काम पनि एकातिर दुःखदायी हो, अर्कोतिर असन्तोषदायी पनि हो । कामको कारणले यस लोकमा पनि परलोकमा पनि धेरै उपद्रव भोग्नुपर्ने हुन्छ ।

२) *मंसपेसूपमा कामा* :- काम भनेको त्यो मासुको टुक्रा हो जसको लागि सबै सबै आफ्नो हातमा पार्नलाई दौडिँदै बस्छन् । सिनु खाने गिद्धले पनि यदि एक्लै खाने कोशिस गरेमा उसको गति राम्रो हुने छैन । एकातिर एउटा पंक्षीले मासुको चोक्टा तान्यो कि उसले सजिलै छोड्ने छैन उता अर्कोले पनि त्यो मासुको चोक्टाको निम्ति पछिपछि आउन छोड्दैन । यसको कारण उनीहरुबीच संघर्ष हुन्छ । संघर्षमा पर्छ कि मार्छ ।

३) *तिणुक्कूपमा कामा* :- काम भनेको बलिरहेको सुकेको घाँसजस्तै हो । बलेको सुकेको घाँस पक्रिराखेको मानिसले हावा लागेको ठाउँमा बसेर पनि उसले घाँसको मुठो छोड्न सकेन भने उसलाई पनि पोल्न सक्छ । कामको



https://dhamma.digital

आगो पनि त्यस्तै हो । उसलाई पक्री नै राख्यो भने त्यसले आफैलाई पोल्दछ ।

४) *अंगारकासूपमा कामा* :- जसरी अति नै दन्किएको आगोको खाल्डोमा हामफाल्न गएमा मर्दछ । काम भनेको दनदन बलेको आगोको खाल्डोजस्तै हो । त्यसरी नै काममा डुब्ने समयमा आगोको खाल्डोमा हामफाल्नुझैँ हो । यसबाट टाढा भए जलनको महशुस हुन्छ भने नगिच ग एभने भष्म गरिदिन्छ । कामले पनि टाढाबाट नै जलन गराउँछ, त्यसैमा डुबिराखेमा आफै डाह हुन्छ, नष्ट हुन्छ ।

५) *सुपिनकूपमा कामा* :- काम भनेको सपनाजस्तै हो । सपनामा मानिसले धेरै राम्राराम्रा देख्दछन् । तर ती यथार्थ केही होइनन्, न त पाइने नै हुन्छ । त्यसैले स्वप्नावस्थामा मात्र स्वल्प सुख दिन्छ । त्यसरी नै मिठो जति खाए पनि धीत मर्दैन, पेट भर्दैन । काम वास्तवमा सपना मात्र हो, अल्पसुख मत्र हो । यथार्थसुख परमसुख होइन भन्ने कुरा कामरागीले बुझ्न सक्दैन ।

६) *याचितकूपमा कामा* :- काम भनेको मागेर राखेको वस्तुजस्तै हो । मागेर राखेको वस्तु सदा आफ्नो हुँदैन । जहिले 'ल्याऊ' भनी माग्छ तब दिनुपर्छ । फेरि कहिले दिनुपर्छ भनेर भन्न पनि सकिँदैन । काम पनि त्योजस्तै तावकालिक मात्र हुन्छ । कालको हातले कहिले खोसेर लिन्छ भनेर भन्न सकिँदैन ।

७) *रुक्खफलूपमा कामा* :- काम फल फलेको रुखजस्तै हो । फलको लागि तेरोमेरो भनी संघर्ष हुन्छ । एकजना फल मन पराउने व्यक्तिले फल फलेको रुख देखेर रुख चढ्यो । रुखमाथि बस्दै उसले फल टिप्दै खाँदै गऱ्यो । त्यहीँ नै अर्को मानिस आइपुग्यो । उसले पनि फल मन परायो । यदि रुखको सारा फल आफ्नो बनाउने विचार गरी उसले रुख काट्यो भने र त्यो पहिलो मानिस पनि फलको रसमा भुलेर 'यो मेरै रुख हो' भनी त्यहीँ नै बसेमा उसको मृत्युसम्म हुन सक्छ । त्यसरी नै कामको निम्ति संघर्षमा मानिसहरु रुखजस्तै ढल्न सक्छन् ।

८) *असिसुनूपमा कामा* :- काम एउटा धारिलो कसाईको छुराजस्तै हो । कसाईको छुराले काटमार मात्र गर्दछ । त्यसरी नै कामवस्तु मात्र हेरिबस्यो भने झगडा गर्दै मानिसहरु चोटपटक लगाउँदै बस्नुपर्छ । यहाँत्यहाँ नभएझैं कसाईको छुराले घोचेर पीडा दिएझैँ बस्नुपर्छ । कामको बाटोमा हिँड्दा धेरै प्रहार खानुपर्छ ।

९) *सतिसुनूपमा कामा* :- काम एउटा चक्कुजस्तै हो । धेरैजसो स-साना घाउहरु चक्कुले गरेझैँ कामले धेरै स-साना दुःख अनेकरुपमा दिने गर्छ ।



https://dhamma.digital

१०) *सप्पसिरुपमा कामा* :- काम सर्पको टाउकोजस्तै हो । सर्पलाई छुनासाथ वा पक्रिनासाथ हामीलाई बेर्दछ । त्यसरी नै कामले पहिला मानिसलाई बेर्ने गर्दछ । सर्पले त्यसपछि विष लगाउन डस्छ । कामले पनि त्यसरी नै पछि आफ्नो विष छोड्छ । यसरी भययुक्त भएकोले काम सर्पको टाउकोजस्तै हो ।

११) *अग्गिक्खन्धूपमा कामा* :- काम भनेको अग्निस्कन्धजस्तै हो । अग्निस्कन्धले ज्यादै ताडनपीडन दिन्छ । कामप्रेमीलाई काम नहुनासाथ दुःख हुन्छ । फेरि भए तापनि आरक्षा गर्ने दुःख हुन्छ । बिग्रने, समाप्त हुने र अरुले लिने धन्दाले उसको चित्तमा सुख हुँदैन । काममा टाँसिएर बस्नुको अर्थ आदि, मध्य र अन्तमा डाह भएर बस्नुपर्छ । त्यसैले नै काम र आगोलाई ज्वालासमान भनिएको हो ।

काम पूर्तिको लागि हावापानी नभनेर, रातदिन नभनेर प्राणीहरुले दुःख पाउँछन् । प्रयत्नपछि प्राप्त काम नभएमा दुःख, भएता पनि दुःख हुन्छ । कामार्थ मानिसले असल आचरणलाई समेत बिगारिदिन्छ । कामवस्तु वा व्यक्ति बदलिँदै जान्छ तर मानिसको काम भने अतृप्त भइरहन्छ । काम तरवारको धारमा टाँसिएको महजस्तै हो । चाट्दा जहाँ स्वाद दिन्छ त्यहीं नै घाउ पारेर आफ्नो रगतको स्वाद पनि दिन्छ । कामको सुख अल्प र क्षणिक हुन्छ । तर दुःखमयी फल विपुल एवं दीर्घकालीन हुन्छ । सुख दुबोको टुप्पामा रहेको शीतको थोपा जस्तै, दुःखको सागरमा परेझैं हुन्छ । तिलगेडाजस्तै सुखको लागि महापृथ्वीजस्तै दुःख भोग्नुपर्छ । 'छैन' भनेको एउटा बोकेर पुगेको ठाउँमा पनि पन्ध्र पाथी धन्दा बोकेर हिँड्नु कामकै कारणले हुन्छ ।

एउटा रूपकमय उदाहरण यहाँ सम्झन योग्य छ ।

एकजना मानिसलाई एउटा जङ्गली हात्तीले लखेट्यो । ऊ मर्न डराएर भाग्यो । भाग्दै जाँदा जङ्गली हात्तीले भेट्छ भनी हतारमा एउटा रुखमा चढ्यो । रुखमाथि एउटा हाँगा पक्रेर झुण्डिएर बस्यो । तर उसले हाँगा पक्रेर झुण्डिएर बसेको तल एउटा कुवा थियो । कुवामा एउटा मुख बाइरहेको अजिङ्गर थियो । विचराले पक्रिएको काँढा भएको रुखको हाँगा पनि दुवैतिर दुईवटा मुसाले काट्दै गरेका - एकातिर सेतो मुसा अर्कोतिर कालो मुसा । उसले पक्रिराखेको रुखको हाँगामाथि सिरानमा मौरी चाका थियो, जसबाट मह टपटप खस्दै थियो । जसबाट झरेको महथोपा उसको मुखमा के परेको थियो ऊ महको स्वाद लिनमा मग्नमस्त भयो । टपटप झरेको मह चाट्दै उसले आफू कहाँ बसेको छ, तल को छ, आफूले पक्रिराखेको काँढादार हाँगा झन्झन् के हुँदै गइरहेको छ भन्ने कुरा उसले बिर्सियो ।



https://dhamma.digital

यस रूपकलाई जङ्गल, संसार, मानिस प्राणी, हात्ती मृत्यु, अजिङ्गर जरा, कालो मुसा रात, सेतो मुसा दिन, काँढादार हाँगा जन्म (जीवन), महरस काम सुखभोगको रुपमा प्रस्तुत गरिएको छ। जसले गर्दा राम्ररी बुझिन्छ कि जीवन के हो, जीवनमा कामभोग भनेको के हो भनेर। संसाररूपी जङ्गलमा बसेका मानिसहरुलाई मृत्युरूपी हात्तीले सधैँ पछ्याइराखेको हुन्छ। मृत्यु देखेर डराउनेहरु वा डराउनुपर्ने मानिसहरु भागेर केही न केही समात्न खोज्छन्, जसले पक्रेको काँढादार हाँगा भइरहन्छ। मानिसहरुले पक्रेको त्यो हाँगा रात र दिनरूपी मुसाले खाएर बिस्तारै टुक्रिँदै जाँदैछ। रातदिन, दिनरात भन्दै मानिसको जीवनको आधार समाप्त हुन्छ। तर त्यसो भए तापनि यस्तो स्थितिमा बसिरहेको मानिसहरुले जाति जरा मरण नदेखेर पञ्चकाममा भुलेर बस्दछन्। जरामरण जीवनमा बाँचेर पनि अलग भएको कामसुख लिने काममा मानिसहरु अनुरक्त भएर बस्दछन्।

यसैले गृहजीवनलाई जेल देख्नु भएर बोधिसत्त्वहरुले नैष्क्रम्यपारमिता पूर्ण गरेका हुन्। *'नन्दति पुत्तेहि पुत्तिमा'* अर्थात् 'गृहस्थहरु छोराछोरीको कारणले प्रसन्न हुन्छन् भन्दा स्वयं बुद्धले जवाफ दिनुभयो - *'सोचति पुत्तेहि पुत्तिमा'* अर्थात् 'छोराछोरीको कारणले शोक हुन्छ। त्यसैले बोधिसत्त्वहरु प्रव्रजित भएर निराकुल र स्वतन्त्र जीवन बिताउनमा प्रयत्नशील हुन्छन्। प्रव्रजित जीवन चराको जीवनजस्तै स्वतन्त्र हुन्छ। मरपरी उडेर मनपरी बस्ने गर्दछ। भमराले फूल नोक्सान नगरी जीवन बिताएझैं प्रव्रजितहरुले कसैलाई पनि हानि नगरी जीवन बिताउँछन्। उनीहरु क्मलको फूलजस्तै हिलोबाट उम्रेर पनि पानीले नछुने गरी फुल्दछ।

अनाथपिण्डिकको छोरी सुभद्राले यस्तै शान्त्र इन्द्रियप्रति प्रसन्न भएर नै प्रव्रजितहरुको साँच्चै राम्ररी प्रशंसा गरेकी हुन्। प्रव्रजित जीवन बादल नभएको निर्मल आकाशजस्तै, जसलाई पनि उपकार गर्ने प्यास मेटिदिने कुवाजस्तै, भनेको फल दिने कल्पवृक्षजस्तै, जोसुकै मानिस आए तापनि भेदभाव नराखी भित्र्याउने सागरजस्तै, जसलाई पनि आव्हान गर्ने राजमुद्राजस्तै, ब्रम्हलोक जाने रथजस्तै र निर्वाणमा पुग्ने बाटोजस्तै हो। प्रव्रजितहरु श्रद्धा, शील, हिरी, ओतप्प, श्रुत, त्याग, प्रज्ञाजस्ता सप्त सत्पुरुषधनमा आनन्दित हुन्छन्। शान्त इन्द्रियले शान्ति लाभ गर्दछन्। अष्टलोक धर्मदेखि मुक्त भएर परमशान्त जीवन बिताउँछन्।

बोधिसत्त्वहरुले कुशलको लागि प्रायः घर छोड्दछन्। त्यसो भन्नाले गृहस्थ जीवनमा बोधिसत्त्वहरु बस्दै बसेनन् भन्ने होइन। उदाहरणको लागि कुस जातक (५३१) मा आफ्नो जहान प्रभावतीको लागि धेरै नै कुस कुमारले दुःख पाए। ज्योतिपाल हुँदा आफ्नो साथी घटिकारलाई कतिसम्म



https://dhamma.digital

*'मुण्डकहरुकहाँ जानुपर्दैन'* भनी भन्ने गर्दथे । दरीमुख जातक (३७८) अनुसार आफू धूलोमा खेल्दादेखिको धूलोसाथी दरीमुखले प्रव्रजित भएर प्रत्येकबुद्ध भएपछि *'कामभोग हिलो हो, गन्दगी हो'* भनेतापनि पहिला त बोधिसत्त्वले जवाफ दिए - *'म कामभोगमा डरलाग्दो रुपमा अल्झिएर बसेँ, टाँसिएर बसेँ, मुर्छित भएर बसेँ । मैले त्यो जीविकाको इच्छा गरिबसेँ तापनि यसलाई छाड्न सकिन । मैले अनेक पुण्य मात्र गर्छु ।'* हो, पछि आफ्नो ज्येष्ठपुत्रलाई राज्य सुम्पेर उनी प्रव्रजित भए ।

तर प्रायः बोधिसत्त्वको जीवनमा जुनसुकै परामिता पूर्ण गर्न पनि उनले प्रव्रजित जीवन लिएको देखिन्छ । साथै यो जीवन बिताउन जस्तोसुकै वियोग वा विरह मान्नु परे तापनि छोराछोरी, श्रीमति छोड्ने, जस्तोसुकै महान् भवभोग सम्पत्तिको लोभ देखाए तापनि वा आए तापनि छोडेकोलाई नैष्क्रम्यपारमिता भनिन्छ । फेरि अंग आरक्षासम्म वास्ता नराखी अथवा अङ्गप्रत्यङ्गको मायामोह नै नराखी बोधिसत्त्वहरु प्रव्रजित हुनेहरुलाई नैष्क्रम्य उपपारमिता भनिन्छ । काम छोडी जीवन बिताउन गाह्रो भएर जीवनको मायासमेत नराखी कामवस्तुदेखि अलग बस्ने वा जीवनको मायासमेत आफ्नो निष्क्रमण प्रतिज्ञा नसुनाउने बोधिसत्त्वहरुको नैष्क्रम्यलाई नैष्क्रम्य परमत्थपारमिता भनिन्छ ।

यी कुराहरुका उदाहरणको रुपमा यहाँ केही बोधिसत्त्वको नैष्क्रम्यपारमिता सम्बन्धी चरित्रको उल्लेख गरिने छ ।

## युधञ्जय जातक (४६०)

युधञ्जय राजकुमारको सम्पत्ति अल्याख छ, यश अपरिमित छ । एकदिन बगैंचामा घुम्न जाँदा रुखको पातमा र माकुराको जालोमा शीतको थोपा परेको देखे । त्यस शीतको थोपालाई हेर्न जाँदा अघि देखिएको शीतथोपा देखेनन् । त्यसरी नाश हुने शीतको थोपाबोरे विचार गर्दै संवेग प्राप्त गरे । तब त्यसलाई नै प्रधाननिमित्त बनाएर संवेग वृद्धि गर्दै आमाबाबुसँग प्रव्रजित हुने वचन मागे । आमाले गृहस्थमा किन नबस्ने भनी सोध्नासाथ राजकुमारले यसरी जवाफ दिए :-

*उस्सावो व तिणग्गहि, सुरियस्स उग्गमन पति ।*
*एवं आयु मनुस्सानं, मा मं अम्म निवारये ।।*



https://dhamma.digital

सूर्योदय हुनासाथ जसरी घाँसको टुप्पामा रहेको शीतविन्दुको आयु हो, त्यसैगरी मानिसको आयु पनि हो । आमा त्यसैले मलाई नरोक ।

त्यसपछि निगम र राष्ट्रका नै सारा मानिसहरु आएर कराउन आए । आमाबाबुले पनि भने - *'बाबु, आज नै यो उन्नत, स्थीत महापृथ्वीलाई नै सम्हाल ।'* तर यी आग्रहको कुनै प्रभाव बोधिसत्त्वलाई परेन । राजा, रानी, निगम र राष्ट्रका सारा मानिसहरुले एउटै स्वरमा करुणायुक्त शब्दले विलाप गरे तापनि राजकुमार अपेक्षारहित हुनु भएर प्रव्रजित भए । सम्पूर्ण पृथ्वीको राज्य, जाति, परिवार र यशलाई बोधिको लागि कुनै परवाह नराखी त्याग गरिदिए । बोधिसत्त्वको नै शब्दमा -

*मतापिता न मे दस्सा, न पि देस्सं महायसं ।*
*सब्बञ्ञुतम्पियं मय्हं, तस्मा रज्जं परिच्चजिन्ति ।।*

मलाई आमाबाबु मन नपरेको होइन, न त मलाई महायश नै मन पर्दैन । तर मलाई सबैभन्दा सर्वज्ञता नै मन पर्छ । त्यसैले मैले राज्य त्याग गरेको हुँ ।

बोधिसत्त्वहरुको यो नैष्क्रम्य कामभोग जित्नुको लागि हो । कामभोग अंगालो मारेर बस्नुमा नैष्क्रम्यको कुनै मूल्य पनि छैन । यो कुरा हामीले अर्को उदाहरणबाट पनि जान्न सक्दछौं ।

## सोमनस्स जातक (५०५)

इन्द्रप्रस्थ नगरमा राजकुमार सोमनस्स कुमारको जन्म भयो । एकजना ऋषिप्रव्रजित त्यही राज्यमा भिक्षाटन गर्न आए । राजाले त्यस ऋषिप्रति अति श्रद्धा राखेर आफ्नो बगैंचामा नै राखिराखे । तर ती ऋषि बगैंचामा फूल रोपेर, तरकारी रोपेर लाभको मार्गमा हिंड्न थाले । एकदिन राजा सीमान्त प्रदेशमा विद्रोह दमन गर्न गए । तर जानुअघि राजाले आफ्नो छोरा सोमनस्स कुमारलाई जटाधारी तपस्वीको राम्ररी सेवा उपस्थान गर्ने काम दिइराखे । राजकुमारले तपस्वीको चाल देख्दा विचार गरे *'यो तपस्वी चामल नभएको धानजस्तै हो । सार नभएको केराजस्तै हो ।'* त्यसैले उसलाई सुहाउँदो राजकुमारले भने - 'गृहपति, सञ्चै त छौ होइन ? तिम्रो लागि केही पठाइदिऊँ ?' यो कुरा सुनेर तपस्वी रिसाएर भन्यो - *'राजकुमारलाई बाँकी राख्ने छैन भनी विचार गऱ्यो ।'*



https://dhamma.digital

राजा सीमान्त प्रदेशको विप्लव शान्त गरी फर्किएर तपस्वीकहाँ गए । तपस्वीले अनेक प्रकारले राजकुमारले आफूलाई अपमान गरेको कुरा बताए र राजालाई रिसले अन्धो बनाइदिए । यही अन्धो रिसमा राजाले राजकुमारलाई पक्रन मानिस पठाउँदा, मार्नुअघि राजाको अगाडि लान भने । फेरि राजाको अगाडि राजकुमारले ऋषि भोगी र संग्रही भएर बसेको कारणले 'गृहस्थी' भन्ने कुरा बताए । साथै प्रमाणको रुपमा लेनदेन गरेको मानिसहरु पनि अगाडि राखिदिए । राजाले आफ्नो छोराप्रतिको रिस मारे ऋषिप्रति रिस खन्याए । तर बोधिसत्त्व सोमनस्स कुमारले ऋषिको प्राण पनि बचाइदिए । राजा खुशी हुँदै बोधिसत्त्वलाई राज्य नै सुम्पिदिए । तर बोधिसत्त्वले साँच्चैकै नैष्क्रम्य देखाउन तथा नैष्क्रम्यको महत्त्व परिषद्को बीचमा प्रकाश पार्न प्रव्रजित जीवन अपनाए । उनले प्रव्रज्या जीवन लिन जाने उद्देश्यको बारेमा यसरी भने -

*न मे देस्सं महारज्जं, कामभोगो न देस्सियो ।*
*सब्बञ्ञूतम्पियं मय्हं, तस्पा रज्जं परिच्चगिन्ति ॥*

न त महाराज मलाई राज्य मन पर्दैनथ्यो, न त मलाई कामभोग नै अप्रिय छ । तर बढी सर्वज्ञता मलाई मन पर्छ । त्यसैले मैले राज्य त्याग गरेँ ।

सर्वज्ञता ज्ञान, जन्म, जरा व्याधि र मरणमुक्तिको ज्ञान हो । त्यसैले नै अभिनिष्क्रमणमा यसले प्रेरणा प्राप्त हुने पनि स्वभाविक हो ।

## अयोधर जातक (५१०)

काशी नरेशले आफ्नो छोरा बोधिसत्त्व अयोधर कुमारलाई यक्षिणीबाट बचाउँछु भनी सोह्र वर्षसम्म फलामेघरभित्र राखी हुर्काए । सोह्र वर्षको तन्नेरी भइसकेपछि फलामेघरबाट बाहिर निकालेर देश घुमाउन लगे । राजकुमारले अत्यन्त आश्चर्यले सोधे - 'सोह्रवर्षसम्म मलाई किन यस्तो नगर नदेखाई अँध्यारोमा राखियो ?' तब उनलाई यथार्थ सबै कुरा बताइयो - राक्षसनीबाट बचाउन नै राजाले यसो गरे । तर तुरुन्त राजकुमारको विचार आयो - 'त्यसो हो भने के अब म मर्नुपर्दैन त ?' जब राजाले उनलाई राज्य सम्भाल भने । राजकुमारले जवाफ दिए - 'संसारमा जति पनि मानिस छन्, दाजुभाइसँग आरक्षाविना नै अगाडी बढ्छन् । तर म त्यहाँ बढेँ, जहाँ चन्द्रसूर्यको प्रकाश नै छैन । आमाको पेटमा दश महिना बन्धनमा बसेँ । सोह्र वर्षपछि फलामको बन्धनगृहमा बसेँ । यदि मैले यसप्रकार भयानक दुःखभोग गरिसक्दा पनि



https://dhamma.digital

राज्यको सुखमा आनन्दित भएमा म पापीहरुमध्ये मुख्य पापी नै हुनेछु । मृत्युलाई योद्धाले जित्न सक्दैन । चतुरङ्गी सेनाले पनि मृत्युलाई पराजित गर्न सक्दैन । एकदिन सबै त्यसरी नै च्यूत हुनेछन्, जसरी रुखमा फलेको फल खसेर जान्छ । मलाई शरीरको माया छैन, राज्य पनि चाहिएको छैन । मैले शान्ति खोज्छु, जहाँ मलाई मृत्युले ढाल्न सक्दैन ।' यसरी जवाफ दिएर बोधिसत्त्व अयोधरले रोइरहेका जनपरिषद्लाई छोडे । फेरि उनी हात्ती बन्धन मुक्त भएझैं मुक्त भएर जङ्गलमा गए । पछि आमाबाबु र परिषद्हरु पनि प्रव्रजित हुन गए ।

कामभोग प्रव्रजितहरुलाई मन पर्दैन । पछि प्रव्रजितहरुको आँखामा कामभोग भनेको नै सरापजस्तै हुन्छ ।

## भिस जातक (४८८)

बोधिसत्त्व काशीको श्रेष्ठ नगरमा जन्म लिए । उनको सातजना भाइहरु र बहिनी एउटी पनि भए । बोधिसत्त्वलाई गृहबन्धनमा राख्न धेरै कोशिस गरियो तर राख्न सकिएन । उनले संसारलाई ठूलो बन्धनगारजस्तै ठाने । आमाबाबुहरुले पठाएका मानिसहरुलाई बोधिसत्त्वको जवाफ हो - 'गृहस्थजीवन सुखदायक भनेको कुरा त्यसै हो । मलाई त त्यो धेरै तातिएको फलामपाताजस्तो लाग्छ ।'

बोधिसत्त्वले गृहत्याग गरिसक्नासाथ आठजना भाइबहिनीहरुले पनि गृहत्याग गरे । दासदासीहरुले पनि त्याग गरे । सबैजना सजिलै प्रव्रजितजीवन बिताइ बसे । उनीहरु फलफूल खोज्न जाँदा वा अन्य काम गर्न जाँदा सँगसँगै जाने गर्दथे । जसले गर्दा हुलमूल हुन्थ्यो । एकदिन बोधिसत्त्व महाअञ्जनले भने - 'अस्सीकोटी धनसम्पत्ति छाडेर आएर यो फलफूलको लागि हामी लोभी भएर बस्न सुहाउँदैन । म फलफूल खोजी ल्याउँछु, तिमीहरु यहाँ आफ्नो गुणधर्म पालन गरी बस ।' यो कुरा सुनेर उनले पाए ऊ जाने, उनले पाए ऊ जाने भन्न थाले । अन्तमा आठजना भाइबहिनीहरु फलफूल खोज्न पालैपालो जाने निर्णय भयो । पछि प्राप्त भएको फलफूल ल्याएर एकठाउँमा भाग राखेर आफ्नो भाग लिएर कूटी वा गुफामा बस्न जाने गर्न थाले ।

इन्द्रले बोधिसत्त्वको यो अभिनिष्क्रमणको परीक्षा गर्न तीन दिनसम्म बोधिसत्त्वको 'भिस' भाग लुकाइदिए । दुई दिनसम्म त 'भाग राख्न बिर्सियो होला' भनी उनको विचार भयो । तर तीन दिनको दिन विचार आयो *'कतै मेरो तर्फबाट कुनै दोष त भएन ?'* यसरी विचार गरेर सबैलाई बोलाएर सोध्न थाले । सबैले बोधिसत्त्वलाई भने *'हामीहरुले सधैं त्यति नै भाग राखेका हौं ।'*



https://dhamma.digital

तब भिस' चोरेर लगेको वा खाएको भन्ने निर्णय हुनासाथ क्षुब्ध ऋषि उपकञ्चनले भने -

*अस्सं गवं रजतं जातरूपं, भरियञ्च सो इव लभतं मनापं ।*
*पुत्तेहि दारेहि ससंगि हेतु, भिसानि तं ब्राह्मण यो अहोसि ॥*

हे ब्राम्हण, जसले तिम्रो भिस भाग लियो उसलाई हात्ती, घोडा, सुनचाँदी र राम्री भार्या प्राप्त होस् । उसको छोराछोरी पनि होस् ।

यो कुरा सुनेर अन्य ऋषिहरुले कानमा हात राखेर भने -*'मारिष, त्यसो नभन, त्यसो नभन । तिम्रो शराप साह्रै नै ठूलो छ ।'* त्यसरी नै कसैले भने - 'जसले आचार्य महाकञ्चनको भिस भाग लियो, उसलाई राज्य प्राप्त होस् ।' कसैले भन्यो - 'ऊ सारा वेद जान्ने होस्, फेरि वेद पढाउने तपस्वी होस् । उसलाई मान र लाभ सत्कार धेरै होस् ।'

यसरी सबैले कामभोगमा विरक्ति देखाउनासाथ इन्द्र आएर भने - *'मैले नै यो भिसभाग लुकाएको हुँ ।'* फेरि उसले सोध्यो -*'लोकमा जुन खोज्दै मानिसहरु घुम्दैघुम्दै हिँडिरहन्छन्, जुन मानिसहरुलाइ मन पर्छ, राम्रो मनमा गड्छ । ऋषिगण तिमीहरुले किन त्यो कामभोगको प्रशंसा गरेनौं ?'*

यसको जवाफमा बोधिसत्त्वले दुईवटा गाथा उच्चारण गरे -

*कामेसु वे हञ्ञेर वज्झरे च, कामेसु दक्खञ्च भयञ्च जातं ।*
*कामेसु भूताधिपति पमत्ता, पापानि कम्मानि करोन्ति मोहा ॥*
*तं दापधम्मा पसवेत्वा पाप, कायस्स भेदा निरयं वजन्ति ।*
*आदीनवं कामगुणेसु दिस्वा, तस्मा इसयो नप्पससंति कामे ॥*

कामभोगको कारणमा नै मानिसहरु मारिएर बस्छन् । बाँधेर र थुनिएर बस्छन् । कामभोगमा दुःख र भय छ । हे शक्र, कामभोगमा मत्त मानिसहरुले मोहको कारणमा पापकर्म गर्छन् । ती पापीहरु पापकर्म गरिसकेपछि मरेर नर्क जान्छन् । ऋषिगणहरुले यही नै कामभोगको दुष्परिणाम देख्छन्, त्यसैले नै उनीहरुले कामभोगको प्रशंसा नगरेका हुन् ।



https://dhamma.digital

# प्रज्ञा पारमिता

प्रज्ञाको साधारण अर्थ राम्ररी जान्नु हो । साथै राम्ररी भन्नुको अभिप्राय हुन्छ लोकुत्तररूपमा । त्यसैले नै संज्ञा, विज्ञान र प्रज्ञाको काम थाहा पाउनु अर्थ उस्तै उस्तै भएता पनि यसको बीच वास्तवमा ठूलो भेद छ । संज्ञाले रातो हरियो आलम्बन मात्र जान्न सक्दछ । संज्ञा अनित्य, दुःख र अनात्म लक्षण प्रतिवेधसम्ममा पुग्न सक्दैन । उता अनित्य, दुःख र अनात्म सारा नाम धर्मको लागि त्यसैअनुसार सामान्य लक्षण अनुरुप भइरहने हुन्छ । आलम्बनतिर झुकेर जाने नाम, शीतोष्णको कारणले विनाश हुने रूपको विशेषता लक्षण स्वाभाविक हो । यही नै लक्षणको प्रतिवेधसम्म संज्ञा पुग्न नसक्ने हुन्छ । साथै विज्ञानले रातो हरियो आलम्बन पनि थाहा पाउँछ र लक्षणको प्रतिवेधसम्म पुग्न सक्छ तर त्यसो भए पनि विज्ञान प्रयत्न गरी मार्ग पाउन सक्दैन । प्रज्ञा मात्र नै आलम्बनलाई थाहा पाउँदछ, लक्षण प्रतिवेध गर्दछ । साथै कोशिस गरी मार्गको प्रादुर्भाव अवस्थासम्म पनि प्रज्ञा पुग्न सक्छ ।

प्राणीहरुको आँखाले संसारको वस्तु वा प्राणीहरु देख्दछ, कानले शब्द सुन्दछ, नाकले गन्ध सुँघ्दछ, जिब्रोले रस लिन्छ, शरीरले स्पर्श गर्छ- यति थाहा पाउँदछ । नयाँ देखेको वा सुनेकोलाई पहिले देखेको वा सुनेकोसँग तुलना गरी उस्तै हो भनी सम्झिन्छ । वस्तु देख्नासाथ नाम थाहा पाउँदछ । पानीले भिजेको देख्नासाथ भिजेको भनी जान्दछ । शत्रु देख्नासाथ आफन्तहरु होइनन् भनी भन्दछ । तर यी सारा ज्ञान लौकिक हुन् । पशुहरुमा पनि यसरी जानेर लिने क्षमता छ । त्यसैले यो ज्ञान हुँदैमा प्रज्ञा भएको भनिँदैन । अल्पज्ञान भएको मानिस साँढेजस्तै ठूलो हुन्छ । उसको शरीर त वृद्धि हुन्छ तर प्रज्ञा वृद्धि हुँदैन भनी धम्मपद (१५२) मा भनिएको उक्तिले पनि प्रज्ञाको यो विशिष्ट भाव देखाउँछ । जसलाई जानेर लिनुपर्ने वस्तुनिष्ठ कुरामा भित्र पनि बाहिर पनि राम्ररी जानेर लिनु नै प्रज्ञा हो । यसको पूर्ण व्याख्या प्रज्ञाको प्रभेदले मात्र पूर्ण हुन्छ । जसको चर्चा प्रतिसम्भिदामार्गमा र अभिधर्मको विभङ्ग नामक 'प्रज्ञाभेद' मा विस्तृत वर्णन गरिएको छ ।

यो पुण्य, यो पाप, यो दुःख, यो दुःखको कारण हेतु यो सिद्ध भएको यसको कारणले, यसो भएमा दुःख असिद्ध हुन्छ भनी जानेर लिनुलाई नै प्रज्ञा भनिन्छ । स्कन्ध, धातु र आयतन आदि गम्भीर धातु जानेर लिनुलाई पनि प्रज्ञा भनिन्छ । भगवान् बुद्धले यही एउटै आलम्बनमा विद्यमान हुने अरूपी चित्त चेतसिक धर्मलाई अलग गर्नु भएर यो स्पर्श हो, यो वेदना हो, यो प्रज्ञा हो, यो संज्ञा हो, यो चेतना हो भनी आज्ञा गर्नुभएको उपदेशप्रति नै मिलिन्द



https://dhamma.digital

प्रश्नअनुसार नागसेन भन्तेले *'बुद्धले गाह्रो काम गर्नुभयो'* भनी मिलिन्द राजालाई भन्नु भएको थियो । फेरि राजा मिलिन्दले नै 'विज्ञान, प्रज्ञा र जीव यी तीन शब्द र अर्थ दुबै अलगअलग हुन् कि एउटै अर्थको भिन्नभिन्न नाउँ हुन्' भनी सोधेको जवाफमा नागसेन भन्तेले भन्नुभयो *'थाहा पाउने, विज्ञानको काम हो, सम्यक्रूपमा बुझ्नु प्रज्ञाको काम हो र जीव भनेको कुनै चीज नै छैन ।'*

पञ्ञा (प्रज्ञा) शब्दको 'प' पूर्व 'ञा' धातुले सिद्ध भएको छ । विशेष रूपले थाहा पाउनु, देख्नुलाई नै प्रज्ञा भनिन्छ । प्रज्ञा आफूलाई चाहिने तीन सम्बोधिमध्ये एउटा सम्बोधिको पार तारिदिने भएकोले प्रज्ञापारमिता भनिएको हो । ज्ञानले गर्दा नै नैष्क्रम्य पाइने हुन्छ । ज्ञानले देखेर लाभ भएको नैष्क्रम्य, त्यस ज्ञानले पाएको वीर्य महत्फल भएको हुनाले प्रज्ञा सप्ततिंस बोधिपक्षिय धर्ममा परीक्षा गर्ने पाँचौ. धर्मविचय संग्रहमा बीचमा पारी धर्मदेशना गरिएको छ । प्रज्ञा अविद्याले देख्न नसक्ने पाँच बलमध्ये एउटा बल हो । प्रज्ञाबलले नै अविद्या अन्धकार सबै नष्ट गर्ने हुनाले त्यो प्रधान भएको हो । आर्य अष्टाङ्गिक मार्गमा प्रज्ञा अन्तिम र मूल कारण भएको छ । शासनमा शील प्रारम्भ हो भने प्रज्ञा अन्तिम हो । प्रज्ञा मध्यम प्रतिपदा हुनलाई चित्त नरम बनाइदिन्छ । सबै भवदेखि पार हुनलाई मद्दत गर्छ । मिथ्यादृष्टिरूपी मयल पखालिदिन्छ । क्लेश नाश गर्न स्वयं हेतु बनिदिन्छ । साथै अर्हत फल लाभ गर्न एउटा कारण बन्छ । त्यसैले नै सूर्यलोक, चन्द्रालोक र अन्य आलोकभन्दा प्रज्ञालोक श्रेष्ठ हुन्छ । सूर्यलोक यस जीवनलाई नभई हुँदैन तर पनि त्यो जहाँ पनि र जहिले पनि पाईंदैन । प्रज्ञालोक जहाँ पनि र जहिले पनि प्राप्त हुन्छ । अझ प्रज्ञालोकले अभिज्ञा उत्पत्ति गरी दश लोक पनि प्रकाशित गर्न सक्दछ । तीनै आलोकले अन्धकार नाश गरिदिन्छ तर अविद्याको अन्धकार हटाउन सकिँदैन । अविद्यान्धकार त प्रज्ञाले मात्र हटाउन सकिन्छ । इच्छा गरेको सिद्ध गर्नलाई टेवा भएकोले प्रज्ञालाई विमंसिद्धिपाद पनि भनिन्छ ।

## प्रज्ञा पारमिताको लक्षण

धर्मको यथार्थ स्वभाव जानेर लिनु प्रज्ञाको सामान्य लक्षण हो । कुशल धनुषकारले यताउता नलगाई लक्ष्यमा लाग्ने गरी वाणले हिर्काएझैं लक्ष्यलाई राम्ररी आवश्यक स्थानमा आवश्यकता अनुसार प्राप्त गर्नु पनि यसको लक्षण हो । बत्ती बल्दा बत्तीको प्रकाशले अन्धकार नाश गरिपठाएझैं धर्मको स्वभाव आरम्मण छोपिराखेको मोहको अन्धकार नाश गर्न प्रकाश गर्नु यसको रस (



https://dhamma.digital

कृत्य) हो । जङ्गलमा जाँदा राम्ररी बाटो जान्ने व्यक्तिको बाटो नबिराएझैं नभुल्ने अथवा असमोह नै यसको प्रत्युप्रस्थान हो । समाधियुक्त एकाग्रचित्त अर्थात् चार आर्यसत्य नै पदस्थान हो । प्रज्ञायुक्त बोधिसत्वले कारणलाई यथार्थ बोध गरिलिन्छ । जति बुझ्नुपर्ने हो, त्यति बुझेर लिन्छ । मूढ र चञ्चल इन्द्रियले धर्मको हानि गर्दछ । एकाग्र र ज्ञानयुक्त चित्तले नै धर्मको अभिवृद्धि हुन्छ । प्रज्ञारूपी बत्ती बाल्न समाधि सलेदोजस्तै हो ।

## प्रज्ञा विभाजन

प्रज्ञालाई विभिन्नरूपले विभाजित गरी हामीले अध्ययन गर्न सक्दछौं । विशुद्धिमार्गमा यसको राम्ररी व्याख्या भएको छ । सात काम सुगति, सोह्र ब्रम्हलोक, चार अरूप ब्रम्हलोकसम्म पुऱ्याइदिने लौकिकमार्गयुक्त लौकिकप्रज्ञा र जन्ममरणदेखि मुक्त निर्वाण प्राप्त हुने अलौकिकमार्गयुक्त अलौकिकप्रज्ञा भनी आश्रव नभएको अनाश्रव प्रज्ञा भनी, चार अरूप स्कन्धको व्यवस्थापन भएको रूप व्यवस्थापन प्रज्ञा यी दुईदुई प्रकारले विभाजित छन् ।

त्यसैगरी प्रज्ञालाई तीनतीन प्रकारले परित्त आलम्बनको प्रज्ञा, रूपावचर र अरूपावचरप्रति प्रवर्तित अप्रमाण आलम्बनप्रज्ञा भनी, तीन प्रकारका प्रज्ञा छन् । त्यसैगरी आय, अपाय र उपाय कौशल्यप्रज्ञा पनि तीन प्रकारका प्रज्ञा छन् । आयको अर्थ उन्नति वा अभिवृद्धि हो । नराम्रो नबनाउने उन्नति, राम्रो बनाउने उन्नति अनुसार दुई प्रकारका आय प्रज्ञा छन् । उत्पन्न नभएको अकुशल धर्म उत्पन्न नगर्ने, उत्पन्न भएको अकुशलधर्म प्रहाण गर्ने, उत्पन्न नभएको कुशलधर्म उत्पन्न गर्ने, उत्पन्न भएको कुशलधर्म बृद्धि गर्ने, भावना परिपूर्ण गर्ने राम्ररी जानेको अमोह, धर्मविचय र सम्यक्दृष्टि नै आय कौशल्य हो । हानि परिहानि हुने नराम्रो राम्रो भएर आउनेको दक्षज्ञानलाई अपाय कौशल्य भनिन्छ । जुनसुकैमा पनि बीचको ज्ञानलाई वा जहाँ पनि त्यसत्यस कुराको सिद्धि त्यस समयमा उत्पन्न हुने स्थानोचित कौशल्यलाई उपाय कौशल्य ज्ञान भनिन्छ । अकस्मात् आईपर्ने आपद्विपद् वा विघ्नवाधाले राम्ररी मुक्त हुन समयोचित ज्ञान र त्यस्तै स्थानोचित ज्ञान सबैमा बनाउनुपर्छ । फेरि आफ्नो शक्तिअनुसारले यस ज्ञानको प्रयोग गर्नु पनि पर्छ । आफ्नो स्कन्धलाई लिएर प्रारम्भ गरिएको विपश्यनाप्रज्ञा अध्यात्म अभिनिवेशको प्रज्ञा, अरुको स्कन्धलाई वा बाहिरी रुख, पर्वत, फलामजस्ता अन्इन्द्रियबद्ध रूपलाई लिएर प्रारम्भ गरिएको बाह्य अभिनिवेशको प्रज्ञा, साथै दुबैको स्कन्धलाई लिएर प्रारम्भ भएको अध्यात्म बाह्य अभिनिवेशको प्रज्ञा भनी तीन प्रकारका प्रज्ञा विभाजन गरिएको छ । तर यहाँ प्रज्ञाको विषयमा धेरैजसो तीन प्रकारका



https://dhamma.digital

विभाजन गरिएको र बुझ्न पनि सजिलो चिन्तनमयप्रज्ञा, श्रुतमयप्रज्ञा र भावनामयप्रज्ञा विषयमा अलिक संक्षिप्त चर्चा गरिनेछ।

दृश्यलाई भन्दा अदृश्यलाई सामिप्यमा ल्याउन सहज तुल्याई दिनुलाई चिन्तमयप्रज्ञा भन्दछ। बोधिसत्व सुमेधले तातो छ भने चिसो पनि अवश्य हुनुपर्छ, राग द्वेष र मोहको ताप हुन्छ भने यसबाट अलग शान्त अवस्था पनि अवश्य हुनुपर्छ भनी थाहा पाए। अरुसँग नसोधिकन तर्कानुकूल अथवा आफ्नो चिन्तनले आफैले प्राप्त गर्ने प्रज्ञा भएकोले यसलाई चिन्तनमयप्रज्ञा भनिन्छ। आफ्नो आफ्नो क्रमानुसार उत्पत्तिदेखि जोसुकैसँग पनि केही प्रमाण अनुसार ज्ञान रहन्छ, त्यसलाई प्रतिसन्धिप्रज्ञा वा जातिप्रज्ञा भनिन्छ। पहिलेको कर्मफलले लाभ भएको प्रतिसन्धिज्ञान भएको अलोभ, अदोष र अमोह तीनै ज्ञान भएकोलाई त्रिहेतुक प्रतिसन्धि भनिन्छ। त्रिहेतुक प्रतिसन्धि भएको व्यक्ति भाषा सिकेर, पढेर, मार्गफल लाभ गर्नुमा योग्य व्यक्ति हुन्छ। कल्पना गरी उत्पत्ति भएको प्रज्ञालाई उत्पत्ति लाभ भएको प्रज्ञा विशेष लाभप्रद हुन्छ। प्रतिसन्धिप्रज्ञा तीक्ष्ण उन्नत्ति गर्न चिन्तनमयप्रज्ञाले विशेष टेवा पुऱ्याउँछ। कल्पना गरी आफूले स्वीकार गरेको प्रज्ञा शिलालेखजस्तै स्थिर हुन्छ। बोधिसत्व सुमेधले जुन 'चिन्तनमय अजरामरण प्रज्ञा' प्राप्त गरे त्यो यस्तै स्थिर प्रज्ञा हो। बोधिसत्व महोषधले जुन आश्चर्यकारक विद्युतीकरण आविष्कार गरे, विज्ञानको जुन अनेक आविष्कार गरे, ती सारा चिन्तनमयप्रज्ञाको फल हुन्।

श्रुतमय प्रज्ञाको शब्दार्थले यसको अर्थमा सुनेर प्राप्त गरेको प्रज्ञातिर संकेत गर्दछ वा प्रश्नोत्तर गरी, विज्ञजनसितको संगतले त्यस्तै किताब पढेर प्राप्त गरेको प्रज्ञालाई नै श्रुतमयप्रज्ञा भनिन्छ। श्रोतापत्ति हुनलाई पनि अरुसँग सोधिएको प्रज्ञा उपकारक हुनसक्छ। प्रज्ञामा सबैभन्दा अग्र हुनुभएको सारिपुत्र भन्तेलाई समेत अस्सजित भन्तेको कुरा सुनेर श्रोतापत्तित्व प्राप्त भयो। यसले स्पष्ट गर्दछ कि महान् प्रज्ञावानलाई पनि प्रज्ञारूपी बत्ती बाल्नको निमित्त जरुरत पर्दछ। साथै यो निमित्त सुनेर पनि प्राप्त हुनसक्ने हुन्छ। अर्को कुरा श्रुतमयप्रज्ञा गल्ति हुनसक्दछ, दृष्टिदोषयुक्त हुनसक्छ। तर साँच्चै कै कल्याणमित्र वा गुरुको उपदेशले गल्ति नहुने गरी ज्ञान प्राप्त हुन्छ।

समथ विपश्यना भावनाले उत्पत्ति हुने प्रज्ञालाई भावनामयप्रज्ञा भनिन्छ। नाम र रूपलाई अनित्य, दुःख र अनात्म अनुसार देखेर राग, द्वेष र मोहदेखि अलग हुने प्रज्ञा नै भावनामयप्रज्ञा हो। पहिले गएको दुबै प्रज्ञा बुद्धधर्म वा बुद्धशासनबाट बाहिर पनि लाभ गर्न सकिन्छ। तर भावनामयप्रज्ञा बुद्धशासनभित्र मात्र सम्भव छ। प्रथमध्यान आदि प्राप्त गरेर पनि अनित्य, दुःख र अनात्म त्रिलक्षण देखेर विपश्यना वृद्धि गरी निर्वाणोन्मुखी अवस्थामा पुग्दा मात्र भावनामयप्रज्ञा पूर्ण हुनसक्छ। यही प्रज्ञा वृद्धि गरी श्रोतापत्ति आदि मार्गमा



https://dhamma.digital

पुग्नका लागि उत्साह गर्नाले निर्वाण लाभ हुन्छ । त्यसैले पारमिता गुणधर्म पालन गरेर बोधिसत्वले बुद्धत्व लाभ गरिलिने इच्छा भएको कारणले प्रज्ञा तुरुन्त निर्वाणोन्मुख नगरी बोधिज्ञान उन्मुख गरे ।

चिन्तनमय, श्रुतमय र भावनामयप्रज्ञा मध्ये भावनामयप्रज्ञा नै श्रेष्ठ छ । पहिलो दुबै प्रज्ञाको लोकुत्तरत्व नै लक्ष्य भएता पनि भावनामयप्रज्ञा नपुगेसम्म स्वरूपको दृष्टिले लौकिकप्रज्ञा नै सिद्ध हुन्छ । त्यसरी नै प्रज्ञा अष्टाङ्गिकमार्गमा सम्यक्दृष्टि र सम्यक्संकल्प समावेश हुन्छ । सम्यक्दृष्टिले नै चार आर्यसत्यलाई यथार्थरूपले देख्दछ । जन्म, बुद्धत्व, रोग र मृत्युको दुःख, मन नपर्नेसँग मिलन हुने र मनपर्नेसँग विछोडिने दुःख, इच्छा गरेको पूरा नहुने र संक्षिप्तमा पञ्चस्कन्ध शरीर नै दुःख देख्नुलाई दुःखसत्य देख्नु भनिन्छ । पञ्चकाम विषयमा लालसा, कामतृष्णालाई, रूपब्रम्ह र अरूपब्रम्हलोकको नित्यताको अति नै गहिरो आशक्तिको भवतृष्णालाई र कर्मफलको अविश्वास उच्छेदवादको विभवतृष्णालाई दुःख समुदयसत्य भनिन्छ । यिनै तृष्णादेखि सम्पूर्णरूपमा वैराग्य भएर तृष्णाको निरोध, परित्याग हुनु दुःख निरोधसत्य हो र दुःख निरोधगामिनी प्रतिपदामार्गसत्य नै अष्टाङ्गिकमार्ग हो ।

प्रज्ञालाई आर्यसत्य र प्रतिसम्भिदा अनुसार चार प्रकारले पनि विभाजन गरिन्छ । दुःख सत्यप्रति प्रवर्तित दुःखसत्यको ज्ञान, दुःख समुदयप्रति प्रवर्तित दुःख समुदयसत्यको ज्ञान, दुःख निरोधप्रति प्रवर्तित दुःख निरोधसत्यको ज्ञान र दुःख निरोधगामिनी प्रतिपदाप्रति दुःख निरोधगामिनी प्रतिपदासत्यको ज्ञान नै चार आर्यसत्यज्ञान हो । अर्थमा ज्ञान अर्थप्रतिसम्भिदा, धर्मको ज्ञान धर्म-प्रतिसम्भिदा धर्मको निरुक्ति भन्ने सक्ने ज्ञान निरुक्ति-प्रतिसम्भिदा ज्ञानमा पनि ज्ञानप्रतिभान-प्रतिसम्भिदा नै प्रतिसम्भिदाअनुसार चार प्रकारकाप्रज्ञा छन् । प्रतिसम्भिदायुक्त प्रज्ञाले चित्त स्थिर गर्न सकिन्छ । वास्तवमा -धम्मपद (३६) अनुसार) जसको चित्त अवस्थित छैन, जसले सद्धर्मलाई जानेको छैन फेरि जसको मनको शान्ति विनष्ट भइसकेको छ उसको प्रज्ञा पूर्ण नै हुन सक्दैन भनी भनिन्छ ।

स्थिरचित्तको प्रज्ञाले नै प्रज्ञाको स्तर उचाल्न सक्छ । तर बोधिसत्वहरुले प्रतिपदाज्ञान दर्शनविशुद्धिदेखि विपश्यनाज्ञानमा रोक्दछन् । कारण यसो नगर्नाले केही भएर भावना गऱ्यो भने श्रोतापत्ति लाभ हुन्छ र भविष्यमा बुद्धत्वमा पुग्न सकिँदैन । वर्तमान भवमा मार्गफल लाभ अथवा निर्वाण प्राप्त गर्ने आशा नगरी बोधिसत्व, प्रत्येकबोधिसत्व, श्रावकबोधिसत्वहरुले विपश्यना गर्दछन् ।

पूर्ण ज्ञानले नै प्रमादी स्वभाव भएका मानिसहरुलाई देख्न सक्दछ । धम्मपद (२८) अनुसार भनिएको पनि छ -



https://dhamma.digital

*पमादं अप्पमादेन यदा नुदति पण्डितो ।*
*पञ्ञापासाद मारुय्ह असोको सोकिनि पजं ।*
*पब्बतट्ठो व भुमट्ठे धीरो बालो अवेक्खति ॥*

अप्रमादले प्रमादलाई टाढा पठाउन सक्छ, त्यसबेला उसले प्रज्ञाको महलमा चढेर शोकरहित भएर शोकमुक्त प्रज्ञालाई आफैले देख्दछ, जसरी पर्वतको टाकुरामा बसेको मानिसले तल बसेको मानिसलाई, जसरी धैर्यवान् मानिसले मूर्ख मानिसलाई देख्दछ ।

अनेक ज्ञानमा सम्बोधिसँग नजिकिएको ज्ञानलाई विपश्यनाज्ञान भनिन्छ । बुद्ध हुनेहरु बोधिवृक्षमुनि रातमा विपश्यना ध्यान गरी सम्बोधिमा पुग्ने नै विपश्यना बलले हो । अझ पारमिता गुणधर्म पूर्ण गर्नको लागि जहिले पनि प्रज्ञाज्ञानले भरोसा दिइरहन्छ । प्राणघात अकुशल हो । प्राणघातमा जति पनि जुन प्रकारले मोह हुन्छ, किनकि सारा अकुशलचित्त नै मोहसहगत हुन्छ । साथै मोह प्रज्ञाको विपरीत स्वभाव धर्म हो । मोह र प्रज्ञा कहिल्यै एउटै हुन सक्दैन । यी दुई चित्तहरु कहिल्यै पनि सँगै रहँदैनन् । त्यसैले शीलादि पारमिता पूर्ण हुँदा प्रज्ञालाई अनुबल भइरहन्छ । यसै अनुसार अकुशल विषयमा उपाय वृद्धिले पनि प्रज्ञा वृद्धि हुँदैन भनी थाहा पाउनुपर्दछ । अकुशल गर्नलाई हुने ज्ञान पनि ज्ञान नै हो तर यो प्रज्ञाको दृष्टिकोणले अन्धज्ञान हो ।

## प्रज्ञामा मोह हुँदैन

प्रथमतः मिथ्यादृष्टि र भ्रमबुद्धिलाई नाश गर्नाले बौद्धदृष्टिको प्रज्ञा बुझ्न सकिने हुन्छ । त्यसो होइन भने कुण्डलकेशाको हिंसालाई पनि अर्थात् उनले आफूप्रति अकृतज्ञ भएको पुरुषलाई भीरबाट धकेलेर हत्या गरेको क्षणलाई पनि ठूलो प्रज्ञा भनी सम्झिन जानेछ । कुण्डलकेशाको त्यो काम साँच्चै कै प्रज्ञा कसरी हुनसक्छ ? यदि उसको प्रज्ञा यथार्थप्रज्ञा भएमा उनको चित्त विक्षिप्तजस्तै हुनुपर्ने थिएन । शान्तिको लागि दौडिरहनुपर्ने हुँदैन । सारिपुत्र महास्थविरको अगाडि कुण्डलकेशाको प्रज्ञाको पराजय पनि भएको छ । त्यसैले उनको प्रज्ञालाई लौकिकप्रज्ञा वा आफ्नो जीवन आरक्षको कुशलज्ञान मात्र नै भन्न सकिन्छ । उसले आफ्नो लोग्नेलाई पर्वतबाट धकेलिँदा देवताले उसको तारिफ गरेको थियो -

*नसो सब्बेसु ठानेसु पुरिसो होति पण्डितो ।*
*इत्थिपि पण्डितो होति तत्थ तत्थ विचक्खणा ॥*



https://dhamma.digital

जहाँ पनि लोग्ने मानिसहरु मात्र पण्डित हुँदैनन् । कहींकहीं स्त्री जातिहरु पनि विदूषी-बुद्धिमती र विलक्षणाहरु हुन्छन् ।

यहाँ पण्डित शब्दको अर्थ भगवान् बुद्धले आज्ञा गर्नुभएको प्रज्ञा भएको भनिएको होइन । किनकि उनीबाट पहिला चोरसँग गरिएको प्रेम र माया नै मोह हो, फेरि माया पाएको अन्तरगत हुन्छ । त्यो काम मोहसहगत क्रिया हो । पहाडबाट धकेलिँदा द्वेषसहगत चित्त भएर गरिएकोले त्यहाँ पनि मोह छ । उनको प्रज्ञा भएता पनि त्यस्तो पापकर्मरहित हुने कुनै एउटै बाटो थिए होला । त्यसैले देवताको प्रशंसा उसैको अनुसारको ज्ञानले गरिएको प्रशंसा हो । लोकुत्तरअनुसारको उत्तम प्रशंसा होइन । लोकुत्तरको दृष्टिमा पुरुष पनि प्रशंसाको पात्र होइन, न त कुण्डलकेशा नै हो । मानिसहरुले दुष्कर्म भाव पुनः पुनः थप्नकावे लागि नै धेरै पापकर्म गर्ने गर्दछन् । आफूलाई दुःख भैरहेको बेलामा पापकर्म नगर्नु नै धर्मचर्या हो । आफूलाई अनावश्यक भएको समयमा त कसैले पनि पापकर्म गर्दैन । त्यसैले आपद-विपद् र दुःख हुँदा त्यसबाट मुक्त हुनलाई पापकर्म गर्नु पनि ठीक होइन ।

## प्रज्ञा शान्तिवादी हुन्छ

यसैरूपले अनेक बौद्धदार्शनिक जालमा परेर पनि प्रज्ञालाई देख्न नसकिने हुन्छ । बौद्धदर्शनको प्रज्ञा चिन्नलाई बौद्धदृष्टिकोणले शान्तिको अर्थ बुझ्नुपर्दछ । बौद्धआदर्शको उपशम र विजय भनेको देख्नुपर्छ । बौद्धप्रज्ञाले शीलधर्मको कहिले पनि उपेक्षा गर्दैन । पहिला शील त्यसपछि शान्ति भन्नेमा बौद्धआदर्शले विश्वास राख्दछ ।

## राजोवाद जातक (१५१)

वाराणसी नरेश ब्रह्मदत्तलाई आफ्नो राज्यमा सुशासनले गर्दा धेरै फुर्दस भयो । तब राज्यको व्यवस्थामा शान्ति हुनासाथ ब्रह्मदत्तले आफूमा कुनै दोष छ कि भनी खोज्ने विचार गरे । तर जहाँ पुगेर हेरे तापनि ब्रह्मदत्तले आफूलाई प्रशंसा गर्नेहरुबाहेक अरु भेट्टाउन सकेनन् । राजाले विचार गरे- 'सायद भयको कारणले यसो भएको हुनुपर्छ ।' त्यसैले राजा गाउँगाउँमा घुम्न गए । फेरि सीमान्त प्रदेश घुमे । तर त्यहाँ पनि उनले आफ्नो दोष कतै देखाएको पाएनन्, कहिल्यै सुनेनन् ।



https://dhamma.digital

उता कोशल नरेश मल्लिक पनि आफ्नो दोष देखाइदिने खोज्दाखोज्दै हिँडेका थिए । संयोगले दुबै राजाहरु एउटै पुलको बीचमा जम्काभेट भयो । तब सारथीहरुले उनले उनको रथ लैजाऊ भने, अर्कोले उनलाई रथ फिर्ता लैजाऊ भने । दुबै रथमा राजाहरु भएका कुरा थाहा पाउनासाथ सारथीहरुले आयु र ऐश्वर्यको भेदमा श्रेष्ठ र हीन थाहा पाएर रथ फर्काउने निर्णय गरे । तर आयु र ऐश्वर्यमा पनि दुबै समान हुन गए । तब सदाचार सम्बन्धी प्रश्न उठ्नासाथ कोशल नरेशको सारथीले यसरी भने -

*दल्हं दल्हस्स खिपति मल्लिको मुदुना मुदुं ।*
*साधुम्पि साधुना जेति असाधुम्पि असाधुना ।*
*एतादिसो अयं राजा मग्गा उय्याहि सारथि ॥*

हाम्रा राजा मल्लिकले कठोरहरुसँग कठोरको व्यवहार गर्ने, कोमलहरुसँग कोमल व्यवहार गर्ने, असलहरुलाई असल भएर जित्ने, खराबहरुलाई खराब भएर जित्ने स्वभावमा छन् । सारथी, यो राजाको रूपमा चिनिन्छ, तिमीले बाटो छोडिदेऊ ।

वाराणसी राजाको सारथीले 'यसैलाई गुण भनिने भएमा अवगुण भनेको के हुन्छ ?' भनी भनेर आफ्नो राजाको गुण प्रकाश पारे ।

*अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।*
*जिने कदरियं दानेन, सच्चेन अलिकवादिनं ।*
*एतदिसो अयं राजा, मग्गा उय्याहि सारथि ॥*

क्रोधीलाई अक्रोधले, खराबलाई असलले, कन्जुसलाई दानले, असत्यलाई सत्यले जित्ने स्वभावका हाम्रा राजा हुन् । त्यसैले सारथ तिमीले बाटो छोडिदेऊ ।

पछि मल्लिक राजाले ब्रह्मदत्त राजालाई बाटो छोडिदिए । यसैले बौद्धप्रज्ञाको अर्थ कस्तो हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## श्वेतकेतु जातक (३७७)

बौद्धप्रज्ञाले कार्यकारणसँग स्पष्ट र प्रत्यक्ष सम्बन्ध भएको कायकर्म र मनोकर्मको विशुद्धतातिर जोड दिन्छन् । तर विचरा वाराणसीको पाँचसय शिष्य समुदायको प्रमुख शिष्य श्वेतकेतुले यो कुरा थाहा पाएन । उसले जन्मज



https://dhamma.digital

श्रेष्ठत्वको बाह्य देखावटीको प्रज्ञाधर्मलाई मात्र जान्दछन् । एकदिन घुम्न जाँदा उसले एउटा व्यक्तिलाई *'चण्डालपुत्र'* भनी भन्यो । फेरि हावा आइरहेकोतिर नै त्यो चण्डालपुत्र आइरहेकोले उसलाई छोएर गएको हावाले लाग्यो भनेर पनि श्वेतकेतु उसलाई गाली गऱ्यो । चण्डालपुत्रलाई पनि रिस उठ्यो । उसले श्वेतकेतुलाई 'पण्डित हौ भने प्रश्नोत्तर गर्छौ कि ?' भनी चुनौति दियो । जात्याभिमानी श्वेतकेतुले उसको चुनौति स्वीकार पनि गऱ्यो । तब उसले सोध्यो- *'दिशा कति प्रकारका छन् ?' जवाफमा* श्वेतकेतुले 'दिशा भनेको पूर्व, पश्चिम, उत्तर र दक्षिण चार दिशा छन्' भनी भन्दा चण्डालपुले भन्यो 'तिमीले भन्नुपर्छ र त्यो कुरा ? तिमीलाई मैले सुनेको दिशा नै थाहा छैन ।' यसो भनेर गर्दन पक्रेर उसलाई आफ्नो टाङ्गमुनि छिराइदियो । यो कुरा श्वेतकेतुको आचार्य बोधिसत्व कहाँ पनि पुग्यो । आचार्यले उसलाई साँच्चैकै दिशाको अभिप्राय बताउँदै भने -

*मातापिता दिसा पुब्बा, आचरिया दक्खिणा ।*
*पुत्तदारा दिसा पच्छा, मित्ता मच्चा च उत्तरा ॥*
*दास कम्मकरा हेट्ठा, उद्धं समण ब्राह्मण ।*
*एता दिसा नमस्येय्य अप्पमत्तो कुले गिहि ॥*

आमाबाबु पूर्वदिशा र आचार्य दक्षिण दिशा हुन्, छोरा-श्रीमती पश्चिम दिशा र साथीहरु उत्तर दिशा हुन्, दास-कर्मचारीगण तल्लो दिशा र श्रमण-ब्राह्मण माथिल्लो दिशाका हुन् । गृहस्थहरुले यी दिशालाई प्रमादी नभई नमस्कार (पालन पोषण) गर्नुपर्छ ।

तर यो कुरा श्वेतकेतुको मनमा पसेन । यसले चण्डालपुत्रको कुरा र उसको काममा नै समर्थन भएझैं ठान्यो । तब रिसले श्वेतकेतुले आचार्यकूल नै छोडेर गयो । पछि स्वयं आफै आचार्यजस्तै भई बस्यो ।

एकदिन वाराणसीको राजा उसकहाँ आउने समाचार पुग्यो । उसले तुरुन्त आफ्ना शिष्यहरुमध्ये कतिलाई चमेरो ब्रत, कतिलाई कण्टक शैय्यामा सुत्न, कतिलाई पञ्चाग्नि ताप्त, कतिलाई टुक्रुक्क बस्ने, कतिलाई जलमा चढाउने, कतिलाई मंत्रपाठको काम दिइराखेर आफू पनि एक समूह विद्यार्थीहरुसँग प्रश्नोत्तरमा तल्लिनजस्तै भइबस्यो ।

वाराणसीका राजा आए । सुरुमा त राजा उनीहरुको व्यवहारबाट प्रसन्न नै भए । त्यसैले राजाले आफ्नो पुरोहितलाई सोधे-*'के यसरी कष्टकर तपश्या गर्नेहरु अपायबाट मुक्त भइसके कि ?'* जवाफमा बोधिसत्व पुरोहितले भने- *'बहुश्रुत भएर पाप गऱ्यो भने, धर्मको आचरण गरेन भने, वेद पढे तापनि*



https://dhamma.digital

*आचरण गरेन भने दुःखबाट मुक्त हुँदैन ।* यो कुरा सुनेर राजाको श्रद्धा कम भयो । तब श्वेतकेतुको मनमा पस्यो- *'यो पुरोहित मेरो सम्मानमा लात हान्दैछ ।'* यसरी विचार गरी आफूसँग कुनै कुरा नसोधे तापनि आफैले पुरोहितसँग प्रश्नोत्तर गर्नलाई श्वेतकेतुले सोध्यो- *'यदि हजारौं वेद पढेर पनि त्यसको कारणले गर्दा विनाआचरण दुःख मुक्त भएन भने, मैले के वेदलाई नै निष्फल भनी भनौं त ? अनि संयमसहित आचरण नै सत्यधर्म हो त ?'*

तर यसरी प्रश्न मात्र के गरिएको थियो श्वेतकेतुको चुहिएको प्रज्ञाको धारा नै खोलिदिएझैं भयो । तब राजाले साधुभेषमा बसिरहेको त्यस श्वेतकेतुलाई वस्त्र फुकाल्न लगाई गृहस्थ बनाइदिए ।

यस प्रयत्नभित्र पनि बौद्धप्रज्ञाको दर्शन स्पष्ट हुन्छ, आचरण विशुद्धि नै यसको पृष्ठभूमि हो । साथै जातिवादलाई बौद्धदर्शनले स्वीकार गर्दैन । प्रज्ञाको स्पष्ट व्याख्या शुद्धचरित्रको व्यवहार वा शुद्ध भएको चित्तको समयमा मात्र हुनसक्छ ।

## सम्भव जातक (५१५)

कुरुनरेश धनञ्जय कौरव्यको धर्मानुकूल राज्य गर्दागर्दै एकदिन धर्मयज्ञबारे प्रश्न उत्पन्न भयो । उसले आफ्नो पुरोहितलाई बोलाएर भन्यो- 'हे सुचरित, मसँग राज्य छ, मसँग आधिपत्य पनि छ । अब मलाई यो सारा पृथ्वी जित्न मन लाग्यो । तर यो काम धर्मपूर्वक गर्न मात्र मन छ, अधर्मपूर्वक होइन । अधर्म मलाई मन पर्दैन । किनकि राजाको धर्माचरण नै मानिसहरुको लागि नमूना हो । हे ब्राह्मण, मलाई त्यो काम गर्ने इच्छा छ, जसले गर्दा यहाँ पनि निन्दित हुँदैन पछि भविष्यमा पनि निन्दित हुनेछैन र देवमनुष्यहरुकाबीच यश लाभ गर्न सकिन्छ । हे ब्राह्मण ! मलाई धर्म र अर्थको काम गर्न मन लाग्छ । मलाई अर्थ र धर्मको कुरा बताऊ ।'

यसको जवाफमा पुरोहितले विद्याभिमान नगरी स्पष्ट भन्यो- *'यो कुरा त विदूर भन्नेले मात्र बताउन सक्छ ।'* राजाले विदूरलाई नै खोज्न पठाए । सुचरित ब्राह्मणले वाराणसीमा विदूरलाई भेट्यो तर उसले जनताको नानाप्रकारका मुद्दाहरुमा विचार विमर्श गरिराखेकोले गर्दा यस प्रश्नको उत्तर दिनुमा उसले असमर्थता प्रकट गऱ्यो । साथै उसले आफ्नो पण्डित छोरा भद्रकारकहाँ जान सल्लाह पनि दियो ।

ब्राह्मण सुचरित भद्रकारकहाँ गयो । तर उनले भन्यो- *'आजकाल म परस्त्री गमनमा परिरहेको छु । मेरो चित्त शान्त र स्वच्छ छैन । त्यसैले मैले तिम्रो प्रश्नको जवाफ दिन सक्दिन ।'* यति भनेर उसले आफ्नो भाइ



https://dhamma.digital

संजयकुमारलाई देखायो। तर उसले पनि त्यसरी नै जवाफ दिएर आफ्नो भाइ सम्भवलाई देखायो। अल्प वयस्क र खेलिरहेको तर चित्त शुद्ध र शान्त भएको सम्भवकुमारले ब्राह्मण सुचरितलाई उसको प्रश्नको जवाफ दियो- 'युधिष्ठिर, अर्थ उत्पन्न हुनासाथ आजको काम भोलि भन्नु हुँदैन। राजाले आफ्नो अनुशासन आफैले पालन गर्नुपर्छ। अरुको देशको सीमा उल्लंघन गर्नु हुँदैन। अधर्म आचरण गर्नु हुँदैन। तीर्थ नभएको स्थानमा पाइला राख्नु हुँदैन। अनर्थयुक्त हुनु हुँदैन। जुन क्षत्रियले यसप्रकार आचरण गर्दछ उसको संवृद्धि शुक्लपक्षको चन्द्रमाजस्तै हुन्छ। ऊ आफू स्वयं सम्बन्धितहरुको मन पर्ने हुन्छ, साथीहरुको बीचमा चम्किने हुन्छ, फेरि त्यो बुद्धिमान व्यक्ति मरेर सुगतिमा उत्पन्न हुन्छ।'

## प्रज्ञा आचरणमा निर्भर

माथि उल्लेखित जातकीय प्रसंगले स्पष्ट हुन्छ कि प्रज्ञाको व्याख्या उसले गर्न योग्य छ, जसको आचरण परिशुद्ध छ। धम्मपद (५०) अनुसार अरुको वचनमा ध्यान दिनुअघि, अरुको कृत्याकृत्यमा आँखा लाएर हेर्नुअघि केवल आफ्नै कृत्याकृत्यमा विचार गर्नुपर्छ। स्वयं आचरण नगरी सिद्धान्त मात्र बुझेर अरुलाई बताउने व्यक्ति श्रेष्ठ हुँदैन।

## पोटिठ्ल भिक्षुको कथा

स्वयं भगवान् बुद्ध जेतवन विहारमा विहार गर्नुहुँदा एकजना पोटिठ्ल नामक त्रिपिटकधारी धर्मकथिक थियो। उसले धेरै भिक्षुहरुलाई सिकाउने पढाउने गर्दथ्यो। तर ऊ आफू भने ध्यान प्राप्त व्यक्ति होइन, न त मार्गफल प्राप्त व्यक्ति नै हो। ऊसँग सिक्ने पढने गरेर कयौं भिक्षुहरु जङ्गलमा गएर ध्यान गरे र साथै मार्गफल पनि प्राप्त गरे। तर त्यो पोटिठ्ल धर्मकथिक भने अगाडि बढ्न सक्दैन, बस धर्मकथिक मात्रै भइरह्यो।

एकदिन भगवान् बुद्धले उसलाई *'तुच्छ पोटिठ्ल'* भनी सम्बोधन गरे। यस सम्बोधनले उसलाई ठूलो संवेग प्राप्त भयो। पोटिठ्ल ध्यान गर्न एक्लै जङ्गलमा गयो। ऊ ३० जना अरहन्त भएको ठाउँमा पुग्यो। यहाँ उसले भन्यो- 'भन्ते, मलाई आश्रय दिनुहोस्।' तर उनीहरुले जवाफ दिए- 'आवुसो, तिमी त हाम्रो त्रिपिटधारी धर्मकथिक हौ। यो तिमीले के भनिराखेको ?' पोटिठ्ल भिक्षुलाई आश्रय प्राप्त भएन। विद्वताले माथि परेर पनि तथागतको



https://dhamma.digital

'तुच्छ पोटिठ्ल' सम्बोधनले सचेत भएको पोटिठ्ल त्यसरी नै आश्रयको लागि सोध्दै रह्यो ।

एकदिन सातवर्षको श्रामणेरकहाँ पनि पुग्यो । श्रामणेरले भन्यो- 'तपाईंले मैले भनेझैं गर्ने हो भने म आश्रय दिनेछु । पोटिठ्लले जवाफ दियो- *'हे सत्पुरुष, मलाई भीरबाट हाम्फाल्न जाऊ भने पनि हाम्फाल्न जानेछु ।'* श्रामणेरले उसको परीक्षा गर्न भन्यो- *'त्यसो हो भने, तपाईले चीवर लगाएर नै यो अगाडि भएको पोखरीमा डुब्न जानुहोस् ।'* पोटिठ्ल स्थविरले साँच्चै त्यस्तै गर्न लाग्यो । श्रामणेरले स्थविरको आज्ञाकारीता बुझेर आश्रय दियो । त्यसपछि पोटिठ्ल विनम्र र शान्त चित्तले एकाग्रता प्राप्त गर्न सफल भयो । भगवान् बुद्धले उसलाई धम्मपद (२८२) आज्ञा गरे :-

*योगा वे जायति भूरि, अयोगा भूरि संखयों ।*
*एतं द्वेधापथं ञत्वा, भवाय विभवाय च ।*
*त्थ'त्तानं निवेसेय्य, यथा भुरि पवड्ढति ॥*

योगाभ्यासले प्रज्ञा उत्पन्न हुन्छ, फेरि यसको अभावले क्षय हुन्छ । उन्नति र विनाशको यो दुई विपरीत बाटो देखेर आफूलाई त्यस मार्गमा पठाऊ जसले प्रज्ञाको वृद्धि हुन्छ ।

यस उदाहरणले स्पष्ट हुन्छ, प्रज्ञाको सार्थकता आचरणमा हुन्छ । आचरणविना प्रज्ञा निरर्थक हो ।

कथात्मक आदर्शमा बौद्धप्रज्ञाको स्पष्ट व्याख्या यसप्रकारले धेरै प्रकारले भएका छन् । सारांशमा बौद्धप्रज्ञा पूर्वानुग्रह पीडित हुँदैन, स्वार्थ प्रेरित हुँदैन । साथै करुणा र मैत्रीले विमुख त कहिले पनि हुँदैन । यसको उदाहरण तल प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिताको व्याख्यामा विशेषतः महोषध चरित्रमा आउनेछ ।

## प्रज्ञा नै मानिसको रत्न हो

प्रज्ञा वृद्धि प्रज्ञाको महत्वलाई नै बुझ्नुपर्छ । जति भित्रैदेखि प्रज्ञाको महत्व देख्दछ त्यति नै बलियो प्रज्ञा बनाउन कोशिस गर्न सकिन्छ । हो, महत्व देख्न सक्नु पनि प्रज्ञा भएमा मात्र नै हुन्छ । त्यसैले यसो भन्दा बढी ठीक होला-प्रज्ञा भनेको क्रमशः अभिवृद्धि हुँदै जान सक्छ । वास्तवमा धम्मपद (३३३) अनुसार *सुखा पञ्ञाय पटिलाभो* अर्थात् प्रज्ञाको लाभ साँच्चै कै सुखकर पनि छ किनकि कायबल, भोगसम्पत्तिबल, अमात्य वा परिषद् बलभन्दा पनि प्रज्ञाबल



https://dhamma.digital

श्रेष्ठ छ। प्रज्ञा हुनासाथ नै सुनेको कुरामा आफू स्वयं आफ्नो अनुरूप निर्णयमा आउन सकिने हुन्छ। तेसकुण जातक (५२१) अनुसार प्रज्ञावान मानिस नै दुःख भए तापनि सुखी हुनसक्छ। प्रज्ञा नै त्यो विशेषता हो, जसले मानिसलाई सम्पूर्ण प्राणीहरुमध्ये श्रेष्ठ बनायो। शक्र, गरुडराज, नागराजभन्दा मानिस नै प्रज्ञाको क्षेत्रमा श्रेष्ठ छ। शक्र, गरुड र नागराजको शंका समेत मानिसले समाधान गर्दछ। फेरि प्रज्ञारत्न भएका मानिसहरु कसैसँग पनि डाउँदैनन्, मरणभयले उनीहरुलाई छुन सक्दैन, जसको चर्चा विधुरजातक (५४५) मा पछि पनि गरिनेछ।

जरासुत्त (१६) संयुक्त निकायअनुसार *पञ्ञा नरानं रतनं- प्रज्ञा* नै मानिसको रत्न हो। प्रज्ञा प्राप्त हुने उपदेश भएकोले बद्धको उपदेशलाई प्रणीत रत्न, त्यसैगरी संघहरुलाई अतुल्य संघरत्न भनिएको छ। बुद्धको उपदेशअनुसार प्रज्ञा निर्वाण धर्म साक्षात्कार गर्नलाई हो। त्यसैले भनिएको पनि छ *पञ्ञापन पच्चित्वा खादनत्थाय नहोति* अर्थात् प्रज्ञा भनेको पकाएर खानको लागि हुँदैन। बुद्धको उपदेश बुझ्नलाई प्रज्ञा चाहिन्छ। *पञ्ञावन्तस्स अय धम्मो, नाय धम्मो दुपञ्ञस्य* अर्थात् यो धर्म प्रज्ञावानहरुलाई हो, दुष्प्रज्ञाहुनेहरुको लागि होइनन्। यो प्रज्ञाको आभरणयुक्त बुद्ध राजरथमा चम्किरहन्छन्। प्रज्ञा मोहन्धकार हटाइपठाउने सूर्यजस्तै हो भने क्लेश टुक्राउने तलवार पनि हो। धम्मपद (३४०) अनुसार तृष्णा जतातती बहने श्रोत (प्रवाह) हो। त्यसैले लता (संसारको जाल) उम्रेर आइरहन्छ, वृद्धि भइरहन्छ। त्यस उत्पन्न भएको लतालाई देखेर प्रज्ञाले त्यसको जरा नै काटेर फ्याँकिदिनु पर्छ।

प्रज्ञा भगवान्को आनिशंसको विषयमा आचार्य बुद्धघोषजस्ता प्रकाण्ड विद्वानले पनि विस्तारपूर्वक प्रकाशित गर्न सजिलो भनी भन्नु भएन। तापनि संक्षिप्त शब्दमा उहाँले भन्नुभएको छ - (१) नाना क्लेशलाई विध्वंस गर्नु, (२) आर्यफलको रस अनुभव गर्नु, (३) निरोध समापत्ति समापन्न हुने सामर्थ्य भएका र (४) आह्वाहनीय हुने इत्यादि नै प्रज्ञाको आनिशंस (फल) हुन्।

पारमिताधर्म पूर्ण गरी सम्बोधिमा पुग्नलाई प्राप्त हुने प्रज्ञा नै लोकुत्तरप्रज्ञा हो। बुद्धको श्रावकहरुका चार मार्ग र चार फलको चित्तमा भएको प्रज्ञालाई श्रावक सम्बोधिप्रज्ञा भनिन्छ। प्रत्येकबुद्धहरुका चार मार्ग र चार फलको चित्तमा भएकोप्रज्ञालाई प्रत्येक सम्बोधिप्रज्ञा भनिन्छ। लोकुत्तर बुद्ध फलको चार मार्ग र चार फल चित्तमा भएको प्रज्ञालाई सम्यक् सम्बोधिप्रज्ञा भनिन्छ। बोधिसत्व यही नै प्रज्ञाको विकास गर्दछन्। फेरि यस विकास अवस्थामा उपकारमा *'अनाथानामहं'* अर्थात् अनाथहरुका नाथ, विनम्रतामा *'दासार्थिनामहं'* अर्थात् दास चाहिनेहरुको लागि दासजस्तै भएर अन्धकारमा



https://dhamma.digital

रहेका मानिसहरुको समूहमा *'दीपार्थिनामहं'* अर्थात् बत्ती चाहिनेहरुलाई बत्तीजस्तै हुन्छन् । (बोधिचर्यावतार ३/१७/१८)।

## प्रज्ञा प्राप्तिको हेतु

प्रथमतः प्रज्ञा बनाउन त्रिहेतुक प्रतिसन्धि हुनुपर्छ । त्यसपछि पुण्यकर्मको कामनासँगै अङ्ग पूर्ण हुनासाथ प्रज्ञा प्राप्तिको लागि पाइला सार्न सकिन्छ । एकारित निरोगीभाव अर्कोतिर प्रज्ञावरण हुने अतीत अकुशल कर्मरहित हुनासाथ प्रज्ञा प्राप्तिको मार्गमा बाधा हटेर जान्छ । धर्म जानेर लिने इच्छाजस्तै धर्म जानेर लिन सक्ने पनि भएर कोशिस गर्नुपर्छ । मिलिन्दप्रश्नअनुसार शुद्धचित्तले धर्मोपदेश सुन्नु, एकजनाले अर्कोसँग तर्कले बेर्नु, एकजनाले अर्कोको तर्कगाँठो फुकाल्नु, एकले अर्कालाई तर्कले समात्नु, एकले अर्काको तर्कबाट मुक्त हुनु, एकले अर्काको अगाडि तर्क राख्नु, त्यसलाई खण्डन गर्नु तर यसरी नै भए तापनि रिस कसैले ननिकाल्ने तवरले पण्डितवाद अनुरूप धर्मको छलफल गर्नु, मूर्खहरुको संगत छाड्नु, पण्डितहरुको संगत गर्नु र समाधि बलियो बनाउनाले प्रज्ञाको वृद्धि हुन्छ ।

प्रज्ञा प्राप्त गर्नको लागि साधारणरूपले उमेर पनि हुनुपर्छ भन्ने लोकधारणा छ । तर यो जुनसुकै स्थितिमा पनि अनिवार्य नै होइन । अत्यन्त अल्पआयु भएका पण्डित श्रामणेर (धम्मपद अर्थकथा ५/६), संकिञ्च श्रामणेर (धम्मपद अर्थकथा ८/९), सुख श्रामणेर (धर्मपद अर्थकथा ११/११), सुमन श्रामणेर (धम्मपद अर्थकथा २५/१२) आदि श्रामणेरहरु पनि अरहन्त हुनुभएकोले यो कुरा स्पष्ट गर्दछ । बुद्धले ३५ वर्षको उमेरमा बोधिलाभ गरे । कोही कोही ५० वर्ष, ६० वर्ष भएर पनि बुद्धि परिपक्व नभएकाहरु छन् । यश, परिवार र खानपिन पनि ज्ञानलाभको सहयोगी हुनसक्छ । शरीरशक्ति पनि ज्ञानशक्तिको कारण हुनसक्छ। निरोगी र सुखी जीवन बिताएकाहरु फेरि ज्ञानले पनि परिपक्व भएकाले कुरुवासीहरुलाई सतिपट्ठान देशना सरल बोधगम्य भयो ।

## दश पारमितामा प्रज्ञापारमिता

त्यागी र उदार चित्तमा प्रज्ञा स्थिर भएझैं प्रज्ञाले नै दानादि पुण्यकार्य अविच्छिन्न रूपले गराउँछ। बुद्धलेजस्तै दानको महत्व बुझेमा दान नगरी खाने कोही पनि हुँदैनन् । ज्ञानले अलग भएको दान जहाँ महाफल हुँदैन त्यहाँ नै



https://dhamma.digital

लोकुत्तर पनि हुन सक्दैन । धन, छोराछोरी र जीवन समेत उत्सर्ग गर्न सक्नु नै प्रज्ञा भएर हो । प्रज्ञा नभएकाहरुले दान दिनाले पछि पश्चाताप हुनसक्छ । म दिन्छु, अरु मेरो तर्फबाट बाँचिरहन्छन्- यसरी आफूले आफूलाई माथि पारेर प्रतिग्राहकलाई तल पारेर दिएको दान क्लिष्टदान हुन्छ। भवभोगको आशा गरी दिने दानलाई तृष्णाले धमिल्याएको दान भनिन्छ। क्लेशले क्लिष्ट नभएको दान नै प्रज्ञायुक्त दान पारमिताको अङ्गयुक्त दान हुन्छ । प्रज्ञाहीन व्यक्तिको दान त्यसैले श्रेष्ठ हुनसक्दैन ।

शीलले बुद्ध चित्तमा प्रज्ञा राम्ररी चम्किएझैं प्रज्ञाले नै शीललाई दरिलो बनाउन बल पनि दिइरहन्छ। प्रज्ञा नहुनासाथ शील र मान अनेकरूपले क्लिष्ट हुनसक्छ। हामी शीलवान, अरु दुःशील भनी उग्रशीलवन्त भएर देखायो भने त्यस प्रकारको मानले उसको शील नै क्लिष्ट हुन जान्छ। भावना प्रबल भएको चित्तमा प्रज्ञा पनि हठ भएझैं प्रज्ञाले नै वास्तवमा भावलाई पनि बलियो बनाइराख्छ । प्रज्ञाविहीनसित ध्यान हुँदैन । ध्यान नगर्नेहरुमा प्रज्ञा हुँदैन । धम्मपद (३७२) अनुसार जोसँग ध्यान र प्रज्ञा छ, ऊ नै निर्वाणको नगिच हुन्छ ।

चार स्मृतिप्रस्थान, चार सम्यक्प्रस्थान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यङ्ग आदि आर्यमार्गको बोधिपक्षीय धर्म राम्ररी बुझ्नको लागि भावनाको एकाग्रता र स्थिर निरीक्षणात्मक अध्ययन हुनुपर्छ। भावनामा गएर परिक्रमा समाधि प्राप्त गरेर मात्र अभिज्ञा बनाउन सकिन्छ, तब नाम र रूपधर्मको हेतु देख्न सकिन्छ। सारा धर्मको विनाश स्वभाव देख्न सजिलो हुन्छ । यसले के स्पष्ट हुन्छ भने दान, शील र भावना अथवा शील, समाधि र प्रज्ञा परस्पर आश्रित हुँदै एक अर्काको पूरक हुँदै जान्छ । तब सारा धर्मको मूल लक्ष्य हुन्छ प्रज्ञा प्राप्त गर्नु ।

## प्रज्ञा-परिहानिको हेतु

प्रज्ञा परिहानि हुने धेरै कारणहरु छन्। मिथ्यादृष्टि वा भ्रमबुद्धि यसको पहिलो कारण हो । भ्रमबद्धि भएको व्यक्तिले आफूले गरेको सबै मुर्खतापूर्ण कामलाई पनि ठीक छ भनी विचार गर्दछ। उसले आफ्नो गल्तिलाई देख्दैन । जसलाई पनि आफ्नो सन्तान मन परेझैं भएको मोहलाई पनि उसले प्रज्ञा नै ठान्दछ । त्यसैले वास्तवमा प्रज्ञा भनेको यस्तो हो भनेर नबुझेसम्म नै प्रज्ञा परिहानि हुनसक्छ। 'तन्नेरी अवस्थामा, त्यो पनि गुरु नभइकन ज्ञानलाभ भयो' भनी बुद्धले भन्नु हुँदा विचरा उपक परिव्राजकले विश्वास गर्न नसकेकोले नै



https://dhamma.digital

बुद्धको पहिलो उपदेश सुन्ने अवसर गुमायो । तर पछि धेरै वर्षसम्म प्रज्ञाले घाटा परेर फेरि बुद्धको शरणमा नै आउनु पऱ्यो ।

संयुक्त निकायअनुसार आलस्यभाव प्रज्ञा परिहानिको अर्को हेतु हो, समूह जम्मा गरेर बस्नुमा सुख मान्नु, धेरै सुत्नु, अनावश्यक कल्पना गर्नु, अशान्त चित्तको हुनु, पण्डितहरुको सङ्गतको अभाव, मूर्खको सङ्गत, रिसाउनु, रोगी हुनु, डराउनु र शोक गर्नु, कामच्छन्द, व्यापाद, थीनमिद्ध, उद्धच्च कुक्कुच्च र विचिकिच्छा पनि प्रज्ञालाभको लागि परिहानि हो । बुद्धले धम्मपद (२८०) मा आज्ञा गरेका पनि छन् -

*उट्ठान कालम्हि अनुट्ठहानो, युवा बली आलसिय उपेतो ।*
*ससन्न सकप्पमनो कुसीतो, पञ्ञाय मग्ग अलसो न विन्दति ॥*

उठ्ने समयमा जो उठ्दैन, युवा र बलवान भएर पनि अल्छी हुन्छ, जसको मन र संकल्प बलियो छैन, यस्तो दीर्घसूत्री र अल्छी व्यक्तिले प्रज्ञाको बाटो पक्रन सक्दैन ।

## प्रज्ञा पारमिता र अन्य पारमिता

दश पारमिता गुणधर्ममध्ये प्रत्येक पारमिता बुद्धकारक गुणधर्म हो । एउटा पारमिता अर्को पारमिताको पूरक पनि हो । त्यसरी नै प्रत्येक पारमितामा प्रज्ञा पारमिताको टेवा भइरहन्छ । प्रज्ञा भएको व्यक्तिले दिएको दान महत्फल दान हुन्छ । दान पारमिता पूर्ण गर्दा चित्त स्थिर र अकम्पित बनाउन प्रज्ञा चाहिन्छ । प्रज्ञाविना दानपारमिता पूर्ण गर्न गाह्रो हुन्छ ।

सम्भव जातक (५१५) अनुसार प्रज्ञा भएको व्यक्तिको शील पनि शुद्ध हुन्छ । शान्त शुद्ध चित्त भएको समयमा मात्र प्रज्ञाको उपदेश दिन सकिन्छ । फेरि उपदेश आफ्नो नैतिक दृढताको आधारमा हुँदा मात्र दृढतापूर्वक दिन सकिन्छ । काम सुखकर सम्झिनुमा कामले दिने दुष्परिणाम देखाएर त्यसबाट मुक्त गरिदिने काम पनि प्रज्ञाले गर्दछ ।

यसरी नैष्क्रम्यपारमिता पूर्ण गर्नको लागि प्रज्ञा बलजस्तै हुन्छ । प्रज्ञाको पछिपछि जाने वीर्यले जे पनि गर्न सक्दछ । प्रज्ञा नभएको वीर्य फल नफल्ने रुखजस्तै हो । फलयुक्त वीर्यको लागि प्रज्ञा अनिवार्य हुन्छ । यही नै प्रज्ञापारमिताको वीर्यपारमितासँगको सम्बन्ध हो । प्रज्ञाको हेतुले गर्दा अरुले आफूलाई छलकपट गर्दा पनि, दुःख दिए तापनि चित्त विचलित हुँदैन ।



https://dhamma.digital

यसरी प्रज्ञा हुनासाथ क्षान्तिपारमिता पूर्ण गर्दा अरुहरुले निन्दा गर्दा पनि, दुःख दिए तापनि प्रज्ञा भएको कारणले सहन गर्न सकिन्छ । आफूलाई पनि अरुलाई पनि हित हुने अनुसारले सत्यपारमिता पूर्ण गर्न सकिने पनि प्रज्ञाको आधारमा हुन्छ । ज्ञान नहुँदा चित्त विचलित हुनसक्छ । प्रज्ञाज्ञान हुनासाथ चित्त विचलित हुँदैन । तब संकल्प पारमिता भएर पूर्ण हुन्छ । हितोपकार र अहितोपकारप्रति समभाव चित्त राखी मैत्री राख्न सक्नेलाई प्रज्ञाले देख्न सक्नुपर्छ । अरक जातक (१६९) अनुसार जो मैत्रीयुक्त हुँदैन ऊ पूर्ण प्रज्ञा भएको पनि हुँदैन । त्यसैले प्रज्ञार्थीहरुले मैत्री बनाउन सक्नुपर्छ ।

प्रज्ञाज्ञानले विचार गर्न नसकेको मध्यस्तशक्ति बनाउन सकिँदैन । प्रज्ञा भएन भने लाभअलाभ, यशअपयश, निन्दाप्रशंसा, सुख दुःखले गर्दा चित्तमा विकार उत्पन्न हुन्छ । प्रज्ञा हुनासाथ यो विकार चित्त उत्पन्न नभएर अष्टलोकधर्मको जुनसुकै अवस्थामा चित्त मध्यस्थ हुन्छ, जसले उपेक्षापारमिता पूर्ण हुन्छ ।

प्रज्ञापारमिता र अन्य पारमिताको सम्बन्धमा विचार गरिसकेपछि अब यहाँ प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिता विषयमा जातकीय उदाहरणसहित व्याख्या हुनुपर्ने आवश्यकता देखिन्छ ।

बोधिसत्वहरुले आफूले सिकेर लिएको वा आफैले चिन्तन गरी प्राप्त गरेको ज्ञान र प्रज्ञा आचार्यमुष्ठि नराखी कसैसँग केही पनि आशा नराखी सबैलाई सिकाउँदछन् । फेरि बोधिसत्वहरुमा प्रज्ञाको अहंभाव पनि हुँदैन । न त उनीहरुमा बालमूर्खप्रति घृणा नै हुन्छन् । बोधिसत्वहरुले उपकारकहरुको उपकार त चिन्दछन् नै, साथै अनुपकारकहरुको लागि पनि उनीहरु उपकारक नै हुने गर्दछन् ।

आफ्नो धनधान्य आदि सम्पत्ति र छोराछोरीप्रति भएको तृष्णाबाट टाढिएर प्रज्ञा वृद्धि गर्ने नै प्रज्ञापारमिता हो । अथवा आफ्नो प्रज्ञाद्वारा परप्राणीको हित र कल्याण हुने हुनासाथ आफ्नो धनधान्य आदि सम्पत्ति र छोराछोरीको तृष्णासमेत त्याग गर्नुलाई पनि प्रज्ञापारमिता भनिन्छ । आफ्नो शरीरको हातखुट्टा र अङ्गप्रत्यङ्गसमेत वास्ता नराखी आफ्नो प्रज्ञाले आफू र अरुको हितसुख हुने काम गर्नेलाई प्रज्ञा उपपारमिता भनिन्छ । अझ साँच्चै नै भन्ने हो भने विशेष गरी प्रज्ञा उपपारमिता पूर्ण गर्ने क्रममा बोधिसत्वहरुले आफूमा भएको प्रज्ञाले प्राणीहरुको हित र कल्याणमा आफ्नो अङ्गप्रत्यङ्ग त्याग गरेका नै धेरै देखिन्छन् । आफ्नो जीवनको बारे समेत वास्ता नराखी प्रज्ञा सम्पादन गर्नु, विशषतः आफ्नो प्रज्ञाले प्राणीहरुको हित सुख गराउन आफ्नो प्राणको समेत माया नराख्नुलाई प्रज्ञा परमत्थपारमिता भनिन्छ । यसै अनुसार प्रज्ञाको हेतुद्वारा अरुको धनजन र छोराछोरीको आरक्षा गर्नुलाई प्रज्ञापारमिता,



https://dhamma.digital

प्राणीहरुको अङ्गप्रत्यङ्ग आरक्षा गरिदिनुलाई प्रज्ञा उपपारमिता र प्राणीहरुको जीवन आरक्षा गरिदिनुलाई प्रज्ञा परमत्थपारमिता भनिन्छ। यी सारा सिद्धान्तको चरितार्थ हुने बोधिसत्व चर्यामध्ये यहाँ अहिले तीन चर्याको संक्षिप्त उल्लेख गरिनेछ, जुन चर्यामा यी तीनै प्रकारका पारमिताको उल्लेख भइरहेको छ।

## विधुर जातक (५४५)

कुरु नरेश धनञ्जयको धर्मानुशासक बोधिसत्व विधुर पण्डित मधुभाषण र धार्मिक प्रवचनको लागि सारै प्रसिद्ध थिए। धनञ्जयपुत्र कौरव्य कुमारले पनि आफ्नो बाबुपछि राजा भएर दान शील धर्मपालन गरिबसे। तर उनलाई भने साह्रै जुवा खेल्नुपर्दथ्यो।

यसै समयमा देवराज इन्द्र, नागराज वरुण,गरुडराज आ-आफ्नो लोकमा उपोशथ व्रत पालन गर्न बाधा भएकोले राजा कोरव्यको बगैंचामा आएर बसिरहेका थिए। फेरि आ-आफ्नो शीलको श्रेष्ठता विषयमा कुरा गरी बसे। जन्मशत्रु गरुडप्रति पनि रिस नगरी बसेको नागराजको भनाई हो- 'जसले क्रोधपात्रप्रति पनि क्रोध गर्दैन, जुन सत्पुरुषलाई कहिल्यै पनि रिस उठ्दैन, फेरि जसले रिस उठे पनि प्रकट गर्दैन, यस्ता मानिसलाई नै लोकमा श्रमण भनिन्छ।' अगाडि नै आफ्नो आहार नाग भए तापनि भोकाएर बसेको गरुडराजले भन्यो- *'जसले भोकाएको पनि सहन्छ, जो संयम, तपश्वी र सीमित भोजन गर्ने हुन्छ, जसले भोजनको लागि पाप गर्दैन, यस्तो मानिसलाई लोकमा श्रमण भन्दछ।'* फेरि देवलोकको ऐश्वर्य छोडिआएको इन्द्रले भन्यो - 'जसले रतिक्रिडा सारा छोडेर बस्दछ, जसले झुठो कुरा बोल्दैन, जसले भूषणादि छोडी मैथुन पनि त्याग गर्दछ, यस्तो मानिसलाई लोकमा श्रमण भनिन्छ।'

यो विवाद जब पण्डित विधुरकहाँ पुग्यो विधुरले तीनैजनाको गुणको प्रशंसा गरे। फेरि तीनै जनालाई समानस्तरमा राखिदिए। पछि यसै सिलसिलामा इन्द्रले दिव्यवस्त्रले, गरुडले स्वर्णमालाले, नागराजले मणिले विधुर पण्डितलाई धर्मपूजा गरे।

यता नागराजको घाँटीमा मणि नभएको कारण बताउँदा नागभार्या विमलादेवीको पनि धर्म उपदेश सुन्ने इच्छाले विधुर पण्डितलाई धर्मपूजा गरे।

यता नागराजको घाँटीमा मणि नभएको कारण बताउँदा नागभार्या विमलादेवीको पनि धर्म उपदेश सुन्ने इच्छा भयो। विधुर पण्डित अन्य उपायले नागभूवनमा पुग्दैन भनी विचार गरी उनीले भनिन् - 'हे नाग श्रेष्ठ, मलाई



https://dhamma.digital

धर्मानुसार ल्याएको विधुर पण्डितको हृदय चाहियो ।' नागराज एकातिर विमलादेवीको यस दोहद पूर्ण गर्न नसकेकोमा निराश भयो भने अर्कोतिर उसको विचारमा यो अनुचित जस्तै ठान्यो । तर उसकी छोरी इरन्दतीले यो दोहद पूर्ण गरिदिने विचार गरिन् । तब उनीले गीत गाउन थालिन् - 'म उसको भार्या हुनेछु, जसले विधुर पण्डितको हृदय धर्मपूर्वक ल्याइदिन्छ ।' यस गीत इरन्दतीको सौन्दर्यले यक्ष सेनापति पुण्णकलाई अति नै आकर्षित पाऱ्यो । पुण्णकले इरन्दतीको अगाडि विधुर पण्डितको हृदय ल्याइदिने कबुल गरेर अनेक उपायपछि कौरव्यकहाँ आइपुग्यो । फेरि कौरव्यसँग जुवा खेल्यो ।

पुण्णकको मणिरत्न र कौरव्यको शरीर र राज्याशनबाहेक अरु सबसँग बाजी राखेर खेलेको त्यस जुवामा पुण्णक यक्षले जित्यो भने कौरव्य राजा हारे । तब पुण्णकले भन्यो - 'हात्ती घोडा मणिरत्न इत्यादि जति पनि रत्न यस पृथ्वीमा छन् तीमध्ये विधुररत्न नै श्रेष्ठ हो । मैले उसलाई जितिसकें । ऊ मलाई देऊ ।' तर राजाको तर्क हो- 'विधुर पनि वास्तवमाम आफै हुँ । कारण ऊ नै मेरो शरणस्थान हो, ऊ नै मेरो गति, ऊ नै मेरो द्वीप, ऊ नै मेरो आश्रय हो । ऊ मेरो प्राण हो, त्यसैले ऊ स्वयं म नै हुँ ।'

यसरी लामो विवादपछि आखिर दुबै विधुर पण्डितकहाँ नै पुगे । विधुरले वास्तवमा न्यायको तराजु पुण्णकतिर नै झुकेको कुरा स्वीकार गरे । राजाले - 'मेरो तर्फ लागेर कुरा गरेन' भनी रिसले उनलाई लान वचन दिए । तर निर्भयी, निस्वार्थी तथा निर्द्वेषी विधुरले राजालाई अन्तिम उपदेश दिँदै भने- 'अरुको स्त्रीजातिसँग आफ्नै स्त्रीजस्तै व्यवहार नगर्नु । मीठो वस्तु आफैले मात्र खानु हुँदैन । लोकायतवादीहरुसँग संगत गर्नु हुँदैन । यसले प्रज्ञाको अभिवृद्धि हुँदैन ।' यसरी राजालाई उपदेश दिइसकेपछि आफ्नो परिवारलाई कुरा बुझाइदिन विधुरले पुण्णकसँग तीन दिनको समय लिए । श्रीमती, छोराछोरीहरु यो कुरा सुनेर क्वाँक्वाँ रुए भने साथीहरु विरहमा डुबे । जनपद र निगमदेखि आएका मानिसहरु पनि रुए । तर विधुरले अविचलित भावले सबैलाई उपदेश दिए । फेरि जब विधुर गए, उनलाई यक्षले लगेको भनी थाहा पाएपछि त झन् सबै जना विरहमा डुबे ।

उता विधुरलाई लाने पुण्णक यक्षको मनमा कुरा खेल्यो- 'विधुरलाई किन लिएर जाने, चुपचाप हृदय मात्र लगे पुगिहाल्छ नि ।' यसरी विचार गरी मार्नको लागि भैरव राक्षसको रूप देखायो । तर बोधिसत्व डराएनन् । फेरि ठूलो स्वरले कराएर तर्साउन खोज्यो, तर पनि विधुर पण्डित रत्तिभर पनि डराएनन् । अन्त्यमा पुण्णकको अभिप्राय विषयमा बोधिसत्वलाई थाहा भयो । पुण्णकले इरन्दतीको लागि मलाई ल्याए तापनि, इरन्दतीकी आमा विमलालाई मेरो हृदय चाहियो भने तापनि वास्तवमा मेरो हृदय नै चाहिएको होइन होला



https://dhamma.digital

। निश्चय पनि वरुणले मेरो उपदेशको प्रशंसा विमलाको अगाडि गऱ्यो होला, त्यसैले उसलाई पनि उपदेश सुन्न इच्छा भयो होला । त्यसैले हृदय चाहियो भनेको कुराको अर्थ नबुझिकन वरुणले पुण्णकलाई यसरी आज्ञा दिएको होला ।'

विधुरले फेरि पुण्णकलाई मित्रदोह नगर्ने उपदेश दिए । यस मित्रदोहको उपदेशले पुण्णकलाई यति प्रभावित पाऱ्यो कि तीन दिनसम्म विधुरको घरमा बसिसकेको कुरा सम्झेर उनलाई छोडिदिने विचार गऱ्यो । उसले भन्यो - 'म तिम्रो घरमा बसें । तिमीले मलाई खुवाउने पिलाउने गऱ्यो । तिमी मेरो मित्र हौ । त्यसैले मैले तिमीलाई छोडिदिएँ । श्रेष्ठपुत्र, तिमी आफ्नो इच्छा अनुसार घर फर्केर जाऊ , नागकूलको कुरा पूर्ण नभए पनि नहोस् । नागकन्या मलाई चाहिएको छैन । हे प्रज्ञावान, तिमी आफ्नो सुभाषितको कारणले नै मेरो तर्फबाट मुक्त भयौ ।'

बोधिसत्व विधुर आफ्नो प्रज्ञामा दृढ हुँदै भने- 'माणवक, मलाई तिमीले घर पठाउनु परेको छैन । मलाई नागभवनमा नै लैजाऊ । मैले तिमी जस्तौ कठोर हृदय भएकोलाई त धर्मोपदेशले प्रभावित गरी मृदुहृदय भएको बनाइदिएँ भने मेरो लागि नागराजलाई पनि कोमलहृदयी बनाउन गाह्रो हुने छैन । मलाई तिमीले त्यहीँ नै लैजाऊ । सायद त्यहाँ तिम्रो कार्यसिद्धि पनि हुन्छ ।'

पुण्णकले बोधिसत्व विधुरको प्रज्ञामा विश्वास गरी आफ्नो र विधुरको राम्रै हुन्छ भनी सम्झेर विधुर पण्डितलाई नागभूवनमा बोलाएर लग्यो । फेरि नागराज वरुणलाई धर्मानुकूलले विधुरलाई लिएर आएको कुरा पनि भन्यो ।

नागराजले बोधिसत्वसँग अनेक प्रश्न गऱ्यो । सबैको जवाफ बोधिसत्वले मधुरभाषाले दिए । 'दानग्राहक नपाएर दानपुण्य गर्न नपाउने बित्तिकै के पुण्य गर्नुहुन्छ ?' भन्ने नागराजको प्रश्नको उत्तरमा बोधिसत्वले भने- 'आफूमा आश्रित भइबसेका जति पनि धर्मपत्नी, छोराछोरी र अन्य इष्टमित्रहरु छन् उनीहरुसँग सदा वाणी र कर्मले मैत्रीयुक्त चित्त हुने पुण्य गर्नु पर्दछ ।'

त्यसपछि बोधिसत्व विधुरलाई नागभार्या विमलाकहाँ लिएर गयो । तब स्थिर मौन भएका बोधिसत्व विधुरलाई नागभार्याले भनिन्- 'भयको कारणले तिमीले पूर्वअदृष्ट मानिसलाई पनि -नागभार्यालाई पनि अभिवादन गरेनौ । यो बुद्धिमानहरुको लागि योग्य छैन ।' बोधिसत्वले जवाफमा भने- 'हे नाग, म मृत्यु भयले डराएको छुइनं, तर जुन 'वध्य' हो त्यसले न कसैलाई नमस्कार गर्छ, न कसैले त्यसलाई नमस्कार गराउँछ ।'



https://dhamma.digital

नागभार्याले यो कुरा स्वीकार गर्नासाथ पछि स्वयं बोधिसत्वले नागभार्याको कुशलक्षेम सोध्दै भने - 'हे नाग, तिम्रो ऋद्धि, द्युति, बल, वीर्य, उपपत्ति सारा अशाश्वत हुन्, शाश्वत होइनन् । हे नाग, म सोध्दैछु - तिमीलाई यो विमान कसरी प्राप्त भयो ?' नागभार्याले- 'त्यो विमान आफ्नै निष्पाप पुण्यकर्मको फलस्वरूप लाभ भएको' भन्नासाथ बोधिसत्वले ऊसँग सोधे- 'हे नाग, तिम्रो के व्रत हो ? तिम्रो के ब्रह्मचर्य हो ? तिम्रो कुन शुभकर्मको परिणामले यी लाभ भएका हुन् ?' तब 'दान र शील जस्ता शुभकर्मको परिणामले यी वैभव र शक्ति लाभ भएको' भन्नासाथ बोधिसत्वले उसलाई उपदेश दिए - 'यदि तिमीलाई यसरी पुण्यकर्मको फलले नै विमान लाभ भएको हो भने, तिमी स्वयंलाई नै पुण्यकर्मको फलविषयमा राम्ररी थाहा छ । त्यसैले अहिले अप्रमादी भएर धर्माचरण गर, जसले गर्दा तिमीलाई फेरि यसरी नै विमान लाभ हुनेछ ।'

यसरी प्रकाश पार्दा नागभार्याले सोधिन- 'जहाँ दान प्रतिग्राहकहरु छैनन्, त्यहाँ बसेर कसरी कस्तो पुण्यकर्म गर्न सकिन्छ ?' उसलाई पनि नागराजलाई जस्तै बोधिसत्वले भने- 'आफूमा आश्रित भइरहेका आफ्नो पुरुष र छोराछोरी, त्यसरी नै अन्य इष्टमित्रहरुसँग जहिले पनि वाणीले र कर्मले मैत्रीपूर्ण व्यवहार गर ।' तिमी यसरी मैत्रीयुक्त चित्तको भएर पुण्य गर्न सक्नेछौ ।' फेरि बोधिसत्व विधुरले नागभार्या विमलालाई भने- 'हे नाग, संकोच मान्नु हुँदैन । म यहीं नै छु । मेरो शरीरको जुन काम लिनुपर्ने हो त्यो काम लेऊ । यदि हृदयमंस चाहिएको छ भने त्यहीँ नै लेऊ । यदि तिमीहरुले मलाई मारेर लिन सक्दैनौ भने तिम्रो इच्छाअनुसार म आफैले नै गरिदिन्छु ।'

तर जवाफमा नागराजाले भन्यो -

*पञ्ञा हवे हदयं पण्डितानं, तेत्यम्ह पञ्ञाय मयं सुतुट्ठा ।*
*अनुनमामो लभतज्ज दारं, अज्जेव तं कुरुयो पापयातु ॥*

पण्डितहरुको प्रज्ञा नै उनीहरुको हृदय हो । हामी तिम्रो प्रज्ञा देखेर सन्तुष्ट भइसक्यौं । पुण्णकलाई उसको जहान पाउँछ । फेरि आज नै तिमी कुरुदेशमा फर्किन सक्छौ ।

पुण्णकले आफूले इच्छा गरेझैं इरन्दती लाभ हुनासाथ उसले बोधिसत्व विधुरलाई आफूमा भएको कौरव्य राजासँग राजासँग बाजी गरेको विचित्र मणिरत्न उपहार दियो । बोधिसत्वले पनि उसलाई धर्मपूर्वक दाम्पत्य जीवन बिताउने उपदेश दिए । अन्तमा पुण्णक प्रसन्न भएर बोधिसत्व विधुरलाई



https://dhamma.digital

कौरव्य राज्यमा सकुशल फिर्ता राख्न ल्यायो । फेरि पनि सबैलाई धर्मउपदेश दिंदै बोधिसत्वले आफ्नो जीवन बिताए ।

## महाबोधि जातक (५२८)

अस्सी करोड धनसम्पत्ति र ऐश्वर्य त्याग गरी तक्षशीलाको शिल्पविद्याले निपुण भएका बोधिसत्वले परिव्राजक पव्रज्या लिए । फेरि धेरै वर्षसम्म हिमालयमा बसिसकेपछि महाबोधि चारिका गर्दै वाराणसी पुगे । उनको शान्त संयमित इन्द्रिय देख्नासाथ प्रसन्न भएर वाराणसी नरेशले उनलाई आफ्नो दरबारको बगैंचामा बसाए । तर बोधिसत्वले विचार गरे - 'दरबारमा अनेक दोष हुनसक्छ । धेरै शत्रु हुनसक्छन्' यसरी विचार गरेर उनले राजदरवारको एउटा कुकुर पिङ्गलवर्णलाई सधैं एकएक गाँस भात खुवाए ।

राजाको दरवारमा पाँचजना अर्थ र धर्म अनुशासक मन्त्रीहरु पनि थिए । ती पाँचैजना पाँच फरक वाद (सिद्धान्त) का थिए । एकजना *'प्राणीहरु संसारमा त्यसै नै जन्म हुन्छन्'* भन्ने अहेतुवादी, एकजना *'यो संसार नै ईश्वरकृत हो'* भन्ने ईश्वरवादी, एकजना *'यो संसार प्राणीहरुलाई हुने यावत सुखदुःख उसको पहिले गरिआएको कर्मको कारणले हुन्छ'* भन्ने पूर्वकृतवादी, एकजना *'यसपछि अर्को लोक छैन, त्यसैले मानिसहरु मरेर यही नै लोकमा उच्छेद (नाश) हुन्छ'* भन्ने उच्छेदवादी, एकजना भने *'आमाबाबुलाई मारेर भए पनि आफ्नो स्वार्थ सिद्ध गर्नुपर्छ'* भन्ने क्षतविधवादी आदि थिए । फेरि उनीहरु पाँचजना न्यायको आसनमा बसेर घुस खाँदै नै धनी पनि भएका थिए ।

एकदिन एकजना मानिस त्यसै अनावश्यकरूपले मुद्दामा हराइदिएकोले ठूलठूलो स्वरले कराउँदै आइरहेको थियो । फेरि उसले बोधिसत्वलाई देख्नासाथ 'संसार घुसले गर्दा विनाश भइरहेछ र पनि तपाईं कसरी उपेक्षावान भई बस्नुभएको' ? भनी करायो । तब बोधिसत्वले न्याय के गरिदिएका थिए मानिसहरुको प्रसन्नताको आवाजले राजदरवार नै घन्कियो । परिणाम यो भयो कि राजाले धेरै आग्रह गरेर बोधिसत्वलाई दिनको आठ विशेष प्रकारको मुद्दा हेरिदिनुहुन आग्रह गऱ्यो । उनले मुद्दा हेर्ने कार्य गरिदिनासाथ पाँच पण्डितहरुको लाभमा हानी पुग्यो । यसरी आफ्नो द्रव्यप्यासमा बाधा भएको बदला उनीहरुले राजाको मनमा बोधिसत्वप्रति शंका उत्पन्न गराउन थाले । आफ्नो राज्याशन कसैले लेला कि भनी डराएको, फेरि यस भयले जुनसुकै कुरा पनि आँखा चिम्लेर विश्वास गर्ने राजाले महाबोधि बोधिसत्वलाई पनि राज्यधनबाट र अझ राज्यबाट पनि निकाल्ने विचार गऱ्यो । फेरि पाँचजना



https://dhamma.digital

अमात्य ब्राह्मणहरुको सल्लाह अनुसार नै उनको अनादर गर्दै लग्यो । आश्रममा ओछ्यान भएन । मिसिएको चामलको भात दिन थाल्यो । सिँढीमा नै भिक्षा दिने गऱ्यो । अझ कनिकाको भात ढोका बाहिर नै दिनेसम्म गऱ्यो । तर बोधिसत्व महाबोधि भने *'यो अश्रद्धाको यथार्थ कारण जानेर मात्र यहाँबाट जान्छु'* भनेर बसे ।

उता यसरी अपमानित भएर पनि महाबोधि परिव्राजक नगएको कारणको पाँचजना अमात्यहरुले आफूतिर फाइदा हुने गरी अर्थ निकालेर व्याख्या गर्ने भ्रमको खेती गरे- *'ऊ त खानको लागि बसिरहेको नै होइन । राज्यको लागि बसिरहेको हो'* भन्नासाथ राजा झन् तर्से । तब राजाले हुकुम गरे- *'दरवारमा आउँदाखेरि महाबोधिलाई ढोकामा नै टुक्रिने गरी काटिदिनू ।'* यसै विषयमा राजा र रानीबीच पनि कुरा भयो । जुन पिङ्गलवर्ण कुकुरले सुन्यो । तब भोलिपल्ट भिक्षाको लागि बोधिसत्व महाबोधि दरवारढोकातिर के आएका थिए कुकुरले भौं भौं गरी भुक्यो । तब उनी भिक्षा नलिई त्यसै चुपचाप दरवारको बगैंचामा फर्किए । राजाले यो कुरा सबै हेर्दै विचार गऱ्यो- *'यदि यो साँच्चैकै मेरो शत्रु हो भने यसले अब फर्किनासाथ युद्धको तयारी गर्दछ ।'* राजाले उद्यानमा गएर हेर्न गयो । बोधिसत्व फर्किएर जानको लागि तयार भइरहेको देखेर, मुख पुछ्नेझैं गरी राजाले- *'कहाँ जान लाग्नु भएको ?'* भन्नासाथ बोधिसत्वले भने- *'म बाह्र वर्षसम्म एक ठाउँमा बसें तर पिङ्गलले कहिले पनि भुकेन । अब तिमी र तिम्री जहानको मप्रति श्रद्धा रहेनछ भनेर थाहा पाउनासाथ उसले रिसले भौं भौं भुक्यो ।'* बोधिसत्वले फेरि भने- *'निकालेर पठाइनुभन्दा पहिले आफू नै पहिला गइदिनु राम्रो हुन्छ । पानी नभएको कुवाको भरोसा लिनु हुँदैन । त्यस्तो कुवा खनेर पानी नै निकाले तापनि त्यो पानी हिलोस्वाद आउने हुन्छ । हे महाराज, यदि यसरी घुम्दै जाँदा मेरो वा तिम्रो केही नभएमा सम्भव भए फेरि हाम्रो भेट हुने नै छ ।'*

यसरी बोधिसत्व महाबोधि हिमालय प्रदेशमा फर्किए । बोधिसत्व जानासाथ ती पाँचजना अमात्यहरुको हातमा फेरि न्याय आइपऱ्यो । धनसम्पत्ति लुट्न पाइयो । तब उनीहरुको विचारमा बोधिसत्व पूर्वआशक्तिले गर्दा फेरि फर्किएर आउँछ कि भनेझैं पनि भयो । त्यसैले भ्याएसम्म उनलाई मार्न लगाउने नभएमा दरवारको ढोका भए पनि सदाको लागि बन्द गरिदिने भनी राजाको कानमा महाबोधि र महारानीको पत्राचार भइरहेको कुरा पुऱ्याइदियो । महारानीको तर्फबाट राजाको गुप्त हत्या हुने कुरामा विश्वास हुनासाथ राजाले निरपराधी महारानीलाई गुप्तहत्या गराउन लगायो । महारानीको हत्या हुनासाथ उसका चारजना छोराहरुले बाबुको विरोधमा तलवार उठाए ।



https://dhamma.digital

यस संघर्षको आवाज बोधिसत्व महाबोधिको कानमा पुग्यो । तब तुरुन्त नै *'म बाहेक कसैले पनि कुमारहरुलाई बुझाएर राजालाई क्षमा दिलाउन सक्दैन'* भनी विचार गरेर राजालाई जीवनदान दिन, फेरि कुमारहरुलाई पनि पापबाट बचाउन, भोलिपल्ट नै बोधिसत्व वाराणसीतर्फ हिँडे । बाटोमा उनलाई दिइएको भिक्षामा बाँदरको मासु पनि परेको थियो । बोधिसत्वले तब यसलाई नै उपदेश दिन निमित्त बनाउने विचार गरे । फेरि बाँदरको छाला मागेर लिए । त्यो छाला सुकाएर एक एक पल्ट ओढ्ने, लगाउने, कुममा राख्ने गरे भने पानी ल्याएर एकपल्ट छर्किंदै त्यसलाई बिछ्याए पनि । तब पहिला उनले क्रुद्ध भएका कुमारहरुलाई उपदेश दिएर संयमित गरे । त्यसपछि राजाको दरवारको बगैंचासम्म गए ।

बोधिसत्व महाबोधि आएको खबर थाहा पाउनासाथ राजा आफ्ना पाँच अमात्यहरुसँग बगैंचामा आए । राजाले महाबोधिसँग कुशलक्षेम सोधे । तर बोधिसत्वले भने राजासँग कुरा नगरी बाँदरको छालामा मात्र हातले सुमसुम्याउँदै बसे । त्यसैले राजाले सोध- 'भन्ते, तपाईंले मलाई किन वास्ता नगरी बाँदरको छालामा मात्र सुमसुम्याउँदै बस्नुभयो । किन त्यो मभन्दा पनि अति नै ठूलो हो कि ?'

बोधिसत्वले जवाफ दिए - 'हो महाराज, यो बाँदर मेरो ठूलो उपकारी हो । म यसको शरीरमा बसेर घुमें । यसले मलाई पिउने पानी गाग्री ल्यायो । यसले मेरो निवासस्थान सफा गऱ्यो । यसले मेरो सामान्य सेवा गऱ्यो । मैले आफ्नो चित्तको दुर्बलताको कारणले गर्दा यसको मासु खाएँ । छाला सुकाएर त्यसमा बसिरहेको छु, सुतिरहेको छु । यसप्रकार यो मेरो साँच्चै नै उपकारी हो ।'

बोधिसत्वले यसरी भनेको कुरामा ठूलो आन्तरिक अर्थ लुकेको थियो । छाला शरीरमाथि एकपल्ट ओढेकोलाई नै शरीरमा बसेर घुमेको छ, छाला कुममा राखी त्यसमा धुलो टकटकाएकोलाई नै निवासस्थान सफा गरेको छु, सुत्दा ढाडमा र उठ्दा खुट्टामा छुएकोलाई नै सामान्य सेवा गरेको छु, भिक्षामा दिएको मासु खानु परेको नै आफ्नो दुर्बलताले गर्दा यसको मासु खाएको छु भनी भनेका थिए ।

तर यो अभिप्रायः नबुझ्ने पाँचजना अमात्यहरुले यो कुरा सुन्नासाथ तालि बजाएर उनलाई हाहा गरी उपहास गरे । वास्तवमा त बोधिसत्वलाई यही नै स्थिति ल्याउनु परेको थियो । बोधिसत्वले - *'किन तिमीहरुले मलाई यसरी उपहास गरेको ?'* भन्नासाथ उनीहरुले भने- *'तिमी मित्रद्रोही हौ । तिमीले प्राणीहत्या पनि गऱ्यौ ।'* तब बोधिसत्व महाबोधिले भने- *'तिमीहरु*



https://dhamma.digital

*जस्तैले र तिमीहरुको जस्तै मतमा श्रद्धा राख्नेहरुले यस्तो काम गऱ्यो भने त्यसमा पश्चाताप मान्नुपर्ने कारण नै के छ र ?'*

अहेतुवादीको मुख हेरेर बोधिसत्वले भने- 'यदि तिम्रो भनाइअनुसार संसारमा जे जति, त्यसमा सारा त्यसै नै हुन्छ, अनिच्छाले नै करणीय वा अकरणीय कार्यहरु हुने हो भने मैले कसरी बाँदर मारेको हुन्छ ? त्यसै पनि मर्नुपर्ने, मेरो तर्फबाट पनि त्यसै मार्नेकार्य हुन गयो, यसमा किन हिंसा हुन्छ ? यदि तिम्रो 'संसारमा हुनुपर्ने कामकुरा त्यसै हुनुपर्ने अनुरूप हुन्छ' भन्ने मत कल्याणकारी हो, अकल्याणकारी होइन भने फेरि तिम्रो यो उपदेश यथार्थ हो भने तिम्रो लागि त मेरो तर्फबाट बाँदरको हत्या भएको छैन । जे भयो, त्यसै हुनुपर्ने भयो, ठीकै भयो । यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो कामको निन्दा गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै तिमीले पहिला ठीक छैन भन ।'

बोधिसत्वले उसलाई निरुत्तर गरिसक्नुभएपछि ईश्वरवादीको मुख हेरेर भने-

*इस्सरो सब्बलोकस्स, सचे कप्पेति जीवितं ।*
*इद्धिव्यसनभावञ्च कम्मे कल्याणपापकं ।*
*निद्देसकारी पुरिसो इस्सरो तेन लिप्पति ॥*
*सचे अत्थो च धम्मो च कल्याणो न च पापको ।*
*भोतो चे वचनं सच्चं सुहतो वानरो भया ॥*
*अत्तनो चे हि वादस्स अपराधं विजानिय ।*
*न मे त्वं गरहेय्यासि भोतो वादो हि तादिसो ॥*

Dhamma.Digital

यदि ईश्वरले सम्पूर्ण संसारको जीविकाको व्यवस्था गर्ने हो भने, यदि उसको नै इच्छा अनुरूप मानिसहरुलाई ऐश्वर्य पाइने हो भने, उनीहरुलाई विपत्ति आउने हो भने, उसले नै राम्रो नराम्रो गर्ने हो भने, यदि मानिस खालि ईश्वरको आज्ञा मान्ने हो भने यहाँ पनि ईश्वर नै दोषी ठहरिन्छ । ईश्वरले नै बाँदर मारेको हो, मैले मारेको होइन । यदि तिम्रो मत ठीक छ भने मेरो कामको निन्दा तिमीले गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै तिमीले पहिला ठीक छैन भन ।

फेरि पूर्वकृतवादीको अनुहार हेरेर बोधिसत्वले भने- 'यदि पूर्वकृत कर्मको कारणले नै यहाँ सारा सुखदुःख हुने हो भने, यदि यहाँको पापकर्म पुरानो पापकर्म ऋणमुक्तिको कारण हुने हो भने, यहाँ कसलाई के पाप लाग्छ भन्ने हुन्छ ? यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो कामको निन्दा गर्नु



https://dhamma.digital

हुँदैन । यदि मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै पहिला तिमीले ठीक छैन भन ।'

उच्छेदवादीको अनुहार हेर्दै बोधिसत्वले भने- 'यहाँ लिनेदिने केही पनि छैन भने, यहीं नै प्राणीहरु उच्छेद भएर जाने, कोही परलोक जाने भन्ने छैन भने, फेरि तिमीले मेरो निन्दा किन गरिराखेको ? पृथ्वी आदि चार महाभूतले नै प्राणीहरुको रूपको उत्पत्ति हुन्छ भने, फेरि कहाँ रूपको उत्पन्न हुँदो हो त्यहीं नै विलिन भएर जान्छ । जीव यहाँसम्म मात्र जीवित हुन्छ, मरेर विनष्ट भएर जान्छ । पण्डित र मूर्ख साराको यहीं नै उच्छेद भएर जान्छ । यदि सत्य यस्तै नै हो भने यहाँ कसलाई पाप लाग्छ भन्ने हुन्छ ? यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो निन्दा गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने पहिला तिमीले आफ्नो मतलाई नै ठीक छैन भन ।'

फेरि क्षतविधवादीको अनुहार हेरे बोधिसत्व महाबोधिले भने- 'आयुष्मान्, यहाँ तिम्रो मत हो कि आमाबाबु मारेर पनि आफ्नो स्वार्थसिद्ध गर्नुपर्छ । फेरि तिमीले मलाई किन गिज्याएको ? आफूलाई आफैले पण्डित सम्झिने मूर्ख क्षतविधहरुको वचन हो- आमाबाबु र दाजुभाइ मार, त्यसरी नै जरुरत पर्‍यो भने छोराछोरी र पत्नी पनि मार, तर मेरो मत हो जुन रुखको छहारीमा बसेको छ, सुतेको छ, त्यस रुखको एउटा हाँगो पनि भाँच्नु हुँदैन । मित्रदोह पाप हो । तिम्रो मतअनुसार त आफूलाई मात्र चाहियो भने आफूलाई छहारी दिने रुखको हाँगा त के त्यस रुखको जरादेखि उखेलेर पठाउनुपर्छ । त्यसो हो भने मलाई पाथेय्य (यात्रा खर्च, आहार) चाहिएकोले मेरो तर्फबाट जुन बाँदरको हत्या भयो त्यो ठीक नै छ । त्यसैले तिम्रो मत ठीक छ भने तिमीले मेरो निन्दा किन गर्‍यौ ?'

यसरी पाँचैजना पण्डितहरुलाई पनि मुखभरि जवाफ दिएर आफूले बाँदरको हत्या नगरेको र बाँदरको छालासम्बन्धी कुरा राजालाई बुझाइदिएको कुरा स्पष्ट पारे । फेरि राजालाई भने - *'महाराज तपाईंले यस्ता पाँचजना राष्ट्र लुटाहाहरुका कुरा सुनेर बस्नुभयो । तपाईं कतिसम्मको मूर्ख ! यस्ता मानिसहरुको संगतले नै मानिसहरुले यस लोकमा पनि परलोकमा पनि ठूलो दुःख भोग्नुपर्ने हुन्छ । अहेतुवादी, ईश्वरवादी, पूर्वकृतवादी, उच्छेदवादी फेरि क्षतविधवादी यी दुनियाँमा असत्पुरुष हुन्, जसले वास्तवमा मूर्ख भएर पनि आफूलाई आफैले पण्डित सम्झिन्छन् । यिनीहरुले आफैले पनि त्यस्तै पाप गर्दछ । अरुको तर्फबाट पनि त्यस्तै पाप गराउँछन् । यस्ता असत्पुरुषहरुको संगतिले दुःख उत्पन्न गर्ने र तीतो फल दिने हुन्छ । यिनीहरु भेंडाको रूपमा बस्ने स्यालजस्तै हुन् जसले भेंडाको बथानमा बसेर भेंडा खाँदै बस्छन् ।'*



https://dhamma.digital

बोधिसत्व महाबोधिले फेरि राजालाई उपदेश दिए- 'जसले फल फल्ने रुखको हाँगा भाँच्छ, उसले त्यो रुखमा फलेको फलको स्वादको मूल्य नै बुझ्दैन । अझ उसले त्यस्तो रस दिने फलको बीउसमेत नष्ट गर्दछ । यसरी नै महानवृक्षजस्तै राष्ट्रको जसले अधर्मपूर्वक शासन गर्दछ, उसले उसको मूल्य थाहा पाउँदैन फेरि उसले राष्ट्रसमेत नष्ट गर्छ। जो अधार्मिक राजाले निरपराधी भार्याको हत्या गर्छ, ऊ नर्कमा पर्छ फेरि उसका छोराहरु स्वयं नै उसको विरोधी हुन्छन् ।'

त्यसपछि राजकुमारहरु चारैजना बोलाएर उनीहरुकै अगाडि राजाको अपराध विषयमा भनेर बोधिसत्वले राजालाई राजकुमारहरुबाट क्षमा दिलाए । पछि राजालाई भविष्यमा यस्तो दुस्साहस नगर्ने विषयमा सतर्क गराए। राजाले उनीहरुको कुरामा लागेर नै बोधिसत्वप्रति र देवीप्रति पापकर्म गर्न पुग्यो भनी उनीहरु पाँचैजना अमात्यहरुलाई मार्न लाग्यो । तर बोधिसत्वले रोके । फेरि राजाले उनीहरुको हातखुट्टा मात्रै भए पनि काटिदिने भनी भन्यो, यो पनि बोधिसत्वले हुन दिएनन् । अन्तमा राजाले उनीहरुलाई केश खौराएर, गोबर पोतेर अपमान गरेर देशनिकाला गरिपठाए। अन्तमा बोधिसत्व केही दिन त्यहाँ बसेर राजालाई अप्रमादी हुने उपदेश दिँदै हिमालयमा गए । त्यहाँ बोधिसत्व महाबोधि ध्यान अभिज्ञा लाभ गरेर ब्रह्मविहारको भावना गर्दै ब्रह्मलोकगामी भए ।

## महोषध जातक

बौद्धप्रज्ञाको कथात्मक व्याख्या प्रस्तुत गर्ने बौद्धवाङ्मयमा अनेक चरित्र छन् । फेरि यी अनेक चरित्रमध्ये प्रत्येक चरित्रले कति स्पष्ट बौद्धप्रज्ञाको विभिन्न स्वरूपमध्ये एउटा पक्षको स्वरूपमा स्पष्टता ल्याउँछ, त्यति एउटै बौद्धचरित्रले सारा बौद्धप्रज्ञापक्षको स्वरूप स्पष्टता ल्याउँदैन । त्यसैले पनि अनेक चरित्रले बौद्धप्रज्ञाको भिन्नभिन्न पक्षको कथात्मक व्याख्या सम्भव छैन । त्यसैले प्रज्ञापक्षको तेश्रो एउटा अर्को जातक महाउम्मग्ग जातकको कथात्मक व्याख्या भिक्षु अनुरुद्धद्वारा गरिएको अनुवाद महोषध महाजातकको सारांश पढ्नु लाभदायी हुने देखिन्छ ।

महोषध जातक जातकीय उद्‌बोधनको शब्दमा पढेमा गम्भीर प्रज्ञा, प्रमुदितप्रज्ञा, तत्क्षणप्रज्ञा, दुष्करप्रज्ञा, निर्वेदप्रज्ञा, परोपवादमर्दनप्रज्ञा र महाप्रज्ञाको कथा हो । फेरि बौद्धप्रज्ञापक्ष कति बहुजन हितवादी र बहुजन सुखवादी हुन्छ, कति न्याय, करुणा, सेवा, पवित्रता र अनुशासनसंयुक्त हुन्छ, फेरि कति कसरी तृष्णाभिभूत नहुने हुन्छ- यी सारा कुराको रमाइलो व्याख्या



https://dhamma.digital

नै महोषध चरित्र हो । साथै अबौद्धप्रज्ञा कति इर्ष्या, द्वेष, स्वस्वार्थ, कुनियत र लोभ तृष्णाले ग्रसित हुन्छ, फेरि यसको लागि कति अबौद्ध पण्डितहरु बहुरूपी हुन्छन्, कतिसम्म फूलबुट्टा भरिएको हुनसक्छ भन्ने कुरा अगाडि राखेर नै बौद्धप्रज्ञाको निर्वेद निस्वार्थ भाव स्पष्ट गर्दछ ।

बोधिसत्व महोषधले आफ्नो शैशवकालमा नै आफ्नो हजारजना साथीहरुसँग मिलेर रमाइलो गरी खेल्न पोखरी बगैंचा भएको क्रिडाशाला, अनाथालय, प्रसूतिगृह, धर्मशाला र अतिथिभवन र वस्तु संरक्षणगृह बनाए । यही नै कृति वास्तवमा भन्ने हो भने बौद्ध पण्डितको आधारशीला हो ।

महोषधको लोकसेवाको कीर्तिकथाले पण्डित खोजिरहेको विदेह राजालाई अत्यन्त आकर्षित गऱ्यो । तर राजाको महामन्त्री सेनकले यसलाई विकर्षित गर्न धेरै कोशिस गऱ्यो । महामन्त्री सेनकको अगाडि नै महोषधले अनेक आफ्नो चमत्कार देखाए । चीलसँग भएको मासुटुक्रा चीलको छाँयासँग दौडिएर छालातल पुग्नासाथ बेस्सरी कराएर झारिलिए । एकजोडि गोरूप्रति मेरोमेरो भनी झगडा गर्दै हिँडेकाहरुलाई उनीहरुले गोरूलाई खुवाएर ल्याएको कुरा सुनेपछि आफूले बालाचि बोटको पातको रस पिलाएर गोरुहरुलाई छेर्न लगाएर वास्तवमा गोरु कसको हो भन्ने झगडा छिनिदिए । एउटै जन्तरमा एउटी गरीब वृद्धाको र एउटी तरुनीको दावीलाई उनीहरुले जन्तरमा कुनकुन तेल लगाइएको छ भनी उनीहरुसँगै सोधेपछि पानीमा जन्तर डुबाएर गन्ध निकालेर सुँघ्न लगाए । धागोको एक डल्लोमा दुई जनाले मेरोमेरो भन्ने झगडामा धागो डल्लोभित्र रहेको भित्रीकाठद्वारा सर्वमान्यरूपले सत्य अगाडि राखिदिए । एउटै बच्चालाई दुइटी महिलाहरुले मेरो बच्चा भनी भनेकोमा बच्चालाई दुबैले दुबैतिर तान्न लगाउनु भएर मातृत्वको मायामा न्याय प्रदान गरे । गोतकालको पत्नी दीघताललाई दीघपिट्ठि भगाएर लान खोज्दा निस्केको झगडामा नाउँ, गाउँ र कुरा दुबैलाई एकाएकातिर राखी सोधेर वास्तविकताको रहस्य उद्घाटन गर्दै नैतिक प्रेमको न्याय जिताइदिए ।

तर यसरी अनेक तत्क्षणप्रज्ञा र तीक्ष्णप्रज्ञाको दसी प्रमाण प्रकट भए तापनि महामन्त्रीले महोषधलाई दरवारमा भित्र्याउनेमा बाधा दिई नै रह्यो । विदेहराजाले अनेक प्रकारले महोषधको बुद्धिको परीक्षा गऱ्यो । सारा परीक्षामा दुष्करप्रज्ञाको कारणले महोषध उत्तीर्ण भए तापनि अहंयुक्त गर्वले जुँगा मुसारेर भूँडी ढल्काएर हिँड्ने चारजना पण्डितहरुले राजाको मङ्गल घोडाको खुट्टा भाँचिदिएसम्म राजालाई महोषधको मुख देख्नाले अमङ्गल हुने धम्की दिए । तर त्यसो भए पनि चारजना पण्डितहरुले आखिरमा महोषधको लागि दरवारको ढोका बन्द गर्न सकेनन् । महोषध दरवारमा भित्रियो । अझ केही समय नबित्दै आफ्नो प्रज्ञाको चमत्कारले आफ्ना हजारजना साथीहरुका लागि समेत



https://dhamma.digital

दरवारको ढोका खोलिदिनमा उनी सफल भए । उदुम्बराको सौन्दर्य र यौवनमा संकीर्ण आँखाले हेर्दा पनि महोषधले कुलक्षण र सुलक्षण स्वर्ग र पातालजस्तै फरक छ भनिदिए । यसले गर्दा उदुम्बरा महारानी मृत्युदण्डबाट मुक्त भयो । यता महोषधलाई स्वयं उदुम्बरा महारानीले भाइको रूपमा नाता जोडिन् ।

एकपल्ट प्रज्ञा र भवभोगमा कुन ठूलो भन्ने विषयमा विवाद भयो । विदेहराजाको प्रमुखमन्त्री सेनकको भनाई हो - 'लोकमा प्रज्ञा केही नभए तापनि हातमा कुनै शिल्प नभए तापनि, जातमा नीच नै भए तापनि धनदौलत हुनासाथ पुग्दछ ।' सेनकको यस भनाईमा उसको सम्पन्न कुलको संस्कार समाहित भएका छन् । साथै त्यसै देशको गोविन्द नामक महाजनको सुख ऐश्वर्यको प्रमाण उसको हृदयमा गाडिएको थियो । गोविन्द महाजन अति नै कुरूप, त्यसै गरी ज्ञान भएको पनि होइन । उसले कुरा गर्दा र्‍याल नै तुरुर झर्ने गर्थ्यो । तापनि उसको दायाँबायाँ दुइटी राम्री तरुनी जहानहरु बसेर उसको मुखको र्‍याल नीलकमलले थापेर लिने गर्दथे ।

महोषधको भनार्य हो - 'त्यस्तो ऐश्वर्य मूर्खहरुसँग धेरै अड्दैन । किनकि उनीहरुको मन आकाश र हावाको धार नहेरी मनपर्दो ठाउँमा प्रमुदित भएर दौडिरहन्छ । फेरि वास्तवमा भवभोग सम्पत्ति भनेको राम्रो छायाँजस्तै मात्र हो, जुन स्थीरले बसिरहँदैन । जब प्रज्ञाहीन मानिसहरु भवभोगबाट च्यूत भए कि बालुवामा परेको माछाजस्तै छट्पटिन्छन् । प्रज्ञा र भवभोग दुईमा कुन श्रेष्ठ भन्ने विवादमा अन्तमा महोषध पण्डितको नै विजय भयो ।

पछि महोषधको अमरादेवीसँग विवाह भयो । आफैले खोजेर योग्यसँग विवाह गरी ल्याउँदा महोषध झन् बलियो हुनेभयो भनी सोचेर चारजना पण्डितहरुलाई निद्रा लागेन । एकपल्ट त झण्डै महोषधलाई राजकुलको अनेक वस्तुको चोरीको आरोप लगाएर विनष्ट गर्न लागेका थिए । तर अमरादेवीको बुद्धिमत्ताले गर्दा चारजना पण्डितहरुकै इज्जत बरबाद हुनुपर्‍यो । तर यति भयो भनेर उनीहरु कहाँ चुप लागेर बसे र ? एकदिन राजाको मनमा महोषधले राज्याशन नै खोसेर लिन लाग्यो भन्ने शंका वीजारोपण गरिदिए । उनीहरुले प्रमाणको रूपमा यो पनि भन्यो- 'महोषधले इच्छा अत्यन्त गुप्त गरिराखेको छ । उसको सिद्धान्त नै गुप्तकुरा कसैलाई पनि बताउनु हुँदैन' भन्ने हो ।

राजाले साँच्चै महोषध आउनासाथ सबैसँग यो कुरा सोधे- 'गुप्त कुरा कसलाई बताउनु हुन्छ ?' सेनकले भन्यो - 'गुप्तकुरा पनि अत्यन्त विश्वासी कुनै साथीलाई बताउनु हुन्छ ?' पक्कुसले भन्यो - 'साँच्चै हितचित्त मिलेको भएमा गुप्तकुरा आफ्नो भाइलाई भन्नुहुन्छ ।' कामिन्दले भन्यो - 'गुप्त कुरा भए पनि आफ्नो कुरा मान्ने, आफूले भनेझैं भएको छोरालाई बताउनु हुन्छ ।' देविन्दले भन्यो - 'गुप्तकुरा कसैलाई भन्न नहुने भएमा मुख बलियो



https://dhamma.digital

भएकी आमालाई बताउनु हुन्छ ।' तर महोषध पण्डितको भनाई हो- 'गुप्तकुरा कसैलाई पनि भन्नु हुँदैन । होइन भने त्यो काममा विघ्न हुनसक्छ ।'

महोषधको कुराले राजाको मनमा भएको शंकाको पुष्टि भयो । तब राजाले महोषधको हत्या गरिपठाउनुमा नै धेरै असल हुने ठान्यो । यता महोषध पण्डितले राजाले त्यसरी प्रश्न गरेको कारण जान्ने विचार गरे । यसको लागि चारजना पण्डितहरुको धारणाभित्र रहेको आधार जान्ने पनि महोषधले विचार गरे ।

चारजना पण्डितहरु महोषध मार्ने खुशीमा आँखाले केही पनि देखेनन् । चारैजना एउटै टेबुलमा बसेर खुशियाली मनाइबसिरहे । त्यस टेबुलमुनि भने महोषध बसिरहेका थिए । राजाले महोषधको हत्या गर्न तलवार नै सुम्पेर पठाइसकेको कुरा पनि बताए । कुरैकुरामा उनीहरुले राजा अगाडि गुप्तकुरा कसलाई विश्वास गर्न योग्य छ भनेको हो त्यो आ-आफ्नो कल्पना हो कि यथार्थले नै भनेको हो भन्ने प्रश्न पनि ती पण्डितहरुको अगाडि खडा भयो । आ-आफ्ना साथीहरुलाई विश्वास गरी उनीहरुले आ-आफ्नो धारणाको आधार आ-आफ्नो अनुभव भएको कुरा पनि बताए ।

सेनकले भन्यो- 'मैले नगरकी एउटी वेश्यासँग दुराचार गरें । उसलाई मारेर उसको गरगहना पनि लिएँ । यो रहस्य मेरो एकजना साथीलाई थाहा छ। तर उसले आजसम्म कसैलाई पनि बताएको छैन । त्यसैले मैले गुप्तकुरामा साथीलाई विश्वास गर्नुहुन्छ भनेको हुँ ।' पक्कुसले भन्यो- 'मेरो तिघ्रामा कुष्ठरोग छ । मेरो भाइले एकैबिहान उठी त्यसमा औषधी गरिदिन्छ । मेरो त्यसै तिघ्रामा टाउको राखेर कतिपल्ट त राजा नै सुतिसक्यो । तर यो रहस्य मेरो भाइले रहस्य नै गरिराखेको छ । त्यसैले मैले भाइलाई विश्वास गर्नु हुन्छ भनेको हुँ ।' कामिन्दको भनाई हो - 'म अमावश्यपिच्छै पागल हुन्छु । तर मलाई मेरो छोराले पागल हुने दिन कोठामा थुनेर ढोका बाहिर बाजा बजाइदिन्छ । यो रहस्यमय काम मेरो छोराले कसैलाई पनि भनेन । त्यसैले मैले छोरालाई विश्वास गर्न योग्य भनेको हुँ ।' देविन्दले भन्यो - 'मैले लक्षण सम्पन्न माणिक्य एउटा चोरेर आमालाई दिइराखें । यो कुरा मेरी आमाले कसैलाई भनिनन् । त्यसैले मलाई विश्वास भएको हो - गुप्तकुरा आमालाई भन्दछन् ।'

यसरी चारैजनाको धारणाभित्रको रहस्य जानिसकेर महोषध आफ्नै घर फर्किए । उता राजाबाट महारानी उदुम्बराले महोषध हत्या हुने कुरा थाहा पाउनासाथ रोटीभित्र चिट्ठी राखेर सूचना गरिपठाइन् । भोलिपल्ट महोषध अति नै सतर्क हुँदै दरवार गए । टाढैबाट राजा देख्नासाथ रथबाट उत्रिएर उहाँले विनम्रताका साथ नमस्कार गरे । राजाको मनमा कुरा खेल्यो यति विनम्र



https://dhamma.digital

र निश्चल देखिने महोषध पण्डित कसरी मेरो शत्रु हुन्छ ? महोषध पण्डित राजाको नगिच पुग्नासाथ राजाले महोषधको विषयमा केही सोध्यो । उनले आफूलाई मार्न षड्यन्त्र गरिराखेको कुरा राजालाई स्पष्ट भने । राजाले यो रहस्य प्रकट भएको उदुम्बरा महारानीबाट भएको होला भनी रिसले महारानीलाई हेऱ्यो । तर महोषधले तुरुन्त भने- 'मैले त भने नि महाराज गुप्तकुरा कसैलाई पनि भन्नु हुँदैन । मेरो हत्याको कुरा त छोडौं, महारानीले भनेर थाहा पाउनु भयो होला । तर महाराज, मैले यी चारजना पण्डितहरुको आ-आफ्ना विश्वासको आधारको रहस्य कसरी थाहा पाएँ हुँला ? शालबगैंचामा वेश्यालाई मारेर धन लुट्ने सेनक ज्यानमारा हो । म साक्षी बकाउन उसको साथी ल्याउन सक्छु, जसले आजसम्म यो कुरा कसैलाई पनि भनेन । पक्कुस मन्त्री तिघ्रामा कुष्ठरोग भएको व्यक्ति हो, जुन कुरा उसको भाइले आजसम्म कसैलाई भनेन । कामिन्द मन्त्री महिनाको एकचोटी पागल हुने व्यक्ति हो, जुन उसको छोरा मात्र जान्दछ । देवेन्द्र मन्त्री राजपरम्पराको माणिकरत्न चोर हो । उसले त्यो रत्न आफ्नी आमालाई दिइराखेको छ ।'

यसरी सारा रहस्य प्रकट हुनासाथ चारजना दुष्टचित्त भएका मन्त्रीहरुलाई पनि जेलमा थुनी दण्ड दिने भनि राजाबाट आज्ञा भयो । तर महोषध पण्डितले गुप्तकुरा पूर्ण नभएसम्म कसैलाई पनि सुनाउनु नहुने कुरा प्रमाणित भएको विषय खुलस्त पारेर चारजना पण्डितहरुलाई पनि क्षमा दिन लगाए ।

यसरी दरवारमा रहेका अबौद्ध पण्डितहरु दमन गरिसक्दा नै फेरि विदेह राजाकहाँ एउटा राजनैतिक समस्या आयो । उत्तर पाञ्चालमा चुलनी राजाले बत्तीसवटा राज्य जितिसकेपछि पनि महोषधको कारणले गर्दा विदेह राज्य जित्न सकेन । तब आफ्नी छोरी पाञ्चाल चण्डीको रूप र सौन्दर्यको बयान विदेह राजाको कानमा पुऱ्यायो । फेरि मैत्रीसन्धि गरी छोरी दिने इच्छा पनि चुलनी राजाले प्रकट गरे । तर निर्वेदप्रज्ञा महोषध एकैचोटी खुशी भएनन् । यसको यथार्थता अध्ययन गरे । वास्वतमा चुलनी राजाले विदेह राजालाई बोलाएर बाघ थुनेझैं थुनेर राज्य जित्न खोजेको कुरा पनि थाहा पाए । यता राजालाई चाहिँ जति भने पनि यस कुराबाट विश्वास नभएकोले महोषध पण्डित आफू पहिला गएर विवाहको तयारी गर्न गए । फेरि दरबारदेखि विवाह मण्डपसम्म बनाउँदैछु भन्दै राज्यसीमा बाहिरसम्म चुलनी राजाको सुरुंगदेखि शाखा सुरुंग बनाउन दिए ।

राजा विदेहको राजकुमारी पाञ्चाल चुलनी विवाह गर्न शानदार राजयात्रा भयो । तर विवाह नक्षत्र के हेर्न लाग्यो, बत्तीस राजाहरुले सपनाजस्तै विदेह राजालाई घेरा दिए । शत्रुसेना देखेर राजाको हंसले ठाउँ छोड्यो । शत्रुको



https://dhamma.digital

हातमा परेकाहरुले शत्रुतर्फबाट हुने अचिन्तनीय कष्टमुक्तिको लागि विचार गर्नासाथ सेनक पण्डितले भन्यो - 'झ्याल बन्द गरेर घरमा आगो लगाउनुपर्छ, तब उसले उसलाई, उसले उसलाई मारेर सबै छिट्टै मरिजानुपर्छ ।' पक्कुस पण्डितले भन्यो- 'विष खाएर सबै मुर्नपऱ्यो ।' कामिन्द पण्डितले भन्यो- 'घाँटीमा पासो राखेर छिटै सबै मुर्नपऱ्यो ।' देविन्द्र पण्डितले मात्र सेनक पण्डितको कुरामा नै सही थाप्यो । यसरी अबौद्ध प्रज्ञावानहरुले पहिला भ्याएसम्म आफूलाई फाइदा पुऱ्यायो । पछि नसक्नासाथ अरुसहित आफू पनि घाँटीमा बाँधेर मरेर मारेर जाने विचार गरेकाले राजा विदेहलाई उनीहरुको पाण्डित्याई केराको थामजस्तै फुस्रो लाग्यो ।

यसरी मृत्युभयले हंस ठाउँ छाडिबसेका राजासहित चारजना मन्त्रीहरुलाई महोषध पण्डितले आश्वासन दिए । फेरि उनीहरुलाई सपनाजस्तै गरी सुरुंगभित्र लगे । उता महोषधको मानिसहरुले चुलनी राजाकी आमा, पत्नी, छोराछोरीहरुलाई राजाले जितेको विजयउत्सवमा जान भनी खास मार्ग त्यही सुरुंगमा ल्याए । तब महोषध पण्डितले राजालाई सुरुंगको बाटोबाट नदी किनारमा भएको डुंगामा पुऱ्याएर भने - 'त्यो तपाईंको सासु, यो पाञ्चालचण्ड भाइ र यो पाञ्चाल चण्डी तपाईंकी मन परेकी हो ।' यति भनेर उनीहरुप्रति राम्रो व्यवहार गर्ने कुरा बताएर उनीहरुलाई भगाएर महोषध पण्डित आफू चार महिना सुरुंग बनाउने छ हजार सहयोगीहरु भएको ठाउँमा फर्किए ।

उता राजा चुलनी आफ्नो काम असफल भएकोले रिसले चुर भए । तर निर्भयी र निर्वेद प्रज्ञावान पण्डित महोषधले राजाको अगाडि यथार्थ कुरा बताएर फेरि सबै भागिसकेको कुरा पनि बताए । रिसले महोषध पण्डितलाई र उसको सेनालाई कठोर दण्ड के दिन लागेको थियो महोषधले भने - 'मलाई जस्तो व्यवहार गऱ्यो, उसको आमा, पत्नी, छोराछोरीहरुलाई पनि त्यस्तै व्यवहार गरिनेछ ।' फेरि रिसले अन्धो नहोस् भन्नका लागि राजाकी रानीको रूप र सौन्दर्यको खुब वर्णन गरे । तब राजाको मनले आफ्नी महारानी मारे तापनि तिमीलाई बाँकी राख्दिन भन्न सकेन । महोषध पण्डितको मनोवैज्ञानिक प्रयोग सफल भयो । राजाले आफ्नी आमा र महारानीलाई फर्काउने कुरा गरे । महोषधले पछि विदेह राजा र चुलनी राजाका मन्त्री बीच सन्धिको कार्य गरिदिए । ससम्मान चुलनी राजाकी आमा र पत्नी छोराछोरीलाई फिर्ता दिए । विदेह राजालाई पनि राजकुमारी पाञ्चाल चण्डी विवाह गरिदिए । महोषधको यस्तो आश्चर्य र अद्‌भूत प्रज्ञा पराक्रम देखेर राजा चुलनीले भने- *'महोषध यतिका प्रज्ञावान भएर पनि तिमीले राज्य किन लिएनौं ?'* तब महोषध पण्डितले जवाफ दिए- *'मैले चाहेमा सबै जम्बूदीपको राज्य लिन सक्दछु । तर अरुलाई मारेर ऐश्वर्य लिने कामलाई पण्डितहरुले प्रशंसा गरिराखेको छैन ।'*



https://dhamma.digital

वास्तवमा यही नै बौद्धप्रज्ञाको आदर्श हो । फेरि महोषध पण्डितले कति दुष्टहरुलाई क्षमा दिए, कति त स्वयं आफू राग, द्वेष र मोहले निर्लिप्त भई देखाएभने कति प्रज्ञाद्वारा आफ्नो र अरुको जीउधन र जीवनको समेत आरक्षा गरे । यसलाई नै प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिताको कथात्मक व्याख्या हो ।

Dhamma.Digital



https://dhamma.digital

# वीर्य पारमिता

वीर्यको साधारण अर्थ उत्साह, उद्योग र शारीरिक एवं मानसिक साहसपूर्ण काम हो । तर यहाँ पारमिता गुणधर्मसँग विचार गर्दा वीर्यको अर्थ यतिमा मात्र सीमित हुँदैन । करुणापूर्ण हृदयले यस लोकमा पनि परलोकमा पनि भलाई हुने र हित हुने दक्ष ज्ञानसम्पन्न साथै उपाय कौशल्यसमेतले रक्षा गरिराखेको काय, वाक र मनले परप्राणीको लागि काम गर्नु नै वीर्य पारमिताको अर्थ हो । तीन बोधिमध्ये एउटा बोधिप्राप्त गर्न धुतांग आदि शील पालन गर्नु ज्ञानसम्प्रयुक्त कोशिस पनि वीर्य नै हो । अर्को शब्दमा वीरहरुको विशुद्ध स्वभावलाई पनि वीर्य भनिन्छ । तर अकुशल वीर्यपारमितामा समावेश हुँदैन । फेरि उता अव्याकृत वीर्यपारमिताले माथि परिसक्छ । वीर्यपारमिताको अर्थ यस आँखाले हेर्दा कामको सार्थकतामा वा परिणाममा निर्भर भइरहेको देखिन्छ । वीर्य महाफल हुनलाई प्रज्ञाविप्रयुक्त भावले मुक्त हुनु पनि अनिवार्य छ । वीर्य भनेको त्यसैले कायबलमा मात्र निर्भर हुँदैन, बरु परोपकारको निम्ति उत्साहपूर्ण कोशिस भनिएकोमा पनि निर्भर हुन्छ । परमार्थदृष्टिले कायबलभन्दा चित्तबल नै उत्तम हो । वीर्यत्वको प्रदर्शन शब्दज्ञानमा मात्र पनि सीमित हुनुहुँदैन । धम्मपद (१९) अनुसार *धेरै त्रिपिटक ग्रन्थको कुरा गर्न जाने तापनि प्रमादी भएर तद्नुसार कार्य नगर्नेलाई, अरुको गाईवस्तुहरु चराउने गोठालोलाई सारयुक्त दुध पिउन नपाउनेझैं, त्यस व्यक्तिलाई सारयुक्त श्रमणत्व लाभ हुँदैन ।* त्यसैगरी धम्मपद (५१) को उपमामय शब्दमा भन्ने हो भने - *'सुगन्ध नभएको फूल राम्रो भए तापनि काम छैन, त्यसरी नै कार्यहीन कुरा राम्रो भए तापनि काम छैन ।'* शुद्धोदन महाराजको अगाडि कपिलवस्तुमा पनि यही एउटा शब्द घन्कियो- *'उत्तिट्ठे नप्पमज्जेय्य, धम्मं सुचरितं चारे'* अर्थात् उठ, अल्छी हुनु हुँदैन, राम्ररी धर्माचरण गर । महासीलक जातक (५१) अनुसार वीर्यको प्रयोग लाभको लागि मात्र पनि हुँदैन । आफ्नो शान्ति र सहनशीलतामा आउने बाधामा धैर्यपूर्वक र साहसपूर्वक सहनुको लागि पनि हुन्छ ।

वीर्य पारमिताको लक्षण सामान्यतः उत्साह हो । उपस्तम्भ अर्थात् टेवा भइदिनु नै यसको रस (कृत्य) हो । काम गर्दा पछि नहट्नु नै यसको प्रत्युप्रस्थान हो । यसको पदस्थान वीर्यारम्भ वस्तु वा जरामरणको संवेगलाई हेतु हुन्छ ।



https://dhamma.digital

## बोधिपक्षीय धर्ममा वीर्य

वीर्यको महत्व बुझ्नको लागि बोधिपक्षीय धर्ममा विचार गर्नु धेरै महत्वपूर्ण हुन्छ । महापरिनिर्वाणको समयमा भगवान् बुद्धले जुन धर्मलाई *'मैले स्वयं जानेर, स्वयं साक्षात्कार गरें, अभिज्ञान गरें'* भनी आज्ञा गरेका थिए, त्यो नै बोधिपक्षीय धर्म हो । बोधिपक्षीय धर्मको उपदेशपछि नै भगवान् बुद्धले- *'जसले यस धर्ममा प्रमाद नभई उद्योग गर्दछ ऊ आवागमनलाई छोडी दुःखको अन्त गर्दछ ?'* भनी आज्ञा गरेका हुन् ।

सैंतीस बोधिपक्षीय धर्म अन्तर्गत चार स्मृतिप्रस्थानमा पनि वीर्य अन्तरङ्ग अनुरूप समावेश भएको हुन्छ । तर चार सम्यक्प्रधान त स्वयं वीर्य नै हो । बुद्धशासनमा प्रधान शब्दको अर्थ नै निर्वाण सम्बन्धी प्रयत्न, पुरुषार्थ र वीर्यसाधन हो । यो शब्द नै सबथोक हो । यो शासन उद्योगको लागि हो, साधनाको लागि हो, सिद्धान्त वा बौद्धिक आयामको लागि मात्र होइन । तीव्र प्रयत्न वा पुरुषार्थको साधना नै सत्यको अधिगम हुन्छ । बुद्धले तीव्र प्रयत्नद्वारा नै सत्य पाउनुभयो । तब स्वयं प्रज्ञामय बत्ती हुनुभएर विश्वको लागि चम्किनुभयो । प्रयत्नले नै निर्वाण पाइन्छ त्यसैले यही नै प्रधान हो । चंकि सुत्तन्त, मज्झिमनिकाय (२.५.५) अनुसार जसले प्रधान गर्दछ उसले सत्य प्राप्त गर्छ र जसले प्रधान गर्दैन उसलाई सत्य पनि पाईंदैन ।

बोधिपक्षीय धर्मको चार ऋद्धिपादमा वीर्य दोश्रो ऋद्धिपाद हो । वीर्य यहाँ समाधिप्रधान संस्कारयुक्त ऋद्धिपादको भावनामा पर्दछ । अर्को शब्दमा भन्ने हो भने आफूले इच्छा गरेको पूरा गर्न आवश्यक भएको चार प्रकारका उत्साहमध्ये यो विरियिद्धिपाद पनि एउटा हो । आध्यात्मिक उन्नतिको साधनअनुसार बोधिपक्षीय धर्ममा श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा यी पाँच इन्द्रियको वर्णन गरिएको छ । अविद्या आदि विरुद्धधर्म दमन गर्ने हुनाले वीर्य इन्द्रिय भएको हो । श्रद्धामा प्रतिष्ठित भएर जहाँ साधकले वीर्यारम्भ गर्दछ त्यहीँ नै विरियिन्द्रिय हुन्छ । साथै विरियिन्द्रियको कारणले स्मृति स्थिर हुन्छ । समाधिमग्न चित्तले प्रज्ञा प्राप्त गर्न आधार दिन्छ । बोधिपक्षीय धर्मको पाँचबलमा वीर्यबल पहिलो बल हो । अविद्याले नै बिगार्न नसक्ने भएकोले वीर्य पाँचबलमा प्रमखुबल भएको हो । सात बोध्याङ्गमा वीर्य सम्बोध्यङ्ग तेश्रो बोध्यङ्ग हो । बोध्यङ्गको अर्थ- सम्यक् सम्बोधि प्राप्तिको लागि सहायक तत्त्व । बोधिपक्षीय धर्म सबैभन्दा तल अष्टाङ्गिक मार्ग पर्दछन् । अष्टाङ्गिक मार्गको सम्यक् व्यायाम भनेको पनि वीर्य नै हो । यसप्रकार सैंतीस बोधिपक्षीय धर्महरु जसमा वीर्यको विषयमा चर्चा भइरहेको छ, बुद्धकारक सैंतीस धर्ममा नौवटा



https://dhamma.digital

धर्माङ्ग वीर्य अन्तर्गत भएकोले झण्डै चार भागको एकभाग धर्म वीर्य अन्तर्गत पर्दछ ।

## वीर्य आफैले गर्नुपर्छ

वीर्यको जति महत्व छ त्यति नै यो स्वमुखी छ । यो आफैले नै पूर्ण गर्नुपर्ने गुणधर्म हो । वीर्यको बाटोमा आउने बाधालाई नै विघ्नबाधा भनिन्छ, मार भनिन्छ । यही विघ्नबाधा र मारप्रति जित्दै जानु संघर्षरत अभ्यासावस्था नै पारमिता हो । कुशलकर्म सिद्ध नभएसम्म काम गर्दै जाँदा पनि अनेक बाधा आउँछन् । काम नै नगर्नेलाई बाधा आउँछ ? त्यसैले आ-आफ्नो दुर्बल वीर्यको कारणले गर्दा धेरै मानिसहरु काम शुरु गर्न पनि गाह्रो मान्छन्, आँट गर्न हिच्किचाउँछन् । कतिले काम गरिसकेपछि पनि गाह्रो मानेर बीचैमा छोडिदिन्छ । काम गर्ने साहस र काम पूर्ण नभएसम्म नछोड्ने साहस नै वीर्यले दिन्छ । अझ बुद्धत्व प्राप्तिजस्ता काममा त झन् यस्ता साहसिक वीर्य बल कति चाहिन्छ भन्ने कुरा नै हुँदैन । त्यसैले दीपंकर तथागतले सुमेध ऋषिलाई - *'यो प्रार्थना पूर्ण गर्नु सजिलो छैन'* भनी भन्नुभएको हो । *'छाला वा नसा मात्र बाँकीरहेमा, मासु र रगत नै सुकेर गएमा, पुरुषपराक्रम र पुरुषबलले जहाँ पुग्नुपर्ने हो त्यहाँ नपुगेसम्म रोकिने छैन'* भन्ने चार अङ्ग समन्वागत वीर्यजस्तो उच्चवीर्यविना वीर्यपारमिताको पाइला नै सर्दैन । साधारण उपलब्धिको लागि त मन्द उत्साह र मन्द वीर्य नपुग्न सक्छ भने उच्चत्वको कुनै उपलब्धिको लागि कतिसम्म महान् उत्साह र स्थिर वीर्य आवश्यक पर्दछ त्यसै थाहा हुन्छ । साथै यस संसारमा लोकुत्तर भावभन्दा ठूलो अन्य कुनै तत्व नै छैन भने यसको प्राप्तिको लागि कति ठूलो र स्थिर दृढ वीर्य आवश्यक पर्छ भनिरहनु नै पर्दैन । त्यसैले धम्मपद (१७८) मा भनिएको पनि छ -

*पथव्या एक रज्जेन, सग्गस्स गमनेन वा ।*
*सब्बलोकाधिपच्चेन स्रोतापत्ति फलं वरं ॥*

चक्रवर्ती राज्यभन्दा पनि, स्वर्ग प्राप्तिभन्दा पनि, संसारको अधिपत्ति हुनुभन्दा पनि श्रोतापत्ति फल प्राप्त गर्नु नै ठूलो ।

श्रोतापत्तित्व नै यति महान् छ भने अर्हतत्व कति महान् हुन्छ ? यो महानता प्राप्त गर्नु परेकोले नै बुद्धले भिक्षुहरुलाई वीर्यको उपदेश दिएका हुन् । *'तायनसुक्त,* संयुक्त निकाय (२/१/८) अनुसार गर्नुपर्ने काम दृढ पराक्रमपूर्वक गर्नुपर्छ होइन भने शिथिल उद्देश्य भएको प्रव्रजितले धेरै धूलो



https://dhamma.digital

मात्र उडाउँछ ।' अर्को शब्दमा भन्ने हो भने 'राम्ररी नफक्रिएको दूबोघाँसले हातमा घाउ पारेझैं शिथिलतापूर्वक ग्रहण गरेको अर्थात् वीर्य उद्योग नभएको श्रमणभावले दुर्गतिमा मात्र पुऱ्याउँछ । अर्हतत्वको लागि त यतिका वीर्य दृढ हुनुपर्छ भने अझ प्रत्येकबुद्ध र सम्यक् सम्बुद्धत्वको महानता त भन्नु नै पर्दैन । फेरि बुद्धत्वको लागि कति ठूलो कति सुदृढ वीर्य आवश्यक पर्छ यो विषयमा भन्नु नै के छ ? संक्षिप्तमा यति नै भन्न सकिन्छ यो वीर्य वीर्यपारमिताको वीर्य मात्र नै हुन्छ ।

अब यहाँ यही नै वीर्यपारमिताको व्याख्यामा प्रवेश गर्नुअघि वीर्य प्राप्त हुने हेतु वा कारण, वीर्यविष अल्छीको हेतु, आरम्भवस्तु विषयमा अलिक विचार गर्नु उचित जस्तै लाग्छ ।

## वीर्य उत्पन्न हुने कारण

१. प्रत्यवेक्षणद्वारा अपायभय सम्झिनु ।

२. वीर्यको आनिशंस जानिलिनु ।

३. बुद्धादि सत्पुरुषहरुको वीर्ययुक्त कोशिस र उहाँहरुको गमनमार्गको बारबार स्मरण गर्नु ।

४. दाताहरुले दिएको भोजनादि सहयोगलाई व्यर्थमा पठाउनु हुँदैन भनी विचार गर्नु ।

५. आफ्नो अधिकार र शक्ति ठूलो हो भनी सम्झिनु ।

६. शास्ताको उपकार र मार्गदर्शनसहित उहाँको महत्व सम्झिनु ।

७. जन्मको सार्थकता बनाउन जन्मको महत्वभाव सम्झिनु।

८. आफ्ना सब्रह्मचारीहरुको उपलब्धियुक्त महत्वभावको प्रत्यवेषणा गर्नु ।

९. अल्छी मानिसहरुको संगत छाड्नु ।

१०. शुरुको वीर्य अर्थात् आरद्धवीर्य जोसँग हुन्छ ऊसँग संगत गर्नु ।

११. वीर्य बनाउनको लागि चित्त भएको हुनु । यसैलाई नै अर्थकथामा वीर्य सम्बोध्यङ्ग हेतु भनी भनिएको छ ।

## वीर्यको प्रतिपक्षीधर्म : थीनमिद्ध

वीर्यको अर्को दोश्रो प्रतिपक्षधर्म हो थीनमिद्ध । जोसँग यी दुबै दुर्गुण रहिरहन्छ त्यो व्यक्ति वीर्यबाहिर परिरहन्छ । थीनको साधारण अर्थ हो चित्तको



https://dhamma.digital

अकर्मण्यतासहितको चैतसिक । यस चित्तको प्रकृयासँगै हुने चैतसिकधर्म नै निद्रा लागेझैं तन्द्रा लागेझैं हुने आलस्यभावले हातखुट्टा चलिरहे तापनि मानिस वास्तवमा अडिरहेको हुनसक्छ । असल काम गर्नमा सन्तोष हुन नजानेको अरति, अलसी स्वभावले शरीरको शक्ति त्यसै रहिरहने र जाँगर नआउने चित्तमा थीनमिद्ध उत्पन्न हुन हेतु प्राप्त हुन्छ । यो थीनमिद्ध दमन गर्न, उत्पति नगराउन अथवा वृद्धि नगराउन वीर्यको क्रमिक विकासमा ध्यान राख्नुपर्छ । थीनमिद्धले जहाँ वीर्यलाई कुण्ठित गर्छ, त्यहीँ नै वीर्यको क्रमिक विकास हुनासाथ थीनमिद्ध चकनाचुर हुन्छ । *आरम्भधातु, निक्खम* (नैष्क्रम्य) *धातु* र *परक्कम* (पराक्रम) *धातु* यी तीन वीर्य योनिसो मनसिकारमा बहुलरूपले बनाउनासाथ थीनमिद्ध हराएर जान्छ । कुनै काम गर्नअघिको वीर्यलाई आरम्भधातु भनिन्छ । गरेको कामलाई रोक्दै नरोकी गर्नुलाई आरम्भधातु भन्दा बलियो कुत्सीतभावले उत्पन्न भएकोले निक्कमधातु भनिन्छ । आफूलाई जति जति विघ्नबाधा आउँछ, त्यसलाई त्यति त्यति दमन गरी काम सिद्ध नभएसम्म अगाडि बढ्नुलाई परक्कधातु भनिन्छ । वीर्यको यो स्तर विचार गर्दा थीनमिद्धप्रति विजय प्राप्त गर्दै अगाडि बढ्न सकिन्छ ।

## वीर्यविष अलसीको कारण

अलसी स्वभाव वीर्यलाई विष सरह नै हुन्छ । जतिजति यो स्वभाव धेरै हुन्छ, त्यतित्यति वीर्यजीवन मृततुल्य हुन्छ । वीर्यपारमिताको लागि प्रमादी स्वभाव अर्थात् बेहोशीपना सधैं बाधक हुन्छ । बुद्ध सुप्रभातको पनि सुप्रभात हो । उहाँका शिष्यहरु सदा ब्यूँझिएका अर्थात् अप्रमादी हुन्छन् । त्यसैले जो निर्वाणउन्मुख व्यक्ति हुन्छ, ऊ सदा जागरुक अप्रमादी हुन्छ । *'यस दृष्टिले यो संसारमा अलसी भएर बस्ने समय नै छैन ।'* जीवन क्षणभंगुर हो । 'सद्धर्म नजान्ने मात्रलाई नै यो संसार लामो हुन्छ ।' त्यसैले सधैं छिटोछिटो वीर्यउद्योग गर्नु नै श्रावकहरुको लक्ष्य हुन्छ । उद्योगहीन जीवन जीवन नै होइन । त्यसैले धम्मपद (११२) मा भनिएको पनि छ :-

*यो चे वस्ससतं जीवे, कुसीतो हीन विरियो ।*
*एकाहं जीवितं सेय्यो, विरियमारभतो दळ्हं ॥*

अलसी र उत्साहहीन भएर सैयौं वर्षसम्म बाँचिरहनुभन्दा दृढ उद्योगी भएर एकदिन मात्र जीवित भइबस्नु नै श्रेष्ठ हो ।



https://dhamma.digital

मानिसहरुले तबसम्म उद्योग गर्दै लानुपर्छ, जबसम्म उद्देश्य सफल हुँदैन । विरोचन, असुरिन्द सुत्त, संयुत्तनिकाय (१२/१/८) अनुसार वास्तवमा भन्ने हो भने उद्देश्यको महत्व नै त्यहाँ छ जहाँ त्यसको सफलता छ ।

त्यसैले जीवनमा उद्योग गर्नुपर्छ । अझ उद्योग गर्नु भनेको समयमा नै हुनुपर्छ । भनिएको पनि छ -

*यो पुब्बे करणीयानि, पच्छा सो कातु मिच्छति ।*
*सुखा सो ठंसते ठाना, पच्छा च अनुतप्पत्ति ॥*

जसले पहिले गर्नुपर्ने काम पछि गर्छु भनी इच्छा गर्दछ ऊ इच्छाले परिहानि भएको हुन्छ । पछि उसले पश्चाताप मान्नुपर्छ ।

वरण जातक (७१) मा एकजना अलसी विद्यार्थीले सिक्ने बेलामा सुकेको रुख देखेर मक्ख भएर सुतिदियो । पछि व्युँझिदा अध्यारो भइसकेकोले आँखाले केही पनि देखेन । उसको भिजेको दाउराले सबैको सुकेको दाउरा छोपिदियो जसले गर्दा तक्षशिलाको आचार्यसमेत निमन्त्रित ठाउँमा समयमा खान नपाएर पुग्न सकेन ।

*सब्ब रतिं सुपित्वान, दिवा संगणि केरतो ।*
*कदस्सु नामं दम्मेधो, दुक्ख सन्तं करिस्सति ॥*

रातभरी सुतेर दिउँसो अरुसँग कुरा मात्र गर्नुमा आशक्त हुने ज्ञान नभएको मानिसको दुःख कहिले मात्र शान्त होला ?

यसरी नै धम्मपद (२८०) मा पनि भनिएको छ -

*उट्ठानकालम्हि अनुट्ठाहानो, युवा बली आलसियं उपेतो ।*
*संसन्नसंकप्पमनो कुसीतो, पञ्ञाय मग्गं अलसो न विन्दति ॥*

उद्योग गर्नुपर्ने समयमा उद्योग नगरी बलियो तन्नेरी भएर पनि अलसी भएर नभएको नभएको चिन्तना गरेर मन अलसी बनाइहिँड्ने अनुद्योगीहरुले प्रज्ञामार्ग प्राप्त गरिलिन सक्दैन ।

आलस्यजस्तो डरलाग्दो खाल्डो यहाँ अरु केही पनि छैन । त्यसैले आफू त फसिन्छ र डुबी नै हाल्छ भने साथै आफूसँगै अरुलाई पनि डुबाउँछ । ऊ ऐश्वर्य विमुख हुन्छ, क्लेशक्षय गर्ने अवसर गुमाएर दुःख र पाप जम्मा गरेर बस्छ । अलसी जीवनको पतनको कुनै सीमा छैन । कारण अलसी जीवन



https://dhamma.digital

नै *'माछा माछा भ्यागुतो'* भने जस्तै खेल खेल्ने कोशिसले भरिएको एउटा जीवन हो । अलसी मानिस बत्ती नभएको ठाउँमा बसेको मानिस समान हो । उसको जीवनमा निरापद द्वीप नै हुँदैन । किनकि द्वीप चाहिएमा मानिसहरुले आफैले कोशिस गरेर आफ्नो द्वीप आफैले नै बनाउनु पर्छ । तब मात्र उद्योग गरी छिटै पण्डित हुनसक्छ । तर प्रायः मानिसहरुले साधारण उद्योग गरी सांसारिक सुख शान्तिको उपलब्धिसमेत प्राप्त गर्न नसकेको पाइन्छ । गृहविनयमा ६ प्रकारका अलसीहरुको वर्णन गरिएको छ । जस्तै :-

*अति सीतं अति उण्हं, अति सायमिदं अहु ।*
*अति विस्सट्ठ कम्मन्ते, अत्थ अच्चेन्ति माणवा ॥*

अति जाडो, अति गर्मी, अति ढिलो, अति छिटो, अति भोकलाग्यो, भरखरै खाएको भनी अलसीहरुले काम गर्दैनन् ।

वीर्यको खास विघ्नअनुसार जुन आठप्रकारका कारणको वर्णन अङ्गुत्तरनिकायमा गरिएको छ, त्यसैलाई कुसितवत्थु भनिन्छ ।

## कुसितवत्थु

१) काम भएको अवस्थामा 'मैले मात्र काम गर्नु बाँकी छ काम गर्दा, अलिक धेरै दुःख पाउनुपर्नेछ, त्यसैले दुःख पाउनुभन्दा अघि एकछिन भएपनि सुत्छु भनी वीर्य नगरी बस्नु मार्गफल आदिको प्राप्तिबाट हानी भइबस्नु सरह हुन्छ ।

२) काम गरी अलिक दुःख पाइसकेपछि 'अब त थाकियो' भनी काम रोकेर प्राप्त नभएको मार्गफलको लागि कोशिस नगरी सुतिबस्नु ।

३) 'कतै जानुपर्ने ठाउँ छ' भनी यताउता समय बिताएर प्राप्त नभएको मार्गफल प्राप्त गर्न ध्यानादि कोशिस नगरी बस्नु ।

४) कहिले यता कहिले उता जानुपर्ने ठाउँमा गएर फर्किएर आएर 'आज थाकियो' भनी काम नगरी बसेर वा सुतेर प्राप्त नभएको मार्गफल प्राप्त गर्नुमा ध्यान नदिनु ।

५) जति खानको लागि चाहिएको हो, त्यति खाना प्राप्त नभएमा 'पेट नै भरिएको छैन, शरीरमा शक्ति नै छैन' भनी यहाँ प्राप्त नभएको मार्गफल प्राप्त नगरीकनै बस्नु ।



https://dhamma.digital

६) जति खानुपर्ने हो त्यति खाएर पनि 'भरखरै खाएर पेट नै भारी भएको छ' भनी मार्गफल प्राप्त गर्नुमा अलसी मान्नु ।

७) शरीरमा अलिकता पनि कुनै शान्ति नभए कि 'मलाई सञ्चो छैन नि' भनी सुतेर मार्गफल लाभ गर्नुमा अलसी मान्नु ।

८) आफूमा भएको रोग निको भएर पनि *'अझै काम गर्न सक्ने भएको छैन'* भनी त्यसै बसेर मार्गफल लाभ गर्नुमा अलसी मान्नु ।

## आरम्भ वीर्य

माथि उल्लेखित कुसितवस्तु अथवा अलसी वीर्यको मार्गमा बाधा हो भने निम्न आरम्भवस्तु वीर्यको लागि टेवा हुन् । माथि गइसकेको दुर्गुण नाश गर्नको लागि निम्न सद्गुण बनाउनु उत्तम देखिने हुन्छ ।

१) काम पर्दा 'मेरो आज काम छ साथै काम गर्ने अवस्थामा बुद्धको अनुशासन सम्झेर बस्न गाह्रो हुन्छ त्यसैले अहिले नै प्राप्त नभएको मार्गफल प्राप्त गर्नको लागि कोशिस गर्नुपर्‍यो' भनी उद्योग गर्नुलाई पहिलो आरम्भवीर्य भनिन्छ ।

२) काम गरेर काम सकिएपछि पनि 'मलाई भगवान् बुद्धको अनुशासन सम्झेर बस्नु पनि सजिलो छैन त्यसैले यो याद हुँदा अहिले नै मार्गफल प्राप्त गर्नुपर्‍यो' भनी कोशिस गर्नु दोश्रो आरम्भवीर्य हो ।

३) कतै जानुपर्‍यो भने 'जाँदा बुद्धको अनुशासन सम्झेर बस्नु सजिलो छैन । त्यसैले याद हुँदा नै प्राप्त नभएको मार्गफल प्राप्त गर्नुपर्‍यो' भनी कोशिस गर्नुलाई तेश्रो आरम्भवीर्य भनिन्छ ।

४) जहाँ जानुपर्ने हो त्यहाँ गइसकेपछि 'गइरहेको अवस्थामा मलाई भगवान् बुद्धको अनुशासन सम्झेर बस्ने समय छैन । अब म पुग्न नसकेको मार्गफलमा पुग्नुपर्‍यो' भनी कोशिस गर्नुलाई चार आरम्भवीर्य भनिन्छ ।

५) उचितरूपले र प्रणीतरूपले भोजन प्राप्त नहुँदा 'मलाई भोजन सुलभ नभए तापनि मेरो शरीर दुर्बल भए तापनि मेरो शरीर झन् धेरै दुर्बल हुनुभन्दा पहिला नै म प्राप्त नभएको मार्गफल लाभ गर्दछु' भनी कोशिस गर्नुलाई पाँचौं आरम्भवीर्य भनिन्छ ।

६) आफूलाई जति चाहिने हो, त्यति प्रणीत आहार प्राप्त हुँदा 'आज मलाई प्रणीत आहार प्राप्त भयो, अब मसँग बल हुँदा नै नभएको मार्गफल प्राप्त गरिलिन्छु' भनी कोशिस गर्नुलाई छैठौं आरम्भवीर्य भनिन्छ ।

७) आफ्नो शरीरमा सानो रोग भए कि 'मलाई रोग लग्यो, यो रोग वृद्धि भयो भने मैले भगवान् बुद्धको अनुशासन अनुस्मरण गरी धारण पालन



https://dhamma.digital

गर्न सक्ने छैन । त्यसैले अहिले नै प्राप्त नभएको मार्गफल प्राप्त गरिलिन्छु' भनी कोशिस गर्नुलाई सातौं आरम्भवीर्य भनिन्छ ।

८) रोग आदि भएर निको भइसक्दा पनि 'मलाई रोग लाग्दा मैले चाहिएको भगवान् बुद्धको अनुशासन सम्भना गर्न सकिन । अहिले अनुशासन सम्भेर धारण पालन गर्ने अवसर प्राप्त भएको छ' भनी प्राप्त नभएको मार्गफल प्राप्त गर्नको लागि कोशिस गर्नुलाई आठौं आरम्भवीर्य भनिन्छ ।

वीर्यको अर्को दोश्रो पक्ष प्रतिपक्षी धर्म हो - थीनमिद्ध । जोसँग यी दुबै गुणहरु वृद्धि हुँदै जाने हुन्छ , त्यस व्यक्ति वीर्यभन्दा धेरै टाढा रहने हुन्छ । 'थीन' को साधारण अर्थ हो- अकर्मण्यतायुक्त स्त्यान चैतसिक चित्त हो भने 'मिद्ध' को साधारण अर्थ हो- चैतसिकको अकर्मण्यता लक्षण सहित मिद्ध चैतसिक । यस चित्तको प्रक्रियासँगै चैतसिक धर्म नै निंद्रा लागेजस्तै झुम्म भएजस्तै आलस्यभावले हातखुट्टा सल्बलाइरहेर पनि मानिस एकै क्षेत्रमा रोकेर बसेझैं हुन्छ । कुशल कर्म गर्नुमा सन्तोष हुन नजान्नु अरति, अलसी स्वभावले शरीरको शक्ति त्यसै परिराख्ने हुन्छ र धेरै भातले मात लागेको चित्तमा थीनमिद्ध उत्पत्ति हुन हेतु अर्थात् कारण प्राप्त हुने हुन्छ । थीनमिद्धलाई दुर्गुण उत्पति नगराउन अथवा वृद्धि नगर्न मूलतः वीर्यको क्रमिक विकासमा ध्यान पुऱ्याउनु पर्दछ । जहाँ थीनमिद्धले वीर्यलाई कुण्ठित पार्ने हुन्छ, त्यहीं वीर्यको क्रमिक विकास हुने क्रममा थीनमिद्ध चकनाचुर हुन्छ । आरम्भधातु,निक्कम धातुर परक्कमधातु तीन वीर्य योनिसो मनसिकारोमा बहुल रूप निर्माण गरिसकेपछि थीनमिद्ध विलाएर जाने हुन्छ । कुनै पनि प्रकारका कार्य गर्न अगाडिको वीर्य-अवस्थालाई आरम्भ धातु भनिन्छ । आरम्भ धातुभन्दा पनि बलियो कुत्सित भावले गरिरहेको कामलाई रोक्दै नरोकी गर्दै जाने भाव श्रृजना हुने अवस्था निक्कम धातु हो । काम गर्दै जाँदा जे-जस्ता बाधा अवरोधहरु हुन्छन् त्यसलाई पन्छाउँदै आफ्नो कार्य सिद्ध नभएसम्म अगाडि बढ्नेक्रमलाई परक्कम धातु भनिन्छ । यसरी वीर्यको स्तरलाई विचार पुऱ्याउँदै जान सके हामीले थीनमिद्धप्रति विजय प्राप्त गर्दै जान सक्ने हुन्छौं ।

थीनमिद्धदेखि अलग हुनलाई अर्को पनि उपाय छ । प्रमाणभन्दा ज्यादा खानुबाट जोगिनु पहिलो उपाय हो ।

१) *आहारहत्थक* :- अरुले उठाउनुपर्ने गरी खानु ।

२) *भुत्तवमित्तक* :- बान्ता हुने गरी खानु ।

३) *तत्थवट्टम* :- त्यहीं बस्नुपर्ने गरी खानु ।

४) *अलसातक* :- लगाएको लुगा फुकाल्नुपर्ने गरी खानु ।



https://dhamma.digital

५) *काकमासक* :- मुखको आहारलाई कागले चुच्चाले ठुंगेर लान सक्ने गरी घाँटीसम्म आउने गरी खानु आदि नै प्रमाणभन्दा बढी खानु हो । खाना सेवनको विषयमा बौद्ध आदर्श रहेको छ -

*चत्तारो पंच आलोपे, अभुत्वा उदकं पिवे ।*
*अल फासु विहाराय, पहितत्तस्स भिक्खुनो ॥*

चारपाँच गाँस खान मन लागेजस्तो बेलामा खान छोड, पानी पिइदेऊ । यसो गर्ने निरोगी हुन्छन् । यस्तो गर्नेहरु निरोगी हुन्छन् । बलवीर्य पनि पाउँदछन् ।

थीनमिद्ध हटाउन अर्को उपाय हो- इर्यापथ बनाउनु, आलोक सम्झेर बस्नु, खुल्ला स्थानमा बस्नु कल्याणमित्रको सेवन गर्नु र सार्थक कुरा गर्नु ।

यसप्रकार यी कुसितवस्तु र आरम्भ वीर्यको तुलनाले फेरि थीनमिद्धको उत्पत्ति र विनाशको उपायले हामीले जान्न सक्यौं कि वीर्य गर्नेले जहिले पनि वीर्यको लागि कोशिस गर्न सक्दछ र गर्दछ । अलसीले जस्तोसुकै निहुं पारेर भए पनि चुपचाप बस्न खोज्छ । तर बुद्धको उपदेश अनुसार उद्योग र वीर्य जीवनको लक्षण हो । बुद्धधर्ममा वरदान भनेको नभएकोले फेरि आफ्नो राम्रो नराम्रो कर्मको उत्तरदायी आफै भएकोले पनि यो वीर्य उद्योग वास्तवमा सार्थक भइरहेको छ । लोकजीवनमा तोरी भित्रको तेल मात्र पनि नपेलिकन निस्कँदैन, सिंहको मुखमा मृग त्यसै बस्न आउँदैन भने विना कोशिस यहाँ के हुन्छ र ? त्यसैले जहाँ वरदान र ईश्वरीय देनलाई बढावा दिइन्छ, त्यहाँ मानिसको कर्मशक्तिको अवमूल्यन हुन्छ । त्यसैले बुद्धले धम्मपदमा स्पष्ट भनेका छन् -

*तुम्हेहि किच्चं आपप्पं अक्खातारो तथागता ।*

काम त आफैले गर्नुपर्छ, केवल तथागत त मार्गदर्शक मात्र हुन् ।

बुद्धधर्ममा आ-आफैले उत्साह वीर्य नगरी कसैको तर्फबाट पनि मुक्ति लाभ हुन्छ भन्ने आशा गरिएको छैन । वास्तवमा जोसँग वीर्य छैन उसलाई केही पनि हुँदैन । यस जन्ममा सुखी हुनु चार कारणधर्ममा *'उत्थान सम्पदा'* नै प्रमुख हो । निर्वाणको लागि त सदा प्रयत्न, सतत् प्रयत्न र पवित्र प्रयत्नको जरूरत पर्दछ ।

त्यसैले त बौद्धप्रेरणा र जागरणले युक्त गाथाहरु सदा बुलन्द भएर बस्छन्-

*अज्जेव किच्चं आतप्पं, को जञ्ञा मरणं सुवे ।*



https://dhamma.digital

*नहिनो संगरं तेन, महासेनेन मच्चुना ॥*

गर्नुपर्ने काम जति आजै पूरा गर, भोलि नै मर्ने हो कि भन्ने कसलाई थाहा हुन्छ र ? किनकि महासेना भएको मृत्युमारसँग हामीले कुनै प्रकारको सम्झौता गरिराखेका छैनौं ।

*आरभथ निक्क्मथ, युञ्जथ बुद्ध सासने ।*
*धुनाथ मच्चुनोसेनं, नलागारव कुञ्जरो ॥*

वीर्य गर, अलसी भाव हटाऊ, बुद्ध शासनमा प्रतिष्ठित भएर प्रतिपत्ति पूर्ण गर्नमा दत्तचित्त होऊ । जसरी हात्तीले बाँसको घरलाई काचाकुच्चुक पारिदिन्छ, त्यसरी नै मारसेनालाई टुक्राटुक्रा गरिपठाऊ ।

बौद्धआदर्शले मानिसलाई सक्रिय पार्दछ न कि अरुको भरोसामा बस्ने निष्क्रिय श्राप नै दिनेहुन्छ । त्यसैले सक्रिय गर्नलाई नै आफ्नो उत्तरदायित्व बुझाइदिन्छ भने पुनः वीर्यको महत्व देखाइदिन्छ । शुभकार्यमा अलसी नभइकन कोशिस गर्ने वीर्यले नै इच्छा गरेको लौकिक वा लोकुत्तरमुखी चिन्तामणि वा कल्पवृक्ष प्राप्त हुने वीर्य नै प्रगतिको पनि सिंढी, अर्थसिद्धिको साँचो, आलस्य हटाउने औषधि, गरीबभाव हटाउने निधान, पण्डितहरुको सधैं चम्किने आभरण, सुगति जाने सिंढी, संसारको दुःख अन्तकारक वास्तविक उपाय, संसार सागरबाट तर्ने डुंगा, निर्वाणसम्पदा लाभ गर्न हातजस्तै हो । जो मानिससँग आरम्भवीर्य हुन्छ, त्यस व्यक्तिले त्यस्ता महानिशंस भएको वीर्य प्राप्त गरिलिनमा थाकियो भन्दैन । थकाइ नभएको वीर्याधिपति बोधिसत्वहरु नै आफ्नो चरित्र निर्माणमा स्वयं नाथ, स्वयं अधिपति र स्वयं अधिकारी बन्दछन् । आफू निर्वाण हुन, परप्राणीको पनि मुक्ति इच्छा नभएकोले सकल सत्वप्राणीको हित उपकार गर्छ भन्ने कल्पना गर्नुसम्म पनि असम्भव छ । त्यसैले बोधिसत्वहरुको वीर्य साधारण वीर्य हुँदैन । पारमिता गुणधर्ममा भएको वीर्यपारमिताको कथात्मक व्याख्या र विश्लेषण पछि गरिनेछ । यसभन्दाअघि वीर्यपारमिताको अन्य पारमितासँगको सम्बन्ध विषयमा केही चर्चा गर्नु उचित हुनेछ ।



https://dhamma.digital

## दश पारमितामा वीर्यपारमिता

वीर्यले परिवेष्ठित प्रज्ञा महफल हुने हुँदा फेरि क्षान्तिको परिवेष्ठित प्रज्ञाको ठूलो आरक्षण आनिशंस पाइने हुनाले प्रज्ञा र क्षान्तिको बीचमा वीर्यको देशना भइरहेको हो । प्रज्ञा वीर्यभन्दा माथि परे तापनि वीर्यदेखि अलग भएको प्रज्ञा भयो भने आवश्यकता अनुसार उसले प्रयोजन लाभ गर्न सक्दैन । प्रज्ञाले देखाएको बाटोमा वीर्य जुनसुकै काम सफल गर्न अति श्रेष्ठ हातजस्तै हो । चिन्तामणि रत्न र कल्पवृक्षद्वारा इच्छित वस्तु प्राप्त हुन्छ भन्ने लोकोत्तिप्रज्ञा र वीर्य दुबै एउटै भएमा चरितार्थ हुन्छ । कसि भारद्वाज सुत्त, संयुक्तनिकाय (७२।१) अनुसार *'अमृतफल फलाउन जुन धर्मको खेती हुन्छ, त्यसमा प्रज्ञा हलो हो भने वीर्य नै हलो तान्ने हली गोरु हो ।'*

वीर्य पारमिताको प्रतिपत्ति विषयमा चर्चा गर्नु-लेख्नु पनि सजिलो छैन । यसको कारण हो, वीर्यपारमिताको पूर्णरूपले एकाधिकार भएको विशेष प्रतिपत्ति भनेको नै छैन । वीर्यपारमिता अन्तर्गत प्रतिपत्तिको चर्चा गर्दा दश पारमिताको अन्य पारमितासँग हुने सम्बन्ध बारे चर्चा हुने नै छ । वीर्यले दान र शीलपामिता पूर्ण गर्दा जुन उद्योग प्रस्तुत गर्दछ त्यही वीर्यपारमिताको प्रतिपत्ति प्रष्टिने हुन्छ । दान आदि कुशल काम नगरी उचित तवरले राम्ररी गर्नु, सिधा मार्ग अपनाउनु, सम्बोधिमा नपुगेसम्म प्रयास गर्नुमा पनि वीर्यपारमिता समावेश हुन्छ । विशेषतः सम्यक् सम्बोधिप्रार्थी बोधिसत्वले पारमिता पूर्ण गर्न सदा तत्पर भइबस्नुपर्छ । मैले के के पुण्य गरिसकें, के के पारमिता पूर्ण गरिसकें, के के गर्न बाँकी छ भनी बोधिसत्वले सधैं विचार गर्दछन् । पूर्णरूपले सकल सत्वप्राणीप्रति करुणाले विचार गर्नु, आफ्नो धन ऐश्वर्य, पत्नी, छोराछोरी, आफ्नो शरीरको अङ्गप्रत्यङ्ग र जीवनसम्म परित्याग गर्न पारमिता गुणधर्म पालन गर्दा वीर्य उत्साह भई नै रहन्छ । त्यसैले बोधिसत्वहरुले दश पारमिता पूर्ण हुने कोशिस गर्दा नै वीर्यपारमिता पनि पूर्ण हुँदै जाने हुन्छ ।

## वीर्य पारमिता, उपपारमिता र परमत्थपारमिता

धनसम्पत्ति सुख ऐश्वर्य र छोराछोरी त्याग गरेर पनि उत्साह नछोड्नु नै वीर्यपारमिता हो । अर्को शब्दमा धनसम्पत्ति सुख ऐश्वर्य र छोराछोरीको समेत पर्वाह नगरी सम्बोधिको निम्ति वीर्य खुकुलो नबनाइकन बस्नु नै वीर्यपारमिता हो । आफ्नो आँखा, कान, नाक आदि शरीरको अङ्गप्रत्यङ्ग त्यागेर



https://dhamma.digital

पनि सम्बोधिको वीर्य उत्साह नछोड्नु अथवा सम्बोधिको लागि दान शील आदि काममा शरीरको अङ्गप्रत्यङ्ग विनष्ट भए तापनि अडान नछोड्नुलाई नै वीर्य उपपारमिता भनिन्छ भने जीवन नै त्याग गरेर पनि सम्बोधिको लागि उत्साह गर्नु अथवा दान शीलादि पारमितामा जीवनको लागि वीर्य नरोकिनुलाई वीर्य परमत्थपारमिता भनिन्छ ।

## ***वीर्य पारमिताको कथात्मक व्याख्या :***

बोधिसत्वहरुको वीर्यले विघ्नबाधालाई प्रगतिको निम्ति खुड्किलोजस्तै बनाउँछ । बोधिसत्वहरुको वीर्यले देव र भाग्यको भरोसा लिँदैनन् । त्यस काममा उनीहरुलाई अहंकार भन्ने नै हुँदैन । प्रायः बोधिसत्वहरुको वीर्य मध्यम प्रमाण हुन्छ अर्थात् कार्यसिद्धिको आधारमा वीणाको तारजस्तै प्रमाणित मात्रामा हुन्छ । बोधिसत्वहरुले सकल सत्वप्राणीप्रति व्याप्त करुणाको हेतुले गर्दा आफूलाई प्राप्त भएको निर्वाणसम्म पनि छोडेर आफ्नो वीर्यको हेतुद्वारा बुद्धत्व लाभार्थ प्रार्थना गर्दछन् । जब 'म बुद्ध हुन्छु' भनी बोधिसत्वले कल्पना गरे, तबदेखि अनेक प्रकारका दुःखकष्ट पीडालाई उनले सहनुपर्दछ । तर विघ्नबाधाको संघर्षमा बोधिसत्वहरु कहिले पनि पराजित हुन्नन् । सधैं विजयी नै हुन्छन् । यसको उदाहरण नैष्क्रम्य पारमितामा उल्लेखित महाजनक जातक (५३९) को बोधिसत्व महाजनकलाई लिन सकिन्छ ।

## **संख जातक (४४२)**

कथा अनुसार संख महाजनले डुंगा फुटेर समुद्र बीचमा पर्दा पनि पौडी खेली नै रहेका थिए । अझ उपोसथको दिनमा उनले आफ्नो उपोसथव्रत पनि लिए । सबैभन्दा त संख महाजनले त्यस्तो समुद्रमा सात दिनको भोकाएकोलाई खाना ल्याइदियो तापनि उनले उपोसथव्रत भङ्ग गरेनन् । जुन वीर्यबलले आफ्नो उपोसथव्रत उनले पूर्ण गरे त्यो अमूल्य उपोसथ हो ।

## **भोजाजानीय जातक (२३)**

बोधिसत्वहरुले थालिसकेको कोशिसलाई अलिकता दुःख हुनासाथ छोडिदिन्नन् । युद्धमा पाँच व्यूह नष्ट गरिसकेपछि खुट्टामा घाउ भयो भनी भोजाजानीय घोडालाई छोडेर सेनापतिले अर्को घोडा लान आँट्यो । भोजाजानीयले विचार गऱ्यो- 'बाँकीरहेको छैठौं व्यूह एउटा तोड्नु छ, त्यसलाई



https://dhamma.digital

त्यसै छाड्नु हुँदैन । वीर्यको सार्थक फल आउने बेलामा वीर्यबल फ्यालिदिनु उचित हुँदैन ।' भनी भोजाजानीय घोडाले घाइते भएतापनि आफैले परिश्रम गरी छैठौं व्यूह पनि तोड्न सहयोग गर्‍यो । यसरी बोधिसत्वहरुले शरीर अङ्गप्रत्यङ्गको मायामा वीर्यलाई छोडिदिन्नन् ।

## पञ्चावुध जातक (५५)

वाराणसी नरेशपुत्र पञ्चावुध कुमार तक्षशिलाको शिल्पविद्यामा निपूर्ण भए । गुरुदक्षिणा दिएर वाराणसी फर्किएको बेलामा पञ्चावुध कुमार बाटोमा जङ्गलछेउ पुगे । मानिसहरुले भने - 'यहाँ जानु हुँदैन । त्यहाँ जङ्गलमा श्लेषलोम नामक यक्ष छ । उसले देखेमा जस्तोसुकै मानिसलाई मारेर खान्छ ।'

राजकुमार पञ्चावुध कुमारमा त्यही श्लेषलोम यक्षसँग संघर्ष गर्ने साहस आयो । राजकुमार जङ्गलभित्र प्रवेश गरे । जङ्गलबीचमा श्लेषलोम यक्ष देख्नासाथ राजकुमारले वाणले उसलाई प्रहार गरे । पचासवटा तीर हाने तापनि उसलाई केही भएन । उसको शरीरको रौंमा नै वाणहरु अड्किए । तापनि राजकुमारले आफ्नो उत्साहलाई कम गरेनन् । यक्षलाई तलवारले प्रहार गरे तर त्यो पनि निष्फल भयो । मुंग्रोले हिर्काए त्यो पनि त्यसै खेर गयो । तर अझैं पनि राजकुमार पञ्चावुध हतोत्साह भएनन् र भने- 'हे यक्ष मपञ्चावुध कुमार हुँ । म यस जङ्गलमा धनुषवाण आदिको भरोसामा मात्र प्रवेश गरेको होइन । म आफ्नै शक्ति र पराक्रम भरोसामा प्रवेश गरेको हुँ । आज तिमीलाई मैले बाँकी राख्ने छैन ।'

यसरी भन्दै राजकुमारले आफ्नो दाहिने हातले यक्षलाई प्रहार गरे । तर त्यो पनि केशैमा अड्कियो । देब्रेहातले प्रहार गरे त्यो पनि त्यस्तै भयो । अझै हतोत्साहित नभएर दुबै खुट्टा र टाउकोले प्रहार गरे तर उसैकै केशमा टाँसियो, तापनि पञ्चावुध कुमारको अनुहारमा हतोत्साहको चिन्ह नै देखापरेन । तब यक्षले भन्यो- 'हे माणवक के तिमी अझै पनि डराएका छैनौ कि ?' तर पञ्चावुध कुमारको जवाफ थियो- 'म किन डराउनु ? जन्म भएपछि एकदिन सबै मुर्न नै पर्छ । तर त्यसै पनि तिमीले मलाई मार्न सक्दैनौ । किनभने मेरो पेटमा यस्तो आयुध छ जसले तिमीले मलाई खाए भने तिम्रो आन्द्राभुँडी टुक्राटुक्रा पारिदिन्छ ।

बोधिसत्वले त्यो आयुध ज्ञान आयुधको विषयमा भनेका हुन् । यक्षलाई उनको निर्भयताले गर्दा विचित्र वीर्य उत्साहमा उनीसँग त्यस्तो केही चीज हुनुपर्छ भन्ने विश्वास लागेर उनलाई छोडिदियो । त्यसैले भनिएको हो :-



https://dhamma.digital

*यो अलीनेन चित्तेन, अलीन मनसो नरो ।*
*भावेति कुसलं धम्मं, योगक्खेमस्स पत्तिया ॥*
*पापुणे अनुपुब्बेन, सब्बसंयोजनक्खयं ॥*

जो कुनै उत्साही पुरुषले योगक्षेम (निर्वाण) को प्राप्तिको लागि उत्साह चित्तले शुभकर्म गर्दछ, उसले क्रमानुसार सारा संयोजनलाई क्षय गर्दछ ।

## कुरुंगमिग जातक (२१)

बोधिसत्वहरु वीर्यवान हुन्छन् । उनीहरु कहिले पनि असल आवश्यक मार्गबाट पन्छिन्नन् । जहाँ विचार नगरी बोधिसत्वहरुले पाइला सार्दैनन् त्यहीँ नै अनावश्यक र आपदयुक्त मार्गमा पनि कहिले पनि एक पाइला पनि सार्दैनन् ।

मृगको पदचिन्ह हेरेर मृग शिकार गर्ने एकजना शिकारी सेपण्णि रुखमाथि बसेर लुकिबस्यो । सदाजस्तै सेपण्णि रुखको फल खान आएका कुरुंगमृग आफ्नो नियमअनुसार एकक्षण रुकेर यताउताको स्थिति विचार गरिबसे । तर त्यसबेलासम्म रुखमाथि बसेको शिकारीको कुरुंगमृग रुखमुनि ल्याउन शिकारीले मृगलाई रुखमुनि ल्याउन हतारियो । त्यसैले मृगलाई आकर्षित गराउन शिकारीले एउटा सेपण्णि फल भुईंमा खसाई गुड्काएर पठायो । तब कुरुंगमृगले भने- ‘हे वृक्ष, तिमीले पहिला सीधा मात्र फल झार्दथ्यौ तर आज यता टाढासम्म पुग्नेगरी फल गुड्काएर ल्यायौ । आज तिमीले आफ्नो स्वभाव छोड्यौ । त्यसैले मैले पनि आज तिमीकहाँ आएर बस्ने स्वभाग छोड्छु । त्यो फल मलाई मन परेन ।’ बोधिसत्वले आफ्नो ज्ञान अरुलाई पैसा नलिइकन बाँडिदिएझैं आफ्नो वीर्य पनि परार्थमा मात्र खर्च गर्दछन् । उनीहरुको काय, वाक र चित्तले जुन काम गर्दछन्, त्यो अरुको लागि मात्र नै हुन्छ । तब परोपकार गरेर प्रत्युपकारको आशा पनि गर्दैनन् । कसैको उपकार लाभ भयो भने आफू सदा कृतज्ञ हुन्छन् । जतिसुकै निन्दा गरे तापनि, अपमान गरे तापनि परोपकारको स्वभावले बोधिसत्वहरुलाई विमुख गर्न सकिँदैन । अझ यो परार्थचर्यामा आफ्नो अङ्गप्रत्यङ्ग नाश भए तापनि जीवनमा नै अन्तराय आए तापनि त्यसमा बोधिसत्वहरुलाई विचलित गर्न सकिँदैन । यसर्थ एक अर्को जातकीय उदाहरणलाई हेरौं ।



https://dhamma.digital

## महाकपि जातक (५१६)

हराएको गोरु खोज्दै एकजना कृषक ब्राह्मण आफ्नो जङ्गलबीचमा पुग्यो । उसले बाटो बिरायो, यताउता अल्मलिने क्रममा पछि ऊ भोकले छट्पटायो । बल्ल उसले एउटा रुखमुनि एउटा फल खसिराखेको देख्यो । खसेको फल टिपे । खाइसकेपछि उसले रुखमाथि भएको फल खाने पनि विचार गरी ऊ रुख चढ्यो । एउटा फल टिपेर खाइसकेपछि अर्को फल टिप्न मात्र लागेको के थियो, हाँगा भाँचिएर ऊ आफै रुखमुनि भएको ठूलो खाल्डोमा खस्यो । ब्राह्मण खाल्डोबाट माथि आउनै सकेन । विना खानपिन धेरै दिनसम्म त्यसै खाल्डोमै परिरह्यो ।

रुख चढ्दै गर्दा एकदिन बोधिसत्व कपिराजले उसलाई खाल्डोमा देखे । देख्ने बित्तिकै उसप्रति दया राखेर कपिराजले ढुङ्गा खसालेर माथि आउन सानो बाटो बनाए । फेरि स्वयं आफू खाल्डोमा झरेर त्यस ब्राह्मणलाई पिठ्यूँमा बोकेर माथि ल्याए । कपिराज अति नै थाके । तब त्यसै मानिसलाई बाघभालु आउँदा हेर्न पालो दिएर केहीछिन आराम गरे । तर त्यस अकृतज्ञ मानिसको मनमा विचार उत्पन्न भयो- 'यसको मासु खाएर किन आफ्नो भोक नमार्ने ?' यति विचार गरी त्यस ब्राह्मणले आफूलाई नयाँ जीवन दिए सरह त्यति ठूलो उपकार गर्ने कपिराजलाई ढुङ्गाले हिर्कायो । ढुङ्गा कपिराजको टाउकोमा लाग्यो, तर ब्राह्मणको हात कमजोर भएकोले टाउको फुट्न मात्र सकेन । कपिराजलाई ठूलो चोट लाग्यो । तर त्यसो भए पनि बोधिसत्वले भने- 'हे मानिस, अब म तिमीलाई पत्याउन सक्दिन । तापनि तिमीलाई यस जङ्गलबाट बाहिर जानको लागि बाटो देखाइदिनेछु । तिम्रो जीवन आरक्षाको लागि मैले आफ्नो कोशिस छोड्नै छैन । तिमी रुख मुनिमुनि हिँड, म रुख माथिमाथिबाट हिँड्छु । अब म तिमीलाई यसरी नै बाटो देखाउन सक्छु ।' भनेझैं गरी बोधिसत्वले आफू रुख माथिमाथिबाट गएर अकृतज्ञ ब्राह्मणलाई रुख मुनिमुनि लगेर जङ्गलबाट पार गरिदिए ।

परोपकारमा त्यसरी निर्वेदरूपले बोधिसत्वहरु अगाडि बढ्न सक्नुको कारण हो- स्वयं आफ्नो क्लेश विरुद्धको संघर्षमा बोधिसत्वहरुले मृत्यु स्वीकार गर्नुपर्दासम्म पनि पराजय स्वीकार नगर्ने पवित्र वीर्य । उनीहरुको आदर्श हुन्छ- *'सगामे मे मतं सेय्यो, यञ्चे जीवे पराजितो'* अर्थात् संग्राममा गएर पराजित हुनुभन्दा मरेर जानु नै श्रेष्ठकर हो । दुर्बलता आलस्य र आपदविपद्को राक्षसले मानिसलाई त्यसबेला खान्छ जब उसको पौरषशक्ति कम हुन्छ । उसलाई त्यसबेला खाँदैन, अझ त्यस राक्षसले उल्टो बल थपिदिन्छ जब ऊ वीर्यवान हुन्छ । उत्साहमा विघ्न भनेको बत्तीसँगै छाँयाजस्तै स्वाभाविक हो । त्यसैले



https://dhamma.digital

एउटा विघ्नपछि अर्को विघ्नमा विजय प्राप्त गर्न एउटा उपायपछि अर्को उपाय गर्नुपर्छ ।

*'मा निवत्त अभिक्कम'* - 'निवृत नहोऊ, अगाडि बढ' भन्ने उक्तिको चरितार्थ हामीले बोधिसत्वहरुको वीर्य उत्साहभित्र देख्छौं ।

## वण्णुपथ जातक (२)

पाँचसय व्यापारीहरु मरुभूमि पार गरेर व्यापार गर्न गए । मरुभूमिको लागि आवश्यक पानी, काठ र अन्य आहार लिएर गएका थिए । तर एकदिन दिशाप्रदर्शकले आकाशमा तारा हेरी नक्षत्र अनुसार *'भोलि नै मरुभूमि पार हुन्छ त्यसैले अनावश्यक किन भारी बोक्ने'* भनी पानी, दाउरा फ्याँक्न लगाए । त्यसबेला बोधिसत्व त्यस यात्राको दिशाप्रदर्शक तथा नाइके थिए । दिशाप्रदर्शकले रात्री ताराको अवस्था हेरेर भोलिको लागि बाटो देखाउँदथे । तर अन्तिम यात्राको रातमा दिशाप्रदर्शकलाई पनि निंद्रा लाग्यो । गाडाहरु सबै पहिलेको बाटोबाट नै फर्किए । कसैलाई कुनै होश भएन । भोलिपल्ट बिहान दिशाप्रदर्शकले गोरुहरुले बाटो बिराएको देखे । तर जतिसुकै कोशिस गरे तापनि उनीहरुले मरुभूमि तुरुन्त पार गर्न सकेनन् । पानी दाउरा आदि केही छैन । सबै निराश भए । घाम चर्किंदै आएपछि सबै गाडाको मुनि जाँदै उत्तानो परेर बस्न थाले । तर बोधिसत्वले वीर्य उत्साहपूर्वक प्रातःकालदेखि नै मरुभूमिमा घुम्दै खोज्न गए । तब एक ठाउँमा लेऊ उम्रेको देखेर खाल्डो खन्न लगाए । त्यहाँ खन्दै जाँदा आखिरमा ठूलो चट्टान फेला पारे । यो देख्दैमा खाल्डो खन्नेहरु सबै निराश भए । तर बोधिसत्वले ढुङ्गामुनि कान थाप्दै सुन्दा पानी बहेको आवाज सुने । तब फेरि एकपल्ट साहस गर्दै ढुङ्गा फोर्न लगाए । ढुङ्गा पनि फुट्यो र मुहान फुटेर पानीको धारा माथिमाथिसम्म आयो । सारा व्यापारीहरु र गोरुहरुका प्राण बच्यो । तब भन्न थाले - 'वीर्यबलले मानिस प्रयत्नशील हुनासाथ उसले आफ्नो हृदयमा शान्ति लिन सक्दछ भने अरुलाई पनि उसले शान्ति दिन सक्दछ ।

## कुक्कुर जातक (२२)

मानवजीवनमा एकजनाले अपराध गर्दछ तर दण्ड भने अरुले भोग्नु परिरहेको हुनसक्छ भनेजस्तै दरवारको कुकुरहरुले राजाको रथको एउटा छालाको बाल खाइदिए । राजाले यो काम बाहिरी कुकुरको होला भनी कुकुरको



https://dhamma.digital

छाला काढ्ने आदेश दिए । तब बाहिरी कुकुरहरुलाई धमाधम मार्ने काम भयो । कुकुरहरु भागाभाग भए ।

त्यसबेला बोधिसत्व कुकुर भएर जन्मेका थिए । आफ्नो जातिको रक्षा गर्न आफ्नो जीवनको वास्ता नराखी बोधिसत्व कुकुर दरबारमा गए । वास्तवमा अपराधी को हो ? भनी चिनाउन दरबारको कुकुरलाई औषधी खुवाएर वान्ता गर्न लगायो । दरबारकै कुकुरहरुको पेटबाट रथको छालाका टुक्राहरु पाएपछि राजाले बाहिरी कुकुरहरुलाई नमार्ने आदेश दिए । यसरी स्वजाति निरपराधी बन्धुहरुको प्राण बचाउनु बोधिसत्वहरुको कर्तव्य हो ।

बोधिप्राप्तिको लागि बोधिसत्वहरुको प्रणिधान हुन्छ । सिंह उठ्दा पनि, सुत्दा पनि, बस्दा पनि, हिँडिरहँदा पनि सधैं निरालसी निर्भयी भएर उद्योगी र दृढमनस्क भएझैं बोधिसत्वहरु प्रत्येक जन्ममा दृढ उद्योगी वीर्यवान हुन्छन् । बोधिसत्वको प्रत्येक जन्म दश पारमिता गुणधर्ममध्ये कुनै न कुनै एउटा गुणधर्म वीर्य अन्तर्गत भइरहेको छ भनी भन्न सकिन्छ । बोधिसत्वको प्रत्येक जन्म र चरित्र नै वीर्यपारमिताको उदाहरण हो । बोधिसत्वको यो वीर्यले बुद्धत्व प्राप्ति अवस्थासम्म उनलाई टेवा दिइरहन्छ । सिद्धार्थले महाभिनिष्क्रमण गरेको केही क्षणअघि मात्र नै राहुलको जन्म भयो । महाभिनिष्क्रमण गरिसकेपछि प्रव्रजित हुनुभन्दा अघि अनोमा नदीले पनि उनलाई रोक्न खोज्यो । प्रव्रजित हुनासाथ मगध सम्राट बिम्बिसारको आग्रह र ठूलो राज्य भोगको प्रलोभनले रोक्न खोजेको थियो । बोधिज्ञान प्राप्तिको लागि कोशिस भइरहेको बेला पनि पञ्चभद्र वर्गीयहरुले छाडेर गए । जीवनको अस्तित्व नै अस्थिपंजरको शरीरभित्र मात्र परिरह्यो । तर यी सारा अवस्थामा पनि पन्छिएर नभै अगाडि बढ्न सकेको नै उनले आफ्नो वीर्यलाई नछोड्नाले हो । बुद्धत्व प्राप्तिको अभ्यासरतमा मृत्युको भाव मात्र रहँदाको त्यो जीवनको गम्भीर अवस्थामा समेत उनले भनेका थिए -*'रगत सुकेर जाँदा पित्त पनि सुकेर जान्छ, मासु सुकेर जान्छ, चित्त त झन्झन् प्रसन्न नै हुन्छ ।'* अत्यन्त विपरीत परिस्थितिलाई पनि अनुकूल स्थितिमा परिणत गर्नु वीर्यले बोधिप्राप्तिपूर्व बोधिसत्वले अधिष्ठान गरे - *'चाहे मेरो छाला, नसा र हड्डी मात्र मेरो शरीरमा बचोस्, चाहे शरीरको मासु रगत सुकोस् तापनि म यथार्थज्ञान प्राप्त नगरी यो आसनबाट उठ्ने छैन ।'* यो अनुत्तर अधिष्ठानपछि सिद्धार्थलाई बोधिज्ञान त्यही आसनमा प्राप्त भयो । यही अधिष्ठानभित्र बोधिसत्वको वीर्यपारमिताको अनुत्तर तेज छ, अक्षय प्रकाश छ र सर्वकालीन शान्तिको किरण पनि समाहित छ ।



https://dhamma.digital

# मिलिन्दप्रश्न

नेपाल भाषामा अनुवादक – दुण्डबहादुर बज्राचार्य
नेपाली अनुवादक : भिक्षु शोभन



https://dhamma.digital

# मिलिन्द-प्रश्न

## (क) लक्षण-प्रश्न

### १. महावर्ग

### १. पुद्गलप्रश्नमीमांसा

१. त्यसपछि राजा मिलिन्द आयुष्मान् नागसेन भएको ठाउँमा गए । उनलाई वन्दना र अभिवादन गरेर एक छेउमा बसे । आयुष्मान् नागसेनले पनि उत्तरमा राजालाई अभिवादन गरे । त्यसो गर्दा राजाको चित्तलाई सान्त्वना प्राप्त भयो ।

त्यसपछि राजा मिलिन्दले नागसेनलाई यसो भने - "भन्ते ! तपाईंलाई कसरी चिन्ने, तपाईंको नाम के हो ?" "महाराज ! नागसेनको नामले मलाई चिन्न सकिन्छ, मेरा सब्रह्मचारीहरुले मलाई यसै नामले बोलाउँछन् । महाराज ! यद्यपि बुबा, मुमाले नागसेन, शूरसेन, वीरसेन या सिंहसेन यस्तो केही न केही नामहरु दिन्छन् तर यी सबै व्यवहार गर्नका संज्ञा मात्र हुन् । किनभने यथार्थमा यस्तो कुनै एउटा पुद्गल (आत्मा) छैन ।"

Dhamma.Digital

## १. महा वर्ग

त्यसपछि राजा मिलिन्दले सम्बोधन गर्दै यसो भने - "मेरा पाँच सय यवनहरु र असी हजार भिक्षु हो ! तपाईंहरू सुन्नुहोस् ! आयुष्मान् नागसेनको भनाइ छ कि यथार्थमा कुनै यस्तो एउटा पुद्गल व्यक्ति वा आत्मा छैन । के यो कुरा मान्न योग्य छ ?"

अनि फेरि नागसेनले सोधे - "भन्ते नागसेन ! यदि कुनै एउटा पुद्गल छैन भने कसले तपाईंलाई चीवर (वस्त्र), भिक्षा (पिण्डपात), शयनासन ( बासस्थान) र ग्लानप्रत्यय (औषधी) दिन्छ ? कसले त्यसको भोग गर्छ ? कसले शीलको रक्षा गर्छ ? कसले ध्यान-भावनाको अभ्यास गर्छ ? कसले आर्यमार्गको फल निर्वाणलाई साक्षात्कार गर्छ ? कसले प्राणातिपात (हिंसा) गर्छ ? कसले



https://dhamma.digital

अदत्तादान (चोरी) गर्छ ? को मिथ्या भोगहरूमा अनुरक्त हुन्छ ? कसले मिथ्या भाषण गर्छ ? कसले रक्सी पिउँछ ? कसले यी पाँच अन्तरायकारक कर्म[१९] गर्छ ? त्यसो हो भने न पाप (अकुशल) छ न पुण्य (कुशल) न पाप र पुण्य कर्म गर्ने कोही छ न गराउने मानिस; न पाप र पुण्य कर्मका कुनै फल हुन्छन् ? भन्ते नागसेन ! यदि तपाईंलाई कसैले मारिदियो भने कसैलाई मारिदिएको मानिन्न । भन्ते नागसेन ! अनि त तपाईंको कोही आचार्य पनि भएन, कोही उपाध्याय पनि भएन, तपाईंको उपसम्पदा पनि भएन । तपाईं भन्नुहुन्छ कि तपाईं नागसेन हो । तपाईंका सब्रह्मचारीहरुले तपाईंलाई 'नागसेन' भनेर भन्दछन् । अनि यो 'नागसेन' भनेको के हो ?"

"भन्ते ! के यी केशहरु नागसेन हुन् ?" "होइन महाराज !"

"यी रौं (लोम) हरु नागसेन हुन् ?" "अहँ, महाराज !"

"यी नङ्गहरु ..., दाँत ..., छाला ..., मासु ..., नसा ..., हाड ..., मज्जा ..., मृगौला ..., मुटु ..., कलेजो ..., जाली -झिल्ली) ..., फियो ..., फोक्सो ..., ठूलो आन्द्रा ..., मसिनो आन्द्रा ..., पेट ..., मल ..., पित्त ..., कफ ..., पीप ..., पसिना ..., आँसु ..., बोसो ..., लार ..., सिँगान ..., खकार ..., र्‍याल ..., मूत्र, पिसाब, गिदी ..., नागसेन हो ?"

"होइन महाराज !"

"भन्ते ! त्यसो हो भने तपाईंको रूप नागसेन हो ?"

"होइन महाराज !"

"के तपाईंको वेदना नागसेन हो ?"

"होइन महाराज !"

"के तपाईंको संज्ञा नागसेन हो ?"

"होइन महाराज !"

"के तपाईंको संस्कार नागसेन हो ?"

"होइन महाराज !"

"के तपाईंको विज्ञान नागसेन हो ?"

"होइन महाराज !"

"भन्ते ! त्यसो हो भने रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान सबै एकसाथ नागसेन हो ?"

"होइन महाराज !"

"भन्ते ! त्यसो हो भने रूपादिभन्दा बेग्लै अरु नै कुनै नागसेन छ ?"

"छैन महाराज !"

"भन्ते ! मैले तपाईंलाई सोध्दा-सोध्दा थाकिसकें, तर पनि नागसेन के हो, सो थाहा भएन । त्यसो हो भने 'नागसेन' केवल शब्द मात्र हो ?"



https://dhamma.digital

"होइन महाराज !"

"त्यसो भए नागसेन भन्ने को हो ?"

"भन्ते ! तपाईं झुटो बोल्नु हुँदैछ कि नागसेन कोही पनि होइन ।"

त्यसपछि आयुष्मान् नागसेनले राजा मिलिन्दलाई यसो भने - "महाराज ! तपाईं क्षत्रिय एकदम सुकुमार हुनुहुन्छ । मध्यान्हको तातो र गरम बालुवा र ढुङ्गाले भरिएको भूमिमा पैदल हिँडेर आउँदा तपाईंको खुट्टा दुखिरहेको होला, शरीर थाकिरहेको होला, मन प्रसन्न छैन होला र शारीरिक पीडा पनि धेरै भइरहेको होला ?"

"के तपाईं यहाँ हिँडेर आउनुभएको हो कि कुनै सवारीमा ?"

"भन्ते ! म पैदल होइन; रथ चढेर आएको हुँ ।"

"महाराज ! यदि तपाईं रथ चढेर आउनुभएको हो भने मलाई भन्नुहोस् कि तपाईंको रथ कहाँ छ ?"

"महाराज ! के दण्डी (ईषा) रथ हो ?"

"होइन भन्ते ।"

"के अक्ष (धुरी) रथ हो ?"

"होइन भन्ते ।"

"के चक्का रथ हो ?"

"होइन भन्ते ।"

"के रथको पालकी रथ हो ?"

"होइन भन्ते ।"

"के रथको डोरी रथ हो ?"

"होइन भन्ते ।"

"के लगाम रथ हो ?"

"होइन भन्ते ।"

"के कोर्रा रथ हो ?"

"होइन भन्ते ।"

"महाराज ! के दण्डी इत्यादि सबै एकसाथ रथ हो ?"

"होइन भन्ते ।"

"महाराज ! के दण्डी इत्यादि बाहेक कुनै रथ छ ?"

"छैन भन्ते ।"

"महाराज ! तपाईंसँग सोध्दा-सोध्दा म थाकिसकें तर बुझ्न सकिएन कि रथ कहाँ छ । के रथ एउटा शब्द मात्र हो ? आखिर यो रथ के हो ? महाराज ! तपाईंले रथ छैन भनेर झुटो बोल्नु हुँदैछ । महाराज ! सारा जम्बुद्वीपमा तपाईं सबैभन्दा ठूलो राजा हुनुहुन्छ । कसको डरले तपाईं झुट



https://dhamma.digital

बोल्नुहुन्छ ? पाँच सय यवनहरु र मेरा अस्सी हजार भिक्षु हो ! सुन्नुहोस्, राजा मिलिन्दले भन्नु भयो- म रथ चढेर यहाँ आएको हुँ । तर मैले रथ कहाँ छ भनी सोध्दा उहाँले मलाई भन्न सक्नु भएन । के उहाँको कुरा मान्न सकिन्छ ?"

यसमा ती पाँचसय यवनहरुले आयुष्मान् नागसेनलाई साधुकार दिएर राजा मिलिन्दलाई भने - "महाराज ! यदि तपाईं उत्तर दिन सक्नुहुन्छ भने दिनुहोस् ।"

त्यसपछि राजा मिलिन्दले आयुष्मान् नागसेनलाई भन्नुभयो - "भन्ते नागसेन ! म झुटो बोल्दिनँ । दण्डी इत्यादि रथका पुर्जाहरूको आधारमा केवल व्यवहारका लागि 'रथ' भन्ने यस्तो एक नाममात्र भनिएको हो ।"

"साधु, महाराज ! तपाईंले रथ के हो, सो बुझ्नुभयो । यस्तै, मेरो केश इत्यादिको आधारमा केवल व्यवहारका लागि 'नागसेन' भन्ने एउटा नाम दिइएको हो । तर परमार्थमा 'नागसेन' त्यस्तो कोही पनि एक पुद्गल विद्यमान छैन । भिक्षुणी वजिराले भगवान्का सम्मुख भनेकी थिइन् :-

"जसरी कुनै अङ्गप्रत्यङ्ग मिलेकोलाई रथ भन्ने संज्ञा दिइन्छ, त्यस्तै, सबै स्कन्धहरु भएकोलाई सत्व (जीव) भन्ने बुझ्नुपर्दछ ।"

"भन्ते नागसेन ! आश्चर्य छ ! अद्‌भूत छ ! तपाईंले निकै कुशलताकासाथ यस जटिल प्रश्नको समाधान गर्नुभयो । यदि यस बखत भगवान् बुद्ध स्वयं यहाँ हुनुभएको भए अवश्य पनि उहाँले साधुवाद दिनुहुन्थ्यो होला । साधु, साधु, नागसेन ! तपाईंले यस जटिल प्रश्नलाई कुशलताका साथ समाधान गर्नुभयो ।"

## २. आयुविषयक प्रश्न

२. "भन्ते नागसेन ! तपाईं कति वर्षको हुनुभयो ?" "महाराज ! म सात वर्ष (जन्मले होइन, तर भिक्षु भएपछि) को भएँ ।" "भन्ते ! यहाँ सात के हो ?" "के तपाईं सात हो वा केवल गिन्ती सात हो ?" त्यस बखत सबै आभूषणले युक्त (गहना पहिरेका) राजा मिलिन्दको छायाँ पृथ्वीमा परेको थियो र जलपात्रमा प्रतिविम्बित भइरहेको थियो ।

त्यसलाई देखाएर आयुष्मान् नागसेनले यसो भन्नुभयो - "महाराज ! यो तपाईंको छायाँ पृथ्वीमा परेको छ र जलपात्रमा पनि प्रतिविम्बित भइरहेको छ । महारजा ! के तपाईं राजा हुनुहुन्छ वा छायाँ राजा हो ?" "भन्ते नागसेन ! म राजा हुँ; यो छाया राजा होइन । तर छाया मेरो कारणले परेको छ ।"



https://dhamma.digital

“महाराज ! यस्तै वर्षको गिन्ती सात हो । म सात होइन तर मेरै कारणले यो सात वर्षको गिन्ती भयो, ठीक तपाईंको छायाको उपमाजस्तै ।” “भन्ते नागसेन ! आश्चर्य छ, अद्भूत छ । तपाईंले निकै कुशलता पूर्वक यस जटिल प्रश्नको पनि समाधान गर्नुभयो ।”

## ३. पण्डितवाद र राजवाद चर्चापद्धति विषयक प्रश्न

३. राजाले सोधे - “भन्ते नागसेन ! के तपाईं मसँग शास्त्रार्थ गर्नुहुन्छ ?” “महाराज ! यदि तपाईं मसँग पण्डितहरु (पण्डितवाद) झैं शास्त्रार्थ गर्नुहुन्छ भने अवश्य गर्नेछु; यदि राजाहरु (राजवाद) झैं शास्त्रार्थ गर्ने भए म गर्दिन ।” “भन्ते नागसेन ! कसरी पण्डितहरु शास्त्रार्थ गर्दछन् ?” “महाराज ! पण्डितहरु शास्त्रार्थ गर्दा एकले अर्कोको तर्कलाई बेर्छ । एउटाले अर्कोको निग्रहलाई खोलि दिन्छ । एउटाले अर्कोको तर्कद्वारा समाउँछ । एउटाले अर्कोको पक्राउबाट छुट्छ । एउटाले अर्काको सामु तर्क तेर्स्याउँछ भने अर्कोले त्यसको खण्डन गर्दछ । तर यति हुँदासम्म पनि कसैले रिस गर्दैन । महाराज ! यसरी नै पण्डितहरु शास्त्रार्थ गर्दछन् ।”

“भन्ते ! राजाहरु कसरी शास्त्रार्थ गर्दछन् ?” “महाराज ! राजाहरुको शास्त्रार्थमा यदि कसैले राजाको खण्डन गर्दछ भने उसलाई तुरुन्त दण्ड दिइन्छ - ‘यसलाई यस्तो दण्ड देऊ ।’ महाराज ! यसरी नै राजाहरु शास्त्रार्थ गर्दछन् ।”

“भन्ते ! म पण्डितहरुले गरेजस्तै शास्त्रार्थ गरुँला, राजाहरुले गरेझैं होइन । तपाईं विश्वासपूर्वक शास्त्रार्थ गर्नुहोस् । जसरी तपाईं एउटा भिक्षुसँग या श्रामणेरसँग या उपासकसँग या आश्रममा बस्नेसँग कुरा गर्नुहुन्छ, त्यसरी नै पूर्ण विश्वासका साथ मसँग शास्त्रार्थ गर्नुहोस्, नडराउनुहोस् ।” “हवस् महाराज !” भनेर स्थविरले स्वीकार गर्नुभयो । राजाले भने - “भन्ते ! म सोध्छु ।” “महाराज ! सोध्नुहोस् ।” “भन्ते ! मैले त सोधिसकें ।” “महाराज ! मैले पनि त त्यसको उत्तर दिइसकें नि ।” “भन्ते ! तपाईंले के उत्तर दिनुभयो ?” “महाराज ! तपाईंले के सोध्नुभयो ?”

## ४. अनन्तकायको प्रश्न

४. त्यसपछि राजा मिलिन्दको मनमा यस्तो कुरा उठ्यो - ‘अहो ! यी भिक्षु त पण्डित पो रहेछन् । मसँग शास्त्रार्थ गर्न सक्छन् । मलाई धेरै कुरा



https://dhamma.digital

सोध्नु छ चाँडै घाम अस्ताउन लागेको छ। यदि भोलि मेरो अन्तःपुर (राजमहल) मा शास्त्रार्थ भएमा बेस हुनेछ ।' यस्तो विचार गरेर राजा मिलिन्दले देवमन्त्रीलाई भने - "देवमन्त्री ! त्यसो भए भन्तेलाई भोलि शास्त्रार्थ हुनेछ भनेर भनिदेऊ।" यति भनेर राजा मिलिन्द आसनबाट उठेर स्थविर नागसेनको आज्ञा मागेर रथमा सवार भएपछि मनमनै 'नागसेन, नागसेन' भनी फर्की गए । त्यसपछि देवमन्त्रीले आयुष्मान् नागसेनलाई यसो भने - "भन्ते ! राजा मिलिन्दको अन्तःपुरमा भोलि तपाईंसँग शास्त्रार्थ हुनेछ भनी भन्नुभएको छ।" "हुन्छ" भनेर स्थविरले स्वीकार गरे ।

दोस्रो दिन बिहानै देवमन्त्री, अनन्तकाय, मंकुर र सब्बदिन्न राजा भए ठाउँमा गएर सोधे - "महाराज ! के आज भदन्त नागसेन आए हुन्छ ?" "आए हुन्छ ।" "कति जना भिक्षुहरुका साथ ?" "जतिसुकै भिक्षुहरुका साथ आउन चाहन्छन्, आए हुन्छ ।"

त्यसपछि सब्बदिन्नले भने - "महाराज ! दसजना भिक्षुहरुका साथ आए बेस होला ?"

दोस्रो पल्ट पनि राजाले भने - "जति जना आउन चाहन्छन्, आऊन् ।"

अनि फेरि सब्बदिन्नले भने - "महाराज ! दस जना भिक्षुहरुका साथमा आए बेस होला ?"

राजाले भने - "उहाँहरुको स्वागतका लागि सम्पूर्ण तयारी भइसकेको छ । म भन्छु, जति चाहन्छन्, उति भिक्षुहरुका साथ आए हुन्छ । सब्बदिन्न, दस मात्र किन भन्दैछौ ? के हामीहरु भिक्षुहरुलाई भोजन खुवाउन सक्दैनौं ?" त्यसपछि सब्बदिन्न चुप लागे ।

अनि देवमन्त्री, अनन्तकाय र मंकुरले आयुष्मान् नागसेन भएको ठाउँ गएर भने - "भन्ते ! राजा मिलिन्दले भन्नुभएको छ कि तपाईं जति जना भिक्षुहरुलाई ल्याउन चाहनुहुन्छ, लिई पाल्नुहोस् ।"

त्यसपछि आयुष्मान् नागसेनले पूर्वान्ह समय पात्र, चीवर धारण गरी अस्सी हजार भिक्षुहरुका साथ सागल नगरमा प्रवेश गरे ।

त्यसबखत आयुष्मान् नागसेनका साथ जाँदा अनन्तकायले सोधे - "भन्ते ! जब म नागसेन भन्दछु, यो नागसेन के हो ?" स्थविरले भने - "तपाईं नागसेन भनेको के ठान्नुहुन्छ ?" "भन्ते ! जुन प्राणवायु भित्र र बाहिर आउँछ, त्यसलाई म नागसेन सम्झन्छु ।" "यदि यो प्राणवायु भित्र गएर बाहिर आएन अथवा बाहिर गएर भित्र आएन भने त्यो मानिस बाँच्छ कि बाँच्दैन ?" "बाँच्दैन भन्ते !" "जो यहाँ शङ्ख बजाउनेले शङ्ख बजाउँछ, उसले फुकेको वायु के फेरि भित्र आउँछ ?" "आउँदैन भन्ते !" "जो यहाँ बाँसुरी बजाउनेले बाँसुरी बजाउँछ,



https://dhamma.digital

उसले फुकेको वायु के फेरि उसको भित्र जान्छ ?" "जाँदैन भन्ते !" "जो यहाँ तुरही (नर्सिङ्गा) बजाउनेहरुले तुरही बजाउँदा उनीहरुले फुकेको वायु के फेरि भित्र जान्छ ?" "जाँदैन भन्ते !" "त्यसो भए उनीहरु किन मर्दैनन् ?" "तपाईंसँग म शास्त्रार्थ गर्न सक्दिन, कृपया भन्नुहोस् कि कुरो के हो ।" स्थविरले भन्नुभयो- "यहाँ प्राणवायु कुनै चीज होइन, सास लिनु र छाड्नु त कायसंस्कार (शरीरको धर्म) मात्र हो ।" स्थविरले अभिधर्मअनुसार यस कुरोलाई सम्झाउनु भयो । अनन्तकायले कुरा बुझे अनि उनी उपासक भए ।

## ५. प्रव्रज्याविषयक प्रश्न

५. त्यसपछि, आयुष्मान् नागसेन राजा मिलिन्दको दरबारमा आइपुगेपछि ओछ्याइएको आसनमा बस्नुभयो । राजा मिलिन्दले आयुष्मान् नागसेन र उनको सारा परिषद्लाई प्रणीत भोजन आफ्नो हातले पस्केर खुवाए । प्रत्येक भिक्षुलाई एक-एक जोर र आयुष्मान् नागसेनलाई तीन चीवर दिएर भने - "भन्ते नागसेन ! दस जना भिक्षुहरु तपाईंका साथ रही बाँकी भिक्षुहरु फर्की गए हुन्छ ।"

त्यसपछि राजा मिलिन्द आयुष्मान् नागसेनलाई भोजन गराई भन्तेले पात्रबाट हात हटाएपछि तल्लो आसनमा बसेर भने - "भन्ते ! कुन विषयमा कथा-संलाप (शास्त्रचर्चा) गर्नुपर्ला ?" "महाराज ! हामीहरूलाई धर्मको अर्थ सम्बन्धी कुरासित मात्र सरोकार छ । त्यसो हुँदा धर्मको अर्थसम्बन्धी कुराबारे नै कथा-संलाप होस् ।"

राजाले सोधे - "भन्ते नागसेन ! केका लागि तपाईंको प्रव्रज्या भएको हो ? तपाईंको परम उद्देश्य के हो ?" स्थविरले भन्नुभयो - "महाराज ! किनभने यो दुःख रोकियोस् र नयाँ दुःख उत्पन्न नहोस् भन्नाका खातिर मेरोप्रव्रज्या भएको हो । फेरि जन्म लिनु नपरोस्, यस्तो परम निर्वाण पाउनु हाम्रो परम उद्देश्य हो ।"

"भन्ते नागसेन ! के सबैजना यसैको निम्ति प्रव्रजित हुन्छन्?" "होइन महाराज ! कोही यसका निम्ति प्रव्रजित हुन्छन्, कोही राजाको डरले प्रव्रजित हुन्छन्, कोही चोरको डरले, कोही कर्जा (ऋण) को बोझले, कोही पेट पाल्नका निम्ति । तर जो उचित रीतले प्रव्रजित हुन्छन्, उनीहरु यही निर्वाणका लागि प्रव्रजित हुन्छन् ।"

"भन्ते ! के तपाईं यसैका निम्ति प्रव्रजित हुनुभएको हो ?" "महाराज ! जब म प्रव्रजित भएको थिएँ, म निकै सानो थिएँ । थाहा थिएन कि केका निम्ति प्रव्रजित हुँदैछु । मेरो मनमा यस्तो विचार आएको थियो कि यी बौद्ध



https://dhamma.digital

भिक्षुहरु निकै पण्डित हुन्छन्, मलाई पनि शिक्षा दिनेछन् । त्यसो हुँदा अब म उनीहरुबाट सिकेर जान्दछु र देख्दछु कि प्रव्रज्याको यही अर्थ हो ।"

"भन्ते ! एकदम ठीक ।"

## ६. प्रतिसन्धि (जन्म-मृत्यु) विषयमा प्रश्न

६. राजाले सोधे - "भन्ते नागसेन ! के यस्ता पनि कोही छन् जो मरेपछि फेरि जन्म लिँदैनन् ?" स्थविरले भन्नुभयो - "कोही यस्ता छन् जो जन्म ग्रहण गर्दछन् र कोही यस्ता पनि छन् जो जन्म ग्रहण गर्दैनन् ।"

"कसले जन्म लिन्छन् र कसले जन्म लिँदैनन्?" "महाराज ! जसमा क्लेश (चित्तको मयल) छ, उनीहरुले जन्म ग्रहण गर्दछन् र जो क्लेशरहित छन् उनीहरुले जन्म ग्रहण गर्दैनन् ।" "भन्ते नागसेन ! तपाईं जन्म लिनुहुन्छ कि हुन्न?" "महाराज ! संसारतिर आसक्ति लागिरह्यो (उपादान रह्यो) भने जन्म ग्रहण गरुँला । आसक्ति छुट्यो भने जन्म लिने छैन ।"

"भन्ते ! एकदम ठीक ।"

## ७. योनिसोमनसिकार (विवेक-ज्ञान) का विषयमा प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! जसले जन्म ग्रहण गर्दैनन्, के उनीहरु योनिसोमनसिकार (विवेक लाभ) गरेर जन्म ग्रहण गर्दैनन् ?" "महाराज ! योनिसोमनसिकारद्वारा र प्रज्ञाद्वारा अर्को पुण्य धर्म गर्नाले (जन्म लिँदैन) ।" "भन्ते ! योनिसोमनसिकार नै प्रज्ञा होइन र ?" "होइन महाराज ! योनिसोमनसिकार अर्कै र प्रज्ञा (ज्ञान) अर्कै कुरा हुन् । महाराज ! यी भेडा, बाख्रा, गाई, गोरु, ऊँट तथा गधामा विवेक त रहन्छ तर प्रज्ञा रहँदैन ।"

"भन्ते ! एकदम ठीक ।"

## ८. मनसिकार लक्षण-प्रश्न

८. राजाले सोधे - "भन्ते ! मनसिकार (विवेक) को पहिचान के हो र प्रज्ञाको पहिचान के हो ?" "महाराज ! 'बोध हुनु' विवेकको पहिचान हो र 'काट्ने शक्ति हुनु' प्रज्ञाको पहिचान हो ।" "यो कसरी ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।" "महाराज ! तपाईंले कहिले जौलाई काट्दै गरेको देख्नुभएको छ ?" "देखेको छु भन्ते ।" "महाराज ! मानिसहरुले कसरी जौलाई काट्छन्



https://dhamma.digital

?” “भन्ते ! देब्रे हातले जौका बालालाई समातेर दाहिने हातमा हँसिया लिएर काट्छन् ।” “महाराज ! त्यसैगरी योगीले विवेकद्वारा आफ्नो मनलाई समाएर प्रज्ञारूपी हँसियाले क्लेशहरुलाई काट्छ । यही भावले मैले भनेको हुँ - बोध हुनु विवेकको पहिचान अनि काट्नु ज्ञानको पहिचान हो ।”

“भन्ते ! तपाईंले ठीक भन्नुभयो ।”

## ९. शीलादि लक्षण-प्रश्न

९. राजाले सोधे - “भन्ते नागसेन ! तपाईंले अहिले ‘कुशल धर्महरु’ भनेर जो भन्नुभयो, यो कुशल धर्म भनेको के हो ?”

“महाराज ! शील, श्रद्धा, वीर्य, स्मृति र समाधि - यी नै कुशल धर्महरु हुन् ।” “भन्ते ! शीलको पहिचान के हो ?” “महाराज ! सबै कुशल धर्ममा प्रतिष्ठित हुनु शीलको पहिचान हो ।” इन्द्रिय,[२०] बल,[२१] बोध्यङ्ग,[२२] मार्ग,[२३] स्मृतिप्रस्थान,[२४] सम्यक-प्रधान,[२५] ऋद्धिपाद,[२६] ध्यान,[२७] विमोक्ष,[२८] समाधि र समापत्ति[२९]आदि सबै असल धर्मको आधार शील नै हो । महाराज शीलको आधारमा उभ्याइएको कुनै असल धर्म ढल्दैन ।” “कृपया उपमा दिएर सम्झाउनुहोस् ।”

“महाराज ! जसरी जति जीव र बोट-बिरुवाहरु छन्, ती सबै पृथ्वीको आधारबाट नै उत्पन्न भई हुर्कन्छन् । त्यसरी नै, योगीले शीलको आधारमा नै र शीलमै दृढ भएर यी पाँच इन्द्रियहरुको भावना गर्दछ- (१) श्रद्धेन्द्रिय, (२) वीर्येन्द्रिय, (३) स्मृतिन्द्रिय, (४) समाधिन्द्रिय र (५) प्रज्ञेन्द्रिय ।”

“कृपया फेरि अर्को उपमा दिएर सम्झाउनुहोस् ।”

“महाराज ! जसरी जति जति पनि बलले गर्न सक्ने काम छ, सबै पृथ्वीको आधारमा प्रतिष्ठित भएर नै गर्न सकिन्छ । त्यसरी नै, योगीले शीलको आधारमा … ।”

“कृपया फेरि तेस्रो उपमा दिएर सम्झाउनुहोस् ।”

“महाराज ! जसरी कुनै नगर योजनाविद्‌ले शहर स्थापित गर्न पहिले त्यस ठाउँलाई सफा-सुग्घर पारी, झारपातलाई मिल्काएर समथर पारेर, फेरि त्यसपछि सडक र चौबाटोको नक्सा बनाएर शहर बसाउँछ, त्यसै गरी योगीले शीलको आधारमा … ।”

“कृपया फेरि चौथो उपमा दिएर सम्झाउनुहोस् ।”

“महाराज ! जसरी जादूगर खेलाडीले पहिला पृथ्वीलाई खनेर गिट्टी ढुङ्गाहरूलाई हटाएर जमिनलाई सम्म र नरम पारेर जमिनमा आफ्नो खेल देखाउँछ, त्यसरी नै, योगीले शीलको आधारमा … ।”



https://dhamma.digital

“महाराज ! भगवान्‌ले पनि भन्नुभएको छ :-

**“ज्ञानी मानिसले शीलमा दृढ भएर आफ्नो चित्तलाई ध्यान भावनाद्वारा वशमा राख्छ, संयमी र बुद्धिमान् भिक्षुले यो (तृष्णारूपी) जटालाई सफा पार्न सक्छ ।”**

**“शील नै पृथ्वी जस्तै यो मानिसहरुको आधार हो, कुशल र अभिवृद्धिको यो मूल हो, सबै बुद्धहरुको शासनको यो मुख हो, मोक्षका लागि उत्तम बाटो (मार्ग) हो ।”**

“भन्ते ! तपाईंले ठीक भन्नुभयो ।”

## १०. (क) श्रद्धाको लक्षणप्रश्न

१०. राजाले सोधे - “भन्ते नागसेन ! श्रद्धाको लक्षण के हो ?”

”महाराज ! मनमा प्रसन्नता र ठूलो आकाङ्क्षा उत्पन्न गराउनु नै श्रद्धाको लक्षण हो ।” “भन्ते ! मन प्रसन्न गराउनु श्रद्धाको लक्षण कसरी हो ?”

“महाराज ! श्रद्धा उत्पन्न हुनेबित्तिकै त्यसले निवरण (बाधाहरु) लाई टाढा हटाउँछ, चित्त निवरणरहित भई स्वच्छ, प्रसन्न र निर्मल हुन्छ ।”

“महाराज ! त्यसैले चित्तमा प्रसन्नता उत्पन्न गराउनु श्रद्धाको लक्षण हो ।”

“कृपया उपमा दिएर सम्झाउनुहोस् ।” “महाराज ! जस्तो कि कल्पना गर्नुहोस् कि कुनै चक्रवर्ती राजा आफ्नो चतुरङ्गिणी सेनाका साथ बाटोमा जाँदै गर्दा कुनै कम गहिरो भएको खोलालाई पार गर्छ । त्यहाँ हात्तीहरु, घोडाहरु, रथहरु र पैदल सिपाहीहरुले पानी मन्थन गर्दा अशुद्ध मैलो र फोहोर भयो । पारि पुगेपछि राजाले नोकरलाई भने - “पानी लिएर आऊ, म पानी पिउन चाहन्छु ।” राजासँग पानी सफा गर्ने मणि पत्थर (फट्किरी) थियो । ‘हवस्, देव !’ भनेर त्यो नोकरले ल्याएको पानीमा त्यस पत्थरलाई हाले, जसले गर्दा तत्काल सबै बालुवा, शङ्ख, लेउ, फोहोरमैला हटेर बस्यो अनि पानी स्वच्छ र निर्मल भयो । त्यसपछि राजाका सामु आएर भने -

“देव ! पानी पिउनुहोस् ।”

“महाराज ! यहाँ पानीलाई चित्तजस्तो सम्झनुपर्छ । नोकरहरुलाई योगी सम्झनुपर्छ । शङ्ख बालुवा आदि मैलो चित्तको क्लेशजस्तो सम्झनुपर्छ । जसरी पत्थरलाई पानीमा हाल्ने बित्तिकै सबै फोहर हटेर पानी स्वच्छ, सफा र निर्मल हुन्छ, त्यसरी नै श्रद्धा आउने बित्तिकै मनका सबै बाधाहरु हटेर



https://dhamma.digital

जान्छन् । चित्त बाधाहरुरहित भएर स्वच्छ, प्रसन्न र निर्मल हुन्छ । महाराज ! यसरी नै, प्रसन्नता उत्पन्न गरिदिनु श्रद्धाको लक्षण हो भनेर सम्झनुपर्दछ ।”

“भन्ते ! तपाईंले ठीक कुरा भन्नुभयो ।”

## १०. (ख) श्रद्धाको लक्षण-प्रश्न

“भन्ते ! अभिलाषा (मनमा तीव्र आकाङ्क्षा) उत्पन्न गर्नु कसरी श्रद्धाको लक्षण हो ?”

“महाराज ! योगीले अरुहरुको चित्तलाई देखेर स्रोतापन्नफल, सकृदागामीफल, अनागामीफल या अर्हत्पदमा आरूढ देखेर आफ्नो मनमा पनि त्यस्तै हुने आकाङ्क्षा गर्दछ, त्यस अप्राप्त पदलाई प्राप्त गर्नका लागि र नदेखेकोलाई देख्नका लागि प्रयत्न तथा परिश्रम गर्दछ । महाराज ! यसरी मनमा तीव्र आकाङ क्षा उत्पन्न गराइदिनु श्रद्धाको परिचय हो भनी सम्झनुपर्छ .Æ

“कृपया, उपमा दिएर सम्झाउनुहोस् ।”

“महाराज ! जस्तो कि पहाडमाथि बडो धूमधामसित पानी पर्‍यो । पानी तलतिर बग्दै पहाडका कन्दराहरु, गुफाहरु र नालीहरुलाई भरेर खोला पनि पूरै भरियो । आफ्ना दुई किनाराहरुलाई भत्काउँदै खोलो अगाडि बढ्यो । त्यसपछि त्यहाँ फेरि मानिसहरुको एउटा मण्डली आइपुग्यो र खोलाको गहिराइ थाहा नपाएर डरले गर्दा उनीहरु किनारामै बसिरहे । त्यसपछि कुनै अर्को मानिस त्यहाँ आएर आफ्नो साहस र बल अनुसार ठीक तवरले धोती बाँधेर तैरिँदै ऊ पारिपट्टि गयो । उसलाई पारि गएको देखेपछि अरुहरु पनि त्यसरी नै तैरिएर पारि गए । यसरी एउटा योगीले अरुहरुको चित्तलाई मुक्त ``` देखेर ऊ आफै पनि त्यस पदलाई प्राप्त गर्न ठूलो आकाङ्क्षा गर्दछ र उसले प्रयत्न र परिश्रम गर्दछ । महाराज ! यसरी मनमा ठूलो आकाङ्क्षा उत्पन्न गरिदिनु श्रद्धाको परिचय हो । संयुत्तनिकायमा भगवान्ले यसो भन्नुभएको छ कि-

**“श्रद्धाले (संसाररूपी)बाढीलाई पार गर्दछ । अप्रमादीले भवरूपी सागरलाई पार गर्दछ । वीर्य परिश्रमले दुःखलाई नाश गर्दछ र प्रज्ञाले सर्वथा (सबै प्रकारको) परिशुद्धि गर्दछ ।”**[३०]

“भन्ते नागसेन ! तपाईंले सर्वथा ठीक भन्नुभयो ।”



https://dhamma.digital

## ११. वीर्यलक्षण-प्रश्न

१२. राजाले सोधे - "भन्ते ! नागसेन वीर्यको लक्षण के हो ?"

"महाराज ! टेवा दिनु वीर्यको लक्षण हो । जुन कुशल धर्मलाई दृढ गरिएको छ, त्यो कहिल्यै ढल्दैन ।"

"कृपया उपमा दिएर सम्भाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै मानिसले आफ्नो घरलाई ढल्दै गरेको देखेर उसले एउटा खम्बाको सहारा दिएर टेवा दिएर त्यसलाई दृढ वा बलियो पार्छ अनि घर ढल्न सक्दैन त्यसरी नै, वीर्यले दृढ पारिएको सबै कुशल धर्म ढल्दैन ।"

"कृपया, फेरि अर्को उपमा दिएर सम्भाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै सानो सेनाको दललाई कुनै ठूलो सेनाको दलले पराजित गर्दछ । त्यसपछि पराजित राजाले सिपाहीहरुलाई फेरि युद्ध गर्न पठाइदिन्छ, त्यसरी नै, 'दुढ गर्नु' पनि वीर्यको परिचय हो। भगवान्ले भन्नुभएको छ कि :-

**"भिक्षुहरु हो ! वीर्यवान् आर्यश्रावकले अकुशल (पाप) लाई छाडेर कुशल (पुण्य) लाई ग्रहण गर्छ, द्वेषलाई छाडेर द्वेषरहितलाई ग्रहण गर्छ अनि उसले आफूलाई शुद्ध पार्दछ ।"**

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १२. स्मृतिलक्षण-प्रश्न

१३. राजाले सोधे - "भन्ते नागसेन ! स्मृतिको पहिचा के हो ?"

"महाराज ! (१) निरन्तर सम्भना गर्नु र (२) स्वीकार गर्नु स्मृतिको पहिचान हो ।"

(१) "भन्ते ! निरन्तर सम्भनु कसरी स्मृतिको पहिचान हो ?" "महाराज ! स्मृतिले हरदम सम्भना गराउँछ कि यो कुशल, यो अकुशल, यो दोषयुक्त, यो दोषरहित यो जाती, यो नजाती, अनि यो कृष्ण यो शक्ल हो । यस्तो पनि निरन्तर सम्भना गराउँछ - यी चार स्मृतिप्रस्थान, यी चार सम्यक्प्रधान, यी चार ऋषिपाद, यी पाँच इन्द्रिय, यी पाँच बल, यी सात बोध्यङ्ग, यो आर्य अष्टाङ्गिक मार्ग, यो शमथ, यो विपश्यना, यो विद्या र यो विमुक्ति हो । जसबाट योगीले सेवनीय धर्महरुको सेवन गर्दछ, असेवनीय



https://dhamma.digital

धर्महरुको सेवन गर्दैन, स्मृतिले गर्दा नै यसो हुन्छ। महाराज ! यसरी नै बराबर सम्भना गराउनु स्मृतिको पहिचान हो।"

"कृपया, उपमा दिएर सम्भाउनुहोस्।"

"महाराज ! जस्तो कि कुनै चक्रवर्ती राजाको भण्डागारिकले सधैं साँभ र बिहान राजालाई उनको यशको सम्भना गराउँछ - 'देव ! तपाईंका यति हात्ती, यति घोडा, यति रथ, यति सिपाही यति सुन, यति सम्पत्ति छन्, तपाईं तिनको सम्भना गर्नुहोस्।' त्यसरी नै, सधैं यो कुशल हो, यो अकुशल हो भनी सम्भना गर्नु स्मृतिको पहिचान हो। महाराज ! यसरी सधैं सम्भना गर्नु स्मृतिको पहिचान हो।"

(२) "भन्ते ! ग्रहण गर्नु कसरी स्मृतिको पहिचान हो ?"

"महाराज ! स्मृति उत्पन भएर त्यसले खोजी गर्छ र कुनचाहिँ धर्मले हित गर्छ र कुनचाहिँले अहित। यो धर्म हितको हो, यो धर्म अहितको, यो धर्मले उपकार गर्छ, यो धर्मले अपकार गर्छ। यसले गर्दा योगीले अहित धर्मलाई छाड्छ र हित गर्ने धर्मलाई स्वीकार गर्छ। अपकार गर्ने धर्मलाई छाडेर उपकार गर्ने धर्मलाई स्वीकार गर्छ। महाराज ! यसरी स्वीकार गर्नु स्मृतिको पहिचान हो।"

"कृपया, उपमा दिएर सम्भाउनुहोस्।"

"महाराज ! जसरी कुनै चक्रवर्ती राजाका परिणायक (प्रधानमन्त्री) ले राजालाई सम्भाउँछ - "यो तपाईंको निम्ति हितकर छ, यो अहितकर, यो कुशलका लागि यो अकुशलका लागि हो। त्यसपछि राजाले अहितलाई छोडेर हितकरलाई ग्रहण गर्दछ, नराम्रोलाई छोडेर राम्रालाई ग्रहण गर्छ। महाराज ! यसरी स्मृति उत्पन्न भएर त्यसले खोजी गर्दछ कि कुन धर्म हितको हो। भगवान्ले भन्नुभएको छ कि - "भिक्षुहरु हो ! म स्मृतिले सबै धर्महरुलाई सिद्ध गर्छ भनेर भन्दछु।"

## १३. समाधिको लक्षणप्रश्न

१४. राजाले सोधे - "भन्ते ! समाधिको पहिचान पहिचान हो ?"

"महाराज ! अग्रसर (प्रमुख) हुनु समाधिको पहिचान हो। जति पनि कुशल धर्महरु छन्, ती सबै समाधिको प्रमुख हुनाले हुन्छ, जतातिर निहुरिन्छ यतातिर लिएर आउँछ र यसैमा आएर व्यवस्थित हुन्छ।"

"कृपया, उपमा दिएर सम्भाउनुहोस्।"

"महाराज ! जस्तो कि कुनै कुटागारका सबै भऱ्याङ्हरु सबैभन्दा माथिल्लो तल्लामा (घर) लैजाने हुन्छ, त्यतैतिर गएर सकिन्छ र त्यहीँ सबैभन्दा



https://dhamma.digital

मुख्य ठहरिन्छ, त्यस्तै, जति पनि कुशल धर्महरु छन्, ती सबै समाधि प्रमुख हुनाले हुन्छन्, यतातिर झुक्छन् र यतातिर लिएर आउँछन् र यसैमा आएर व्यवस्थित हुन्छन् ।"

"कृपया, फेरि कुनै दोस्रो उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै राजा आफ्नो चतुरङ्गिणी सेनालाई साथ लिएर लडाईंमा जान्छ । सबै सेना, सबै हात्ती, सबै घोडा, सबै रथ र सबै सिपाह लडाइँतिर बढाउँछ, ती त्यतैतिर झुक्छन्र त्यहाँ गएर लड्छन् । त्यसरी नै जति पनि कुशल (पुण्य) धर्महरु छन्, ती सबै समाधिको प्रमुख हुनाले हुन्छन्, यतातिर झुक्छन र यतातिर लिएर आउँछन र यसैमा आएर व्यवस्थित हुन्छन । यसरी नै, प्रमुख हुनु समाधिको पहिचान हो । भगवान्ले भन्नुभएको छ -

"**भिक्षुहरु हो ! समाधिको अभ्यास गर, समाधि लाग्नाले नै यथार्थ ज्ञान हुन्छ ।**" (स. नि. (२१) ५)

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १४. प्रज्ञालक्षण-प्रश्न

१२. राजाले सोधे - "भन्ते ! नागसेन प्रज्ञाको लक्षण के हो ?"

"महाराज ! मैले अघि नै भनिसकें कि काट्नु प्रज्ञाको पहिचान हो र देखाइदिनु पनि प्रज्ञाको अर्को पहिचान हो ।"

"भन्ते ! देखाइदिनु कसरी प्रज्ञाको पहिचान हो ?" "महाराज ! प्रज्ञा उत्पन्न हुनाले अविद्यारूपी अँध्यारो हटेर जान्छ, विद्यारूपी प्रकाश उत्पन्न हुन्छ, ज्ञानको प्रकाश उत्पन्न हुन्छ, चार आर्यसत्य सफासँग देख्न सकिन्छ । त्यसपछि योगीले अनित्य, दुःख र अनात्मलाई सम्यक्रूपले प्रज्ञा ज्ञानद्वारा जान्दछ ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै व्यक्ति हातमा एउटा बल्दै गरेको दियो लिएर कुनै अँध्यारो कोठामा जान्छ, ऊ जानेबित्तिकै अँध्यारो हटेर जान्छ, पूरै कोठामा प्रकाश फैलिन्छ र सबै वस्तुहरु देखिन थाल्छन् । महाराज ! त्यस्तै, प्रज्ञा उत्पन्न भइदिनाले अविद्यारूपी अँध्यारो हटेर जान्छ र विद्यारूपी प्रकाश उत्पन्न हुन्छ । ज्ञानको प्रकाश उत्पन्न हुन्छ, चारै आर्यसत्य सफासँग देखिन्छ । त्यसपछि योगीले अनित्य, दुःख र अनात्मलाई सम्यक्रूपले प्रज्ञा (ज्ञान) द्वारा जान्दछ ।"

"महाराज ! यसरी नै, देखाइदिनु प्रज्ञाको परिचय हो ।"

"भन्ते ! नागसेन तपाईंले ठीक भन्नुभयो ।"



https://dhamma.digital

## १५. नाना धर्म एकसाथ मिलेर हुने कार्य निष्पादनप्रश्न

१६. राजाले सोधे - "भन्ते नागसेन ! के सबै अनेक धर्म एकसाथ मिलेर कुनै काम गर्छन् ?" "हो, महाराज ! यी सबै एकसाथ मिलेर क्लेश-समूहलाई नाश गरिदिन्छन् ।"

"भन्ते ! यो कसरी हुन्छ, कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि (राजाका) हात्ती, घोडा, रथ र सिपाहीजस्ता अनेक प्रकारका सेनाहरू भए तापनि शत्रुलाई पराजित गर्नु एकमात्र काम हो । त्यसरी नै, अनेक प्रकारका कुशल धर्मले एकसाथ मिले क्लेश-समूहलाई नाश गरिदिन्छन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**यस वर्गमा सोह्र प्रश्नहरुरू छन् ।**

**पहिलो महावर्ग समाप्त ।**

# २. अद्धानवर्ग

## १. धर्मसन्ततिप्रश्न (वस्तुको अस्तित्व)

१. राजाले सोधे - "भन्ते नागसेन ! जो उत्पन्न हुन्छ के त्यो त्यही व्यक्ति हो या कुनै अर्कै ?" स्थविरले भन्नुभयो - "न त्यही व्यक्ति हो न अर्कै नै हो ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के भन्नुहुन्छ - जब तपाईं बाल्यकाल अवस्थामा खाटमा उत्तानो परेर सुत्नुहुन्थ्यो, अब तपाईं यत्रो ठूलो भएर पनि के तपाईं त्यही हुनुहुन्छ ?" "होइन भन्ते ! अब म अर्कै भइसकें ।" "महाराज ! यदि तपाईं त्यही बच्चा होइन भने, अब तपाईंकी न आमा हुनुहुन्छ, न बुबा, न कोही आचार्य नै । न त शीलवान् या प्रज्ञावान् पनि हुन्न; महाराज ! किनकि त्यसो हुँदा कलल -गर्भधारणको प्रथम अवस्था)[३१] की आमा अर्कै हुन् अब्बुद ( गर्भधारणको दोस्रो अवस्था) की आमा अर्कै हुन्छिन्, पेसिया (गर्भधारणको अर्को अवस्था) की आमा अर्कै हुन्छिन्, घन (गर्भको एक अवस्था) की आमा अर्कै हुन्, बच्चाकी आमा पनि अर्कै हुन् तरुण अवस्थाकी आमा अर्कै हुन्छिन्, शिल्प



https://dhamma.digital

सिक्ने पनि अर्कै हुन्छ शिल्प जान्ने पनि अर्कै हुन्छ। एक जनाले पाप कर्म गर्छ भने अर्कोको हात खुट्टा काटिन्छ ?"

"होइन भन्ते ! तपाईंले के भन्न खोज्नुभएको हो ?"

स्थविरले भन्नुभयो - "महाराज ! म सानोमा अर्कै थिएँ र यस समय ठूलो भएर अर्कै भएँ। तर ती सबै भिन्न अवस्थाहरु यस शरीरमै भएको हुनाले यो एउटै मानिन्छ।"

"कृपया, तपाईं यसलाई फेरि उपमा दिएर सम्झाउनुहोस्।"

"महाराज ! जस्तै कि कुनै व्यक्तिले दियो बाल्यो। त्यसो हो भने के त्यो रातभरि नै बल्छ ?" "हो भन्ते ! रातभरि नै बल्छ।" "महाराज ! रातको पहिलो प्रहरमा दियोको जुन ज्वाला छ, के त्यो त्यही बत्ती दोस्रो प्रहरमा पनि बलिरहन्छ ?" "बल्दैन भन्ते !"

"महाराज ! त्यसो हो भने के त्यो दियो पहिलो प्रहरमा, दोस्रो प्रहरमा र तेस्रो प्रहरमा अर्कै हुन्छ ?" "हुँदैन भन्ते ! त्यही दियो सारा रात बलि रहन्छ।" "महाराज ! ठीक यसरी नै, कुनै वस्तुको अस्तित्वको सिलसिला एक अवस्थामा उत्पन्न हुन्छ भने अर्कोमा लीन हुन्छ। यसरी नै, यो प्रवाह कायम रहन्छ। एक प्रवाहको दुई अवस्थामा एक क्षणको अन्तराल पनि हुँदैन किनकि एउटा लीन हुनेबित्तिकै अर्को तुरुन्तै उत्पन्न हुन्छ। यसरी नै, जीव न त्यही रहन्छ, न अर्को नै हुन्छ। एक जन्मको अन्तिम विज्ञान लीन हुँदा अर्को दोस्रो जन्मको प्रथम विज्ञान उत्पन्न हुन्छ।"[३२]

"कृपया, यसलाई एउटा अर्को उपमा दिएर सम्झाउनुहोस्।"

"महाराज ! जस्तो कि दुधलाई जमाएमा केही समयपछि त्यो दही बन्छ, नौनी घ्यू (मक्खन) र नौनी घ्यूलाई खारेर घ्यू बनाइन्छ। त्यसपछि कसैले भन्यो कि जुन दुध हो त्यही दही हो। जुन दही छ, त्यही नौनी घ्यू हो। जुन नौनी घ्यू छ, त्यही नै घ्यू हो। महाराज ! यस्तो भन्ने व्यक्तिले के ठीक भनेको हो त ? "भन्ते ! दुधबाट यस्ता सबै चीजहरु बनेको हो" "महाराज ! यस्तै, धर्म सन्ततिको निरन्तरता हुन्छ। ठीक यसरी नै, कुनै वस्तुको अस्तित्वको प्रवाहमा एउटा अवस्था उत्पन्न हुन्छ भने अर्को लीन हुन्छ। यसरी नै प्रवाह कायम रहन्छ। एउटा प्रवाहको दुई अवस्थामा एक क्षणको अन्तराल पनि हुँदैन; किनकि एउटा लीन हुनेबित्तिकै अर्को तुरुन्तै उत्पन्न हुन्छ। यही कारणले न त्यही जीव रहन्छ, न अर्को नै।" (एक जन्मको अन्तिम विज्ञान लय हुनेबित्तिकै अर्को जन्मको प्रथम विज्ञान उत्पन्न हुन्छ।)

"भन्ते ! नागसेन तपाईंले ठीक भन्नुभयो।"



https://dhamma.digital

## २. प्रतिसन्धि (पुनर्जन्म) विषयक प्रश्न

२. राजाले सोधे - "भन्ते नागसेन ! जुन व्यक्तिले जन्मपछि अर्को जन्म लिँदैन के उसले जान्दछ कि फेरि उसले जन्म ग्रहण गर्दैन ?" "हो महाराज ! उसले जान्दछ कि म फेरि जन्म लिन्न ।" "भन्ते ! उसले यो कुरा कसरी जान्दछ ?" "महाराज ! पुनर्जन्म लिने जुन हेतु र प्रत्यय छन्, ती शान्त र नष्ट हुने हुनाले उसले जान्दछ कि म फेरि जन्म लिन्न ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुनै किसान गृहपतिले आफ्नो खेत जोतेर रोपेर आफ्नो भण्डारलाई भर्छ । फेरि केही समयसम्म खेत जोत्दैन रोप्दैन, जम्मा गरेको अन्न खान्छ र बाँड्छ, या आफ्नो अन्य कर्मका लागि खर्च गर्छ । महाराज ! त्यसो हो भने के त्यो किसान गृहपतिले जान्दैन कि मेरो भण्डार अब भरिएको छैन र खाली हुँदैछ ?" "हो भन्ते ! उसले जान्दछ ।" "कसरी जान्दछ ?" "भण्डारमा भर्ने जुन हेतु र प्रत्यय छ, त्यो रोकिएको हुनाले ।"

"महाराज ! यसरी नै पुनर्जन्म ग्रहण गर्ने जुन हेतु र प्रत्यय छ, त्यो शान्त र नष्ट भएकोले त्यो ज्ञानीले यो कुरो जान्दछ कि म फेरि जन्म ग्रहण गर्ने छैन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ३. ज्ञान र प्रज्ञाको विषयमा प्रश्न

३. राजाले सोधे - "भन्ते नागसेन ! जसको ज्ञान उत्पन्न हुन्छ के उसमा प्रज्ञा पनि उत्पन्न हुन्छ ?" "हो महाराज ! उसमा प्रज्ञा पनि उत्पन्न हुन्छ ।"

"भन्ते ! के ज्ञान र प्रज्ञा दुवै एउटै वस्तु हुन् ?" "हो महाराज ! ज्ञान र प्रज्ञा एउटै वस्तु हुन् ।" "भन्ते ! यदि यसो हो भने उसलाई कुनै विषयमा मोह हुन्छ कि हुँदैन ?" "महाराज ! उसलाई कुनै कुनै विषयमा मोह हुँदैन र कुनै कुनै विषयमा भने हुन्छ ।"

"कुन विषयमा मोह हुँदैन र कुन विषयमा मोह हुन्छ ?"

"महाराज ! जुन विद्या उसले पढेको छैन, जुन देशमा ऊ गएको छैन र जुन कुरा उसले सुनेको छैन त्यस विषयमा उसलाई मोह हुन्छ ।"

"अनि कुन विषयमा मोह हुँदैन ?"



https://dhamma.digital

"महाराज ! आफ्नो प्रज्ञाले अनित्य, दुःख र अनात्मालाई जान्दछ त्यस विषयमा उसलाई मोह हुँदैन ।" "भन्ते ! यस विषयमा उसको मोह कहाँ गयो ?" "महाराज ! ज्ञान उत्पन्न हुनेबित्तिकै, त्यस विषयमा सबै मोहको निरोध हुन्छ ।"

१. "कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि अँध्यारो कोठामा कसैले दियो बालेर भित्र पस्छ । त्यसले गर्दा अँध्यारो हटेर उज्यालो हुन्छ । महाराज ! त्यसरी नै, ज्ञान उत्पन्न हुनेबित्तिकै मोह हटेर जान्छ ।" "भन्ते ! उसको प्रज्ञा कहाँ जान्छ ?"

"महाराज ! प्रज्ञा पनि आफ्नो काम सकेर निरुद्ध हुन्छ । त्यस प्रज्ञाबाट जो 'सबै अनित्य छ, सबै दुःख छ, सबै अनात्मा छ' - यो चिन्तन गरेर उत्पन्न हुन्छ अनि त्यही कामय रहन्छ ।"

२. "यसलाई स्पष्ट गर्न कुनै उपमा दिनुहोस् ।"

"महाराज ! कुनै ठूलो ओहदाको व्यक्तिले राती एउटा चिट्ठी लेख्न चाह्यो । उसले लेख्ने मानिसलाई बोलायो अनि दियो बालेर चिट्ठी लेखायो । चिट्ठी लेखिसकेपछि त्यो दियोलाई निभायो । जसरी त्यो प्रकाश निभ्नेबित्तिकै चिट्ठीको केही बिग्रँदैन; महाराज ! त्यसरी नै, प्रज्ञाले आफ्नो काम गरिरहन्छ । त्यस प्रज्ञाबाट जो 'सबै अनित्य छ, सबै दुःख छ, सबै अनात्मा छ' - यो चिन्तन गरेर उत्पन्न हुन्छ अनि त्यही कामय रहन्छ ।"

३. "कृपया, कुनै अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि पूर्वतिरका मानिसहरुमा यस्तो एउटा प्रथा छ, आ-आफ्ना घरको छेउमा पानीले भरिएको पाँचपाँचवटा गाग्रा राखिछाड्छन् । जहिले घरमा आगो लाग्छ, पानी निभाउने काममा तिनको प्रयोग गर्छन् । महाराज ! मानिलिऊँ कि एक पटक घरमा आगो लाग्यो अनि पाँचवटा गाग्राहरुको पानी त्यसलाई निभाउने काममा आयो । महाराज ! के उनीहरुले आगो निभाइसकेपछि पनि गाग्राहरुको प्रयोग गर्छन् ?" "गर्दैनन् भन्ते ! गाग्राहरुको काम सिद्धिएपछि अब उनीहरुलाई तिनको क काम ?"

"महाराज ! यहाँ पानीको पाँचवटा गाग्रा जस्तै पाँच इन्द्रियहरुलाई सम्झनुपर्छ (श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतीन्द्रिय, समाधीन्द्रिय र प्रज्ञेन्द्रिय) । आगो निभाउने मानिसलाई योगीजस्तो सम्झनुपर्छ । जस्तो त्यो आगो छ, त्यस्तै क्लेश (तृष्णा) लाई सम्झनुपर्छ । अनि जसरी त्यहाँ पाँच गाग्राहरुले आगो निभाएको थियो; त्यसरी नै, यी पाँच इन्द्रियहरुले क्लेशलाई निभाएको सम्झनुपर्छ । एकपल्ट क्लेश नष्ट भएपछि फेरि उत्पन्न हुँदैन । यसरी नै, प्रज्ञाले आफ्नो काम गरेपछि ··· ।"

४. "कृपया, फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"



https://dhamma.digital

"महाराज ! जस्तो कि कुनै वैद्यले पाँचवटा जडिबुटीहरु ल्याएर औषधी तयार पारी त्यो औषधी रोगीलाइ पिलाएर उसलाई निको पार्छ । रोगीलाई सन्चो भएपछि फेरि वैद्यले के उसलाई औषधी पिलाउन चाहन्छ ?" "चाहँदैन भन्ते ! अब त्यस जडिबुटीको के काम !" "महाराज ! यी पाँच जडीबुटीहरुले जस्तै श्रद्धेन्द्रिय आदि पाँच इन्द्रियहरुलाई सम्भनुपर्छ । वैद्यको स्थानमा योगीलाई सम्भनुपर्छ । रोगलाई क्लेश सम्भनुपर्छ । रोगीको स्थानमा अज्ञानी पृथक्जनलाई सम्भनुपर्छ । जसरी पाँच जडिबुटीहरुले रोगलाई आराम पऱ्यो, त्यसरी नै, पाँच इन्द्रियहरुले क्लेशलाई नष्ट गरिदिन्छन् । महाराज ! यसरी प्रज्ञाले आफ्नो काम सकेपछि नरुद्ध हुन्छ ।"

५. "यसलाई कृपया फेरि कुनै उपमा दिएर सम्भाउनुहोस् ।"

"महाराज ! जसरी कुनै योद्धा सिपाही पाँचवटा तीर लिएर युद्धका जान्छन् । उसले पाँचवटा तीरहरु चलाएर तिनले शत्रुहरुलाई पराजित गरेर धपाइ दिन्छन् । महाराज ! शत्रुहरु भागेपछि के फेरि उसले तीरहरुलाई चलाउनुपर्छ ?" "पर्दैन भन्ते ! शत्रुहरु भागेपछि ती चलाउने कामै के रह्यो" "महाराज ! जसरी यी पाँचवटा तीरहरु छन्, त्यसरी नै, पाँच इन्द्रियहरुलाई र सिपाहीको ठाउँमा योगीलाई सम्भनुपर्छ । जस्ता शत्रुहरु छन्, त्यस्तै क्लेशलाई सम्भनुपर्छ । जसरी पाँच तीरहरुले शत्रुहरुलाई धपाइयो, त्यसरी नै, पाँच इन्द्रियहरुले क्लेशलाई नष्ट गरिदिन्छन् । यस्ता क्लेशहरु एकपल्ट क्लेश नष्ट भएपछि फेरि उत्पन्न हुँदैन । महाराज ! यसरी नै, आफ्नो काम गरेपछि प्रज्ञाल निरुद्ध हुन्छ ।"

## ४. अर्हत् सुख-दुःख सम्बन्धी बारे प्रश्न

४. राजाले सोधे - "भन्ते ! जसले फेरि जन्म लिँदैन उसले वेदना ( सुख या दुःख) अनुभव गर्छ ?" स्थविरले उत्तर दिनुभयो - "कुनैलाई अनुभव गर्छ कुनैलाई अनुभव गर्दैन ।" "कुनलाई अनुभव गर्छ र कुनलाई अनुभव गर्दैन ?" "शरीरमा हुने वेदनालाई अनुभव गर्छ र चैतसिक वेदना (मनमा हुने वेदना) लाई अनुभव गर्दैन ।" "भन्ते ! यो कसरी ?" "शरीरमा उत्पन्न हुने वेदनाको जुन हेतु र प्रत्यय छ, त्यो बन्द नभएको कारण उसले अनुभव गरिरहन्छ ।" "चित्तमा वेदना उत्पन्न हुने जुन हेतु र प्रत्यय छ, त्यो बन्द भएपछि उसले त्यसलाई अनुभव गर्दैन ।" "महाराज ! भगवान्ले पनि भन्नुभएको छ कि एकमात्र वेदनालाई अनुभव गर्दछ । त्यो हो - शरीरमा उत्पन्न हुने; चित्तमा उत्पन्न हुनेलाई होइन ।"



https://dhamma.digital

"भन्ते नागसेन ! जसले दुःखवेदनालाई अनुभव गरिरहन्छ उसले आफ्नो शरीरलाई किन त्याग्दैन ?" "महाराज ! अर्हत्हरुलाई न कुनै इच्छा रहन्छ, न कुनै अनिच्छा नै । उनीहरु काँचो फललाई झार्न चाहँदैनन् । पण्डित व्यक्तिहरु पाक्ने बेलासम्म पर्खन्छन् । महाराज ! धर्मसेनापति सारिपुत्रले भन्नुभएको छ - "न मलाई मर्ने इच्छा छ, न बाँच्ने । जसरी कुनै ज्यामीले काम गरिसकेपछि आफ्नो ज्याला लिन पर्खन्छ, त्यसरी नै, म पनि आफ्नो समयको प्रतीक्षा गरिरहेको छु । न मलाई मर्ने चाहना छ, न बाँच्ने । ज्ञानपूर्वक सावधान भएर आफ्नो समयको प्रतीक्षा गरिरहेको छु ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ५. वेदनाको विषयमा प्रश्न

५. राजाले सोधे - "भन्ते नागसेन ! के सुखवेदना कुशल, अकुशल या अव्याकृत हुन्छ ?" "महाराज ! यी तीनवटै हुन सक्छ ।" "भन्ते ! यदि जो कुशल छ, दुःख दिने खालको छैन र जो दुःख दिने खालको छ, त्यो कुशल होइन । त्यसो हो भने यस्तो कुनै कुशल छैन जो दुःख दिने खालको होस् ।"

"महाराज ! यदि कसैले आफ्नो एक हातमा बलिरहेको झलझलाउँदो फलामको गोला डल्ला लेओस् अनि अर्को हातमा बरफको एउटा ठूलो टुक्रा । के त्यो दुईवटाले कष्ट दिन्छ कि दिँदैन ?" "हो भन्ते ! दुईटैले नै उसलाई कष्ट दिन्छ ।" "महाराज ! के ती दुवै ताता हुन् ?" "होइन भन्ते !" "त्यसो हो भने के दुइटै चिसा हुन् ?" "त्यो पनि होइन भन्ते !"

"त्यसो हो भने आफ्नो गल्ती स्वीकार गर्नुहोस् । यदि तातोले नै कष्ट दिने हो भने ती दुइटै तातो नभएकोले कष्ट नहुनु पर्ने हो । यदि चिसोले कष्ट दिने भए दुइटै चिसो नभएको हुँदा कष्ट नदिनुपर्ने हो । महाराज ! त्यसो हो भने ती दुइटाले कसरी कष्ट दिए त ? कितकि ती दुइटै न तातो हुन् न चिसो ! एउटा तातो छ भने अर्को चिसो । दुइटैले कष्ट दिइराखेका छन् । त्यसो हुनु नपर्ने हो ।"

"भन्ते ! तपाईं जस्ता वक्तासँग म कुरा गर्न सक्दिन । कृपया भन्नुहोस् कि कुरो के हो ।"

त्यसपछि स्थविरले अभिधर्म अनुकूल व्याख्या गरेर राजालाई सम्झाए - "महाराज ! यी छ सांसारिक जीवनका सुख हुन् अनि यी छ त्यागमय जीवनका । यी छ सांसारिक जीवनका दुःख हुन् र यी छ त्यागमय जीवनका । यी छ सांसारिक जीवनका उपेक्षा हुन् र यी छ त्यागमय जीवनका । यसरी सबै मिलाएर ३६ प्रकारका वेदनाहरु छन् । यसरी भूतकालका ३६ वेदनाहरु,



https://dhamma.digital

भविष्यत्कालका ३६ वेदनाहरु र वर्तमानकालका ३६ वेदनाहरु गरी सबैलाई एक ठाउँमा जोड्दा जम्मा १०८ प्रकारका वेदनाहरु हुने भए ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ६. नाम-रूप समान हुन्छ वा हुँदैन भन्ने विषयमा प्रश्न

६. राजाले सोधे - "भन्ते नागसेन ! कसले जन्म ग्रहण गर्छ ?" स्थविरले उत्तर दिनुभयो - "महाराज ! नाम र रूपले जन्म ग्रहण गर्छ ।" "के यही नाम र रूपले जन्म ग्रहण गर्छ ?" "महाराज ! यही नाम र रूपले जन्म ग्रहण गर्दैन । मानिसले यो नाम र रूपबाट पाप वा पुण्य गर्दछ, त्यो कर्म गर्दा अर्को नाम र रूपले जन्म ग्रहण गर्दछन् । भन्ते ! त्यो हो भने पहिलाको नाम र रूप आफ्ना कर्मबाट मुक्त भयो ? स्थविरले भन्नुभयो - "महाराज ! यदि फेरि जन्म ग्रहण गर्दैन भने ऊ मुक्त भयो । तर त्यसले फेरि जन्म ग्रहण गऱ्यो भने मुक्त भएन ।"

१. "कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कसैले अरुको आँप चोऱ्यो । त्यस आँपको मालिकले समातेर राजाका सामु लगेर भन्यो - "महाराज ! यसले मेरो आँप चोऱ्यो ।" यसमा त्यस चोरले भन्यो - "देव ! होइन, मैले यसको आँप चोरेको छैन । यसले जुन आँप लगाएको थियो त्यो अर्कै हो र मैले जुन आँप लिएको चिएँ, त्यो अर्को हो । त्यसैले म सजायको भागी होइन ।" "महाराज ! अब तपाईं भन्नुहोस् कि उसलाई सजाय दिनुपर्छ कि पर्दैन ?" "हो भन्ते ! उसले सजाय पाउनै पर्छ ।" "त्यसो किन ?" "भन्ते ! उसले यसो भने तापनि पहिलो आँपलाई छाडेर अर्को आँप चोर्नाले उसले सजाय पाउनैपर्छ ।" "महाराज ! यसरी नै, मानिसले यो नाम र रूपले पाप या पुण्य कर्महरु गर्दछ, त्यस्ता कर्महरुले गर्दा अर्को नाम र रूपले जन्म ग्रहण गर्दछ । त्यसो भएकोले ऊ आफ्ना कर्मबाट मुक्त भएन ।"

२. "कृपया, अर्को पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुनै मानिसले कसैको धान वा उखु चोऱ्यो । अनि पक्राउ परेपछि आँपको चोरले भनेझैं … । महाराज ! अथवा कुनै मानिसले जाडोमा आगो बालेर तापेपछि ननिभाइकन छोडेर जान्छ । त्यो आगोले कुनै अर्को मानिसको खेतलाई सल्काइ दिन्छ । त्यसपछि उसलाई समातेर खेतको मालिकले राजाको सामु लगेर - 'महाराज ! यसले मेरो खेतलाई सल्काइदियो ।' भनी विन्ति गर्दछ । यसमा उसले यसो भनोस् - 'मैले यसको खेतलाई सल्काएको होइन । देव ! त्यो अर्कै आगो थियो जो मैले सल्काएको थिएँ र त्यो



https://dhamma.digital

अर्को आगो हो जसबाट यसको खेत सल्क्यो । त्यसैले म सजायको भागी होइन ।' महाराज ! तपाईं नै भन्नुहोस् कि उसले सजाय पाउनुपर्छ कि पर्दैन ?" "हो भन्ते ! पाउनुपर्छ ।" "त्यसो किन ?" "भन्ते ! उसले जेसुकै भने तापनि उसले सल्काएको आगो बढ्दै गएर त्यसले खेतलाई नै सल्काइदियो ।" "महाराज ! यसरी नै मानिसले यस नाम र रूपबाट पाप वा पुण्य कर्महरु गर्दछ … ।"

३. "कृपया, अर्को पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुनै व्यक्तिले दियो लिएर आफ्नो घरको कौसीमा पुगेर भोजन गर्दछ । त्यो दियो बल्दै गरेको बेला पराल (झिक्राझिक्री) पनि बल्न थाल्छ र त्यो परालले सारा घरलाई नै आगो लगाई दिन्छ र त्यो घरले गर्दा सारा गाउँ नै सखाप पारी दिन्छ । गाउँलेहरुले उसलाई समातेर भन्दछन् - "तिमीले गाउँमा किन आगो लगायौ ?" यसमा उसले यसो भन्दछ - 'मैले गाउँमा आगो लगाएको होइन । त्यस दियोको आगो अर्को थियो जसको उज्यालोमा खाना खाएँ र त्यो अर्कै आगो लगाएको आगो थियो जसबाट त्यो गाउँ सल्क्यो ।' यसरी एक आपसमा झगडा गर्दै उनीहरु तपाईं भए ठाउँमा आए तपाईं कतापट्टि फैसला (निर्णय) दिनुहुन्छ ?" "भन्ते ! गाउँलेहरुपट्टि नै ।" "त्यसो किन ?" "उसले जे-जसो भने पनि पहिलो आगोको कारण पछिल्लो आगो बलेको हो ।" "महाराज ! यसरी नै मरणान्तिक नाम र रूपको लय हुन्छ र जन्मका साथ अर्को नाप र रूप उत्पन्न हुन्छ । तर यो पनि त्यसैबाट हुन्छ । त्यसो हुँदा ऊ आफ्ना पाप कर्मबाट मुक्त भएन ।"

४. "कृपया, फेरि अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कसैले एउटा सानी केटीसँग विवाह गरेर उसलाई रूपियाँ दिएर आफू अन्यत्र जान्छ । केही समयपछि उनी बढेर तरुनी हुन्छे । त्यसपछि अर्को मानिसले रुपियाँ दिएर ऊसित बिहे गर्छ अनि पहिलेका मानिसले आएर भन्दछ - 'तिमीले मेरो स्त्रीलाई किन लग्यौ ?' यसमा उसले यस्तो उत्तर दिन्छ - 'मैले तिम्री जोइलाई लगेको छैन । त्यो सानी केटी अर्कै थिई जोसँग तिमीले विवाह गरेका थियौ र जसका लागि रुपियाँ दिएका थियौ । यो तरुनी आइमाई अर्कै हो जसका साथमा मैले विवाह गरें र जसका लागि रुपियाँ दिएको छु ।' अब यदि ती दुवै जना यसरी झगडा गर्दै तपाईंका सामु आएमा तपाईं कतातिर निर्णय दिनुहुन्छ ?" "भन्ते ! पहिलो मानिसपट्टि ।" "त्यसो किन ?" "उसले जे-जस्तो भने तापनि तर त्यही केटी बढेर ठूली भएकी हो ।" "महाराज ! यसरी मरणान्तिक नाम र रूप … । त्यसैले ऊ आफ्नो कर्मबाट मुक्त भएन ।"

५. "कृपया, कुनै अर्को उपमा दिएर सम्झाउनुहोस् ।"



https://dhamma.digital

"महाराज ! जस्तो कि कसैले कुनै ग्वालासँग एक गोल्फु दुध किन्दछ । गोल्फुलाई त्यहीँ छाडेर 'भोलि फर्कदा यो लिन आउँछु' भनी सोचेर जान्छ । त्यो दुध रातभरिमा जमेर दही हुन्छ । भोलिपल्ट त्यो मानिस आएर ग्वालासित दुधको आफ्नो गोल्फु माग्छ । ग्वालाले दही जमेको त्यो गोल्फु उसलाई दिन्छ । यसमा त्यसले भन्दछ - 'म तिमीसँग दही लिन्न, मेरो दुधको गोल्फु देऊ ।' ग्वालाले भन्दछ - 'त्यो त आफैं जमेर दही पो भयो ।' "महाराज ! यसरी ती दुवै झगडा गर्दै तपाईंका सामु आएमा तपाईं कतापट्टि निर्णय दिनुहुन्छ ?" "भन्ते ! ग्वालापट्टि ।" "त्यसो किन ?" "उसले जेसुकै भनोस्, तर दुध नै त जमेर दही भएको हो ।" "महाराज ! यसरी नै मरणान्तिक नाम र रूप ... । त्यसैले आफ्नो कर्मबाट ऊ मुक्त भएन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ७. नागसेनको पुनर्जन्म विषयबारे प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंको पुनर्जन्म हुन्छ कि हुँदैन ?" "छाड्नुहोस् महाराज ! यो सध्नाले के फाइदा ? मैले त पहिले नै भनिसकेको छु कि यदि उपादान (सांसारिक आशक्ति) का साथ मरेछु भने जन्म ग्रहण गरूँला, होइन भने जन्म लिन्न ।"

"कृपया, उपमा दिएर यसलाई सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कि कुनै मानिसले राजाको सेवा गऱ्यो । राजा ऊदेखि खुशी भई उसलाई कुनै ठूलो पद दिए । त्यो पद पाएर सबै पञ्चकाम सुख भोग्दै आरामसँग बसेर उसले अरुहरुलाई भन्दै हिंड्यो - 'राजाले मेरो कुनै उपकार गरेन् ।' त्यसो हो भने के उसले ठीक भन्यो त ?" "होइन भन्ते !"

"महाराज ! यसरी नै, यसलाई सोधेर के मतलब ! मैले त पहिले नै भनिसकेको हुँ कि सांसारिक आशक्तिका साथ मरेछु भने जन्म ग्रहण गरूँला, होइन भने जन्म लिन्न ।"

"बडो बेस, भन्ते !"

## ८. नाम-रूप परस्परआश्रय विषयमा प्रश्न

८. राजाले सोधे - "भन्ते नागसेन ! तपाईं जुन नाम र रूपका विषयमा कुरा गर्दै हुनुहुन्थ्यो, त्यो नाम के हो र रूप के हो ?" "महाराज !



https://dhamma.digital

जति पनि स्थूल पदार्थ छन्, ती सबै रूप हुन् र जति पनि सूक्ष्म चित्त, चैतसिक (मानसिक) धर्म छन्, ती सबै नाम हुन् ।" "भन्ते ! यस्तो किन हुन सक्दैन कि केवल नामले वा केवल रूपले मात्र जन्म ग्रहण गरोस ?" "महाराज ! नाम र रूप दुवै एक आपसमा आश्रित भएको हुनाले, एउटाबेगर अर्को टिक्न सक्दैनन् । दुवै साथै रहन्छन् । "

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुखुरीको पेटमा बच्चा छ भने, फुल पनि त हुन सक्छ, किनभने बच्चा र फुल दुवै एक अर्कामा आश्रित छन् । दुवै एकसाथ हुन्छन् । यो अनन्त कालसम्म चलिआएको छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. कालको विषयमा प्रश्न

९. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंले अहिले भर्खरै भन्नुभयो - 'अनन्तकालदेखि', त यो काल के चीज हो ?" "महाराज ! काल तीन प्रकारका छन् - भूत, भविष्यत् र वर्तमान ।" "भन्ते ! के साँच्चै काल नामको कुनै चीज छ ?" "महाराज ! काल कुनै चीज हो पनि, होइन पनि ।" "भन्ते ! कुनचाहिँ काल हो र कुनचाहिँ होइन ?" "महाराज ! केही यस्तो संस्कारहरु छ, जुन व्यतीत भए, गइसके, अब रहेनन, लीन भए, एकदम परिवर्तित भए । तिनका निम्ति काल छैन । जुन धर्महरुले लय देखाउँदैनन् अथवा कुनै न कुनै ठाउँमा प्रतिसन्धि गरिरहेका छन्, तिनका लागि काल छ । जुन प्राणीहरु मरेपछि फेरि पनि जन्मन्छन्, तिनका लागि काल छ । जुन प्राणीहरु कतै मरेर फेरि उत्पन्न हुँदैनन्, त्यस्ता (अर्हत्) का लागि काल छैन । जसले यहाँ निर्वाण प्राप्त गरे तिनीहरुका लागि पनि काल छैन ।"

"भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो ।"

**(यस वर्गमा ९ वटा प्रश्नहरु छन् ।)**

**द्वितीय अद्धान वर्ग समाप्त ।**



https://dhamma.digital

# ३. विचार वर्ग

## १. त्रिविध कालको मूल -अविद्या)

१. राजाले सोधे - भन्ते नागसेन ! अतीतकाल र भविष्यत्कालको मूल के हो ? अनि वर्तमानकालको मूल के हो ?” “महाराज ! अतीत कालको मूल अविद्या हो । अविद्या भएमा संस्कार हुन्छ, संस्कार भएमा विज्ञान हुन्छ, विज्ञान भएमा नाम र रूप हुन्छ, नाम र रूप भएमा छ आयतन, छ आयतन भएमा स्पर्श, स्पर्श भएमा वेदना, वेदना भएमा तृष्णा, तृष्णा भएमा उपादान, उपादान भएमा भव, भव भएमा जन्म, जन्म भएमा बुढ्यौली, रागे, मृत्यु, शोक, रून्‌नु-पिट्नु, दुःख, आशान्तिर व्याकुलता हुन्छन् । यस प्रकार यस्ता दुःखहरुको क्रमको थालनी कहाँबाट भयो, यसको पत्तो छैन ।”

“भन्ते ! तपाईंले ठीक भन्नुभयो ।”

## २. कालको अज्ञात आरम्भ

२. राजाले सोधे - “भन्ते नागसेन ! तपाईंले जो भन्नुभयो - ‘यसको (कालको) थालनी कहाँबाट भएको हो यसको अत्तोपत्तो छैन,’ कृपया उपमा दिएर यसलाई सम्झाउनुहोस् ।”

“महाराज ! जस्तो कि कुनै व्यक्ति एउटा सानो बीउ जमिनमा रोप्छ । त्यस बीउबाट आँकुरो निस्कन्छ अनि बिस्तारबिस्तार ठूलो भएर रुख हुन्छ । त्यस रुखमा फल लाग्छ । त्यस फलको बीउलाई त्यो मानिसले फेरि रोप्दछ । त्यसबाट आँकुरो निस्केर ⋯ फल लाग्छ । महाराज ! तपाईं भन्नुहोस् कि यस प्रवाह (सन्तति) को कतै अन्त हुन्छ ?” “हुँदैन भन्ते !” “महाराज ! यसरी नै कालको आरम्भ कहाँबाट भएको हो, यसको पत्तो छैन ।”

(१) “कृपया उपमा दिएर सम्झाउनुहोस् ।”

“महाराज ! जसरी कुखुरीले फुल पार्छ, फुलबाट कुखुरा ⋯ यस क्रम (सिलसिला) को कुनै अन्त छ ?” “छैन भन्ते !” “महाराज ! त्यसरी नै, अतीतकालको कुनै आरम्भ छैन ।”

(२) “कृपया फेरि कुनै उपमा दिएर सम्झाउनुहोस् ।”

स्थविरले भुईंमा एउटा गोलाकार वृत्त कोरेर भन्नुभयो - “महाराज ! यस चक्रको अन्त कुन ठाउँमा छ ?” “छैन भन्ते !” “महाराज ! यसरी भगवान्‌ले कालको चक्र भन्नुभयो । चक्षु (आँखा) र रूप हुनाले चक्षुविज्ञान



https://dhamma.digital

उत्पन्न हुन्छ। जब यी तीनै एकसाथ मिल्छन्, त स्पर्श हुन्छ। स्पर्शबाट वेदना अनि वेदनाबाट तृष्णा उत्पन्न हुन्छ । यो तृष्णाबाट उपादान, उपादानबाट कर्म,कर्मबाट मन उत्पन्न हुन्छ (हेरिने तृष्णाबाट फेरि चक्षु उत्पन्न हुन्छ), के यस क्रमको कुनै अन्त छ ?" "छैन भन्ते !" "श्रोत (कान) र शब्दहरु भएको हुँदा श्रोतविज्ञान ··· । मन र धर्महरु भएको हुनाले मनोविज्ञान उत्पन्न हुन्छ। तीनवटै एकसाथ मिल्दा स्पर्श हुन्छ । स्पर्शबाट वेदना अनि वेदनाबाट तृष्णा हुन्छ। यो तृष्णाबाट उपादान र उपादानबाट ··· उत्पन्न हुन्छ। के यस क्रमको कतै अन्त छ ?" "छैन भन्ते !" "महाराज ! यसरी नै कालको आरम्भ कहाँबाट हुन्छ यसको उद्गमको पत्तो हुँदैन ।"

"भन्ते ! ठीक सम्झाउनुभयो ।"

## ३. आरम्भकालको ज्ञान

३. राजाले सोधे - "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि कालको ( आदि) मूल कहाँबाट शुरु हुन्छ भन्ने कुरा देखिँदैन भनेर भन्नुभयो। त्यसो भए आदिकालको प्रारम्भ के हो त ?" "महाराज ! जुन भूतकाल छ, त्यही आरम्भको हो ।" "भन्ते नागसेन ! त के कुनै पनि आरम्भकालको पत्तो लाग्दैन ?" "महाराज ! कुनैको पत्तो लाग्छ भने कुनैको लाग्दैन ।" "भन्ते ! कुनचाहिँको पत्तो लाग्छ र कुनचाहिँको पत्तो लाग्दैन ?"

"महाराज ! पहिले कहिल्यै अविद्या छँदै थिएन यस्तो 'आरम्भ' पत्ता लाग्दैन। यदि कुनै वस्तु नभएर भइदिन्छ र कुनै भएर नष्ट हुन्छ भने यस्तोको 'आरम्भ' पत्ता लाग्छ।"

"भन्ते नागसेन ! यदि कुनै वस्तु नभएर भइदिन्छ र भएर नष्ट हुन्छ - त यसरी दुवैतिरबाट काटी दिए त्यसको स्थिति के हुन्छ ?" "महाराज ! यदि दुवैतिर काटेमा दुवैतिरबाट बढेर आउँछ।"

"भन्ते ! मैले यो सोधेको होइन। त्यो आरम्भदेखि (जहाँ काटिएको छ, त्यहाँबाट) बढ्न सक्छ कि सक्दैन ?" "हो, बढ्न सक्छ।"

"कृपया उपमा दिएर यो कुरो सम्झाउनुहोस् ।"

स्थविरले त्यही बीज र रुखको उपमा दिएर राजालाई सम्झाए ।

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"



https://dhamma.digital

## ४. संस्कारको उत्पत्ति विषयमा प्रश्न

४. राजाले सोधे - "भन्ते नागसेन ! के यस्तो संस्कार छ जो उत्पन्न हुन्छ ?" "हो छ ।" "भन्ते ! त्यो कुनचाहिँ हो ?" "महाराज ! चक्षु र रूप हुनाले चक्षुविज्ञान उत्पन्न हुन्छ । चक्षुविज्ञान हुनाले चक्षु-स्पर्श हुन्छ । चक्षु-स्पर्श हुनाले वेदना उत्पन्न हुन्छ । वेदना हुनाले तृष्णा उत्पन्न हुन्छ । तृष्णा हुनाले उपादान उत्पन्न हुन्छ । उपादान हुनाले भव उत्पन्न हुन्छ । भव हुनाले जन्म हुन्छ जन्मले बुढ्यौली, मर्नु, शोक गर्नु, रुनु, दुःख-दौर्मनस्य र डाहा हुनु; केवल दुःखस्कन्धको समुदय हुन्छ । महाराज ! चक्षु र रूप नरहेमा चक्षुविज्ञान उत्पन्न हुँदैन । ··· स्पर्श हुँदैन । ··· उपादान हुँदैन । ··· भव हुँदैन । जन्म ग्रहण गर्नु, बुढ्यौली, मरण ··· हुँदैन । यसरी दुःखको सारा प्रवाहबाट मुक्त हुन्छ ।"

"भन्ते ! ठीक छ ।"

## ५. भवन्त-भाव संस्कार उत्पन्न हुन्छ हुँदैन भन्ने विषयमा प्रश्न

५. राजाले सोधे - "भन्ते ! नागसेन के यस्ता संस्कार छन् जो नभएर पनि उत्पन्न हुन सक्छन् ?" "महाराज ! यस्ता कुनै संस्कार छैनन् जो नभएर उत्पन्न होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन् जसको प्रवाह पहिलेदेखि चलिआएको छ ।"

(१) "कृपया यसलाई उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं जुन घरमा बस्नुहुन्छ के त्यो नबनाई आफैं बनेको हो त ?" "भन्ते ! यस्तो कुनै चीज छैन जो एकदम नभएर पनि भएको होस् । तिनै वस्तुहरु उत्पन्न हुन्छन्, जसको प्रवाह पहिलेदेखि चल्दै आएको छ । घरका यी काठहरु पहिले जङ्गलमा थिए । यो माटो पहिले जमिनमा थियो । स्त्री र पुरुषहरुको मेहनतबाट ने यो घर तयार भएको हो । महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"

(२) "कृपया, अर्को कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि सबै बोट बिरुवा पृथ्वीबाटै उत्पन्न भएर हुर्कन्छन् अनि फुल्छन् फल्छन् । यी सबै पहिले नभएर उत्पन्न भएका होइनन्, बरु यिनको स्थितिको प्रवाह पहिलेदेखि भई आएको हो । महाराज ! यसरी नै,



https://dhamma.digital

कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"

(३) "कृपया, अर्को कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुम्हालेले जमिनबाट माटो खनेर त्यसबाट अनेक प्रकारका भाँडाकुँडा बनाउँछ । भाँडाकुँडाहरु त्यसै उत्पन्न भएका होइनन्, किन्तु तिनको स्थितिको प्रवाह सुरुदेखि भई आएको छ । महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"

(४) "कृपया, फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"यदि वीणाको छाला-पत्र, खोक्रो काठ, डन्डी, घाँटी (बाजाको), तार वा नक्खी केही पनि छैन र बजाउने मान्छ पनि छैन भने के त्यसबाट कुनै आवाज निस्कला ?" "निस्कँदैन भन्ते ।"

"अनि, यस्ता सबै वस्तुहरु भएमा नि ?" "भन्ते ! त्यसो हो भने आवाज निस्कने छ ।"

"महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"

(५) "कृपया, अर्को कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि अरणी (आगो उत्पन्न गर्ने काठ या ढुङ्गा) नभएमा, अरणीको टुक्रा नभएमा, अरणी तान्ने डोरी नभएमा, उत्तरारणि नभएमा, कपडाको टुक्रा (चिथडो) नभएमा आगो सल्काउने कुनै मान्छे नभएमा के त्यसबाट आगो निस्कन्छ ?"

"निस्कँदैन भन्ते !"

"महाराज ! फेरि अरणी भएमा, अरणीको टुक्रा भएमा, अरणी तान्ने डोरी भएमा, उत्तरारणि भएमा, कपडाको टुक्रा (चिथडो) भएमा आगो सल्काउने कुनै मान्छे भएमा के त्यसबाट आगो निस्कन्छ ?"

"निस्कन्छ भन्ते !"

"महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"

"महाराज ! यदि मणि (आगो सल्काउने काँच) नभएमा, सूर्यको ताप नभएमा, गुइँठो (सुकेको काठ, दाउरा) नभएमा, आगो सल्काउने मान्छे नभएमा के त्यसबाट आगो निकन्छ ?"

"निस्कँदैन भन्ते !"



https://dhamma.digital

"महाराज ! यदि मणि (आगो सल्काउने काँच) भएमा, सूर्यको ताप भएमा, गुइँठो (सुकेको काठ, दाउरा) भएमा, आगो सल्काउने मान्छे भएमा त्यसबाट आगो निकन्छ ?"

"निस्कन्छ भन्ते !"

"महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"

"कृपया, फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि ऐना नभएमा, प्रकाश नभएमा, हेर्ने मान्छे नभएमा के त्यहाँ हेर्ने मान्छेका आकृति देखिन्छ ?"

"देखिँदैन भन्ते !"

"महाराज ! यदि ऐना भएमा, प्रकाश भएमा, हेर्ने मान्छे भएमा के त्यहाँ हेर्ने मान्छेका आकृति देखिन्छ ?"

"देखिन्छ भन्ते !"

"महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरु उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"

"भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो ।"

## ६. वेदगू (=ज्ञाता वा आत्मा) विषयमा प्रश्न

६. राजाले सोधे - "भन्ते नागसेन ! जान्ने कुनै (आत्मा) छ वा छैन ?"

"महाराज ! त्यो जान्ने को हो ?"

"भन्ते ! जीवले हामीहरुभित्र रहेर आँखाले रूप देख्छ, कानले शब्द सुन्छ, नाकले गन्ध सुँघ्छ, जिब्रोले स्वाद लिन्छ, शरीरले स्पर्श अनुभव गर्छ र मले धर्म बुझ्दछ । जसरी हामीहरु इस महलमा बसेर जुन-जुन झ्यालको पूर्वबाट, या पश्चिमबाट, या दक्षिणबाट, या उत्तरतिरबाट हेर्न चाहेमा हेर्न सक्छौं । भन्ते ! त्यसरी नै, हाम्रो शरीरभित्र रहेको जीवले जुन जुन द्वारबाट हेर्न चाहन्छ त्यही त्यही द्वारबाट हेर्दछन् ।"

स्थविरले उत्तर दिनुभयो - "महाराज ! पाँचवटा द्वार (ढोका) कुन हो, सो म भन्दैछु तपाईं मन लगाएर सुन्नुहोस् । यदि जीव यस शरीरमा रहेर आँखाले रूपलाई हेर्छ, जसरी कि हामी यस महलमा बसेर जुनसुकै झ्यालबाट रूपलाई देख्न सक्छौं, पूर्वको झ्यालबाट, पश्चिम ⋯ उत्तर ⋯ दक्षिण ⋯ तिरको



https://dhamma.digital

झ्यालबाट पनि रूपलाई देख्न सक्छौं, त्यसरी नै यस शरीरमा बसेको जीवद्वारा कान (श्रोत) ··· नाक (घ्राण) ··· जिब्रो (जिव्हा) ··· शरीर (काय) ··· मनले पनि रूपलाई दुख्नु पर्ने हो । आँखा (चक्षु) द्वारा पनि नाक ··· जिब्रो ··· शरीर ··· मनले पनि शब्दलाई सुन्नुपर्ने हो । यसरी नै आँखा ··· कान ···जिब्रो ··· शरीर ··· मन ··· द्वारा पनि गन्धलाई ग्रहण गर्नुपर्ने हो । यसरी नै, आँखाले पनि कानले ··· नाकले ··· जिब्रो र शरीरले ··· पनि धर्मलाई ग्रहण गर्नुपर्ने हो ?"

"होइन भन्ते ! यस्तो कुरा हुन सक्दैन ।"

"महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन । महाराज ! यी झ्यालहरुलाई खोलिदिंदा हामीहरु यहाँ बसेरै आकाशमा बाहिरका सबै रूपहरुलाई सफासँग देख्न सक्छौं । त्यस्तै, हामीभित्र रहेको जीवले आँखा नभए पनि आकाशतिरका सबै रूपहरुलाई छर्लङ्ग देख्नुपर्ने हो । त्यस्तै, ··· नाक ··· जिब्रो ··· शरीर ··· गन्ध ··· शब्द ··· रस ··· स्पर्श ··· स्पष्ट सुँघ्ने ··· सुनने ··· स्वाद लिने ··· वस्तुको स्पर्श ··· हुनुपर्ने हो ।"

"होइन, भन्ते ! यसो हुन सक्दैन ।"

"महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग मेल खाँदैन र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन । महाराज ! यदि दिन्न नामको पुरुष (मन्त्री) यहाँबाट बाहिर गएर ढोकामा उभिउको छ भने, के तपाईं यो कुरो बुझ्नु हुन्न ?" "हो भन्ते ! बुझ्छु ।"

"महाराज ! दिन्न फेरि भित्र आएर तपाईंका सामु उभियो भने के तपाईं यो कुरो बुझ्नु हुन्न ?" "हो भन्ते ! बुझ्छु ।"

"महाराज ! यसरी नै, हामीमा रहेको जीवले जिब्रोबाट बाहिरको रसलाई जान्दा छ - यो अमिलोछ, यो नुनिलो छ, यो तीतो छ, यो टर्रो छ, यो मीठो छ ?" "हो भन्ते ! जान्दाछ ।" "त्यसो हो भने, त्यो रस भित्र पुगेपछि त्यो जीवले त्यसको स्वाद तीतो, अमिलो, नुनिलो, टर्रो, कडा वा मीठो भन्ने जान्दछ ?"

"होइन भन्ते ! जान्दैन, अनुभव गर्न सक्दैन ।"

"महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग मेल खाँदैन र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन । महाराज ! कुनै व्यक्तिले सय गाग्रो मह झिकाएर एक ठूलो भाँडामा खन्याए । अनि एउटा मानिसको मुख राम्ररी बाँधेर उसलाई त्यहाँ हालेमा, तपाईं भन्नुहोस् कि के त्यसले जान्दा छ जसमा ऊ हालिएको छ, त्यो मीठो छ वा छैन ?" "भन्ते ! जान्न सक्दैन ।" "त्यसो किन ?" "किनभने त्यो मह उसको मुखमा नपरेकोले



https://dhamma.digital

।" "महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग मेल खाँदैन र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन ।"

"भन्ते ! तपाईंजस्तो पण्डितसँग म के बहस गर्न सक्छु र ! कृपया तपाईंले नै यो गाँठो खोल्नुहोस् ।"

त्यसपछि स्थविरले राजा मिलिन्दलाई अभिधर्मअनुसार सबै कुरा सम्झाए - "महाराज ! चक्षु र रूप हुनाले चक्षुविज्ञान उत्पन्न हुन्छ र त्यो उत्पन्न हुनासाथ स्पर्श, वेदना, संज्ञा, चेतना, एकाग्रता, जीवितइन्द्रिय र मनसिकार उत्पन्न हुन्छ। यसरी धर्म प्रत्ययको कारणले नै उत्पन्न हुन्छ। यहाँ कुनै वेदगू (जीवात्मा) छैन । श्रचेत र शब्द हुनाले ··· मन र धर्मको कारण मनोविज्ञान उत्पन्न हुन्छ । मनोविज्ञान उत्पन्न हुनासाथ स्पर्श, वेदना, संज्ञा, चेतना, एकाग्रता, जीवितइन्द्रिय र मनसिकार उत्पन्न हुन्छ । यसरी धर्म प्रत्ययको कारणले नै उत्पन्न हुन्छ ।"

"भन्ते नागसेन ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ७. चक्षुविज्ञान आदि विषयमा प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! जहाँ-जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ के मनोविज्ञान पनि उत्पन्न हुन्छ ?"

"हो महाराज ! जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ।" "भन्ते ! पहिले कुन उत्पन्न हुन्छ, चक्षुविज्ञान या मनोविज्ञान ?" "महाराज ! पहिले चक्षुविज्ञान र त्यसपछि मनोविज्ञान उत्पन्न हुन्छ ।" "भन्ते ! के चक्षुविज्ञानले मनोविज्ञानलाई आदेश दिन्छ कि 'जहाँ म उत्पन्न हुन्छु, तिमी पनि उत्पन्न हुनू' अथवा मनोविज्ञानले चक्षुविज्ञानलाई आज्ञा दिन्छ कि 'जहाँ-जहाँ तिमी उत्पन्न हुँन्छौ, त्यहाँ म पनि उत्पन्न हुन्छु' ?"

"होइन महाराज ' उनीहरको एक आपसमा यस्तो आज्ञाको लेनदेन हुँदैन ।" "भन्ते ! त्यसो हो भने के कारण हो, जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ?" "महाराज ! त्यसमा (क) "ढालूपन ( ओरालोपन), (ख) एउटा मात्र ढोका हुनाले, (ग) बानी परेको हुनाले, (घ) व्यवहार (साथीपन) हुनाले ।"

(क) "भन्ते ! ढालूपन हुनाले जहाँ चक्षुविज्ञान हुन्छ, त्यहाँ मनोविज्ञान पनि कसरी हुन्छ ?" कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ, वर्षाको पानी कतातिर बगेर जान्छ ?" "भन्ते ! जहाँ जमिन ढालू (ओरालो) छ, त्यतातिर नै पानी ढल्केर बग्छ ।" "फेरि, कुनै अर्को दिन पानी पर्दा पानी कतातिर बग्छ ?" "भन्ते !



https://dhamma.digital

त्यतैतिर नै ।" "महाराज ! के पहिलो पानीले दोस्रो पानीलाई आदेश दिन्छ कि जतातिर ढल्केर म बग्छु, त्यता तिमी पनि बग्न् ? अथवा दोस्रो पानीले पहिलो पानीलाई आदेश दिन्छ कि जतातिर तिमी बग्छौ, त्यतातिर म पनि बग्छु ?"

"होइन भन्ते ! तिनीहरुमा त्यस्तो कुनै कुरा हुँदैन । जमिन ढालू भएको हुनाले दुवै पानी त्यतातिर बग्छ ।" "महाराज ! यसरी नै, ढालूपन हुनाले जहाँ जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ त्यहाँ मनोविज्ञान उत्पन्न हुन्छ । परस्पर कुनै आज्ञाको लेनदेन हुँदैन ।"

(ख) "भन्ते नागसेन ! एउटै मात्र ढोका भएको हुनाले कसरी जहाँ-जहाँ चक्षुविज्ञान हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान उत्पन्न हुन्छ ?"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ, कुनै राजाको सिमानामा एउटा नगर छ, जुनचाहिँ दृढ छ । त्यस नगरमा एउटा मात्र ढोका छ । अब कोही त्यस नगरबाट बाहिर निस्कन चाहेमा ऊ कतातिरबाट निस्कन्छ ?" "भन्ते ! त्यहीं ढोकाबाट निस्कन्छ ।"

"फेरि, कोही दोस्रो व्यक्ति बाहिर निस्कन चाहेमा ऊ कतातिरबाट निस्कन्छ ?" "भन्ते ! त्यहीं ढोकाबाट निस्कन्छ ।" "महाराज ! के यो पहिलो व्यक्तिले अरुलाई आज्ञा दिन्छ कि म जतातिरबाट निस्कन्छु, त्यताबाट नै तिमी पनि निस्क । अथवा दोस्रो व्यक्तिले पहिलो व्यक्तिलाई आज्ञा दिन्छ कि तिमी जताबाट निस्कन्छौ, त्यताबाट नै म पनि निस्कने छु ?"

"होइन भन्ते ! उनीहरुका बीचमा यस्तो कुनै सम्झौता हुँदैन । ढोका एउटा मात्र भएकोले जहाँबाट एउटा निस्कन्छ, त्यहींबाट अर्को पनि निस्कन्छ ।"

"महाराज ! यसरी ढोका एउटा भएको हुनाले जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान उत्पन्न हुन्छ । उनीहरुको आपसमा कुनै सम्बन्ध हुँदैन ।"

(ग) "भन्ते नागसेन ! बानी परेको हुनाले कसरी जहाँ चक्षुविज्ञान हुन्छ, त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ?" कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ, सामुन्ने एउटा गोरुगाडा ( बयलगाडा) गएको छ भने दोस्रो गाडा कतातिर जान्छ ?" "भन्ते ! जतातिर पहिलो गाडा गएको हुन्छ ।" "महाराज ! के पहिलो गाडाले दोस्रो गाडालाई आज्ञा दिन्छ ⋯ या दोस्रो गाडाले ⋯ आज्ञा दिन्छ ⋯ ?" "होइन भन्ते ! उनीहरुमा कुनै यस्तो कुरा हुँदैन । (गोरुहरुमा) यस्तो बानी परेको हुनाले तिमीहरु एक अर्कोपछि जान्छन् ।" "महाराज ! यसरी नै, पछि लाग्ने स्वभावले



https://dhamma.digital

जहाँ-जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ- त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ । उनीहरुमा कुनै परस्पर सम्झौता भएको हुँदैन ।"

(घ) "भन्ते नागसेन ! व्यवहार भएपछि कसरी जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ?" कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि मुद्रा, गणना, सङ्ख्या र लेखा इत्यादि शिल्पमा नयाँ सिकारुले बारम्बार गल्ती गर्छ । सावधानीपूर्वक बारम्बार व्यवहार गर्दा ऊ आफूले गरेको गल्तीमा सुधार गर्छ ।" "महाराज ! यसरी नै, व्यवहारले गर्दा आफूले गरेको गल्तीमा उसले सुधार गर्छ । महाराज ! यसरी नै, व्यवहारले गर्दा जहाँ-जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ- त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ।"

"भन्ते ! त्यसरी नै जहाँ जहाँ श्रोतविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ … ? भन्ते ! जहाँ जहाँ घ्राणविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ … ? भन्ते ! जहाँ जहाँ जिव्हाविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ … ? भन्ते ! जहाँ जहाँ कायविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ … ? ।" (पूर्ववत् प्रश्न-उत्तर सम्झनुहोला)

"भन्ते नागसेन ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ८. स्पर्शलक्षण विषय-प्रश्न

८. राजाले सोधे - "भन्ते नागसेन ! जहाँ मनोविज्ञान उत्पन्न हुन्छ, त्यहाँ के स्पर्श र वेदना पनि उत्पन्न हुन्छ ?" "हो महाराज ! जहाँ मनोविज्ञान उत्पन्न हुन्छ, त्यहाँ के स्पर्श, वेदना, संज्ञा, चेतना पनि उत्पन्न हुन्छ, वितर्क विचार पनि हुन्छ । ती सबै धर्महरु त्यहाँ रहेका हुन्छन् ।"

"भन्ते ! स्पर्शको पहिचान के हो ?" "महाराज ! 'छुनु' स्पर्शको पहिचान हो ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि दुईवटा भेडाहरु जुधे भने ती दुईमध्ये एउटा भेडालाई चक्षु सम्झनुपर्छ र अर्कोलाई रूप । तिनीहरु दुवै ठोक्किनुलाई स्पर्श सम्झनुपर्छ ।"

"कृपया अर्को उपमा दिएर सम्झाउनुहोस् ।"



https://dhamma.digital

"महाराज ! जस्तै कि कुनै व्यक्तिले दुई हातले ताली बजायो। त्यसमा एक हातलाई चक्षु र अर्कोलाई रूप सम्झनुपर्छ । जुन दुवै हातको मिलन भएको छ, त्यसलाई स्पर्श सम्झनुपर्छ ।"

"महाराज ' जस्तो कि कुनै कसैले झ्याम्टा (झ्याली) बजाउँछ, झ्याम्टाका दुई फलकमध्ये एउटालाई चक्षु र अर्कोलाई रूप सम्झनुपर्छ। जुन यी दुई आएर मिलन हुन्छ, त्यसलाई स्पर्श सम्झनुपर्छ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. वेदना लक्षण-प्रश्न

९. "भन्ते नागसेन ! वेदनाको लक्षण के हो ?"

"महाराज ! 'अनुभव गर्नु' वेदनाको लक्षण के हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै मानिसले राजाको सेवा गऱ्यो । राजा ऊदेखि खुशी भएर उसलाई कुनै ठूलो पद दिए । उसले त्यो पद पाएपछि ऐशआराम मोजमज्जामा रहन थाल्यो। अब, उसको मनमा यस्तो विचार आयो - 'मैले पहिले राजाको सेवा गरें, त्यसै कारणले गर्दा राजा खुशी भएर मलाई यो पद दिए । त्यसबेलादेखि अहिलेसम्म यो ऐशआरामको अनुभव गर्दैछु ।' महाराज ! त्यस्तै कुनै व्यक्तिले पुण्य कर्म गरेर मरेपछि स्वर्गलोकमा उत्पन्न भएर सुगति प्राप्त गऱ्यो । त्यहाँ उसले पाँच दिव्यकामगुणहरुको उपभोग गऱ्यो। उसको मनमा यस्तो विचार आयो - 'मैले पहिले पुण्य कर्म गरें, त्यसैले मैले यी पाँच दिव्यकामगुणहरुको अनुभव गर्दैछु ।' महाराज ! यसरी अनुभव हुनु, अनुभव गर्नु वेदनाको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १०. संज्ञालक्षण-प्रश्न

१०. "भन्ते नागसेन ! संज्ञाको लक्षण के हो ?"

"महाराज ! 'चिन्नु' संज्ञाको लक्षण के हो। केलाई चिन्नु ? नीलोलाई नीलो भनेर चिन्नु। त्यस्तै, पहेंलो, रातो, सेतो, कलेजी आदि रङ्ग भनी चिन्नु। महाराज ! यसरी नै, चिन्नु संज्ञाको लक्षण हो ।"

"कृपया, फेरि उपमा दिएर सम्झाउनुहोस् ।"



https://dhamma.digital

"महाराज ! जस्तो कि राजाको भण्डारी भण्डारमा गएर नीलो, पहेंलो, रातो, उज्यालो (सेतो), कलेजी सबै रङ्ग राजाको भोगका चीजहरुलाई चिन्दछ र जान्दछ। महाराज ! यसरी चिन्नु संज्ञाको लक्षण हो।"

"भन्ते ! तपाईले एकदम ठीक भन्नुभयो।"

## ११. चेतनालक्षण-प्रश्न

११. "भन्ते नागसेन ! चेतनाको पहिचान के हो ?" "महाराज ! 'सम्भनु र तयार हुनु चेतनाको पहिचान हो।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस्।"

"महाराज ! कुनै मानिसले विष तैयार पारेर स्वयं पियो र अरुलाई पनि पिउन दियो। उसले आफैं पनि दुःखभोग गऱ्यो र अरुलाई पनि दुःख भोगायो।"

"महाराज ! यसरी नै, कुनै मानिस पापकर्म गरेर मरेपछि नरकमा गएर उसले दुर्गति प्राप्त गर्दछ। जसले उसलाई सिकायो, त्यसले पनि ... दुर्गति प्राप्त गर्दछ।"

"अथवा महाराज ! यसरी कोही पुण्यकर्मको चेतनाले गर्दा मरेपछि स्वर्गलोकमा उत्पन्न भएर सुगति प्राप्त गर्दछ। जसले उसलाई सिकायो, त्यो मानिसले पनि सुगति प्राप्त गर्दछ। यसरी महाराज ! सम्भनु र तयार हुनु चेतनाको पहिचान हो।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो।"

## १२. विज्ञानलक्षण-प्रश्न

१२. "भन्ते नागसेन ! विज्ञानको लक्षण के हो ?"

"महाराज ! 'जान्नु बुझ्नु विज्ञानको लक्षण हो।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस्।"

"महाराज ! नगरको रक्षा गर्नेले नगरको माझमा कुनै चौबाटोमा बसेर चारैतिरबाट आउने मानिसलाई देख्छ। महाराज ! ! त्यसरी नै, जुन पुरुषले आँखाबाट रूपलाई देख्छ, त्यसलाई विज्ञानले जान्दछ। जो कानबाट शब्द सुन्छ ... ... जो नाकबाट गन्ध सुँघ्छ, ... जो जिब्रोबाट रसलाई चाख्छ ... जुन शरीरले वस्तुलाई स्पर्श गर्छ ... जुन मनले धर्मलाई अनुभव गर्छ,



https://dhamma.digital

त्यसलाई पनि विज्ञानले जान्दछ । महाराज ! यसरी 'जान्नु' विञानको लक्षण हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १३. वितर्कलक्षण-प्रश्न

१३. "भन्ते नागसेन ! वितर्कको लक्षण के हो ?"

"महाराज ! कुनै काममा आफूलाई लगाउनु वितर्क हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी कुनै काठ-मिस्त्रीले तयार भएको काठको टुक्रालाई राम्ररी जोड्छ, त्यसरी नै, कुनै काममा आफूलाई लगाउनु वितर्कको लक्षण हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १४. विचारलक्षण-प्रश्न

१४. "भन्ते नागसेन ! विचारको लक्षण के हो ?"

"महाराज ! वितर्कको अनुमार्जन नै विचार हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! काँसको थाललाई ठोक्दा आवाज उत्पन्न हुन्छ । यहाँ यसरी ठोक्नुलाई वितर्क र आवाज उत्पन्न हुनुलाई विचार सम्झनुपर्छ ।"

"भन्ते ! ठीक भन्नुभयो ।"

**(यस वर्गमा १४ वटा प्रश्नहरु छन् ।)**

**तेस्रो विचार वर्ग समाप्त ।**



https://dhamma.digital

# ४. निर्वाण वर्ग

## १. स्पर्श आदिलाई छुट्ट्याउन सकिन्छ सकिन्न भन्ने विषयमा प्रश्न

१. राजाले सोधे - "भन्ते नागसेन ! स्पर्श आदि धर्महरु एकसाथ मिल्दा के तिनलाई अलग अलग गरी छुट्याएर देखाउन सकिन्छ - यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो विज्ञान हो, यो वितर्क हो, यो विचार हो ?" "महाराज ! यसरी देखाउन सकिन्न ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी राजाको भान्छेले व्यञ्जन तैयार गर्छ अनि उसले त्यसमा दही, नुन, अदुवा, जीरा, खुर्सानी इत्यादि अनेक मसला हाल्छ । त्यसपछि राजाले भने - 'दहीको, नुनको, अदुवाको, जीराको, खुर्सानीको र यसमा हालेको अरु चीजहरुको स्वाद छुट्टाछुट्टै पार । महाराज ! त्यसरी त्यस्ता सबै चीजहरु एकसाथ मिलेपछि के त्यसलाई छुट्टछुट्टै पारेर देखाउन सकिन्छ - यो अमिलो, यो नुनिलो, यो तीतो, यो कडा, यो टर्रो या यो मीठो छ ?"

"सकिन्न भन्ते ! तैपनि सबै किसिमको स्वाद त्यसमा आ-आफ्नै प्रकारले रहेको हुन्छ ।" "महाराज ! यसरी ती धर्मका साथ मिल्दा त्यसलाई अलग-अलग देखाउन सकिन्न - यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो विज्ञान हो, यो वितर्क हो या यो विचार हो भनेर । यसो भए तापनि सबै धर्म आ-आफ्नै रूपमा त्यहीँ रहन्छ ।"

"भन्ते ! ठीक हो ।"

## २. नागसेन-प्रश्न

२. स्थविरले सोध्नुभयो - "महाराज ! के नुन आँखाले चिन्न सकिन्छ ?" "हो भन्ते ! चिन्न सकिन्छ ।" "महाराज ! कृपया सोचेर उत्तर दिनु होला । के तपाईं ठीक भन्दै हुनुहुन्छ ?"

"भन्ते ! के सबै प्रकारका नुन जिब्रो चिन्न सकिन्छ ?" "हो महाराज ! सबै प्रकारको नुन जिब्रोले नै चिन्न सकिन्छ ।"

"भन्ते ! यदि यसो हो भने, त्यसलाई बयलगाडामा लादेर किन ल्याउँछन् ? नुन मात्र नल्याउनुपर्ने हो ।" "महाराज ! नुन मात्र ल्याउन सम्भव छैन । यो धर्म नुनिलो र भारीपन दुवै एक साथ एक साथ यसरी मिलेको छ कि छुट्ट्याउन सकिन्न ।" "महाराज ! नुन तराजुमा जोख्न सकिन्छ ?" "हो



https://dhamma.digital

भन्ते ! जोख्न सकिन्छ ।" "होइन महाराज ! नुनलाई तराजुमा जोख्न सकिन्न; केवल त्यसको भारीपन मात्र जोख्न सकिन्छ ।"

"हो भन्ते ! ठीक हो ।"

**नागसेन र राजा मिलिन्दका महाप्रश्न समाप्त ।**

## (ख) विमतिच्छेदन-प्रश्न

**(शंका-निवारण-प्रश्न)**

### ३. पाँच आयतन कर्मोत्पत्तिप्रश्न

३. राजाले सोधे - "भन्ते नागसेन ! जुन यी पाँच आयतनहरु (आँखा, नाक, कान, जिब्रो र त्वचा) छन्, तिनीहरुका अनेक कर्महरुको फलले यस्तो भएको हो या एक कर्मको फलले ?" "महाराज ! अनेक कर्महरुको फलले भएको हो, एक कर्मको फलले होइन ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ ? कुनै मानिस एउटा खेतमा नाना प्रकारका बीउ रोप्छ भने, के अनेक बीउहरुको फल पनि अनेक हुँदैन र ?" "हो भन्ते ! अनेक प्रकारका बीउहरुको फल पनि अनेक प्रकारको नै हुन्छ ।" "महाराज ! यसरी नै, जुन यो पाँच आयतन छ, त्यो अरु विभिन्न कर्महरुको फल हो एउटाको मात्र होइन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

### ४. कर्मको प्रधानता

४. राजाले सोधे - "भन्ते नागसेन ! के कारण हो कि सबै व्यक्तिहरु एकै किसिमका हुन्नन् कोही कम आयुको हुन्छ, कोही दीर्घायु हुन्छ, कोही धेरै रोगी, कोही निरोगी, कोही एकदम भद्दा, कोही एकदम सुन्दर, कोही प्रभावहीन, कोही अत्यन्त प्रभवाशाली, कोही गरीब, कोही धनी, कोही नीच कुलमा, कोही उच्च कुलमा, कोही मूर्ख त कोही बुद्धिमान किन हुन्छ ?"[३३]

स्थविरले सोध्नुभयो - "महाराज ! के कारण हो कि सबै वनस्पतिहरु एकै किसिमको हुन्नन् ? कुनै अमिलो, कुनै नुनिलो, कुनै तितो, कुनै टर्रो, कुनै



https://dhamma.digital

मीठो किन हुन्छ ?" "भन्ते ! मलाई यस्तो लाग्छ कि कुनै बीउहरु भिन्न भिन्न भएकाले वनस्पतिहरु पनि भिन्न भिन्न रसका हुन्छन् ।" "महाराज ! यसरी सबै मानिसहरुको आ-आफ्नो कर्म भिन्न भिन्न हुनाले सबै जना एकै किसिमका हुन्नन् । कोही कम आयुको हुन्छ भने कोही दीर्घायुको ··· हुन्छ ।"

"महाराज ! भगवान्ले पनि भन्नुभएको छ - हे माणव ! सबै जीव आफ्नो कर्मको आफैं मालिक हो । उनीहरु आफ्नो कर्मअनुसार नै विभिन्नि योनिमा उत्पन्न हुन्छन्, आफ्नो कर्म नै आफ्नो साथी हो । आफ्नो कर्म नै आफ्नो आश्रय हो । कर्मले नै व्यक्ति ऊँच र नीच हुन्छ ।"[३४]

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ५. प्रयत्नकरण प्रश्न

५. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ कि दुःख निरोध गर्नलाई र नयाँ दुःख उत्पन्न हुन नदिन तपाईंहरुको प्रव्रज्या भएको हो ।" "हो महाराज ! यसैका निम्ति हामी प्रव्रजित भएका हौं ।" "भन्ते ! तर यो प्रव्रज्या पूर्वजन्मको कर्मको फलले हुन्छ या यसको निम्ति यसै जन्ममा प्रयत्न गर्नुपर्छ ?" स्थविरले भन्नुभयो - "महाराज ! जति पनि गर्नुपर्ने हो, त्यति पूरा गर्नका निम्ति यो जन्ममा प्रयत्न गर्नुपर्छ, पूर्वजन्मको फल त अहिले भईरहेको छ ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ - तपाईंलाई तिर्खा लागेपछि तपाईं कुवा वा पोखरी बनाउनुहुन्छ ?" "होइन भन्ते !" स्थविरले भन्नुभयो - "महाराज ! जति पनि गर्नुपर्ने हो, त्यति पूरा गर्नका निम्ति यो जन्ममा प्रयत्न गर्नुपर्छ, पूर्वजन्मको फल त अहिले भईरहेको छ ।"

"कृपया, फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ - कुनै लडाईं शुरु भएपछि तपाईं खाई (रक्षाका निम्ति खनिने खाडल) खन्नुहुन्छ, पर्खाल बनाउन लगाउनुहुन्छ, तोरण बनाउनुहुन्छ, अटालीका (चौकी) बनाउनुहुन्छ, सेनाका लागि रसद (रासन) जम्मा गर्न लाउनुहुन्छ, हात्ती, घोडा, रथ, धनुष, तरबार आदि तयार गर्न लाउनुहुन्छ ?" "होइन भन्ते !" स्थविरले भन्नुभयो - "महाराज ! जति पनि गर्नुपर्ने हो, त्यति पूरा गर्नको निम्ति यो जन्ममा प्रयत्न गर्नुपर्छ, पूर्वजन्मको फल त अहिले भईरहेको छ ।"

"भगवान्बाट पनि यस्तै आज्ञा भएको छ :-



https://dhamma.digital

सयम आएपछि बुद्धिमान्हरुले त्यही काम गर्नुपर्छ जो उसको हितमा हुन्छ । त्यो मूर्ख गाडीवान् जस्तो नभई दृढताका साथ आफ्नो काममा डटिरहनुपर्छ जसरी, त्यस गाडीवान् ठूलो र सम्म परेको सडकलाई छाडेर उबडखाबड बाटोमा गाडीको अक्ष भाँचिनाले विपत्तिमा पर्छ ।"

"यसरी धर्मलाई छाडेर, अधर्ममा परेका मूर्ख मानिसहरु मृत्युको मुखमा परेर हतात्साहित भई शोक गर्न थाल्छन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ६. नरकाग्निको उष्णता विषयमा प्रश्न

६. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ - 'स्वभाविक आगोभन्दा नरकको आगो धेरै तेजिलो (ताप दिने) हुन्छ ।' एउटा सानो ढुङ्गा पनि स्वाभाविक आगोमा राखेर दिनभरि फुकिरहँदा पनि गल्दैन तर 'नरकको आगोमा पर्नासाथ ठूल्ठूलो चट्टान पनि एकै क्षणमा गल्छ' यो कुरो म एकदमै मान्दिन । तपाईंहरु यसो भन्नुहुन्छ कि - 'जुन जीवहरु त्यहाँ उत्पन्न हुन्छन्, ती त्यस नरकको आगोमा हजारौं वर्षसम्म पाकेर बस्छन्, तर गल्दैनन्' यस कुरालाई पनि म पटक्कै मान्दिन ।"

स्थविरले सोध्नुभयो - "महाराज ! तपाईं के विचार गर्नुहुन्छ - पोथी बाँदर, गोही, कछुवा, मयूर र परेवाहरुले कडा ढुङ्गाको टुक्रा पनि निल्छन ?" "हो भन्ते ! निल्छन् । के त्यो ढुङ्गा उनीहरुको पेटमा गएर पच्दैन ?" "हो भन्ते ! पच्छ ।" "उनीहरुको पेटमा जुन बच्चा छ, के त्यो पनि पच्छ ?" "होइन भन्ते ! बच्चा पच्दैन ।" "त्यसो किन ?" "भन्ते ! म सम्झन्छु कि आफ्नो कर्मले गर्दा पच्न सक्दैन ।" "महाराज ! यसरी आफ्नो कर्मअनुसार नरकमा उत्पन्न हुने जीव त्यहाँको आगोमा हजारौं वर्षसम्म पाकेर रहन्छ, तर गल्दैन । त्यहीँ उत्पन्न हुन्छ, त्यहीँ बढ्छ, हुर्कन्छ र त्यहीँ मर्छ ।"

"महाराज ! भगवान्ले पनि भन्नुभएको छ -

**उनीहरु त्यस नरकबाट छुट्दैन जबसम्म उनीहरुको पाप कर्म समाप्त हुँदैन ।"**

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ ? जुन मादा सिंह, बाघ, चितुवा तथा कुकुरहरु छन् तिनीहरुले कडा हड्डी तथा कडा मासुको पिण्ड के चपाउन सक्दैन ?" "हो भन्ते ! चपाउन सक्छ ।" "खान्छ कि खाँदैन ?" "खान्छ भन्ते ।" "पच्छ कि पच्दैन ?" "पच्छ भन्ते ।" "अनि पेटमा रहेका यिनीहरुका



https://dhamma.digital

बच्चा पच्छ कि पच्दैन ?" "पेटको बच्चा पच्दैन ।" "त्यो किन ?" "भन्ते ! म सम्भन्छु कि आफ्नो कर्म त्यस्तो हुनाले पच्दैन ।" "महाराज ! यसरी आफ्नो कर्मअनुसार नरकमा उत्पन्न हुने जीव त्यहाँको आगोमा हजारौं वर्षसम्म पाकेर रहन्छ, तर गल्दैन ।

"कृपया, फेरि उदाहरण दिएर सम्भाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ ? सुकुमारी यवन स्त्रीहरुले कडा पदार्थ र मासु खाँदैनन् र ?" "हो भन्ते ! खान्छन् ।" "महाराज ! उनीहरुको पेटमा गएर कडा वस्तुहरु पच्दैनन् र ?" "हो भन्ते ! पच्छ ।" "के उनीहरुको पेटमा रहेको गर्भ पनि पच्छ ?" "भन्ते ! गर्भ चाहिँ पच्दैन ।" "त्यो किन ?" "भन्ते ! म सम्भन्छु कि आफ्नो कर्म त्यस्तो हुनाले पच्दैन ।" "महाराज ! यसरी आफ्नो कर्मअनुसार नरकमा उत्पन्न हुने जीव त्यहाँको आगोमा हजारौं वर्षसम्म पाकेर रहन्छ, तर गल्दैन । "महाराज ! भगवान्ले पनि भन्नुभएको छ -ऊ नरकबाट छुट्दैन जबसम्म कि उसको पापसमाप्त हुँदैन ।"

## ७. पृथ्वी संधारण विषयमा प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ कि यो पृथ्वी पानीमा रहेको छ, पानी हावामा र हावा आकाशमा । यसलाई पनि म मान्दिन ।" "स्थविरले धम्मकरक (लोटा) मा पानी लिएर राजालाई भने - "महाराज ! जुन बेला यो पानी हावामा अडेको हुन्छ, त्यसरी नै, यो पानी पनि हावामा रहेको हुन्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ८. निरोधनिर्वाण विषयमा प्रश्न

८. राजाले सोधे - "भन्ते नागसेन ! के निरोध हुनु नै निर्वाण हो ?" "हो महाराज ! निरोध हुनु नै निर्वाण हो ।" "भन्ते ! निरोध हुनु कसरी निर्वाण हो ?" "महाराज ! सबै अज्ञानी पृथक्जनहरु अध्यात्मिक र बाहिरी आयतन ( इन्द्रिय र विषयको उपभोग) मा लागिरहन्छन्, त्यसैमा आनन्द लिन्छन्, र त्यसैमा डुबिरहन्छन् । उनीहरु त्यसैको धारामा बगिरहेका हुन्छन्, बारम्बार जन्म लिन्छन्, बूढा हुन्छन्, मर्छन्, शोक गर्छन्, रुन्छन्, दुःखी दौर्मनस्य र डाहा हुने हुन्छ । यसता दुःखबाट मुक्त हुँदैनन्, दुःखको दुःखैमा रहिरहन्छन् ।"

"महाराज ! तर ज्ञानी आर्य श्रावकजनहरु अध्यात्मिक र बाहिरी आयतनमा लाग्दैनन्, त्यसमा आनन्द लिँदैनन् र त्यसमा डुबिरहँदैनन् । यसले



https://dhamma.digital

गर्दा उनीहरुको तृष्णाको निरोध (बन्द) हुन्छ । तृष्णाको निरोध हुनाले उपादानको निरोध हुन्छ । उपादानको निरोध हुनाले भवको निरोध हुन्छ । भव निरोध हुनाले जन्म लिन निरोध हुन्छ । जाति (जन्म) निरोध भएपछि बूढा हुनु, मर्नु, शोक गर्नु, रुनु, पिट्नु, दुःखी हुनु, दौर्मनस्य हुनु र निराशा हुनु आदि सबै दुःखको निरोध हुन्छ । महाराज ! यस्तै निरोध हुनु भनेको निर्वाण हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. निर्वाण लाभ विषयमा प्रश्न

९. राजाले सोधे - "भन्ते नागसेन ! के सबै जीवहरु निर्वाण प्राप्त गर्छन् ?" "होइन महारजा ! सबैले निर्वाण पाउँदैनन् । जो सम्यक् प्रतिपन्न हुन्छ, अभिज्ञेय धर्ममा अभिज्ञेय हुन्छ, जान्नुपर्ने धर्मलाई जान्दछ, छोड्नुपर्ने धर्मलाई छोड्दछ, भाविता गर्नुपर्ने धर्मलाई भाविता गर्दछ र साक्षात्कार गर्नुपर्ने धर्मलाई साक्षात्कार गर्दछ, यिनीहरुले नै निर्वाण प्राप्त गर्न सक्छन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १०. निर्वाण-सुख-ज्ञान विषयमा प्रश्न

१०. राजाले सोधे - "भन्ते नागसेन ! जसले निर्वाण पाएको छैन, के उसलाई निर्वाण-सुख भनेको थाहा हुन्छ ?" "हो महाराज ! जसले निर्वाण पाएको छैन, उसले पनि जान्दछ कि निर्वाण-सुख भनेको के हो भनेर ।" "भन्ते ! स्वयं त्यसलाई नपाए उसले कसरी जान्दछ कि त्यो सुख हो ?" "महाराज ! जसको हात वा खुट्टा काटिएको छैन, के उसले जान्दछ कि हात वा खुट्टा काटिँदा दुःख हुन्छ ?" "हो भन्ते ! जान्दछ ।" "कसरी जान्दछ ?" "भन्ते ! हात वा खुट्टा काटिएको अरु व्यक्तिको रुनु, पिट्नु, कराउनु सुनेर जान्दछ कि यसमा दुःख छ ।" "महाराज ! यसरी नै निर्वाण पाएका मानिसहरुको सन्तोष र प्रीतियुक्त वाक्यहरु सुनेर, उनीहरुले पनि, जसले त्यो पाएका छैनन्, जान्दछन् कि निर्वाण-सुख भनेको के हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**(यस वर्गमा दश प्रश्नहरु छन् ।)**

**चौथो निर्वाण वर्ग समाप्त ।**



https://dhamma.digital

# ५. बुद्धवर्ग

## १. बुद्ध रहनुमा शङ्का विषयमा प्रश्न

१. राजाले सोधे - “भन्ते नागसेन ! तपाईंले भगवान् बुद्धलाई देख्नुभयो ?” “देखिन महाराज !” “के तपाईंका आचार्यहरुले बुद्धलाई देख्नुभयो ?” “अहँ, महाराज !” “भन्ते ! त्यसो हो भने भगवान् बुद्ध हुनुहुन्न ?” “महाराज ! हिमालय पर्वतमा तपाईंले ‘ऊहा’ नामको नदीलाई देख्नुभएको छ ?” “छैन भन्ते !” “के तपाईंका बुबाले त्यसलाई देख्नुभएको थियो ?” “थिएन भन्ते !” “महाराज ! त्यसो हो भने ‘ऊहा’ नदी छैन त ?” “छ भन्ते ! यद्यपि म वा मेरा बुबाले नदेखे पनि त्या नदी चाहिँ छ ।” “महाराज ! त्यसरी नै, यद्यपि म या मेरा आचार्यले भगवान् बुद्धलाई नदेखे तापनि उहाँ हुनुहुन्थ्यो ।”

“भन्ते ! ठीक सम्झाउनुभयो ।”

## २. भगवान्‌को श्रेष्ठता विषयमा प्रश्न

२. राजाले सोधे - “भन्ते नागसेन ! के भगवान् बुद्ध अनुत्तर (परम श्रेष्ठ) हुनुहुन्थ्यो ?” “हो महाराज ! भगवान् अनुत्तर हुनुहुन्थ्यो ।” “भन्ते ! कसरी तपाईंले उहाँलाई नदेखे पनि जान्नुभयो कि उहाँ बुद्ध अनुत्तर हुनुहुन्थ्यो भनेर ?” “महाराज ! तपाईं के विचार गर्नुहुन्छ कि जसले महासमुद्रलाई देखेका छैनन् के उनीहरुले जान्दछन् कि त्यो एकदम विशाल, गम्भीर र अथाह छ, जसमा गङ्गा, यमुना, अचिरवती, सरयु (सरभु) र गण्डक पाँच ठूलठूला नदीहरु गएर मिल्दा त्यो त्यहाँ न घट्छ, न बढ्छ ?” “हो भन्ते ! जान्दछु ।” “महाराज ! यसरी निर्वाण प्रापत गरेका उहाँका असंख्य श्रावकहरुलाई देखेपछि जान्दछु कि भगवान् अनुत्तर हुनुहुन्थ्यो ।”

“भन्ते ! तपाईंले ठीक भन्नुभयो ।”

## ३. बुद्धको अनुत्तर भाव विषयमा प्रश्न

३ राजाले सोधे - “भन्ते नागसेन ! के यो कुरो जान्न सकिन्छ कि भगवान् अनुत्तर हुनुहुन्थ्यो ?” “हो महाराज ! जान्न सकिन्छ ।” “भन्ते, कसरी ?” “महाराज ! अतीतकालमा एक जना बडो विद्वान् थिए जो प्रसिद्ध थिए । जसको नाम थियो तिष्य स्थविर । उनी स्वर्ग भएको धेरै वर्ष भइसके पनि मानिसहरु उनीहरु कसरी चिन्छन् ?” “भन्ते ! उनले लेखेका ग्रन्थहरुलाई



https://dhamma.digital

हेरेर ।" "महाराज ! त्यसरी नै, जसले धर्मलाई जान्दछ, उसले भगवान्लाई जान्दछ, किनकि भगवान्ले त्यसलाई देशना गर्नुभएको थियो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ४. धर्मदर्शनबारे प्रश्न

४ राजाले सोधे - "भन्ते नागसेन ! तपाईंले धर्मलाई जानी बुझिसक्नुभयो ?" "महाराज ! भगवान्को उपदेशअनुसार श्रावकहरुले धर्मलाई जीवनभरि पालन गर्नुपर्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ५. सङ्क्रमण विना प्रतिसन्धि विषयमा प्रश्न

५ राजाले सोधे - "भन्ते नागसेन ! यदि आत्माको सङ्क्रमण[३५] एउटा शरीरबाट निस्केर अर्को शरीरमा जाँदैन भने पुनर्जन्म कसरी हुन्छ ?" "हो महाराज ! विना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"भन्ते नागसेन ! त्यो कसरी हुन्छ ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि कुनै व्यक्तिले एउटा दियो बाल्दा के यहाँ एउटा दियोले अर्को दियोमा सङ्क्रमण गर्छ ?" "गर्दैन भन्ते !" "महाराज ! यसरी विना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"महाराज ! के तपाईंलाई कुनै श्लोकको सम्झना छ जुन तपाईंले आफ्ना गुरुबाट सिक्नुभएको थियो ?" "हो, सम्झना छ ।" "महाराज ! के त्यो श्लोक आचार्यको मुखबाट निस्केर तपाईंमा प्रविष्ट भएको हो ?" "होइन भन्ते ।" "महाराज ! यसरी विना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"भन्ते ! ठीक सम्झाउनुभयो ।"

## ६. वेदगू प्रश्न

६. राजाले सोधे - "भन्ते नागसेन ! वेदगू (आत्मा, ज्ञाता) छ वा छैन ?" स्थविरले भन्नुभयो - "परमार्थमा यस्तो कुनै जान्ने छैन ।"

"भन्ते ! ठीक भन्नुभयो ।"



https://dhamma.digital

## ७. पुनर्जन्म विषयमा प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! यस्तो कुनै जीव छ, जसले यस शरीरबाट निस्केर अर्को शरीरमा सङ्क्रमण गर्छ ?" "छैन महाराज !" "भन्ते ! यदि यस शरीरबाट निस्केर जाने कोही पनि छैन भने ऊ आफ्नो पापकर्मबाट मुक्त भयो होला, हैन त ?" "हो महाराज ! यदि उसको पुनर्जन्म छैन भने ऊ आफ्नो पापकर्मबाट मुक्त भयो । यदि उसले फेरि जन्म ग्रहण गर्छ भने ऊ मुक्त भएन ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि कुनै मानिसले अरुको आँप चोर्‍यो भने दण्डको भागी हुन्छ कि हुँनैन ?" "हो भन्ते ! हुन्छ ।" "महाराज ! त्यो आँप त उसले रोपेको थिएन, जुन यसले चोरेको थियो । अनि दण्डको भागी कसरी भयो ?" "भन्ते ! उसैले रोपेको आँपले गर्दा यो आँप उत्पन्न भएको हो । त्यसैले ऊ दण्डको भागी हुन्छ ।" "महाराज ! यसरी एउटा मानिस यस नाम-रूपले पाप-पुण्य कर्म गर्छ । त्यस्ता कर्महरुको प्रभावले गर्दा अर्को नाम-रूपले जन्म लिन्छ । त्यसो हुँदा ऊ आफ्नो पाप कर्मको प्रभावले मुक्त हुँदैन ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ८. कर्मफलको विषयमा प्रश्न

८. राजाले सोधे - "भन्ते नागसेन ! जब एक नाम–रूपबाट कुशल कर्म र अकुशल कर्महरु गरिन्छ भने त्यस्ता कर्महरु कहाँ बस्छन् ?" "महाराज ! कहिल्यै पछि नछाड्ने छायाँजस्तै कर्मले उसलाई पछ्याइरहन्छ ।" "भन्ते ! के त्यो कर्म देखाउन सकिन्छ - यहाँ वा त्यहाँ यो बसेको छ भनेर ?" "महाराज ! यसरी त्यसलाई देखाउन सकिन्छ ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ - कुनै रुखका फलहरुलाई देखाउन सकिन्छ जुन अहिले फलेकै छैन - ती यहाँ वा त्यहाँ फल्छन् भनेर ?" "सकिन्न भन्ते !" "महाराज ! यसरी नै, कर्महरुको यस निरन्तर प्रवाहमा तिनलाई देखाउन सकिन्न - यी यहाँ वा त्यहाँ छन् भनेर ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"



https://dhamma.digital

## ९. प्रतिसन्धि (जन्म) ज्ञान विषयमा प्रश्न

९. राजाले सोधे - "भन्ते नागसेन ! जसले जन्म लिन्छ के उसलाई पहिले नै थाहा हुन्छ कि म जन्म लिन्छु ?" "हो महाराज ! उसले यो कुरो जान्दा छ ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै किसानले बीउलाई रोपेर पानी परेपछि के उसले जान्दैन होला कि बाली राम्ररी सप्रन्छ ?" "हो भन्ते ! जान्दछु ।" "महाराज ! यसरी नै, जसले जन्म लिन्छ उसले पहिलेदेखि नै यो कुरोलाई जान्दछ कि म जन्म लिन्छु ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## १०. बुद्धनिदर्शन प्रश्न

१०. राजाले सोधे - "भन्ते नागसेन ! के बुद्ध हुनुहुन्थ्यो ?" "हो महाराज ! हुनुहुन्थ्यो ।" "भन्ते ! के तपाईं देखाउन सक्नुहुन्छ ?"

"महाराज ! भगवान्ले अनुपादिशेष निर्वाणधातुबाट परिनिर्वाण प्राप्त गरिसक्नुभयो । त्यसैले भगवान् यस ठाउँमा हुनुहुन्छ भनेर देखाउन सकिन्न ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! आगोको लप्को निभेपछि के त्यसलाई देखाउन सकिन्छ कि त्यो यहाँ छ ?" "सकिन्न भन्ते ! त्यो मुस्लो त निभिसक्यो ।" "महाराज ! यसरी नै, भगवान् अनुपादिशेष निर्वाण धातुबाट परिनिर्वाण प्राप्त गरिसक्नुभयो त्यसैले भगवान् यहाँ हुनुहुन्छ भनेर देखाउन सकिन्न; किनभने उहाँको व्यक्तित्वलाई कायम राख्न बाँकी केही रहन्न । हो, उहाँ आफ्नो धर्मकाय ( कर्मरूपी शरीर) देखापर्न सक्नुहुन्छ । उहाँले बताउनुभएको धर्मले नै उहाँबारे भन्दैछ ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

**(यस वर्गमा दश प्रश्नहरु छन् ।)**

**पाँचौ बुद्ध वर्ग समाप्त ।**



https://dhamma.digital

# ६. स्मृति वर्ग

## १. कायस्पृहा विषयमा प्रश्न

१. राजाले सोधे - "भन्ते नागसेन ! प्रव्रजित (भिक्षु) हरुलाई आफ्नो शरीर प्यारो हुन्छ कि हुन्न ?" "हुन्न महाराज ! उनीहरु शरीरलाई माया गर्दैनन् ।" "भन्ते त्यसो हो भने तपाईं आफ्नो शरीरको यति रेखदेख र आदर किन गर्नुहुन्छ ?" "महाराज ! युद्धमा जाँदा कहिले तपाईंलाई तीर लाग्छ कि लाग्दैन ?" "हो, लाग्छ ।" "महाराज ! तपाईं घाउमा के मलम लगाउनुहुन्छ, तेल घस्नुहुन्छ र त्यसलाई पातलो टालोले बेर्नुहुन्छ ?" "हो भन्ते ! हामी त्यसै गर्छौं ।" "महाराज ! तपाईंलाई आफ्नो घाउ के एकदम प्यारो हुन्छ, जुन घाउमा तपाईं मलम लगाउनुहुन्छ, तेल घस्नुहुन्छ र त्यसलाई पातलो टालो बेर्नुहुन्छ ?"

"भन्ते ! मलाई घाउ प्यारो लागेको होइन । त्यस घाउ निको पार्नका लागि मलम आदि लगाएर उपचार गरेको हो ।" "महाराज त्यसरी नै, प्रव्रजित (भिक्षु) हरु आफ्नो शरीरलाई माया गर्दैनन् । तर उनीहरु आशक्त नभई, ब्रह्मचर्य पालन गर्नका लागि त्यसको यति हेरविचार गरेका हुन् । भगवान्ले शरीरलाई घाउको पोको हो भनेर भन्नुभएको छ । उहाँले भन्नुभएको छ -

"गिलो छालाले ढाकिएको यो शरीर नै मुख भएको यो एउटा ठूलो पिलो हो, जसबाट सधैं दुर्गन्धमय मल बगिरहन्छ ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## २. सर्वज्ञभाव विषयमा प्रश्न

२. राजाले सोधे - "भन्ते नागसेन ! के बुद्ध सर्वज्ञ र सर्वद्रष्टा हुनुहुन्थ्यो ?" "हो महाराज !" "भन्ते ! त्यसो हो भने किन क्रमशः जसरी-जसरी आवश्यक भयो, त्यसै-त्यसै शिक्षापदलाई (विनय) प्रज्ञापन (उपदेश) दिनुभयो ? एकै पटक किन सबै विनयको उपदेश नदिनुभएको हो ?" "महाराज ! तपाईंको कुनै वैद्य छ जो सबै औषधीहरुका कुरा जान्दछ ?" "हो भन्ते ! छ ।" "महाराज ! के उसले बिरामी परेपछि औषधी दिन्छ या बिरामी नपरेर नै ?" "भन्ते ! कोही बिरामी परेपछि मात्र उसले औषधी दिन्छ बिरामी नहुनेलाई दिँदैन ।" "महाराज ! यसरी नै, भगवान् सर्वज्ञ र सर्वद्रष्टा हुनु भए तापनि उचित समय नआएसम्म



https://dhamma.digital

श्रावकहरुलाई सबै शिक्षापदहरुको उपदेश दिनु हुन्नथियो । उचित समय आएपछि नै शिक्षापदहरु आजीवन पालन गर्न उपदेश दिनुहुन्थ्यो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ३. महापुरुषलक्षण विषयमा प्रश्न

३. राजाले सोधे - "भन्ते नागसेन ! के बुद्ध महापुरुषको ३२ लक्षण[३६] ले युक्त तथा ८० अनुव्यञ्जनहरुले शोभित र सुवर्ण वर्णको हुनुहुन्थ्यो तथा उहाँको एक व्याम (दुई हात वृत्त) भरि चारैतिर प्रकाश फैलिरहन्थ्यो ?" "हो महाराज ! साँच्चै, त्यस्तै थियो ।" "भन्ते ! के उहाँका मुमा र बुबा पनि ३२ लक्षणहरुले युक्त थिए ?" "थिएनन् महाराज ! उनीहरु त्यस्ता थिएनन् ।"

"भन्ते ! त्यसो हो भने बुद्ध पनि त्यस्तो हुन सक्दैनन्, किनकि छोरा आफ्नी आमा वा बुबाझैं हुन्छ ।" स्थविरले भन्नुभयो - "महाराज ! कमलको फूललाई चिन्नुहुन्छ ?" "हो भन्ते ! चिन्छु ।" "त्यो कहाँ उत्पन्न हुन्छ ?" "हिलोमा उत्पन्न हुन्छ र पानीमा बढ्छ ।" "महाराज ! त्यसो हो भने के कमलको फूलको रङ्ग, गन्ध र रस हिलोको जस्तै हुन्छ ?" "हुँदैन भन्ते !" "महाराज ! यसरी नै, यद्यपि भगवान् त्यस्तो हुनुहुन्थ्यो, तथापि उहाँका मुमा र बुबा त्यस्ता थिएनन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ४. भगवान्को ब्रह्मचर्य विषयमा प्रश्न

४. राजाले सोधे - "भन्ते नागसेन ! भगवान् बुद्ध ब्रह्मचारी हुनुहुन्थ्यो हैन ?" "हो महाराज ! उहाँ ब्रह्मचारी हुनुहुन्थ्यो ।" "भन्ते ! त्यसो हो भने उहाँ ब्रह्माको शिष्य हुनुभयो नि ।" "महाराज ! के तपाईंको आफ्नो हत्थिपामोक्ख (राजकीय हात्ती) छ ?" "हो भन्ते ! छ ।" "महाराज ! के त्यो हात्ती कहिलेकाहीँ क्रौंच-नाद गर्छ ?" "हो भन्ते ! गर्छ ।" "महाराज ! त्यसो हो भने त्यो क्रैंच (कन्याङकुरुङ्ग) चरोको शिष्य भयो ?" "होइन भन्ते !" "महाराज ! त्यसो हो भने तपाईं भन्नुहोस् ब्रह्माको बुद्धि हुन्छ कि हुँदैन ?" "भन्ते ! हुन्छ नि ।" "महाराज ! त्यसो हो भने ब्रह्मा भगवान् बुद्धका शिष्य भए ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"



https://dhamma.digital

## ५. बुद्धको उपसम्पदा विषयमा प्रश्न

५. राजाले सोधे - "भन्ते नागसेन ! के उपसम्पदा (भिक्षु बन्ने संस्कार) राम्रो हो ?" "हो महाराज ! उपसम्पदा राम्रो संस्कार हो ।" "भन्ते ! बुद्धको उपसम्पदा भएको थियो कि थिएन ?" "महाराज ! बोधिवृक्ष मन्तिर जुन बेला भगवान् बुद्धले सर्वज्ञा ज्ञान (बुद्धत्व) पाउनुभएको थियो, त्यहीं उहाँको उपसम्पदा थियो । उहाँले अरुबाट उपसम्पदा पाउनुभएको थिएन, जस्तो कि अरु श्रावकहरुले पाएका थिए । भगवान्ले नै यसको नियम (शिक्षापद) बनाउनुभएको हो - जो हाम्रा लागि जीवनभर अनुल्लङ्घनीय छ ।

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ६. अश्रु विषयमा प्रश्न

६. राजाले सोधे - "भन्ते नागसेन ! जो आफ्नी आमा मरेपछि रुन्छन् र जो केवल धर्म-प्रेममा रुन्छन्, ती दुवैको आँसुमा कुनचाहिँ ठीक र कुनचाहिँ बेठीक हो ?" "हो महाराज ! पहिलो आँसु राग, द्वेष र मोहको कारण तातो र मलिन हुन्छ; दोस्रो प्रीति र मन पवित्र हुनाले शीतल र निर्मल हुन्छ ।" "महाराज ! जुन शीतल छ, त्यो नै ठीक हो; जुन तातो छ, त्यो बेठीक हो ।"

"भन्ते ! तपाईंले राम्ररी सम्झाउनुभयो ।"

## ७. सराग र विराग विषयमा प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! के सराग र वीतराग चित्तहरुमा भेद छ ?" "महाराज ! ती मध्ये पहिलो तृष्णामा डुबेको हुन्छ भने दोस्रोचाहिँ त्यसो भएको हुँदैन ? "भन्ते ! यसको तात्पर्य के हो ?" "महाराज ! त्यसमा एउटाको चाहना हुन्छ भने अर्कोको हुन्न ।" "भन्ते ! म त देख्छु कि सराग र वीतराग दुवै एकै किसिमले खाने राम्रा वस्तुहरुको चाहना गर्दछन्; नराम्रा वस्तुको चाहना गर्दैनन् ।" "महाराज ! लालसा हुने मानिसहरुले भोजनको स्वाद लिंदा त्यसप्रति अनुराग पनि राख्दछन् । तर लालसा नभएका मानिसहरुले भोजनको स्वाद त लिन्छन् तर त्यसमा अनुराग राख्दैनन् ।"

"भन्ते ! बडो तपाईंले राम्ररी सम्झाउनुभयो ।"



https://dhamma.digital

## ८. प्रज्ञा-प्रतिष्ठान विषयमा प्रश्न

८. राजाले सोधे - "भन्ते नागसेन ! प्रज्ञा कहाँ रहन्छ ?" "महाराज ! कहीँ पनि रहँदैन ।" "भन्ते ! त्यसो हो भने प्रज्ञा छैन ?"

"महाराज ! हावा कहाँ रहन्छ ?" "भन्ते ! कहीँ पनि रहँदैन ।" "महाराज ! त्यसो हो भने बतास छैन, हगी !" "भन्ते ! तपाईंले बेस उत्तर दिनुभयो ।"

## ९. संसार विषयमा प्रश्न

९. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंहरू संसार संसार जे भन्नुहुन्छ, त्यो संसार भनेको के हो ?" "महाराज ! यहाँ जन्म लिएर यहीँ मर्छ, यहाँ मरेर अर्को ठाउँमा उत्पन्न भएर त्यहीँ मर्छ, त्यहाँ मरेर फेरि अर्को स्थानमा उत्पन्न हुन्छ - यो नै संसार हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुनै व्यक्ति पाकेको आँप खाएर त्यसको कोयालाई रोप्छ । त्यसबाट एउटा ठूलो रुख उत्पन्न हुन्छ अनि त्यसमा फल लाग्छ । त्यसपछि त्यो व्यक्तिले त्यसको पनि पाकेको फल खाएर फेरि कोयालाई रोपिदिन्छ । त्यसबाट पनि एउटा ठूलो रुख उत्पन्न हुन्छ र त्यसमा पनि फल लाग्छ । यसरी यस प्रवाहको अन्त छैन । महाराज ! यसरी यहाँ उत्पन्न भएर त्यहीँ मर्छ ··· यही संसार हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १०. पहिले गरेको कामलाई स्मरण गराउनेसम्बन्धी प्रश्न

१०. राजाले सोधे - "भन्ते नागसेन ! व्यतीत भइसकेको कुरालाई हामीहरु कसरी सम्झना गर्छौं ?" "महाराज ! स्मृतिले ।""भन्ते ! स्मृतिले होइन, चित्तले स्मरण गर्छौं ।" "महाराज ! के तपाईंले कहिले कुनै कुरो बिर्सनुभएको छ, जो स्वयं तपाईंले पहिले गरिसक्नुभएको छ ?" हो भन्ते !" "महाराज ! त्यस बेला के चित्त रहित हुनुभएको थियो ?" "होइन भन्ते ! त्यसबेला स्मृति थिएन ।"

"महाराज ! त्यसो हो भने तपाईं कसरी भन्नुहुन्छ कि चित्तले स्मरण गर्छ, स्मृतिले होइन ?"

"भन्ते ! अब मैले ठीक तवरले सम्झें ।"



https://dhamma.digital

## ११. स्मृति उत्पत्ति विषयमा प्रश्न

११. राजाले सोधे - "भन्ते नागसेन ! सबै स्मृतिहरु मनबाट उत्पन्न हुन्छन् या बाहिरी वस्तुहरुबाट पनि ?" "महाराज ! मनबाट पनि उत्पन्न हुन्छन् र बाहिरी वस्तुहरुबाट पनि ।" "भन्ते ! तर सबै स्मृतिहरु मनबाट नै उत्पन्न हुन्छन् बाहिरबाट होइन ।" "महाराज ! यदि बाहिरबाट स्मृति उत्पन्नहुँदैनन् भने शिल्पहरु अरुबाट सिक्न, पढ्न र गुरु सबै निरर्थक हुनेछन् । तर कुरो यस्तो होइन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

# ७. अरूपधर्मव्यवस्थान वर्ग

## १. सत्पदशस्मृत्युपाद विषयमा प्रश्न

१. राजाले सोधे - "भन्ते नागसेन ! स्मृति कति प्रकारले उत्पन्न हुन्छ ?"

"महाराज ! १७ प्रकारले स्मृति उत्पन्न हुन्छ । ती १७[३७] प्रकारहरु कुन कुन हुन् ? (१) अभिज्ञा (जान्ना) ले स्मृति उत्पन्न हुन्छ, (२) बाहिरका कुराबाट ..., (३) कुनै ठूलो घटना घट्दा ..., (४) अतीत हितको सुखानुभूतिले ..., (५) अतीत अहितको दुःखानुभूतिले ..., (६) दुई वस्तुहरुको वा प्राणीहरुको समानताबाट ..., (७) दुई वस्तुहरुको असमानताबाट ..., (८) अरुले सम्झाउँदा ... । (९) कुनै चिन्हलाई देखेर ... । (१०) बिर्सेको कुरा प्रयत्नपूर्वक सम्झना गर्नाले ... । (११) विचार गर्नाले ... । (१२) गणना (हिसाब) गर्नाले ... । (१३) कण्ठस्थ गर्नाले ... । (१४) भावना (ध्यान) गर्नाले ... । (१५) ग्रन्थलाई हेर्नाले ... । (१६) नासोको रूपमा राखिएको वस्तुहरुलाई देख्दा ... र(१७) तद्विषयको पूर्वानुभवबाट पनि त्यसको सम्झना भइदिन्छ ।"

(१) "कसरी अभिज्ञा (जान्ना) ले स्मृति उत्पन्न हुन्छ ? महाराज ! जस्तै आयुष्मान् आनन्द, उपासिका खुज्जुत्तरा वा अरु कोही जसको स्मृति राम्रो थियो, उनीहरु सबै आफ्नो पूर्वजन्मको कुरा सम्झन्थे ।"

(२) "कसरी बाहिरको कुराबाट स्मृति उत्पन्न हुन्छ ? महाराज ! जस्तै कुनै बिर्सने मानिसलाई सम्झना गराउन कुनै अर्को मानिसले उसको लुगामा गाँठो पारिदिन्छ ... ।"



https://dhamma.digital

(३) "कसरी कुनै ठूलो घटना घटित भएमा पनि स्मृति उत्पन्न हुन्छ ? महाराज ! जस्तै राजाको अभिषेकको तयारी, अथवा आफू स्रोतापत्तिफलमा प्रतिष्ठित भएको घटनालाई सबैले सम्झना गर्छन् । यी ठूला घटनाहरु हुन् ।"

(४) "कसरी कुनै आनन्द प्राप्त हुँदा पनि स्मृति उत्पन्न हुन्छ ? फलानो ठाउँमा फलानो कुरोमा निकै आनन्द आएको थियो - यस्तो स्मरण पनि हुन्छ ।"

(५) "कसरी कुनै दुःख पाउँदा पनि त्यस कुराको स्मरण हुन्छ ? त्यस ठाउँमा त्यस कुरोबाट बडो दुःख पाइएको थियो - यस्तो पनि स्मरण हुन्छ ।"

(६) "कसरी दुई वस्तुहरुमा समानता हुनाले एउटालाई देखेर अर्कोको पनि स्मृति उत्पन्न हुन्छ ? जस्तै आमा, बुबा, भाइ अथवा बहिनीझैं अरु कसैलाई देख्दा स्मृति उत्पन्न हुन्छ अथवा कुनै ऊँट, गोरु व गधालाई देख्दा तिनीहरु जस्तै कुनै अर्को ऊँट, गोरु वा गधलाई देखेर स्मृति उत्पन्न हुन्छ ।"

(७) "कसरी दुई असमान वस्तुहरुमा एउटालाई देखेर अर्कोको पनि स्मृति उत्पन्न हुन्छ ? जस्तै फलानोको यस्तो रूप, यस्तो शब्द, यस्तो गन्ध, यस्तो रस, यस्तो स्पर्श छ इत्यादि स्मरण हुन्छ ।"

(८) "कसरी अरुले भनेमा पनि स्मृति उत्पन्न हुन्छ ? जस्तै कसैले भने पछि कुनै कुराको स्मृति भएर आउँछ ।"

(९) "कसरी कुनै चिन्ह देखेमा पनि स्मृति उत्पन्न हुन्छ ? जस्तै कुनै चिन्हलाई हेरेर कुनै गोरुलाई चिन्नु ।"

(१०) "कसरी बिर्सिसकेको कुरा चेष्टा गरेमा स्मरण भएर आउँछ ? जस्तै, कुनै बिर्सने व्यक्तिलाई कसैले 'सम्झना गर सम्झना गर' भने पछि चेष्टा गर्दछ अनि उसलाई स्मरण भएर आउँछ ।"

(११) "कसरी विचार गर्नाले पनि स्मरण भएर आउँछ ? जस्तै, कुनै मानिस रचना लेख्नमा सिपालु छ भने उसले उत्तिखेर बुझ्दछ कि यो अक्षरपछि यो अक्षर आउनुपर्दछ ।"

(१२) "कसरी हिसाब लगाउनाले पनि कुनै कुरोको स्मृति हुन्छ ? जस्तै, हिसाब जान्नेले कठिन हिसाबको पनि समाधान गर्छ ।"

(१३) "कसरी कण्ठस्थ गरेको कुरा पनि तत्काल स्मरण भएर आउँछ ? जस्तै, मानिसहरु बारम्बार रटेर कुनै चीजलाई कण्ठस्थ गर्दछ ।"

(१४) "कसरी भावना (ध्यान) गरेर स्मृति उत्पन्न हुन्छ ? जस्तै, भिक्षु भावनाको बलले आफ्नो पूर्वजन्मको कुरा स्मरण गर्छ[३८] ।"

(१५) "कसरी ग्रन्थलाई देख्नाले पनि कुनै कुराको स्मृति हुन्छ ? जस्तै, न्यायधीशले कुनै खास कानुन ठीकसँग सम्झन भन्दछ, त्यो किताब लिएर आऊ । किताब देखेर उसलाई त्यस कानुनको स्मरण भएर आउँछ ।"



https://dhamma.digital

(१६) "कसरी धरोहर (नासो) राखेको वस्तुहरुलाई देखेर उसको शर्तहरु स्मरण भएर आउँछ ।"

(१७) "कसरी पहिले अनुभव गरिएको कारणबाट पनि त्यसको स्मृति भइदिन्छ । देखिएका रूपको सम्झना हुन आउँछ, सुनिएका शब्दहरुको स्मृति हुन्छ, चाखिएका स्वादहरुको सम्झना हुन्छ, स्पर्शबाट पनि स्मृति भएर आउँछ, जानेर बुझिएका धर्महरुको स्मृति भएर आउँछ । महाराज ! यसरी १७ प्रकारहरुले स्मृति उत्पन्न हुन्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## २. बुद्धगुण स्मृतिलाभ विषयमा प्रश्न

२. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ कि सयवर्षसम्म पनि पापमय जीवन बिताएर यदि मर्ने समयमा बुद्धको गुण एउटा मात्रको सम्झना गर्‍यो भने ऊ देवलोकमा उत्पन्न हुन्छ । म यसलाई मान्दिन । तपाईंहरु यसो पनि भन्नुहुन्छ कि एउटा जीवलाई मार्ने मान्छे नरकमा उत्पन्न हुन्छ । यसलाई पनि म मान्दिन ।"

"महाराज ! के एउटा सानो ढुङ्गाको टुक्रा डुङ्गा बेगर पानीमा तैरिन सक्छ ?" "सक्दैन भन्ते !" "महाराज ! अनि के सय गाडा ढुङ्गाका टुक्रा डुङ्गामा लादेर के ती पानीमा तैरिन सक्छन् ?" "हो भन्ते ! तैरिन सक्छन् ।" "महाराज ! सबै पुण्यकर्महरुलाई डुङ्गाजस्तो सम्झनुपर्दछ ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ३. दुःखनिरोधका निम्ति प्रयत्न विषयमा प्रश्न

३. राजाले सोधे - "भन्ते नागसेन ! के तपाईं अतीत (भूत) कालका दुःखहरुलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ ?" "होइन महाराज !" "त्यसो हो भने के अनागत (भविष्य) कालका दुःखहरुलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ ?" "होइन महाराज !" "त्यसो हो भने वर्तमानकालका दुःखहरुलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ ?" "होइन महाराज ।"

यदि तपाईंहरु अतीत, अनागत र वर्तमान - तीनवटै मध्ये कुनै कालको पनि दुःख नाश गर्नका लागि प्रयत्न गर्नुहुन्न भने, फेरि केका निम्ति प्रयत्न गर्नुहुन्छ ?" स्थविरले भन्नुभयो - "जसमा यो दुःख रोकियोस् र नयाँ दुःख उत्पन्न नहोस्, यसैका निम्ति उद्योग गर्छौं ।" "भन्ते ! के अनागत दुःख



https://dhamma.digital

पनि छ ?" "छैन महाराज !" "भन्ते ! तपाईंहरु ठूला पण्डित हुनुहुन्छ, जो त्यस्ता दु:खलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ, जुन छँदै छैन ।"

(१) "महाराज ! के कहिले तपाईंका शत्रुराजा तपाईंको विरुद्ध खडा भएका छन् ?" "छन् भन्ते !" "महाराज ! के तपाईं त्यसबेला खाल्डो खन्ने, पर्खाल बनाउने, बार लगाउने, अट्टालिका बनाउने, किल्ला बनाउने अन्नपातको जोरजाम गर्नुहुन्छ ?" "अहँ, भन्ते ! पहिलेदेखि नै सबै वस्तुहरु तयार पारिएका हुन्छन् ।"

"त्यसो हो भने महाराज ! त्यसबेला हात्ती, घोडा, रथ, धनुष र वाणको शिक्षा दिन थाल्नु हुन्छ ?" "होइन भन्ते ! तिनीहरुले पहिलेदेखि नै सिकिसकेका हुन्छन् ।" "पहिलेदेखि नै तयार र सिकिसकेका किन हुन्छन् ?" "भन्ते ! अनागतकालमा हुने भयबाट जोगिनका लागि ।" "महाराज ! के अनागत भय (जुन आएको छैन) पनि हुन्छ ?" "भन्ते ! हुँदैन ।" "महाराज ! तपाईं त ठूला पण्डित हुनुहुन्छ जस्तो लाग्छ जो त्यस भयबाट जागिनको लागि तयारी गर्नुहुन्छ जो छँदै छैन ।"

(२) "कृपया, अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! के तपाईं तिर्खा लागेपछि पानी लिन भनी कुवा वा तलाउ खन्न लगाउनुहुन्छ ?" "होइन भन्ते ! त्यो पहिले नै तयार रहन्छ ।"

"पहिले नै तयार कि रहन्छ ?" "भन्ते ! अब आउने तिर्खाएकाहरुको तिर्खा मेट्न । अब आउने समयको पनि तिर्खा हुन्छ ?" "हुँदैन भन्ते ।"

"महाराज ! त्यसो हो भने तपाईं ठूला पण्डित पो हुनुहुन्छ जुन तिर्खा मेट्नका लागि तयारी गर्नुहुन्छ, जुन तिर्खा लागेकै छैन ।"

(३) "कृपया, फेरि कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जब तपाईंलाई भोक लाग्छ, त के भात खान भनेर बाली रोप्न लगाउनुहुन्छ ?" "होइन भन्ते ! त्यो पहिले नै तयार गरी राख्नुपर्छ ।" "किन नि ?" "अनागतमा हुने भोक मेटाउनका लागि"

"महाराज ! अनागतको पनि भोग छ ?" "महाराज ! तपाईं त ठूला पण्डिते हुनुहुन्छ जस्तो लाग्छ जो त्यस भोगबाट जोगिनको लागि तयारी गर्नुहुन्छ, जो छँदै छैन ।"

"भन्ते नागसेन ! ठीक भन्नुभयो ।"

## ४. ब्रह्मलोकदूरी विषयमा प्रश्न

४. राजाले सोधे - "भन्ते नागसेन ! यहाँबाटब्र्ह्मलोक[३९] कति टाढा छ ?" "महाराज ! यहाँबाट ब्रह्मलोक निकै टाढा छ । यदि घरको गुमजजत्रो



https://dhamma.digital

ठूलो ढुङ्गा त्यहाँबाट मिल्काउँदा त्यो एक दिन-रात भरिमा अठ्चालीस हजार योजन जाँदै पृथ्वीमा आइपुग्न चार महिना लाग्नेछ ।"

"भन्ते ! तपाईंहरु फेरि पनि कसरी भन्नुहुन्छ कि कुनै संयमी भिक्षु आफ्नो ऋद्धिको बलले बलशाली मानिसझैं फैलाएको पाखुरालाई खुम्च्याई अनि खुम्च्याएको पाखुरालाई फैलाउने बित्तिकै जम्बुद्वीप[४०]मा अन्तर्धान भएर ब्रह्मलोकमा प्रकट हुन सक्छ ? म यो मान्दिन कि यति चाँडो ऊ यति सय योजन पर पुग्न सक्ला !"

स्थविरले भन्नुभयो - "महाराज ! तपाईंको जन्मभूमि कहाँ हो ?" "भन्ते ! अलसन्द नामको एउटा द्वीप छ जुन ठाउँमा मेरो जन्म भएको थियो ।" "महाराज ! यहाँबाट अलसन्द कति टाढा छ ?" "भन्ते ! करिब दुई सय योजन ।" "महाराज ! अहिले तपाईंलाई कुनै कुराको सम्झना छ जो तपाईंले त्यहाँ गर्नुभएको थियो ?" "हो, सम्झना छ ।" "महाराज ! तपाईं यति छिटो दुई सय योजन जानुभयो ?"

"भन्ते ! मैले बुझें ।"

## ५. लोक दुईमा समकालिकोत्पत्ति विषयबारे प्रश्न

५. राजाले सोधे - "भन्ते नागसेन ! यदि यहाँ मरेर ब्रह्मलोकमा उत्पन्न होस्, अनि कोही अर्को यहाँ मरेर काश्मीरमा उत्पन्न होस्, त दुवैमध्ये पहिलो को पुग्ला ?" "महाराज ! दुबै सँगै ।"

(१) "कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईंको जन्म कुन शहरमा भएको थियो ?" "भन्ते ! कलसी नामको एउटागाउँ छ । त्यहीँ मेरो जन्म भएको थियो ।" "यहाँबाट कलसी गाउँ कति टाढा छ ?" "करिब दुई सय योजन ।" "ल, यहाँबाट काश्मीर कति पर छ ?" "मात्र बाह्र योजन ।" "महाराज ! अब तपाईं कलसी गाउँबारे सम्झना गर्नुहोस् ।" "भन्ते ! गरें ।" "अनि, अब काश्मीरबारे सम्झनुहोस् ।" "भन्ते ! त्यसको पनि सम्झना गरें ।"

"महाराज ! अब तपाईं भन्नुहोस् कि दुबै ठाउँमध्ये कसको सम्झना चाँडो भयो ?" "भन्ते ! दुईटै ठाउँको सम्झना एकनासले बराबरी समयमा भयो ।"

"महाराज ! त्यसरी नै यहाँ मरेर ब्रह्मलोक अथवा काश्मीर[४१] - जहाँसुकै एकनासले जन्म हुन्छ ।"

(२) "कृपापूर्वक, फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"



https://dhamma.digital

"महाराज ! कावा खाँदै दुई चराहरुमध्ये एउटा आएर कुनै अग्लो रुखमा बसोस् अनि अर्कोचाहिँ कुनै झाङमा। यदि ती आ-आफ्नै ठाउँमा बसेमा कसको छायाँ भुईंमा पहिले पर्न आउला ?" "भन्ते ! दुईटैको छायाँ एकैपल्ट पर्न आउँछ ।" "महाराज ! यसरी नै, यदि कोही यहाँ मरेपछि ब्रह्मलोकमा उत्पन्न होस् अनि कोही अर्को यहाँ मरेपछि काश्मीरमा उत्पन्न भएमा पनि ती दुवै सँगै उत्पन्न हुनेछन् ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ६. बोध्यङ्ग विषयमा प्रश्न

६. राजाले सोधे - "भन्ते ! बोध्यङ्ग कतिवटा छन् ?" "सातवटा छन् ।" "भन्ते ! कतिवटा बोध्यङ्गबाट धर्मको ज्ञान हुन्छ ?" "धर्म विचय सम्बोध्यङ्ग नामको एउटा मात्र बोध्यङ्गबाट हुन सक्छ ।"

"भन्ते ! त्यसो भए सातवटा भनेर केका लागि भनिएको हो ?" "महाराज ! तपाईं के विचार गर्नुहुन्छ - यदि कुनै तलवार दापभित्र रहेको होस् अनि त्यो नझिकियोस् भने के त्यसले जसलाई इच्छा हुन्छ, त्यसलाई काट्न सक्नुहुन्छ ?" "अहँ, सकिन्न भन्ते !" "महाराज ! त्यसरी नै, धर्मविचय विना सम्बोध्यङ्गका अन्य बोध्यङ्गहरुबाट केही पनि धर्मज्ञान हुन सक्दैन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ७. पाप-पुण्यसम्बन्धी ठूलो-सानो विषयमा प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! पाप र पुण्य - यी दुवैमा कुनचाहिँ ठूलो छ?" "महाराज ! पुण्य ठूलो छ ?" "कसरी ?" "महाराज ! पाप गर्नेहरुलाई निकै पछुतो हुन्छ कि मैले धेरै पाप गरेको छु। उसले आफ्नो पापलाई स्वीकार गर्छ कि मैले धेरै पाप गरें र उसले आफ्नो पापलाई स्वीकार गर्छ र सुख बढ्न पाउँदैन । तर पुण्य गर्नेलाई भने कुनै पछुतो हुँदैन । कुनै पनि पछुतो नहुँदा प्रमोद (हर्ष) हुन्छ, प्रमोद भएपछि प्रीति हुन्छ, प्रीति पाएको मानिसको शरीर शान्त रहन्छ, शरीर शान्त रहनाले सुख हुन्छ, सुख हुनाले चित्त समाधिस्थ ( एकाग्रता) हुन्छ र चित्त समाहित हुनाले यथार्थ-ज्ञान उत्पन्न हुन्छ। यस प्रकार पुण्य अधिक हुन्छ ।"



https://dhamma.digital

"महाराज ! कुनै लँगडो र लुलो मानिसले भगवान्‌लाई एक मुट्ठी कमलको फूल चढाएकोले ऊ एकान्नब्बे कल्पसम्म विनिपात (दुर्गति=नकर) मा गएन । महाराज ! त्यसैले भनिएको छ कि पापभन्दा पुण्य ठूलो छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ८. ज्ञाताज्ञात पापकरण प्रश्न

८. राजाले सोधे - "भन्ते नागसेन ! जसले जानाजान पापकर्म गर्छ र जसले अज्ञानमा पाप गर्छ, ती दुवैमा कसको पाप ठूलो हुन्छ ?" स्थविरले उत्तर दिनुभयो - "महाराज ! जसले अनजानमा पापकर्म गर्छ उसैको पाप धेरै हो ।" "भन्ते ! त्यसो हो भने, मेरा राजकुमार वा मन्त्रीहरुले नजानेर पाप गर्दछन्, मैले उनीहरुलाई दोब्बर दण्ड दिनुपर्छ ?" "महाराज ! कसैले फलामको बल्दै गरेको रापिलो गोलालाई जानाजान छुन्छ र अर्कोले त्यसलाई नजानेर छुन्छ भने ती दुईमध्ये कसलाई बढी पोल्छ ?" "भन्ते ! जसले नजानेर छुन्छ उसलाई नै ।" "महाराज ! यसरी नै, जसले अनजानमा पाप गर्छ, उसलाई बढी पाप लाग्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. यसै जन्ममा देवालोकगमनका विषयमा प्रश्न

९. राजाले सोधे - "भन्ते नागसेन ! के यस्तो कोही छ जो यही शरीरका साथ उत्तरकुरु, ब्रह्मलोक अथवा अन्य द्वीपहरुमध्ये कतै जान सक्छ ?" "हो महाराज ! यस्ता पनि मानिसहरु छन् ।" "भन्ते ! उनीहरु कसरी जान्छन् ?" "महाराज ! के तपाईं पृथ्वीमै एक बित्ता वा एक हात नाघ्न सक्नुहुन्छ ?"

"हो भन्ते ! म आठ हात पनि नाघ्न सक्छु ।" "महाराज ! तपाईं आठ हात कसरी नाघ्न सक्नुहुन्छ ?" "भन्ते ! यसरी मनमा नाघ्ने इच्छा गर्छु कि म त्यहाँ गएर झरौंला । मनमा यस्तो इच्छा गर्दैमा मेरो शरीर हलुको हुन थाल्छ अनि म नाघ्छु ।" "महाराज ! यसरी नै, ऋद्धिप्राप्त संयमी भिक्षुले यस्तो चित्त उत्पन्न गर्दछ, जसबाट ऊ आकाशमा जान सक्दछ ।"

"भन्ते ! ठीक छ ।"



https://dhamma.digital

## १०. दीर्घास्थि विषयमा प्रश्न

१०. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंहरु यसो भन्नुहुन्छ कि हाडहरु एक सय योजन लामा पनि छन्। त्यति लामो त कुनै रुख पनि हुँदैन, हाडहरु कसरी हुन सक्दछन् ?"

"महाराज ! के तपाईंले सुन्नुभएको छ कि महासमुद्रमा पाँच सय योजन लामा माछाहरु छन् ?" "हो भन्ते ! सुनेको छु।" "यदि कुरो यो हो भने तिनका हाडहरु एक योजन लामा हुन सक्दैनन् र ?" "भन्ते ! हुन सक्छन् ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ११. श्वास-प्रश्वास निरोधका विषयमा प्रश्न

११. राजाले सोधे - "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि सास लिन र छाड्न रोक्न सकिन्छ ?" "महाराज ! तपाईंले कसैलाई घुर्दै गरेको सुन्नुभएको छ ?" "हो भन्ते ! सुनेको छु ।" "महाराज ! यदि उसले आफ्नो शरीरलाई हल्लायो या कोल्टे फेऱ्यो भने के घुराइ केही रोकिन्न ?" "हो भन्ते ! रोकिन्छ ।" "महाराज ! जब त्यस अभावित चित्त, अभावित शील र अभावित प्रज्ञा भएको मनुष्यले घुर्दा आफ्नो शरीरलाई खुम्च्याउँदा या दोब्र्याउँदाखेरि रोकिन्छ भने यसमा के आश्चर्य छ यदि भावित काय, भावित चित्त, भावित शील, भावित प्रज्ञाले भिक्षुको स्वास लिनु र छोड्नु चतुर्थध्यानमा पुगेपछि रोकियोस् ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## १२. समुद्रको विषयमा प्रश्न

१२. राजाले सोधे - "भन्ते नागसेन ! सबै मानिसहरु 'समुद्र' 'समुद्र' यस्तो भन्ने गर्छन् । पानीको त्यो थुप्रोको नाम 'समुद्र' किन रह्यो ?" स्थविरले भन्नुभयो - "महाराज ! किनकि जति पानी छ त्यति नै नुन छ । त्यसैले त्यसको नाम समुद्र रह्यो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो"



https://dhamma.digital

## १३. समुद्रको एकरसता विषयमा प्रश्न

१३. राजाले सोधे - "भन्ते नागसेन ! के कारण हो कि सारा समुद्रको रस नुनिलो नै छ ?" "महाराज ! धेरै समयदेखि पानी एकै ठाउँमा रहनाका कारणले सारा समुद्रको रस नुनिलो नै छ ।"

"भन्ते ! ठीक हो ।"

## १४. सूक्ष्मधर्म विषयमा प्रश्न

१४. राजाले सोधे - "भन्ते नागसेन ! के सबैभन्दा सूक्ष्म वस्तुलाई पनि काट्न सकिन्छ ?" "हो महाराज ! काट्न सकिन्छ ।" "भन्ते ! सबैभन्दा सूक्ष्म वस्तु के हो ?" "महाराज ! धर्म नै सबैभन्दा सूक्ष्म वस्तु हो । तर सबै धर्ममा यस्तो कुरो हुँदैन । सूक्ष्म वा स्थूल हुनु धर्मकै विशेषता हो । तर जुन वस्तु काट्न सकिन्छ, त्यो प्रज्ञाबाट नै काट्न सकिन्छ । अनि यस्तो कुनै अर्को छैन जसलाई प्रज्ञाले काट्न नसकोस् ।"

"भन्ते ! तपाईंले बडो राम्ररी सम्झाउनुभयो"

## १५. विज्ञान-नानात्वका विषयमा प्रश्न

१५. राजाले सोधे - "भन्ते नागसेन ! विज्ञान, प्रज्ञा र जीव - के यी तीन शब्दहरु अक्षर र अर्थ दुवैमा अलग-अलग छन् अथवा एकै अर्थका बेग्लाबेग्लै नाम हुन् ?" "महाराज ! 'जान्नु' विज्ञानको लक्षण हो; 'राम्ररी बुझ्नु' प्रज्ञाको लक्षण हो अनि जीव (आत्मा) यस्तो कुनै वस्तु छैन ।" "भन्ते ! यदि जीव (आत्मा) कुनै वस्तु छैन भने हामीभित्र त्यो के हो जसले आँखाले रूप देख्छ, कानले शब्द सुन्छ, नाकले गन्ध सुँघ्छ, जिब्रोले स्वाद चाख्छ, शरीरले स्पर्श गर्छ र मनले धर्मलाई बुझ्छ ?" स्थविरले भन्नुभयो - "महाराज ! यदि शरीरभन्दा भिन्न कुनै जीव (आत्मा) छ जसले हामीभित्र रहेर आँखाबाट रूप देख्छ, त यदि आँखा झिकिदिँदा ठूलो प्वालबाट अझ राम्ररी देख्न सक्नु पर्ने हो । कान काटे पछि झन् राम्ररी सुन्न सक्नु पर्ने हो । नाक काटिदिँदा अझ राम्ररी सुँघ्न सक्नुपर्ने हो । जिब्रो काटिदिँदा त्यसले अझ राम्ररी स्वाद लिनुपर्ने हो । अनि शरीरलाई काटिदिँदा झन् राम्ररी स्पर्श गर्नुपर्ने होइन ?" "होइन भन्ते ! यस्तो कुरो होइन ।" "महाराज ! त्यसो भए हामीहरुभित्र कुनै जीव नै छैन ।"

"भन्ते ! तपाईंले बडो राम्ररी सम्झाउनुभयो"



https://dhamma.digital

## १६. अरूपधर्मको कठिनताबारे प्रश्न

१६. स्थविरले भन्नुभयो - "महाराज ! भगवान्‌ले एउटा निकै गाह्रो काम गर्नुभएको छ ।" "भन्ते ! त्यो के हो ?" "महाराज ! एकै वस्तुको आलम्बनमा हुने रूपरहित चित्त र चैतसिक धर्महरुको विश्लेषण गर्नु । उहाँले छुट्टा छुट्टै पारेर बताउनुभयो - यो स्पर्श हो, यो वेदना हो, यो स्रज्ञा हो, यो चेतना हो र यो चित्त हो ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै मानिस डुङ्गामा चढेर समुद्रमा गयो अनि अँजुलीभरी पानी लिएर त्यसलाई चाख्दै उसले भन्यो - यो गङ्गा नदीबाट आएको पानी हो, यो जमुनाको, यो अचिरवतीको, यो सरयूको र यो महीको ।" "भन्ते ! यसरी बताउनु त बडो गाह्रो छ ?" "महाराज ! यसरी नै, एउटै वस्तुको आलम्बनमा हुने रूपरहित चित्त र चैतसिक धर्महरुको विश्लेषण गर्नु त्योभन्दा पनि गाह्रो छ ।"

"भन्ते ! ठीक भन्नुभयो ।"

**(यस वर्गमा १६ वटा प्रश्नहरु छन्)**

**सातौं अरूपधर्मव्यवस्थान वर्ग समाप्त ।**

**राजा मिलिन्दका प्रश्नहरुको समाप्ति ।**

स्थविरले सोधे - "महाराज ! के तपाईं जान्नुहुन्छ कि अहिले कुन समय हो ?" "हो भन्ते ! जान्दछु । रातको पहिलो प्रहर बित्यो, मध्यम प्रहर सुरु भयो; चिराकहरु बालिए, चारओटै ध्वजाहरु फरफराउन आज्ञा दिइयो, अब दान दिने वस्तुहरु भँडारबाट ल्याइने छन् ।"

यवनहरुले भने - "महाराज ! स्थविर कुनै ठूला पण्डित हुन् । यिनीजस्ता गुरु र मजस्तो चेला हुनुपर्छ, जो पण्डित होस् र धर्मका सूक्ष्मताहरु बुझ्न सकून् ।"

उनीहरुका उत्तरबाट सन्तुष्ट भएर स्थविर नागसेनलाई एउटा निकै किम्मती चीवर दिएर भने - "भन्ते नागसेन ! मकहाँ आठ सय दिनसम्म भोजन ज्यूनार गर्ने निम्तो स्वीकार गर्नुहोस् । अन्तःपुरमा तपाईंका लागि मनपर्ने जे जुन वस्तुहरु छन्, म कोसेली दिन तयार छु ।" "पर्दैन महाराज ! मेरो गुजारा त भई नै रहेको छ ।"



https://dhamma.digital

"भन्ते ! मलाई थाहा छ कि तपाईंको गुजारा भइरहेको छ। तर कृपा गरेर मलाई र आफू दुबैलाई अपवादबाट जोगाउनुहोस् । आफूलाई यसबाट जोगाउनुहोस् कि 'राजालाई सन्तुष्ट तुल्याउँदा पनि केही पाइन ।' अनि मलाई यसबाट जोगाउनुहोस् कि 'स्थविरदेखि सन्तुष्ट भएर पनि राजाले केही कोसेली चढाएनन्' ।" "लौ त महाराज ! यस्तै होस् ।" "भन्ते ! जसरी सुनको पिँजडामा पनि थुन्दा मृगराज सिंह बाहिरतिर नै जानलाई हेरिरहन्छ, त्यसरी नै, म पनि यस राजदरवारमा छँदा (घर छाडेर भिक्षु बन्नका लागि) बाहिरतिर नै हेर्ने गरेको छु। तर भन्ते ! यदि अहिल्यै घरबार त्यागेर म भिक्षु बनुँ त धेरै दिनसम्म बाँच्न सक्ने छैन । मेरा शत्रुहरु थुप्रै छन्, जसले मौका पाएपछि मलाई मारिदिनेछन् ।"

यसरी राजा मिलिन्दका प्रश्नहरुको उत्तर दिएपछि आयुष्मान् नागसेन आसनबाट उठेर आफ्नो सङ्घाराम (आश्रम) तर्फ लागे । नागसेन जानु भएपछि राजा मिलिन्द स्वयं ती प्रश्नहरु र तिनका उत्तरहरुमा विचार गर्न लागे । उसले देखे - 'मेरा सबै प्रश्नहरु उत्तम थिए र उनका उत्तरहरु पनि त्यसरी नै बडो ठीक थिए। भोलिपल्ट बिहान लुगा पहिरिएर आफ्नो पात्र चीवर लिएर आयुष्मान् नागसेन राजाको दरवारमा आए अनि ओछ्याइएको आसनमा बसे ।

राजा मिलिन्द पनि उहाँलाई ढोगेर सम्मानपूर्वक एकातिर बसे अनि भने - "भन्ते ! मलाई यसो नसम्झनु होला कि रातभरि म यही प्रसन्नतामा जागा भइरहें कि आयुष्मान् नागसेनसँग मैले थुप्रै प्रश्न सोधें; तर म यही सोच्दथें कि के मेरा प्रश्नहरु विचित्र र तपाईंका उत्तर सन्तोषजनक थिए ? अन्तमा मलाई साँच्चै त्यस्तै लाग्यो ।"

स्थविरले भन्नुभयो - "महाराज ! तपाईं पनि यस्तो नसम्झनुहोस् कि रातभरि म यही खुशीमा जागा भइरहें कि राजाका प्रश्नहरुको उत्तर मैले थुप्रै दिएँ । मैले पनि तपाईंले झैं सोचिरहें अनि त्यस्तै बुझिरहें ।"

यसरी उनीहरू महानागजस्ता विद्वान्हरुले एकअर्काको भनाइलाई समर्थन गरे ।

**राजा मिलिन्दका प्रश्नहरुको उत्तर समाप्त ।**



https://dhamma.digital

# मेण्डक[१] प्रश्न

## (क) महावर्ग

### १. मेण्डक - आरम्भकथा

१. वक्ता, तर्कप्रिय, विचक्षण र अत्यन्त बुद्धिमान् राजा मिलिन्द नागसेनको ज्ञानको[२] जाँच गर्नको लागि। (१ )

उनका नजिक बसेर, आफ्नो सबै बुद्धिले भाएसम्म बारम्बार प्रश्न सोधिरहन्थे, अन्तमा उनले पनि त्रिपिटको सिद्धान्तलाई स्वीकार गरे। (२ )

राती एकान्तमा धर्मको नयाँ अङ्गहरूबारे विचार गर्दा उनलाई मेण्डक नामका झन्झटमा फसाउने अत्यन्त जटिल केही प्रश्नहरूको सम्झना भयो। (३ )

उनले सोचे धर्मराज (बुद्ध ) को शासन (उपदेशमा ) केही कुराहरू क्रमबद्धरूपले भनिएको छ भने, केही कुरा समय आएपछि, कोही खास वस्तुलाई सामुन्ने राखेर अनि साधारण कुराहरू मात्र सम्झन। (४)

तिनको वास्तविक अर्थ नबुझ्नाले पछि राय बाझ्नेछ। (५)

त्यसो हुँदा म यी जटिल प्रश्नहरूको समाधन आयुष्मान् नागसेनसँग सोधेर गरूँला, जसबाट पछि मानिसहरूलाई धर्मबारे वास्तविक जानकारी प्राप्त होस्।

२. त्यपछि राजा मिलिन्दले अर्को दिन एकाबिहान, पूर्णस्नान गरेर हात जोडी भूत, भविष्यत् र वर्तमान कालका बुद्धहरूलाई ढोगी आठ गुणहरू पालन गर्ने व्रत लिए – 'आजदेखि सात दिनसम्म यी आठ गुणहरूलाई पालन गर्ने व्रत लिँदैछु। यस व्रत पालन गरेर आचार्यलाई खुसी तुल्याई उनीसित मेण्डकप्रश्न सोधुँला।'

---

[1] मेण्डकको अर्थ हो 'भेडा' भेडाको दुई तिखो सींग हुन्छ। त्यस्तै नै 'मेण्डक प्रश्न'मा दुई विकल्प राखिन्छ, जसमा दुवै समान रुपले आपत्तिजनक हुन्छ। अँग्रजीमा यसलाई The two horns of dilemma भनिन्छ। आउने उत्तर पनि दुविधायुक्त भएकोले मेण्डक भनिएको हो।

[2] ञाणभेदाय।



https://dhamma.digital

त्यसपछि राजा मिलिन्द आफ्नो स्वाभाविक राजसी लुगा र गहनाहरू फुकालेर टाउको मा एउटा कपडा बेरेर गेरुवा लुगा लगाई तपस्वीझैं रहन थाले ।

त्यो साता उनले राजकाजसम्बनधी कुनै काम गरेनन् । यतिसम्म कि कुनै राग, द्वेष र मोहलाई मनमा आउन पनि दिएन । नोकरचाकरहरूप्रति पनि शिष्ट र प्रसन्न रहे । आफ्ना शरीर र वाणीमा पूर्ण संयम गर्दै रहे । छ आयतनहरूको पूर्णरूपले रक्षा गरे । सदा मैत्री भावनाका अभ्यास गर्दै रहे । साताभरि बाहिर कतै नगई यिनै आठ गुणहरूको चिन्तन गर्दै रहे । आठौं दिन-रात व्यतीत भएर बिहान भएपछि जालपान (चमेना) खाई तलतिर हेर्दै शान्त भाव र स्थिर मनले आनन्दसाथ स्थविर नागसेन भए ठाउँ गए । उनका चरणमा ढोगेर एकातिर उभिएर भने –

३. भन्ते ! म तपाईंसँग एकान्तमा केही कुरा गर्न चाहन्छु त्यहा कुनै तेस्रो मानिस नरहोस् आठ अङ्गहरूले युक्त मुनिहरुलाई सुहाउँदो कुनै निर्जन र एकान्त जङ्गलमा नै म आफ्ना कुरा भन्न चाहन्छु ।

"हामीहरूका बीच कुनै कुरा पनि गोप्य नरहोस् । कुराकानी चल्दाखेरि रहस्यभन्दा पनि रहस्यमय कुराहरू म सुन्न चाहन्छु । आफ्नो मनका भावहरूलाई उपमाहरूबाट पनि बुझाउन सकिन्छ । भन्ते ! जस्तो कि यो पृथ्वीमा पूर्ण विस्वासपूर्वक ढुकुटीलाई गाडेर लुकाउन सकिन्छ, त्यसरी नै, म पनि तपाईबाट रहस्यभन्दा पनि रहस्यमय कुराहरू सुनेर तिनलाई ग्रहण गर्न योग्य छु ।"

## १. धार्मिक मन्त्रणाको अयोग्य आठ स्थान

४. त्यसपछि राजा मिलिन्द आफ्ना गुरु (नागसेन)का साथ त्यस्तै कुन ठाउँमा गएर उनले भने –"भन्ते ! धर्मका गूढ तन्वहरूबारे छलफल गर्नका लागि आठ ठाउँहरूदेखि छुट्टै रहनुपर्छ । यी आठ ठाउँहरूमा कुनै पनि बुद्धिमान् मानिसले त्यस्तो छलफल गर्दैन । छलफल गरेमा सबै अकार्य हुन्छ । त्यसको कुनै परिणाम प्राप्त हुँदैन ।"

"यी आठ ठाउँहरू कुन-कुन ? (१) खाल्डाखुल्डी परेको, (२) डरलाग्दो स्थान, (३) जहाँ बतास धेरै चन्छ, (४) लुक्न सक्ने स्थान (जो निकै गुप्त छ), (५) देवालय, (६) रमझम हुने स्थान, (७) पुल र (८) नदीको घाट।"

स्थविरले सोध्नुभयो – "महाराज ! यस्ता ठाउँहरूमा के दोष छ ?" राजाले उत्तरु दिए – "भन्ते ! (१) खाल्डाखुल्डी परेको ठाउँमा छलफल गरेमा



https://dhamma.digital

कुराहरू राम्ररी मिल्दैनन् अनि कुनै परिणाम पनि प्राप्त हुँदैन । (२) डरलाग्दो स्थानमा मन डराउँछ जसले गर्दा कुरा राम्ररी बुझिन्न, (३) जहाँ बतास धेरै चन्छ, त्यहाँ एक अर्काको शब्द दब्छ अनि सफसँग सुन्न सकिन्न । (४) निकै गुप्त स्थानमा कोही अर्को मानिस लुकेर सुन्न सक्छ । (५) देवस्थलमा छलफल गर्दा कुराकानी भारी हुन्छ (बाहिरको वातारवरण प्रमुख हुन जान्छ) । (६) रमझम भएका स्थान (सडक)हरूमा छलफल गर्दा कुरा हलुका हुन्छन् । (७) पुलमा छलफल गर्दा कुराहरु चञ्चल हुन्छ । (८) घाटमा छलफल गर्दा सबै कुराहरु चर्चाको विषय हुन्छन् । यसैले भनिएको हो कि धार्मिक विषयहरूमा छलफल गर्न यी ठाउँहरूलाई त्याग्नुपर्छ ।"

## २. धार्मिक मन्त्रणाका लागि अयोग्य आठ व्यक्तिहरू

५. "भन्ते नागसेन ! आठ प्रकारका मानिसहरूसँग मन्त्रणा गरेमा सबै अर्थ बिगारिदिन्छन् । ती आठ प्रकारका मनिसहरू को को हुन् ? (१) रागयुक्त, (२) द्वेषयुक्त, (३) मोहयुत्त, (४) अभिमानयुक्त, (५) लोभयुक्त, (६) आलस्ययुक्त, (७) कुनै एक मतमा जिद्दी गर्ने र (८) मूर्ख । यी आठ मानिसहरूमा के दोष छ ?" "भन्ते ! रागले युक्त भएको व्यक्ति रागले गर्दा, द्वेषयुक्त व्यक्ति द्वेषले गर्दा, मोहयुक्त व्यक्ति मोहले गर्दा, अभिमानयुक्त व्यक्ति अभिमानले गर्दा, लोभयुक्त व्यक्ति लोभले गर्दा, आलस्ययुक्त व्यक्ति आलस्यले गर्दा कुनै एउटा मतलाई समाइराख्ने मानिस आफ्नो ढिपीले गर्दा र मूर्ख व्यक्ति आफ्नो मूर्खताले गर्दा सबै अर्थलाई बिगारिदिन्छन् , त्यसैले भनिएको छ : –

**रत्तो दुट्ठो च मुल्हो च मानी लुद्धो तथालसो ।**
**एकचिन्ती च बालो च एते अत्थविनासका 'ति ॥**

**रागी, द्वेषी, मूढ नर, लोभी मानप्रवीण**
**हठी, आलसी , बालमति गर्छन् मन्त्र धेरै क्षीण ॥**

## ३. गुप्त मन्त्रणा गर्न अयोग्य नौ प्रकारका व्यक्तिहरू

६. "भन्ते नागसेन ! नौ प्रकारका यस्ता व्यक्तिहरू छन्, जोसित कुनै गुप्त कुरो गर्दा उनीहरूले प्रकट गरिदिन्छन्, पचाउन सक्दैनन् । ती नौ प्रकारका मानिसहरू को हुन् र उनीहरूमा के कस्ता दोष छन् ? (१) रागयुक्त **व्यक्ति आफ्नो रागले गर्दा**, (२) द्वेषयुक्त व्यक्ति आफ्नो द्वेषले गर्दा, (३) मोहयुक्त



https://dhamma.digital

व्यक्ति आफ्नो मोहले गर्दा, (४) डरछेरुवा व्यक्ति आफ्नो डरले गर्दा, (५) लोभी[3] व्यक्ति लोभले गर्दा, (६) स्त्री (महिला)हरू आफ्नो कमजोर स्वभावले गर्दा, (७) जँड्याहा रक्सी पिउने लालचमा, (८) नपुंसक (सिँगारु) व्यक्ति आफ्नो अपूर्णताले गर्दा र (९) बालक आफ्नो चंचलता चपलताले गर्दा मन्त्रणा गरिएका गुप्त कुरालाई खोलि दिन्छन्, पचाउन सक्दैनन् । त्यसैले भनिएको छ –

**रत्तो दुट्ठो च मुल्हो च भीरू आमिसचक्खुको ।**
**इत्थी सोण्डो च पण्डोको, नवमो भवति दारको ॥**
**नवेते पुग्गला लोके इत्तरा चलिता चला ।**
**एतेहि मन्तितं गुचहं खिप्प भवति पाकटन्ति ॥**
**रागी, द्वेषी, मूर्ख, डरपोक, लोभी,**
**स्त्री, जँड्याहा, नपूंसक र बालक**
**यी नौ प्रकारका व्यक्तिहरू लोकमा**
**ज्ञान नभएका चंचल स्वभाव भएका हुनाले**
**यिनीहरूले गोप्य कुराहरूलाई पनि चाडैं नै प्रकट गर्छन् ।**

## ४. बुद्धि- परिपक्वताका आठ कारण

७. " भन्ते ! आठ कारणहरूले बुद्धि परिपक्व हुन्छ ।" "कुन आठ कारणले ?" (१) उमेर पुग्नाले, (२) यश फैलनाले, (३) घरीघरी प्रश्न सोध्नाले, (४) गुरुका साथ बस्नाले, (५) आफैंले राम्ररी विचार गर्नाले, (६) असल मानिसहरूसित संवाद गर्नाले, (७) मनमा स्नेहभाव बढाउनाले, (८) अनुकूल ठाउँमा बस्नाले मानिसको बुद्धि परिपक्व हुन्छ ।" त्यसैले भनिएको छ –

वयेन यश-पुच्छाहि, तित्थवासेन योनिसो ।
साकच्छा स्नेहसंसेवा, पतिरूपवसेन च ।
एतानि अट्ठट्ठानानि, बुद्धिविसदकारणा ।
येसं एतानि सम्भोति तेसं बुद्धि पभिज्जतीति ।

[3] घुसखोर हि. मि.



https://dhamma.digital

उमेर, यश, प्रश्न, गुरुसँग बास,
कारण सहित मन लगाउनाले
छलफल, स्नेह भावले सेवा गर्नु
अनुकूल स्थानमा बास बस्नु
आठ प्रकार बुद्धि परिपक्वका यी कारणहरू हुन् ।

८. "भन्ते नागसेन ! यो भूमिभाग आठ मन्त्रदोषहरूदेखि रहित छ । मेरो मन्त्र पनि लोकमा प्रतिष्ठाप्राप्त छ र म पनि गोपनीयलाई गुप्त राख्न म बाठो छु । म जीवन पर्यन्त गोपनीयको रक्षा गरूँला । उपयुक्त आठ कारणहरूले मेरो बुद्धि परिपक्व भइसकेको छ , त्यसो हुँदा म जस्तो शिष्य अचेल तपाईंलाई मुस्किलले प्राप्त हुनेछ ।"

## ५. आचार्यका पच्चीस गुण

९. "यस्तो योग्य शिष्य पाएमा आचार्य पच्चीस गुणहरूले युक्त हुनुपर्छ ।" "कुन पच्चीस गुणहरूले ?" "भन्ते नागसेन ! (१) आचार्यले शिष्यको विषयमा सधैंभरि पूरा ध्यान दिनुपर्छ । (२) कर्तव्य र अकर्तव्यबारे सदा उपदेश दिइरहनुपर्छ । (३) केमा सचेत रहनुपर्छ र केमा रहनुपर्दैन, सोबारे उपदेश दिने गर्नुपर्छ । (४) उसको शयन आदि विषयमा ध्यान दिनुपर्छ । (५) बिरामी परेमा हेरचाह गर्नुपर्छ । (६) उसले के खायो र के खाएन, यसमा पनि विचार पुऱ्याउनुपर्छ । (७) उसको विशेष चरित्र -बानी बेहोरा) बुझ्नुपर्छ । (८) भिक्षापात्रमा जे पाइन्छ त्यो बाँडेर खानुपर्छ । (९) उसलाई सदा उत्साहित गरिरहनुपर्छ 'नआत्तिऊ' यो कुरोलाई तिमीले चाँडै नै बुझ्नेछौ । (१०) फलानो मानिसको सङ्गत गर्न सक्छौ – यसो भनिदिनुपर्छ । (११) फलानो गाउँमा जान सक्छौ । (१२) फलानो विहारमा जान सक्छौ । (१३) त्योसित हाँसेर गफ गर्न हुँदैन । (१४) उसका दोषहरू माफ गरिदिनुपर्छ । (१५) पूर्णउत्साहका साथ सिकाउनुपर्छ । (१६) बिदा नदिई पढाउनुपर्छ । (१७) योग्य कुरो सिकाउनुपर्छ । (१८) उसलाई सबै कुरा नलुकाई भनिदिनुपर्छ । (१९) बिद्याबाट यसलाई पुनर्जन्म दिंदैछु भन्ने सोचेर ऊप्रति पुत्रवतस्नेह गर्नुपर्छ । (२०) ऊ आफ्नो



https://dhamma.digital

उदेश्यबाट चिप्लन नपावस् – यस्तो चेष्टा गर्नुपर्छ । (२१) यसलाई सबै शिक्षाहरू दिएर ठूलो बनाउँदै छु – यसबारे ध्यान दिनुपर्छ । (२२) उसकासाथ मैत्रीभाव राख्नुपर्छ । (२३) आपत्ति परेमा उसलाई छाड्नु **हुँदैन** । (२४) सिकाउन हुने कुराहरू सिकाउन कहिल्यै बिर्सन हुन्न । (२५) धर्मबाट खस्न लागेको देख्दा उसको रक्षा गर्नुपर्छ । भन्ते ! असल आचार्यहरूका यी पच्चीस गुणहरू छन्, जसबाट उनीहरू आफ्ना शिष्यहरूसँग व्हार गर्दछन् । तपाई यी पच्चीस गुणहरूद्वारा मप्रति व्यवहार गर्नुहोस् ।"

"भन्ते ! ममा केही शङ्काहरू पलाउँदै छन् । बुद्धद्वारा दिइएको उपदेशहरूमध्ये जुन मेण्डकप्रश्नहरू छन्, तिनका विषयमा पछि गएर मानिसहरूमा मतभेद हुन सक्छ, आउँदा दिनमा तपाईंजस्ता बुद्धिमान् हुन गाह्रो छ । त्यसो हुँदा, यी विवादस्पद प्रश्नहरूमा प्रकाश पार्नुहोस् यस निम्ति कि बिरोधीहरूलाई रोक्न सकियोस ।"

## ६. उपासकका दस गुण

१०. स्थविरले 'हवस्' भनेर उपासका दश गुणहरू बताउनुभयो । "महाराज ! उपासकमा यी दश गुण हुनुपर्छ । कुन दश ? महाराज ! (१) उपासकले आफ्ना भिक्षुहरूका साथ सुख दुःखमा सहानुभूति राख्नुपर्छ । (२) धर्ममा अधिपति हुनपर्छ । (३) यथाशक्ति दान दिनुपर्छ । (४) बुद्धशासनलाई झर्न लागेको देखेमा त्यसलाई उठाउन चेष्टा गर्नुपर्छ । (५) सम्यक् दिट्ठी ( सत्यलाई धारण गर्ने) हुनुपर्छ । (६) उत्सुकताका लागि आजीवन अन्य मतहरूको बन्धनमा नपर्ने हुनपर्छ । (७) शरीर र वचनको संयम गर्नुपर्छ । (८) शान्तिको इच्छुक हुनुपर्छ । (९) एकताप्रिय हुनुपर्छ । (१०) देखाउनको लागि धर्मको आडम्वर नगर्ने भई बुद्ध, धर्म र सङ्घको शरणमा आएको हुनुपर्छ । महाराज ! उपासकमा रहने यी सबै दश गुणहरू तपाईमा बिद्यमान छन् । यो तपाईंको लागि धेरै उचित र योग्य छ कि तपाई धर्मलाई यसरी झर्न लागेको देखी त्यसलाई उठाउने प्रयत्न गर्न चाहनुहुन्छ । म तपाईंलाई स्वतन्त्रता दिन्छु कि तपाईं जे सोध्न चाहनुहुन्छ सोध्न सक्नुहुन्छ ।"

मेण्डक-प्रश्नारम्भकथा समाप्त



https://dhamma.digital

# १. ऋद्धिबल वर्ग

## १. बुद्ध-पूजाविषयक प्रश्न

११. राजा मिलिन्दले आयुष्मान् नागसेनको आज्ञा लिएर, उनका चरणमा शिर निहुराएर ढोगे अनि भने - "भन्ते नागसेन ! अन्य तिर्थङ्करहरु ( अरु मत मान्ने मानिसहरु) भन्छन् कि - (क) यदि बुद्धले आफ्नो पूजा स्वीकार गर्नुहुन्छ भने, उहाँले निर्वाण प्राप्त गर्नु भएको छैन । अहिले पनि उहाँ यस संसारमा अवश्य हुनुहुन्छ होला अनि उहाँको उपस्थिति यस संसारमा कतै न कतै छ होला । यदि यो कुरो सत्य हो भने, उनी एउटा साधारण जीव मात्र हुन्, अनि उनीप्रति गरिएका पूजाहरु व्यर्थ छन् । (ख) यदि उहाँले परिनिर्वाण पाइसक्नुभएको छ भने, उहाँ संसारदेखि पूर्णतया मुक्त हुनुभयो त्यो हो भने उहाँको पूजा गर्नु व्यर्थ छ किनकि जब उहाँ हुँदै हुनुहुन्न भने पूजा कसको ! यसरी दुवै अवस्थामा बुद्धले परिनिर्वाण पाइसक्नु भए पनि वा नपाउँदै उहाँको पूजा गर्नुको कुनै औचित्य रहेन । यो प्रश्न अल्प बुद्धि भएकाहरुको पहुँचदेखि बाहिरको कुरो हो । बुद्धिमान् व्यक्तिहरुको मात्र यो विषय हो । तपाईं कृपापूर्वक यस दृष्टिजाल (मिथ्या तर्क) लाई काटिदिनुहोस् । यो धुकचुक हटाइदिनुस् । तपाईंका सामु यो प्रश्न राखिएको छ । भविष्यत्कालमा उत्पन्न हुने श्रावकहरुलाई यस धुकचुकबाट निस्कने बाटो बताइदिनुस् जसले गर्दा अन्य मत मान्नेहरुको कुतर्कहरुको मुखभरि जवाफ दिन सकून् ।"

स्थविरले भन्नुभयो - "महाराज ! भगवान्ले परिनिर्वाण पाइसक्नुभएको छ । भगवान् कुनै पूजालाई स्वीकार या अस्वीकार गर्नुहुन्न । बोधिवृक्षको मुन्तिर[४५] नै भगवान् बुद्ध यो प्रश्नदेखि निकै टाढा भइसक्नुभएको थियो । अब संसारदेखि पूर्णतया मुक्त भएर अनुपादिशेष निर्वाण पाएपछि त भन्नु नै के छ ! महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि यस्तो भन्नुभएको छ :-

**'उहाँजस्ता अद्वितीय बुद्धलाई देव र मनुष्यले पूजा गरे पनि त्यसलाई उहाँले न स्वीकार गर्नुहुन्छ न अस्वीकार, सबै बुद्धहरुको यही धर्मभाव हो ।'**

१२. राजाले भने - "भन्ते नागसेन ! यदि छोराले बुबाको र बुबाले छोराको प्रशंसा गर्छ भने यसलाई कुनै युक्ति भन्न सकिन्न । यो त उहाँहरुको आ-आफ्नो मनको तत्परता मात्र हो । ल, अब तपाईंले असत्य मतहरुको



https://dhamma.digital

भ्रमलाई हटाएर अनि आफ्नो साँचो धर्मको परिचय दिन अन्य युक्तिहरुद्वारा यसलाई ठीक तवरले सम्झाउनुहोस् ।"

स्थविरले भन्नुभयो - "महाराज ! भगवान् परिनिर्वाण भइसक्नुभएको छ । उहाँले अब कसैको पूजालाई कसरी स्वीकार वा अस्वीकार गर्नु होला ! देवता र मनुष्यहरुले उहाँ भगवान्को शरीर-भस्मरूपी रत्नको पूजा गर्दै उहाँले बताउनुभएको ज्ञानरत्नको अनुकूल आचरण गरेर तीनवटै सम्पत्तिहरुलाई प्राप्त गर्दछन् ।"

## (१) आगोको उपमा (उदाहरण)

"महाराज ! जस्तै कुनै चहकिलो आगो बलेर निभेपछि महाराज ! त्यो निभिसकेको आगोले फेरि के त्यो सुकेको घाँस, काठ वा अरु कुनै इन्धन स्वीकार गर्ला ?" "गर्दैन, भन्ते ! बलिरहँदा पनि त्यो अचेतन आगोले घाँस वा काठलाई कम स्वीकार गर्छ भने निभेर चिसो भइसकेपछि त भन्नु नै के छ !"

"महाराज ! के चहकिलो आगो निभेपछि संसार आगोदेखि खाली हुन्छ ?" "हुँदैन, भन्ते ! आगो त सुक्खा काठहरुमा रहेको हुन्छ । कुनै मानिसले आगो बाल्न चाहेमा अरणिलाई बलले मन्थन गरेर त्यसलाई उत्पन्न गर्न सक्छ । त्यस आगोबाट जोसुकैले काम चलाउन सक्छ । महाराज ! अनि त अर्को मत मान्नेहरुको यो तर्क काम नलाग्ने हो कि स्वीकार नगर्ने मानिसहरुप्रति गरिएका व्यवहारहरुको कुनै अर्थ निस्कँदैन ।"

"महाराज ! जसरी त्यो चहकिलो आगो बल्यो, त्यसरी नै भगवान् बुद्ध आफ्नो तेजले दश हजार लोकहरुमा प्रकायुक्त रहनुभयो । जसै त्यो आगो चिसो भयो, त्यसै भगवान् निर्वाण प्राप्त गरेर संसारदेखि निकै टाढा रहनुभयो । जसरी आगो निभेर चिसो भएपछि त्यसले कुनै घाँस वा काठ ग्रहण गर्दैन, त्यसरी नै, संसारको भलो गर्ने भगवान् पनि स्वीकार र अस्वीकार गर्ने प्रश्नदेखि सर्वथा मुक्त हुनुहुन्छ । जसरी आगो निभेपछि आगो बाल्न चाहने कुनै मानिसले अरणिलाई आफ्नो बलले मन्थन गरेर आगो उत्पन्न गर्न सक्छ, त्यसरी नै, देवता र मानिसहरुले उहाँ भगवान्को शरीर-धातुरूपी रत्नको पूजा गर्दै र उहाँले बताउनुभएको ज्ञान-रत्नको अनुकूल आचरण गर्दै तीनवटै सम्पत्तिहरु प्राप्त गर्दछन् । महाराज ! यसकारण भगवान् बुद्धले परिनिर्वाण पाउनु भएपछि पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (२) आँधीको उपमा

१३. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट कि भगवान् बुद्धले परिनिर्वाण पाइसक्दा पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ । महाराज ! जसरी वेगसित चलेको आँधी आओस् अनि फेरि बिस्तारै-बिस्तारै रोकियोस् । के रोकिएपछि त्यो आँधी फेरि उठ्न चाहन्छ ?" "अहँ, भन्ते ! रोकिएको आँधीलाई फेरि उठ्ने इच्छा हुन सक्दैन । आँधी अचेतन (वायु धातु) हुनाले उसलाई इच्छा हुँदैन ।" "महाराज ! अनि के रोकिएपछि पनि त्यसलाई आँधी नै भन्छन् ?" "अहँ भन्ते ! किन्तु पङ्खा हावा उत्पन्न गर्ने सहारा हो । कुनै मानिसले जसलाई गर्मी लागेको वा ज्वरो आएको होस्, पङ्खा हम्केर हावा उत्पन्न गर्न सक्दछ । उसले त्यो हावाबाट गर्मी वा ज्वरोलाई केही हटाउन सक्छ ।" "महाराज ! अनि त अर्को मत मान्नेहरुको यो तर्क काम नलाग्ने हुन्छ कि स्वीकार नगर्नेहरुको प्रति गरिएका व्यवहारहरुको कुनै अर्थ निस्कँदैन । महाराज ! जसरी त्यो आँधी वेगसित चल्यो, त्यस्तै भगवान् पनि दश हजार लोकहरुमा अत्यन्त चिसो, मीठो, मन्द र सुखद मैत्रीरूपी वायुले बहनुभयो । जसै आँधी उठेर रोकियो, तसै निर्वाण प्राप्त गरेर भगवान् संसारबाट सर्वथा मुक्त हुनुभयो । जसरी रोकिएको आँधीले फेरि उठ्ने इच्छा गर्दैन, त्यसरी नै, संसारको उपकार गर्ने भगवान्लाई न स्वीकार, न अस्वीकार गर्ने इच्छा भयो । जसरी ती मानिसहरु गर्मी र ज्वरोले सताइएका थिए, त्यसरी नै, देवता र मानिसहरु राग, द्वेष र मोहरूपी आगोले पोलिइरहेका छन् । जसरी पङ्खा वायु उत्पन्न गर्ने साधन हो, त्यसरी नै भगवान्को शरीर, धातु, र ज्ञान रत्न तीनवटै सम्पत्तिहरु ल्याउने (उत्पन्न गर्ने) सहारा हो । जसरी गर्मी र ज्वरोले सताइएका मानिसहरु पङ्खा हम्केर वायु उत्पन्न गरी गर्मीलाई हटाउँछन्, त्यसरी नै देवता र मानिसहरुले शरीर-धातुको पूजा गरेर भगवान्ले बताउनुभएको ज्ञान-रत्नअनुसार आचरण गर्दै निकै पुण्य कमाउँछन् जसबाट आफ्ना राग, द्वेष र मोहरूपी आगोको तातोपनलाई हटाउन सक्छन् । महाराज ! यस कारणले पनि भगवान् बुद्धले परिनिर्वाण पाएपछि पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (३) ढोलको उपमा

१४. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट बुद्धले परिनिर्वाण पाएर पनि उहाँप्रति गरिएको पूजा सर्वथा अचूक र सफल हुन्छ ।



https://dhamma.digital

महाराज ! जसरी कुनै मानिसले ढोल बजाओस् र त्यसको आवाज निस्केर शान्त होस् । त्यसो भए भने के शान्त भइसकेको ध्वनि फेरि निस्कन खोज्ला ?" "खोज्दैन भन्ते ! त्यो ध्वनि त शान्त भइसक्यो; भने फेरि निस्कन उसको कसरी इच्छा हुन्छ ? ढोलक एक साधन मात्र हो । जसले यस्तो ध्वनि निकाल्न चाहन्छ उसले ढोल ठटाएर निकाल्न सक्छ ।" "महाराज ! यसरी नै भगवान् शील, समाधि, प्रज्ञा, विमुक्ति, विमुक्ति-ज्ञान र दर्शनले परिभावित गर्नलाई शरीरधातु, ज्ञान-रत्न, धर्म र विनयलाई देखेर स्वयं निर्वाण प्राप्त गरी संसारबाट मुक्त हुनुभयो । तर भगवान् मुक्त हुनुहुँदैमा तीनवटै सम्पत्तिहरुको लाभ रोकिएन । संसारका दुःखहरुबाट पीडित जसले ती (तीनवटै सम्पत्तिहरु) पाउन चाह्यो भने, उसले भगवान्को शरीर धातुको पूजा गरेर, उहाँले बताउनुभएको ज्ञान-रत्न र धर्मविनयअनुसार आचरण गर्दै पाउन सक्दछ । महराज ! यस कारणबाट पनि, भगवान् बुद्धले परिनिर्वाण पाउनु भएपछि पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

"महाराज ! भगवान्ले भविष्यमा हुने कुरालाई पहिले नै बुझिसक्नुभएको थियो । उहाँले भन्नुभएको र सम्झाउनुभएको पनि थियो :- 'आनन्द ! तिमीहरुमध्ये कसैमा यस्तो विचार उत्पन्न हुन सक्छ - शास्ता (बुद्ध) उपदेश दिने परिनिर्वाण हुनुभयो । अब हामीहरुका लागि बाटो देखाउने कोही पनि छैन । तर यस्तो कुरा नसोच । आनन्द ! सायद तिमीहरुलाई यस्तो लाग्न सक्छ - बितेका (अतीत) शास्ताको यो वचन हो - अब हाम्रा शास्ता हुनुहुन्न । आनन्द ! यस्तो मनमा लिन हुन्न । आनन्द ! जुन धर्म र विनय देशना गरेको हो, मेरो परिनिर्वाणपछि त्यही धर्म र विनय तिमीहरुका शास्ता हुनेछन् ।'[४६] यसैले कि भगवान् परिनिर्वाण पाएर अब रहनु भएन, उहाँप्रति गरिएको पूजा बेकार हुन सक्दैन । विपक्ष (तीर्थङ्कर) हरुको वचन मिथ्या (झूटो) अयथार्थ, तथ्यरहित, विफल, विपरीत ठहरिन्छ । यो दुःख दिने विपाक नरकमा लैजाने हुन्छ ।"

## (४) महापृथ्वीको उपमा

१५. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् जसबाट बुद्धले परिनिर्वाण भई सकेर उहाँप्रति गरिएको पूजा सर्वथा अचूक र सफल हुन्छ :- महाराज ! के महापृथ्वीलाई यस्तो इच्छा हुन्छ कि ममा सबै प्रकारको बीउ रोपियोस् ?" "हुन्न भन्ते !" "महाराज ! यसरी पृथ्वीले स्वीकार गरे पनि नगरेपनि त्यो बीउ बलियो तवरले जमेर गडिरहन्छ, रुख भएर ठूलो काण्ड र फैलिएका लामा-लामा हाँगा हुन्छन्, फल फूल फलेको हुन्छ, अन्यथा त्यस

पृथ्वीमा किन बीउ रोपिन्छ ?" "भन्ते ! यद्यपि पृथ्वीले स्वीकार नगरेतापनि त्यस बीउलाई जम्न र बढ्ने एउटा आधार हो । त्यसैमा रोपेर बीउ जम्छ अनि ठूलठूला स्कन्ध र फल र फूलहरुले लादिएका हाँगादार वृक्ष तयार हुन्छन् ।" "महाराज ! त्यसो भए तीर्थङ्करहरुको वचनअनुसार स्वीकार नगर्नेहरुप्रति गरिएको व्यवहार चूक (असफल) भयो भन्ने वाद नष्ट भयो, पराजित भयो, निरुद्ध भयो ।"

"महाराज ! भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई महापृथ्वी सम्झनुपर्छ । यो पृथ्वीजस्तै उहाँ पनि केही स्वीकार या अस्वीकार गर्नुहुन्न । पृथ्वीको आधारमा जसरी बीउ उम्रेर ठूलठूला रुख हुन्छन्, त्यस्तै, देव र मनुष्यहरुले भगवान्को शरीर-धातुको पूजा ··· को आधारमा पुण्यरूपी जरोलाई ठीकसँग समातेर समाधि-स्कन्ध, धर्म-सार (रस) र शील हाँगा भएको ठूलो वृक्ष हुन्छ । त्यस वृक्षमा विमुक्तिरूपी फूल र श्रामण्यरूपी फल लाग्दछ । महाराज ! यसकारणले बुद्धको परिनिर्वाण भएर पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (५) पेटका कीराहरुको उपमा

१६. "महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस् ··· के ऊँट, गोरु, गधा, बोका वा अन्य जनावर या मानिसले आफ्नो पेटमा कीर उत्पन्न होस् भन्ने अनुमति दिन्छ ?" "दिँदैन भन्ते !" "महाराज ! यो कस्तो कुरो हो कि ती कीराहरु विनाअनुमति उनको पेटमा उत्पन्न हुन्छन् र तिनका सन्तानको परम्परा बढ्छ ?" "भन्ते ! तिनका अकुशल कर्मले गर्दा ।" "महाराज ! यसरी, भगवान् बुद्धले परिनिर्वाण पाएर संसारबाट उहाँ एकदमै छुटेर जानु भए पनि उहाँको प्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (६) रोगको उपमा

१७. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् ··· । महाराज ! के मानिसहरुले यस्तो अनुमति दिन्छन् कि शरीरमा अन्ठानब्बे प्रकारका रोगहरु पसून् ?" "अँह भन्ते !" "त्यसो हो भने, उनीहरुको शरीरमा रोग किन लाग्छ ?" "पूर्वजन्मको पापकर्मले ।" "महाराज ! यदि पूर्वजन्ममा गरेको पापको फल यस जन्ममा पाइन्छ भने पूर्वजन्ममा या यस जन्ममा गरिएको पाप या पुण्य अवश्य अचूक र फल दिने हुन्छ । त्यसो हुँदा भगवान्प्रति गरिएको पूजा अवश्य



https://dhamma.digital

अचूक र सफल हुनेछ चाहे उहाँ परिनिर्वाण पाएर संसारदेखि एकदमै मुक्त हुनुभयो ।"

## (७) नन्दक यक्षको उपमा

१८. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् ··· । महाराज ! के तपाईंले सुन्नुभएको छ कि नन्दक नामक एउटा यक्ष स्थविर सारिपुत्रलाई छुनेबित्तिकै ऊ जमिनभित्र धस्यो ?" "हो भन्ते ! लोकले यसै भन्छन् ।" "महाराज ! के स्थविर सारिपुत्रले उसलाई यस्तो निर्देशन दिनुभएको थियो ?" "भन्ते ! देवताहरुका साथ यो सारा लोक उल्टियोस्, सूर्य र चन्द्रमा पृथ्वीमा झर्‍योस् र सुमेरु पर्वत धुजाधुजा भएता पनि स्थविर सारिपुत्रले कसैको दु:ख चिताउन सक्नुहुन्न थियो ।" "किन ?" "भन्ते ! किनभने क्रोध उत्पन्न गर्ने जति कारणहरु छन् ती सबै उहाँमा शान्त र निर्मूल भइसकेका थिए । त्यसैले आफ्नो हत्या गर्ने विचारले आएकाप्रति पनि उहाँले रिस प्रकट गर्नु भएन ।" "महाराज ! त्यसो भए सारिपुत्रको आदेशबेगर नन्दक नामको यक्ष जमिनमा किन धस्यो ?" "आफ्नो पापले गर्दा ।" "महाराज ! देख्नुभयो श्राप नदिँदा पनि सारिपुत्रप्रति गरिएको पापको फल उसले भोग्नुपर्‍यो । यदि पापकर्मको कुरा यस्तो हो भने, पुण्यकर्मको फल कस्तो होला ? महाराज ! यसै कारण भगवान् बुद्धले परिनिर्वाण पाइसकेर, संसारबाट पूर्णतया मुक्त हुनु भए तापनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

१९. "महाराज ! अरु कति मानिसहरु छन्, जो यसै गरी पृथ्वीमा धसेका छन् - के तपाईंले उनीहरुबारे केही सुन्नुभएको छ ?" "हो भन्ते ! सुनेको छु ।" "महाराज ! त्यसो हो भने भन्नुहोस् ।" "भन्ते ! (१) चिञ्च माणविका (केटी), (२) सुप्पबुद्ध नामको शाक्य, (३) स्थविर देवदत्त, (४) नन्दक नामको यक्ष र (५) नन्द नामको ब्राह्मण-माणवक । भन्ते !" यी पाँच यसरी नै जिउँदै जमिनमा धसेका थिए । "महाराज ! कसका प्रति उनीहरुले अपराध गरेका थिए ?" "भन्ते ! भगवान् र उहाँका श्रावकहरुसित ।" "के भगवान् र ती भिक्षुहरुले उनीहरुलाई जमीनमा धस्नको लागि आदेश दिएका थिए ?" "होइन भन्ते !" "महाराज ! यसबाट सिद्ध हुन्छ कि भगवान्ले परिनिर्वाण पाएपछि संसारदेखि पूर्णतया छुट्टिएर जाँदा र उहाँले स्वीकार नगर्नु भएतापनि उहाँप्रति गरिएको व्यवहार अचूक र अवश्य फल दिने हुन्छ ।"

"भन्ते नागसेन ! तपाईंले यो जटिल प्रश्न बडो राम्ररी समाधान गर्नुभयो । सर्वथा स्पष्ट गरिदिनुभयो । तपाईंले रहस्यलाई खोलिदिनुभयो । गाँठोलाई खुकुलो पारिदिनुभयो, जङ्गलमा एउटा खुला ठाउँ निकाली दिनुभयो ।



https://dhamma.digital

विपक्षीहरुलाई मुखभरि जवाफ दिनुभयो । मिथ्या विश्वासलाई नष्ट गरी दिनुभयो । अन्यमत मान्नेहरुको सारा तेज निष्क्रिय भयो । तपाईं गणाचार्यहरुमध्ये सर्वश्रेष्ठ हुनुहुन्छ ।"

## २. सर्वज्ञभाव विषयमा प्रश्न

२०. "भन्ते नागसेन ! के बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो ?" "हो महाराज ! बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो । तर यसको अर्थ यो होइन कि उहाँ प्रतिक्षण प्रत्येक तवरले संसारका सबै कुराहरु बुझ्ने गर्नुहुन्थ्यो । उहाँको सर्वज्ञता यसैमा थियो कि ध्यान गरेर उहाँ जुनसुकै गतिविधि बुझ्न सक्नुहुन्थ्यो ।" "भन्ते ! यदि भगवान् ध्यानमा अनुसन्धान गरेर नै कुनै गतिविधि बुझ्न सक्नुहुन्थ्यो भने, उहाँ सर्वज्ञ हुनु भएन ?" "महाराज ! सय गाडा, आधा चूल, सात अर्म्मण र दुई तुम्बा[४७]धानहरुको नाप संख्या कति हो ? त्यसलाई क्षणभरकै समयमा ध्यान गरेर भन्नसक्नु हुन्थ्यो ।"

२१. सात प्रकारका चित्त

"महाराज ! सात प्रकारका चित्तहरु हुन्छन् :-

### (१) संक्लेश चित्त

जो रागयुक्त, द्वेषयुक्त, मोहयुक्त क्लेशहरुले युक्त छ तथा जसले शरीर, शील, चित्त र प्रज्ञाको भावना गरेको छैन - उनीहरुको चित्त भारी, मोटो र मन्द हुन्छ । "त्यसो किन ?" "चित्त अभावित हुने हुनाले (ध्यान नगर्नाले) ।" "महाराज ! जस्तो कि फैलिएर पसारिएका बाँसको झाडीबाट घना शाखाहरु एक अर्कोसँग अल्झेर रहेकाले केहीलाई काटेर झिक्नु बडो गाह्रो र बिस्तार हुन्छ ।" "त्यो किन ?" "शाखाहरु एक अर्कोमा अल्झेर रहनाले ।" "महाराज ! यसरी नै जो रागयुक्त ··· उनीहरुको चित्त भारी, मोटो र मन्द हुन्छ ।" "त्यो किन ?" क्लेशमा अल्झेर फँसेको हुनाले । यही ती सात प्रकारका चित्तहरुमा पहिलो हो ।"



https://dhamma.digital

## (२) स्रोतापन्न चित्त

“दोस्रो प्रकारको चित्त पहिलेको चित्तभन्दा पृथक् छ ।”

“महाराज ! जो स्रोतापन्न भएका छन्, जो गलत बाटोतिर जानसक्दैन, जसले सत्य सिद्धान्तलाई बुझिसकेका छन् र बुद्धको धर्मलाई बुझेका हुन्छन् उनीहरुको चित्त तीन भ्रममूलक विषयहरुमा हलुको र तेज हुन्छ । तैपनि माथिको भूमि (आर्यमार्ग) मा भारी, मोटो र मन्द हुन्छ ।” “त्यसो किन ?” “ती तीन विषयहरुमा चित्तको शुद्ध हुनाले र बाँकी क्लेशहरूकायम रहनाले ।” “महाराज ! जसरी कुनै बाँसको झाडीलाई तीन आँख्लासम्म सफा गरियो तर माथिका शाखाहरुलाई आपसमा अड्कनाले अल्झिएको छाडियो भने त्यसबाट तीन आँख्लासम्म तान्न सजिलो हुन्छ, तर त्योभन्दा माथि फेरि अल्झिएर रहेको हुन्छ ।” “त्यसो किन ?” “किनभने तलतिर काटेर सफा गरियो र माथि भने घना नै छोडियो ।” “महाराज ! यसरी नै स्रोतापन्न भइसकेका छन् … उनीहरुको तीन भ्रममूलक विषयहरुमा हलुको र तेज हुन्छ, तैपनि माथिको कुराहरुमा भारी, मोटो र मन्द हुन्छ । किन कि ती तीनै भ्रमहरु मेटिई बाँकी क्लेश कायमै रहनाले । यो दोस्रो प्रकारको चित्त हो ।”

## (३) सकृदागामीको चित्त

“तेस्रो प्रकारको चित्त यी दुईटैभन्दा पृथक् छ ।”

“महाराज ! जो सकृदागामी भइसकेका छन् र जसमा राग, द्वेष र मोह नाममात्रका रहेका छन्, उनका चित्त पाँच ठाउँहरुमा हलुका र तेज हुन्छ । तैपनि अरु माथिका कुराहरुमा भारी र मन्द नै रहन्छ । किनकि ती पाँच अरु ठाउँहरुमा चित्त परिशुद्ध भईसकेपछि माथिका क्लेशहरु कायम रहनाले ।” “महाराज ! जसरी कुनै बाँसको झाडीलाई पाँच आँख्लासम्म सफा गरेका माथिका शाखाहरुलाई एक आपसमा अल्झिएको अवस्थामा छोडिदिँदा त्यसबाट केही काटेर पाँच आँख्लासम्म सजिलै उखाल्न सकिन्छ तर माथि गएर अल्झन्छ । किनकि तलतिर सफा गरे पनि माथि घना छाड्नाले ।” “महाराज ! यसरी नै जो सकृदागामी भइसकेका छन् … उनीहरुको चित्त … पाँच ठाउँहरुमा हलुका र तेज हुन्छ, तैपनि माथिका कुरामा भने भारी र मन्द हुन्छ … । यो तेस्रो प्रकारको चित्त हो ।”



https://dhamma.digital

## (४) अनागामी चित्त

"चौथो प्रकारको चित्त यी तीनवटैभन्दा पृथक् छ ।"

"महाराज ! जो अनागामी भइसकेका छन् र जसको मन्तिरका पाँच बन्धन कटिएका छन्, उनीहरुको चित्त दश ठाउँहरूमा हलुका र तेज हुन्छ । तर त्यो भन्दा मास्तिरका भूमिमा भने भारी र मन्द हुन्छ ।" "त्यसो किन ?" "ती दस ठाउँहरूमा चित्त परिशुद्ध भएको हुनाले, र बाँकी क्लेशहरू (चित्तका मयल) कायम रहनाले ।" "महाराज ! जसरी कुनै बाँसको झाडीलाई पाँच आँख्लासम्म सफा गरेर … ।" "महाराज ! यसरी नै जो अनागामी भइसकेका छन् … उनीहरुको चित्त … दश ठाउँहरुमा हलुका र तेज हुन्छ, तर माथिका भूमिहरुमा भारी र मन्द हुन्छ … ।" "त्यसो किन ?" "दश ठाउँहरुमा चित्त परिशुद्ध भई बाँकी क्लेशहरू कायमै रहनाले । यही चौथो प्रकारको चित्त हो ।"

## (५) अर्हत्को चित्त

"पाँचौं प्रकारको चित्त यी चारैवटाभन्दा पृथक् छ ।"

"महाराज ! जो अर्हत् भइसकेका छन्, जसका आश्रवहरू क्षीण भइसकेका छन्, जसको सबै मैयल सफा भइसकेको छ, जसका सबै क्लेशहरू मेटिएका छन्, जसको ब्रह्मचर्यबास पूर्ण भइसकेको छ, जसले जे गर्नु थियो, सबै गरिसकेको छ, जसको सबै भार बिसाइसकिएको छ, जो साँचो ज्ञानसम्म पुगिसकेको छ, जसको भव-बन्धन सर्वथा क्षीण भइसकेको छ अनि जसको चित्त पूर्णतः शुद्ध भइसकेको छ, उनको चित्त जुनसुकै श्रावकले गर्ने र बुझ्ने सबै कुरामा हलुका र तेज भएको हुन्छ, तर प्रत्येक-बुद्धभूमिमा भारी र मन्द हुन्छ । किनभने श्रावक-भूमिमा उनको चित्त शुद्ध भइसक्यो तैपनि प्रत्येक-बुद्धभूमिमा जान शुद्ध भएको छैन ।" "महाराज ! जसरी कुनै बाँसको झाडीलाई एकदम सफा गरे पछि त्यसबाट जुनसुकै भाग काटेर सजिलैसँग तान्न सकिन्छ ।" "त्यसो किन ?" "किनकि बाँसको त्यो झाडीलाई राम्ररी सफा पारिएको छ ।" "महाराज ! यसरी नै, जो अर्हत् भइसकेका छन् … उनीहरुको चित्त कुनै पनि श्रावकले गर्ने र जान्ने सही भूमिमा हलुका र तेज हुन्छ तर माथि भने प्रत्येक-बुद्धको भूमिहरुमा भारी र मन्द हुन्छ … यही नै पाँचौं प्रकारको चित्त हो ।"



https://dhamma.digital

## (६) प्रत्येक-बुद्धको चित्त

"छैटौं प्रकारको चित्त यी पाँचवटैभन्दा पृथक् छ ।"

"महाराज ! जो ... प्रत्येक-बुद्ध भएका छन्, जा आफ्नो मालिक आफैं हुन्, जसलाई कुनै आचार्यको खाँचो छैन, जो गैंडाको सिङ्भैं[४८] एक्लै बस्ने र जो आफ्नो जीवनमा परिशुद्ध र निर्मल भइसकेका छन्, उसको चित्त आफ्नो विषयमा हलुका र तेज हुन्छ । तर सर्वज्ञ बुद्धका भूमिहरूमा भारी र मन्द हुन्छ ।" "किनकि यद्यपि उनीहरु आफ्नो विषयमा एकदमै परिशुद्ध र निर्मल भइसकेका छन्; तैपनि सर्वज्ञ बुद्धका भूमिहरू विशाल छन् ।" "महाराज ! जसरी कुनै मानिस आफ्नै ठाउँमा बग्ने कुनै गाध नदीको दिन वा रात जहिले इच्छा हुन्छ, उहिले कुनै डरबेगर पारि पुग्छ तर निकै गम्भीर विशाल, अथाह र अपार महासमुद्रलाई देखेर तर्सोस् र त्यसको पारि पुग्ने सारा शक्ति जाओस्, त्यस्तै ।" "त्यसो किन ?" "किनकि उसले आफ्नो नदीलाई चिन्छ भने र महासमुद्र बडो विशाल छ । यो नै छैटौं प्रकारको चित्त हो ।"

## (७) बुद्धको चित्त

"सातौं प्रकारको चित्त यी छवटैभन्दा पृथक् छ ।"

"महाराज ! जो सम्यक्सम्बुद्ध भइसकेका छन्, सर्वज्ञ, दश बल[४९]लाई धारण गर्ने, चार प्रकारका वैशारद्यले[५०] युक्त, अठार बुद्ध-धर्महरुले युक्त छन्, जसले इन्द्रियहरुलाई पूर्णरूपले जितेका छन्, जसको ज्ञान कतै पनि रोकिन्न-उनको चित्त सबै ठाउँमा हलुको र तेज रहन्छ ।" "त्यो किन ?" "किनकि उनीहरू सबै प्रकारले शुद्ध भएका छन् ।" "महाराज ! राम्ररी माझिएको, निर्मल, गाँठोरहित, तीखो धार भएको सीधा र निर्दोष कुनै शक्तिशाली धनुष ... मा राखियोस् अनि त्यसलाई कुनै बलियो मानिसले कुनै पातलो रेशमको कपडा अथवा मलमल या पातलो ऊनीको कपडामा हानोस्, के त्यसको गतिमा कुनै प्रकारको अवरोध आउला ?" "आउँदैन भन्ते !" "त्यसो किन ?" "किनकि कपडा निकै पातलो र नरम छ, वाण निकै तिखो छ; त्यसमा हान्ने मानिस यति बलियो छ ।" "महाराज ! त्यसरी नै बुद्धत्व प्राप्त मानिसको चित्त सबै विषयहरूमा हलुको र तीव्र हुन्छ ।" "त्यसो किन ?" "किनभने ती सबै प्रकारले शुद्ध भएका छन् । यो नै सातौं प्रकारको चित्त हो ।"

२२. "महाराज ! जुन यो सातौं सर्वज्ञबुद्धहरुको चित्त छ, बाँकी छ चित्तहरूभन्दा सबै प्रकारले श्रेष्ठ छ । त्यो अपरिमित (असङ्ख्य) गुणहरूले शुद्ध



https://dhamma.digital

र हलुको हुन्छ । महाराज ! आफ्नो चित्त यति शुद्ध र हल्का हुनाले नै भगवान्‌ले यमक प्रातिहार्य (दुवै प्रकारको ऋद्धि-शक्तिहरू) लाई देखाउन सक्नुहुन्थ्यो । उहाँको चित्तको शुद्धता र हलुकापनको चाल पाउन सकिन्छ । ती ऋद्धि-शक्तिहरूको कुनै अर्को कारण भन्न सकिन्न । ती ऋद्धि-शक्तिहरू पनि भगवान्‌को चित्तसँग तुलना गर्दा अत्यन्त अल्प मात्र बुझिन्छ । तैपनि भगवान्‌को सर्वज्ञता आवर्जन-प्रतिबद्ध[५१] थियो । भगवान्‌को सर्वज्ञता यसैमा थियो कि उहाँ जुन कुरो बुझ्न चाहनुहुन्थ्यो, ध्यान गरेर सो बुझ्न सक्नुहुन्थ्यो।"

"महाराज ! जस्तै कुनै मानिसले (अनायास) कुनै वस्तुलाई आफ्नो हातले अर्काको हातमा देओस्, अथवा मुख खुलेपछि कुरा गरोस्, या मुखमा परेको गाँसलाई निलोस्, या आँखा हेरोस् वा चिम्लोस् अथवा खुम्च्याएको हातलाई पसारोस् या पसारेको हातलाई खुम्च्याओस् - यसरी नै या त्योभन्दा पनि छिटो र सजिलो तवरले भगवान्‌ले आफ्नो सर्वज्ञताबाट जुनसुकै कुरा बुझ्न चाहनु भएमा बुझ्न सक्नुहुन्थ्यो । यद्यपि बुद्धले ध्यान गरेर नै कुनै कुरो बुझ्न सक्नुहुन्छ; तथापि त्यसरी ध्यान नगरेको समयमा पनि उहाँलाई सर्वज्ञ नभनेर अर्थोक केही भन्न सकिन्न ।"

२३. "भन्ते नागसेन ! किन्तु त्यही कुरो बुझ्न ध्यान गर्नुहुन्छ, जसको ज्ञान पहिलेदेखि ठीक-ठीक रहँदैन । मलाई त्यो कुरो सम्झाउनुहोस् ।" "महाराज ! जस्तै एउटा सम्पत्तिशाली धनी मानिस रहेको होस् । सुन, चाँदी र बहुमूल्य रत्नहरूले उसको खजाना भरिएको होस् । उसको भण्डारमा गाग्रो, हाँडी, आरी र अरु पनि अन्य भाँडाहरूमा सबै थरीका चामल, गहुँ, धान, जौ, अन्न, तिल, मुग, मास, घ्यू, तेल, नौनी, दूध, दही, मह, सक्खर, चिनी इत्यादि सबै चीजहरूले भरिएका होऊन् । अब, कुनै पाहुना, अतिथ्य सत्कारयोग्य मानिस, आतित्थसत्कार पाउने आशाले उसको घर आओस् । त्यस बखत घरमा तयार भएको भोजन सबै सिद्धिएपछि त्यस पाहुनाका लागि भोजन पकाउन मानिसहरू भण्डारमा जाऊन् चामल लिन । महाराज त्यसो हो भने के यसै कारणले त्यो मानिस निर्धन र दरिद्र भनिन्छ ?" "भनिन्न, भन्ते ! जो चक्रवर्ती राजा छन् उनको घरमा पनि केहिलेकाहीँ तयार गरिएको भोजन सिध्दिन्छ भने, अन्य गृहस्थहरुको घरको के कुरो ?" "महाराज ! त्यसरी नै, बुद्धहरुको सर्वज्ञता आर्वजन-प्रतिबद्ध हुन्छ । जुन कुरो उहाँ बुझ्न चाहनुहुन्छ, त्यस कुरोमा ध्यान गरेमा त्यो कुरो उहाँ बुझिहाल्नुहुन्छ ।"

"महाराज ! जस्तै एउटा रुख छ, जसका शाखाहरु फलहरुले लटरम्म परेका होउन्, तर त्यसको तल एउटा फल पनि झरेको नहोस् । महाराज ! त्यसो हो भने के यसै कारण त्यस रुखलाई बाँझो र फलहरुरहित भनिएला ?" "भनिन्न भन्ते ! ती फलहरु त कहिले झरिहाल्नेछन्, त्यसपछि जोसुकैले



https://dhamma.digital

पेटभरि खान सक्छ ।" "महाराज ! यसरी नै बुद्धहरुको सर्वज्ञता आर्वजन-प्रतिबद्ध हुन्छ ।" "भन्ते नागसेन ! के बुद्ध जुन कुरो बुझ्न चाहनुहुन्छ, त्यसको ध्यान गरेमा बुझ्नुहुन्छ ?"

"हो महाराज ! जसरी चक्रवर्ती राजा आफूले सम्झना गर्नासाथ आफ्नो चक्र-रत्नलाई उपस्थित गर्न सक्छ, त्यसरी नै बुद्ध जुन कुरा बुझ्न चाहनुहुन्छ, त्यसको ध्यान गरेमा बुझ्नुहुन्छ ।"

"भन्ते ! भगवान्को सर्वज्ञता सिद्ध गर्नका लागि तपाईंले दिनुभएको तर्क एकदम पक्का छ । म मान्दछु कि भगवान् यथार्थमा सर्वज्ञ हुनुहुन्थ्यो ।"

## ३. देवदत्त-प्रव्रज्या विषयमा प्रश्न

२४. "भन्ते ! देवदत्तलाई कसले प्रव्रज्या दिएको थियो ?" "महाराज (१) भद्दिय, (२) अनुरुद्ध, (३) आनन्द, (४) भृगु, (५) किम्बिल, (६) देवदत्त - यी छ जना क्षत्रियपुत्र तथा सातौं (७) उपाली भन्ने नाउँलाई - भगवान्ले बुद्धत्व प्राप्त गर्नु भएपछि आफ्नै उमङ्गले शाक्य कुलहरूलाई छाडेर बुद्धको पछि पछि लागे । तिनीहरूलाई भगवान्ले प्रव्रज्या दिनुभएको थियो ।"[५२] "भन्ते ! देवदत्तले प्रव्रज्या लिएर सङ्घभेद गरेको होइन ?" "हो महाराज ! अर्को कुनै गृहस्थ, या भिक्षुणी या उपासक या उपासिका, श्रामणेर या श्रामणेरीले सङ्घभेद गरेन । समान-संवासक[५३] र समान सीमामा[५४] बस्ने कुनै प्रकृतात्म[५५] भिक्षुले नै सङ्घभेद गऱ्यो ।" "भन्ते ! सङ्घभेद गर्ने मानिसको कर्म कस्तो हुन्छ ?" "महाराज ! उसको कर्म कल्पभरि (त्यस) पापकर्मको फलले गर्दा ऊ एक कल्पसम्म घोर नरकमा रहेर टिक्छ ।"

"भन्ते नागसेन ! के भगवान्लाई पहिलेदेखि नै थाहा थियो कि प्रव्रजित भएर देवदत्तले सङ्घभेद गरी उनी त्यस कर्मको फलले कल्पभरि नरकाग्निमा बसिरहलान् ?" "हो महाराज ! बुद्धलाई थाहा थियो ।" "भन्ते नागसेन ! (क) अनि त मानिसहरुको यो भनाइ सरासर असत्य भयो कि बुद्ध बडो महाकारुणिक, अरूहरूकोप्रति निगाह गर्ने, सबै जीवहरूका हितैषी अनि अहितलाई नष्ट गर्ने खालका थिए । (ख) यदि उहाँले नजानेर देवदत्तलाई प्रव्रज्या दिनुभएको थियो भने उहाँ सर्वज्ञ ठहरिनु भएन । भन्ते ! तपाईंका सामु यो धुकचुक युक्त प्रश्न गरेको छु । यसलाई तपाईंले समाधान गर्नुहोस् ··· । यहाँ आफ्नो बल देखाउनुहोस् ।"

२५. "महाराज ! भगवान् महाकारुणिक र सर्वज्ञ - दुवै हुनुहुन्थ्यो । आफ्नो करुणा र सर्वज्ञताबाट देवदत्तको के गति होला यो कुरो उहाँले बुझ्नुभएको थियो । आफ्ना पाप कर्महरु जम्मा भएकोले देवदत्त अनेक हजार



https://dhamma.digital

र करोडौं कल्पसम्म एउटापछि अर्को नरकमा झर्नु नै रहेको थियो भगवान्‌ले आफ्नो करुणा र सर्वज्ञताबाट देख्नुभयो कि देवदत्त मेरो शासनमा प्रव्रजित भएर धेरथोर पुण्य संचय गर्न सक्छन् जसले गर्दा उनी नरकमा रहनु पर्ने अवधि घट्नेछ । यही कुरो बुझेर उहाँले उनलाई प्रव्रज्या दिनुभएको थियो । यदि देवदत्त प्रव्रजित नभएर गृहस्थ नै रहेको भए यी मोघ (मूर्ख) पुरुषले अरु धेरै पाप गर्ने थियो; जसको कारणले हजारौं तथा करोडौं वर्षसम्म एक नरकदेखि अर्को नरकमा झरेर रहने थियो । उहाँले देख्नुभयो कि धर्म-विनयको अनुसार प्रव्रजित भएर देवदत्तको दुःख केही सीमित हुनेछ, अतः उसैको हितको लागि उनलाई करुणा गरेर प्रव्रज्या दिनुभएको थियो ।"

"भन्ते नागसेन ! त्यसो हो भने के बुद्धले पहिले घाउ पारेर मलम लगाउनुहुन्छ, पहिले पहाडबाट धकेलेर पछि जोगाउन हात बढाउनुहुन्छ, पहिले मारिदिनुहुन्छ अनि पछि जीवन पनि दिनुहुन्छ, पहिले कष्ट दिनुहुन्छ अनि केही सुखी पनि तुल्याइदिनुहुन्छ ?" "महाराज ! जीवहरूको कल्याणका लागि बुद्धले उनीहरुलाई घाउ पारिदिनुहुन्छ, धकेल्नुहुन्छ ··· । महाराज ! जसरी आमा-बुबाले आफ्नो बच्चाको भलो गर्ने विचारले उसलाई कुट्छन् र धकेल्छन्, त्यसरी नै बुद्धले मानिसहरुको पुण्य बढाउने विचारले सब थोक गर्छन् । यस्तै नै भगवान्‌ले मानिसहरुको पुण्य बढाउने हिसाबले सबै कुरा गर्नुहुन्छ यदि देवदत्त प्रव्रजित नभई गृहस्थ नै रहेका भए यी मोघ (मूर्ख) पुरुषले झन् पाप गर्दाहुन् जसले गर्दा हजारौं र करोडौं वर्षसम्म एउटा नरकबाट अर्को नरकमा खस्ने थिए । भगवान्‌ले आफ्नो सर्वज्ञताले यो कुरो बुझ्नुभएको थियो । उहाँले देख्नुभयो कि धर्म-विनयको अनुसार प्रव्रजित भएपछि देवदत्तको दुःख केही सीमित हुनेछ, अतः उसको हितका लागि उनीप्रति दया, करुणा गरेर उनलाई प्रव्रज्या दिनुभएको थियो ।"

"महाराज ! जस्तै कुनै धन, यश, पद र उच्च कुलद्वारा निकै ठूलो मानिसले आफ्नो प्रभावबाट राजालाई विश्वास दिलाएर आफ्नो कुनै नातेदार या मित्रको धेरै कडा दण्डलाई केही हलौं पार्न लगाउँछ, त्यसरी ने भगवान्‌ले देवदत्तलाई प्रव्रजित गरेर शील, समाधि, प्रज्ञा र विमुक्तिको बलले उनको धेरै ठूलो दुःखको अवधि घटाइदिनुभयो । अन्यथा उनी अनेक करोडौं वर्षसम्म एक नरकबाट अर्को नरकमा झरेर बस्नु पर्ने थियो ।"

"महाराज ! जस्तै कुनै चतुर वैद्य वा शल्यचिकित्सक आफ्नो शक्तिशाली औषधीले कुनै गम्भीर रोग निको पारोस्, त्यसरी नै भगवान्‌ले उचित कुरो बुझी देवदत्तलाई प्रव्रजित गरेर उनलाई करुणाबलले तेज धर्मरूपी औषधी दिएर उनको दुःखको धेरै ठूलो अवधिलाई घटाइदिनुभयो । अन्यथा अनेक हजार र करोड वर्षसम्म एउटा नरकबाट अर्को नरकमा झर्दै रहनु पर्ने



https://dhamma.digital

थियो । महाराज ! देवदत्तको त्यस ठूलो दुःखको रासलाई घटाएर के भगवान्ले कुनै गल्ती गर्नुभयो ?" "भएन भन्ते !" कुनै पनि र कत्ति पनि गल्ती गर्नुभएन ।" "महाराज ! त्यसो हुँदा तपाईं अब यो कारण बुझ्नुहोस् जुन कारणले गर्दा भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभयो ।"

२६. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् जुन कारणले गर्दा भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभयो । महाराज ! जस्तो कि चोरलाई समातेर राजकर्मचारीहरुले राजाका सामु पुऱ्याएर भनून् - 'देव ! यो चोर हो । यसलाई इच्छानुसार दण्ड दिनुहोस् ।' त्यसमा राजाले भनून् - 'हो ! यसलाई शहर बाहिर लैजाउ र बध्यभूमिमा लगेर यसको टाउको गिंड ।' राजाको हुकुम पाएर तदनुसार राजकर्मचारीहरूले उसलाई बध्यमूभितिर लैजाऊन् । अनि राजाको उच्च अधिकारीले उसलाई देखोस् जसलाई राजाका तर्फबाट प्रशस्त नाम, धन, र भोग प्राप्त भइसकेको छ, जसका कुरा राजाले पनि सुन्छन् अनि जसले राजाबाट केही गराउन सक्छ । चोरलाई देखेपछि उसमा निकै दया उत्पन्न होस् अनि मानिसहरुलाई उसले भनोस् - 'तपाईंहरु पर्खनुस् । यसको टाउको काट्नाले तपाईंहरुले के पाउनुहुन्छ ? यसलाई जीवनदान दिनुस् यसका हात वा खुट्टा काटेर यसलाई छाडिदिनुस् । यस विषयबारे म राजालाई भनुँला ।' त्यो अधिकारीको कुरा उनीहरुले मानून् र त्यसै गरून् । महाराज ! तपाईं भन्नुहोस् कि त्यो प्रभावशाली व्यक्ति त्यस चोरको उपकार गर्ने भयो कि भएन ?" "भन्ते ! जब उसले त्यसको ज्यान जोगायो भने के चाहिँ गरेन र !" "महाराज ! त्यस मानिसको हात वा खुट्टा काटिनाले उसलाई जुन दुःख भयो, के त्यसको पाप उसलाई लागेन ?" "भन्ते ! त्यस चोरले त आफ्नै कुकर्मले दुःख पायो । त्यस मानिसले जसले उसको ज्यान जोगायो - उसको कुनै कुभलो गरेन ।" "महाराज ! त्यसरी नै, भगवान्ले देवदत्तको दुःख घटाउने विचारले उनलाई प्रव्रज्या दिनुभएको थियो । महाराज ! त्यसैले देवदत्तको दुःख घट्यो किनभने, मरणकालमा उनले यस्तो प्रार्थना गरेका थिए -

**'इमेहि अट्ठीहि तमग्गपुग्गलं, देवातिदेवं नरदम्मसारथिं ।**
**समन्तचक्खुं सतपुञ्ञलक्खणं, पाणेहि बुद्धं सरणं उपेमी'ति ॥'**

**'म आफ्नो प्राणले बुद्धको शरण लिन्छु, जो उत्तमभन्दा पनि उत्तम देवहरुका देव, देवता र मुनष्य सबैलाई बाटो देखाउने, सर्वद्रष्टा ( समन्तचक्खु)[५६] र सय शुभ लक्षणले युक्त छन् ।'**



https://dhamma.digital

"यसरी देवदत्त बुद्धको शरणमा गएका हुन् । महाराज ! एक कल्पलाई छ भागमा बाँड्दा पहिलो भागको अन्त हुन लागेको समयमा देवदत्तले सङ्घमा फाटो गरेका थिए । यही कारणले बाँकी पाँच भागसम्म उनी नरकमा रहनेछन् । पछि उनी त्यहाँबाट छुटेर अट्ठिस्सर (अस्थीश्वर) नामका प्रत्येकबुद्ध हुनेछन् । महाराज ! अब भन्नुहोस् कि भगवान् देवदत्तको उपकार गर्ने हुनुभयो कि भएन ?" "भन्ते ! भगवान् देवदत्तका लागि सबै थोक गर्ने हुनुभयो । उहाँले उनलाई प्रत्येकबुद्धको पदसम्म पुऱ्याइदिनुभयो । महाराज ! सङ्घभेदको पापले जुन देवदत्त नरकमा सास्ती पाइरहनुभएको छ, त्यसका लागि के भगवान् कुनै रूपले दोषी ठहरिनुभयो ?" "अहँ भन्ते ! आफ्नै कर्मले देवदत्त कल्पभरि नरकमा रहलान् । भगवान्ले त उनको दुःखको अवधि घटाई दिनुभयो । उहाँ कुनै प्रकारले दोषी ठहरिनुहुन्न ।" "महाराज ! अब तपाईं यो कारणलाई बुझ्नुहोस् जसले गर्दा भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभयो ।"

२७. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभएको थियो ।" "महाराज ! कुनै मानिसलाई पीप र रगत भरिएको घाउ भएको होस् । त्यसको मासु (घाउ) सड्नाले दुर्गन्ध आएको होस् । घाउबाट पीप बगिहोस् जसले निकै कष्ट देओस् । त्यो मानिस वात, पित्त, कफ र सन्निपातले पीडित होस् अनि बिस्तार-बिस्तार उसको अवस्था बिग्रेको होस् । अनि कुनै योग्य वैद्य अथवा शल्यचिकित्सक आएर त्यस घाउमा निकै पोल्ने औषधी लगाइदेओस् त्यसबाट घाउ पाकेर भइजाओस् । अनि वैद्यले चिरफार गर्ने चक्कुले चिरेर घाउलाई सलाई बालेर पोलिदेओस् र त्यसमाअलिकति नुन छरेर कुनै औषधी लगाईदेओस् । त्यसबाट घाउ निको भएर बिस्तार-बिस्तार भरियोस् अनि त्यो मानिस पूर्ण निरोगी होस् । महाराज ! के त्यो वैद्य या शल्यनिकित्सकले त्यो मानिसको कुभलो गर्ने विचारले उसलाई औषधी लागइदिन्छ, चिरफार गर्छ, सलाई बालेर पोलिदिन्छ र नुन छर्कन्छ ?" "अहँ भन्ते ! बरु उसलाई निको पारेर उसको भलो गर्ने मनसायले त्यो वैद्यले यस्ता काम गर्छ ।" "महाराज ! उपचार गर्दाखेरि जुन मानिसले कष्ट सहनुपर्छ, यसका लागि के वैद्यलाई दोषी ठहराउन सकिन्छ ?" "सकिन्न भन्ते ! वैद्यले त त्यो मानिसलाई निरोगी तुल्याएर उसको भलो गर्न भनेर नै त उसको उपचार गऱ्यो । यसका लागि उसलाई कसरी दोषी ठहराइन्छ । उसले त ठूलै पुण्यको काम गऱ्यो ।" "महाराज ! यसरी नै, भगवान्ले माया गरेर देवदत्तको दुःख घटाउन भनी उनलाई प्रव्रज्या दिनुभयो ।"

२८. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभएको थियो ।" "महाराज ! जस्तो कि कसैलाई काँडा बिझ्यो उसको कुनै हितैषीले उसलाई सन्चो पार्ने विचारले घोचेको काँडाको



https://dhamma.digital

अगाडि-पगाडि कोतारेर रगत आइरहँदा पनि चक्कुको चुच्चोले त्यो काँडा झिकिदेओस् ।" "महाराज ! त्यसो भए त्यो मानिस उसका कुभलो गर्ने हो भनेर भन्न सकिन्छ ?" "अहँ भन्ते ! ऊ त उसको झन् भलो गर्ने मानिस भयो । कदाचित् उसले काँडा नझिकेको भए त्यो मानिस मर्न पनि सक्थ्यो अथवा मर्न लागेझैं दुःख पाउन सक्थ्यो ।"

"हो भन्ते ! भगवान्ले भवधारामा बगिरहेका देवदत्तलाई पारि पुऱ्याउनुभयो । खराब बाटोमा परेको देवदत्तलाई ठीक बाटो देखाउनुभयो । पहाडबाट खसिरहेका देवदत्तलाई अड्ने सहारा दिनुभयो । खाडलमा परेको देवदत्तलाई बाहिर झिक्नुभयो ।" "भन्ते नागसेन ! तपाईंजस्ता बुद्धिमान्बाहेक अरू कसले यस्ता कुराहरुलाई बताउन सक्थ्यो ।"

## ४. भूकम्पन विषयमा प्रश्न

२९. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ - 'भिक्षु हो ! कुनै ठूलो भूकम्पको आठ कारण या प्रत्यय (हेतु) हुन्छ ।[५७] यो सबै ठाउँमा लागू हुने कुरा हो । कुनै यस्तो ठाउँ छैन जहाँ यो कुरो असत्य ठहरियोस् । यसमा कुनै अरू समालोचना गर्न सकिन्न । कुनै ठूलो भूकम्पको यी आठ कारण या प्रत्यय बाहेक नवौं कारण हुन सक्दैन ।' भन्ते ! यदि कुनै नवौं कारण भएको भए भगवान्ले सो पनि अवश्य भन्नु हुने थियो । कुनै नवौं कारण नभएकोले नै भगवान्ले भन्नुभएन । तर म ठान्दछु कि एउटा नवौं कारण पनि छ । त्यो यो हो कि वेस्सन्तर राजाले[५८] महादान (सबै थोक दान दिनु) दिँदा पृथ्वीमा सात पटक काँपेको थियो ।" "भन्ते ! (क) यदि कुनै ठूलो भूकम्पको आठ कारण मात्र भएको भए यो कुरो झूटो ठहरिन्छ कि वेस्सन्तर राजाले महादान दिँदा पृथ्वी सात पटक काँपेको थियो, (ख) अनि यदि यो कुरा साँचो हो कि वेस्सन्तर राजाले महादान दिँदा पृथ्वी सात पटकसम्म काँपेको थियो भने, यो कुरो झूटो ठहरिन्छ कि कुनै ठूलो भूकम्पको आठ कारणहरु मात्र छन् । भन्ते ! यो पनि सूक्ष्म भ्रममा पार्ने गम्भीर र समाधान गर्न कठिन दुविधायुक्त कुरो तपाईंको सामु उपस्थित छ । तपाईंजस्ता बुद्धिमान् व्यक्तिबाहेक अर्को कुनै अल्प बुद्धि भएको मानिसबाट यो शङ्का समाधान गर्न सकिन्न ।"

३०. "महाराज ! भगवान्ले जे भन्नुभयो - 'भिक्षुहरु ! कुनै ठूलो भूकम्पको आठ कारणहरू या प्रत्यय हुन्छन् ।' त्यो ठीक हो । वेस्सन्तर राजाले महादान दिँदा जुन सात पटक पृथ्वी काँपेको थियो, त्यो साधारण नियमअन्तर्गत थिएन, संयोगले भएको थियो, अनि बताइएका आठ कारणहरुका उपवादस्वरूप थियो । त्यसैले आठ कारणहरुमा त्यसको गन्ती गरिएन ।" "महाराज !



https://dhamma.digital

मानिसहरु साधारणतः वर्षाका तीन समय मात्र मान्छन् - (१) वर्षा यामको वर्षा (२) जाडो यामको वर्षा र (३) पावुसिक (आषाढ-श्रावण) महिनाको वर्षा । यदि सो बाहेक अरु बेला पानी परेमा मानिसहरु त्यसलाई 'बेमौसमको पानी' भन्दछन्; त्यसलाई साधारण मौसमहरुमा गन्दैनन् ।" "त्यसरी नै महाराज ! वेस्सन्तर राजाद्वारा दिइएको महादानपछि जुन सात पटक भूकम्प भयो, त्यो असमय र उक्त कारणहरूदेखि छुट्टै थियो । अतः यी आठ कारणहरूकमा त्यसको गणना गरिन्न ।"

"महाराज ! हिमालय पर्वतबाट पाँच सय नदीहरू निस्कन्छन्, तर तीमध्ये साधरणतया दसवटाको मात्र गन्ती हुन्छ - (१) गङ्गा, (२) यमुना, (३) अचिरवती, (४) सरयू, (५) मही, (६) सिन्धु, ७) सरस्वती, (८) वेत्रवती, (९) वितमसा (व्यास) र (१०) चन्द्रभागा । अन्य नदीहरुको गन्ती यीमध्ये गरिन्न ।" "त्यसो कि ?" "किनभने ती नदीहरू साना र गाध भएकाले ।" "यसरी नै, महाराज ! वेस्सन्तर राजा … ।"

३१. "महाराज ! राजाको दरवारमा सय वा दुई सय तीन सय अधिकारीहरु रहन्छन् तर तीमध्ये छ जनाको मात्र गिन्ती गरिन्छ - (१) सेनापति, (२) पुरोहित[५९], (३) प्रधान न्यायकर्ता, (४) प्रधान कोषाध्यक्ष, (५) राजछत्र लिने छत्रधारक, (६) अङ्गरक्षक । यिनै छ जनाको गन्ती हुन्छ ।" "त्यसो किन ?" "किनकि यिनीहरु नै राज गुणहरूले युक्त छन् । बाँकीको गन्ती गरिन्न । उनीहरुलाई अधिकारीको नाम मात्र दिइन्छ ।" "महाराज ! यसरी नै, वेस्सन्तर राजाको महादान दिँदा जसै पृथ्वी काँपेको थियो, त्यो साधारण नियमको विपरीत संयोगवश भएको थियो अनि बताइएका आठ कारणहरुको अपवादस्वरूप थियो । त्यसैले ती आठ कारणहरुमा यसको गन्ती गरिएन ।"

३२. "महाराज ! के तपाईंले यसै जन्ममा दृष्टधर्म सुख वेदनीय कर्म (यसै जन्ममा पाइने कर्मको फल) पाएको सुन्नुभएको छ, जसको ख्याति देवताहरूसम्म पनि पुगेको थियो ?" "हो भन्ते ! सुनेको छु । तिनीहरू सात जना छन् ।" "को को ?" "(१) सुमन नामको माली, (२) एकसाटक नामको ब्राह्मण, (३) पूर्ण नामको ज्यामी (मजदुर), (४) मल्लिका नामकी रानी, (५) रानी गोपाल माता, (६) सुप्रिया उपासिका र (७) पूर्णा नामको दासी (नोकर्नी) । यी सातै जनाले धर्म कर्म गरेका थिए जसको फल यसै जन्ममा प्राप्त भयो र जसको ख्याति देवताहरूसम्म पुग्यो ।"

"महाराज ! के तपाईंले अरू त्यस्ता मानिसहरुका विषयमा सुन्नुभएको छ, जो यसै मनुष्य शरीरका साथ स्वर्ग गएका थिए ?" "हो भन्ते ! उसको विषयमा पनि सुनेको छु ।" "उनीहरु को को थिए ?" "(१) गुत्तिल नामको गन्धर्व, (२) स्वाधीन नामको राजा, (३) निमि राजा, र (४) मान्धाता नामका

राजा - यी चार । निकै वर्ष पहिले उनीहरुले यो कठिन र ठूलो तप गरेका थिए ।" "महाराज ! के तपाईंले कहिल्यै यस बखत या पहिले कसैले दान दिँदा एक, दुई वा तीन पटक पृथ्वी काँपेको सुन्नुभएको छ ?" "छैन भन्ते ! सुनेको छैन ।" "महाराज ! मैले पनि पुण्यात्मा वेस्सन्तर राजाको विषयलाई बाहेक अरू कसैले दान दिँदा पृथ्वी काँपेको सुनेको छैन । यद्यपि मैले सबै पुराणहरु पढेको छु, सबै विद्याहरूको अध्ययन गरेको छु, धेरै धर्महरू सुनेको छु, धेरै मुखाग्र गरेको छु, सधैं नयाँ कुराहरूलाई सिक्न भनी धेरै अनुसन्धान गरेको छु, प्रश्नहरू सोध्न र उत्तर दिन तत्परता देखाएको छु तथा आचार्यहरूबाट सिक्दै गर्ने चाहना छ, तैपनि मैले सुनेको छैन कि फलानो मानिसले दान दिँदा एक, दुई वा तीन पटक भुईंचालो गएको थियो । महाराज ! भगवान् काश्यप र शाक्यमुनि - यी दुई बुद्धहरुको समयका बीच कति सयौं तथा हजारौं वर्ष बित्यो होला, यसबीचमा मैले यस्तो कुनै अर्को घटना सुनिन ।"

"महाराज ! पृथ्वी काँप्नु कुनै साधारण कार्य होइन । महाराज ! पुण्यको भारले लादिएर, शुद्ध धर्मको बोझले थिचिएर सम्हाल्नु नसक्नाले यो महापृथ्वी हलचल भएर काँप्न थाल्छ । महाराज ! जसरी गाडालाई धेरै भारी बोकाउँदा चक्काको बीचको धुरा र घेरा खस्कन्छ र धुरा भाँचिन्छ, त्यसरी नै पुण्य ⋯ ।"

"महाराज ! जसरी आकाश आँधी र पानीको वेगले भरिन्छ, बादल हावाको वेगले ठक्कर खाएर गर्जरिन्छन् र कड्किन्छन्, तथा घोर वर्षा हुन्छ; त्यसरी नै वेस्सन्तर राजाको प्रताप र पुण्यको भारलाई सम्हाल्न नसक्नाले पृथ्वीमा हलचल भयो र कम्पन हुन थाल्यो । किनभने, वेस्सन्तर राजाको चित्त न त राग, द्वेष, वा मोहले, न अभिमान, न अविद्या, न पापले, न वैर, न असंतोषले युक्त थियो बरु दानशीलताले भरिपूर्ण थियो । उनले सोचे 'जुन मानिसहरुलाई केही चाहिएमा उनीहरु मछेउ आएर मनचाहेको वस्तु पाएर सन्तुष्ट हुनेछन् । यसरी उनको मन दानशीलतातर्फ झुकेको थियो । महाराज ! वेस्सन्तर राजाको चित्त यिनै दस कुरामा लागेको थियो - (१) आत्मसंयम, (२) आध्यात्मिक शान्ति, (३) क्षान्ति (क्षमा), (४) संवर, (५) यम, (६) नियम, (७) अक्रोध, (८) अहिंसा, (९) सत्य, र (१०) शुद्धता । महाराज ! विषय-भोगहरू उनले एकदमै छाडेका थिए । उनले भवतृष्णालाई जितेका थिए । उनका सबै प्रयत्न उच्च थिए । महाराज ! उनले स्वार्थलाई सर्वथा त्यागेका थिए । उनी परार्थमा मात्र संलग्न थिए । उनको चित्त यसैमा दृढटाका साथ लागेको थियो कि - 'कसरी म सबै प्राणीहरूलाई सुखी, स्वस्थ, धनी र दीर्घजीवी तुल्याऊँ ।' महाराज ! उनी दान यस विचारले दिँदैन थिए कि अर्को जन्ममा यसको राम्रो फल पाउँला । दान गरेको पुण्यको सट्टा केही पाउने आशा मनमा थिएन, न उनी कुनै कुरा सुनेर दान दिन्थे । न आफ्ना छोराछोरीहरूको दीर्घायु उत्तम



https://dhamma.digital

कुल सुख शान्ति वा यश, कीर्ति पाउने आशाले । सर्वज्ञ ज्ञानका लागि प्रेरित भई उनले यति ठूलो अपरिमित र अद्वितीय दान दिए । सर्वज्ञज्ञान प्राप्त गरेपछि उनले यस्तो उद्‌गार व्यक्त गरेका थिए :-

**'बुद्धन्त्व पाउनका लागि मैले आफ्नो छोरा जालि, आफ्नी छोरी कृष्णजिना, आफ्नी रानी माद्री सबैलाई मनमा कुनै प्रकारको विचार नलिई दान गरिदिएँ ।'**

"महाराज ! वेस्सन्तर राजा अरुहरुको रिसलाई प्रेमले, अरुहरुको अकुशललाई कुशलले (अरुहरुको कुभलाइलाई उनीहरुको भलाइ गरेर), अरुहरुको कन्जुसीलाई दानले, असत्यलाई सत्यले र सबै पापलाई पुण्यले जित्ने खालका थिए ।"

३३. "महाराज ! वेस्सन्तर राजा धर्मको खोजीमा नै लागी रहन्थे, धर्म नै उनको परम उद्देश्य थियो । जब उनी त्यो महादान दिँदै थिए, त्यस बेला उनको दानशीलताको प्रभावले त्यस वायुमा एउटा चञ्चलता उत्पन्न भयो, जसमा यो पृथ्वी कायम रहेको छ । बिस्तार-बिस्तार त्यो महावायु वेगले चल्न थाल्यो । माथि, तल र सबै दिशाहरूमा पृथ्वी हल्लन थाल्यो । ठूलठूला बलिया रुखहरु हल्लिए । आकाशमा ठूलठूला बादलहरूका समूह आच्छादित भए । धूलोका साथ ठूलो आँधीबेहरी चल्यो । दिशाहरू एकापसमा ठक्कर खान लागे । हुरीबतास बेसरी चल्न थाल्यो । सारा प्रकृतिमा एउटा भीषण कोलाहल उत्पन्न भयो । हावाको झोक्काले पानी बिस्तार-बिस्तार हट्न थाल्यो, जसले गर्दा माछाहरु र अन्य जलजीव व्याकुल भए । पानीका ठूलठूला छाल एक-अर्कोसँग ठोक्किन थाले । पानीका सबै सत्व प्राणीहरू तर्से । समुद्र बेसरी गर्जन लाग्यो । पानीको भेल उठ्न थाल्यो । समुद्रमा ठूलो हलचल मच्चिनाले असुर, गरुड, यक्ष र नाग त्रासले गर्दा थरथर काँपे - अहो ! यो के हो ! ! के समुद्र उल्टिन्छ !!! हृदय धकधक भएकोले जोगिन खोज्न थाले । पानीमा चञ्चलता उत्पन्न भएकोले पृथ्वी हल्लन थाल्यो; किनकि पृथ्वी त्यसैमा रहेको हुनाले । पहाडहरूका अग्ला चुचुराहरू र सुमेरु पर्वत निहुरिए । पृथ्वी काँप्नाले सर्प, न्याउरी, बिरालो, स्याल, भालु, हरिण र चराचुरुङ्गी - यी सबै आकुलव्याकुल भए । निम्न श्रेणीका यक्षहरू रुन थाले; तर उच्च श्रेणीमा यक्षहरू खुशी भएर निकै जोडले हाँस्न थाले ।"

३४. "महाराज ! कुनै ठूलो कराहीमा पानी भरेर चूल्होमा बसालौं । त्यसमा आवश्यक चामल राखौं । फेरि, चूल्होमा बलिरहेको आगोले कराहीको पींधलाई तताऔं, त्यसपछि तातो भएर भकभक पानी उम्लन थालोस् । पानी



https://dhamma.digital

उम्लनाले चामलका दाना माथि तल हुन थालोस् । त्यसमाथि धेरै फोकाहरु उठेर थुप्रै फींज आवस् । महाराज ! त्यसरी नै, वेस्सन्तर राजाले अत्यन्त मन पराएका आफ्ना वस्तुहरु दान दिए, जो दिनु बडो गाह्रो मानिन्छ । उनको दानशीलताको प्रभावले महावायुमा विक्षोम नभई रहन सकेन । वायु चञ्चल भइदिनाले पानी पनि चञ्चल भयो । अनि पानी चञ्चल भएकोले महापृथ्वी काम्न थाल्यो, मानौं त्यस महादानशीलताको प्रभावले वायु, जल र पृथ्वी तीनवटै छुट्टिए । महाराज ! वेस्सन्तर राजाको त्यो महादानझैं अरु कसैले पनि दान दिएन । महाराज ! यस पृथ्वीमा विभिन्न प्रकारका रत्नहरु छन् - इन्द्रनील, महानील, ज्योतिरस, वैदूर्य, ऊर्मापुष्प, शिरीषपुष्प, मनोहर, सूर्यकान्त, चन्द्रकान्त, वज्र, कज्जोपक्रमक, स्पर्शराग, लोहिताङ्ग, मसारगल्ल इत्यादि । तर चक्रवर्ती-रत्न[६०] यी सबैभन्दा अमूल्य मानिन्छ । महाराज ! चक्रवर्ती-रत्नले चारैतिर योजनभरि आफ्नो ज्योतिलाई फैलाउँछ । महाराज ! त्यसरी नै, यस पृथ्वीमा आजसम्म जति पनि महादान दिइएका छन् तीमध्ये वेस्सन्तर राजाको महादान असदृष्ट (सर्वश्रेष्ठ) छ । महाराज ! वेस्सन्तर राजाले महादान दिँदा पृथ्वीमा सात पटकसम्म कम्प भएको थियो ।"

३५. "भन्ते नागसेन ! बुद्धहरूका कुरा अचम्मका छन्, अद्भुत छन् । क्षान्ति, चित्त, अधिमुक्ति तथा अभिप्रायमा भगवान् तथागत बोधिसत्व छँदै अद्वितीय हुनुहुन्थ्यो ।" "भन्ते नागसेन ! बोधिसत्वहरूको पराक्रम तपाईंले देखाइदिनुभयो, यस्ता जितेन्द्रियहरूका पारमिताहरूकलाई प्रकट गरिदिनुभयो । भगवान्को वीर्यको श्रेष्ठतालाई पनि बताउनुभयो । साधु, भन्ते नागसेन ! तपाईंले प्रशस्त सम्झाउनुभयो । बुद्धशासनलाई उच्च पारेर देखाउनुभयो । बुद्ध-पारमिताहरूको कीर्तिलाई फिँजाउनुभयो । तीर्थङ्करहरूको मतलाई खण्डन गरी कुर्तकहरूको गाँठोलाई फुककाउनुभयो । सबै झुटा सिद्धान्तहरूलाई उदाङ्गो पारिदिनुभयो । यति जटिल शङ्कालाई प्रष्ट पारिदिनुभयो । जङ्गल काटेर सफा पारिदिनुभयो । बुद्धका छोराहरू (भिक्षु) ले आफ्नो मनचिन्ते वस्तु पाए । भन्ते ! तपाईं गणाचार्यहरूमध्ये श्रेष्ठ हुनुहुन्छ । तपाईंले एकदम मनासिब भन्नुभयो । म पनि तपाईंका भनाइलाई स्वीकार गर्छु ।"

## ५. शिवि राजाको आँखादान विषयमा प्रश्न

३६. "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ - 'शिवि राजाले याचकहरूलाई आफ्ना आँखा पनि दान दिएका थिए । आफू अन्धो भएपछि पनि उनका आँखाहरू फेरि दिव्य प्रभावले ज्यूँका त्यूँ भए ।[६१] यो कुरो पत्यारलाग्दो छैन । यसो भन्ने मानिस शङ्कामा पर्न सक्छ । यसो भन्नु गल्ती हो । सूत्रहरुमा



https://dhamma.digital

भनिएको छ - हेतुसमूल नष्ट भएपछि कुनै हेतु वा आधार नभएमा दिव्यचक्षु उत्पन्न हुन सक्दैन । -क) भन्ते ! यदि शिवि राजाले यर्थाथमा आफ्ना आँखा दान दिएका भए यो कुरो झूटो ठहरिन्छ कि उनका आँखाहरू फेरि दिव्य प्रभाव पर्नाले ज्यूँका त्यूँ भए; र (ख) यदि यथार्थमा उनको आँखाहरू दिव्य प्रभावले देख्न सक्ने भएका भए यो कुरो झूटो ठहरिन्छ कि उनले माग्नेहरूलाई आफ्ना आँखा पनि दानमा दिएका थिए । भन्ते ! यो दुविधायुक्त अल्झेको गाँठोभन्दा पनि बढी अल्झिएको, तीरभन्दा पनि धेरै तिखो र घना जङ्गलहरूभन्दा पनि बढी घना छ । यो तपाईंका सामु प्रस्तुत गरिएको छ । यो शङ्का तपाईंले निवारण गरिदिनुस्, जसबाट विपक्षी मतहरुको झूटो तर्क नचलोस् ।"

"महाराज ! शिवि राजाले माग्नेहरूलाई आफ्ना आँखा दानमा दिए, यसमा तपाईं कुनै पनि शङ्का नगर्नुहोस् । त्यसको सट्टा दिव्य प्रभावले उनका आँखा फेरि ज्यूँका त्यूँ भए, यसमा पनि कुनै शङ्का नगर्नु होला ।" "भन्ते नागसेन ! हेतु एकदमै नष्ट हुँदा र कुनै हेतु वा आधार नरहँदा पनि के दिव्यचक्षु उत्पन्न हुन सक्छ ?" "अहँ महाराज !" "भन्ते ! त्यसो भए त्यो पूणरूपले नष्ट भएपछि अनि हेतु वा आधारबाट नहुँदा पनि उनका दिव्यचक्षु फेरि कसरी दुरुस्त भए त ? तपाईं यो कुरो सम्झाउनुहोस् ।"

३७. "महाराज ! के यस लोकमा सत्य नामको कुनै चीज छ, जसको अनुसार साँचो बोल्ने मानिसहरू आफ्ना सत्यक्रिया गर्छन् ?" "हो भन्ते ! सत्य नामको चीज छ । यसैको भरमा सत्यवादी मानिसहरु ⋯ पानी पनि पार्न सक्छन्, दन्किरहेको आगो पनि निभाउन सक्छन्; विषलाई पनि शान्त गर्छन्, र यसरी जे मन लाग्छ, सो गर्न सक्छन् ।" "महाराज ! त्यसो भए यही कुरो शिवि राजाबारे पनि लागू हुन्छ । यो सत्यकै प्रताप थियो कि शिवि राजालाई फेरि आँखा प्राप्त भएको थियो । कुनै हेतु उपस्थित नहुँदा पनि सत्यकै प्रतापले यसो भएको थियो । यहाँ भने सत्यलाई नै त्यसको हेतु सम्झनुपर्ने हुन्छ ।"

"महाराज ! जो ठूलठूला सिद्ध पुरुषहरु छन्, उनीहरूले 'पानी परोस्' यति भन्ने बित्तिकै उनीहरूको सत्य-बलले पानी पर्न थाल्छ । त्यसो हो भने के त्यस बेला आकाशमा वर्षा हुने सबै लक्षणहरू पहिलेदेखि नै रहेका थिए, जसले गर्दा पानी पर्न थाल्छ ?" "होइन भन्ते ! त्यहाँ उनीहरूको सत्य-बल नै पानी पार्ने कारण हुन्छ ।" "महाराज ! यसरी नै शिवि राजाबारे कुनै साधारण प्राकृतिका कारण थिएन; सत्यको प्रताप नै एकमात्र कारण थियो ।"

३८. "महाराज ! जो ठूलठूला सिद्ध पुरुषहरू छन्, उनीहरूले 'आगो निभोस्' यति भन्नासाथ दनदनी बलिरहेको आगोको थुप्रो पनि छिनभरमा निभेर चिसो हुन्छ । त्यसो हो भने के महाराज ! पहिलेदेखि नै यस्तो लक्षण उपस्थित भएको हुन्छ, जसले गर्दा आगोको रास क्षणभरमा नै निभेर चिसो हुन्छ ?"



https://dhamma.digital

"होइन भन्ते ! त्यहाँ उनको सत्य-बल नै आगो निभ्ने कारण हुन्छ।" "महाराज ! यसरी नै शिवि राजाका बारे पनि ⋯ उनको सत्यको प्रताप नै एउटा कारण थियो।"

३९. "महाराज ! जो ठूलठुला सिद्ध पुरुषहरु छन्, उनीहरुले 'यहाँ हलाहल विष शान्त भइजावस्' यति मात्र भने पनि अत्याधिक तीक्ष्ण विष पनि निस्तेज हुन्छ । त्यसो हो भने त्यो विष निस्तेज हुने लक्षण के पहिलेदेखि रहेकोले हुन्छ ?" "अहँ भन्ते ! उनको सत्यको प्रताप नै यहाँ कारण हुन्छ।" "महाराज ! यसरी शिवि राजाको विषयमा पनि ⋯ सत्यको प्रताप नै एकमात्र कारण थियो।"

४०. "महाराज ! चार आर्य सत्यहरुलाई साक्षात्कार गर्नुको पनि कुनै अर्को कारण हुँदैन । यसै सत्यको आधारमा तिनको पनि साक्षात्कार हुन्छ।"

"महाराज ! चीन देशमा चिनियाँहरुको एउटा राजा छ । उसले समुद्रलाई बाँध्ने विचारले कहिलेकाहीँ चार महिना बिराएर एउटा सत्य-व्रत पालन गर्दछ । त्यसपछि आफ्नो रथमा सिंहलाई नारेर समुद्रभित्र एक योजनसम्म जान्छ। त्यस बेला उसको रथको अगिल्तिरबाट समुद्रका छालहरू पछि हट्दै जान्छन् । जब त्यो रथलाई फर्काएर ल्याइन्छ त छालहरू फेरि आफ्ना ठाउँमा फर्की आउँछन्। महाराज ! के समुद्रलाई देवता वा मानिसहरुको साधारण बलले बाँध्न सकिन्छ ?" "भन्ते ! समुद्रको कुरा छाडौं, एउटा सानो पोखरीको पानीलाई पनि यसरी वशमा ल्याउन सकिन्न।" "महाराज ! यसैबाट तपाईं सत्यको बल बुझ्नुहोस्। संसारमा कुनै पनि यस्ता ठाउँ छैन, जहाँ सत्य-बल नपुगेको होस्।"

४१. "महाराज ! एक दिन पाटलिपुत्र = हालको पटना, बिहार) मा धर्मराज अशोक आफ्नो गाउँले र शहरका-रैथानेहरू, अधिकारीहरू, नोकरहरू र मन्त्रीहरूका साथ गङ्गा नदी हेर्न गए । त्यस बेला गङ्गामा बाढी आउनाले त्यो पानीले टनाटन भरिएको थियो। त्यो पाँच सय योजन लामो र एक योजन चाक्लो बढेको नदीलाई देखेपछि धर्मराज अशोकले भने - 'के तिमीहरूमध्ये कोही यस्तो छौ जसले गङ्गा नदीको धारलाई उल्टो बगाई देवस् ?' अधिकारीहरूले उत्तर दिए - 'देव ! यस्तो कार्य कसले गर्न सक्छ ?'"

"त्यसै बखत विन्दुमती नाम भएकी एउटी गणिका (वेश्या) पनि त्यहीँ गङ्गा नदीको किनारमा आएकी थिई । उसले राजाको प्रश्न सुनी । उसले मनमनै भनी - 'म त यस पाटलिपुत्र नगरमा आफ्नो रूपलाई बेचेर बाँच्ने एउटी गणिका हुँ । मेरो जीउपालो निकै तल्लो स्तरको छ । किन्तु तैपनि राजाले मेरो सत्य-बललाई देखून् ।' त्यसपछि उसले आफ्नो सत्य-बल



https://dhamma.digital

लगाई । उसले सत्य-बल लगाउनेबित्तिकै गङ्गा नदी उल्टो धारमा ठूलो स्वरले गर्जिंदै बग्न थाल्यो । सबै जना छक्क परे ।"

छालहरू एकापसमा ठोकिनाले निकै ठूलो शब्द उत्पन्न भयो । त्यो सुनेपछि राजाले उदेक मानेर छक्क परी आफ्ना अधिकारीहरूलाई सोधे - 'अहो ! यो गङ्गा नदी उल्टो धारमा कसरी बग्न थाल्यो ?' 'महाराज ! तपाईंको प्रश्न सुनेपछि विन्दुमती गणिकाले आफ्नो सत्य-बल लगाई, त्यसैले गङ्गा नदी मास्तिर बग्दैछ ।' राजालाई निकै अचम्म लाग्यो । राजा उतिखेर स्वयं त्यो गणिका भए ठाउँ गए अनि भने - 'हे (विन्दुमती) ! के साँच्चै तिमीले सत्य-बल लगाउनाले गङ्गा नदी उल्टो धारमा बगिरहेको हो ?' 'हो देव !' राजाले भने - 'तिमीमा सत्य-बल कहाँबाट आयो ? अथवा कसैले तिमीबाट यो सुनेर त्यसै आएर मलाई भनेको हो ? तिमीले कसरी गङ्गा नदीलाई उल्टो धारमा बगायौ ?' उनले भनी - 'महाराज ! आफ्नो सत्य-बलले ।' राजाले भने - 'अरे ! तिमीजस्ती चोरनी, ठगाही, खराब, दुश्चरित्रा, छिनाल, पापिनी, खराबभन्दा खराब काम गर्ने भएकी, कामले अन्धो भएका मानिसहरुलाई लुटेर बाँच्ने स्त्रीमा सत्य-बल कसरी आयो ?' 'महाराज ! तपाईंले एकदम ठीक भन्नुभयो । म ठीक त्यस्तै आइमाई हुँ । तर त्यस्ती भए तापनि ममा सत्य-बलको यति तेज (प्रभाव) छ कि म त्यसबाट देवताहरू र मानिसहरूसमेत यस लोकलाई पनि पल्टाइदिन सक्छु ।' राजाले भने - 'त्यो सत्य-बल के हो, मलाई भन ।' 'महाराज ! क्षत्रिय होस् या ब्राह्मण, वैश्य होस् अथवा शूद्र, जोसुकैले मलाई एकपल्ट धन दिन्छ, म उनीहरू सबैलाई समान सम्झेर सेवा गर्दछु । न क्षत्रियहरूलाई ठूलो, न शूद्रहरूलाई सानो ठान्दछु । उच्चनीचको भावलाई चटक्क छाडेर जसले धन दिन्छ, म उसको सेवा गर्दछु । महाराज ! मेरो सत्य-बल यही हो । यसै सत्य-बलले मैले गङ्गा नदीको धार उल्टो बगाइदिएँ ।'

४२. यो कथाभनेर आयुष्मान नागसेनले भन्नुभयो - "महाराज ! यसरी नै, यस्तो कुनै काम छैन, जो सत्यमा दृढ रहनेहरूबाट गर्न नसकियोस् । शिवि राजाले माग्नेहरूलाई आफ्ना आँखा पनि दिए, अनि उसको सत्य-बलले उनले आँखा फेरि पाए । यो उनको सत्यको प्रताप नै थियो । महाराज ! सूत्रहरूमा यसो भनिएको छ - यस भौतिक चक्षु (आँखा) नष्ट भएपछि र अन्य हेतु वा आधार एकदमै नरहेमा कुनै दिव्यचक्षुको उत्पत्ति हुँदैन - यो कुरा भावनामय चक्षुबारे भनिएको हो । महाराज ! यसलाई यस्तै सम्झनुहोस् ।" "साधु भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो । तपाईंले यो दुविधालाई राम्ररी स्पष्ट गरिदिनुभयो । विपक्षी वक्ताहरूको मुख थुनिदिनुभयो । तपाईंले भन्नुभएको कुराम मान्दछु ।"



https://dhamma.digital

## ६. गर्भावक्रान्ति विषयमा प्रश्न

४३. "भन्ते नागसेन ! भगवान्‌ले यस्तो भन्नुभएको छ - 'भिक्षु हो ! तीन कुरा मिलेपछि नै गर्भधारण हुन्छ - (१) आमा-बुबाको मिलन, (२) आमाको ऋतुमती अवस्था र (३) गन्धर्व । यी तीनैको मिलनबाट नै गर्भधारण हुन्छ ।'[६२] यो कुरो सबै ठाउँमा लागू हुने हो । कुनै यस्तो ठाउँ छैन जहाँ यो कुरो झूटो ठहरियोस् । यसमा अरू कुनै समालोचना गर्न सकिन्न । यो कुरो अर्हत्‌द्वारा भनिएको हो । उहाँले देवताहरू र मानिसहरूका माझ बसेर भन्नुभएको थियो - 'दुई (स्त्री र पुरुष) को मिलनबाट नै गर्भ रहन्छ ।' 'दुकूल नामको तापसले पारिका नामकी तापसीको नाइटोमा उनी ऋतुमती भएको बखत आफ्नो दाहिने हातको औंलाले छोएका थिए । त्यति छुनु मात्रले सामकुमार नामको उसको एउटाछोरो जन्म्यो ।' 'मातंग ऋषिले पनि ब्राह्मणकी छोरीको नाइटोमा उनी ऋतुमती भएको बेलामा आफ्नो दाहिने हातको औंलाले छुइदिएको थिए । सोही स्पर्शबाट माण्डव्य नामको उनको एउटा छोरो जन्म्यो । भन्ते नागसेन ! (क) यदि भगवान्‌ले माथि भन्नुभएको कुरा साँचो हो भने सामकुमार र माण्डव्य यसरी जन्मने कुरो असत्य ठहरिन्छ । (ख) र, यदि भगवान्‌ले यथार्थमा यसो भन्नुभएको हो कि सामकुमार र माण्डव्य यी दुई केटाहरुको जन्म त्यसरी नाइटोलाई छुँदैमा भएको थियो भने उहाँले भन्नुभएको कुरा झूटो ठहरिन्छ कि ती तीनवटैको संयोगले नै गर्भधारण हुन्छ। भन्ते ! यो दुविधा पनि बडो गम्भीर र सूक्ष्म छ । यो बुद्धिमान्‌हरू मात्रले बुझ्ने खालको छ । त्यसैले यो दुविधा तपाईंका सामु राखिएको छ । विपक्षी मतहरूको खण्डन गरेर ज्ञानको उत्तम प्रकाशलाई फैलाउनुहोस् ।"

४४. "महाराज ! भगवान्‌ले यो ठीक भन्नुभएको छ - 'भिक्षुहरू हो ! तीन कुराहरू मिल्नाले नै गर्भधारण हुन्छ - (१) आमा-बुबाको संयोग, (२) आमा ऋतुमती हुनु र (३) गन्धर्व (काम) प्रवेश । यी तीनवटै मिलनले नै गर्भधारण हुन्छ ।' महाराज ! भगवान्‌ले यो पनि ठीक भन्नुभएको छ कि सामकुमार र माण्डव्यको जन्म नाइटोलाई छुँदैमा भएको थियो । "भन्ते ! कृपया यसलाई स्पष्ट पारेर मलाई सम्झाउनुहोस् ।" "महाराज ! के तपाईंले पहिले कहिले सुन्नुभएको छ कि सांकृत्य (संकिच्च) कुमार, इसीसिङ्ग (ऋष्यश्रृङ्ग) तापस र स्थविर कुमार काश्यमको जन्म कसरी भएको थियो ?" "हो भन्ते ! सुनेको छु । उनीहरुको जन्म कुरा कसले जान्दैन ? दुई मृगीहरू ऋतुवती भएको समयमा दुई तपस्वीहरुको पिसाबघर गए अनि ती तपस्वीहरूको पिसाब पिए । त्यसैबाट सांकृत्य कुमार र ऋष्यश्रृङ्ग तापसको जन्म भयो ।" "एक पटक उदायि स्थविर भिक्षुणीहरूको आश्रममा गएका थिए । त्यस बखत उनको



https://dhamma.digital

चित्तमा काम उत्पन्न भयो अनि उनले भिक्षुणीका गुह्यस्थानहरुको सम्झना गर्न थाले । यसबाट उनको अन्तरवासमा[६३] शुक्रमोचन भयो । त्यसपछि उनले ती भिक्षुणीलाई भने - 'बहिनी ! अलिकति पानी ल्याइदेऊ । म आफ्नो अन्तरवासलाई धुन्छु ।' भिक्षुणीले भनिन् - 'मलाई दिनुहोस् । म धोइदिन्छु ।' भिक्षुले आफ्नो लुगा दिए । ती भिक्षुणी त्यस बखत ऋतुमती थिइन्, उनले ती भिक्षुको शुक्रलाई केही मुखमा राखेर निलिन् र केही उनले आफ्नो गुप्ताङ्गमा हालिन् । त्यसैबाट स्थविर कुमार काश्यपको जन्म भयो । मानिसहरु यो कथा यही रूपमा भन्छन् ।"

"महाराज ! तपाईं यसलाई ठीक मान्नुहुन्छ कि हुन्न ?" "हो भन्ते ! यसका लागि एउटा ठूलो प्रमाण छ जसबाट मैले स्वीकार गर्नुपर्छ ।" "त्यो कुनचाहिँ प्रमाण हो ?" "भन्ते ! जब खेत हिलो (थलथले) भएर तयार हुन्छ, त त्यसमा जुन बीउ रोपिन्छ, त्यो निकै छिटो जम्छ हैन ?" "हो महाराज !" "भन्ते ! यसरी नै, ती ऋतुमती भिक्षुणीको कलल अडेको, रगत रोकिएको अनि धातु स्थिर भएको हुँदा त्यो शुक्रलाई कललमा हालिन् । त्यसैबाट उनीमा गर्भ रहन गयो । यही एउटा ठूलो प्रमाण हो ।" "महाराज ! म पनि यो स्वीकार गर्दछु । त्यसो हो भने तपाईं कुमार काश्यपको गर्भधारणबारे भनिने यस कथालाई स्वीकार गर्नुहुन्छ हैन ?" "हो भन्ते ! स्वीकार गर्छु ।" "साधु महाराज ! तपाईं मेरो बाटोमा आइपुग्नुभयो । तपाईंले जो एक प्रकारले गर्भधारण सम्भव हुने मान्नुभयो त्यसबाट मलाई ठूलो बल प्राप्त भयो । अँ, अब यो भन्नुहोस् कि जो ती दुई मृगीहरूले पिसाब पिउनाले तिनीहरूमा गर्भ रह्यो, त्यसमा विश्वास गर्नुहुन्छ कि गर्नुहुन्न ?" "हो भन्ते ! जेसुकै खाइन्छ, पिइन्छ अथवा चाटिन्छ सबै कललमै जान्छ अनि आफ्नो ठाउँमा आएर बढ्न थाल्छ । भन्ते ! जसरी सबै नदीहरू समुद्रमै गएर मिसिन्छन्, त्यसरी नै जेसुकै खाए पिए वा चाटेमा सो सबै कललमै जान्छ । यसै कारणले म यो पनि मान्दछु कि मुखबाट गएर पनि गर्भधारण हुनसक्दछ ।" "ठीक हो महाराज ! तपाईं त मेरो बाटोमा आइहाल्नुभयो । तपाईं सांकृत्य कुमार, माण्डव्य माणवक तापसको जन्मबारे भनिने कथालाई स्वीकार गर्नुहुन्छ, हैन त ?" "हो भन्ते ! स्वीकार गर्दछु ।"

४५. "महाराज ! साम कुमार र माण्डव्य माणवकको जन्ममा पनि तीनवटै कुरा सम्मिलित छन् । उनीहरुको जन्म पनि माथि उल्लेख भएकोसित मिल्छ । म त्यसको कारण भन्छु - 'दुकुल नामको तापस र पारिका नामको तापसी' - यी दुवै जङ्गलमा बस्दथे । ती दुवैको ध्यान विवेक, उत्तम अर्थको खोजीमा लागिरहन्थ्यो । उनीहरुको तपस्याको तेजले ब्रह्मलोक पनि तात्यो । त्यस बखत स्वयं इन्द्र पनि बिहान बेलुका दुबै समयमा उनीहरुको सेवामा उपस्थित रहन्थे । इन्द्रले उनीहरू दुवैका विषयमा मैत्री-भावना गर्ने समयमा



https://dhamma.digital

देखे - 'पछि गएर यी दुबै अन्धा हुनेछन् ।' यो देखेर इन्द्रले ती दुवैसँग भने - "कृपया, तपाईंहरू मेरो एउटा कुरा स्वीकार गर्नुहोस् । मलाई ठूलो इच्छा भइरहेको छ कि तपाईंहरूको एउटा छोरो होस् । त्यस छोराले तपाईंहरुको सेवा गरेर ठूलो सहारा दिंदोहो ।" "हे इन्द्र ! हामीहरूलाई छोरासित मतलब छैन । तपाईं यस्तो प्रार्थना नगर्नुहोस् । यसलाई हामी स्वीकार गर्न सक्दैनौं ।" उनीहरूको भलो चाहने इन्द्रले दोस्रो, र तेस्रो पटक पनि भने - "मेरो एउटा कुरो कृपयापूर्वक मान्नुहोस् । तपाईंहरूको एउटा छोरो भएमा बडो राम्रो कुराहुने थियो । उसले तपाईंहरूको निकै सेवा गर्ला अनि बुढेसकालमा धेरै भर हुनेछ ।" तेस्रो पटक पनि उनीहरु दुवैले भने - "ल भयो इन्द्र ! हामीहरूलाई तपाईं अनर्थमा नलगाउनुहोस् । यो शरीर कहिले नष्ट नहुने हो र ? नष्ट हुन्छ, नष्ट हुनु त यसको स्वभावै हो । पृथ्वी टुक्राटुक्रा भएमा पनि, पहाडहरू ढले पनि, शून्य आकाश फाटे तापनि तथा चन्द्रमा र सूर्य टुक्रा भएर झरेमा पनि हामीहरू सांसारिक काममा फँस्न सक्दैनौं । अब तपाईं हाम्रासामु नआउनुहोस् । तपाईं पाल्नु हुँदा केही विश्वास भएको थियो, तर अहिले थाहा हुन्छ कि तपाईं हाम्रो कुभलो चाहने हुनुहुन्छ ।"

त्यसपछि देवेन्द्रले उनीहरूलाई राजी गराउन नसके तापनि विनयपूर्वक हात जोरेर भने - "यदि तपाईं मेरो कुरा मान्न तयार हुनुहुन्न भने, यति मात्र गर्नुहोस् कि तापसी ॠतुमती र पुष्पवती भएपछि उनको नाइटोलाई आफ्नो दाहिने हातको औंलाले छुनुहोस् । यति मात्रले पनि उनलाई गर्भधारण हुनेछ । गर्भधारणको लागि यति मात्र पर्याप्त हुनेछ ।" "हो इन्द्र ! म यति त गर्न सक्छु । यसो गर्दैमा हामीहरूको तप भङ्ग हुने छैन ।" यति भनेर स्वीकार गरे ।

"त्यस बखत देवलोकमा एक पुण्यवान् देवपुत्र थिए । आफ्नो पुण्य सिद्धिएकोले त्यहाँ उसको आयु पनि सिद्धिँदैथियो । आफ्नो इच्छाअनुसार जहाँसुकै ऊ जन्म ग्रहण गर्न समर्थ थियो । उसले इच्छा गरेको भए चक्रवर्ती राजाको कुलमा पनि ऊ जन्मन सक्थ्यो । देवेन्द्रले देवपुत्र भए ठाउँमा गएर भने - "सुन्नुहोस् मारिष ! तपाईंको भाग्य जाग्यो । तपाईंले निकै ठूलो सिद्धि पाउनुभयो । आज म तपाईंलाई एउटा सहायता गर्न चाहन्छु । तपाईंको जन्म निकै राम्रो ठाउँमा हुनेछ । निकै नै अनुकूल कुलमा तपाईं जन्मनु हुनेछ । असल आमाबाबुबाट तपाईंको पालनपोषण हुनेछ । मार्ष ! तपाईं मेरो कुरा मान्नुहोस् ।" दोस्रो र तेस्रो पटक पनि देवेन्द्रले हात जोरेर त्यस देवपुत्रसँग यसरी बिन्ती गरे ।"



https://dhamma.digital

त्यसपछि देवपुत्रले भने - "मार्ष ! त्यो कुनचाहिँ कुल हो, जसको तपाईं बारम्बार यति प्रशंसा गर्दै हुनुहुन्छ ?" "दुकूल नामको तापस र पारिका नामको तापसी - यिनीहरूकै कुलको ।"

देवपुत्रले देवेन्द्रको कुरामा चित्त बुझाई स्वीकार गरे - "हुन्छ मार्ष ! तपाईंको जे इच्छा छ त्यही हुनेछ । मार्ष ! म तपाईंले भन्नुभएको कुलमा जन्म लिनेछु । कुन कुलमा जन्म लिऊँ - अण्डज या जरायुज या संस्वेदज या औपपातिक (जसको जन्म आमा-बाबुको मिलनबेगर केवल मनःसङ्कल्प मात्रले हुन्छ) कुलमा ?" "मार्ष ! तपाईं जरायुज योनिमा जन्म लिनुहोस् ।" त्यसपछि देवेन्द्रले उसको जन्मने दिनलाई गनेर दुकूल तापसलाई भने - "फलानो दिन तापसी ऋतुमती र पुष्पवती होलिन्, त्यसो हुँदा त्यस दिन तपाईंले उनको नाइटोमा आफ्नो दाहिने हातको औंलाले छुनु होला ।" "महाराज ! ठीक सोही दिन तापसी ऋतुमती भइन् । देवपुत्र पनि उनको गर्भमा प्रतिसन्धि ग्रहण गर्न तैयार थिए । तापसले पनि तापसीको नाइटोलाई आफ्नो दाहिने हातको औंलाले छोइदिए । छुनेबित्तिकै तीनवटै काम भयो । नाइटोलाई छुँदा तापसीमा काम-राग उत्पन्न भएर आयो । किन्तु नाइटोलाई छुनु मैथुन थिएन । ख्यालठट्टा गर्नु, कुरा गर्नु, आँखा जुधाउनु, आपसमा स्पर्श गर्नु - यस्ता सबै कुराले गर्दा गर्भ रहन जान्छ ।"

४६. "महाराज ! मैथुन क्रिया नगरी यस प्रकारको पनि गर्भधारण हुन्छ । महाराज ! जसरी आगोले टाढा भएर पनि नछोईकन नै कुनै चिसो वस्तुलाई तताइदिन्छ, त्यसरी नै, मैथुन-धर्म सेवन नगरीकनै केवल छोएर मात्र पनि गर्भ रहन जान्छ ।"

४७. "महाराज ! यी चार कुराहरूले गर्भधारण हुन्छ – (१) आफ्नो कर्मको अधीन भएर, (२) योनिको प्रभावबाट, (३) कुलको कारणले (४) प्रार्थनाको वशमा परेर । तर सबै सत्व जीवहरूले कर्मको अनुसार नै जन्म लिन्छन् ।" "भन्ते ! कर्मको कारणले गर्दा जीवहरूको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! ज्यादै पुण्यवान् मानिसहरू क्षत्रिय, ब्राह्मण, गृहपति, देवता, अण्डज, जरायुज, संस्वेदज अथवा औपपतिक – जुन कुलमा जन्म लिन चाहन्छन्, त्यसैमा लिन सक्छन् । महाराज ! जसरी कुनै ठूला धनी मानिस, जोसँग थुप्रै सुन चाँदी छ, प्रशस्त सम्पत्ति छ र जसका आफन्त पनि धेरै छन्, दास, दासी, खेत, गाउँ, नगर वा जिल्ला, जोसुकै लिन चाहेमा दोबर तेबर धन दिएर पनि किन्न सक्छ । त्यसरी नै, धेरै पुण्यवान् मानिसहरू जुन कुलमा जन्म लिन चाहन्छन्, त्यसैमा लिन सक्छन् । यसरी नै, कर्मले गर्दा जीवहरूको गर्भधारण हुन्छ ।" (क)



https://dhamma.digital

४८. “योनिको प्रभावबाट जीवहरूको गर्भधारण कसरी हुन्छ ?” “महाराज ! कुखुरालाई हावा चल्नाले, बकुल्लालाई बादल गर्जनाले पनि गर्भ रहन जान्छ । देवताहरू गर्भाशयमा जन्म ग्रहण गर्दैनन् । अन्य जीवहरूको जन्म विभिन्न प्रकारले हुन्छ । जसरी महाराज ! भिन्न-भिन्न मानिसहरूको भिन्न-भिन्न प्रकारको ढाँचाकाँचा छ – कोही अगाडि, कोही पछाडि लुगा जगाउँछन्; कोही नाङ्गै डुल्छन्, कोही शिर खौराएर सेतो लुगा लगाउँछन्, कोही फेटा बाँध्छन्, कसैले शिर खौराएर गेरुवा लुगा (काषयवस्त्र=प्रव्रजितले लगाउने वस्त्र) लगाउँछन्, कोही जटा बढाउँछन् र वल्कल (वृक्षको बोक्राद्वारा बनेको पोसाक) धारण गर्दछन्; कोही छालाको लुगा लगाउँछन्, कोही मोटो कपडा लगाउँछन् – त्यस्तै गरी भिन्न-भिन्न जीवहरू अनेक प्रकारले गर्भधारण गर्दछन् । यसरी नै योनिको प्रावले जीवहरूका गर्भ धारण हुन्छ ।” (ख)

४९. “कुलको कारणले जीवहरूको गर्भधारण कसरी हुन्छ ?” “महाराज ! अण्डज, जरायुज, संस्वेदज र औपपातिकको भेदअनुसार चारवटा कुल हुन्छन् । आ-आफ्ना कर्मअनुसार जीवहरूले ती-ती कुलमा जन्म लिन्छन् । ती कुलहरूमा उनीहरू जस्तै नै जीवहरू उत्पन्न हुन्छन् । जसरी जति पशु वा पक्षीहरू हिमालयको सुमेरु पर्वतमा पुग्छन्, ती सबै आ-आफ्ना रङलाई छोडेर सुनौलो रङका हुन जान्दछन् । त्इसरी नै, जीवहरू जुन-जुन ठाउँबाट आएर जुन कुलमा उत्पन्न हुन्छन् तिनीहरू जस्तै हुन्छन् । यसरी नै, कुलको कारणले जीवहरूको जन्म हुन्छ ।” (ग)

५०. “प्रार्थनाको प्रभावबाट जीवहरूको गर्भधारण कसरी हुन्छ ?” “महाराज ! कुनै कुनै कुल निपूतो (सन्तानहीन) हुन्छ । त्यस कुलमा प्रशस्त सम्पत्ति हुन्छ । कुलका सदस्यहरू श्रद्धाप्रसन्न, शीलवान् कल्याणधर्मपरायण र तपःपरायण हुन्छन् । त्यस बेला कुनै देवपुत्र आफ्नो पुण्य क्षीण हुनाले देवलोकबाट च्युत हुने हुन्छ । त्यसपछि देवेन्द्रले त्यस कुलप्रति माया गरेर त्यस देवपुत्रसित प्रार्थना गर्दछ – ‘हे मार्ष ! तपाई फलानो कुलमा जन्म लिनुहोस् ।’ त्यस देवपुत्रले देवेन्द्रको प्रार्थनालाई स्वीकार गरेर सोही कुलमा जन्म लिन्छन् । महाराज ! जसरी पुण्यको चाहना गर्ने मानिसले कुनै शीलवान् भिक्षुलाई बिन्तीभाउ गरेर आफ्नो घरमा यस निम्ति लैजान्छन् कि उनी आउनाले कुलको कल्याण हुनेछ, यसै गरी इन्द्रले ती देवपुत्रलाई प्रार्थना गरेर त्यस कुलमा लैजान्छन् । यसरी प्रार्थनाको प्रभावबाट पनि जीवहरूको गर्भधारण हुन्छ ।” (घ)

५१. “महाराज ! देवेन्दद्वारा प्रार्थना गरिएपछि साम कुमारले पारिका तापसीको कोखमा जन्म ग्रहण गरे । महाराज ! साम कुमार बडो वुण्यवान् थिए । उनको आमाबाबु पनि निकै शीलवान् र कल्याणकारक थिए । त्यसमाथि



https://dhamma.digital

पनि प्रार्थना गर्ने स्वयं देवेन्द जस्तो योग्य व्यक्ति थियो । यी तीनैको हित चित्त प्रणिधि (प्रार्थना) मिल्नाले साम कुमारको जन्म भयो । महाराज ! कुनै सिपालु मानिसले राम्ररी तयार पारिएको खेतमा बीउ रोपोस् । यदि बीउमा कुनै खोट छैन भने के त्यो बीउ बढ्ने काममा कुनै अड्काउ होला ?" "अहँ, भन्ते ! कुनै रोकावट नभएमा बीउ अवस्य चाँडो बढ्नेछ ।" "महाराज ! यसरी नै, कुनै पनि बाधा नरहनाले र तीनवटैको चित्त प्रणिधिले गर्दा साम कुमारले जन्म लिए ।"

५२. "महाराज ! के तपाईंले पहिले सुन्नुभएको छ कि ऋषिहरूको मनमा रिस उन्पन्न भएपछि रमणीय तथा शोभायुक्त देश पनि नष्ट हुन्छ ?" "हो भन्ते ! यस्तो सुनिन्छ कि दण्डकारण्य, मेध्यारण्य, कालिङ्गारण्य र मातङ्गारण्य यी सबै पहिला मानिसहरूको शोभयुक्त नगर थिए, जो ऋषिहरूको श्रापबाटै जङ्गल भए ।" "महाराज ! यदि ती ऋषिहरूले रिस गर्दा नगरका नगर जङ्गल भइदिन्छन् भने के उनीहरू खुसी भएका कुनै राम्रो कुरो हुन सक्दैन ?" "हो भन्ते ! अवश्य हुन सक्छ ।" "महाराज ! त यसरी तीन महाबलशाली व्यक्तिहरूको मन मिल्नाले साम कुमारको जन्म भयो । ऋषिको निमित्तले, देवताको निमित्तले र पुण्यको निमित्तले साम कुमारले जन्म लिए । महाराज ! यसलाई यस्तै सम्झनुहास् । महाराज ! तीन देवपुत्रहरू देवेन्द्रले प्रार्थना गर्दा शुभ कुलमा उन्पन्न भए । ती तीन को-को हुन् ? (१) साम कुमार, (२) महापनाद र (३) कुश राजा । यी तीनै बोधिसत्व हुन् ।"

## ७. सद्धर्म-अन्तर्धान विषयबारे प्रश्न

५३. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'आनन्द ! मेरो धर्म पाँच सय वर्षसम्म मात्र रहनेछ, साथै आफ्नो परिनिर्वाणको बेलामा सुभद्र नामक परिव्राजकद्वारा सोधिएपछि भगवान्ले यो पनि भन्नुभयो – 'सुभद्र ! यदि भिक्षुगण धर्मअनुसार रहेमा यो संसार अर्हत्हरूबाट कहिल्यै खाली रहने छैन ।' सबै ठाउँमा लागू हुने यो कुरो हो । कुनै यस्तो ठाउँ छैन जहाँ यो झूटो ठहरियोस् । यसमा अरू कुनै समालोचना पनि गर्न सकिन्न । (क) "भन्ते ! यदि भगवान्ले यो ठीक भन्नुभएको भए – 'आनन्द ! मेरो धर्म पाँच सय वर्षसम्म रहन्छ त यो कुरो झूटो ठहरिन्छ कि यो संसार अर्हत्हरूबाट कहिल्यै खाली हुने छैन । (ख) अनि पछि भगवान्ले यही ठीक भन्नुभएको छ कि 'यो संसार अर्हत्हरूबाट खाली हुनेछैन' त यो कुरो असत्य ठहरिन्छ कि पाँच सय वर्षसम्म मात्र धर्म रहन सक्नेछ । भन्ते यो पनि दोधारमा पार्ने प्रश्न हो यो तपाईंको सामु राखेको छु । यो प्रश्न गहनभन्दा गहन, कठिनभन्दा कठिन र जटिलभन्दा



https://dhamma.digital

पनि जटिल छ । यहाँ तपाईं आफ्नो ज्ञान-बल देखाउनुहोस् जसरी पानीमा बसेर गोहीले देखाउँछ ।"

५४. "महाराज ! भगवान्ले माथिको दुइटै कुरा यथार्थमा भन्नुभएको छ । किन्तु, भगवान्को कुराहरू भाव र शब्दहरू – दुवैमा भिन्न-भिन्न हुन्छन् । यिनमा पहिलो ले यो भन्छ कि बुद्धधर्मको शासन कति दिनसम्म रहला अनि दोस्रो यो कि धर्मको फल कसरी सधैं एक नासले प्राप्त हुन्छ । यी दुवै कुराहरू एक अर्कोदेखि पूर्णरूपले छुट्टाछुटै छन् । जसरी अकाश र पृथ्वी, स्वर्ग र नरक, पाप र पुण्य तथा सुख र दुःख आपसमा एक अर्कोदेखि एकदम पृथक छन्, त्यसरी नै, माथिका दुइटै कुराहरू पनि एक अर्कोदेखि पूर्णरूपले भिन्न-भिन्न छन् ।"

५५ "तै पनि, जसमा तपाईंको सोधाइ अकार्थ नहोस्, म यस विषयमा केही विशेष व्याख्या गरूँला । महाराज ! भगवान्ले जे भन्नुभएको थियो – 'आनन्द ! मेरो धर्म पाँच सय वर्षसम्म रहन्छ, त्यो मात्र शासन टिक्ने अवधि भनिएको थियो – यति वर्षपछि शासन नष्ट हुनेछ किनकि उहाँले स्पष्ट रूपले भन्नुभएको थियो – 'आनन्द ! यदि महिलाहरू प्रव्रजित नभएका भए मेरो शासन एक हजार वर्षसम्म रहने थियो, तर अब पाँच सय वर्षसम्म मात्र रहने छ ।' महाराज ! यसरी भनेर केवल शासन टिकाउने अवधि बताउनुभएको हो, धर्मलाई नराम्रो मानेर त्यसको निन्दा गर्नुभएको हो ?" "होइन भन्ते ! निन्दा गर्नुभएको होइन ।" "महाराज ! नष्ट हुने यो निर्देश मात्र थियो । जो बाँकी रहेको छ, त्यो कहिलेसम्म टिक्ला ! यही भन्नुथियो । ठीक त्यसरी नै, जसरी एउटा मानिसले जसको आम्दानी निकै घटेको छ, उसले मानिसहरूलाई भनोस् कि ऊसँग के नै बाँकी रहेको छ र त्यो कहिलेसम्म खप्ला ? यसो भनेर भगवान्ले मात्र धर्म कायम रहने अवधि बताउनुभएको थियो ।"

५६. "फेरि, आफ्नो परिनिर्वाणको समयमा सुभद्र नामको परिव्राजकका श्रमणहरूको सामु प्रशंसा गर्दै भगवान्ले भन्नभएको थियो – 'सभद्र ! यदि भिक्षुहरू धर्मअनुसार उचित तवरले रहून्, त संसार अर्हत्हरूबाट खाली हुन सक्दैन' – त्यसो हुँदा धर्मको पालन गर्ने फल देखाउनुभएको थियो । शासन परिच्छेद (कुनै वस्तुको स्थिरताको अवधि) र त्यसको प्रतिपत्ति परिदीपन ( स्वरूपको वर्णन) – यी दुवैलाई तपाईंले बरोबर गरेर बिर्गानुभयो । तर, यदि तपाईं सोध्नुहुन्छ भने, म सम्झाउन सक्छु कि ती दुवैमा के सम्बन्ध छ ? तपाई राम्ररी ध्यान दिएर सुन्नुहोस् ।"

**पोखरीको उपमा –** "महाराज ! स्वच्छ र शीतल पानीले भरिएको एउटा पोखरी होस् । त्यसको चारैतिर राम्रो घाट बनेको होस् । त्यस पोखरीको पानी घट्न नपाओस्, त्यसमाथि धेरै ठूलो बादलले ढाकोस् । मुसलधारे पानी



https://dhamma.digital

पर्न थालोस्, त के पोखरीको पानी त्यसबाट घट्ला वा सिद्धिएला ?" "अहँ भन्ते !" "किन ?" "मुसलधारे वर्षा भएको हुनाले ।" "महाराज ! त्यसरी नै, भगवान्ले बताउनुभएको सद्धर्म एउटा पोखरी हो । विनय, शील र पुण्यको स्वच्छ शीतल पानीले यो सर्वदा टन्न हुन्छ । यो स्वर्गभन्दा पनि उच्च रहेर निरन्तर बगी रहन्छ । यदि यसमा बुद्धपुत्र (भिक्षुहरू) ले सदा विनयपालन, शीलरक्षा, पुण्य र पवित्रताको वृष्टि गर्दै रहून्, त यो धेरै दिनसम्म कायम रहने छ । अनि संसार अर्हत्हरूबाट खाली रहने छैन । भगवान्को यही अभिप्राय थियो, जब उहाँले भन्नभएको थियो – सभद्र ! यदि भिक्षुहरू धर्मानुसार उचित तवरले रहून्, त संसार कहिल्यै अर्हत्हरूबाट खाली हुने छैन ।"

**आगोको उपमा –** "महाराज ! यदि मानिसहरूले आगोको एउटा ठूलो रासमा गुइँठा,[4] सुकेका काठ र सुकेका पातहरू लगातार हालीरहून त के आगोको त्यो रास निभ्ला ?" "निभ्दैन भन्ते ! त्यो त झन दनदनी मुस्लाहरूका साथ बल्नेछ ।" "महाराज ! हो यसरी नै, विनय र शीलको पालन गर्नाले दश हजार लोकहरूभन्दा पनि माथिसम्म भगवान्को दिव्य सद्धर्मको ज्वाला उठ्छ । महाराज ! यसमा यदि बुद्धको छोरा दृढ वीर्यताका साथ, ध्यानमा तत्पर भएर, ध्यान-सुखको अनुभव गर्दै तीन प्रकारका शिक्षाहरू[5]को पालन गर्दै आफूलाई पूर्ण संयमी बनाउन सिकेमा बुद्धशासन धेरै समयसम्म कायम रहने छ । त्यसपछि संसार अर्हत्हरूबाट कहिल्यै खाली हुनेछैन । महाराज ! भगवान्को यही अभिप्राय थियो ।"

**ऐनाको उपमा –** "महाराज ! कुनै चिल्लो, समतल, राम्ररी सफा पारेर टल्काइएको निर्मल ऐनालाई कुनै चिल्लो र सूक्ष्म गेरुको चूर्णले बारम्बार दलियोस् । के त्यो ऐना दाग र धूलो लागेर मैलो होला ?" "हुँदैन भन्ते ! त्यो झन् टल्कन थाल्नेछ ।" "महाराज ! यसरी नै एक त बुद्धधर्म स्वयं नै क्लेशरूपी मललाई हटाउनाले निर्मल छ; यदि बुद्ध-पुत्रले आफ्नो विनय-शीलादि गुणहरूले झन् सफा गर्दै रहून् भने, त त्यो धेरै वर्षसम्म खम्न सक्नेछ । संसार अर्हत्हरूबाट कहिल्यै खाली हुनेछैन । महाराज ! सोही अभिप्रायले भगवान्ले भन्नुभएको थियो… । महाराज ! भगवान्को धर्मको मूल अभ्यासमै छ । अभ्यास नै त्यसको तत्व हो ।"

"भन्ते ! तपाईं जो भन्नुहुन्छ कि सद्धर्मको लोप हुनेछ, त्यसको तात्पर्य के हो ?" "महाराज ! कुनै धर्मको लोप तीन प्रकारले हुन्छ ।" "कसरी तीन

[4] सुकाएर तयार पारेको गोबरको इन्धन

[5] १. अधिशील, (२) अधिचित्त र (३) अधिप्रज्ञा ।



https://dhamma.digital

प्रकारले ?" – (१) अधिगम अन्तर्धान (त्यसको ठीक-ठीक अभिप्रायलाई बिर्सनाले), (२) प्रतिपत्ति अन्तर्धान (धर्म अनुसार आचरण नगर्नाले) र (३) लिङ्ग अन्तर्धान (परम्परागत उत्सव-पर्व मनाउनु, भिक्षुहरूबाट शील लिनु आदि) लुप्त भइदिनाले । धर्मको ठीक-ठीक अभिप्रायलाई बिर्सनाले त्यसको पालन गर्नेहरूलाई पनि त्यसको जानकारी हुँदैन । धर्मअनुसार कसैले आचरण नगरेमा पनि शिक्षापदहरूको लोप भएर त्यसको चिन्ह मात्र बाँकी रहन्छ । यो धर्मको परम्परा नष्ट हुन्छ यिनै तीन प्रकारले जुसुकै धर्मको लोप हुन्छ ।"

"भन्ते नागसेन ! तपाईंले राम्ररी सम्झाउनुभयो । यस गम्भीर दुविधालाई प्रकट गरेर एकदम स्पष्ट देखाइदिनुभयो । गाँठोलाई काटिदिनुभयो । विपक्षका मतहरूको खण्डन गरिदिनुभयो अनि त्यसलाई फिक्का पारिदिनुभयो । तपाई गणाचार्यहरूमध्ये श्रेष्ठ हुनुहुन्छ ।"

## ८. अकुशलच्छेदन विषयमा प्रश्न

५७. "भन्ते नागसेन ! के भगवान्ले बुद्ध भएर आफ्ना सबै अकुशललाई जलाएर सर्वज्ञता प्राप्त गर्नुभएको हो कि, अथवा केही अकुशल रहँदा पनि सर्वज्ञ प्राप्त गर्नुभएको थियो ?" "महाराज ! सबै अकुशलहरू (पाप)लाई जलाएर भगवान् बुद्ध हुनुभएको थियो । उहाँमा कुनै पनि अकुशल (पाप) रहेको थिएन ।"

"भन्ते ! के उहाँलाई कुनै शारीरिक कष्ट भएको थियो ?" "हो महाराज ! राजगृहमा भगवान्को पाउमा ढुङ्गाको एउटा टुक्रा गडेको थियो । एक पटक उहाँलाई आउँ परेको थियो । पेट गडबड भएको बेलामा जीवक बैद्यले उहाँलाई एक पटक जुलाफ पनि दिएका थिए । एक पटक वायु बिग्रनाले उपस्थापक स्थविर आनन्दले उहाँलाई तातो पानी ल्याएर दिनुभएको थियो ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले सबै अकुशल पापलाई जलाएर सर्वज्ञता प्राप्त गर्नुभएको भए यो कुरो झूटो ठहरिन्छ कि उहाँले शारीरिक कष्ट उठाउनुभएको थियो । (ख) यदि उहाँले यथार्थमा यस्तो शारीरिक कष्ट उठाउनु परेको थियो भने यो कुरो झूटो ठहरिन्त कि उहाँले आफ्ना सबै अकुशलहरूलाई जलाउनुभएर सर्वज्ञ हुनुभएको थियो । भन्ते ! कर्मबिना सुख वा दुःखवेदना हुन सक्दैन । कर्मअनुसार



https://dhamma.digital

नै सुख अथवा दुःख हुन्छ सबै वेदना कर्मले बनेको हुन्छ । यो पनि एउटा दुविधा तपाईंको सामु राखेको छु । यसलाई खुलस्त पारेर सम्झाउनुहोस् ।"

५८. "होइन महाराज ! सबै वेदनाहरूको मूल कर्म मात्र हुन्न । वेदना हुनका आठ कारणहरू छन् जसमा पृथक्जनहरूले ( संसारका सम्पूर्ण जीव) वेदना (सुख-दुःख) भोग्छन् । ती आठ कुन चाहिं हुन ? (१) वायु बिग्रनु, (२) पित्तको प्रकोप हुनु, (३) कफ बढ्नु, (४) सन्निपात त्रिदोषज दोष हुनु, (५) ऋतुहरू फेरिनु, (६) खाने पिउने काममा गडबड हुनु, (७) बाहिरी प्रकृतिको अन्य प्रभाव र (८) आफ्ना कर्महरूको फल – यी आठ कारणहरूबाट प्राणीहरूले नाना प्रकारका सुख र दुः**ख भोग्छन् । महाराज** ! यिनै आठ कारणले ··· । महाराज ! जसले ठान्छन् कि कर्मकै कारणले मानिसहरु सुख-दुःख भोग्छन्, यस बाहेक कुनै अर्को कारण छैन, भनी ठान्नु भूल हो ।" "भन्ते नागसेन ! तैपनि अन्य सात कारणहरुको मूल कर्म नै हो; किनकि ती सबै कर्मले गर्दा नै उत्पन्न हुन्छन् ।"

"महाराज ! कर्मले गर्दा नै दुःखहरू उत्पन्न हुनेहुन् भने ती सबैलाई भिन्न-भिन्न रूपमा विभाजित गर्न सकिन्छ । महाराज ! वायु बिग्रनाका दस कारणहरु हुन्छन् - (१) ठन्डी (सर्दी), (२) गर्मी, (३) भोक, (४) तिर्खा, (५) अतिभोजन, (६) धेरै बेर उभिनु, (७) बढी परिश्रम गर्नु, (८) झटाझट (धेरै गतिले) हिँड्नु, (९) उपक्रम (बाहिरी प्रकृतिको अन्य प्रभाव) र (१०) आफ्नो कर्मको फल । यी दस कारणहरु मध्ये प्रथम नौवटाले पूर्वजन्म वा अर्को जन्ममा काम नगरी यसै जन्ममा काम गर्दछन् । त्यसो हुँदा यसै भन्न सकिन्न कि सबै सुख-दुःख कर्मकै कारणले हुन्छन् । महाराज ! पित्त बिग्रनाका पनि तीन कारणहरु छन् - (१) ठन्डी, (२) गर्मी र (३) कुबेलामा खानु । महाराज ! कफ बढ्नुका तीन कारणहरु छन् - (१) ठन्डी, (२) गर्मी र (३) खानपानमा गडबडी । यी तीन दोषहरुमध्ये कुनै एउटा बिग्रेमा खास-खास कष्ट हुन्छन् । यस्ता भिन्न-भिन्न प्रकारका कष्टहरु आ-आफ्ना कारणबाट उत्पन्न हुन्छन् । महाराज ! यसरी नै कर्मको फलबाट उत्पन्न हुने कष्ट थोरै छन्, धेरै त अर्को कारणले हुने हुन्छ । मूर्ख मानिसहरू ती सबैलाई कर्मकै फलले हुन्छ भन्ने सम्झन्छन् । बुद्धबाहेक अरु कसैले पनि भन्न सक्दैन कि कसको कर्मफल कहाँसम्म छ ।"

"महाराज ! भगवान्को पाउमा जुन एउटा ढुङ्गाको टुक्रोबाट काटिएको थियो, त्यसको कष्ट न वायु बिग्रनाले, न पित्त अथवा कफको प्रकोपले ··· किन्तु संयोगले कुनै घटनाबाट त्यसो भएको थियो । महाराज ! केही सय वा हजारौं वर्षदेखि भगवान्प्रति देवदत्तको शत्रुता थियो । सोही दुस्मनीबाट उनले



https://dhamma.digital

पहाडको ढिस्कोबाट एउटा ठूलो चट्टान भगवान्माथि पर्ने गरी गुडाए । तर बीचमा अर्को दुई चट्टान पर्नु जानाले त्यो तिनैमा ठक्कर खाएर भगवान् रहनुभएको ठाउँसम्म आइपुग्नु अगावै रोकियो । यसरी ठक्कर खाँदा ढुङ्गाको एउटा टुक्रा उछिट्टिएर भगवान्को पाउमा लाग्न जानाले रगत बग्न थाल्यो । महाराज ! भगवान्को यो कष्ट या त आफ्नो कर्मको फलबाट वा अरू कसैको कारणबाट भयो होला; अरू कुनै कारणले हुन सक्दैन ।"

"महाराज ! जस्तै खेत अथवा बीऊ असल हुनाले बाली सप्रन्दैन । महाराज ! त्यस्तै नै आफ्नो कर्मको विपाकले वा अरू कुनै कारणले गर्दा वेदना (कष्ट) उत्पन्न भएको हो ।"

"महाराज ! जस्तै पेटमा केही गडबड या भोजन असल नहुनाले पच्नमा केही कष्ट हुन्छ । महाराज ! त्यसरी नै भगवान्को यो कष्ट या त आफ्नो कर्मफलको कारण या कसैले गर्नाले भएको हो अरु कुनै कारणले भएको होइन ।" "त्यसो त महाराज ! कर्मफलले गर्दा अथवा खानपानमा तलमाथि पर्न जानाले भगवान्लाई कहिले पनि कष्ट भएको थिएन । हो, बाँकी छ कारणबाट केहिलेकाहीँ उहाँलाई कष्ट हुने गर्दथ्यो । तर त्यस्ता कष्टहरूमा यति बल थिएन जसले भगवान्को प्राण नै हरण गरून् ।"

५९. "महाराज ! महाभूत[६६]हरूबाट बनेको यस शरीरमा सुख र दुःख त भइरहन्छन् । महाराज ! आकाशमा माटोको ढिको फ्याँक्दा त्यो जमीनमा आएर खस्छ । त के पृथ्वीप्रति पहिले गरिएको कर्मले गर्दा नै त्यसमाथि यसरी वेगले त्यो (ढिको) खसेको हो ?" "होइन भन्ते ! त्यसमा असल वा खराब कर्महरु के होलान् जसबाट त्यसले सुख वा दुःख भोग्ला ! त्यो पृथ्वीको कर्मको फलबाट होइन किन्तु कसैले मास्तिर मिल्काउनाले नै यसरी आएर झर्छ ।" "महाराज ! यसरी नै, पृथ्वीलाई जस्तै भगवान्लाई सम्झनुपर्छ । जसरी पृथ्वीमा कुनै कर्मफल बिना नै ढिको भएर खस्छ, महाराज ! त्यसै गरी भगवान्को कुनै कर्मफल बिना नै उहाँको पाउमा त्यो ढुङ्गो आएर लागेको थियो ।"

"महाराज ! मान्छेहरु पृथ्वीमा खनजोत गर्छन् । त्यसो हो भने, के पृथ्वी आफ्नो पूर्वकर्महरुको फलले यसरी खनजोत गरिएको हो ?" "होइन भन्ते !" "महाराज ! यसरी नै भगवान्को पाउमा त्यो ढुङ्गो झरेको हो भन्ने सम्झनुपर्छ । भगवान्मा जुन आऊँ परेको थियो, त्यो पनि उहाँको कर्मको फलले होइन बरु सन्निपात (विषमज्वर) भएको हुनाले । भगवान्लाई अरू पनि जुन कष्टहरू भएका थिए ती सबै उहाँको कर्मफलले गर्दा त्यसो भएको नभई बाँकी छ कारणहरूमध्ये कुनै एक कारणले नै भएका थिए ।"

६०. "महाराज ! संयुत्तनिकायको मोलियसीवक नामको सूत्रमा[६७] स्वयं देवातिदेव भगवान्ले भन्नुभएको छ - 'सीवक ! संसारमा पित्त कुपित भएर



https://dhamma.digital

वेदना हुन्छ । स्वयं पनि यो बुझ्न सकिन्छ (कि केही पित्त कुपित भइदिनाले वेदना हुन्छ) र सबै जना यसलाई स्वीकार पनि गर्छन् । सीवक ! जुन श्रमण वा ब्राह्मणहरू यो कुरो स्वीकार गर्दै भन्छन् कि सबै सुख-दु:ख र असुख-अदु:ख तथा अनुभव आफ्नो कर्मफलले नै गर्दा हुन्छ, उनीहरू आफ्नो ज्ञान र मानिसहरूले मानेको कुरा-दुवैलाई नाघ्छन् । त्यसो हुँदा म भन्छु कि उनीहरूले त्यसो मान्नु भूल हो । कफ, वायु, सन्निपात ... बाट हुने कष्टहरूबारे पनि यसरी बुझ्नुपर्छ । स्वयं बुझ्न सक्छौं र संसारमा सबै मानिसहरु यो कुरालाई मान्छन् । सीवक ! जुन श्रमण र ब्राह्मणहरू यो स्वीकार गर्दै भन्छन् कि सबै अनुभव – सुख-दु:ख वा असुख-अदु:ख आफ्नो कर्मफलको कारणले नै हुन्छ उनीहरू आफ्नो ज्ञान र मानिसहरूले बुझेको कुरा – दुवैको अतिक्रमण गर्छन् । त्यसैले म भन्छु कि उनीहरूले यस्तो मान्नु मिथ्या हो ।”

“महाराज ! यसबाट यो निचोड निस्कन्छ कि सबै कष्ट कर्मफलले गर्दा नै भोग्नु पर्दैन । तपाईंले पूर्ण विश्वासपूर्वक यो कुरो मान्नुपर्छ कि भगवान्‌ले बुद्ध हुनुभन्दा अगावै आफ्ना सबै पापहरूलाई जलाइदिनुभएको थियो ।”

“साधु भन्ते नागसेन ! तपाईं जस्तो भन्नुहुन्छ त्यस्तै म स्वीकार गर्छु ।”

## ९. उत्तरिकरणीय प्रश्न

६१. “भन्ते नागसेन ! तपाईंहरु भन्ने गर्नुहुन्छ कि भगवान्‌ले जे गर्नु थियो, सो सबै उहाँले बोधिवृक्ष मन्तिर नै भइसकेको थियो । उहाँले अरू केही गर्न बाँकी रहेको थिएन; आफूले गरेको काममा केही अरू थप्नुपर्ने पनि बाँकी रहेको थिएन । साथै, यस्तो पनि सुनिन्छ कि तीन महिनासम्मका लागि उहाँले समाधि लगाउनुभएको थियो । (क) भन्ते नागसेन ! यदि भगवान्‌ले बोधिवृक्ष मन्तिर नै आफ्नो सबै कर्तव्य पूरा गर्नु भएको भए यो कुरो झुटो ठहरिन्छ कि तीन महिनासम्म उहाँले समाधि लगाउनुभएको थियो । (ख) र, यदि भगवान्‌ले साँच्चै तीन महिनासम्म समाधि लगाउनुभएको थियो भने, यो कुरो झुटो ठहरिन्छ कि बोधिवृक्ष मन्तिर नै उहाँले आफ्नो सबे कर्तव्य पूरा गर्नुभएको थियो । यदि आफ्नो सबै थोक पक्कै पूरा गर्नुभएको थियो भने समाधि लगाउनको के प्रयोजन ! भन्ते ! जसलाई रोग लागेको छैन, उसैलाई औषधी किन चाहियो ! भोका मानिसलाई नै भोजनको खाँचो पर्छ । जसको पेट भरेको छ, उसले भोजन लिएर के गर्ला ! भन्ते ! यसरी नै जसले आफ्नो सबै थोक पूर्ण गरिसकेको छ भने उसलाई समाधि लगाउन के खाँचो छ ? जसका केही



https://dhamma.digital

कर्म बाँकी रहेकै छैन उसलाई समाधि लगाउन के आवश्यक ! यो दुविधायुक्त प्रश्न तपाईंको सामु राखेको छु । तपाईंले उसको उचित्त उत्तर दिनुहोस् ?"

"महाराज ! यी दुइटै कुराहरु ठीक छन् कि भगवान्‌ले बोधिवृक्षमन्तिर आफ्नो सबै कर्तव्य पूरा गर्नुभएको थियो र यो पनि ठीक हो कि तीन महिनासम्म उहाँले समाधि लगाउनुभएको थियो । महाराज ! समाधिमा धरै गुणहरु छन् । सबै तथागतहरूले समाधिद्वारा नै बुद्धत्व प्राप्त गरेका हुन् । उनीहरुले बुद्धत्व प्राप्त गरेपछि पनि त्यसका असल गुणहरुको सम्झना गर्दै त्यसको प्रयोग गर्ने गर्दछन् ।"

"महाराज ! कसैले राजाको सेवा गरोस् । ऊदेखि खुशी भई राजाले उसलाई ठूलो बकस (पुरस्कार) दिऊन् । त्यस इनामको सम्झना गरेर उसले राजाको सेवा झन् धेरै गरोस् । अथवा कुनै योगी मानिस वैद्यनिर गई आफ्नो उपचार राम्ररी गराउन उनलाई थुप्रै दानदक्षिणा दिएर उनको सेवा गरोस् । उपचार पछि स्वस्थ भइसक्दा पनि वैद्यले गरेको उपकार सम्झेर फेरि उनको सेवा गरोस् । महाराज ! त्यसरी नै, सबै तथागतहरूले समाधि लगाएर नै बुद्धत्व प्राप्त गरेका हुन् । त्यसैले त उनीहरुले त्यसका गुणहरुको सम्झना गरी उनको सेवन बुद्धत्व प्राप्ति पछि पनि गर्दैरहन्छन् ।"

६२. "महाराज ! समाधिका अट्ठाइस गुणहरू छन्, जसलाई देखेर सबै तथागतहरु त्यसको सेवन गर्दछन् । ती अट्ठाइस गुणहरू कुन कुन हुन् ? ती हुन् (१) आफ्नो रक्षा हुन्छ, (२) दीर्घ जीवन हुन्छ, (३) बल बढ्छ, (४) सबै अवगुणहरू नष्ट हुन्छन्, (५) सबै अपयश मेटिन्छ, (६) यश बढ्छ, (७) असन्तोष (अरति) मेटिन्छ, (८) पूर्ण सन्तोष हुन्छ, (९) भय हट्छ, (१०) निर्भिकता आउँछ, (११) आल्स्याइँ मेटिन्छ, (१२) उत्साह बढ्छ, (१३-१५) राग, द्वेष र मोह नष्ट हुन्छन्, (१६) झुटो अभिमान रहँदैन, (१७) सबै शङ्का (वितर्क) मेटिन्छ, (१८) चित्त एकाग्र हुन्छ, (१९) मन निकै हलौं हुन्छ, (२०) चित्त सदा प्रसन्न रहन्छ, (२१) गम्भीरता आउँछ, (२२) धेरै फाइदा हुन्छ, (२३) नम्रता आउँछ, (२४) प्रीति उत्पन्न हुन्छ, (२५) प्रमोद (हर्ष) हुन्छ, (२६) सबै संस्कारहरूको क्षणिकता थाहा हुन्छ, (२७) पुनर्जन्मबाट छुट्कारा प्राप्त हुन्छ, ( २८) श्रमणभावको वास्तविक फलहरू प्राप्त हुन्छन् । महाराज ! समाधिका यी अट्ठाइस गुणहरू देखेर तथागतहरूले त्यसको सेवन उपयोग गर्दछन् ।"

६३. "महाराज ! आफ्ना इच्छाहरूलाई मेटेर सबै तथागतहरू एकाग्रचित्त हुनुमा जुन प्रीति हुन्छ त्यसैमा लीन हुन समाधि लगाउँछन् । महाराज ! चार कारणहरूबाट तथागतहरूले समाधि लगाउँछन् । 'कुनचाहिँ चार कारण ?' ती हुन् – (१) सुखपूर्वक (निरापद) विहार, (२) औधि श्रेष्ठ गुणहरु रहनु, (३) उच्च उद्देश्यहरूको एकमात्र बाटो हुनु र (४) सबै बुद्धहरूद्वारा



https://dhamma.digital

यसको औधी प्रशंसा गरिनु । यिनै कारणहरूले गर्दा तथागतहरू यसको सेवन गर्दछन् । महाराज ! यस निम्ति होइन कि बुद्धहरूले केही गर्न बाँकी रहेको छ, अपितु समाधिका यस्ता गुणहरू बुझेर नै उनीहरु यसको अभ्यास गर्दछन् ।"

"भन्ते नागसेन ! तपाईंले एकदम ठीक भन्नुभयो । मलाई यो स्वीकार छ ।"

## १०. ऋद्धि बलप्रदर्शनको विषयमा प्रश्न

६४. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'आनन्द ! तथागतले चारैवटा ऋद्धिपादहरूको भावना गरिसक्नुभएको हुन्छ । उहाँले चारैवटाको पूर्ण अभ्यास गरिसक्नुभएको हुन्छ । तिनमा चारैवटाको पूर्ण विस्तार भइसकेको हुन्छ । चारैवटाको आधारमा बुद्ध अचल उभिनुहुन्छ । चारैवटाको अनुष्ठान गरिएको हुन्छ । चारैवटा राम्ररी परिचित भएको हुन्छ अनि तिनको उच्चभन्दा उच्च विकास भइसकेको हुन्छ । आनन्द ! यदि तथागतले इच्छा गर्नुभएमा उहाँ कल्पभरि अथवा बाँकी रहेको कल्पसम्म बाँचिरहन सक्नुहुन्छ ।' साथै, भगवान्ले यो पनि भन्नुभएको छ – 'आजदेखि तीन महिना व्यतीत भएपछि परिनिर्वाण प्राप्त गर्नुहुनेछ ।' 'भन्ते नागसेन ! (क) यदि भगवान्ले ठीक भन्नुभयो कि बुद्ध ⋯ कल्पभरि ⋯ रहन सक्नुहुन्छ त तीन महिनाको अवधि तोक्ने कुरा झुटो ठहरिन्छ । (ख) फेरि, यदि तीन महिनाको अवधि तोक्नु कुरो साँचो हो भने, यो कुरो असत्य ठहरिन्छ कि उहाँ कल्पभरि ⋯ रहन सक्नुहुन्छ । किनकि बुद्ध विना कुनै आधार बाह्रसत्ताइस कुरा गर्नुहुन्न; बुद्धहरूको बोली कहिल्यै अकाद्य हुँदैन; बुद्धहरूको वचन जस्ताको तस्तै पूर्ण हुने खालको हुन्छ । यो पनि एउटा गम्भीर दुविधा तपाईंका सामु प्रस्तुत गरेको छु, जो निकै सूक्ष्म र कठिनताले बुझिने खालको छ । कुतर्कलाई खण्डन गर्नुहोस् एउटा नतिजामा पुग्नुहोस्, विपक्षलाई परास्त गर्नुहोस् ।"

"महाराज ! बुद्धले दुइटै कुरा ठीक भन्नुभएको छ । यहाँ कल्पको तात्पर्य आयुकल्प (पूर्ण जीवन=अर्थात् १०० अथवा १२० वर्षको जीवन) हो । महाराज ! भगवान्ले यसो आज्ञा गर्नु भएर आफ्नो बल यति छ भनेर भन्नुभएको होइन, किन्तु ऋद्धिबलको यर्थाथमा प्रशंसा गर्नुभएको हो । महाराज ! तथागतले चारैवटा ऋद्धिपादहरूको भावना गरिसक्नुभएको हुन्छ ।"

"महाराज ! जस्तै कुनै राजाको एउटा बडो असल घोडा होस् । त्यो घोडा अत्यन्त छिटो दगुर्ने खालको होस् । राजाले त्यस घोडाको वेगको प्रशंसा गर्नु हुँदै जिल्लाका नोकर चाकरहरू, सिपाहीहरू, ब्राह्मणहरू, गृहपतिहरू र आफ्ना अमात्य, अधिकारीहरूसित खुला दरबारमा बसेर भनून् – 'यदि यो



https://dhamma.digital

घोडाले चाहेमा एकै छिनमा समुद्रको किनारैकिनार सारा पृथ्वीभरि चक्कर लगाएर यहाँ आउन सक्छ ।' राजाले यहाँ घोडाको प्रशंसा गरेको थोरै हो । यथार्थ घोडामा साँच्चै नै यस्तै दौडन सक्ने क्षमता छ । महाराज ! त्यसरी नै, भगवान्ले आफ्नो ऋद्धिको बलको प्रशंसा गर्दै त्यसो भन्नुभएको थियो । त्यो पनि तीन विद्याहरू[६८] जान्ने, छ अभिज्ञाहरू[६९] (दिव्यशक्ति) ले युक्त, शुद्ध र क्षीणस्रव अर्हत्हरू, देवताहरु र मानिसहरूका माझ भन्नुभएको थियो – 'आनन्द ! बुद्ध चारै ऋद्धिपादहरूको भावना ··· । आनन्द ! यदि बुद्धले चाहनुभएमा कल्पभरि ··· रहन सक्नुहुन्छ ।' महाराज ! भगवान्मा त्यो शक्ति साँच्चै थियो कि उहाँ कल्पभरि ··· रहन सक्नुहुन्थ्यो । किन्तु उहाँलाई त्यस सभालाई यो शक्ति देखाउनु थिएन । महाराज ! भगवान्मा कायम रहने सबै इच्छाहरू (भव-तृष्णा) नष्ट भइसकेको थियो । उहाँले यसको घरिघरि निन्दा गर्नुभएको छ । भगवान्ले यसो पनि भन्नुभएको छ – 'भिक्षु हो ! जसरी अलिकति मल पनि दुर्गन्ध दिने खालको हुन्छ, त्यसरी नै, संसारमा कायम रहने आंशिक इच्छालाई म नजाती ठान्दछु ।' "महाराज ! जब भगवान्ले संसारमा कायम रहनुलाई मलभन्दा पनि फोहर बताउनुभयो भने, के सोही इच्छामा त्यसै अझै पनि लिप्त रहनु होला ?" "रहनुहुन्न भन्ते !" "महाराज ! त्यसो भए भगवान्ले केवल ऋद्धिबलको उत्कर्षलाई देखाउने अभिप्रायले नै त्यसो भन्नुभएको थियो ।"

"ठीक छ भन्ते नागसेन ' म स्वीकार गर्दछु ।"

**(यस वर्गमा दश प्रश्नहरु छन् ।)**

**पहिलो ऋद्धिबलवर्ग समाप्त ।**



https://dhamma.digital

# ४. मेण्डक प्रश्न

**(ख) योगिकथा**

## २. अभेदवर्ग

### १. क्षुद्रानुक्षुद्रविषयक प्रश्न

१. "भन्ते नागसेन ! भगवान्‌ले यसो पनि भन्नुभयो – 'भिक्षु हो ! म स्वयं जानेर नै धर्मको उपदेश गर्छु, नजानेर होइन ।'[७०] साथै, विनय प्रज्ञप्तिको बेलामा भगवान्‌ले यो पनि भन्नुभएको छ – 'आनन्द ! मेरो परिनिर्वाणपछि यदि सङ्घले उचित ठानेमा सानातिना नियमहरूलाई परिवर्तन गर्न सक्दछन् ।' भन्ते नागसेन ! त्यसो हो भने, के सानातिना नियमहरू सम्झने-बुझ्ने नगरेर त्यसै बनाएका थिए, या कुनै आधार बेगर त्यसै खडा गरिएका थिए जो भगवान्‌ले तिनलाई बदल्नुपर्छ भने र भन्नुभएको थियो ।" "भन्ते नागसेन ! (क) यदि भगवान्‌ले यो ठीक भन्नुभएको हो कि म स्वयं जानेर नै धर्मको उपदेश दिन्छु, नजानेर होइन, त यो कुरा झूटो ठहरिन्छ कि उहाँले बताउनुभएको सानातिना नियमहरूलाई बदल्न अनुमति दिनुभएको थियो ? (ख) र, यदि उहाँले यस्तो अनुमति साँच्चै दिनुभएको थियो भने यो कुरा झूटो ठहरिन्छ कि उहाँ स्वयं जानेर नै धर्मको उपदेश दिनुहन्थ्यो, नजानेर होइन ? भन्ते ! यो पनि दुविधायुक्त प्रश्न तपाईंका सामु राखेको छु जो निकै सूक्ष्म, निपुण, गम्भीर र गाह्रैसित बुझ्न सकिन्छ । यहाँ तपाईं आफ्नो ज्ञान-बलको परिचय दिएर यसलाई स्पष्ट गर्नुहोस् ।"

"महाराज ! भगवान्‌ले माथिका दुइटै कुरा ठीक भन्नुभएको हो । विनयप्रज्ञप्तिको समयमा जो भन्नुभएको हो – 'आनन्द ! मेरो परिनिर्वाणपछि यदि सङ्घले उचित ठानेमा सानातिना नियमहरुलाई परिवर्तन गर्न सक्दछ । उहाँले भिक्षुहरुको परीक्षा गर्नको लागि भन्नुभएको थियो कि हेरूँ, यसो भनेर ती सानातिना नियमहरूलाई झिकिदिन्छन् या तिनमा दृढ रहन्छन् ।"

"महाराज ! जस्तो कि कुनै चक्रवर्ती राजाले आफ्ना छोराहरुलाई भनून् – 'प्यारा छोराहरू ! यो ठूलो देश चारैतिर समुद्रसम्म फैलिएको छ । जति सेना हामीहरूसँग छ, यसबाट यति ठूलो देशलाई वशमा राख्न बडो गाह्रो छ । सुन, म मरेपछि सीमापारिका प्रान्तहरूलाई छाडिदिनु ।' महाराज ! त्यसो हो भने के ती राजकुमारहरूले आफ्ना हातमा आएका ती प्रान्तहरूलाई



https://dhamma.digital

छाड्लान् ?" "अहँ, भन्ते ! राजकुमारहरू त निकै लोभी हुन्छन् । अझ उनीहरूले दोब्बर या तेब्बर अन्य प्रान्तहरू पाएमा दखल गर्नेछन्; हातमा आएकोलाई छाड्नु त परै जाओस् ।"

"महाराज ! यसरी नै भगवान्ले भिक्षुहरूको जाँच लिन नै त्यसो भन्नुभएको थियो । तर महाराज ! धर्मको लोभले र दुःखबाट मुक्त हुनका लागि भिक्षुहरू अढाईसय नियमहरुको पालन गर्नेछन्; नियमहरूलाई छाड्न त परै जाओस् ।"

"भन्ते नागसेन ! भगवान्ले जे भन्नुभयो – 'सानातिना नियमहरूलाई' सो बुझ्न मानिसहरूलाई बडो गाह्रो पर्छ । मानिसहरू दुविधामा पर्छन् अनि पत्तो पाउन सक्दैनन् कि कुनचाहिँ नियम साना र कुनचाहिँ ठूला छन् । मानिसहरूलाई यसमा ठूलो शङ्का छ ।" "महाराज ! सबै दुक्कट आपत्तिहरू[७२] (विनयको पारिभाषिक शब्द) साना र दुर्भाषित आपत्तिहरू ठूला नियम हुन् । यिनै दुई सानातिना नियम हुन् । महाराज ! पहिलेका स्थविरहरूलाई पनि धर्मसभाको बैठकमा यसको निर्णय गर्न एक पटक दोधारमा पर्नु परेको थियो । उनीहरूले पनि यसको सर्वसम्मत निर्णय गर्न सकेका थिएनन् । भगवान्लाई यो पहिले नै थाहा थियो कि यो प्रश्न पछि उठ्ने छ ।" "भन्ते ! आज तपाईंले संसारका सामु यसलाई स्पष्ट गरिदिनुभयो, जसलाई भगवान्ले गुप्त राख्नुभएको थियो । भगवान्ले जान्नुहुन्थ्यो कि पछि गएर त्यस बेलाका परिस्थितिहरूले भिन्दै परिस्थितिहरू ल्याउला, जसमा ती सानातिना नियमहरूलाई पालन गर्नुको कुनै प्रयोजन रहने छैन ।"[७३] यही सोचेर भगवान्ले सानातिना नियमहरूलाई छाडिदिने वा तिनमा परिवर्तन गर्ने शक्ति; खाँचो परेमा सङ्घलाई दिनुभएको थियो ।"

"भन्ते नागसेन ! भगवान्ले प्रज्ञप्ति गर्नु भएको कुरालाई आज तपाईंले संसारको अगाडि स्पष्ट हुने गरी बताई दिनुभयो ।"

## २. अव्याकरणीय प्रश्न

२. "भन्ते नागसेन ! भगवान्ले यसो पनि भन्नुभएको छ – 'आनन्द ! धर्मोपदेश गर्ने काममाअन्य आचार्यहरूझैं बुद्धले केही लुकाएर ( आचार्यमुष्टि=रहस्य) राख्नुहुन्न ।[७४] फेरि स्थविर मालुङ्ग-पुत्रले[७५] प्रश्न सोध्दा भगवान्ले केही पनि उत्तर दिनुभएन । यो कुरो दुई कारणहरूबाट मात्र बुझ्न सकिन्छ – (१) या त त्यस प्रश्नको उत्तर थाहा नभएकोले, अथवा (२) बुझेर पनि त्यसलाई लुकाउने विचारले ।' "भन्ते नागसेन ! (क) यदि यो कुरो साँचो



https://dhamma.digital

हो कि बुद्धले केही नलुकाई धर्मोपदेश गर्नुहुन्छ भने, मालुङ्ग-पुत्रको प्रश्नको उत्तर नबुझ्नाले नै भगवान् चुप लाग्नुभयो होला । (ख) र, यदि त्यसको उत्तर नबुझ्नाले चुप लाग्नुभयो भने त्यो कुरा लुकाउने दोष उहाँलाई लाग्छ । भन्ते ! यो दुविधायुक्त प्रश्न तपाईंको सामु राखेको छु । तपाईं यस विषयलाई स्पष्ट पार्नुहोस् ।"

३. "महाराज ! भगवान्ले यथार्थमा आनन्दलाई भन्नुभएको थियो कि केही नलुकाएर बुद्धले धर्मोपदेश गर्नुहुन्छ र यो कुरो पनि साँचो हो कि मालुङ्ग-पुत्रले प्रश्न सोध्दा उहाँले त्यसको कुनै उत्तर दिनु भएन । तर त्यो नबुझ्नाले वा लुकाउने मनसायले गर्दा होइन ।"

४. "महाराज ! कुनै प्रश्नको उत्तर चार किसिमले दिन सकिन्छ ।" "कुन चार किसिमले ?" (१) कुनै प्रश्नको उत्तर त सोझो प्रकारले सफासँग दिइन्छ, (२) कुनै प्रश्नको उत्तर विभाजित गरेर दिइन्छ, (३) कुनै प्रश्नको उत्तर भने अर्को प्रश्न सोधेर दिन सकिन्छ, (४) कुनै प्रश्नको उत्तर त्यसलाई चटक्क छाडेर दिइन्छ ।"

१. "कुन प्रकारको उत्तर सोझै र स्पष्ट तवरले दिइन्छ ?" "के रूप अनित्य छ ? के वेदना अनित्य छ ? के संज्ञा अनित्य छ ? के संस्कार अनित्य छ ? के विज्ञान अनित्य छ ? आदि प्रश्नहरूको उत्तर सोझै र स्पष्ट तवरले दिइन्छ ।"

२. "कुन प्रश्नको उत्तर विभाजित गरेर दिइन्छ ?" "के रूप ..., वेदना ..., संज्ञा ..., संस्कार ..., विज्ञान ... अनित्य छन् ? आदि प्रश्नहरूको उत्तर एक एक गरी विभाजित गरी उत्तर दिइन्छ ।"

३. "कुन प्रश्नहरूको उत्तर अर्को प्रश्न सोधेर दिइन्छ ?" "के यी आँखाले सबै चीज जान्न सकिन्छ ? आदि प्रश्न्हरूको उत्तर दिन सकिन्छ ।"

४. "कुन प्रश्नहरूको उत्तर तिनलाई एकदमै छाडेर दिन सकिन्छ ? के लोक शाश्वत (नित्य) छ ? के लोक अशाश्वत छ ? के लोकको कतै अन्त छ ? के लोकको कहिँ पनि अन्त छैन ? के लोकको कतै अन्त छ पनि र कतै छैन पनि ? के लोकको न त कतै अन्त छ र कतै छैन पनि ? के जो जीव छ त्यही शरीर हो ? के जीव अर्को हो र शरीर अर्कै ? के तथागत परिनिर्वाणपछि पनि रहनुहुन्छ ? के तथागत परिनिर्वाणपछि रहनुहुन्न ? के तथागत परिनिर्वाणपछि न रहनुहुन्छ र न रहनुहुन्न ? आदि ... ।"

५. "महाराज ! मालुङ्ग-पुत्रको प्रश्न यस्तो थियो कि त्यसलाई चटक्क छाडेर नै त्यसको उत्तर ठीक तवरले दिन सकिन्थ्यो । त्यसैले त्यसको उत्तरमा भगवान्ले केही पनि भन्नुभएन । र, त्यो प्रश्न यस्तो कसरी थियो कि त्यसको उत्तर त्यसलाई एकदम चटक्क छाडेर नै दिन सकिन्थ्यो, किनभने त्यसलाई



https://dhamma.digital

बढाएमा कुनै तात्पर्य नै निस्कँदैन । त्यसैले त्यसलाई एकदमै छाडिदिनु नै बेस थियो । भगवान् बुद्धले विनाकारण नचाहिँदो कुरा बोल्ने गर्नु हुन्नथ्यो ।"

"ठीक छ भन्ते नागसेन ! यो कुरो यस्ते हो । म यसलाई स्वीकार गर्दछु ।"

## ३. मृत्यु-भय विषयमा प्रश्न

६. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'सबै मानिसहरू दण्डले काँप्छन्; सबैलाई मृत्युदेखि निकै डर लाग्छ ।'[७६]साथै उहाँले यो पनि भन्नुभएको छ – 'अर्हत् सबै डर भयदेखि टाढा भईसकेको हुन्छ ।' भन्ते के अर्हत् दण्डदेखि काँप्दैनन् ? र के नरकमा परेका जीवहरू त्यहाँको आगोमा पचेर त्यहाँ मरेपछि महानरक[७७] बाट छुट्कारा पाउन पनि डराउँछन् ? भन्ते ! (क) यदि भगवान्ले यो ठीक भन्नुभएको हो कि – सबै मानिसहरू दण्डले काँप्छन्; सबै मानिसहरुलाई मृत्युदेखि औधी डर लाग्छ; त यो कुरो झूटो ठहरिन्छ कि 'अर्हत् सबै डर भयदेखि पर हुन्छ ।' (ख) अनि, यदि यो कुरो साँचो हो कि 'अर्हत् डरदेखि छुट्टै रहन्छन्', त यसो भन्न सकिन्न कि सबै जना दण्डदेखि काँप्छन् । भन्ते ! यो दुविधायुक्त प्रश्न पनि तपाईंका सामु राखेको छु ··· । तपाईं यसलाई खुलस्त सम्झाउनुहोस् ।"

७. "महाराज ! भगवान्ले जो भन्नुभएको थियो – 'सबै मानिसहरू दण्डले काँप्छन् ···,' यसमा उहाँले अर्हत्हरूलाई सामेल गर्नुभएको थिएन । अर्हत्, यस नियमका अपवाद छन् । उनीहरूलाई कहीँ डर हुन सक्ला र ? उनीहरूको त डरको सबै कारण नष्ट भइसकेको हुन्छ । भगवान्ले त यो केवल त्यस्ता संसारी जीवहरूको बारे भन्नुभएको थियो जो क्लेशले युक्त छन्, जो आत्माको विश्वासमा अहिलेसम्म अल्झी रहेका छन् र जो सुख-दुःखमा डुबेका छन् । महाराज ! अर्हत्हरू आवागमनदेखि पर रहन्छन् भिन्नभिन्न योनिहरूमा जान उनीहरू रोकिन्छन्, उनीहरू फेरि जन्म ग्रहण गर्दैनन् । उनीहरूको तृष्णाका खमाहरू खस्कन्छन्, संसारमा कायम रहने सम्पूर्ण इच्छाहरू हटेर जान्छन्, सबै संस्कारहरू रोकिन्छन्, उनीहरूका लागि पाप र पुण्यको प्रश्न नै रहँदैन, अविद्या नष्ट हुन्छ, विज्ञानमा फेरि उत्पन्न हुने शक्ति रहन्न, सबै कलेशहरू जलेर जान्छ, लोकधर्म (संसारका विषयहरु) मा उनको गमन रोकिन्छ । त्यसैले, अर्हत्हरू सबै भय एकै पल्ट ओइरिए पनि डराउँदैनन् ।"

"महाराज ! जस्तै कुनै राजाका चार अधिकारीहरू होऊन्, जो निकै स्वामिभक्त, यशस्वी र विश्वासी पात्र होऊन्, उच्चपद पाएका होऊन् ।



https://dhamma.digital

त्यसबेला कुनै काम आइपरेमा राजाले आफ्नो राज्यका सबै प्रजाजनमा लागू हुने कुनै हुकुम जारी गरून् – 'सबै मानिसहरूले आएर मेरा सामु कोसेली चढाउनु ।' आफ्ना चार अधिकारीहरूलाई यस कुरोको रेखदेख गर्न आज्ञा दिऊन् । महाराज ! त्यसो हो भने के कोसेली चढाउने कुरोले गर्दा अधिकारीहरूमा भय उत्पन्न हुन्छ ?" "हुँदैन भन्ते !" "त्यसो किन ?" "भन्ते ! उनीहरू त राज्यका सबभन्दा ठूला दर्जामा पुगिसकेका हुन्छन् । उनीहरूले कोसेली चढाउनु पर्दैन । उनीहरू त यस कामबाट छुट्टी पाई सकेका हुन्छन् । उनीहरू बाहेक अरूहरूका लागि त्यो आज्ञा थियो – 'सबै जना आएर मलाई कोसेली चढाऊ ।' महाराज ! यसरी नै भगवान्ले अर्हत्हरूका लागि यो कुरो भन्नुभएको होइन कि , 'सबै मानिसहरू दण्डले काँप्छन्; सबै जना मृत्युदेखि डराउँछन् । अर्हत्हरूको भयको त सबै कारणहरू नष्ट भइसकेको हुन्छ । यस नियमबाट अर्हत्हरू अपवादमा रहन्छन् । यो त उनीहरूकै बारेमा भनिएको हो, जसका साथ क्लेश रहेको छ । भगवान्ले यो केवल ती क्लेश भएका प्राणीहरूको विषयमा भन्नुभएको थियो ।"

"भन्ते नागसेन ! तर सबै मानिसहरू भन्ने शब्दले कसैलाई पनि अपवाद गर्दैन । यस शब्दको प्रयोगले कोही पनि छुट्दैन । आफ्नो भनाइलाई पुष्ट पार्न थप प्रमाण दिनुहोस् ।"

"महाराज ! जस्तै कुनै गाउँको मुखिया (जमिनदार) ले आफ्नो सिपाहीलाई भनोस् – 'गाउँका सबै रैतीहरूलाई मेरा सामु तुरुन्त भेला गर ।' सिपाहीले जमिनदारको आज्ञा अनुसार गाउँमा गएर तीन पटक जोडले कराएर भनोस् – 'गाउँलेहरू हो ! सबै जना मालिककहाँ गएर तुरुन्त भेला होऊ ।' सिपाहीको यो समाचार सुनेर सबै गाउँलेहरू हतार गर्दै जमिनदारनिर भेला भएर भनून् – 'मालिक ! सबै जना आइपुग्यौं अब तपाईं जे भन्न चाहनुहन्छ सो भन्नुहोस् । महाराज ! 'सबै जना' भन्नाले सबै जेठाबाठा र घरका अगुवाहरूकै अर्थ निस्कन्छ । 'सबै जना आऊ' भन्नाले पनि गाउँका ठूला र अगुवा नै आउँछन् । जमिनदार पनि यतिमा नै सन्तोष हुन्छ – यति मात्र मानिसहरू मेरो गाउँमा छन् । तर अरू पनि धेरै मानिसहरू रहन्छन् जो आउँदैनन् । स्त्री, पुरुष, दासी, नोकर, ज्यामी, विरामी, गोठाला आदि यद्यपि आउँदैनन् तथापि तिनीहरूको गन्ती गरिन्न । वयस्क र घरका अगुवाहरूबारे आज्ञा दिइएको हुन्छ । महाराज ! यसरी नै अर्हत्हरूलाई भगवान्ले भन्नुभएको होइन – 'सबै जना दण्डले काँपछन्; सबै जनालाई मृत्युदेखि निकै डर लाग्छ ।' ··· डर लाग्ने सबै कारणहरू अर्हत्हरूमा नष्ट भइसकेको हुन्छ ।"

८. **चार प्रकारका कुराहरू** महाराज ! भनिएको कुनै कुराको अर्थ चार प्रकारले बुझ्न सकिन्छ – (१) सावशेष वचनको सावशेष अर्थ हुन्छ= केही



https://dhamma.digital

यस्तो कुराहरू हुन्छन् जो न व्यापक रूपमा भनिएको हुन्छ न त्यसको अर्थ व्यापक रूपमा बुझिन्छ । (२) सावशेष वचनको निरवशेष अर्थ हुन्छ= केही यस्ता कुराहरू हुन्छन् जो व्यापक रूपमा चाहिँ भनिन्न तर तिनको अर्थ व्यापक रूपमै बुझिन्छ । (३) निरवशेष वचनको सावशेष अर्थ हुन्छ = केही यस्ता कुराहरू हुन्छन् जो व्यापक रूपले त भनिन्छ, तर तिनको अर्थ व्यापक रूपमा बुझ्न सकिन्न र, (४) निरवेशेष वचनको निरवशेष अर्थ हुन्छ = केही यस्ता कुराहरू हुन्छन् जो व्यापक रूपले पनि भनिन्छ र व्यापक रूपले बुझिन्छ । त्यसैले कुनै कुरोलाई बुझ्नु भन्दा पहिले त्यसलाई ती-ती अर्थमा विभाजित गर्नुपर्छ ।

"महाराज ! कुनै कुराको ती अर्थमा पुग्न त्यसलाई पाँच प्रकारले विभाजन गर्नुपर्छ – (१) भन्नुभन्दा पहिले पछिल्लो प्रसङ्ग हेरेर, (२) भनिएको कुरालाई जोखेर, (३) भन्ने मानिसका आचार्यहरूका परम्परा बुझेर, (४) भन्नुपर्ने उद्देश्य के हो, त्यसलाई बुझेर अनि (५) त्यस कुराका प्रमाणहरू हेरेर ।"

(१) 'भन्नुभन्दा पहिले पछिल्लो प्रसङ्ग देखेर' को अर्थ हो सूत्रहरूमा त्यो कुरो कहाँ र कहिले भनिएको हो, त्यसमा विचार गरेर ।

(२) 'भनिएको कुरालाई जोखेर' को अर्थ हो – त्यसलाई अन्य सूत्रहरूसँग मिलाएर (दाँजेर) ।

(३) 'भन्ने मानिसका आचार्यको परम्परालाई बुझेर'– किनभने भिन्न-भिन्न परम्पराहरूका भिन्न-भिन्न सिद्धान्त प्रचलित हुन्छन् ।

(४) 'भन्नुपर्ने उद्देश्य के हो, त्यसलाई बुझेर' अर्थात् भन्ने मानिस कुन विचारले यस्तो भन्दैछ, त्यसलाई बुझेर ।

(५) 'त्यस कुराका प्रमाणहरूलाई हेरेर' को अर्थ हो – माथिको चार कुराहरू दृष्टित गरेर । महाराज ! यसरी अर्थ बुझ्नुपर्छ, त्यहीबाट नै प्रश्नको निष्कर्षमा पुगिन्छ ।

९. "बडो बेस, भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ म स्वीकार गर्दछु । 'अर्हत्‌हरू त्यस नियमका अपवाद मानिन्छन्' – सो म स्वीकार गर्दछु । अर्को कुरो – मानिसहरूलाई नै डर लाग्छ ।"

"भन्ते ! अब यो कुरा बताउनुहोस् कि के नरकमा परेका जीवहरू पनि मरेर त्यहाँबाट छुट्कारा पाउन डराउँछन् ? ती जीवहरू जो नरकका तीक्ष्ण कटु दुःख भोगी रहेका छन्; जसका सबै अङ्ग-प्रत्यङ्ग जलिरहन्छन्, अत्यन्त करुणपूर्वक रुनाले जसको मुख रातो-पहेंलो भइरहेको हुन्छ, जो आफ्ना कटु दुःख सहन गर्न असमर्थ भइरहेका हुन्छन्, जसको कुनै त्राण छैन, जसको कतै सुरक्षा छैन, जो निकै शोकमा रहेका छन्, जसको झन् बढी दुर्गति हुने भएको



https://dhamma.digital

छ, जसको शोकैशोक मात्र बाँकी रहेको छ, जो तातो तीक्ष्ण र जल्दोबल्दो आगोका ज्वालामा सल्किरहेका हुन्छन्, जुन नरकमा घोर भयङ्कर उच्च शब्द आइरहेको हुन्छ, जो आगोको ज्वालाको मालाले सबैतिर बेरिएका हुन्छन् – जुन आगोको ज्वाला चारैतिर सय योजनसम्म फैलिएको छ ?" "हो महाराज ! ती जीवहरूलाई पनि मृत्युदेखि डर लाग्छ ।"

१०. "भन्ते नागसेन ! नरकमा त निश्चय नै दुःखैदुःख भोग्नुपर्छ । त्यसो भए ती जीवहरू मरेर त्यहाँबाट छुट्कारा पाउन पनि किन डराउँछन् ? के उनीहरूलाई नरक पनि यति प्यारो हुन्छ ?" "होइन महाराज ! उनीहरूलाई नरक प्यारो हुन्न । उनीहरू त्यहाँबाट छुटकारा पाउन बडो चिन्तित हुन्छन् । मृत्युको नाम मात्रले एउटा यस्तो आतंक फैलिन्छ जसले गर्दा उनीहरूलाई ठूलो डर उत्पन्न हुन्छ ।" "भन्ते नागसेन ! मैले यो कुरो बुझ्न सकिन कि त्यहाँबाट छुटकारा पाउन आतुर भएर पनि उनीहरूलाई मर्न डर लाग्छ । यो त उनीहरूका लागि निकै आनन्दको कुरो हुनुपर्छ कि उनीहरू जे चाहन्छन्, त्यही प्राप्त भइरहेछ । मलाई कुनै अर्को प्रमाण दिएर सम्झाउनुहोस् ।"

(क) "महाराज ! मृत्यु एउटा यस्तो चीज हो जसबाट अज्ञानीहरूलाई सदा डर लागिरहन्छ । यसबाट तर्सेर मानिसहरू विचलित हुन्छन् । महाराज ! जुन मानिसहरू कालो सर्पदेखि तर्सन्छन्, उनीहरु मृत्युकै भयले, जो हात्ती, सि.ह, बाघ, चितुवा, ब्वाँसो, भालु, जंगली भैंसी (अर्ना), गोरु, आगो, पानी, काँडा, भाला र तीरदेखि डराउँछन्, उनीहरूका मृत्युको भयले नै । महाराज ! मरणको भय नै यस्तो छ । त्यही भयमा आएर उनीहरू (जोसँग क्लेश छ), मर्नलाई अति डराउँछन् । यसै कारण नरकमा परेका जीवहरू पनि जो त्यहाँबाट छुटकारा पाउन सदा चिन्तित रहन्छन् – मरणको नामले डराउँछन् ।"

(ख) "महाराज ! कुनै मानिसको शरीरमा पीपले भरिएको एउटा घाउ होस् । ऊ त्यसको पीपबाट निकै दुःखी भएको होस्, उपचार गराउन कुनै वैद्य वा शल्यचिकित्सकलाई बोलाए । त्यो वैद्यले उसको जाँच गरेर उपचार गर्न भनी तयारी गर्न थालोस् – चिरफार गर्न चक्कुलाई सफा गर्न थालोस्, डाम्न भनेर सुइरो आगोमा पोल्न लगाओस्, अथवा खलमा नुनको ढिको पिसाउन लगाओस् । महाराज ! त त्यो रोगीलाई चिरफार गर्ने, तातो सुइरोले डाम्ने र नुनिलो नुनको छिटा पर्नाले डर हुन्छ कि हुन्न ?" "हो भन्ते ! अवश्य डर हुनेछ ।" "महाराज ! आफ्नो रोगको उपचार गराउने इच्छा भए पन कष्ट हुनेछ भनेर उसलाई निकै डर लागन थाल्छ । महाराज ! यसरी नै, नरकमा परेका जीवहरूलाई त्यहाँबाट छुट्कारा पाउनका लागि चिन्तित रहे पनि, मरणको भय कायमै रहन्छ ।"



https://dhamma.digital

(ग) "महाराज ! जस्तो कि कुनै राज-अपराधीलाई हतकडी र नेल लगाएर कालकोठरीमा थुनियोस् । त्यो दण्डबाट छुट्कारा पाउन ऊ निकै व्याकुल होस् । त्यसपछि मुक्त गर्न भनी अधिकारीले उसलाई डाकोस् । महाराज! त के त्यस अपराधीलाई आफ्नो अपराधको सम्झना गरेर अधिकारीछेउ जान डर लाग्दैन र ?" "हो भन्ते ! उसलाई डर लाग्छ ।" "महाराज ! त्यसरी नै नरकमा परेको जीवहरूलाई त्यहाँबाट छुट्कारा पाउन चिन्तित रहँदा पनि मरण-भय कामै रहन्छ ।"

११. "भन्ते ! एउटा अर्को उदाहरण दिएर सम्झाउनुहोस् कि मलाई अझ बढी स्पष्ट होस् ।"

(घ) "महाराज ! कुनैमानिसलाई एउटा विषालु सर्पले डसोस् । त्यस विषको विकारले गर्दा ऊ पछारियोस् अनि भुइँमा ढलीमली गरोस् । त्यसपछि कुने विषवैद्यले आफ्नो मन्त्रबलले त्यो सर्पलाई विष चुस्न भनी डाकोस् । महाराज ! दोस्रो पटक सर्पलाई आफ्नो विषलाई चुसेर स्वस्थ गर्न भनेर नै आउन लागेको देखेपछि के त्यो उसलाई डर लाग्दैन होला र ?"

"हो भन्ते ! अवश्य डर लाग्छ ।"

"महाराज ! यसरी नै नरकमा परेका जीवहरुलाई त्यहाँबाट छुट्कारा पाउनका लागि सुर्ता गरिरहँदा पनि मृत्यु हुने डर लागिरहन्छ ।"

"ठीक हो भन्ते नागसेन ! तपाईंले भन्नुभएको एकदमै ठीक छ ।"

## ४. मृत्युपाशबाट मुक्ति विषयमा प्रश्न

१२. "भन्ते नागसेन ! भगवान्‌ले भन्नुभएको छ कि :–

**न अन्तलिक्खे न समुद्दमज्झे, न पब्बतानं विवरं पविस्स ।**
**न विज्जती सो जगतिप्पदेसो यत्थ ट्ठितो मुच्चेय मच्चुपासा'ति ॥**[७८]

**'न आकाशमा, न समुद्रमा, न पहाडका गुफाहरुमा लुकेर, संसारमा कतै पनि यस्तो ठाउँ छैन, जहाँ लुकेर मृत्युको हातबाट जोगिन सकोस् ।'**

"साथै भगवान्‌ले परित्राण[७९] (रक्षा) को पनि उपदेश दिनुभएको छ । जस्तै, (१) रतनसुत्त, (२) मोरसुत्त, (३) खन्धपरित्त, (४) मोरपरित्त, (५) धजग्गपरित्त, (६) आटानाटियपरित्त र (७) अङ्गुलिमालपरित्त ।"

(क) "भन्ते नागसेन ! यदि माथि आकाशमा पनि उडेर, तल समुद्रका माझमा डुबुल्की मारेर, ठूलठूला भवनहरुमा चढेर, कन्दराहरूमा, गुफाहरूमा र पहाडका भीरहरूमा गए पनि मृत्युका हातबाट जोगिन सकिन्न भने,



https://dhamma.digital

परित्राण-देशना झूटो ठहरिन्छ । (ख) र, यदि परित्राण देशना गर्नाले मृत्युका हातबाट फुत्किइन्छ भने, 'न माथि आकाशमा' इत्यादि जो भनियो त्यो झूटो ठहरिन्छ । यो पनि दुविधायुक्त प्रश्न तपाईंका सामु … ।"

१३. "महाराज ! भगवान्ले यो साँचो भन्नुभएको छ :–

**'न आकाशमा, न समुद्रमा, न पहाडका गुफाहरूमा लुकेर, संसारमा कतै पनि यस्तो ठाउँ छैन, जहाँ लुकेर मृत्युको हातबाट जोगिन सकोस् ।'**

"साथै भगवान्ले परित्राणका पनि उपदेश दिनुभएको छ । किन्तु यो उनीहरूका लागि मात्र हो, जसका लागि केही समय बाँच्नु अझै बाँकी रहेको छ, जसको आयु लामो छ र जसले पापकर्मबाट आफूलाई रोकिराख्छन् । महाराज ! जसको आयु सिद्धियो, उनीहरूलाई बचाउन न कुने मन्त्र छ, न कुनै तन्त्र ।"

"महाराज ! जस्तै सुकेको, ओइलिएको, फिक्का भईसकेको र पूर्णतया निर्जीव भएको रुखमा हजारौं गाग्रो पानी हाले पनि पुनः हरियोपरियो र लहलहाउँदो पार्न सकिन्न, त्यसरी नै या त उपचार गरेर या परित्राण-देशना गरेर आयु सकिएकाहरुलाई बचाउन सकिन्न । महाराज ! संसारमा जति जडीबुटीहरू छन्, आयु सिद्धिएका मानिसहरूका लागि ती सबै व्यर्थ छन् । महाराज ! परित्राण तिनै व्यक्तिहरूको लाभका लागि हुन्छ, जसलाई केही समय बाँच्नु बाँकी छ, जसको आयु धेरै छ र जो आफूलाई नराम्रा काम गर्नबाट रोकिराख्छन् । त्यसैले भगवान्ले परित्राणको उपदेश दिनुभएको थियो ।"

"महाराज ! जसरी पाकेको र सुकेको धानलाई कृषकले भकारीमा ( धान एकत्र गर्ने ठाउँ) एकत्र गरेर पानीबाट जोगाउँछ, तर जब धानको खेतमा हरिया बोटहरू छँदा नै उम्रेर आउँदा, बादल छाएको बेला र पानी पर्दा किसानले त्यसलाई बारम्बार पानी पठाउँछ । महाराज ! त्यसरी नै जसको आयु समाप्त भइसकेको छ, उनीहरूका लागि परित्राण-देशना व्यर्थ छ; किन्तु जसलाई अहिले बाँच्नु अझै बाँकी छ र जसको आयु लामो छ, उनीहरुरूलाई परित्राण-देशनाबाट अवश्य लाभ हुन सक्छ ।"

"भन्ते नागसेन ! जसको आयु पूरा भएको छैन, उनीहरू त रहन्छन् नै तर जसको आयु पूरा भइसकेको छ, उनीहरू मरिहाल्छन् । अनि ती औषधी या परित्राण व्यर्थ सिद्ध हुन्छ ?" "महाराज ! के तपाईंले अहिले कुनै रोग औषधीले निको भएको देख्नुभएको छ ?" "हो भन्ते ! सयौं पटक ।" "महाराज! त्यसो भए तपाईंले यसो भन्नु गलत हो कि औषधी या परित्राण व्यर्थ छन् ।"



https://dhamma.digital

"भन्ते ! वैद्यहरूलाई त हामीहरू औषधी खुवाउने र मलम लगाउने गरेको देख्छौं त्यस उपचारबाट त रोगी स्वस्थ हुन्छ नै ।" "महाराज ! परित्राण-देशना गर्दा पनि हामीहरू शब्द सुन्छौं । जिब्रो सुक्छ, हृदयको गति बन्द हुन्छ, घाँटी बस्छ । हामीहरू यस्ता सबै काम देख्छौं । यसबाट गर्दा उनीहरुको सबै कष्ट मेटिन्छ, सबै उत्पात साम्य हुन्छ । महाराज ! के तपाईंले कहिले सर्पले डसेको मानिसलाई झारफुक गर्दै, विषलाई झार्दै र पानीको छिटा दिँदै गरेको देख्नुभएको छ ?" "देखेको छु भन्ते ! अचेल मानिसहरू यसो गर्छन् ।" "महाराज! अनि त यो कुरो झूटो ठहरिन्छ कि औषधी या परित्राणबाट केही पनि हुन्न ।"

**परित्राणको माहात्म्य** "महाराज ! परित्राणबाट डस्न आएको सर्पले पनि डस्न सक्दैन-उसको मुख नै थुनिन्छ । चोरहरूले चलाएको लट्ठीले पनि हिर्काउन सक्दैन –उनीहरूले लट्ठीलाई मिल्काएर प्रेम गर्न थाल्छन् । पागल हात्ती पनि नजिक आएर रोकिन्छ । दनदनी बलिरहेको आगोको रास पनि छेउमा पुगे पछि निभ्छ । खाएको हलाहल विषले पनि केही नोक्सान गर्दैन बरु एउटा खानेकुरा भइदिन्छ । हत्यारा मारिदिने विचारले आएर पनि जल्लादहरू आफ्ना नोकरहरू जस्तै नम्र हुन्छन् । जालमा परे पनि जालमा फँस्दैन ।"

**'मोरपरित्तको' कथा** "महाराज ! के तपाईंले सुन्नुभएको छेन कि परित्राण गर्नाले सात सयवर्षसम्म पनि व्याधाहरूले एउटा मुजुरलाई जालमा फँसाउन सकेनन्; तर परित्राण गर्न छाडिदिँदा भने त्यही दिन त्यो जालमा फँस्यो ?"[८०] "हो भन्ते ! यस्तो सुनिन्छ । उसको प्रसिद्धि देवताहरूसहित सारा लोकमा फैलिएको छ ।" "महाराज ! त तपाईंको यो भनाइ असत्य ठहरिन्छ कि औषधी वा परित्राणबाट केही हुन्न भनेर ।"

१४. **दानवको कथा** "महाराज ! के तपाईंले कहिले सुन्नुभएको छ कि आफ्नी स्वास्नीलाई जोगाएर राख्न उनलाई एउटा ढक्कीमा थुनेर दानवले त्यसलाई निलेको थियो । अनि त्यसलाई आफ्नो पेटमा हालेर हिँड्थ्यो । तैपनि एउटा विद्याधर उसको मुखबाट भित्र गएर त्यस स्त्रीसँग रतिगर्ने गर्दथ्यो । दानवले यो पत्तो पाउनासाथ उसले ओकल्यो अनि त्यसलाई खोलेर हेर्न हेर्न थाल्यो । ढक्की खुल्नेबित्तिकै विद्याधर भाग्यो ।" "हो भन्ते ! मैले यस्तो सुनेको छु । यो कुरा पनि देवताहरूसहित सबै लोकमा विद्याधर भाग्यो ।" "हो भन्ते ! मैले यस्तो सुनको छु । यो कुरा पनि देवताहरूसहित सबै लोकमा फैलिएको छ ।" "महाराज ! परित्राणको बलले नै त त्यो विद्याधर पक्राउ पर्नुबाट जोगियो ?" "हो भन्ते ! अनि परित्राण-देशना गर्नाले धेरै फल प्राप्त हुन्छ ।"

**विद्याधरको कथा** "महाराज ! के तपाईंले यो पनि सुन्नुभएको छ कि अर्को विद्याधर काशी नरेशको अन्तःपुरमा पसेर पटरानीसँग रति गर्दा गर्दै पक्राउ परेको थियो । अनि पक्राउ परेपछि आफ्नो मन्त्रबलले अदृश्य भयो ।"



https://dhamma.digital

"हो भन्ते ! यो कथा पनि मैले सुनेको छु ।" "महाराज ! त्यो विद्याधर पनि परित्राणकै बलले त यसरी भागन सक्यो ?" "हो भन्ते !" "महाराज ! त्यसो भए परित्राणमा अवश्य बल छ ।"

१५. "भन्ते ! के परित्राणबाट सबै मानिसको रक्षा हुन्छ ?" "अहँ, महाराज ! परित्राणबाट सबै मानिसहरुको रक्षा हुँदैन । कसैको रक्षा हुन्छ, कसैको हुँदैन ।" "भन्ते नागसेन ! त्यसो भए परित्राण सबैका लागि सिद्ध हुँदेन?" "महाराज ! के भोजनले सबैको प्राण बचाउन सक्छ ?" "भन्ते ! कोही मानिसहरुको प्राण बचाउन सक्छ भने केही मासिसहरुको प्राण बचाउन सक्दैन।" "त्यसो किन ?" "भन्ते ! किनभने अति-भोजनले गर्दा पनि हैजा भएर थुप्रै मानिसहरु गर्ने गर्दछन् ।" "महाराज ! त्यसो हो भने भोजनले सबैलाई बचाउँदैन ।" "भन्ते नागसेन ! दुई कारणबाट भोजनले मानिसको प्राण लिन्छ – (१) मात्राभन्दा बढी खानाले, र (२) पाचनशक्ति कमजोर हुनाले । भन्ते नागसेन ! जीवन दिने भोजन पनि दुरूपयोगबाट विषतुल्य हुन्छ ।" "महाराज! यसरी नै परित्राणबाट सबै मानिसको रक्षा हुँदैन, बरु कसैको हुन्छ र कसैको हुँदैन ।"

**परित्राण सफल नहुनुका तीन कारण** "महाराज ! तीन कारणबाट परित्राण रक्षा गर्न सफल हुँदैन – (१) कम्मावरणं (कुनै कर्मफलले बीचमा बाधा पार्नाले), (२) किलेसावरणं (क्लेशको विघ्न बाधा पर्नाले), (३) असदहनतायं (विश्वास नहुनाले) । महाराज ! मानिहरूमा आफ्नै कुकर्तव्यले, परित्राणमा रक्षाबल हुँदाहुँदै पनि त्यो अकार्थ हुन्छ । महाराज ! जसरी आमाले आफ्नो पेटमा बच्चा छँदा रक्षा गर्छिन, निकै रेखदेख र होशियारीसाथ जन्म दिन्छिन् । मलमूत्र सिंगान सबैथोक सफा पारेर राम्राराम्रा सुगन्धित लेप शरीरमा धसिदिन्छिन् । यदि कुनै अर्को मानिसले त्यस नानीलाई हप्काएमा वा कुटेमा उनी रिसाएर उसलाई समातेर गाउँको मुखियाकहाँ लैजान्छिन् । तर यदि त्यस नानीले कुनै उपद्रो गरेमा वा ऊ ढिलो घर आइपुगेमा उनी आफैंले उसलाई दण्ड दिन्छिन् । महाराज ! त के उनले उसलाई समातेर मुखियाको सामु लैजान्छिन् ?" "अहँ भन्ते !" "किन नि ?" "भन्ते ! किनभने नानीले भूलचूक गरेको थियो ।" "महाराज ! यसरी नै, परित्राणरक्षक भएर पनि उनीहरूको आफ्नै कर्तुतले उनीहरूको अहितकर हुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईंले स्पष्ट गरिदिनुभयो; उल्झनलाई सुल्झाउनुभयो; अँध्यारोमा उज्यालो पारिदिनुभयो; मिथ्या सिद्धान्त मान्नेहरुको जाललाई खण्डन गर्नु भयो । तपाईं यथार्थमा सबै गणाचार्यहरुमा श्रेष्ठ हुनुहुन्छ ।"



https://dhamma.digital

## ५. बुद्ध–लाभान्तराय प्रश्न

१६. "भन्ते नागसेन ! तपाईंहरू भन्ने गर्नुहुन्छ – 'तथागतलाई चीवर, पिण्डपात, शयनासन र ग्लानप्रत्यय – सदा प्राप्त हुन्थ्यो ।' यसो पनि भन्नुहुन्छ कि – 'पञ्चशाल नामका ब्राह्मणहरुको गाउँमा भिक्षाटन गरेपछि केही नपाएर खाली पात्र लिएर फर्कनुभयो ।'[८१] (क) भन्ते नागसेन ! यदि यो कुरो साँचो हो कि भगवान्‌लाई सबै परिष्कारहरू सदा प्राप्त हुन्थ्यो भने यो कुरो झुटो ठहरिन्छ कि पञ्चशाल नामका ब्राह्मणहरुको गाउँमा भिक्षाटन गरेपछि बुद्धले केही नपाई खाली पात्र लिएर फर्की आउनु परेको थियो । (ख) र, यदि यो कुरो साँच्चै ठीक हो कि त्यसरी पञ्चशाल नामको गाउँबाट फर्की आउनुपर्‍यो, त्यसो भने यो कुरो झूटो ठहरिन्छ कि उहाँलाई सबै परिष्कारहरू सदा प्राप्त हुन्थे । भन्ते ! यो पनि दुविधायुक्त प्रश्न ... ?"

"महाराज ! यो ठीक हो कि बुद्धलाई सबै परिष्कारहरू (चतुर्प्रत्यय) सदा प्राप्त हुन्थ्यो । यो पनि ठीक हो कि पञ्चशाल ब्राह्मणग्राममा भिक्षाटन गरेपछि केही पनि नपाई खाली पात्र लिएर उहाँ फर्कनु परेको थियो । यो पापी मारले गर्दा यसो भएको थियो ।" "भन्ते ! त के भगवान्‌ले अनगिन्ति कल्पदेखि साँचेर राख्नुभएको पुण्य त्यसबेला समाप्त भएको थियो ? भरखरै उठेको पापी मारले के त्यस पुण्यको बल र प्रभावलाई ढाकेको थियो ? भन्ते नागसेन ! यस्तो कुरोमा दुई प्रकारले आक्षेप लाग्न जान्छ – (क) पुण्यभन्दा पाप नै बलियो छ, र (ख) बुद्धको बलभन्दा पापी मारको बल नै चहकिलो छ ।" "रुखको काण्डभन्दा माथिल्लो भाग पनि कहीं गह्रौं हुन्छ र ? असल (राम्रा) गुणहरूको समुदयबाट पापको बल कसरी चहकिलो होला ?"

"महाराज ! तपाईंका दुवै कुराहरुको पुष्टि यसबाट सिद्ध हुँदैन । हो, यहाँ एउटा कारण देखाउनु परेको छ ।"

"महाराज ! जसरी कुनै मानिस मह, महको चाका, या यस्तै अर्को वस्तु, लिएर कुनै चक्रवर्ती राजाकहाँ कोसेली टक्र्याउन आवस् । द्वारपालले उसलाई भनोस् – 'राजासँग भेट्ने यो समय होइन । त्यसो हुँदा, आफ्नो कोसेली लिएर झट्टै त्यहाँबाट गइहाल होइन भने राजाले देखेमा दण्ड देलान् ।' त्यसपछि त्यो मानिस डराएर आत्तियोस् अनि आफ्नो माल लिएर त्यहाँबाट हतारहतारमा निस्कोस् । महाराज ! त के यसै कारणले राजाले त्यस दिनको कोसेली पाउन सकेनन्, के उनी आफ्नो द्वारपाल भन्दा पनि कमजोर ठानिएलान्, अथवा राजाले फेरि कहिल्यै कोसेली पाउने छैनन् ?" "होइन भन्ते ! कडा (रूखो) स्वभावले गर्दा नै द्वारपालले त्यो मानिसलाई फर्काए । तर अर्को ढोकाहरूबाट राजालाई त्योभन्दा सय वा हजार गुणा बढी कोसेली चढाइएला



https://dhamma.digital

। महाराज ! यसरी नै, आफ्नो खराब स्वभावले गर्दा पापी मार पञ्चशाल नामको गाउँका ब्राह्मणहरूमा गएर प्रविष्ट भयो । किन्तु अन्य सयकडौं र हजारौं देवताहरू दिव्यओज भएको अमृत लिएर उपस्थित भए र भगवान्लाई दिन भनी हात जोरेर उभिए ।"

१७. "भन्ते नागसेन ! यस्तो हुन सक्छ कि बुद्धलाई चारै प्रत्ययहरू निकै सजिलो रूपमा प्राप्त थिए अनि ती पुरुषोत्तमलाई देवताहरू र मुनष्यद्वारा भक्तिपूर्वक दिइएको सबै थोक सदा प्राप्त हुन्थ्यो । तैपनि पापी मारको यो इच्छा त पूरा भइहाल्यो कि बुद्धलाई त्यहाँको ब्राह्मणहरूबाट केही पनि प्राप्त भएन । भन्ते ! मेरो यो शङ्का हटेको छैन । यसमा मेरो दुविधा कायमै छ – शङ्का लागेको छ । मार जस्तो हीन, नीच, क्षुद्र, पापी र पाजी जीवले भगवान्जस्ता अर्हत्, सम्यक्सम्बुद्ध, देवताहरू र मनुष्यहरूका बीच यस लोकमा सबैभन्दा श्रेष्ठ, असल पुण्यको समूहस्वरूप, अद्वितीय र अनुपमेयको भिक्षाटनमा कसरी कुनै बाधा दिन सक्थ्यो !"

"महाराज ! अन्तरायहरू (बाधाहरू) चार प्रकारका हुन्छन् (१) नदेखिएको (२) उद्देश्य (लक्ष्य) गरिएको (३) तयार पारिएको र (४) परिभोगका लागि उद्यत भएको ।"

(१) "नदेखिएको = कुनै खास व्यक्तिलाई दिनको लागि तयार पारिएको दानलाई देखेर कसैले दिने मानिसलाई भड्काओस् – अहो ! यो अरूलाई दिएमा के फाइदा ! त्यो दान रोकियोस् । यो देखा नपरेकाको अन्तरायहो ।"

(२) "उद्देश्य (लक्ष्य) गरिएको = कुनै खास व्यक्तिलाई कसैले दान दिन इच्छा गरोस् । कुनै अर्को मानिस आएर उसलाई भड्काओस् । यसलाई उद्देश्य अन्तराय भनिन्छ ।"

(३) "तयार पारिएको = कुनै मानिस दान लिएर कसैलाई दिन भनेर तैयार होस् । त्यस बखत कुनै यस्तो बाधा उपस्थित होस् जसले गर्दा दान दिन नसकियोस् । यसलाई तयार गरिएको अन्तराय भनिन्छ ।"

(४) "परिभोगका लागि उद्यम भएको = दान दिइसके पछि पाउने मानिस त्यसको उपभोग गर्न तयार होस् त्यस बेला यस्तै कुनै बाधा खडा होस् कि उसले उपभोग गर्न नसकोस् । यो पनि परिभोगको लागि उद्यत भएको अन्तराय भनिन्छ । महाराज ! यिनै चार प्रकारका अन्तराय हुन्छन् ।"

"मारले जुन पञ्चशाल गाउँका ब्राह्मणहरू भित्र पसेर उनीहरुलाई कसैलाई केही दान दिनबाट विमुख गरिदिएको थियो त्यो दोस्रो तेस्रो वा चौथो प्रकारको अन्तराय होइन; किन्तु पहिलो प्रकारको 'नदेखिएको' अन्तराय थियो । त्यस दिन जो अरू माग्नेहरू पनि त्यस गाउँमा गएका थिए, उनीहरूले पनि केही पाएनन् । महाराज ! देवता, मार, ब्रह्मा, श्रमण ब्राह्मण र सबै जीवहरूका



https://dhamma.digital

साथ यी सबै लोकहरूमा यस्तो कोही छैन जो बुद्धलाई उद्देश्य गरेर, तयार पारेर वा परिभोग गर्नका लागि उद्यत भएकामा अन्तराय ल्याओस्। यदि कसैले द्वेषले अन्तराय गरेमा उसको टाउको सयकडौं र हजारौं टुक्रामा छरिने छ।"

१८. "महाराज ! बुद्धमा चार कुराहरू छन् जसलाई कसैले पनि रोक्न सक्दैन। कुन चार ? (१) उहाँलाई उद्देश्य गरेको वा तयार गरेको दान (२) उहाँको शरीरबाट निस्केको प्रभा -आभा) को व्यायाम फैलनु (३) उहाँसँग सर्वज्ञ ज्ञान हुनु (४) उहाँ पूरा आयुसम्म बाँच्नु। महाराज ! बुद्धसम्बन्धी यी चार कुराहरूलाई यसमा कुनै कमी हुँदैन। कुनै प्रकारले पनि फेरिन सकिन्न, महाराज ! जब पापी मार पञ्चशाल नामको गाउँमा ब्राह्मणहरूमा प्रविष्ट भएको थियो, त्यस बेला उनी अदृश्य भएर त्यहाँ रहेका थिए।"

"महाराज ! चोर र लुटेराहरू सीमाप्रान्तको लुक्न सक्ने ठाउँमा लुकेर बाटो हिँड्नेलाई लुट्छन् पिट्छन्। यदि राजाले उनीहरूलाई देखे भने के तिनीहरूलाई छाड्लान त ?" "छाड्दैनन् भन्ते ! उनले तिनीहरूलाई तरबारले सय र हजार टुक्रामा काट्न सक्छन्।" "महाराज ! यसरी अदृश्यभएर पापी मार ती ब्राह्मणहरूमा बसेको थियो। महाराज ! विवाह गरेकी महिला लुकेर नै अन्य पुरुष भएको ठाउँमा जान्छे। यसरी, अदृश्य भएर नै मार ती ब्राह्मणमा बसेको थियो। महाराज ! यदि त्यो स्त्री आफ्ना पतिको जानकारीमा परपुरुष भए ठाउँमा गई भने के उसको कल्याण हुन्छ ?" "हुँदैन भन्ते ! यसो गरेमा उसको पतिले उसलाई पिटेर प्राण लिन्छ या दासी बनाउँछ।"

"महाराज ! यसरी नै, पापी मार अदृश्य ⋯। महाराज ! यदि मार बुद्धका लागि उद्देश्य गरेको या तयार गरेको, या उहाँको लागि पाएको दानमा कसैले अन्तराय गरेमा उसको शिर ⋯।" "हो, भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो। पापी मारले चोरजस्तै काम गऱ्यो। त्यो अदृश्यभएर ती ब्राह्मणहरूको हृदयमा प्रविष्ट थियो। यदि बुद्धका लागि ⋯ उसको शरीर एक मुट्ठी भुसजस्तै झरेर छरिने थियो।"

"ठीक छ भन्ते नागसेन ! जसो तपाईं भन्नुहुन्छ, त्यसलाई म स्वीकार गर्दछु।"

## ६. अपुण्य विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि जो अज्ञानताले प्राणीहिंसा गर्दछ, उसलाई अरु पनि धेरै पाप लाग्छ। फेरि पनि भगवान्ले विनय प्रज्ञप्तिको समयमा भन्नुभएको छ – नजानी गरेकोमा कुनै दोष लाग्दैन।[८२] (क) भन्ते नागसेन ! यदि नजानी प्राणीहिंसा गरेकोमा झन् बढी पाप लाग्छ



https://dhamma.digital

भने यो गलत हो कि जानाजान गरेकोमा कुनै दोष लाग्दैन । (ख) यदि साँच्चै नजानेर गरेकोमा कुनै दोष लाग्छ भने, या कुरा झूटो ठहरिन्छ कि नजानेर प्राणीहिंसा गर्नाले झन् धेरै पाप लाग्छ । यो पनि दुविधायुक्त प्रश्न हो ।"

"महाराज ! दुवै कुरो ठीक हो । तर दुवैको अर्थमा केही अन्तर छ । त्यो के हो ? कुनै यस्ता दोषहरू छन् जो नजानेर गरिन्छ र कुनै यस्ता दोषहरू छन् जो जानाजान गरिन्छ । यी दुईमध्ये पहिलोलाई ध्यानमा राखेर भगवान्ले भन्नुभएको थियो । नजानेर गरेकोमा कुनै दोष लाग्दैन ।"

"ठीक छ भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ७. भिक्षुसङ्घपरिहरण विषयमा प्रश्न

२०. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'आनन्द ! बुद्धको मनमा यस्तो विचार कहिल्यै आउँदैन, कि म नै भिक्षुसङ्घको सञ्चालक हुँ वा भिक्षुसङ्घले मेरै अनुसरण गरोस् ।'[८३] साथै, मैत्रेय भगवान्को स्वाभाविक गुणहरूलाई देखाउँदै उहाँले यो पनि भन्नुभएको छ –'उहाँले हजारौं भिक्षुसङ्घको सञ्चालन गुर्न हुनेछ, जसरी अहिले म सयकडौं भिक्षुसङ्घको सञ्चालन गर्दैछु ।'

(क) "भन्ते नागसेन ! यदि साँच्चै बुद्धको मनमा यस्तो विचार कहिल्यै पनि आउँदैन कि म नै भिक्षुसङ्घको सञ्चालनकर्ता हुँ वा भिक्षुसङ्घले मेरै अनुसरण गरोस् । त्यसो हो भने जो मैत्रेय भगवान्को विषयमा भनिएको हो, त्यो झूटो ठहरिन्छ । (ख) यदि मैत्रेय भगवान्बारे जुन कुरा भनिएको हो त्यो सही छ भने यो कुरा झूटो ठहरिन्छ । बुद्धको मनमा यस्ता विचार कहिल्यै आउँदैन कि म नै भिक्षुसङ्घको सञ्चालनकर्ता हुँ वा भिक्षुसङ्घले मेरै अनुसरण गरोस् । यो पनि दुविधायुक्त … ।"

२१. "महाराज ! भगवान्ले जो आनन्दलाई बुद्धका विषयमा र जो मैत्रेय भगवान्को स्वाभाविक गुणहरूलाई देखाउँदै भन्नुभएको कुरा दुवै ठीक हो । तर महाराज ! यस प्रश्नमा एउटा अर्थ सावशेष (जुन कुरा व्यापक छ कुनै अपवाद बेगर सबैमा लागू हुन्छ) छ । महाराज ! बुद्ध कुनै समूहको पछिपछि पर्नहुन्न, तर समूह नै उहाँको पछि चल्छ । महाराज ! मानिसहरूको भनाइ मात्र हो कि 'यो म हुँ वा यो मेरो हो ।' परमार्थमा यस्तो कुनै कुरा हुँदैन । बुद्ध प्रेमको बन्धनबाट छुटिसक्नुभएको हुन्छ । उहाँलाई कसैको प्रति आफ्नोपनको भाव रहन्न । यो मेरो हो, त्यसको पनि भ्रम बुद्धमा हुँदैन । तैपनि भिक्षुसङ्घ उहाँलाई नै अगुवा मानेर हिँड्छ ।"



https://dhamma.digital

"महाराज ! जसरी पृथ्वीमा रहने सबै जीवहरूको आधार पृथ्वी हुन्छ, तर त्यसलाई यस्तो कहिल्यै पनि विचार हुन्न कि यो सबै मेरो हो । महाराज! यसरी बुद्ध सबै जीवहरूको आधार भएर रहनुहुन्छ । सबैलाई आफूमा आश्रय दिनुहुन्छ तर उहाँको मनमा कहिल्यै पनि यस्तो अपेक्षा रहँदैन कि यो मेरो हो । महाराज ! घना बादलले पानी बर्साएर घाँस, रुख, पशु तथा मानिसहरूलाई जीवित राख्दछ, त्यस परम्परालाई कायम राख्दछ; पानी पर्नाले यी सबै जीव जिउँदा रहन्छन् । तैपनि बादललाई कहिल्यै पनि यस्तो अपेक्षा रहन्न कि यो सबै मेरो हो । महाराज ! यसरी बुद्ध सबैको पुण्यका लागि जीवनदान गर्नुहुन्छ र उनीहरूलाई पुण्यमा लगाइराख्नुहुन्छ । सबै जीवहरू उहाँबाट नै पुण्य गर्न आउँछन् । तैपनि भगवान्को मनमा यस्तो अपेक्षा हुन्न कि यो मेरो नै हो । त्यो किन ? किनकि उहाँमा आफ्नोपन (आत्मानुदृष्टि) को सबै विचार नष्ट भएको हुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईंले प्रश्नलाई स्पष्ट गरिदिनुभयो । अनेक तर्कले बाधा पन्छाउनुभयो । गाँठो खोलिदिनुभयो । अँध्यारोमा उज्यालो पारिदिनुभयो । बुद्ध-श्रावकहरुको ज्ञानको आँखा खोलिदिनुभयो ।"

## ८. अभेद्यपरिषद् विषयमा प्रश्न

२२. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – बुद्धको परिषद् अभेद्य छ । साथै, यस्तो पनि भनिन्छ कि देवदत्तले भेद गरेर पाँच सय भिक्षुहरूलाई लिएर गएका थिए । (क) भन्ते नागसेन ! यदि बुद्धको अनुगामी वास्तवमा कहिल्यै पनि भड्कँदैन भने, यो कुरो झूटो ठहरिन्छ कि देवदत्तले एकैपल्ट पाँच सय भिक्षुहरूलाई लिएर गएका थिए । (ख) यदि देवदत्तले साँच्चै एकैपल्ट पाँच सय भिक्षुहरूलाई निकालेर लगेका थिए भने यो कुरो झूटो ठहरिन्छ कि बुद्धको अनुगामी कहिल्यै पनि भड्कँदैन । यो पनि एउटा दुविधायुक्त प्रश्न तपाईंका सामु राखेको छु । यो गम्भीर छ । यसलाई सुल्झाउन बडो गाह्रो छ । यो भारी र अल्झाउने खालको छ । यसमा मानिसहरू फँस्छन्, अड्कन्छन्, घेरिन्छन्, ढाकिन्छन् र बाँधिन्छन् । तपाईं यहाँ विपक्षको तर्कलाई काट्नमा आफ्नो ज्ञान-बल देखाउनुहोस् ।"

२३. "महाराज ! बुद्धको अनुगामी यथार्थमा कहिल्यै पनि भड्कँदैन । साथै, यो पनि सत्य हो कि देवदत्तले एकैपल्ट पाँच सय भिक्षुहरूलाई निकालेर लगेका थिए । महाराज ! भड्काउनेको बल धेरै भएमा उसले भड्काउन पनि सक्छ । महाराज ! यदि भड्काउने निकै बाठो छ भने कोही पनि यस्तो हुँदैन जो भड्कन नसकोस् । आमा छोराबाट वा छोरा आमाबाट भड्कन्छ, बुबा



https://dhamma.digital

छोराबाट या छोरा बुबाबाट भड्कन सक्छन्, भाइले बहिनीलाई भड्काउन सक्छ, बहिनीले भाइलाई भड्काउन सक्छिन् । साथीले साथीलाई भड्काउन सक्छ। डुंगाको सबै पटरी एकैसाथ राख्दा पनि पानीको तरङ्ग र वेगले ठोक्किएर भत्कन सक्छ । हावा चल्नाले मीठा-मीठा फल दिने रुख पनि ढल्न सक्छ । फलामको हतौडीले बेस्सरी पिट्दा सुन पनि फुट्छ । महाराज ! यसरी न त यो विज्ञ पुरुषहरूको इच्छा हो, न भगवान्कै चाहना हो, न पण्डितहरूको मनमा यो कुरा आउँछ कि बुद्धका अनुगामीलाई भड्काइदिऔं । महाराज ! जुन कुरो यसो भनिन्छ कि बुद्धका अनुगामीहरूलाई कसैले भड्काउन सक्दैन, त्यसको केही विशेष कारण छ । त्यो कुनचाहिँ विशेष कारण हो ? महाराज ! बुद्धले केही गर्नाले, गाली गर्नाले तिरस्कार या केही उच्चनीच भनिदिनाले उनको अनुगामी कहिल्यै उहाँबाट भड्किएको यस्तो कुरा सुनिन्न । यसै कारण, भनिन्छ कि बुद्धको अनुगामी भड्कन्न । महाराज ! के तपाईंले सुन्नुभएको छ कि बुद्धको नवाङ्ग वचन त्रिपिटकमा कहिल्यै आएको छ कि भगवान्को कुनै गल्तीले कुनै परिषद्मा फाटो आएको होस् ?"

"छैन भन्ते ! न त यो देखिन्छ न सुनिन्छ नै । ठीक छ भन्ते । तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

**(यस वर्गमा आठ प्रश्नहरु छन् ।)**

**दोस्रो अभेद्यवर्ग समाप्त ।**



https://dhamma.digital

# ३. प्रणामित वर्ग

## १. श्रेष्ठधर्म विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'वाशिष्ट ! संसारमाधर्म नै सर्वश्रेष्ठ हो, यस लक्ष्यमा पनि पछि गएर फेरि पनि गृहस्थ उपासक स्रोतापन्न – जो आफ्नो मार्गदेखि च्युत हुन सम्भव छैन, जसले धर्मको पूरापूरा ज्ञान पाइसकेका छन् तथा बुद्धको शासनलाई जसले जानेका छन् – यस्तो हुँदा पनि गृहस्थ उपासकले पृथक्जन (अज्ञानी) भिक्षु या श्रामणेरलाई अभिवादन (प्रणाम) तथा उठेर स्वागत गर्नुपर्छ । (क) भन्ते नागसेन ! यदि यो कुरो ठीक हो कि संसारमा धर्म नै सर्वश्रेष्ठ छ भने स्रोतापन्न ··· गृहस्थहरूले पृथक्जन (अज्ञानी) भिक्षुहरूलाई वन्दना (प्रणाम) गर्नु पर्दैन थियो । (ख) यदि स्रोतापन्न ··· गृहस्थद्वारा पृथक्जन (अज्ञानी) भिक्षुहरूलाई वन्दना (प्रणाम) गर्न यथार्थमा उचित हो भने यो कुरो झूटो ठहरिन्छ कि संसारमा धर्म नै सर्वश्रेष्ठ छ। यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

२. "महाराज ! भगवान्ले यो ठीक भन्नुभयो कि संसारमा धर्म नै सबैभन्दा श्रेष्ठ छ र यो पनि उचित छ कि गृहस्थ उपासक स्रोतापन्न ··· भएर पनि पृथक्जन भिक्षुलाई वन्दना गर्नुपर्छ र उठेर स्वागत गर्नुपर्छ ।"

"यसो गर्नुको कारण छ ।" "कुनचाहिँ कारण हो ?" "श्रमणहरूको गुण र चिन्ह महाराज श्रमण हुनुमा बीस गुण र दुई बाहिरी चिन्ह हुनुपर्छ, जसले गर्दा उसलाई मानिसहरूले श्रमणलाई वन्दना गरून् र उठेर स्वागत गरून्, सम्मान र पूजा गरून् ।" "ती बीस गुण र दुई बाहिरी चिन्ह कुन हुन्?"

"(१) ती अरण्य, वृक्षमूल तथा शून्यागार यी तीन श्रेष्ठ भूमिहरूमा बास गर्दछन्, (२) ती सबै असल कुरामा अगाडि रहन्छन्, (३) राम्रो नियममा प्रतिष्ठित रहन्छन्, (४) सदाचारी हुन्छन्, (५-६) शान्त र दान्त (दबेको) भएर विहार गर्दछन्, (७) संयमी हुन्छन्, (८) क्षान्ति (क्षमा) ले युक्त हुन्छन्, (९) ध्यानी हुन्छन्, (१०) श्रेष्ठ आचरण गर्ने हुन्छन्, (११) उच्च तथा पवित्र इच्छा भएको हुन्छन्, (१२) विवेकले सम्पन्न हुन्छ, (१३) पाप गर्नमा लजाउने र डराउने हुन्छ, (१४) वीर्यवान (परिश्रमी) हुन्छ, (१५) अप्रमादी हुन्छन्, (१६) शिक्षापदलाई आवृत्ति (दोहोर्‍याउने) गर्नमा सधैं उत्साहित रहन्छन्, (१७) धर्म बुझ्न सधैं उत्सुक रहन्छन्, (१८) शीलको पालन गर्नमा तत्पर रहन्छन्, (१९) तृष्णामाथि विजय पाउने हुन्छन्, (२०) शिक्षापदलाई पूरा गर्दछन् – यी नै उनका बीस गुण हुन् ।[८४] (१) काषाय वस्त्र धारण गर्नु र (२) कपाल खौराउनु



https://dhamma.digital

– यी दुई उनका बाहिरी चिन्ह हुन् । भिक्षुहरूले माथि भनिएको धर्मको पालन गरेर अर्हत्पदसम्म पनि पाउँछन् । त्यसैले स्रोतापन्न गृहस्थ उपासकले पृथक्जन भिक्षुलाई अभिवादन गर्दछ र उभिएर स्वागत गर्दछ । 'आस्रवलाई क्षीण गरी भिक्षु तथा श्रमणभावलाई ग्रहण गरेको छ, मेरो त्यो समय अहिले आएको छैन' – यस्तो विचार गरेर पनि स्रोतापन्न ··· गृहस्थ उपासकले पृथक्जन भिक्षुलाई वन्दना गर्दछ र उभिएर स्वागत गर्दछ ।"

'ऊ भिक्षु बनेर अग्र परिषद्को सङ्गतमा लागेको हो, म त्यो ठाउँमा अहिले पुगिसकेको छैन' – यस्तो विचार गरेर पनि ··· ।

'उसले धेरै नै शिक्षापद (प्रातिमोक्ष)[८५] को पालन गर्दछ, जसको पालन मैले गरेको छैन' – यस्तो विचार गरेर पनि ··· ।

'उसले बुद्धलाई आफ्नो गुरु मानेर भिक्षुपद धारण गरेको छ, मैले अहिलेसम्म त्यसो गरेको छैन' – यस्तो विचार गरेर पनि ··· ।

'उसले केश दाह्री खौरेको छ, उसले न गहना लगाउँछ, न कुनै सिङ्गारपटार गर्दछ, केवल शीलरूपी गन्धले युक्त छ । म त आफ्नो शरीरलाई सिङ्गारपटार गर्दछु' – यस्तो विचार गरेर पनि ··· ।

"महाराज ! अरु पनि जो बीस गुण र दुई बाहिरी चिन्ह भनिएको छ, सबै भिक्षुहरूमा नै पाइन्छ – भिक्षुले अरु पनि अनेक शिक्षापदलाई पालन गर्दछ, जसमा मेरोकेही सम्बन्ध रहँदैन'– यस्तो विचार गरेर पनि ··· ।

"महाराज ! कुनै राजकुमारले पुरोहितबाट विद्या पढछ; क्षत्रियहरूलाई आचार (अनुशासन) सिकाउँछ । त्यो राजकुमारले ठूलो भएर समय पाएर गद्दी पाउँछ, तैपनि आफ्नो आचार्यलाई वन्दना गर्दछ र उभिएर स्वागत गर्दछ । उसमा यो विचार कायम रहन्छ कि – 'यी मेरा गुरु हुन्' । महाराज ! यसरी भिक्षु शिक्षा दिने वंशपरम्परामा छ । स्रोतापन्न ··· गृहस्थ उपासकले पृथक्जन भिक्षुलाई उभिएर स्वागत र वन्दना गर्नुपर्छ ।"

"महाराज ! यतिमात्रबाट सम्झनुहोस् कि भिक्षुको दर्जा कति महान र कति असीम भई विपुल भावले परिपूर्ण छ भनेर । महाराज ! यदि स्रोतापन्न गृहस्थ उपासकले अर्हत्पद पाउँदछ भने, उसको दुईवटा मात्र गति हुन्छ; तेस्रो हुन्न (१) या त ऊ त्यसै दिन परिनिर्वाण हुन्छ, या (२) भिक्षु बन्दछ । त्यो भिक्षुभाव अचल, उत्तम र श्रेष्ठ हुन्छ ।"

"भन्ते नागसेन ! कुरा बुझें । तपाईंजस्ता बुद्धिमान् पुरुषद्वारा नै यो प्रश्न राम्रोसँग समाधान भयो । तपाईंबाहेक अरु कसैले पनि यसरी स्पष्ट गर्न सक्दैनथियो होला ।"



https://dhamma.digital

## २. सर्व सत्वहितकरणबारे प्रश्न

३. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि बुद्ध सबै सत्व प्राणीहरुको अहितलाई मेटेर उनीहरुको हित गर्नुहुन्छ । साथै यसो पनि भनिन्छ कि भगवान्ले 'अग्निस्कन्धोपम'[८६]नामक धर्मदेशना गर्दा साठी भिक्षुहरूले मुखबाट तातो रगत बान्ता गरे । भन्ते ! यहाँ त भगवान्ले ती साठी भिक्षुहरूकको हित गर्नुको साटो अहित नै गरे । (क) भन्ते नागसेन ! यदि यो कुरा सत्य हो कि बुद्ध सबै सत्व प्राणीहरूको अहितलाई मेटेर उनीहरूको हित गर्नुहुन्छ भने 'अग्निस्कन्धोपम' नामक धर्मपरियाय देशनाको कुरा साँचो र ठीक हो भने यो कुरो झूटो ठहरिन्छ कि बुद्धले सबै सत्व प्राणीहरूको अहितलाई मेटेर हित गर्नुहुन्छ । भन्ते ! यो पनि एउटा दुविधायुक्त ··· ?"

४. "महाराज ! बुद्ध सबै जीवहरूको अहितलाई मेटेर हित गर्नुहुन्छ यो सत्य हो र यो पनि कि ती भिक्षुहरूले मुखबाट रगत बान्ता गरे । ती भिक्षुहरूले मुखबाट तातो रगत बान्ता गरेमा यसमा भगवान्को कुनै दोष छैन बरु ती भिक्षुहरूको कआफ्नै दोष थियो ।"

"हो भन्ते नागसेन ! यदि भगवान्ले त्यो उपदेश नदिनुभएको भए भिक्षुहरूको मुखबाट रगत आउने थियो त ?" "होइन महाराज ! भगवान्को धर्मोपदेश सुनेर कुमार्गी भिक्षुहरूको हृदयमा एक प्रकारको डाह (जलन) उत्पन्न भयो, जसले गर्दा उनीहरूको मुखबाट तातो रगत निस्क्यो ।" "भन्ते नागसेन ! बुद्धले नै यसो गर्नुभएकोले नै उनीहरूको मुखबाट तातो रगत निस्कियो ? बुद्ध नै ती भिक्षुहरूको अनिष्टका कारण भए । भन्ते ! जस्तो कुनै सर्पको दुलो (कमिलाको घर) भित्र पस्यो । त्यसपछि कुनै मानिस माटो लिन भनेर त्यहाँ आयो र त्यो माटो खनेर जति माटो चाहियो, त्यति नै लिएर गए । उसले गर्दा प्वालको मुख थुनिएर सर्प त्यसभित्र हावा नपाउनाले त्यहीं मऱ्यो । त्यसोभए भन्ते ! त्यो सर्प सोही मान्छेले गर्दा मरेको होइन ?" "हो महाराज !" "भन्ते नागसेन ! यसरी नै, ती भिक्षुहरूको नाशको कारण बुद्ध नै त भए ।"

५. "महाराज ! बुद्ध कसैको अुननय (विनम्र) भावले या प्रतिघ (द्वेषले) भावले धर्मोपदेश दिनुहुन्न । उहाँ कुनै अनुनय भाव र प्रतिघ भाव नराखी उपदेश दिनुहुन्छ । यसरी उहाँको धर्मोपदेशबाट असल विचार भएकाहरूलाई धर्मको बोध हुन्छ । तर जो मिथ्या विचारका छन्, उनीहरूको पतन हुन्छ । महाराज ! जस्तै कुनै मानिसले आँप, जामुनको रुखलाई समातेर हल्लायो भने पुष्ट डाँठमा फलेका सबै फलहरू रुखमै रहेका हुन्छन्, झर्दैनन् । तर जुन फलको डाँठ सडेको छ त्यसमा भएको फल झर्छ । महाराज ! बुद्ध कसैको अनुनय भावले या प्रतिघ (द्वेष) भावले धर्मोपदेश दिनुहुन्न । यसरी उहाँको



https://dhamma.digital

धर्मोपदेशबाट असल विचार भएकाहरूलाई ज्ञान प्राप्त हुन्छ भने मिथ्या विचार[८७] भएकाहरूको पतन हुन्छ ।"

"महाराज ! जस्तै रस झिक्न उखुलाई कोलहू (उखु मेल्ने यन्त्र) मा पेल्छन् । त्यसका साथ थुप्रै कीरा फट्याङ्ग्रा पनि, जो बीचमा पर्न आउँछ पिसिएर मर्छन् । महाराज ! यसरी नै बुद्ध परिपक्व विचार भएकालाई ज्ञान दिनका लागि … ।"

"भन्ते नागसेन ! तैपनि ती भिक्षुहरूको त्यही धर्मदेशनाले गर्दा पतन भयो, हैन ?" "महाराज ! के सिकर्मीले बाङ्गो टिङ्गो काठका नजिक चुपलागेर उभिएमा के त्यसलाई सोझो, चिप्लो र कामगर्ने लायक बनाउन सक्छ ?" "सक्दैन भन्ते ! सिकर्मीले त्यसलाई छिलेर ताछेर नै सोझो, चिप्लो र कामगर्ने लायक बनाउँछ ।" "महाराज ! यसरी नै बुद्धले भिक्षुहरूलाई यसै क्वारक्वार्ती हेरेर मात्र उनीहरूलाई ठीक बाटोमा ल्याउन सक्नुहुन्न । उहाँले मिथ्या प्रतिपन्न (मिथ्याचार) बाट हटाएर ने ज्ञानमार्गमा ल्याउनुहुन्छ । महाराज ! आफ्नै कारणले मिथ्याचारहरूको पतन हुन्छ ।"

"महाराज ! जसरी केराको बोट, बाँसको झाङ, अस्सतर[८८]भन्ने घोडा आफैद्वारा नष्ट हुन्छ, जसलाई तिनीहरू उत्पन्न गर्दछन्, त्यस्तै, जो खराब विचार भएका छन्, उनीहरू आफ्नै कर्मद्वारा नष्ट हुन्छन् ।"

"महाराज ! जसरी आफ्नै कर्तुतले चोरको आँखा झिकिन्छ, उसलाई सूलीमा चढाइन्छ, अथवा उसको टाउको काटिदिन्छन्, त्यसरी नै जो खराब विचार भएका छन्, उनीहरू आफ्नै कर्मले विनाश प्राप्त गर्दछन् र बुद्धशासनबाट च्युत हुन्छन् । महाराज ! जो ती साठी भिक्षुहरूका मुखबाट तातो रगत निस्कियो, भगवान्‌को कारणले वा अरुको कारणले त्यसो नभई खास आफ्नै कर्मले भएको हो ।"

"महाराज ! जस्तै कुनै मानिसले सबैलाई अमृत बाँड्यो । उनीहरू अमृत पिएर निरोगी, दीर्घायु र सबै कष्टहरूदेखि रहित भए । तर त्यही अमृत पिएर कसैले पचाउन नसक्नाले ऊ मऱ्यो । महाराज ! त्यसो हो भने के अमृत दिनेलाई कुनै दोष लाग्छ ?" "लाग्दैन भन्ते !" "महाराज ! यसरी बुद्ध भगवान् दश हजार लोकमा मानिसहरूलाई समानरूपले धर्मरूपी अमृत दान गर्नुहुन्छ । जो असल व्यक्तिहरू छन्, उनीहरूलाई त ज्ञान प्राप्त हुन्छ नै, तर मिथ्याचारीहरूको भने पतन हुन्छ ।"

"महाराज ! भोजनले सबैको प्राणलाई रक्षा गर्दछ, तर हैजा लागेको रोगीले त्यो खायो भने ऊ मर्छ । महाराज ! त्यसो हो भने के भोजन बाँड्ने कुनै दानीलाई त्यसको दोष लाग्छ ?" "लाग्दैन भन्ते ।"

"महाराज ! यसरी बुद्ध यी दस हजार लोकमा … ।"



https://dhamma.digital

"ठीक छ भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ म स्वीकार गर्छु ।"

## ३. गुह्य वस्तु निर्देशनको विषयमा प्रश्न

६. "भन्ते ! भगवान्ले भन्नुभएको छ :–

**कायेन संवरो साधु, साधु वाचाय संवरो ।**
**मनसा संवरो साधु, साधु सब्बत्थ संवरो ।**
**सब्बत्थ संवुतो भिक्खु, सब्बदुक्खा पमुच्चति ॥**[८९]

**काय, वाक् र मनलाई संयममा राख्नु राम्रो, जहाँ पनि संयम गर्नु राम्रो, सबै कुरामा संयमको अभ्यास गर्ने भिक्षु सबै प्रकारको दुःखबाट मुक्त हुन्छ ।**

"फेरि बुद्धले चारै परिषद्मा बसेर देव र मनुष्यहरूका सामु शैल नामक ब्राह्मणलाई आफ्नो कोशले आच्छदितलाई राम्ररी उपस्थ भएको (पुरुषेन्द्रिय) देखाउनुभएको थियो ।[९०] (क) भन्ते ! यदि बुद्ध शरीरलाई संयम राख्नुहुन्छ भने शैल नामक ब्राम्हणलाई उहाँले आफ्नो उपस्थ देखाउनुभएको – यो कुरो झूटो ठहरिन्छ । (ख) र यदि यो कुरो सत्य हो कि उहाँले शैल नामक ब्राह्मणलाई आफ्नो उपस्थ देखाउनुभएको भए, उहाँको यो वचन झुटो ठहरिन्छ कि शरीरलाई संयममा राख्नुपर्छ । यो पनि एउटा दुविधायुक्त ... ?"

७. "महाराज ! भगवान्ले साँचो भन्नुभएको छ – 'शरीरको संयम गर्नु धेरै बेस हो र यो पनि सत्य हो कि उहाँले शैल नामक ब्राह्मणलाई आफ्नो उपस्थ देखाइदिनुभएको थियो । महाराज ! उसलाई बुद्धप्रति शङ्का उत्पन्न भएको थियो, जसलाई मेट्न भगवान्ले ऋद्धिबलले आफ्नो शरीरलाई एकदमै प्रकाशित गरिदिनुभएको थियो । त्यस ऋद्धिनिर्मित शरीरको उपस्थ त्यही ब्राह्मणले मात्र देख्न सक्दथ्यो । भन्ते नागसेन ! यसमा कसले विश्वास गर्छ कि त्यहाँ सबैजना बसेको ठाउँमा एक्लैले उहाँको उपस्थलाई देख्यो अरुले भने देखेन ? कृपया यस्तो असम्भव कुरो सम्भव हुनाको कारण भन्नुहोस् ।"

"महाराज ! तपाईंले कुनै रोगीलाई देख्नुभएको छ, जसलाई घेरेर उसका नातेदार साथीहरू उभिइरहन्छ ?" "हो भन्ते ! देखेको छु ।" "महाराज ! त्यसो भए के अरुहरूले पनि त्यस कष्टलाई अनुभव गर्न सक्छन्, जसले गर्दा रोगी पीडित हुन्छ ?" "सक्दैन भन्ते ! एक्लै रोगीले नै त्यस कष्टलाई अनुभव गर्दछ ।" "महाराज ! यसरी, जसमा शङ्का उत्पन्न भएको थियो उसलाई सम्झाउन भगवान्ले ऋद्धि-बलले आफ्नो उपस्थ देखाउनुभएको थियो ।"



https://dhamma.digital

"महाराज ! यदि कुनै मानिसलाई भूत लाग्यो भने के अरुले त्यसलाई देख्न सक्छ ?" "सक्दैन भन्ते ! उसैले मात्र देख्न सक्छ, जसमाथि भूत चढेको होस् ।"

"महाराज ! त्यस्तै जसमा शङ्का उत्पन्न भएको छ उसलाई मात्र देखाउनको लागि भगवान्‌ले ऋद्धिबलले आफ्नो उपस्थ देखाउनुभएको थियो ।"

"भन्ते नागसेन ! यो बडो विचित्र कुरो हो कि कसैलाई पनि देखाउन नहुने वस्तु देखाउनु भयो ।" "महाराज ! भगवान्‌ले यथार्थमा उसलाई आफ्नो उपस्थ देखाउनुभएको नभई तर ऋद्धिबलले त्यसको छाया मात्र देखाउनुभएको थियो ।" "भन्ते ! छाया देखाउनु पनि त देखाउनु नै हो, जसले गर्दा ब्राह्मणको शंङ्का मेटियो ।" "हो महाराज ! भगवान्‌ले जुन कुरो बुझाउन चाहनुहुन्थ्यो, सो भन्न (बुझाउन) एकदमै विचित्र लीला गर्नुहुन्थ्यो । यदि भगवान्‌ले कुनै काम हलुको गर्नुभयो भने मानिसहरू त्यसलाई तत्काल बुझ्न सक्दैनथिए । महाराज ! भगवान् महान् योगी हुनुहुन्थ्यो । ज्ञानपिपासा राख्नेहरूलाई बुझाउनका लागि जुन-जुन उपायको अनुष्ठान गर्न आवश्यक हुन्छ, त्यसलाई योगबलले अनुष्ठान गरेर बुझाउनुहुन्थ्यो ।"

"महाराज ! जुन औषधीले रोगी स्वस्थ हुन सक्छ, वैद्यले उसलाई त्यही औषधि दिन्छ, बान्ता गराउँछ, पखाला गराउने औषधि दिन्छ, लेप लगाउँछ, सेक्छ, माड्छ । महाराज ! यसरी नै, ज्ञानपिपासा राख्नेहरूलाई बुझाउनका लागि ·· भगवान्‌ले त्यही योगबलको अनुष्ठान गरेर बुझाउनुहुन्छ ।"

"महाराज ! जस्तो कि प्रसवको समय केही कष्ट हुँदा स्त्रीले वैद्यलाई आफ्नो देखाउन नहुने गुप्ताङ्ग पनि देखाइदिन्छे । यसरी, जान्नका लागि उत्सुक भएको मानिसलाई बुझाउन भगवान्‌ले ऋद्धिबलले आफ्नो गुप्त इन्द्रियको छाया पनि देखाइदिनुभयो । महाराज ! व्यक्तिहरूलाई यस्तो कुनै वस्तु छैन, जो देखाउन नसकियोस् । महाराज ! यदि कोही मानिस भगवान्‌को हृदयलाई देख्दैमा बुझ्न सक्छ भने उसलाई योगबलले हृदय खोलेर देखाउन सक्नुहुन्थ्यो । महाराज ! भगवान् बुद्ध महान् योगी र उपदेश गर्नमा कुशल हुनुहुन्थ्यो ।"

८. "महाराज ! नन्द स्थविरको चित्तको कुरो बुझेर भगवान्‌ले उसलाई देवलोकमा लगेर देवकन्याहरुलाई देखाउनुभयो ।[९१] उहाँले जान्नुहुन्थ्यो कि स्थविर नन्दलाई त्यसो गर्नाले ज्ञान प्राप्त हुनेछ । यथार्थमा उसलाई ज्ञान प्राप्त भयो अनेक प्रकारको सांसारिक सौन्दर्यमा आसक्त हुनुमा निन्दा गर्नु भई, त्यसलाई तुच्छ तुल्याई तथा त्यसका दोषहरू प्रकट गर्दै स्थविर नन्दलाई ज्ञान



https://dhamma.digital

प्राप्त होस् भन्नाका लागि ती अप्सराहरूलाई देखाइदिनुभयो, जसको पैताला कुखुराको खुट्टाजस्तो रातो र सुकोमल थियो ।"

"महाराज ! फेरि चुल्लपन्थक स्थविरलाई ज्ञान प्राप्त गराई दिन भगवान्‌ले उसलाई एकदमै उज्यालो (सेतो) रुमाल दिनुभएको थियो । त्यसबाट उसलाई ज्ञान प्राप्त भएको थियो । महाराज ! यसरी भगवान् उपदेश दिनमा कुशल हुनुहुन्थ्यो ।"

"महाराज ! फेरि मोघराज नामक ब्राह्मणले तीनपल्ट प्रश्न गर्दा पनि भगवान्‌ले यस कारण उत्तर दिनुभएन कि उसको घमण्ड चूर भएर ऊ नम्र बनोस् । त्यसपछि उसको घमण्ड टुट्यो अनि उसले छ अभिज्ञाहरूमा अधिकार प्राप्त गऱ्यो । यसरी, भगवान् उपदेश दिनमा कुशल हुनुहुन्थ्यो ।"

"साधु भन्ते नागसेन ! तपाईंले प्रश्नहरूलाई राम्रोसँग बुझाउनुभयो । अनेक तर्कले अप्ठ्यारोलाई सुल्झाउनुभयो । अँध्यारोलाई उज्यालो पारिदिनुभयो । तपाईंले बुद्धपुत्रहरूलाई नयाँ आँखा (ज्ञान) दिनुभयो । अन्य तीर्थङ्करहरूको नाक काटिदिनुभयो । तपाईं यर्थाथतः सबै गणचार्यहरूमध्ये श्रेष्ठ हुनुहुन्छ ।"

## ४. कठोर भाषा प्रयोग विषयमा प्रश्न

९. "भन्ते नागसेन ! धर्मसेनापति स्थविर सारिपुत्रले भन्नुभएको छ – 'आवुसो ! भगवान् बुद्ध आफ्नो उपदेश वचन (वची समाचार-भाषणमा) पूर्णतः परिशुद्ध (सभ्य) रहनुहुन्छ । उहाँको भाषामा यस्तो कुनै पनि दोष छैन, जसलाई अरुबाट लुकाउनका लागि उहाँलाई सचेत रहनु परोस् । तैपनि कलन्दपुत्र स्थविर सुदिन्नले अपराध गरेपछि पाराजिकको घोषणा गर्दै भगवान्‌ले उसलाई मोघपुरुष (बेकारको मानिस) भनेर गाली गर्नुभएको थियो,[९२] त्यसले गर्दा स्थविरलाई निकै डर लागेको थियो । उसलाई एकदमै पछुतो हुन थाल्यो, जसले गर्दा उसले आर्यमार्ग प्राप्त गर्न सकेन । (क) भन्ते ! यदि बुद्ध आफ्नो भाषण (बोली) मा पूर्णतः सभ्य रहनुहुन्छ भने यो कुरो झुटो ठहरिन्छ कि उहाँले स्थविर सुदिन्नलाई गाली गर्नुभयो । (ख) र, यदि उहाँले स्थविर सुदिन्नलाई साँच्चै गाली गर्नुभएको हो भने उहाँ आफ्नो भाषणमा सभ्य हुनु भएन । यो पनि एउटा दुविधायुक्त ··· ?"

१०. "महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले जो भन्नुभएको थियो कि बुद्ध आफ्नो भाषणमा पूर्णतः सभ्य रहनुहुन्छ, त्यो ठीक हो र सुदिन्नलाई गाली गर्नुभएको कुरो पनि ठीक हो । उहाँले सुदिन्नलाई जुन गाली गर्नुभएको थियो, त्यो रिसाएर होइन । तर मनमा कुनै रिस नल्याइकनै सुदिन्न जस्तो



https://dhamma.digital

थियो, त्यस्तै उहाँले भन्नुभयो ।" "जस्तो थियो त्यस्तै-यसको तात्पर्य के हो ?" "महाराज ! जसलाई यसै जन्ममा चारैवटा आर्यसत्यहरुको बोध हुन सक्दैन उसलाई मनुष्य हुनु व्यर्थ (मोघ) नै हो । यसरी जो एउटा काम गर्नुपर्नेमा अन्यथा गर्छ भने उसलाई मोघपुरुष भनिन्छ । महाराज ! त्यसैले भगवान्ले स्थविर सुदिन्न जस्तो थियो, त्यस्तै भनेर भनिएको हो । त्यसैले उहाँले कुनै बेठीक कुरो गर्नुभएको होइन ।"

"भन्ते नागसेन ! तर, यदि कसैले सत्य कुरा गरे पनि अरुलाई नीच भन्यो भने हामीहरु उसलाई एक कहापण (त्यस समयको पैसा) दण्ड गरिदिन्छौं । किनकि त्यो पनि त अपराध नै हो । त्यसैलाई लिएर उनीहरुमा बाझाबाझ हुन सक्छ ।"

"महाराज ! के तपाईंले कहिले सुन्नुभएको छ कि मानिसहरु कुनै अपराधी पुरुषलाई ढोग्छन्; उठेर स्वागत गर्छन्, मान गर्छन्, कोसेली दिन्छन् ?" "छैन भन्ते ! यदि कसैले कतै कुनै किसिमको अपराध गर्छ भने, मानिसहरुले उसको गिल्ला गर्छन्, उसलाई थुक्छन् र यहाँसम्म कि उसको टाउको पनि काटिदिन्छन्, उसलाई कष्ट दिन्छन्, बाँध्छन् या मारिदिन्छन्, उसको सम्पूर्ण सम्पत्ति जफत गर्छन् ।" "महाराज ! त्यसो हो भने भगवान्ले उचित गर्नुभयो कि अनुचित ?"

"भन्ते ! ठीक गर्नुभयो, जस्तो गर्नुपर्ने थियो । भन्ते ! यसलाई सुनेर देव र मनुष्य सबै पाप गर्न लाज मान्छन्, रोकिराख्छन् या त्यसलाई देखेर डर मान्छन्, पाप गर्ने ठाउँमा जाँदैनन् र पाप पनि गर्दैनन् । महाराज ! रोग लागेमा के वैद्यले मीठो औषधि दिन्छ ?" "दिँदैन भन्ते ! स्थस्थ रहनका लागि उसले चर्को र तीतो औषधि पनि दिन्छ ।" "महाराज ! यसरी नै, सबै पाप मेट्न भगवानले उपदेश दिनुहुन्छ । उहाँको शब्द कहिलेकाहीँ कठोर हुन्छ, तैपनि मानिसहरुलाई शान्त र नम्र तुल्याउनका लागि । महाराज ! जसरी पानी तातो भएर पनि नरम हुन सक्ने वस्तुहरुलाई नरम बनाइदिन्छ, महाराज ! त्यसरी नै, भगवान् बुद्धको कठोर शब्द पनि बडो उपयोगी र करूणामय हुन्छ ।"

"महाराज ! बुबाको बोली छोराका लागि उपयोगी र करूणाले भरिएको हुन्छ, त्यस्तै, बुद्धको कठोर शब्द पनि उपयोगी र करूणामय हुन्छ । महाराज ! बुद्धको कठोर शब्द पनि मान्छेहरुको पाप मेट्ने खालको हुन्छ । महाराज ! जसरी नमिठो स्वाद भएको बडो गाह्रोसित पिइने गहुँतले शरीरका रोगहरुलाई हटाइदिन्छ, त्यसरी नै, बुद्धको कठोर शब्द पनि निकै उपयोगी र करूणामय हुन्छ । महाराज ! जस्तै रुवा (कपास) को एउटा ठूलो पोको शरीरमा खस्दा कुनै घाउचोट लाग्दैन, त्यस्तै, बुद्धको शब्द कठोर भएमा पनि त्यसले कसैलाई चोट पुऱ्याउँदैन ।"



https://dhamma.digital

"भन्ते नागसेन ! तपाईंले अनेक तर्क दिएर प्रश्नलाई राम्रोसँग सम्झाउनुभयो । साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्छु ।"

## ५. रूखहरूमा अचेतन भाव विषयमा प्रश्न

११. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ :–

**अचेतनं, ब्राह्मण, अस्सुणन्तं, जानं अजानन्तमिमं पलासं ।**
**आरद्धविरियो धुवमप्पमत्तो, सुखसेय्यं पुच्छसि किस्स हेतू'ति ॥**[९३]

**"ब्राह्मण ! यो सुन्न नसक्ने निर्जीव यस पलाँसको हो भन्ने कुरो बुझेर पन नबुझेझैं गरी साधान र होसियार हुँदाहुँदै पनि तिमी किन केही सोध्दैछौ ?"**

साथै यसो पनि भनिएको छ :–

**इति फन्दनरूखो पि, तावदे अज्झभासथ ।**
**मय्हं पि वचनं अत्थि, भारद्वाज, सुणोहि मे ति ॥**[९४]

**"फन्दन वृक्षले उत्तर दियो – भारद्वाज म पनि बोल्न सक्छु, सुन ।"**

(क) "भन्ते ! यदि रूखमा साँच्चै जीव छैन भने फन्दनले उत्तर दिएको कुरो झूटो ठहरिन्छ । (ख) र, यदि फन्दनले उत्तर दिएको कुरो ठीक हो भने रूखमा जीव छैन, भन्ने कुरो हुन सक्दैन । यो पनि दुविधायुक्त ··· ?"

१२. "महाराज ! दुवै कुरो ठीक हो । वृक्ष अचेतन हुन्छ । फन्दनले पनि भारद्वाजलाई सही उत्तर दिएका थिए । यो कुरो त मानिसहरुलाई बुझाउनका लागि मात्र भनिएको थियो । महाराज ! अचेतन वृक्ष के बोल्न सक्छ ? त्यसमा बस्ने देवताले बोलेकोले वृक्षले बोलेको हो भनेर भनियो ।"

"महाराज ! गाडामा धान लाड्नाले मानिसहरु त्यसलाई धानका गाडा भन्न थाल्छन् । गाडा त काठले बनेको हुन्छ, धानले होइन । तर त्यसमाथि धान लादिनाले मान्छेहरुले त्यसलाई धानको गाडा भनेका हुन् । महाराज ! त्यसरी नै, खासमा रूख बोल्दैन, किनकि त्यो त अचेतन हो । त्यसमा बस्ने देवताले बोलेकोले मानिसहरुले रूखले बोलेको हो भनेर भन्छन् । यो लोकले भन्ने तरिका मात्र हो ।" (क)



https://dhamma.digital

"महाराज ! खासमा त मान्छेहरुले दहीलाई पो मन्थन गर्छन्, तर भन्छन कि – 'मही पार्दैछु (मथ्दैछु) ।' महीलाई त मथेको होइन नि, मथेको त दहीलाई पो हो । महाराज ! त्यसरी नै खासमा रूख बोल्दैन । रूख अचेतन छ … ।" (ख)

"महाराज ! मान्छेहरु भन्छन् – 'म फलानो चीज बनाउँदै छु ।' त्यो चीज त अहिले तयार भएकै छैन, अनि उसले त्यो कसरी बनाउँछ ? तर मान्छेहरुले भन्ने तरीका यही हो । महाराज ! त्यसरी नै, वास्तवमा रूख बोल्दैन । त्यसमा त चेतना नै छैन । त्यसमा बस्ने देवता बोल्नाले मान्छेहरु रूख बोल्छ भनेर भन्छन् । महाराज ! मान्छेहरु जुन भाषाको प्रयोग गर्दछन्, त्यही भाषामा भगवान् बुद्धले पनि उनीहरुलाई धर्मको उपदेश दिनुहुन्छ ।"

"ठीक हो भन्ते नागसेन !"

## ६. पिण्डपातको महत्फल विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! धर्मसंगीति गर्ने स्थविरहरुले भनेका छन् :–

**"सुनको काम गर्ने चुन्दले दिएको भोजन खाएर, यस्तो मैले सुनेको छु, बुद्धलाई भयङ्कर रोग लाग्यो जसले गर्दा अन्तमा उहाँको प्राण नै गयो ।"**

"फेरि भगवान्ले यसो पनि भन्नुभयो – 'आनन्द ! मलाई दिएको भिक्षा (पिण्डपात) दुवै बराबर पुण्य दिने खालको छ। अरुहरुले दिएको भिक्षाको अपेक्षा त्यो दुवै बढी फल र पुण्य दिने खालको छ। कुनचाहिँ दुई भिक्षाहरु ? (क) 'जुन भिक्षा खाएर मैले अनुत्तर सम्यक्सम्बोधि (अलौकिक बुद्धत्व) पाएँ र (ख) जुन भिक्षा खाएर मैले अनुपादिशेष निर्वाणधातुबाट (संसारबाट सधैं छुट्कारा पाउने) परिनिर्वाण पाएँ ।' यी दुवै भिक्षा बराबर पुण्य दिने खालको हो ।"[९५]

(क) "भन्ते ! यदि चुन्दको भिक्षा खानाले भगवान्लाई यस्तो भयङ्कर रोग लाग्यो जसले गर्दा उहाँको प्राण नै गयो भने त्यो भिक्षा अरु कसैले दिएको भिक्षाभन्दा बढी पुण्य दिने खालको सम्भनुहुन्न । (ख) र, यदि त्यो भिक्षा यथार्थमा अरुबाट दिइएको भिक्षाभन्दा बढेर पुण्यप्रद थियो भने, यसो हुन सक्दैन कि त्यो खानाले भगवान्लाई यस्तो भयङ्कर रोग लाग्यो जसले गर्दा उहाँको मृत्यु नै भयो । विषझैं काम गर्ने, रोग उत्पन्न गर्ने, प्राणलाई नै हरेर लाने, त्यो भिक्षा जो खानाले भगवान्को मृत्यु भयो त किन अरुले दिएको भिक्षाभन्दा बढी पुण्य दिने खालको हुन सक्छ ? विपक्ष मतहरुको कुतर्कलाई रोक्न तपाईं यसको कारण भनिदिनुहोस् । मानिसहरुलाई यहाँ यस्तो भ्रम हुन्छ

कि भगवान्ले लोभमा परेर ठुसेर खानुभयो होला जसले गर्दा उहाँलाई रातो आउँ पऱ्यो ··· । यो पन एउटा दुविधायुक्त ··· ?"

१४. "महाराज ! धर्मसङ्गीति गर्ने महास्थविरहरुले जे भन्नुभएको छ, सो ठीक हो कि चुन्दको भिक्षा खाएर भगवान्लाई ··· । भगवान्ले जे भन्नुभएको हो, त्यो पनि ठीक छ कि चुन्दले दिएको भिक्षा अन्य भिक्षाभन्दा बढी पुण्य दिने खालको छ ।"

"महाराज ! देवताहरु भगवान्को यस अन्तिम भिक्षामा खुशी भए । उनीहरुले त्यस शूकरमद्दव[९६] मा दिव्यओज भरिदिएका थिए । यसले गर्दा त्यो हलुका, चाँडै पच्ने भयो र धेरै स्वादिष्ट पनि भयो । महाराज ! भोजन खानुको कारणले उहाँलाई रोग लागेको होइन; उहाँको शरीर अति क्षीण भइसकेको र आयुसंस्कार पनि सकिइसकेको कारणले रोग लागेको हो, त्यसपछि उहाँको अवस्था बिग्रेको हो ।"

"महाराज ! जसरी स्वयं बल्दै गरेको आगोमा इन्धन हाल्नाले त्यो झन् दन्केर बल्छ, त्यस्तै भगवान्को शरीर अति क्षीण भइसकेको र आयु पूर्ण भएको कारणले त्यो रोग बढ्दै गयो ।"

"महाराज ! जसरी धेरै वर्षा भयो भने खहरे खोला झन् उर्लेर बग्न थाल्छ; त्यस्तै, भगवान् धेरै कमजोर हुनु भएकोले र आयु पूर्ण भएकोले त्यो रोग बढ्दै गयो ।"

"महाराज ! जसरी पेटमा कमजोरी हुँदा नपाकेको कुनै अन्न खाँदा झन् बढी आउँ पर्छ, त्यस्तै भगवान् कमजोर हुनुभई आयु पूर्ण भएको हुनाले त्यो रोग बढ्दै गयो । महाराज ! चुन्दको त्यस भिक्षामा कुनै दोष थिएन । उनीमाथि कसैले दोष लगाउन सक्दैन ।"

"भन्ते नागसेन ! त्यो दुवै भिक्षालाई कुन कारणले अरुले दिएको भिक्षाभन्दा बढी पुण्य दिने खालको सम्झनुपर्छ ?" "महाराज ! किनकि ती दुवै भिक्षा खानाले पछि उहाँले धर्मको सबैभन्दा ठूलो उपलब्धि पाउनुभएको थियो ।"

"भन्ते नागसेन ! कुनचाहिँ धर्मको सबैभन्दा ठूलो उपलब्धि?" "महाराज ! नौ आनुपूर्विक-विहारको सभापत्तिको उल्टो (प्रतिलोम) र सीधा ( अनुलोम) को साक्षात्कार गर्नु ।[९७]"

"भन्ते ! के भगवान्ले बुद्धत्वप्राप्ति र परिनिर्वाण – दुवै समयमा त्यसलाई साक्षात्कार गर्नुभएको थियो ?" "हो महाराज !" "भन्ते ! बडो अचम्म छ !! अद्भुत छ !! कि बुद्धको क्षेत्रमा दिएको दुवै भिक्षालाई सबैभन्दा बढी गौरवमय सम्झनुपर्छ । नौ आनुपूर्विक विहारको सम्पत्ति पनि धन्य छ जसले गर्दा यो दुवै भिक्षा यति महत्वपूर्ण भयो ।"



https://dhamma.digital

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ७. बुद्ध पूजा विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! भगवान्ले भन्नुभयो – 'आनन्द ! तिमीहरु बुद्धको शरीरपूजामा नलाग[९८] ।' साथै, यसो पनि भनिएको – 'पूजा गर ती पूजनीय धातुहरुको । यस्तो गरेमा तिमीहरुलाई स्वर्ग प्राप्त हुनेछ ।'

(क) "भन्ते ! यदि भगवान्ले आनन्दलाई बुद्धको शरीरपूजा गर्नुबाट रोक्नुभएको भए पूजा गर त्यस पूजनीय धातुहरुको ··· । यसो कहिल्यै भन्नुभएको होइन । (ख) र, यदि उहाँले पूजा गर त्यस पूजनीय धातुहरुको ··· यसो साँच्चै भन्नुभएको हो भने, आनन्दलाई बुद्धको शरीरपूजा गर्नुबाट रोक्ने कुरा झूटो ठहरिन्छ । यो पनि दुविधायुक्त प्रश्न ··· ?"

१६. "महाराज ! भगवान्ले दुइटै कुरा भन्नुभयो । त्यो सबैका लागि होइन, बरु केवल भिक्षुहरुका लागि भन्नुभएको थियो – 'आनन्द ! तिमीहरु बुद्धको शरीरपूजामा नलाग ।' महाराज ! पूजा गर्नु भिक्षुहरुको काम होइन । सबै संस्कारहरुको नश्वरतालाई मनमा ल्याएर योनिसोमनसिकार (कारणसहित विचार गरी ध्यानभावना) को अभ्यास गर्नु र पवित्र काममा लागिरहनु नै भिक्षुहरुको कर्तव्य हो । देवता र मानिसहरुको काम धातुपूजा गर्नु बेस हो ।"

"महाराज ! जसरी हात्ती, घोडा, रथ, भाला र तीर चलाउने विद्याहरु सिक्नु, लेख्नु, पढ्नु, हिसाब-किताब हेर्नु, क्षत्रिय धर्मको पालन गर्नु, युद्ध गर्नु, सेना सञ्चालन गर्नु– यी सबै राजपुत्र (क्षत्रिय) हरुको कर्तव्य हो । वैश्य, शूद्र र अरुहरुका काम खेती गर्नु, व्यापार गर्नु, पशुपालन इत्यादि हुन् । महाराज ! यसरी नै, पूजा गर्नु भिक्षुहरुको काम होइन । सबै संस्कारहरुको नश्वरतालाई मनमा ल्याउनु ··· नै भिक्षुहरुको कर्तव्य हो । देवता र मानिसहरुको काम धातुपूजा गर्नु हो ।"

"महाराज ! जसरी ब्राह्मणका छोराहरुले ऋग्वेद, यजुर्वेद, सामवेद, अर्थवेद, शरीरको लक्षण, इतिहास, पुराण, निघण्ट, कैटुभ, अक्षरप्रभेद, पद, व्याकरण, ज्योतिषशास्त्र, शकुनविद्या, स्वप्नविद्या, निमित्त विद्या, छ वेदाङ्ग, सूर्य र चन्द्रग्रहणको विद्या, राहु आकाशमा आउनुको फलको विद्या, आकाशको गड्गडाइ नक्षत्रहरुको संयोग हुनुको विद्या, उल्कापात, भूकम्प, दिशादाह, आकाश र पृथ्वीको लक्षणलाई हेरेर फल बताउनु, गणित, सामुद्रिक, कुकुर, मृग, मुसा, भिश्रकोत्पाद र चराहरुको बोली बुझ्ने विद्या सिक्नुपर्छ । तर वैश्य, शूद्र तथा अरु व्यक्तिहरुको काम – कृषि, व्यापार र पशुपालन हो । महाराज ! त्यसरी पूजा गर्नु भिक्षुहरुको काम होइन । सबै संस्कारको नश्वरतालाई



https://dhamma.digital

मनमा ल्याउनु ··· भिक्षुहरुको कर्तव्य हो । देवताहरु र मानिसहरुका लागि धातु पूजा गर्नु बेस हो । महाराज ! भिक्षुहरु अकार्थमा नलागेर आफ्नो कतव्यमै लागिरहुन् भनेर, भगवान्ले भन्नुभयो – 'आनन्द ! तिमीहरु बुद्धको शरीरपूजामा न लाग्नू ।' यदि भगवान्ले यसो नभन्नुभएको भए भिक्षुहरु आफ्नो चीवर र पिण्डपातलाई एकातिर थन्काएर बुद्धको पूजा मात्र गर्नमा लागिरहन्थे होला ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ८. ढुङ्गाको टुक्राबाट भगवान्को खुट्टामा लागेको चोट

१७. "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ कि भगवान् बुद्ध हिंड्नु हुँदा यो अचेतन पृथ्वी पनि जहाँ गहिरो भाग हुन्थ्यो त्यहाँ उठेर सम्म हुन्थ्यो अनि जहाँ उठेको थियो, त्यहाँ तल गएर सम्म हुन्थ्यो । साथै, यस्तो पनि भन्छन् कि भगवान्को खुट्टामा एकपल्ट ढुङ्गाको टुक्रा भगवान्को खुट्टामा खस्यो र घाउ भयो[९९] । त्यो उहाँको खुट्टाबाट हटेर किन खसेन ? (क) भन्ते ! यदि भगवान् हिंड्दा यो अचेतन पृथ्वी पनि सम्म ··· हुन्थ्यो भने उहाँको खुट्टामा ढुङ्गा खसेर घाउ लोको कुरा असत्य भयो । (ख) फेरि, यथार्थमा उहाँको खुट्टामा ढुङ्गा खसेर घाउ लागेको कुरा सत्य हो भने यो कुरो मान्न सकिन्न कि उहाँ हिंड्नु हुँदा यो अचेतन पृथ्वी सम्म ··· हुन्थ्यो । यो पनि एउटा दुविधायुक्त प्रश्न ?"

१८. "महाराज ! दुवै कुरा ठीक हो । तर ढुङ्गाको त्यो टुक्रा आफै खसेको नभई देवदत्तले फ्याँकेको हुनाले झरेर उहाँको खुट्टामा लागेको हो । महाराज ! सयौं हजारौं जन्मदेखि भगवान्प्रति देवदत्तको मनमा डाहा चल्दै आएको थियो । त्यस डाहाले गर्दा उनले भगवान्माथि एउटा चट्टान खसाले । तर पृथ्वीबाट निस्केको दुईवटा चट्टानको माझमा आएर त्यो रोक्कियो । ती दुई चट्टान ठोक्किएर ढुङ्गाको टुक्रा चोइटियो अनि छरिएर एउटा टुक्रा भगवान्को खुट्टामा आएर खस्यो ।"

"भन्ते नागसेन ! जसरी दुईवटा चट्टानहरुले आएर खस्न लागेको चट्टानलाई बीचमै रोके, त्यसरी नै ढुङ्गाको त्यो टुक्रा पनि बीचमै रोकिनुपर्ने थियो ?"

"महाराज ! रोक्दारोक्दै पनि केही न केही सरेर तल आउँछ नै । महाराज ! अँजुलीमा पानी लिँदा केही न केही मात्रामा पानी औंलाका कापबाट निस्केर तल झर्छ । दुध, मही, मह, घिउ, तेल, माछा वा मासुको रस अँजुलीमा लिँदा केही न केही मात्रामा औंलाका कापबाट रसाएर तल झर्छ । महाराज ! त्यसरी नै झर्न लागेको चट्टानलाई दुईवटा अन्य चट्टानहरुका माझ आएर

रोक्दा पनि ती ठक्कर खानाले तिनको एउटा टुक्रा उछिट्टिएर भगवान्‌को खुट्टामा आएर झऱ्यो ।" (क)

"महाराज ! जसरी धूलो हातमा लिएर मुट्ठी पार्दा औंलाको कापबाट अलिअलि गर्दै तल झर्छ । महाराज ! त्यसरी नै झर्दै ··· ··· आएर झऱ्यो ।" (ख)

"महाराज ! मुखमा गाँस राख्दा केही न केही मात्रामा खानाको टुक्रा तल झर्छ । महाराज ! त्यसरी नै ··· आएर झऱ्यो ।" (ग)

"भन्ते नागसेन ! ठी छ म मान्दछु कि चट्टान त्यसरी आएर बीचमा रोकियो; किन्तु त्यो टुक्रा महापृथ्वीझैं अवश्य भगवान्‌को गौरव मान्नु पर्दथ्यो ?"

"महाराज ! बाह्र प्रकारका व्यक्तिहरुले कुनै आदर, गौरव (सम्मान) गर्दैनन् । कुन बाह्र ? १. रागी पुरुष आफ्नो रागको वशमा परेर आदर, गौरव (सम्मान) गर्दैनन् । (२) द्वेषी पुरुष आफ्नो द्वेषमा आएर ···, (३) मोही पुरुष आफ्नो मोहमा आएर ···, (४) घमण्डी पुरुष आफ्नो घमण्डमा आएर ···, (५) खराब पुरुष आफ्नो खराबीमा आएर, ··· (६) जिद्दी गर्ने मानिस आफ्नो ढिपीमा आएर ···, (७) नीच पुरुष आफ्नो नीच स्वभावले गर्दा ···, (८) गफाडी मानिस आफ्नो शेखीले गर्दा ···, (९) पापी मानिस आफ्नो क्रुरताले गर्दा ···, (१०) सताइएको मानिसलाई सताइनाले ···, (११) लोभी मानिस लोभमा परेर ··· र (१२) संसारी पुरुष आफ्नो अर्थसाधनामा लाग्नाले आदर गौरव गर्दैन । यी बाह्र प्रकारका मानिसहरु कुनै आदर गौरव गर्दैन । तर, ढुङ्गाको त्यो टुक्रा चट्टानमा ठक्कर खाएर उछिट्टिएर कुनै खास कारण त्यसै उफ्रँदै भगवान्‌को खुट्टामा आएर खस्यो ।"

"महाराज ! जसरी बतास चल्दा पातलो र चिप्लो धूलो कुनै कारणले चारैतिर छरिएर फैलिन्छ, महाराज ! त्यसरी नै कुनै खास उद्देश्यबिना ढुङ्गाको त्यो टुक्रा चट्टानको ठक्कर खानाले उछिट्टिएर त्यसै उफ्रँदै भगवान्‌को खुट्टामा आएर झऱ्यो, जसको फलस्वरूप ती (देवदत्त) ले धेरै दुःख उठाउनु पऱ्यो ।"

"ठीक हो भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ९. श्रेष्ठ र अश्रेष्ठ श्रमणका विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! भगवान्‌ले भन्नुभयो – आस्रवलाई क्षय गर्नाले नै श्रमण हुन्छ । साथै यसो पनि भन्नुभयो कि – चार धर्मले युक्त जो छ, त्यस मनुष्यलाई मान्छेहरुले श्रमण भन्दछन् ।"



https://dhamma.digital

"ती चार धर्महरु हुन् – (१) क्षान्ति (सहनशीलता), (२) अल्पाहार, (३) वैराग्य, (४) थोरै आवश्यकता भएको । यी चार धर्महरु त उनीहरुमा पनि पाइन्छ, जसको आस्रव क्षीण नभएर पनि कायम रहन्छ । (क) भन्ते नागसेन ! यदि आस्रवलाई क्षय गर्नाले नै श्रमण हुन्छ भने, यो कुरो झूटो ठहरिन्छ कि यी चार धर्महरुले युक्त हुनेलाई श्रमण भनिन्छ । (ख) र, यदि यो सत्य हो कि यी चार धर्मले युक्त हुनलाई श्रमण भनिन्छ भने, यो कुरो झूटो ठहरिन्छ कि आस्रवलाई क्षय गर्नाले श्रमण हुन्छ । यो पनि एउटा दुविधायुक्त प्रश्न … ?"

२०. "महाराज ! भगवान्ले भन्नुभएको छ – 'आस्रव क्षय गर्नाले नै श्रमण हुन्छ, फेरि चार धर्मले युक्त हुनेलाई श्रमण भनिन्छ, यी दुवै कुरा सत्य हुन् । महाराज ! चार धर्मले युक्त भएका मानिसहरुलाई लोकमा श्रमण भनी भनेको यी पुद्गलहरुको गुणको कारणले श्रमण भनेको हुन् । आस्रव क्षय भइसकेकालाई श्रमण भनी नभनिएको वचनमा कुनै शङ्का छैन ।"

"महाराज ! जस्तो कि जल-थलमा उत्पन्न हुने सबै प्रकारका फूलमध्ये वार्षिक फूल (जुही) सबैभन्दा श्रेष्ठ मानिन्छ; तैपनि सबै फूलहरुलाई फूल नै भनिन्छ । महाराज ! जसले क्लेशलाई उपसम (शान्त) गर्न प्रयत्न गर्ने वाला हुन् ती सबैलाई साधारणतः श्रमण भनिन्छ । जसले आफ्नो क्लेशलाई राम्ररी जितिसकेको छ, उनी क्षीणास्रवलाई सर्वश्रेष्ठ श्रमण भनिन्छ ।"

"महाराज ! जति पनि अन्नहरु छन्, ती सबै कामका लागि उपयोगी हुन्छन्, खाने लायक हुन्छन्, शरीरलाई फाइदा दिने हुन्छन् । तर तीमध्ये चामल नै सबैभन्दा श्रेष्ठ ठहरिन्छ । महाराज ! जसले क्लेशलाई उपसम (शान्त) का लागि प्रयत्न गर्ने हुन्छ, उनीहरु सबैलाई साधारणतः श्रमण भनिन्छ । जसले आफ्नो क्लेशलाई राम्ररी जितिसकेको छ त्यस्ता क्षीणास्रवलाई सर्वश्रेष्ठ श्रमण भनिन्छ ।"

"ठीक हो भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## १०. गुण वर्णन विषयमा प्रश्न

२१. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'भिक्षु हो ! यदि अन्य व्यक्तिहरुले मेरो …, धर्मको …, अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरुले आनन्द, खुसी र हर्षले विभोर भएर प्रफुल्लित हुनु हुँदैन ।'[१००] तैपनि शैल नामको ब्राह्मणद्वारा आफ्नो साँचो प्रशंसा गरिएपछि स्वयं आनन्दित सौमनस्य भई चित्त उत्तेजित पारी खुसी हुँदै आफ्ना अन्य गुणहरु देखाउँदै भन्नुभयो :–



https://dhamma.digital

**'राजहमस्मि, सेल, धम्मराजा अनुत्तरो ।**
**धम्मेन चक्क वत्तेमि, चक्कं अप्पटिवत्तियं'ति ॥'**

**'म राजा हुँ हे शैल ! अलौकिक धर्म-राजा ,**
**धर्म-चक्र प्रवर्तन गरें, जसलाई कोही कसैले गर्न सक्दैन ।'**[१०१]

(क) "भन्ते नागसेन ! यदि भगवान्ले साँच्चै भन्नुभएको – 'भिक्षु हो ! यदि अन्य व्यक्तिहरुले मेरो ⋯, धर्मको ⋯, अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरुले आनन्द, खुसी र हर्षले विभोर भएर प्रफुल्लित हुनु हुँदैन भन्ने कुरा सत्य हो भने, शैलको कुरो झूटो ठहरिन्छ। यदि शैलको कुरो ⋯ सत्य हो भने, भिक्षुहरु हो ! यदि अन्य व्यक्तिहरुले मेरो ⋯, धर्मको ⋯, अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरुले आनन्द, खुसी र हर्षले विभोर भएर प्रफुल्लित हुनु हुँदैन भन्ने कुरा असत्य हुन्छ। यो पनि एउटा दुविधायुक्त ?"

२२. "महाराज ! भगवान्ले यथार्थ कुरा भन्नुभएको – 'भिक्षु हो ! यदि अन्य व्यक्तिहरुले मेरो ⋯, धर्मको ⋯, अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरुले आनन्द, खुसी र हर्षले विभोर भएर प्रफुल्लित हुनु हुँदैन' भन्ने कुरा र यो पनि सत्य कुरो हो कि शैल नामक ब्राह्मणद्वारा आफ्नो साँचो प्रशंसा गरिँदा उहाँ स्वयं आनन्दविभोर भएर फुल्नुभएको थियो अनि आफ्ना अन्य गुण देखाउँदै भन्नुभएको थियो – 'म राजा हुँ हे शैल ! अलौकिक धर्म-राजा, धर्म-चक्र प्रवर्तन गरें, जसलाई कोही कसैले गर्न सक्दैन ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ११. अहिंसानिग्रह विषयमा प्रश्न

२३. "भन्ते नागसेन ! भगवान्ले यो भन्नुभएको छ – 'लोकमा कसैको हिंसा नगरी प्रेमपूर्वक एक आपसमा हेलमेल गरेर बस ।"[१०२]

"साथै यसो पनि भनिएको छ – 'जो दण्ड दिन योग्य छन्, उनीहरुलाई दण्ड देऊ; जो साथ दिन योग्य छन्, उनीहरुलाई साथ देऊ । भन्ते नागसेन ! दण्ड दिनुको अर्थ हात काटिदिनु, खुट्टा काटिदिनु, मारी दिनु, झ्यालखानामा जाक्नु, मार्नु, कुट्नु वा देशनिकाला गरिदिनु । भगवान्ले यो कुरो भन्नु हुँदैन थियो र उहाँ भन्न पनि सक्नुहुन्न ।"

(क) "भन्ते नागसेन ! भगवान्ले यो पनि भन्नुभएको छ – 'लोकमा कसैको हिंसा नगरी प्रेमपूर्वक एक आपसमा हेलमेल गरेर बस ।' त्यसो हो भने यो कुरो झूटो ठहरिन्छ कि 'जो दण्ड दिन योग्य छन्, उनीहरुलाई दण्ड देऊ



https://dhamma.digital

र (ख) यदि उहाँले जसलाई दण्ड दिन योग्य छ, उनीहरुलाई दण्ड देऊ ··· भन्ने कुरो साँचो हो भने, लोकमा कसैको हिंसा नगरी प्रेमपूर्वक एक आपसमा हेलमेल गरेर बस भन्ने कुरा असत्य हुन्छ । यो पन एउटा दुविधायुक्त प्रश्न हो, जुन तपाईंको सामु राखेको छु । तपाईं यसलाई स्पष्ट गर्नु होला ?"

२४. "महाराज ! भगवान्ले यो कुरो ठीकै भन्नुभएको छ – 'लोकमा कसैको हिंसा नगर ··· र यसो पनि भन्नुभएको छ कि – 'जसलाई दण्ड दिन योग्य छ, उसलाई दण्ड देऊ, जसलाई साथ दिन योग्य छ, उनीहरुलाई साथ देऊ । कसैको हिंसा नगरी प्रेमपूर्वक आपसमा हेलमेल गरेर बस्नू ।"

"महाराज ! सबै बुद्धहरुको यही उपदेश हो, यही धर्मदेशना हो । अहिंसा त धर्मको प्रधान लक्षण हो । बुद्धको यो स्वाभाविक वचन हो । महाराज ! अनि जो उहाँले भन्नुभएको छ – 'जसलाई दण्ड दिन योग्य छ ··· ।' महाराज ! यसको मतलब यो हो कि उद्धत चित्तलाई साम्य पार्नुपर्छ, शान्त भएको चित्तलाई सोही रूपमा राख्नुपर्छ, अकुशल चित्त (खराब विचार) लाई दबाउनुपर्छ, कुशल चित्तलाई (राम्रो विचारलाई) बढाउनुपर्छ, असंयमित ( अनुचित) मनलाई रोक्नुपर्छ, संयमित मनलाई वृद्धि गर्नुपर्छ, मिथ्या आचारण ( झूटो सिद्धान्त) लाई दबाउनुपर्छ, सम्यक् आचरणलाई वृद्धि गर्नुपर्छ, अनार्य भावलाई दबाउनुपर्छ, आर्य भावलाई वृद्धि गर्नुपर्छ; चोरलाई वशमा राख्नुपर्छ, साधुलाई कायमै राख्नुपर्छ ।"

"भन्ते नागसेन ! हो, अब तपाईंले मेरो कुरा बुझ्नुहुन्छ । म जे सोध्न चाहन्थे त्यसको अर्थ निस्केर आउन लाग्यो । भन्ते ! यो ठीक हो कि चोरलाई वशमा राख्नुपर्छ । तर कसरी ?" "महाराज ! चोरलाई कसरी वशमा राख्नुपर्छ – यदि उसलाई गाली गर्न उचित छ भने गाली गर्नुपर्छ, दण्ड दिन उचित छ भने दण्ड दिनुपर्छ, देशबाट निकाला गर्न उचित छ भने देशनिकाला गर्नुपर्छ र यदि फाँसी दिन उचित छ भने फाँसी दिनुपर्छ ।" "भन्ते ! जुन चोरलाई फाँसी दिने कुरो छ, के त्यो तथागतहरुको अनुकूल छ ?" "छैन महाराज !" "त्यसो हो भने तथागतहरुका अनुसार कसरी दमन गर्नुपर्छ ?"

"महाराज ! जुन चोरलाई फाँसी दिइन्छ, सो तथागतहरुको अनुमतिले होयन, बरु उसको आफ्नै कारणले । महाराज ! के धर्मले यस्तो अनुमति दिन्छ कि कोही बुद्धिमान् मानिसले कुनै निर्दोष व्यक्तिलाई, जो सडकमा हिँडिरहेकोछ, विनाकारण समातेर मारी देओस् ?" "होइन भन्ते !" "महाराज ! के कारणले दण्ड नदिएको हो त ?" "भन्ते ! किनभने उसले कुनै अपराध गरेकै छैन ।" "महाराज ! यसरी नै, तथागतहरुको अनुमतिले जसरी चोरहरुलाई अनुमति दिँदैन, तर उनीहरुको आफ्नै कारणले । त्यसो भए के यसबाट तथागतलाई कुनै दोष लाग्छ ?" "लाग्दैन भन्ते !"



https://dhamma.digital

"महाराज ! तपाईंले तथागतको उपदेश सदा उपयुक्त नै हुन्छ भन्ने कुरा बुझ्नुभएकै होला ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## १२. भिक्षु प्रणामितको (स्थविरहरूको निष्काशन) विषयमा प्रश्न

२५. "भन्ते नागसेन ! भगवान्‌ले यसो भन्नुभयो कि – 'मेरो मनमा न कुनै रिस छ न कुनै डाहा ।'[१०३] फेरि पनि उहाँले स्थविर सारिपुत्र र महामौद्‌गल्यायनलाई सारा परिषद्‌सहित आफ्नो विहारबाट निकाला गर्नुभएको थियो ।[१०४] (क) भन्ते ! के भगवान्‌ले रिस गरेर वा सन्तोषले उनीहरुलाई निकाली दिनुभएको थियो ? सो भन्नुहोस् । भन्ते ! यदि उहाँले रिसाएर उनीहरुलाई निकाली दिनुभएको थियो भने, यो कुरो सिद्ध हुन्छ कि बुद्ध पनि रिसबाट जोगिनुभएको छैन । (ख) र, यदि सन्तोषपूर्वक निकाली दिनुभएको भए, यसको कुनै कारण छैन कि त्यसै बिनासित्ति निकाली दिनुभएको हो । यो पनि एउटा दुविधायुक्त प्रश्न ... ?"

२६. **पृथ्वीको उपमा** "महाराज ! भगवान्‌ले रिस गरेर उनीहरुलाई निकाला गर्नुभएको थिएन । महाराज ! जब कुनै जरामा, ठुटोमा, ढुङ्गामा, काठमा वा उबडखाबड जमिनमा ठेस लागेर लड्छ भने के महापृथ्वीले नै रिस गरेर उसलाई लडाइदिन्छ ?" "लडाउँदैन भन्ते !" "पृथ्वीलाई न त रिस उठ्छ, न प्रसन्नता नै हुन्छ । पृथ्वीलाई न कसैसँग प्रेम छ, न ईर्ष्या । आफ्नै लापरवाहीले मानिसहरु ठेस लागेर लड्छन् ।" "महाराज ! यसरी भगवान्‌लाई न त रिस उठ्छ, न प्रसन्नता नै हुन्छ। बुद्ध प्रेम र ईर्ष्याको प्रश्नबाट छुटिसकेको हुनुहुन्छ। उहाँको सबै क्लेश नष्ट भइसकेका हुन्छन्। भिक्षुहरु त आफ्नै कामले गर्दा निष्काशित गरिएका थिए ।"

**समुद्रको उपमा** "महाराज ! महासमुद्रले आफूमा कुनै शव राख्न दिँदैन। यदि कुनै शब बीच समुद्रमा पर्न आउँछ भने, त्यसले चाँडै नै किनारा लगाएर जमिनमा छाडिदिन्छ। महाराज ! त्यसो भए के समुद्रले रिस गरेर यसो गर्छ ?" "गर्दैन भन्ते ! समुद्रलाई न त रिस उठ्छ, न प्रसन्नता नै हुन्छ । समुद्रलाई न त कसैसँग प्रेम छ न कसैसँग ईर्ष्या ।" "महाराज ! यसरी बुद्धलाई न त रिस उठ्छ, न प्रसन्नता नै हुन्छ। बुद्ध प्रेम र ईर्ष्याको प्रश्नबाट छुटिसकेका हुन्छन् । उहाँको सबै क्लेश नष्ट भइसकेका हुन्छन् । उहाँ सम्यक्‌सम्बुद्ध भइ सक्नुभएको छ। ती भिक्षुहरु आफ्नै कारणले बाहिर निकालिएका थिए। महाराज



https://dhamma.digital

! जसरी ठेस लागेर कोही लड्छ, कुनै मानिस बुद्धशासनमा कुनै न कुनै गल्ती गर्नाले उसलाई निकालिन्छ ।"

"महाराज ! जसरी महासमुद्रले आफ्नो माझमा परेको शवलाई बाहिर फ्याँकिदिन्छ; त्यसरी नै, बुद्धशासनमा कुनै गल्ती गर्नाले उसैलाई निकालिन्छ । महाराज ! जुन भगवान्ले ती भिक्षुहरुलाई निष्कासन गर्नुभएको थियो, उनीहरुको भलाइ होस् भन्ने विचारले उनीहरुकै हित गर्नका लागि उनीहरुको सुखका लागि उनीहरुलाई नै पवित्र तुल्याउनका लागि । यसो गर्नाले उनीहरु जम्न लिन, बूढा हुन, रोग लाग्न र मर्नबाट मुक्त हुन्छन् – यही विचार गरेर भगवान्ले उनीहरुलाई निकालिदिनुभएको थियो ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

# ४. सर्वज्ञतावर्ग

## १. अद्धिकर्म विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्ले भन्नुभयो – 'भिक्षु हो ! मेरो शासनमा ऋद्धिमान् भिक्षु श्रावकहरुमध्ये महामौद्गल्यायन सर्वश्रेष्ठ छ ।[१०५] यसमा स्थविर भईकन पनि उहाँ (चोहरुको घेरामा परेर) लट्ठीले कुटिएर टाउको फुटेर, हाडहरु चूरचूर भएर अनि मासु र नसा पिसिएर परिनिर्वाणलाई प्राप्त गर्नुपर्‍यो ।[१०६] (क) भन्ते नागसेन ! यदि महामौद्गल्यायन साँच्चै एकदम ऋद्धिमान् भिक्षु थिए भने यो कुरो साँचो हो कि यसरी लट्ठीले कुटिएर उहाँको परिनिर्वाण भएको कुरा असत्य हुन्छ । (ख) र, यदि फेरि यसरी लट्ठीले कुटिएर उहाँको परिनिर्वाण भएको कुरा सत्य हो भने, उहाँ एकदम ठूलो ऋद्धिमान् भिक्षु हुनुहुन्छ भन्ने कुरो असत्य हो । ऋद्धिबलले त कुनै पुरुष देव र मनुष्यसहित सबै लोकलाई शरण दिन सक्ने हुन्छ भने उहाँले ऋद्धिबलद्वारा आफ्नै हत्या किन रोक्न सक्नु भएन त ? यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

२. "महाराज ! भगवान्ले ठीकै भन्नुभएको हो – 'भिक्षु हो ! मेरो ऋद्धिमान् भिक्षु श्रावकहरुमध्ये महामौद्गल्यायन सबैभन्दा श्रेष्ठ छ' र यो पनि सत्य हो कि उहाँ लट्ठीले कुटिएर टाउको फुटेर, हाडहरु चूरचूर भएर अनि मासु र नसा पिसिएर परिनिर्वाणलाई प्राप्त गर्नुपर्‍यो । तर उहाँको पूर्वजन्मको फलको कारणले भएको थियो ।" "भन्ते नागसेन ! ऋद्धिमान् पुरुषको ऋद्धिबल र कर्मफल दुवै नै अचिन्तनीय छ । होइन त ? त्यसो भए अचिन्तनीयबाट अचिन्तनीयलाई किन रोक्न सक्नु भएन ? भन्ते ! जसरी एउटा अमिलो (



https://dhamma.digital

कपित्थ) फललाई फ्याँकेर अर्को फललाई झार्न सकिन्छ, त्यसरी नै एक अचिन्तनीयको बलले अर्को अचिन्तनीयलाई किन रोक्न सकिएन ?"

"महाराज ! जसरी अचिन्तनीय विषयहरुमध्ये पनि एउटा अर्कोभन्दा बढी शक्तिशाली हुन्छ । संसारमा सबै राजाहरुलाई राजा नै भनिन्छ । तर तीमध्ये कुनै एकजना सबैभन्दा बलशाली वा शक्तिशाली हुन्छ । उसले सबैलाई आफ्नो वशमा पार्छ, उसले भनेको आज्ञालाई सबैले मान्छन् । महाराज ! यसरी नै, सबै अचिन्तनीय विषयहरु उही हुँदाहुँदै पनि आफ्नो कर्मको फलले सबैभन्दा बढी प्रभाव पार्दछ; जसले अरुलाई दबाएर स्वयं माथि आउँछ कर्मफल पुष्ट भएपछि अन्य कर्महरुको कुनै सीप लाग्दैन ।" (क)

"महाराज ! यहाँ जसरी एउटा मानिसले कुनै अपराध गर्दछ भने, उसलाई आमा-बाबु, या दाजु-भाइ दिदी-बहिनी नाताकुटुम्ब वा साथीहरुले उसलाई बचाउन सक्दैनन् । राजाले नै उसप्रति न्याय गर्न सक्छ … । त्यसो के कारणले ? त्यही मानिस अपराधी बन्नाले ।"

"महाराज ! त्यसरी नै, सबै अचिन्तनीय विषयहरु एक भएको हुनाले पनि मानिसहरुको कर्मफलले सबैभन्दा बढी प्रभाव पार्दछ, जसले अर्कालाइ दबाएर त्यो स्वयं माथि आउँछ । कर्मफल पुष्ट रहनाले अन्य कर्मको केही लाग्दैन ।" (ख)

"महाराज ! जसरी जङ्गलमा आगो लाग्नाले त्यहाँ हजारौं गाग्रो पानी खन्याएमा पनि त्यसबाट आगो निभाउन सकिन्न । जे भए पनि आगो बढ्दै जान्छ । यसको के कारण हो ?" "आगो निकै चहकिलो भएको हुनाले ।" "महाराज ! यसरी सबै अचिन्तनीय … । महाराज ! त्यसैले आफ्नो कर्मफलले गर्दा लट्ठीले चुटिए पनि आयुष्मान् महामौद्गल्यायनको ऋद्धिबल त्यसै कायमै रह्यो ।"

"साधु भन्ते नागसेन ! कुरो यही हो । म यसलाई मान्दछु ।"

## २. धर्मविनयप्रतिछन्नता विषयक प्रश्न

### (प्रातिमोक्ष उपदेश भिक्षुहरू एक आपसमा लुकेर किन गर्छन्)

३. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! तथागतले भन्नुभएको – धर्म र विनय प्रकट भएपछि नै चम्कन्छ लुकाएर होइन ।[१०७] तैपनि प्रातिमोक्षको उद्देश (उपदेश) लुकाएर नै गरिन्छ; समग्र विनयपिटकलाई लुकाएर राखिन्छ ।' [१०८] भन्ते नागसेन ! यदि बुद्धशासनलाई युक्त र अनुकूल भएर हेर्‍यौं भने, विनय-प्रज्ञप्तिलाई खोलि दिन नै बेस हुन्छ ।



https://dhamma.digital

त्यो किन ? किनकि त्यसमा केवल शिक्षा, संयम, नियम, शील, राम्रा राम्रा गुण तथा पवित्र आचारबारे नै कुराहरु गरिएको छ, जो उपयुक्त छन्, धर्म सिकाउनेहरु छन् अनि जसले मुक्तितिर लैजान्छन् ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले यथार्थमा यसो भन्नुभएको छ कि – 'भिक्षु हो ! तथागतले उपदेश दिनुभएको धर्म र विनय खुल्नाले प्रकट गर्नाले नै चम्कन्छ लुकाएर होइन' भन्ने कुरा सत्य हो भने प्रातिमोक्षका उद्देश लुकाएर गर्नु गल्ती हो, (ख) र, यदि प्रातिमोक्षका उपदेश र विनयपिटक लुकाउनु ठीक हो भने भगवान्ले भन्नुभएको यो कुरा असत्य ठहरिन्छ – 'भिक्षु हो ! बुद्धका धर्म र विनय प्रकट हुनाले नै चम्कन्छ लुकाएर होइन ।' यो पनि दुविधायुक्त प्रश्न ... ।"

४. "महाराज ! भगवान्ले यो ठीक भन्नुभएको छ – 'भिक्षु हो ! बुद्धका धर्म र विनय प्रकट भएपछि नै चम्कन्छ, लुकाएर होइन ।' फेरि यसो पनि भन्नुभएको छ कि प्रातिमोक्षको उद्देश लुकाएर गर्नुपर्छ र विनयपिटकलाई पनि लुकाएर राख्नुपर्छ । किन्तु, यी सबै देखि लुकाएर राखिन्न; केही खास केही मानिसहरुदेखि नै लुकाइन्छ ।"

## विनय-पिटकलाई लुकाएर राख्नुको कारण

"महाराज ! भगवान्ले तीन कारणले उनीहरुबाट लुकाएर प्रातिमोक्ष उपदेशको अनुमति दिनुभएको छ – (१) तथागतहरुको वंश परम्परादेखि चलि आएकोले (२) धर्मको गौरवको विचारले र (३) भिक्षु भूमिको गौरवको विचारले ।"

१. "कसरी पूर्व तथागतहरुको वंश परम्परा देखि चलि आएको थियो, जसले गर्दा प्रातिमोक्षको उद्देश केही व्यक्तिहरुमै लुकाएर उपदेश गर्नुपर्छ ?" "महाराज ! पूर्व तथागतहरुको परम्परा चलि आइरहेको छ कि प्रातिमोक्षको उपदेश भिक्षुहरुले आपसमा लुकाएर गर्नुपर्छ, अरुका सामु होइन । महाराज ! क्षत्रियको माया क्षत्रियहरुसँग नै रहन्छ । संसारभरिका क्षत्रियमा यो चलि आएको कुरा हो; अरुबाट यो कुरो लुकाइएको हुन्छ ।"

"महाराज ! यसरी नै, पहिलेका सबै तथागतहरुको वंशपरम्परा हो – प्रातिमोक्षको उद्देश भिक्षुहरुले आपसमा नै लुकाएर गर्नुपर्छ, अरुहरुका सामु होइन ।"



https://dhamma.digital

## बुद्धकालका सम्प्रदायहरु

"महाराज ! जस्तै संसारमा अनेक प्रकारका सम्प्रदाय (गण) हरु छन्, जस्तै – मल्ल, अतोण, पर्वत, धर्मगिरि, ब्रह्मागिरि, नटक, नृत्यक, लङ्घक, पिशाच, मणिभद्र, चन्द्र, सूर्य, श्रीदेवता, कालिदेवता, शैव, वासुदेव, घनिका, असिपार्श भद्रिपुत्र। यी सबैका आफ्ना केही न केही रहस्य रहन्छ नै; जो उनीहरु आपसमा लुकाएर राख्छन् । अरुहरुलाई थाहा हुँदैन । पहिलेका सबै तथागतहरुको वंश परम्परा हो ... । महाराज ! प्रातिमोक्ष उपदेश भिक्षुहरुले आपसमै लुकाएर गर्नुपर्छ, अरुहरुका सामु होइन ।"

२. "धर्मको गौरवबाट प्रातिमोक्षका उपदेशहरुलाई किन आपसमा लुकाएर गर्नुपर्छ ?" "महाराज ! धर्म एकदमै गौरवपूर्ण र भारी छ। एउटा धर्म जान्नेले अर्को धर्मको व्याख्या गर्न त्यसको अगाडि र पछाडिको कुरा बुझ्नेन भने सम्झाउन सकिन्न । उसैले यस्ता कुराहरु ठीक तवरले सम्झन बुझ्न सक्छ जसको केही अगाडि पछाडिका कुरा जानेको होस् । कतै यो धर्म यति सारयुक्त र उच्च छ कि अगाडि पछाडि नजान्ने व्यक्तिहरुको हातमा परेमा ऊ निन्दा र अपमानका भागी नहोस्; कहीँ कतै व्यक्तिहरुले उसको गिल्ला नगरोस्; कतै मानिसहरु उसलाई खराब र नीच नसम्झोस्; कहीँ यो धर्म यति सारयुक्त र उच्च रहेर दुर्जनहरुको हातमा परेर निन्दा र अपमानको भागी नहोस्; कहीँ कतै मानिसहरुले यसको गिल्ला नगरून्; कहीँ मानिसहरुले यसलाई खराब र नीच नभनून् । यस विचारले प्रातिमोक्षको उपदेश भिक्षुहरु एक आपसमा लुकाएर गर्नुपर्छ, अरुका सामु होइन ।"

"महाराज ! जस्तै – श्रेष्ठ, उत्तम, अप्राप्य, सुन्दर र असल जातिको रातो चन्दा (श्रीखण्ड) पनि चण्डालहरुको गाउँमा पर्दा निन्दित र अपमानित हुन्छ, उनीहरु यसको गिल्ला गर्छन्, यसलाई तुच्छ र बेकार ठान्छन् । महाराज ! त्यसरी नै, यो धर्म यति सारयुक्त र उच्च भएर पनि कतै अगाडि पछाडि नजान्ने दुर्जनहरुको हातमा परेर निन्दा र अपमानको भागी नहोस्; कतै मानिसहरुले यसको गिल्ला गरेझैं नहोस्; कतै मानिसहरुले यसलाई खराब र नीच नभन्न थालून् । यो धर्म यति सारयुक्त र उच्च हुँदाहुँदै दुर्जनहरुको हातमा परेर निन्दा र अपमानको भागी नहोस्; कहीँ कतै मानिसहरुले यसको हाँसो नउडाउन थालून्; कतै मानिसहरुले यसलाई खराब र नीच नभन्न थालून् । यस विचारले भिक्षुहरुले एक आपसमा प्रातिमोक्षको उपदेश लुकाएर गर्नुपर्छ, अरुका सामु होइन ।"

३. "भिक्षु भूमि (पद) को गौरवको विचारले प्रातिमोक्षको उपदेश किन आपसमा लुकाएर गर्नुपर्छ ?" "महाराज ! भिक्षुभाव, अतुल्य, अत्यन्त श्रेष्ठ र



https://dhamma.digital

अमूल्य छ। कसैले पनि यसलाई न तौलन सक्छ, न अड्कल गर्न सक्छ, न मूल्याङ्कन नै गर्न सक्छ। कतै यो भिक्षुभाव अरुहरुको बराबरीमा नजाओस् भन्ने विचारले भिक्षुहरुले एक आपसमै नै लुकाएर प्रातिमोक्षको उपदेश गर्नुपर्छ, अरुका सामु होइन।"

"महाराज ! जसरी सबेभन्दा असल वस्तुहरु – कपडा, ओछ्यान, हात्ती, घोडा, रथ, सुन, चाँदी, मणि, मोती, स्त्री, रत्न आदि अथवा सबैभन्दा महँगो रक्सी (सुरा) राजाहरुले नै पाउँछन्। महाराज ! त्यसरी नै बुद्धले भन्नुभएको जति शिक्षाहरु छन् ती सबै आचार, संयम, शील, संवर इत्यादि सद्गुण सबै भिक्षु-सङ्घलाई नै प्राप्त हुन्छ। यसरी भिक्षु भूमि (पद) को गौरवको विचारले प्रातिमोक्षको उपदेश भिक्षुहरुले एक आपसमा लुकाएर गर्नु राम्रो हो, अरुका सामु होइन।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु।"

## ३. मिथ्या भाषणको गरूत्व-लघुत्व

५. "भन्ते नागसेन ! भगवान्‌ले भन्नुभएको हो कि – 'जानेर बुझेर असत्य बोल्नु पाराजिक दोष लाग्छ।' फेरि यसो पनि भनिएको छ – 'जानेर बुझेर असत्य बोल्नुमा लघु आपत्ति (कम दोष) लाग्दछ, जुन कुनै अर्को भिक्षुका सामु स्वीकार गर्नुपर्छ।' भन्ते नागसेन ! के कारण हो कि एउटा झूटो बोल्दा सङ्घबाट निकाला गरिन्छ र अर्को झूटो बोलदा उसले क्षमा पाउँछ ?"

(क) "भन्ते नागसेन ! यदि भगवान्‌ले साँच्चै भन्नुभएको हो कि – जानेर बुझेर झूट बोल्नु पाराजिक दोष सत्य हो, भने उहाँको यो भनाई मिथ्या सिद्ध हुन्छ कि जानेर बुझेर झूटो बोल्नमा कम दोष लाग्छ, जो कुनै अर्को भिक्षु सामु स्वीकार गर्नुपर्छ। (ख) र, यदि जानेर बुझेर झूटो बोलनमा कम दोष लाग्छ भन्ने कुरा सत्य हो भने यो कुरो झूटो ठहरिन्छ कि जानेर बुझेर झुटो बोल्नु पाराजिक दोष हो। यो पनि एउटा दुविधायुक्त प्रश्न ... ?"

६. "महाराज ! भगवान्‌ले ठीक भन्नुभएको छ – जानेर बुझेर झूट बोल्नुमा पाराजिक दोष लाग्छ। उहाँले यो पनि भन्नुभएको छ कि – जानेर बुझेर झूट बोल्नुमा कम दोष लाग्छ जो कुनै अर्को भिक्षुका सामु स्वीकार गर्नुपर्छ। दुवै ठीक छ।"

"महाराज ! विषयको विचारले झूटो बोल्नु दुई प्रकारका हुन्छन् – (१) भारी र (२) हल्का। महाराज ! तपाईं के विचार गर्नुहुन्छ – यदि एउटाले अर्कोलाई एक थप्पड वा मुक्का (घुस्सा) हान्दा तपाई उसलाई के दण्ड दिनुहुन्छ ?" "भन्ते नागसेन ! यदि उसले भन्छ कि – 'म क्षमा गर्दिन', हामी उसलाई



https://dhamma.digital

एक कार्षापण (त्यस समयको पैसा) जरिमाना गराउँदछौं ।" "महाराज ! यदि त्यो मान्छेले तपाईंलाई एक थप्पड या मुक्का हान्यो भने तपाईं उसलाई के दण्ड दिनुहुन्छ ?" "भन्ते ! म उसका हात र खुट्टा काटिदिन्छु, जिउँदै छाला काढ्छु । उसको सर्वस्व हरण गरिदिन्छु, उसको सम्पत्ति, घर, जग्गा आदि जफत गरिदिन्छु, उसको परिवारमा दुवैतिर सात पुस्तासम्म जति आफन्तहरु छन्, ती सबैलाई मारिदिन्छु ।"

"महाराज ! यहाँ यो कस्तो कुरो हो, के कारण हो कि एक ठाउँमा त थप्पड हान्नाले एक कार्षापण मात्र जरिमाना गरे पुग्छ भने अर्को ठाउँमा हात काटिन्छ, खुट्टा काटिन्छ, जिउँदै छाला काढिन्छ, उसको सर्वस्व हरण गरिन्छ, उसको सम्पत्ति, घर, जग्गा जफल गरिन्छ, उसको परिवारमा दुवैतिरका सात पुस्तासम्म जति पनि आफन्तहरु छन्, सबैलाई मारिन्छ ।"

"भन्ते ! दुवै मानिसमा भेद भएको हुनाले ।"

"महाराज ! यसरी नै विषयको विचारले झूटो बोल्नु दुई किसिमका हुन्छन् – (१) भारी र (२) हल्का ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ४. बोधिसत्वको धर्मता (स्वभाव) बारे प्रश्न

६. "भन्ते नागसेन ! धर्मका कुरा बताउँदै भगवान्ले धर्मताका विषयमा भन्नुभएको छ कि – 'बोधिसत्वका आमा-बुबा पहिलेदेखि नै निश्चित हुन्छन् । कुन रुखको मन्तिर बुद्धत्व प्राप्त गर्ने हुन् – सो पनि पहिलेदेखि नै निश्चित हुन्छ, को को अग्रश्रावकहरु हुन्छन्, यो पनि पहिलेदेखि नै निश्चित रहन्छ र उपस्थापक (भगवान्लाई सेवा गर्ने) को हुन्छ सो पनि पहिलेदेखि नै निश्चित भउको हुन्छ ।' साथै, तपाईंहरु यसो भन्नुहुन्छ कि – 'तुषित लोकमा रहँदा नै बोधिसत्वले यी अष्ट महाअवलोकन (आठ मुख्य-मुख्य कुरा) हरु हेर्नु हुन्छ – (१) मनुष्यलोक (पृथ्वी) मा जन्म लिन कुन उचित काल (समय) हो, त्यो हेर्नु हुन्छ, (२) कुन द्वीपमा जन्म लिनुपर्ने हो, त्यता पनि हेर्नु हुन्छ, (३) कुन देशमा जन्म लिनुपर्ने हो, त्यो पनि हेर्नु हुन्छ, (४) कुन कुलमा जन्म लिनु पर्ने हो, त्यो पनि हेर्नु हुन्छ, (५) को आमा हुनेछिन्, सो पनि हेर्नुहुन्छ, (६) कति आयु हुनेछ, त्यो पनि हेर्नुहुन्छ, (७) कति समयसम्म गर्भमा बस्नुपर्ने हो, सो पनि हेर्नुहुन्छ र (८) कहिले घरबार छाडेर जानुपर्ने हो, त्यो पनि हेर्नुहुन्छ ।' भन्ते नागसेन ! जबसम्म ज्ञान परिपक्व हुँदैन, तबसम्म यस्तो कुनै कुरो थाहा हुँदैन । ज्ञान परिपक्व भएपछि एक क्षण पनि टिक्न सकिन्न । यस्तो कुनै पनि कुरो छैन, जो ज्ञान परिपक्व भएपछि बुझ्न नसकियोस् । अनि त उहाँ



https://dhamma.digital

बोधिसत्वले कुल हेर्नुपर्ने के खाँचो कि – 'म कुन कुलमा जन्मुँला ? (क) भन्ते ! यदि बोधिसत्वका आमा-बुबा पहिलेदेखि नै निश्चित रहन्छन् भने यो कुरो भ्रूटो ठहरिन्छ कि उनीहरु कुलबारे विचार गर्छन् कि कुन कुलमा जन्म लिनुपर्ला । (ख) र, यदि उनीहरु यो सोच्छन् कि कुन कुलमा जन्म लिनुपर्ला, त यो कुरो असत्य ठहरिन्छ कि उनका आमा-बाबु पहिलेदेखि नै निश्चित हुन्छन् । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

८. "महाराज ! बोधिसत्वका आमा-बाबु पहिलेदेखि नै निश्चित हुन्छन्, यो कुरो एकदम ठीक हो र, यो पनि ठीक हो कि उहाँले तुषित लोकमा रहँदा यो हेर्नुहुन्छ कि 'कुन कुलमा जन्म हुनेछ, कुनचाहिँ कुल हो? हुने आमा-बाबु क्षत्रिय हुनेछन् वा ब्राह्मण ?' यसरी कुललाई पनि हेर्नु हुन्छ ।"

"महाराज ! आठ कुराहरु ती हुनुभन्दा पहिले नै हेर्नुपर्ने हुन्छ । कुनचाहिँ आठ करा ? (१) श्रेष्ठीले आफ्नो माल-सामान बिक्री गर्नुभन्दा पहिलेदेखि नै हेर्नुपर्ने हुन्छ । (२) हात्तीले खुट्टा चाल्नुभन्दा पहिले नै सुँडले अगाडिको जमीनबारे अनुगमन गर्नुपर्ने हुन्छ । (३) गाडावानले अनजान नदी तर्नु अगावै सो हेर्नुपर्ने हुन्छ । (४) बोटेले तीरमा पुग्नभन्दा पहिले सो हेर्नुपर्ने हुन्छ, त्यसपछि आफ्नो डुङ्गालाई त्यतातिर लैजानुपर्ने हुन्छ । (५) वैद्यले उपचार थाल्नुभन्दा पहिले नै रोगीको स्थिति हेर्नुपर्ने हुन्छ । (६) बाँसको पुल पारि पुग्नु भन्दा पहिले नै हेर्नु पर्ने हुन्छ, कि त्यो बलियो छ कि छैन । (७) भिक्षुले भोजन गर्नु अगावै हेर्नु पर्ने हुन्छ कि-सूर्य कहाँसम्म पुग्यो । (८) बोधिसत्वले पहिले कुललाई हेनुपर्ने हुन्छ – ब्राह्मण कुल वा क्षत्रिय कुल ? महाराज ! यस्ता आठ कुरालाई काम हुन अगावै बुझ्न बेस हुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ५. आत्महत्याविषयक प्रश्न

९. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! आत्महत्या गर्न हुँदैन, जसले त्यसो गर्छ उसलाई विनयअनुसार दोषी ठहराइन्छ ।' फेरि तपाईंहरु यसो पनि भन्नुहुन्छ कि – 'आफ्ना शिष्यहरुलाई भगवान्ले जुनसुकै विषयमा उपदेश दिँदा भन्नुहुन्थ्यो, सधैं नै अनेक प्रकारको जन्म लिने, बूढा हुने, बिमार हुने र मृत्युबाट छुट्कारा पाउनका लागि नै भन्नुहुन्थ्यो, यसबाट छुट्कारा पाउनेहरुको भगवान्ले निकै प्रशंसा गर्नुहुन्थ्यो ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले यथार्थमा आत्महत्या गर्न रोक्नुभएको थियो भने यो कुरो असत्य ठहरिन्छ कि आफ्ना शिष्यहरुलाई



https://dhamma.digital

जुनसुकै विषयमा उपदेश दिँदा भन्नुहुन्थ्यो, सधैं अनेक प्रकारको जन्म लिनु, बूढो हुनु, रोगी हुनु र मृत्युबाट छुट्नका लागि नै भन्नुहुन्थ्यो (ख) र, यदि यो ठीक हो कि भगवान्ले आफ्ना शिष्यहरुलाई जुनसुकै समयमा उपदेश दिँदा भन्नुहुन्थ्यो, त्यसमा सदैव अनेक प्रकारले जन्म लिनु, बूढो हुनु, रोगी हुनु र मृत्युबाट छुट्कारा पाउनका लागि भन्नुहुन्थ्यो, भने यो कुरो असत्य ठहरिन्छ कि उहाँले आत्महत्या गर्नका लागि निषेध गर्नुभएको थियो । यो पनि एउटा दुविधायुक्त प्रश्न ... ?"

१०. "महाराज ! भगवान्ले ठीक भन्नुभएको छ – 'भिक्षु हो ! आत्महत्या गर्नु हुन्न । जसले गर्छ, उसलाई विनयको अनुसार दोषी ठहराइन्छ ।' हाम्रो भनाइ पनि ठीकै हो कि 'आफ्ना शिष्यहरुलाई भगवान्ले जुनसुकै विषयमा उपदेश दिँदा भन्नुहुन्थ्यो, सधैं अनेक प्रकारले जन्म लिनु, बूढा हुनु, रोगी हुनु र मृत्युबाट छुट्कारा पाउनको लागि नै भन्नुहुन्थ्यो । महाराज ! भगवान्ले यसरी निषेध गर्ने र बताउने कारण छ ।"

"भन्ते नागसेन ! यहाँ कुन कारण हो जसबाट भगवान्ले एक ठाउँमा निषेध गर्नुभएको थियो र अर्को चाहिँ बताउनुभयो ।" "महाराज ! प्राणीहरुको क्लेशरूपी विषलाई विनाश गर्न शीलवान् हुनु सबैभन्दा असल ओखतीमूलो हो । क्लेशरूपी रोगलाई हटाउन शीलवान् हुनु सबैभन्दा राम्रो औषधी हो । क्लेशरूपी धूलोलाई सफा गर्नका लागि शीलवान् हुनु सबैभन्दा असल पानी हो । सबै सम्पत्तिहरु प्राप्त गर्नका लागि शीलवान् हुनु सबैभन्दा असल मणि हो । चार ओघहरु (बाढ) काम ओघ,[१०९] भव ओघ,[११०] अविद्या ओघ,[१११] र दिट्ठी ओघ[११२] (मिथ्यादृष्टि) लाई पार गर्नका लागि शीलवान् हुनु सबैभन्दा असल डुङ्गा हा । आवागमनरूपी ठूलो मरुभूमिलाई पार गर्न शीलवान् हुनु सबैभन्दा उपयुक्त साधन हो । तीन प्रकारको आगो (लोभ, द्वेष, मोह) को तापलाई मेट्न शीलवान् हुनु सबैभन्दा असल वायु हो । मानिसको मनोरथ पूर्ण गर्न शीलवान् हुनु बादलसरि हो । असलभन्दा असल शिक्षापद दिनका लागि शीलवान् हुनु आचार्यझैं हो । निरापद मार्ग बताउन शीलवान् हुनु पथप्रदर्शक हो । महाराज ! यसरी शीलवान्को गुणसमूह अनन्त छ । शीलवान् सबै जीवहरुलाई वृद्धि गर्ने हुन्छ । सबैमा निकै निग्ह गरेर भगवान्ले यस शिक्षापदको उपदेश दिनुभएको थियो– 'भिक्षु हो ! आत्माहत्या गर्न हुँदैन । जसले गर्छ, उसलाई विनयअनुसार दोषी ठहराइन्छ ।' यही कारण हो जसबाट भगवान्ले यसलाई निषेध गर्नुभएको थियो ।"

"महाराज ! परलोकको विषयमा पायासि राजालाई बताउँदै विचित्रवक्ता स्थविर कुमार काश्यपले भन्नुभएको छ – 'राजन ! शीलवान् र धर्मात्मा श्रमण वा ब्राह्मण बाँचुन्जेल मानिसहरुको भलोमा लागेका हुन्छन्,



https://dhamma.digital

मानिसहरुलाई सुखको बाटो बताइरहन्छन्, मानिसहरुप्रति कृपा गरिरहन्छन् अनि देवता र मानिसहरुका काम, कल्याण र सुखमा सहायक हुन्छन् ।"[११३]

"के कारणले उहाँले जन्म इत्यादिबाट छुट्कारा पाउन बताउनुभएको थियो ?" "महाराज ! जन्म लिनु पनि दुःख हो, बूढो हुनु पनि दुःख हो, रोग लाग्नु पनि दुःख हो, मर्नु पनि दुःख हो, शोक गर्नु दुःख हो, रुनु-कराउनु पनि दुःख हो, दुःख पनि दुःख हो, दौर्मनस्य पनि दुःख हो, हैरानी पनि दुःख हो । प्रियदेखि बिछोड हुनु पनि दुःख हो, आमा-बाबु, भाइ-बहिनी, छोरा-छोरी, दास-दासी मर्नु पनि दुःखै हो । साथी र आफन्तहरुलाई आपत्ति आइपर्नु, रोगले पीडित हुनु, सम्पत्ति नष्ट हुनु, शीलबाट खस्कनु, सिद्धान्तबाट झर्नु, राज भय, चोर भय, शत्रु भय, अनिकाल पर्नु, घरमा आगो लाग्नु, भुमरीमा पर्नु, गोही ( पशु) को जालमा पर्नु, आफ्नो निन्दा हुनु, अन्य कसैको निन्दा हुनुको भय, दण्ड पाउनुको भय, दुर्गति हुनुको भय, ठूलो सभामा अलमलिनु, जीविका नचल्नुको भय, मरण भय, बेतले चुटिने भय, कोर्राले पिटिने, डण्डाले पिटिने, हात काटिने, खुट्टा काटिने, हात र खुट्टा दुवै काटिने, कान काटिने, नाक काटिने इत्यादि पनि दुःखै हो । कान नाक दुवै काटिने, बिलङ्गथालिक,[११४] शङ्खमुडिक,[११५] राहुमुख,[११६] ज्योतिर्मालिका,[११७] हस्तप्रज्योतिका,[११८]एरकवर्तिका,[११९] चीरकवासिका,[१२०] ऐणेयक,[१२१]बलिसमंसिका,[१२२] कार्षापणक,[१२३] खारापतच्छिका,[१२४], परिघपरिवर्तिका,[१२५] पलासपीठक,[१२६] तातो छर्किइनु, कुकुरद्वारा चिथरिनु, फाँसीमा झुन्ड्याइनु, तरबारले शिर काटिनु पनि दुःख हुन् । महाराज ! मानिसहरु यस्ता अरु पनि अनेक दुःख संसारमा रहेर भोग्छन् ।"

"महाराज ! जसरी हिमालय पहाडमा पानी पर्दा रूख र ढुङ्गाहरुलाई ढाल्दै पानी वार पार हुन्छ, त्यसरी नै संसारमा जीवहरु पापमा फँसेर अनेक दुःख भोग्छन् । संसारमा बारम्बार जन्म लिनु नै सबैभन्दा ठूलो दुःख हो । जन्म र मृत्युको यो प्रवाह रोकिनु नै यथार्थ सुख हो । सोही प्रवाहलाई रोक्ने उपदेश दिँदै भगवान्ले जन्म लिनु आदिबाट मुक्त हुनु हो, भनेर भन्नुभयो ।"

"साधु भन्ते नागसेन ! तपाईंले दुविधायुक्त प्रश्नलाई सारै राम्ररी सम्झाउनुभयो । अनेक तर्कना दिएर जो भन्नुभयो मलाई स्वीकार छ ।"

## ६. मैत्री भावनाको बारे प्रश्न

११. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ कि – 'भिक्षु हो ! चित्तलाई विमुक्त गर्ने मैत्रीको अनुसार आचरण गर्दै त्यसको भावना गर्नाले, घरिघरि अभ्यास गर्नाले, आफूमा विस्तार गर्नाले, आधार बनाउनाले, अनुष्ठान गर्नाले, राम्रो तवर सिक्नाले र त्यसमा सर्वथा लाग्नाले एघार प्रकारको लाभ



https://dhamma.digital

पाउन सकिन्छ । कुनचाहिँ एघार वटा ? (१) सुखको निन्द्रामा सुत्छ, (२) सुखपूर्वक निदाएर उठ्छ, (३) नराम्रो सपना देख्दैन, (४) मानिसहरुको प्रिय हुन्छ, (५) अमनुष्यहरुको प्रिय हुन्छ, (६) देवताहरुले उसको रक्षा गर्दछन्, (७) आगो, विष अथवा शस्त्रबाट कुनै हानि नहुने, (८) चाँडै नै उसलाई समाधि लाग्छ, (९) उसको अनुहार सधैं प्रसन्न रहन्छ, (१०) होशमा उसको मृत्यु हुन्छ (विना कुनै व्याकुलता उसको मृत्यु हुन्छ) र (११) यदि अर्हत्पदसम्म पुग्न नसके, उसले अवश्य ब्रह्मलोकमा जन्म ग्रहण गर्दछ । तैपनि तपाईंहरु भन्नुहुन्छ कि – सामकुमार मैत्री भावनाको अभ्यास गर्दै मृगहरुका साथ वनमा विचरण गर्दथे । एक दिन प्रियाक्ष (पिलियक्ख) नामक राजाले हानेको विषमा डुबाएको वाण लाग्नाले उनी मूर्छित भएर लडे ।"

(क) "भन्ते ! यदि भगवान्ले यथार्थमा मैत्री भावनाको फल बताउनुभएको हो भने यो कुरो झूटो ठहरिन्छ कि सामकुमार मैत्री-भावनाको अध्यासी हुँदाहुँदै पनि वाण लागेर मूर्छित भई लडेका थिए । (ख) यदि यथार्थमा सामकुमार मैत्री-भावनाको अभ्यासी भएर पनि वाण लाग्नाले मूर्छित भएर लडेका थिए भने, माथि मानिएको मैत्री-भावनाको लाभ झूटो ठहरिन्छ । यो पनि एक दुविधायुक्त प्रश्न हो, जो निकै सूक्ष्म र गम्भीर छ । भन्ते ! निकै बाठा मानिसलाई पनि यसो प्रश्न सोध्दा पसिना आउन थाल्छ । त्यसैले यो प्रश्न तपाईंका सामु राखेको छु । अत्यन्त जटिल यो प्रश्नलाई समाधान गरिदिनुस् । भविष्यमा हुने बुद्ध-पुत्रहरुलाई यो स्पष्ट तवरले हेर्न आँखा (ज्ञान) दिनुहोस् ।"

१२. "महाराज ! भगवान्ले ठीकै भन्नुभएको छ – भिक्षु हो मैत्री भावनाको अभ्यास गर्नाले … उसलाई आगो, विष वा शस्त्र कुनैले पनि नोक्सान गर्न सक्दैन … । र, यो पनि सत्य हो कि सामकुमार मैत्री-भावनाको अभ्यास गर्दै मृगका साथ वनमा विचरण गर्दथे । एक दिन प्रियाक्ष नामका राजाले विषमा राखेको वाण हान्नाले उनी मूर्छित भएर लडे । महाराज ! यसो हुनुको एक कारण छ ।" "कुनचाहिँ कारण ?" "महाराज ! माथि भनिएको गुण कुनै मानिसको होइन; मैत्री-भावनाकै हो । महाराज ! त्यसबेला गाग्रोबाट पानी खन्याउँदा सामकुमारले मैत्री-भावना गरिरहेका थिएनन् । महाराज ! जुन बेला मानिस मैत्री-भावनामा लागेको हुन्छ, त्यस बेला आगो, विष वा शस्त्रले उसलाई कुनै प्रभाव पार्दैनन् ।"

"महाराज ! जुन बेला मानिस मैत्री-भावनाले युक्त हुन्छ त्यसबेला न आगो, न विष, न शस्त्रले उसलाई हानि गर्न सक्छ । त्यस बखत यदि कोही उसलाई हानि गर्न आयो भने, उसलाई देख्न पनि सक्दैन र उसको कुनै बिगार



https://dhamma.digital

गर्ने अवसर पाउँदैन । महाराज ! माथि भनिएको गुण कुनै व्यक्तिको नभई, मैत्री-भावनाकै हो ।"

"महाराज ! कुनै योद्धा सिपाही अभेद्य जालीदार कवच लगाएर युद्धक्षेत्रमा आयो । उसमाथि जतिसुकै बाण लागे पनि सबै ठोक्किएर खसे पनि, उसको केही बिगार्न सक्दैनन् । महाराज ! यो गुण त्यो सिपाहीको होइन । त्यो गुण त अभेद्य कवचको हो । महाराज ! यसरी यो गुण कुनै व्यक्तिको नभई मैत्री-भावनाको हो ।"

"महाराज ! जुन बेला, व्यक्ति मैत्री-भावनाले युक्त हुन्छ, त्यस बेला न आगो, न विष, न शस्त्रले उसलाई हानि गर्न सक्छ । त्यस बखत यदि कोही उसको बिगार गर्न आएमा त्यसले उसलाई देख्न पनि सक्दैन र उसको कुनै बिगार गर्ने अवसर पाउँदैन । माथि भनिएको गुण कुनै व्यक्तिको नभई, मैत्री-भावनाको हो ।"

"महाराज ! कुनै मानिसले दिव्य गुण भएको जादुको जडिबुटी आफ्नो हातमा लेओस् । त्यो लिने बित्तिकै अलप होस् अनि मानिसहरुले साधारण आँखाले देख्न नसकिने होस् । महाराज ! त यो गुण त्यो मानिसको नभई त्यो दिव्य गुण भएको जादुको जडीको हो । महाराज ! यसरी नै, यो गुण कुनै मानिसको नभई मैत्री-भावनाकै हो ।"

"महाराज ! जुन बेला मानिस मैत्री-भावनाले युक्त भएको हुन्छ, त्यस बेला न आगो, न विष, न शस्त्रले उसको बिगार गर्न सक्छ । त्यस बखत यदि कोही उसको बिगार गर्न आएमा उसलाई देख्नै नसक्ने हुँदा उसको केही बिगार गर्ने मौका पाउने छैन । महाराज ! माथिको गुण कुनै मानिसको नभई, मैत्री-भावनाकै हो ।"

"महाराज ! कुनै मानिस राम्ररी बनाइएको पहाडको एउटा गुफा ( कन्दरा) मा प्रवेश गऱ्यो । त्यस समय बाहिर मुसलधारे पानी परे पनि ऊ भिज्न सक्दैन । महाराज ! यसमा त्यो मानिसको गुण होइन कि पहाडको गुफाको हो ।"

"महाराज ! जुन बेला मानिस मैत्री-भावनाले युक्त हुन्छ, त्यस बेला न आगो, न विष, न शस्त्रले उसको बिगार गर्न सक्छ । त्यस बेला कोही उसको खति गर्न आयो भने उसलाई न देख्न सक्नेछ, न बिगार नै गर्ने अवसर पाउने छ । महाराज ! माथिको यो गुण कुनै मानिसको नभई, मैत्री-भावनाकै हो ।"

"भन्ते नागसेन ! आश्चर्य छ ! अद्‌भुत छ !! मैत्री-भावना सबै पाप मेट्नको लागि हो । मैत्री-भावनाबाट सबै पुण्य पाइन्छ । जो भलो वा कुभलो



https://dhamma.digital

गर्ने छन् ती सबैप्रति मैत्री-भावना गर्नुपर्छ। संसारमा जति जीवहरु छन्, सबैको बीच मैत्री-भावनाको महान् फल बाँड्नुपर्छ।"

## ७. पाप पुण्य समविषम विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! पुण्य र पापको फल समान हुन्छ वा भिन्दाभिन्दै ?" "महाराज ! पुण्य गर्ने र पाप गर्नेहरुको फल भिन्दाभिन्दै हुन्छ। महाराज ! पुण्य गर्नेहरु सुख पाउँछन् र स्वर्ग जान्छन् भने पाप गर्नेहरु दुःख पाउँछन् र नरकमा जान्छन्।"

"भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ कि देवदत्तको हृदय सर्वथा कालो र खराबभन्दा खराब गुणहरुले भरिएको थियो अनि बोधिसत्वको हृदय पूर्णतः स्वच्छ थियो; असलभन्दा असल गुणहरुको खानी थियो। तैपनि अनेक जन्ममा देवदत्त बोधिसत्वको समान भएर या उहाँभन्दा बढेर यश पाउने भएको थियो। उसको पक्ष सधैं पुष्ट नै रहेको छ।"

"भन्ते ! जब देवदत्त वाराणसीमा राजा ब्रह्मदत्तको पुरोहितको छोरो थियो त्यस बेला बोधिसत्व एउटा नीच जातिको ऐन्द्रजालिक डुम थियो, जो आफ्नो मन्त्रबलले विनामौसम आँपलाई पकाइदिन्थ्यो। यो एउटा उदाहरण हो जसमा बोधिसत्व देवदत्तभन्दा जाति र यश दुवैमा हीन थियो।"

"भन्ते ! अनि फेरि जब देवदत्त बडो शक्तिशाली राजा थियो, जसलाई काम-भोगका सबै वस्तुहरु प्राप्त थियो, त्यस बेला बोधिसत्व उसको सवारीको शुभ लक्षणसम्पन्न हात्ती थियो। त्यस (हात्ती) को मनोहर चालढाल देख्दा राजा (देवदत्त) को मनमा डाह उत्पन्न हुन्थ्यो। उसले त्यस (हात्ती) लाई मारिदिने मनसायले माहुतेसँग भन्यो – 'माहुत ! यस हात्तीलाई राम्ररी सिकाइएको छैन; यसलाई आकाश-गमन नामको चाल सिकाएर त हेर।' यहाँ पनि बोधिसत्व देवदत्तभन्दा जातिमा नीच, पशुयोनिमा जन्मेका थिए।"

"अनि फेरि जब देवदत्त मानिस भएर जङ्गलमा व्याधा (सिकारी) भएर घुम्दथे, त्यस बखत बोधिसत्व महापृथ्वी नामको एउटा बाँदर भएर जन्मेका थिए। यहाँ पनि मानिस र पशुमा कति ठूलो अन्तर छ। यहाँ पनि बोधिसत्व देवदत्तभन्दा जातिमा नीच थिए।"

"फेरि, जब देवदत्त शोणोत्तर नामको बलिष्ठ निषाद (व्याधा) थिए, त्यस बखत बोधिसत्व छद्दन्त नामका हस्तिराज थिए। एक दिन त्यस निषादले हस्तिराजलाई मारिदियो। यस जन्ममा पनि देवदत्त बोधिसत्वभन्दा उच्च थिए।"



https://dhamma.digital

"फेरि, जब देवदत्त मानिस भएर घरबेगर वन-वनमा चाहर्थे त्यस बेला बोधिसत्व तित्रो नाउँको चरो थिए र वेद मन्त्र पढाउने गर्दथे । त्यस जन्ममा त्यस वनचरले तित्रो चरोलाई मारिदिएको थियो । यहाँ पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरिए ।"

"फेरि, जब देवदत्त कलाबु नामको काशिराज थियो, त्यस समय बोधिसत्व क्षान्तिवादी तपस्वी थिए । त्यसपछि त्यस राजाले तपस्वी माथि रिसाएर उनका हात र खुट्टा काटि दिएर मारी दिएका थिए । त्यस जन्ममा पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरियो ।"

"फेरि, जब देवदत्त मानिस भएर वनचर थियो त्यस बखत बोधिसत्व नन्दिय नामका बाँदरहरुका राजा थिए । त्यहाँ पनि वनचरले आमा र भाइका साथ बाँदरलाई मारिदियो ।"

"फेरि, जब देवदत्त मनुष्य योनिमा कारम्भिय नामको नाङ्गो साधु थियो, त्यस बेला बोधिसत्व पण्डरक नामका नागराज थिए । यहाँ पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरियो ।"

"फेरि, जब देवदत्त जङ्गलमा बस्ने जटाधारी साधु थियो, त्यस समय बोधिसत्व एक ठूलो सुँगुर थिए । यहाँ पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरियो ।"

"फेरि, जब देवदत्त चेतिय देशमा सुरपरिचर नामको राजा थियो, जसमा यस्तो शक्ति थियो कि एक पोरसा (मानिसजतिको उँचाई) माथि आकाशमा विचरण गर्न सक्दथ्यो । त्यस समय बोधिसत्व कपिल नामका एक ब्राह्मण थिए । यहाँ पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरियो ।"[१३५]

"फेरि, जब देवदत्त साम नामको एउटा मानिस थियो, त्यस समय बोधिसत्व रुरु नामका मृगराज थिए । यहाँ पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरियो ।"

"फेरि, जब देवदत्त एक वनचर व्याधा थियो, त्यस समय बोधिसत्व हात्ती थिए । वनचर व्याधाले सात चोटी हात्तीको दाँतलाई काटेर लगेको थियो । यहाँ पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरियो ।"

"फेरि, जब देवदत्त एक पटक कुशल योद्धा र बहादुर सिपाही थियो । उसले जम्बुद्वीपका सबै राजाहरुलाई आफ्नो वशमा पारेको थियो । त्यस बेला बोधिसत्व विधुर नामका एक पण्डित थिए । यहाँ पनि देवदत्त बोधिसत्वभन्दा उच्च नै ठहरियो ।"

"अनि फेरि, जब देवदत्त हात्ती भएर लटुकिका (पक्षिविशेष) का बचेरालाई मारिदिएको थियो, त्यस बेला बोधिसत्व एक गजराज थिए । यहाँ ती दुवै बराबर थिए ।"



https://dhamma.digital

"अनि फेरि, जब देवदत्त 'अधर्म' नामको एउटा यक्ष थियो, त्यस समय बोधिसत्व पनि 'धर्म' नामका यक्ष थिए । यहाँ पनि ती दुवै बराबर भए ।"

"फेरि, जब देवदत्त पाँच सय माझी कुलको मालिक थियो, त्यस बेला बोधिसत्व पनि अन्य पाँच सय माझी कुलका मालिक थिए । यहाँ पनि दुवै बराबर भए ।"

"फेरि, जब देवदत्त पाँच सय गाडाहरु भएको सार्थवाह थियो, त्यस समय बोधिसत्व पनि अन्य पाँच सय गाडाहरु भएको सार्थवाह थियो । यहाँ पनि दुवै बराबर भए ।"

"फेरि, जब देवदत्त साख नामको सेनापति थियो, त्यस बखत बोधिसत्व निग्रोध नामका राजा थिए । यहाँ पनि दुवै बराबर भए ।"

"फेरि, जब देवदत्त खण्डहाल नामको ब्राह्मण थियो, त्यस समय बोधिसत्व चन्द नामका राजकुमार थियो । यहाँ त खण्डहाल नै उच्च थिए।"

"फेरि, जब देवदत्त ब्रह्मदत्त नामको राजा थियो, त्यस बेला बोधिसत्व उसका छोरा थिए जसको नाम महापद्म थियो । त्यहाँ राजाले आफ्नो छोरालाई सात पटक पहाडबाट खसाएका थिए, जहाँबाट चोरलाई लडाएर मारिन्थ्यो । बाबु छोरोभन्दा ठूला हुन्छन् नै । त्यसो हुँदा पनि यहाँ देवदत्त नै ठूलो थियो ।"

"फेरि, जब देवदत्त महाप्रताप नामको राजा भएको थियो, त्यस बेला बोधिसत्व उसको छोरा कुमार धर्मपाल थिए । राजाले आफ्नो छोराका हात, खुट्टा र शिर काटि दिएका थिए । यहाँ पनि देवदत्त नै ठूलो थियो ।"

"फेरि, यस जन्ममा ती दुवै शाक्यकुलमै उत्पन्न भए र बोधिसत्व सर्वज्ञ लोकनायक बुद्ध हुनुभयो । देवदत्तले पनि प्रव्रजित भएर ती देवातिदेव बुद्धको शासन ग्रहण गऱ्यो । जब उसले अतिशय ऋद्धिहरु प्राप्त गऱ्यो, त उसको मनमा पनि बुद्ध बन्ने उत्सुकता जाग्यो ।"

१४. "भन्ते नागसेन ! हेर्नुस्, मैले भनेजति कुरा उचित हो या अनुचित ?" "महाराज ! तपाईंले जे भन्नुभयो, सो सबै सर्वथा उचित छ, अनुचित छैन ।" "भन्ते नागसेन ! यसबाट यो थाहा पाइन्छ कि हृदयमा कालो हुनु वा हृदय सफा हुनु दुवै बराबर हो । त्यसको फल समान हुन्छ ।" "होइन महाराज ! पुण्य र पापको फल समान हुँदैन । महाराज ! देवदत्तको पक्षमा मानिसहरु थिएनन् । बोधिसत्वका विरुद्धमा कोही पनि रहन्न थियो । देवदत्तको मनमा बोधिसत्वप्रति जुन वैरभाव थियो, त्यो हरेक जन्ममा पाक्दै गयो र त्यसको फल पनि उसले पाउन थाल्यो । महाराज ! देवदत्तले पनि ऐश्वर्य प्राप्त गरेर मानिसहरुको रक्षा गर्दथे; पुल, न्यायसभा र धर्मशाला बनाउँथे । उनले श्रमण, ब्राह्मण, दरिद्र, यात्री र अनाथहरुलाई उनीहरुको आवश्यकताअनुसार दान



https://dhamma.digital

दिन्थे । उनी त्यसैको फलले हरेक जन्ममा सम्पत्तिशाली भए । महाराज ! कसले यसो भन्न सक्छ कि कसैले दान, दम, संयम र पोसथ-कर्मबेगर सम्पत्ति पाउन सक्छ । महाराज ! तपाईं जो भन्नुहुन्छ कि देवदत्त र बोधिसत्व दुवै साथै जन्म लिँदै आए, त्यो केही सयौं वा हजारौं जन्मदेखि मात्र होइन; अनादि कालदेखि । महाराज ! भगवान्‌ले जसरी मनुष्यत्व प्राप्त गर्न चेष्टा गर्ने कानो कछुवाबारे उपमा दिँदै भन्नुभयो, त्यसरी नै, यी दुवैले साथै जन्म लिँदै आएको भन्ने बुझ्नुपर्छ ।"

"महाराज ! बोधिसत्वको देवदत्तका साथ मात्र भेट भई आएको नभई स्थविर सारिपुत्र पनि सयकडौं र हजारौं जन्ममा बोधिसत्वका बुबा भएका थिए, ठूलाबा, काका, दाई, छोरा, भान्जा र साथी भएका थिए । महाराज ! बोधिसत्व पनि सयकडौं र हजारौं जन्ममा सारिपुत्रका बुबा ··· भएका थिए । महाराज ! नाना प्रकारका जति पनि जीवहरु छन्, तिनीहरु संसारको धारामा बगि रहेका छन् । सो वेगमा परेर प्रिय र अप्रिय दुवै प्रकारका साथीसँग मिलन हुन्छ; त्यसरी नै जसरी पानी धारामा आएर असल खराब सबै प्रकारका वस्तुसँग मिल्न आउँछ । महाराज ! देवदत्तले पापी यक्ष भएर अनेक व्यक्तिहरुलाई पापमा लगाइदिएको थियो । यसले गर्दा ऊ धेरै कालसम्म नरकमा पर्नुपर्‍यो । तर बोधिसत्वले एकदम पुण्य-शील यक्ष भएर मानिसहरुलाई पुण्यमा लगाएका थिए । अत: धेरै कालसम्म स्वर्ग र सुखभोग गरे । यस जन्ममा पनि बुद्धलाई घात गरी सङ्घलाई भेद गरेर देवदत्त जमिनमा धँस्यो । उता बुद्धले जान्नुपर्ने सबै कुरा जानेर बुद्धत्व प्राप्त गरे र जीवनको रक्षाका जति कारणहरु छन् ती सबैलाई नष्ट गरेर परम्‌निर्वाण प्राप्त गरे ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, मलाई स्वीकार छ ।"

## ८. अमरादेवी विषयबारे प्रश्न

१५. "भन्ते नागसेन ! भगवान्‌ले यसो भन्नुभएको छ – आकाश र एकान्त स्थान पाए सबै स्त्रीहरु व्यभिचार गर्न सक्छन् र यदि कोही पनि पाएन भने बेकम्मा विकलाङ्गका साथ नै ।"

"फेरि यसो पनि भनिन्छ – महोसधकी स्वास्नी अमरा नामकी स्त्री लोग्ने विदेश जाँदा आफ्नो पतिको नाउँमा एक्लै र एकान्तमा रहेर पन आफ्ना लोग्नेलाइ नै आफ्नो सर्वस्व मान्दै हजारौं रुपियाँको प्रलोभन दिँदा पन पाप गर्न राजी भईन[१४४] ।" (क) "भन्ते नागसेन ! यदि भगवान्‌को यो भनाई मनासिब हो भने अमरा देवीको कुरा अवश्य झूटो ठहरिन्छ । (ख) र, यदि अमरा देवी



https://dhamma.digital

यति पतिव्रता थिई भने भगवान्‌को यो कुरो झुटो सिद्ध हुन्छ। यो पनि एउटा दुविधायुक्त ··· ?"

१६. "महाराज ! भगवान्‌ले स्त्रीहरुका विषयमा यथार्थमा त्यसो भन्नुभएको हो। मानिसहरु जुन अमरा देवीबारे जे भन्छन् त्यो पनि ठीकै हो। महाराज ! उनले यस्तो पापकर्म गरून् वा नगरून् यसको परीक्षा तब नै हुन सक्दथ्यो, जब उनलाई उपयुक्त अवकाश एकान्त स्थान र कामुक पुरुष भेट्टिएको होस्। महाराज ! अमरा देवीलाई त्यस्तो उपयुक्त अवकाश एकान्त स्थान र लोग्नेमान्छे नै प्राप्त भएन।"

"संसारमा निन्दा हुने भयले उनले उचित अवसर नै देखिन। मरे पछि नरकमा जानुपर्छ भन्ने डरले उचित अवकाश देखिनन्। पापको फल नजाति हुन्छ – यस विचारले पनि उनले उचित अवसर पाइनन्। आफ्नो प्यारो लोग्नेलाई छाडिदिनु उनलाई सह्य भएन – यसले गर्दा पनि उनले उचित ठानेनन्। आफ्नो लोग्नेको प्रतिष्ठालाई विचार गरेर पनि उनले उचित अवसर देखिनन्। धर्मको विचार गरेर पनि उनले उचित अवसर देखिनन्। खराब कामप्रति घृणा गर्दा गर्दै पनि उनले उचित अवसर देखिनन्। कतै मेरो व्रत भङ्ग नहोस् भन्ने सोचेर पनि उनले उचित अवसर देखिनन्। यस्ते प्रकारका अरु पनि थुप्रै कारणहरुबाट अमरा देवीले उचित अवसर देखिनन्।"

"मानिसहरुबाट लुकाउन नसक्ने भयले उनले पाप गरिनन्। यदि मानिसहरुबाट कुरा लुकाए पनि, अमनुष्यहरुबाट कुरा लुकाए पनि परचित्त ज्ञान भएका (अरुहरुको चित्त बुझ्ने) भिक्षुहरुबाट लुकाउन सक्ने थिइन। यदि परचित्त ज्ञान भएका भिक्षुहरुबाट लुकाए पनि परचित्त ज्ञान भएका देवताहरुबाट लुकाउन सक्ने थिइन। यदि परचित्त देवताहरुबाट लुकाउन सके पनि आफूले आफ्नैबाट लुकाउन सक्दैन थिइन्। आफैंले आफूलाई मनमा लुकाउन सके पनि अधर्म हुन्थ्यो। यस प्रकार अनेक कारणहरुले एकान्त स्थान पाउन नसकेको कारण अमरा देवीले पाप गरिनन्। लोकमा योग्य पुरुष नपाएर पनि अमरादेवीले पाप गरिनन्। महाराज ! महोसध पण्डित अट्ठाइस गुणले युक्त थिए। कुन अट्ठाइस गुणहरुले युक्त थिए ? महाराज ! महोसध पण्डित (१) शूरवीर, (२) पापकर्म गर्नमा लज्जा मान्ने, (३) पापकर्म गर्नमा सङ्कोच गर्ने, (४) धेरै सहयोगी, (५) अनेक मित्रहरु भएको, (६) क्षमापरायण, (७) शीलवान्, (८) सत्यवादी, (९) पवित्र, (१०) क्रोधरहित, (११) घमण्डरहित, (१२) द्वेषरहित, (१३) वीर्यवान्, (१४) असल काममा लागिपर्ने, (१५) लोकप्रिय, (१६) आपसमा बाँडेर कुनै वस्तु खाने, (१७) मित्रताको व्यवहार गर्ने, (१८) तडकभडकबाट टाढा रहने, (१९) मानिसहरुमा झगडा नगराउने, (२०) निष्कपट, (२१) बुद्धिमान्, (२२) सम्पत्तिशाली, (२३) यशस्वी, (२४) विद्या जान्ने, (२५) आफूछेउ आएका



https://dhamma.digital

मानिसको भलो चाहने, (२६) सबैबाट प्रशंसित, (२७) धनवान्, (२८) प्रसिद्ध थिए । महाराज ! महोसध पण्डितमा यस्ता अट्ठाइस गुणहरुले युक्त थिए । त्यसैले अमरा देवीले यस्तो गुण भएको कुनै अर्को लोग्नेमान्छे नपाएर पाप गरिनन् ।"

"साधु भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो । म यसलाई स्वीकार गर्दछु ।"

## ९. क्षीणस्रव (अर्हत्) को अभयत्व

१७. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – अर्हत्हरु डर र भयबाट छुटिसकेका हुन्छन् । फेरि पनि, राजगृह नगरमा धनपाल नामको हात्ती भगवान्माथि जाइलागेको देखेर पाँच सय क्षीणस्रव भिक्षुहरु बुद्धलाई छाडेर, आफ्नो ज्यान जोगाउनका लागि यताउता भागे, स्थविर आनन्द मात्र त्यहाँ रहे ।[१४५] भन्ते नागसेन ! त्यसो किन ? के तिनीहरु डराएर भागेका थिए ? अथवा, भगवान्लाई एक्लै मर्न दिने मनसायले कि – दशबल बुद्ध स्वयंले जान्नु हुनेछ – भनेर यिनीहरु भागेका हुन् कि अथवा तथागतले कसरी आफ्नो अतुल्य अनन्त बल देखाएर प्रातिहार्य देखाउनुहुन्छ – सो हेर्न भनी यिनीहरु भागेका हुन् कि ?"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले भन्नुभएको – अर्हत्हरु डर र भयबाट छुट्छन् भन्ने कुरा सत्य हो भने, धमपाल हात्तीको कुरो झूटो ठहरिन्छ । (ख) र, यदि धनपाल हात्तीले आक्रमण गर्दा क्षीणस्रव भिक्षुहरु साँच्चै भागेका थिए भने भगवान्को यो भनाइ झूटो ठहरिन्छ कि अर्हत्हरु डर र भयबाट छुटेका हुन्छन् । यो पनि एक दुविधायुक्त प्रश्न ··· तपाईंका सामु राखेको छु ?"

१८. "महाराज ! भगवान्ले यथार्थ नै भन्नुभएको हो – अर्हत्हरु डर र भयबाट छुट्छन् र, यो कुरो पनि सत्य हो कि राजगृह नगरमा धनपाल नामको हात्ती भगवान्माथि जाइलागेको देखेर पाँच सय क्षीणास्रव भिक्षुहरु बुद्धलाई छाडेर ··· यताउता भागेका थिए, स्थविर आनन्द मात्र एक्लै रहनुभएको थियो । तर न त ती भिक्षुहरु, डरले र न भगवान्लाई एक्लै मर्न दिनको इच्छाले नै उनीहरुलाई छाडेर भागेका हुन् ।"

"अर्हत् व्यक्तिहरुमा भयका जति कारणहरु छन्, ती सबै नष्ट भइसकेका हुन्छन् । महाराज ! जब कुनै मानिसले जमिन खन्दा के महापृथ्वी डराउँछिन् ?"



https://dhamma.digital

"डराउन्नन् भन्ते !" "त्यो किन ?" "किनकि महापृथ्वीमा डर या भयको कारण छैन ।" "महाराज ! त्यसरी नै, अर्हत्मा यस्तो कुनै कारण रहँदैन जसमा उनीहरुमा डर र भय कायम होस् ।"

"महाराज ! के ठूलठूला पहाडलाई फुट्ने वा छुट्ने वा खस्ने वा आगो लाग्ने भय हुन्छ ?" "हुँदैन भन्ते !" "त्यसो किन ?" "किनकि ठूलो पहाडमा डर या भयको कारण हुँदैन ।" "महाराज ! त्यसरी नै, अर्हत्हरुमा यस्तो कुनै कारण रहँदैन जसमा उनीहरुलाई डर वा भय होस् ।"

"महाराज ! यदि सयौं हजारौं लोकधातुका जति नाना रूपक सत्वहरु छन्, ती सबै एक साथ मिलेर कुनै एक अर्हत्लाई तर्साउन आए पनि उसको चित्तमा कुनै प्रकारको विकार आउँदैन । त्यो के कारणले ? डर वा भय उत्पन्न हुने जुन हेतु या प्रत्ययहरु छन्, ती सबै उनको चित्तमा नष्ट भइसकेकोले ।"

"महाराज ! ती क्षीणास्रवहरुको मनमा यो विचार आएको थियो – 'आज नरश्रेष्ठ तथा जितेन्द्र वा अग्रबुद्ध नगरहरुमा श्रेष्ठ राजगृहमा प्रवेश गर्दा सामुन्नेको सडकबाट धनपाल नामको हात्तीले आक्रमण गर्नेछ । यदि हामी बाटोबाट हटेन भने ती देवाधिदेव बुद्धको सेवक उपस्थापक (स्यहार सुसार गर्ने) स्थविर आनन्दको गुण प्रकट हुँदैन न तथागतका सामुसम्म हात्ती नै पुग्न सक्छ । हामीहरु छुट्नु नै राम्रो हुनेछ ।' यसरी धेरै मानिसहरु क्लेश-बन्धनले छुट्छन्, चारैतिर स्थविर आनन्दको गुण पनि प्रकट हुन्छ । यही विचारले उनीहरु हटेका थिए ।"

"साधु भन्ते नागसेन ! तपाईंले राम्ररी सम्झाउनुभयो । कुरा यथार्थमा यस्तै नै हो । अर्हत्हरुलाई डर, त्रास वा भय भएको थिएन, तर राम्रो कुरा विचार गरेर नै उनीहरु चारैतिर छरिएका थिए ।"

## १०. बुद्ध-सर्वज्ञता विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ – 'बुद्ध सर्वज्ञ थिए ।' फेरि यस्तो पनि भनिन्छ कि सारिपुत्र र मौद्गल्यायनलाई सङ्घका साथ निकालिदिनाले चातुमाका शाक्य र ब्रह्मा सहम्पति भगवान्लाई भेट्न गएका थिए । उनीहरुले बीज र बाछ्रोको उपमा दिएर भगवान्लाई बिन्ती गरेर क्षमा गराइ दिए ।[१४६] भन्ते नागसेन ! तथागतलाई ती उपमाहरु थाहा थिएन, जुन उपमा सुनेर उहाँले मान्नुभयो र क्षमा गरिदिनुभयो ? (क) भन्ते नागसेन ! यदि भगवान्लाई ती उपमाहरु थाहा थिएन भने उहाँ सर्वज्ञ हुनु भएन (ख) र, यदि उहाँलाई त्यो उपमा थाहा थियो भने उहाँले नबुझि कठोरताले गर्दा उनीहरुको परीक्षा



https://dhamma.digital

लिनका लागि निकाला गरिदिएका थिए । यसरी उहाँ करुणविहीन हुनुभयो । यो पनि एक दुविधायुक्त प्रश्न ··· ?"

२०. "महाराज ! तथागत सर्वज्ञ हुनुहुन्थ्यो । तैपनि ती उपमाहरुबाट प्रसन्न भएर मान्नुभएको थियो र क्षमा गरिदिनुभएको थियो । महाराज ! तथागत धर्मगुरु हुनुहुन्छ । ती दुवै उपमाहरु उहाँद्वारा नै भनिसिएको थियो । महाराज ! जसरी लोग्नेको आफ्नै वस्तुहरुले श्रीमतीले पतिलाई खुसी तुल्याउँछिन् र मनाउँछिन् अनि लोग्नेले जुनसुकै कुरा पनि स्वीकार गर्दछन् । महाराज ! यसरी नै, चातुमाका शाक्य र ब्रह्मा सहम्पतिले तथागतलाई उहाँले नै भन्नुभएको उपमाद्वारा प्रसन्न गराएर मनाउनुभएको थियो । तथागतले पनि साधु भनेर अनुमोदन गर्नुभएको थियो ।"

"महाराज ! जसरी राजालाई हजामले काइयोद्वारा कपाल कोरेर खुसी तुल्याउँछ अनि राजाले 'धेरै राम्रो' भनेर आफ्नो स्वीकृति दिन्छन् अनि हजामलाई प्रशस्त पुरस्कार दिन्छन् । महाराज ! यसरी नै, चातुमाका शाक्य र ब्रह्मा सहम्पतिले तथागतलाई उहाँले नै भन्नुभएको उपमाद्वारा प्रसन्न तुल्याएर मनाउनुभएको थियो । तथागतले पनि 'साधु' भनेर अनुमोदन गर्नुभएको थियो ।"

"महाराज ! जसरी सेवा सुश्रुषा गर्ने अन्तेवासिक (श्रामणेर) ले आफ्नो उपाध्यायले नै ल्याएको पिण्डपात भोजन झिकेर, सामुन्ने राम्ररी पस्की दिन्छ जसबाट ती उपाध्याय प्रसन्न भएर 'साधु' भन्दै अनुमोदन गर्छ । महाराज ! यसरी नै, चातुमाका शाक्य र ब्रह्मा सहम्पतिले तथागतलाई उहाँले नै भन्नुभएको उपमाद्वारा प्रसन्न गराएर मनाउनुभएको थियो । तथागतले पनि 'साधु' भनेर अनुमोदन गरी सबै दुःखबाट मुक्त हुने उपदेश दिनुभएको थियो ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

**(यस वर्गमा दश प्रश्नहरु छन् ।)**

**चौथो सर्वज्ञताज्ञानवर्ग समाप्त ।**

# ५. संसर्ग वर्ग

## १. संसर्ग विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्ले यस्तो भन्नुभएको छ –

**'सन्थवतो भयं जातं, निकेता जायते रजो ।**
**अनिकेतम सन्थवं, एवं वे मुनिदस्सनं'ति ।'[१४७]**

**'संसर्गले[१४८] भय उत्पन्न हुन्छ, घर गृहस्थीमा पर्नाले रज (मल= राग, द्वेष, मोह) उत्पन्न हुन्छ । असंसर्ग र घर गृहस्थीमा नपर्नु, मुनिहरु यही चाहन्छन् ।'**

साथै यसो पनि भन्नुभएको छ –

**'विहारे कारये रम्भे, वासयेत्थ बहुस्सुते'ति ।'**
**'सुन्दर विहार, बनाएर त्यसमा विद्वानहरुलाई राख्नु ।'**

(क) "भन्ते ! यदि भगवान्ले यथार्थमा भन्नुभएको संसर्गले भय उत्पन्न हुन्छ, ··· भन्ने कुरा सत्य हो भने, 'सुन्दर विहार बनाएर त्यसमा विद्वान्हरुलाई राख्नू' भन्ने कुरा असत्य ठहरिन्छ (ख) र, यदि 'सुन्दर विहार बनाएर त्यसमा विद्वान्हरुलाई राख्नू' भन्ने कुरा सत्य हो भने यो कुरो झूटो ठहरिन्छ कि मित्रता जोड्नाले ··· । यो पनि एक दुविधा ··· ।"

२. "महाराज ! भगवान्ले संसर्गबाट भय उत्पन्न हुन्छ भन्नुभएको कुरा सत्य हो र फेरि यो पनि ठीक हो कि भगवान्ले भन्नुभएको सुन्दर विहार बनाएर त्यसमा विद्वान्हरुलाई राख्नू । महाराज ! भगवान्ले जे भन्नुभएको हो, संसर्गबाट भय उत्पन्न हुन्छ ··· भन्ने वचन, स्वभाव वचन, अशेष वचन, निशेष वचन, निष्परियाय वचन हुन् । श्रमणहरुका निम्ति अत्यन्तै उपयुक्त छ, प्रतिपदानुरूप पनि छ । महाराज ! जस्तै कि जङ्गलको मृग विनाघर स्वच्छन्द घुमफिर गर्छ, जहाँ चाहन्छ त्यहीँ सुत्छ । महाराज ! यसरी, ती भिक्षुहरुका विषयमा एकदमै उचित सम्झनुपर्छ संसर्गबाट भय उत्पन्न हुन्छ ··· ।"

"महाराज ! भगवान्ले जो भन्नुभएको हो – 'सुन्दर विहार बनाएर विद्वान्हरुलाई राख्नू' ··· ती दुई कुरा दृष्टिमा राखेर भनिएको हो । कुनचाहिँ



https://dhamma.digital

दुई कुरा ? – (१) विहार दान गर्ने कामको सबै बुद्धहरुले प्रशंसा गर्नुभएको छ, त्यसको धेरै धेरै प्रशंसा गर्नुभएको छ, तथा त्यसलाई निकै श्रेष्ठ भन्नुभएको छ । यसरी विहार दान गर्ने व्यक्ति जन्म, जरा र मरणबाट छुट्दछ । विहार दान गर्नुको यो पहिलो फल (आनिशंस) हो। फेरि, (२) विहार बनेमा भिक्षुहरुका लागि बस्ने ठाउँ हुन्छ । जसले भिक्षुहरुको दर्शन गर्न चाहन्छन्, उनीहरुका लागि बस्ने स्थान हुन्छ जसले भिक्षुहरुको दर्शन गर्न चाहन्छन्, उनीहरुका लागि पर्याप्त सुविधा हुन्छ । यदि भिक्षुहरु बस्नका लागि कुनै विहार नभएमा उनीहरुसँग भेट्नु निकै गाह्रो हुन्छ । विहार दान गर्नुको यो दोस्रो फल हो – यी दुई कुरा दृष्टिमा राखेर भगवान्ले 'सुन्दर विहारहरु बनाएर तिनमा विद्वान्हरुलाई राख्नू', यसको अर्थ यो होइन कि बुद्धपुत्रहरुले नै विहारलाई आफ्नो घर बनाउन् ।

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## २. भोजन संयम विषयमा प्रश्न

३. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम गर ।' उहाँले यो पनि भन्नुभयो कि 'उदायि ! कहिलेकाहीं मैले यो पात्रभरि वा सो भन्दा बढी खाएको छु ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले यसो भन्नुभएको हो कि उहाँले पात्रभरि वा त्योभन्दा अधिक खानुहुन्थ्यो (ख) र, यदि भगवान्ले पात्रभरि वा त्योभन्दा बढी खानुहुन्थ्यो भन्ने कुरा साँचो हो भने, उहाँले भन्नुभएको – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम गर' भन्ने कुरा झूटो ठहरिन्छ । यो पनि एउटा दुविधायुक्त प्रश्न ... ।"

४. "महाराज ! भगवान्ले भन्नुभएको – 'जाग ! भोजन गर्नमा संयम गर' । फेरि भगवान्ले यसो पनि भन्नुभयो – 'उदायि ! कहिलेकाहीं मैले यो पात्रभरि वा सो भन्दा बढी खाएको छु' भनी यथार्थतः भन्नुभएको हो । महाराज ! भगवान्ले जो भन्नुभएको छ – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम गर', भन्ने वचन (१) स्वभाव वचन (स्वाभाविक वचन-प्रकृति वचन) (२) अशेष वचन (एकदम सत्य वचन) (३) निशेष वचन (एकदम सत्य वचन) (४) निष्परियाय वचन (एकदम झूटो नभएको वचन) (५) भूत वचन (यथार्थ वचन) (६) तच्छ वचन (तथ्य वचन) (७) यथार्थ वचन (८) अविपरीत (उल्टाउन नसक्ने) वचन, ऋषि वचन, भगवान् वचन, प्रत्येकबुद्ध वचन, जिन वचन, सर्वज्ञ वचन, तथागत अर्हत् सम्यक्सम्बुद्ध वचन हुन् ।"



https://dhamma.digital

"महाराज ! भोजनमा संयम नगर्नाले मानिस हिंसा पनि गर्दछ, चोरी पनि गर्दछ, परस्त्रीगमन पनि गर्दछ, झूटो पनि बोल्छ, रक्सी पनि पिउँछ, आमालाई पनि मारिदिन्छ, बाबुलाई पनि मारिदिन्छ, अर्हत्लाई पनि मारिदिन्छ, सङ्घ भेद गरिदिन्छ, दुष्ट चित्तले तथागतको रगत पनि बगाइदिन्छ । महाराज ! भोजनमा संयम नगर्नुको कारणले नै देवदत्तले सङ्घलाई भेद गरेका थिए, जसले गर्दा उसले कल्पभर नरकमा रहने कर्मफल पायो । महाराज ! यस्ता यस्ता अरु पनि थुप्रै कुराहरु ध्यानमा राखेर बुद्धले भन्नुभएको थियो – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम राख ।"

"महाराज ! जसले भोजनमा संयम गर्दछ, उसलाई चार आर्यसत्यहरुको ज्ञान प्राप्त हुन्छ, चार श्रामण्य फल (ब्रह्मचर्यवासको चार ठूलो फल) पाउँछ । चार प्रतिसम्भिदामा, आठ समापत्तिमा तथा छ अभिज्ञानमा पूर्णता पाउँदछ सबै श्रमण धर्म पूर्ण हुन्छ । महाराज ! के त्यो सुगाले भोजनमा संयम गरेर तावतिंससम्म सारा लोकलाई कम्पित गराएर देवेन्द्रलाई आफ्नो सेवामा लगाएको थियो होइन र ? महाराज ! यसरी नै अरु पनि धेरै कुराहरुबारे विचार गरेर नै भगवान्ले भन्नुभयो – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम राख ।"

"महाराज ! भगवान्ले जे भन्नुभएको थियो – 'उदायि ! कहिलेकाहीँ यो पात्रभरि वा सो भन्दा बढी खाएको छु' त्यो उहाँको कुरो थियो, उहाँले जे गर्नु थियो सो सबै पूर्ण गर्नु भइसकेको थियो, जसले परम फल पाइसक्नुभएको थियो, जसको ब्रह्मचर्य सफल भइसकेको थियो, उहाँको सबै मल हटिसकेको थियो, जो सर्वज्ञ हुनुहुन्थ्यो, स्वयम्भू हुनुहुन्थ्यो र बुद्ध हुनुहुन्थ्यो ।"

"जस्तै महाराज ! जसलाई बान्ता गराइएको छ, जसलाई जुलाव दिइएको छ, वा जसलाई कडा औषधि खुवाइएको छ, त्यस्ता रोगीले खाना बार्नुपर्छ । त्यस्तै, जसका साथ क्लेश लागेको छ, जसले सत्यको साक्षात्कार गरेको छैन; उसले भोजनमा संयम गर्नुपर्छ । महाराज ! जस्तै – चम्कने, असल जातिको, सफा मणिरत्नलाई माझ्न, घस्न वा धुनु पर्दैन । महाराज ! त्यस्तै तथागत बुद्ध – विषय पारमी भइसक्नुभएकोले 'के गर्न उचित छ र के गर्न अनुचित' यस प्रश्नबाट मुक्त भइसक्नुभएको छ ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ३. बुद्धको निरोगी विषयमा प्रश्न

५. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! म ब्राह्मण हुँ, आत्मत्यागी, आचरणमा आबद्ध, अन्तिम शरीरलाई धारण गर्ने र



https://dhamma.digital

अलौकिक वैद्य या शल्यचिकित्सक ।' उहाँले यो पनि भन्नुभयो कि – 'भिक्षु हो ! मेरो श्रावक भिक्षुहरुमा सबैभन्दा निरोगी रहनेमा वक्कुल (बाकुल) हो ।'[१५०] यस्तो देखिन्छ कि भगवान् अनेकपल्ट अस्वस्थ हुनुभएको थियो । (क) भन्ते नागसेन ! यदि भगवान् साँच्चै अलौकिक हुनुहुन्थ्यो भने, स्थविर वक्कुलको विषयमा जे भनिएको हो, त्यो झूटो ठहरिन्छ, (ख) र, यदि स्थविर वक्कुल यथार्थमा सबैभन्दा बढी निरोगी थिए भने भगवान् अलौकिक हुनु झूटो ठहरिन्छ । यो पनि एक दुविधायुक्त प्रश्न ··· ।"

६. "महाराज ! भगवान्ले यर्थाथमा भन्नुभएको छ – 'भिक्षु हो ! म ब्राह्मण हुँ, आत्मत्यागी, आचरणमा आबद्ध, अन्तिम शरीरलाई धारण गर्ने र अलौकिक वैद्य या शल्यचिकित्सक ।' उहाँले यो पनि ठीक भन्नुभयो – 'भिक्षु हो ! मेरो श्रावक भिक्षुहरुमा सबैभन्दा निरोगी रहनेमा वक्कुल हो ।' तर यो ती भिक्षुहरुलाई लक्ष्य गरेर भनिएको थियो जो भगवान्को उपदेशलाई कण्ठ गरेर आफ्ना तर्फबाट केही थपेर आगामी पुस्तालाई बढाइदिन्थे ।"

"महाराज ! भगवान्का श्रावक भिक्षुहरुमध्ये कति जना यस्ता थिए, जो दिन रात उठेर या चक्रमण गर्दै भावना (ध्यान) मा बिताइदिन्थे । तर भगवान् उठ्नु पनि हुन्थ्यो, चक्रमण पनि गर्नु हुन्थ्यो । बस्नु पनि हुन्थ्यो र सुत्नु पनि हुन्थ्यो । यसरी उनीहरु यस कुरोमा भगवान्भन्दा अगाडि बढ्दथे ।"

"महाराज ! भगवान्का श्रावक भिक्षुहरुमध्ये कति यस्ता थिए, जो एक पल्ट मात्र भोजन गर्दथे । बरु प्राण गए पनि दोस्रोपल्ट भोजन ग्रहण गर्दैनथिए । महाराज ! फेरि, भगवान्ले त दुईपल्ट या तीन पल्ट पनि भोजन गर्नु हुन्थ्यो । यसरी उनीहरु यस कुरोमा भगवान्भन्दा पनि अगाडि बढ्दथे ।"

"महाराज ! यस्तै भिन्न-भिन्न श्रावकहरुका विषयमा भिन्न-भिन्न कुरा भनिन्छ । महाराज ! तर भगवान् त सबैभन्दा अलौकिक हुनुहुन्थ्यो – शीलमा, समाधिमा, प्रज्ञामा, विमुक्ति ज्ञानदर्शन (मोक्षलाई साक्षात्कार) गर्नमा, दस बलमा, चार वैशारद्यमा, अट्ठार बुद्ध गुणमा[१५१] छ, असाधारण ज्ञानमा र बुद्धमा मात्र पाइने अन्य सबै गुणहरुमा । त्यसैको विषयमा भनिएको हो – 'भिक्षु हो ! म ब्राह्मण हुँ, आत्मत्यागी, आचरणमा आबद्ध, अन्तिम शरीरलाई धारण गर्ने र अलौकिक वैद्य या शल्यचिकित्सक ।' महाराज ! जस्तै, यहाँ मानिसहरु जो कोही उच्च कुलको हुन्छ, कोही धनवान् हुन्छ, कोही विद्वान् हुन्छ, कोही शिल्पमा निपुण हुन्छ, कोही शूरवीर (बहादुर) हुन्छ र कोही अत्यन्त बाठो । तर राजा सबैभन्दासबै कुरामा बढेर उच्च हुन्छन् । महाराज ! यसरी भगवान् सबै प्राणीभन्दा अग्र ज्येष्ठ र श्रेष्ठ हुनुहुन्छ ।"

"जुन आयुष्मान् वक्कुल निरोगी थियो, त्यो आफ्नो अभिनीहार ( सङ्कल्प) ले गर्दा त्यसो भएको हो । महाराज ! जब भगवान् अनोमदस्सीलाई



https://dhamma.digital

वातरोग भएको थियो र फेरि जब भगवान् विपस्सी आफ्नो अठसट्ठी हजार शिष्यहरुका साथ तृण पुष्पक रोगबाट पीडित हुनुभएको बेला वक्कुल एउटा तपस्वी भएर, अनेक औषधिले उहाँलाई स्वस्थ गरिदिएका थिए । त्यसैले भनिएको हो – मेरा श्रावक भिक्षुहरुमध्ये वक्कुल सबैभन्दा निरोगी छ ।"

"महाराज ! रोग हुनु या नहुनु, अथवा धुताङ्ग पालन गर्ने या नगर्नेभन्दा पनि भगवान्झैं अरु कोही छैन । महाराज ! देवातिदेव भगवान्ले संयुत्तनिकायमा पनि भन्नुभएको छ – 'भिक्षु हो ! जति पनि सत्व जीवहरु छन् – बिना खुट्टा, दुई खुट्टा, चार खुट्टा, धेरै खुट्टा भएको, रूप भएको, रूप नभएको, संज्ञा भएको, संज्ञारहित भएको, न संज्ञा भएको न संज्ञारहित' – सबैभन्दा तथागत नै प्रथम गनिन्छन्, जो अर्हत् र सम्यक्सम्बुद्ध हुन् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ४. मार्गोत्पादन विषयमा प्रश्न

७. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! तथागत अर्हत् सम्यक्सम्बुद्धले त्यस अनुत्पन्न मार्ग (बाटो) लाई उत्पन्न गरिदिनुहुन्छ । साथै, यसो पनि भनिएको छ – 'भिक्षु हो ! मैले त्यस सनातन-मार्गलाई देखें, जहाँ पूर्व सम्यक्सम्बुद्धहरु हिँडेका थिए । (क) भन्ते नागसेन ! यदि बुद्धले अनुत्पन्न मार्गलाई उत्पन्न गरिदिनुभएको कुरो सत्य हो भने सनातन मार्गलाई देख्नुभयो ··· भन्ने कुरा असत्य हुन्छ । (ख) र, यदि उहाँले सनातन मार्गलाई देख्नुभएको छ भने, यो कुरो असत्य ठहरिन्छ कि तथागतले अनुत्पन्न मार्ग उत्पन्न गरिदिनुभएको कुरा असत्य हुन्छ । यो पनि एक दुविधायुक्त प्रश्न ··· ।"

"महाराज ! भगवान्ले यथार्थ भन्नुभएको छ – 'भिक्षु हो ! अर्हत् सम्यक्सम्बुद्धले अनुत्पन्न मार्ग उत्पन्न गरिदिनुभयो ।' उहाँले यो पनि ठीक भन्नुभएको छ कि – 'भिक्षु हो ! अर्हत् सम्यक्सम्बुद्धले अनुत्पन्न मार्ग उत्पन्न गरिदिनुभयो ।' उहाँले यो पनि ठीक भन्नुभएको छ कि – 'भिक्षु हो ! मैले त्यस सनातन-मार्गलाई देखें, जसमा पूर्व बुद्धहरु हिँडेका थिए ।' महाराज ! यी दुवै कुरा सत्य हुन् । महाराज ! पूर्व तथागतहरुको परिनिर्वाण भएको हुनाले र शासन लुप्त भएको हुनाले मार्गको पनि लोप हुन्छ, हराउँछ, बिलाउँछ, देखिन्न, निष्क्रिय हुन्छ । लुप्त भएको त्यो सनातन मार्गलाई तथागतले आफ्नो प्रज्ञाचक्षुले देख्नुभएको थियो । त्यसैले उहाँले भन्नुभयो –'भिक्षु हो ! मैले त्यस सनातन-मार्गलाई देखें, जसमा पूर्व बुद्धहरु हिँडेका थिए ।'"



https://dhamma.digital

"महाराज पूर्व तथागतहरुको परिनिर्वाण भएको हुनाले र शासन लुप्त भएको हुनाले मार्गको पनि लोप हुन्छ, हराउँछ, बिलाउँछ, देखिन्न, निष्क्रिय हुन्छ। लुप्त भएको त्यो सनातन मार्गलाई तथागतले आफ्नो प्रज्ञाचक्षुले देख्नु भएको थियो । त्यसैले उहाँले भन्नुभयो – 'भिक्षु हो ! मैले तयस सनातन मार्गलाई देखें, जसमा पूर्वबुद्धहरु हिँडेका थिए ।'

"महाराज ! जस्तै चक्रवर्ती राजा मरेपछि मणिरत्न पहाडमा गएर अन्तर्धान हुन्छ। यदि अर्को चक्रवर्ती राजाले सबै व्रतहरु पूरा गर्छ भने, फेरि प्रकट भएर आउँछ।"

"महाराज ! त्यसो हो भने, तपाईं भन्नुहुन्छ कि उनले मणिरत्न उत्पन्न गरिदिए ?" "होइन भन्ते ! त्यो मणिरत्न त पहिलेदेखि नै थियो। हो उसले दोस्रो पटक प्रकट गराइदिए ।" "महाराज ! त्यसरी नै, जो पूर्वबुद्धहरुको वास्तविक, श्रेष्ठ अष्टाङ्गिग मार्ग थियो र जो शासन नरहनाले लुप्त ⋯ भएको थियो, त्यसलाई भगवान्ले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर निकालेका थिए । त्यसैले भगवान्ले भन्नुभएको हो – 'भिक्षु हो ! अर्हत् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।" (क)

"महाराज ! जस्तै आमाको कोखमा बच्चा त रहन्छ नै । बच्चा जन्मेपछि मानिसहरु भन्छन् – 'आमाले बच्चा जन्माइन् ।' "महाराज ! त्यसरी नै, पहिलाको मार्ग शासन नरहनाले लुप्त ⋯ भएको थियो, त्यसलाई तथागतले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर उत्पन्न गराउनुभएको थियो । त्यसैले भनिएको हो – अर्हत् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।" (ख)

"महाराज ! जस्तै कुनै हराएको वस्तु कुनै मानिसले फेला पार्‍यो भने मानिसहरुले भन्दछन् – यसले यी चिजहरु फेला पार्‍यो । महाराज ! त्यसरी नै, पहिलाको मार्ग शासन नरहनाले लुप्त ⋯ भएको थियो, त्यसलाई तथागतले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर उत्पन्न गराउनुभएको थियो । त्यसैले भनिएको हो – अर्हत् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।" (ग)

"महाराज ! जस्तै कुनै मानिसले जङ्गललाई फाँडेर सफा पार्दछ भने मानिसहरु भन्दछन्– उसले जमिन बनाइदियो । यथार्थमा त जमिन त पहिलेदेखि नै थियो; त्यो व्यक्तिले त त्यसलाई काममा ल्याउने मात्र हुन्छ । महाराज ! त्यसरी नै, पहिलाको मार्ग शासन नरहनाले लुप्त ⋯ भएको थियो, त्यसलाई तथागतले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर उत्पन्न गराउनुभएको थियो । त्यसैले भनिएको हो – अर्हत् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।" (घ)



https://dhamma.digital

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ५. बुद्धको अहिंसा अभ्यास विषयमा प्रश्न

९. "भन्ते नागसेन ! भगवान्‌ले यसो भन्नुभएको छ – 'पूर्व मनुष्यजन्महरुमा नै मैले अहिंसाको अभ्यास गरिसकेको थिएँ ।' साथै यो पनि भन्नुभएको छ – 'लोमस काश्यप नामको ऋषि भएर मैले सयौं प्राणीहरुको हत्या गरेर वाजपेय नामको महायज्ञ गरेँ ।'"

(क) "भन्ते नागसेन ! यदि भगवान्‌ले यो ठीक भन्नुभएको हो – – 'पूर्व मनुष्यजन्महरुमा नै मैले अहिंसाको अभ्यास गरेको थिएँ ।' – त्यसो हो भने उहाँको भनाइ झूटो ठहरिन्छ कि – 'लोमस काश्यप नामको ऋषि भएर मैले सयौं प्राणीहरुको हत्या गरेर वाजपेय नामको महायज्ञ गरेको थिएँ, (ख) र, यदि उहाँले यो सत्य भन्नुभएको हो कि 'लोमस काश्यप नामको ऋषि भएर सयौं प्राणीहरुको हत्या गरेर वाजपेय नामको महायज्ञ गरेको थिएँ भने, उहाँको यो झूटो ठहरिन्छ कि, – 'पूर्व मनुष्यजन्महरुमा नै अहिंसाको अभ्यास गरिसकेको थिएँ ।' यो पनि एक दुविधायुक्त प्रश्न ... ।"

१०. "महाराज ! भगवान्‌ले सो यथार्थ भन्नुभएको हो – 'पूर्व मनुष्यजन्महरुमा नै मैले अहिंसाको अभ्यास गरेको थिएँ ।' उहाँले यो पनि ठीक भन्नुभयो कि – – 'लोमस काश्यप नामको ऋषि भएर मैले सयौं प्राणीहरुको हत्या गरेर वाजपेय नामको महायज्ञ गरेको थिएँ । तर यो त उहाँले रागको वशमा परेर बेहोस भई अचेतन अवस्थामा गर्नुभएको थियो । शान्त बुद्धिले होइन ।"

"भन्ते नागसेन ! यही आठ प्रकारका व्यक्तिहरुले जीव-हिंसा गर्दछन् । कुनचाहिँ आठ ? (१) रागीले आफ्नो रागको वशमा आएर जीव-हिंसा गर्दछ, (२) द्वेषीले आफ्नो द्वेषको वशमा आएर ..., (३) अज्ञानीले आफ्नो मोहको वशमा परी ..., (४) घमण्डी आफ्नो घमण्डको वशमा, (५) गरीब (निर्धन) ले आफ्नो जीविकाको लागि..., (७) मूर्खहरु खेल सम्झेर र (८) राजा राज्यको विजयको वशमा परेर जीव-हिंसा गर्दछ । भन्ते ! यिनै आठ प्रकारका व्यक्तिहरु जीव-हिंसा गर्दछन् । भन्ते नागसेन ! बोधिसत्वले (त्यस्ता कारणहरुबेगर) स्वाभाविक रूपले जीव-हिंसा गरेका हुन् त ?" "होइन महाराज ! बोधिसत्वले स्वाभाविक रूपले जीव-हिंसा गरेका होइन । महाराज ! यदि बोधिसत्वले स्वाभाविक रूपले महायज्ञ गर्न चाहेको भए, यो गाथा अवश्य भन्नु हुने थिएन ।"



https://dhamma.digital

**‘ससमुद्दपरियायं महिं सागरकुण्डलं ।**
**न इच्छे सह निन्दाय, एवं, सय्ह, विनानही’ति ।’**

**“समुद्रसम्म फैलिएको चारैतिर सागरले घेरिएको पृथ्वीलाई निन्दाका साथ म लिन चाहन्नथिएँ सय्ह ! यस्तो बुझ ।”**

“महाराज ! यसो भन्नुहुने बोधिसत्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ मोहमा परेर मनलाई वशमा राख्न सकेनन् । स्त्रीको उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै बिर्सिएको व्यक्तिजस्तै हतारहतारमा उनले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरुको हत्या भयो । पशुहरुको गर्दन काटिनाले रक्तधारा बगेको थियो ।”

“महाराज ! जस्तो कि बहुला जसको बुद्धिले काम गर्न छाडिसकेको छ, उसले बलिरहेको आगोलाई पनि समात्छ, रिसाएको सर्पलाई पनि समात्छ, पागल हात्तीको नजिक पनि जान्छ, जसको किनारा अगम्य छ, त्यस्तो समुद्रमा पनि हाम फाल्छ, खाडल वा कुवामा हाम फाल्छ, काँडैकाँडा भएको ठाउँमा पनि हिँड्छ, पहाडको उच्च भागबाट पनि ओरालोतर्फ दगुर्छ, फोहर तथा मैला पनि खान थाल्छ, सडकमा नाङ्गै पनि डुल्छ र अरु पनि विभिन्न प्रकारका गर्न नहुने काम गर्छ । महाराज ! यसरी नै, बोधिसत्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ उसको मोहमा परेर मनलाई वशमा राख्न सकेनन् । स्त्रीको उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै बिर्सिएको मानिसजस्तै हतारहतारमा उनले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरुको हत्या भयो । पशुहरुको गर्दन काटिनाले रक्तधारा बगेको थियो ।”

“महाराज ! राज-दण्ड (विधान, कानून, नियम) अनुसार पनि बहुलाले गरेको अपराध त्यति ठूलो मानिन्न । परलोकको कुरा पनि यस्तै हो ।”

“महाराज ! जस्तै कुनै बहुलाले कसैको ज्यान लियो भने तपाईं उसलाई के-कस्तो दण्ड दिनुहुन्छ ?” “भन्ते ! पागललाई के दण्ड दिनु । उसलाई कुटेर छाडिन्छ । उसका लागि बस यही नै दण्ड हो ।” “महाराज ! खासमा पागलका लागि दण्ड नै छैन । पागलको अपराध कुनै अपराध होइन, उसलाई, उसलाई क्षमा गरिदिन्छौं । बोधिसत्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ उसको मोहमा परेर मनलाई वशमा राख्न सकेनन् । स्त्रीप्रति उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै कुरो बिर्सिएको व्यक्तिजस्तै हतारहतारमा उसले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरुको हत्या भयो । पशुहरुको गर्दन काटिनाले रक्तधारा बगेको थियो ।”



https://dhamma.digital

"महाराज ! यसरी नै, बोधिसत्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ उसको मोहमा परेर मनलाई वशमा राख्न सकेनन् । स्त्रीको उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै बिर्सिएको व्यक्तिजस्तै हतारहतारमा उनले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरुको हत्या भयो । पशुहरुको गर्दन काटिनाले रक्तधारा बगेको थियो । जब उनको होस आयो, स्वस्थ भएपछि प्रव्रजित भई पाँच अभिज्ञाहरुलाई प्राप्त गरेर ब्रह्मलोक गए ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ६. छद्दन्त र ज्योतिपाल विषयमा प्रश्न

११. "भन्ते नागसेन ! भगवान्ले गजराज छद्दन्तका विषयमा भन्नुभएको छ –

'यसलाई मार्छु ।' यस्तो विचार गर्दा उसले काषायवस्त्र देखे जो ऋषिहरुको ध्वजा हो । धेरै दुःख सहेर उनको मनमा यो कुरा आयो – साधु, शीलवान् अर्हत्हरुको हत्या गर्न योग्य हुँदैनन् ।"

"फेरि, यसो पनि भन्नुभएको छ –

ज्योतिपाल माणवक भएर उनले अर्हत् सम्यक्सम्बुद्ध भगवान् काश्यपलाई चण्डाल ! 'मुण्डक ! ढोंगी !' आदि अनुचित र रूखा शब्दहरुद्वारा चिढ्याएर अपमानित गरे ।"

(क) "भन्ते नागसेन ! यदि बोधिसत्वले पशुयोनिमा जन्म लिएर पनि काषायवस्त्रको प्रतिष्ठालाई स्वीकार गरेको भए ज्योतिपाल माणवकको कुरा झूटो ठहरिन्छ (ख) र, यदि ज्योतिपाल माणवले साँच्चै काश्यप भगवान्लाई 'चण्डाल, मुण्डक, ढोंगी' इत्यादि अनुचित र रूखो शब्दहरुले चिढ्याएर अपमानित गरेको कुरा सत्य हो भने, छद्दन्त गजराजका विषयमा जे कुरा भनिएको हो, त्यो कुरा झूटो ठहरिन्छ। यदि पशुयोनिमा जन्म लिएर बोधिसत्वले कठोर दुःख सहेर पनि काषायवस्त्रको प्रतिष्ठा गरेका थिए भने, परिपक्व ज्ञान भएका मानिस भएर काश्यप भगवान्का साथ यस्तो व्यवहार किन गरियो, जो अर्हत् सम्यक्सम्बुद्ध, दशबल, लोकनायक तथा प्रतापी थिए, जसको चारैतर्फ व्यामभरि दिव्य तेज फैलिरहन्थ्यो, जो मानिसमा श्रेष्ठ थिए र जसले बनारसी सुन्दर चीवर धारण गर्नुभएको थियो । यो पनि एउटा दुविधायुक्त ... ।"

१२. "महाराज ! भगवान्ले छद्दन्त नामको गजराजका विषयमा ठीक भन्नुभयो – 'यसलाई मार्छु ।' यस्तो सोच्दा उनले काषाय वस्त्र देखे जो ऋषिहरुको ध्वजा हो । बडो मुस्किलले उनको मनमा यो कुरो आयो कि साधु, शीलवान्, अर्हत्हरु हत्या गर्न योग्य छैनन् ।' र, उहाँले यो पनि ठीक भन्नुभएको



https://dhamma.digital

हो कि – ज्योतिपाल माणवक भएर उनले अर्हत् सम्यक्सम्बुद्ध भगवान् काश्यपलाई चण्डाल ! 'मुण्डक ! ढोंगी !' आदि अनुचित र रूखो शब्दहरुले चिढ्याएर अपमानित गरेका थिए । महाराज ! ज्योतिपाल जुन कुलमा जन्मेका थिए, त्यस कुलमा श्रद्धा वा धर्मप्रति कुनै झुकाउ थिएन । उनका आमा-बाबु, भाइ-बहिनी, धाईआमा, नोकर, कामदार र परिवारका सबै सदस्यहरु ब्रह्माका उपासक थिए, ब्रह्माको पूजा गर्दथे । ब्रह्मा नै सबैभन्दा श्रेष्ठ र उत्तम छन् भन्ने मानेर अन्य साधुहरुलाई नीच र घृणित सम्झन्थे । उनीहरुका कुरा बारबार सुनिरहनाले भगवान् काश्यपलाई भेट्का लागि घटीकार नामक कुम्हालेले डाक्दा ज्योतिपालले भने – त्यस्ता चण्डाल, मुण्डक श्रमणहरुलाई देख्नाले के लाभ ?"

"महाराज ! जसरी अमृतमा विष मिलाउँदा तीतो हुन्छ, चिसो पानी आगोमा बसाउँदा उम्लन्छ; यसरी नै, जोतिपाल माणवक जुन कुलमा जन्मेका थिए, त्यहाँ श्रद्धा या धर्मप्रति कुनै प्रकारको झुकाउ थिएन । त्यसकारण उनले आफ्नो कुलको विचारमा परेर, मानौं अन्धो भएर, तथागतप्रति निन्दा र अपमानका शब्द बोलेका थिए । महाराज ! एकदमै बल्दै गरेको आगोको ज्वालामा पानी हालेमा त्यो निभ्छ; त्यसको सबै तेज (चमक) हराउँछ; शान्त हुन्छ; र पाकेको निर्गुण्डि फलझैं, कालो कोइलाको थुप्रो हुन्छ । महाराज ! यसरी नै, जोतिपाल माणवक पुण्यवान् श्रद्धालु र एकदमै ज्ञानी भएर पनि उनले श्रद्धा र धर्मरहित कुलमा जन्म लिएकाले र सोही कुलको विचारमा परेर अन्धोजस्तो भएर तथागतप्रति निन्दा र अपमानका शब्द बोलेका थिए । तर जब उनले बुद्धको गुण बुझे पछि उनी उहाँकै क्रीत-दासजस्तै भएर बुद्धशासनमा प्रव्रजित भएर उनले अभिज्ञा र समापत्तिहरु प्राप्त गरेर मरेपछि सिधै ब्रह्मलोक गए ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ७. घटीकार विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'घटीकार कुम्हालेको घरमा पूरा ती महिनासम्म छानारहित बसे, तर पानी परेन ।'[१५८] "साथै, यसो पनि भनिएको छ – 'काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो ।' भन्ते नागसेन ! यो कस्तो कुरा हो कि बुद्धजस्ता पुण्य कुशलले युक्त तथागतको कुटीमा वृष्टि भएको थियो ? तथागतको तेज पनि त्यस्तै हुनुपर्ने थियो । (क) भन्ते नागसेन ! यदि घटीकार कुम्हालेको घरमा पूरा तीन महिनासम्म छानारहित बसे, तर पानी परेन भन्ने कुरा सत्य हो भने यो कुरो



https://dhamma.digital

झूटो ठहरिन्छ कि काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो । (ख) फेरि, यदि काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो भने यो कुरो झूटो ठहरिन्छ कि घटीकार कुम्हालेको घरमा पूरा तीन महिनासम्म छाना बेगर बसे, तर पानी परेन । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ।"

१४. "महाराज ! भगवान्ले यो ठीक भन्नुभएको छ – घटीकार कुम्हालेको घरमा पूरा तीन महिनासम्म छानारहित बसे, तर पानी परेन । यो पनि सत्य हो कि काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो । महाराज ! घटीकार कुम्हाले शीलवान्, कल्याणधर्मी, पुण्यवान् थिए । उनले आफ्ना बूढा र अन्धा आमा-बाबुको पालन-पोषण गरिरहेका थिए । उनी कतै टाढा जाँदा उनलाई नसोधी मानिसहरुले उनको खरको छाना झिकेर बुद्धको कुटीमा छाएका थिए । छानालाई त्यसरी लगे पनि उनको हृदयमा कुनै दुःख या क्षोभ भएन । उल्टै उनमा बडो प्रीति उत्पन्न भएको थियो । अत्यन्त आनन्दित भएर उनको मनमा यो कुरा आयो– 'अहो ! लोकमा उत्तम भगवान् मप्रति प्रसन्न रहनुभयो । दृष्ट धर्म फल उनलाई प्राप्त भयो । महाराज ! बुद्ध त्यति कुरोले चञ्चल (उद्विग्न) हुनुहुन्न ।"

"महाराज ! जसरी पर्वतराज सुमेरु जस्तै भीषण आँधी आउँदा पनि हल्लन्न । अनगिन्ती ठूलठूला खोला, नदी महासागर न पानी भरिएर पोखिन्छ न तिनमा बाढी नै आउँछ । महाराज ! यसरी बुद्ध त्यति कुराले चञ्चल हुनुहुन्न ।"

"तथागतको हृदयमा संसारका व्यक्तिहरुप्रति जो अनुकम्पा थियो, त्यसै कारण उनको कुटीमा वृष्टि भएको थियो । महाराज ! दुई कुरालाई ध्यानमा राखेर आफ्नो योगबलले कुनै चीजलाई उत्पन्न गरेर तथागतले त्यसलाई प्रयोगमा ल्याउँदैनन् । कुनचाहीँ दुई कुरा ? (१) देवता र मानिस बुद्धका लागि आवश्यक वस्तुहरु दान गरेर त्यस पुण्यले गर्दा आवागमनको दुःखमय जंजालबाट छुट्नेछन् र (२) कतै अन्य व्यक्तिहरुले आलोचना नगर्न थालून कि ऋद्धिबलको सहाराले उनीहरु आफ्नो जीविका चलाउँछन् । यी दुई कुरा ध्यानमा राखेर बुद्ध आफ्नो योग-बलले कुनै चीजलाई उत्पन्न गरेर त्यसलाई उपयोगमा ल्याउनुहुन्न । महाराज ! यदि देवेन्द्र या स्वयं ब्रह्माले उहाँको कुटीमा वृष्टि हुन नदिएको भए यो पनि झनै अनुचित र निन्दनीय हुँदोहो । त्यसो भएको भए मानिसहरुले यसो भन्न सक्छन्– 'यस्ता बुद्धहरु आफ्नो माया फैलाएर संसारलाई मोहित पार्छन्, र आफ्नो वशमा गर्दछन् ।' त्यसैले, उहाँले केह िगर्न उचित ठान्नु भएन । महाराज ! तथागतहरु आफ्ना लागि कुनै वस्तु कहिल्यै माग्नु हुन्न । यसैले गर्दा उहाँमाथि कसैले पनि दोषारोपण गर्न सक्दैन ।"



https://dhamma.digital

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ८. ब्राह्मण र राजवाद विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! तथागतले यसो भन्नुभएको छ – 'भिक्षु हो ! म आत्म-यज्ञ गर्ने ब्राह्मण हुँ ।' फेरि यो पनि भन्नुभएको छ – 'शैल ! म राजा हुँ ।'[१५९] (क) भन्ते ! यदि भगवान्‌ले यो ठीक भन्नुभएको हो कि – 'भिक्षु हो ! म आत्म-यज्ञ गर्ने ब्राह्मण हुँ' भन्ने कुरा सत्य हो भने, 'शैल ! म राजा हुँ' भनी भन्नुभएको कुरा असत्य हुन्छ । (ख) र, यदि तथागतले'शैल ! म राजा हुँ' भनी भन्नुभएको कुरा सत्य हो भने, आत्म-यज्ञ गर्ने ब्राह्मणको कुरो असत्य हुन्छ । उहाँ क्षत्रिय वा ब्राह्मण एउटै जन्ममा दुईटै कुल हुन सक्दैन । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ।"

१६. "महाराज ! भगवान्‌ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! म आत्म-यज्ञ गर्ने ब्राह्मण हुँ ।' फेरि यो पनि भन्नुभएको छ – 'शैल ! म राजा हुँ ।' यहाँ कारण छ, जुन कारणले गर्दा तथागत बुद्ध ब्राह्मण र क्षत्रिय दुवै हुनुभयो ।"

१७. "भन्ते नागसेन ! त्यो कुनचाहिँ कारण हो, जसले गर्दा तथागत ब्राह्मण र क्षत्रिय दुवै हुनुभयो ?"

"महाराज ! जति पनि पाप र अकुशलहरु छन्, ती सबै प्रहीण भइसकेका हुन्छन् नष्ट भइसकेका हुन्छन्, टाढा गइसकेका हुन्छन्, काटिएका हुन्छन्, क्षीण भइसकेका हुन्छन्, बन्द भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन् । त्यसैले तथागतलाई ब्राह्मण भनी भनेको हो । ब्राह्मण त्यसैलाई भनिन्छ जसले आफ्ना संशयहरुलाई हटाएको छ, भ्रमलाई टाढा राखेको छ । भगवान् पनि संशयहरुलाई हटाइसकेको र भ्रमलाई टाढा राखिसकेको हुनुहुन्छ । त्यसैले उहाँलाई ब्राह्मण भनिएको हो ।"

"महाराज ! ब्राह्मण त्यसैलाई भनिन्छ, जसको तृष्णा मेटिएको छ, जो आवगमनदेखि छुटिसकेको छ, जसले फेरि जन्म ग्रहण गर्दैनन्, जसले खराब विचार र रागलाई नष्ट गरेर ऊ एकदमै शुद्ध भइसकेको छ र जो बेगर अरु कसैको भरोसा नगरी आफूमै निर्भर रहन्छ । बुद्ध वास्तवमा यस्तै हुनुहुन्छ – यसैले उहाँलाई ब्राह्मण भनिन्छ ।"

"महाराज ! ब्राह्मण त्यसैलाई भनिन्छ, जो उच्च अग्र (श्रेष्ठ), प्रवर ( सुन्दर) र दैवी भावनाहरुमा विचरण गर्दछ । बुद्ध वास्तवमा यस्तै हुनुहुन्छ – त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"



https://dhamma.digital

"महाराज ! ब्राह्मण उसैलाई भनिन्छ, जो स्वयं अध्ययन अध्यापन गर्छ, दान प्रतिग्रहण गर्दछ, आफ्ना इन्द्रियहरुलाई वशमा ल्याउँछ, आत्मसंयम गर्दछ, कर्तव्यपरायण रहन्छ र जसले राम्रो वंशको परम्परालाई कायम राख्दछ । बुद्ध साँच्चै यस्तै हुन् । त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"

"महाराज ! ब्राह्मण उसैलाई भनिन्छ, जो ब्रह्म सुख विहार (समाधिको एक अवस्था) मा संलग्न रहन्छ ।बुद्ध वास्तवमा यस्तै हुन् । त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"

"महाराज ! ब्राह्मण उसैलाई भनिन्छ, जसले आफ्नो भवाभव गति ( पूर्व जन्महरुका कुरा) लाई पूरापूर जान्दछ । बुद्ध साँच्चै यस्तै हुन् । त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"

"महाराज ! भगवान्‌लाई 'ब्राह्मण' भन्ने नाम न त आमाले दिएका थिए, न बुबाले, न दाजु-भाई, न दिदी-बहिनी, न मित्र, न साथीहरुले, न आफन्तहरुले, न श्रमण वा ब्राह्मणहरुले र न देवताहरुले नै । विमोक्ष पाउनाले नै उसलाई यो नाम दिइन्छ । बोधिवृक्ष मन्तिर मार-सेनालाई पराजित गरेर, तीनै कालको (अतीत, अनागत, वर्तमान) अकुशललाई प्रहीण गरी, सर्वज्ञ-ज्ञान प्राप्त गर्नुभएकोले नै उहाँको नाम ब्राह्मण रहन गएको थियो ।"

"भन्ते नागसेन ! के कारणले तथागतलाई 'राजा' भनिएको हो ?"
"महाराज ! 'राजा' उसैलाई भनिन्छ, जसले शासन गर्छ र लोकलाई अनुशासित गर्छ । महाराज ! तथागतले पनि दस हजार लोकधातुहरुसम्म धर्मपूर्वक शासन गर्नुहुन्छ । देव, मार, ब्रह्मा, श्रमण र ब्राह्मणसहित साथमा सारा लोकलाई अनुशासित गराइरहनुहुन्छ । त्यसैले भगवान्‌लाई 'राजा' भनेको हो ।"

१८. "महाराज ! 'राजा' उसैलाई भनिन्छ जसले सबै जनालाई आफ्नो वशमा राख्छ, आफ्ना मित्र र आफन्तहरुलाई राजीखुशी तुल्याइराख्दछ, शत्रुहरुलाई सताउँछ, जसको नाम र यश धेरै फैलिएको छ, जो एकदमै बलसम्पन्न छ र जो आफ्नो निर्मल सेतोछातालाई उच्च पार्छ । महाराज ! भगवान् पनि दुष्ट मार-सेनाहरुलाई सताएर देव र मनुष्यहरुलाई आनन्दित तुल्याउँछन्, दस हजार लोकहरुमा आफ्नो महान् यशलाई फैलाउँछन्, क्षान्ति-बलले दृढ रहन्छन्, सबै ज्ञानले युक्त हुन्छन्, सेतो निर्मल र श्रेष्ठ विमुक्तिरूपी सेतो छातालाई माथि उच्च पार्छ । त्यसैले भगवान्‌लाई 'राजा' भनेको हो ।"

"महाराज ! 'राजा' उसैलाई भनिन्छ, जो भेट गर्न आएका धेरै जनाहरुको वन्दनीय हुन्छ । महाराज ! भगवान् पनि देवसहित सामु आउने सबै मानिसहरुको वन्दनीय हुन्छन् । त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"

"महाराज ! 'राजा' उसैलाई भनिन्छ, जसले प्रसन्न गराइदिनेलाई पुरस्कार (वर) दिएर सन्तुष्ट गरिदिन्छ । महाराज ! भगवान् पनि मन, वचन र



https://dhamma.digital

कर्मले प्रसन्न गर्नेहरुलाई दुःखबाट मुक्त गरिदिने निर्वाण-फल दिनुहुन्छ, जो संसारका सबै वरहरुमध्ये श्रेष्ठ हो । त्यसैले राजाले न्यायका विरुद्ध आचरण गर्नेहरुलाई गाली गर्छ, जरिमाना गर्छ र अरु पनि अनेक प्रकारका दण्ड दिन्छ। महाराज ! त्यसरी नै, भगवान्‌ले पनि निर्लज्ज र असन्तुष्ट भएर बुद्धको प्रज्ञप्त शासनका विरुद्ध आचरण गर्दछन् त्यसलाई निन्दित गर्दछन्, अपमानित गर्दछन् र शासनबाट पनि बाहिर निकालिदिनुहुन्छ। त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"

"महाराज ! 'राजा' उसैलाई भनिन्छ, जो पूर्वकालदेखि धार्मिक राजाहरुले बताएको न्याय र नियमहरुलाई लागू गर्दछ, धर्मपूर्वक शासन गरेर मानिसहरुको निकै प्रिय होस्, तथा धर्मगुण बलले आफ्नो वंशलाई चिरकालसमम गद्दीमा कायम राख्छ । महाराज ! यसरी नै, भगवान्‌ले पनि पूर्व-बुद्धहरुले बताएको न्याय र नियमहरुलाई लागू गर्दछन् लोकलाई धर्मानुशासन गर्छन्, देव र मनुष्यहरुका प्रिय हुन्छन् तथा आफ्नो धर्म-गुण बलले शासनलाई चिरकालसम्म कायम राख्दछन्। त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"

"महाराज ! यस्ता अनेक उदाहरणहरु छन्, जुन कारणले तथागत ब्राह्मण र राजा दुवै हुनुभयो । यस्ता कारणहरुको गन्ती चतुरभन्दा चतुर भिक्षुले एककल्प सम्ममा पनि वर्णन गर्न सक्दैन । त्यसकारण, मैले धेरै भन्नु के लाभ ! मैले जे संक्षेपमा भनेको छु, त्यसैबाट तपाईं बुझ्नुहोस् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ९. धर्मोपदेशान्तर भोजन विषयमा प्रश्न

Dhamma.Digital

१९. "भन्ते नागसेन ! भगवान्‌ले यसो भन्नुभएको छ – आजीवपरिशुद्धिको दृष्टिले हेर्दा यसमा धर्मता छैन । गाथा गाएर पाएको भोजनलाई बुद्धले स्वीकार गर्दैनन् । ब्राह्मण आजीवपरिशुद्धि छउञ्जेल यस्तै वृत्ति कायम रहने छ ।[१६०] फेरि पनि, व्यक्तिहरुलाई धर्मोपदेशको भूमिकामा भगवान्‌ले सर्वप्रथम दानबारे धेरै-धेरै प्रशंसा गर्नुहुन्थ्यो र त्यसपछि शील आदिका विषयमा केही भन्नुहुन्थ्यो । सर्वलोकेश्वर उहाँ भगवान्‌को उपदेश सुनेर, देवता र मानिस, सबैले दान दिन्थे । उहाँको लागि ल्याएको दान भिक्षुहरुले ग्रहण गर्दथे। (क) भन्ते नागसेन ! यदि भगवान्‌ले यथार्थ भन्नुभएको – 'ब्राह्मण ! गाथा गाएर पाएको भोजन मेरा निम्ति अभोज्य छ, …' भन्ने कुरा सत्य हो भने, यो कुरो झूटो ठहरिन्छ कि धर्मोपदेश गरेको समयमा भगवान्‌ले सर्वप्रथम दानको प्रशंसा गर्नुहुन्थ्यो । (ख) र, यदि वास्तवमा



https://dhamma.digital

धर्मोपदेश गरेको समयमा भगवान्‌ले सर्वप्रथम दानको प्रशंसा गर्नुहुन्थ्यो भने उहाँले भन्नुभएको 'ब्राह्मण ! गाथा गाएर पाएको भोजन मेरा निम्ति अभोज्य छ, ···' भन्ने कुरा असत्य हुन्छ । त्यो कसरी भन्ते ! जो यथार्थमा दक्षिणेय ( दानको पात्र) छ, यदि उहाँले गृहस्थहरुका सामु दानको प्रशंसा गर्नु भएमा उहाँको उपदेशले श्रद्धामा आएर अरु पनि धेरै दान दिन्छ। जसले त्यस दानलाई ग्रहण गर्छन् ती सबै धर्मोपदेश गर्नुको कारण हो भनेर भनिन्छ। यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ।"

२०. "महाराज ! भगवान्‌ले भन्नु भएको 'ब्राह्मण ! गाथा गाएर पाएको भोजन ··· ।' फेरि भगवान्‌ले धर्मानुकूल सर्वप्रथम दानकै कुरा भन्नुभएको कुरो ठीक हो । सबै तथागतहरुको यस्तो परम्परा छ – दानको प्रशंसाले पहिले उनीहरुको चित्त आकृष्ट गरेपछि शीलपालनको उपदेश दिनुहुन्थ्यो । महाराज ! जसरी साना बच्चाहरुलाई पहिले मानिसहरुले खेलौना दिन्छन्, जस्तै वङ्कक (खेलौना हलो), घटिक (पाँग्रो), चिङ्गुलक (पंखा), पत्ताल्हकन (डन्डीबियो), खेल्ने रथ, धनुष-बाण इत्यादि । त्यसपछि उनीहरुलाई आफ्नो जे इच्छा छ गराइन्छ । महाराज ! यसरी तथागतले दानको प्रशंसा गर्दै पहिले उनीहरुको चित्तलाई आकृष्ट गर्नु हुन्थ्यो, पछि शीलपालनको उपदेश दिनुहुन्थ्यो ।"

"महाराज ! जस्तै – वैद्यले रोगीलाई पहिले चार-पाँच दिनसम्म तेल पिउन लगाउँछ । जसले गर्दा उसको शरीर चिल्लो र नरम हुन्छ । त्यसबाट ऊ केही बलियो भएर आउँछ । पछि विरेचन दिइन्छ । महाराज ! दान गर्ने दाताहरुको चित्त एकदमै कमलो र नरम हुन्छ । उनीहरु दानरूपी पुल या डुङ्गामा चढेर संसारसागरको पारि जान्छन् । यसै कारण, भगवान्‌ले पहिले उनीहरुलाई आफ्नो कर्मभूमिको उपदेश दिनुहुन्छ । यसको अर्थ यो होइन कि उहाँले उनीहरुसित विञ्ञति गरी अप्रत्यक्ष वा प्रत्यक्ष माग्नुहुन्थ्यो ।"

२१. "भन्ते नागसेन ! तपाईंले विञ्ञति (विज्ञप्ति) भनी भन्नुभयो । विञ्ञति कति प्रकारका हुन्छन् ?"

"महाराज ! विञ्ञति दुई प्रकारका हुन्छन् – (१) काय विञ्ञति र ( २) वची विञ्ञति । काय विञ्ञति पनि दुई प्रकारका छन् – (१) राम्रो र (२) नराम्रो । त्यस्तै, वची विञ्ञति पनि दुई प्रकारका छन् – (१) राम्रो र (२) नराम्रो ।"

"कुन काय विञ्ञति नराम्रो हुन्छ ? कुनै भिक्षु गृहस्थको घरमा गएर अनुचित स्थानमा उभिइन्छ । यो ठीक नभएको काय विञ्ञति हो । आर्यहरुले यस्तो कहिल्यै गर्दैनन् । जो व्यक्तिले यस्तो गर्छ, बुद्धशासनमा निन्दित, गलत,



https://dhamma.digital

पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (क)

"महाराज ! फेरि कुनै भिक्षु भिक्षाटनका लागि कुनै गृहस्थको ढोकामा अनुचित स्थानमा उभिएर मयूर जस्तो गर्दन लामो पारी यताउता ताक्छ जसले गर्दा मानिसहरुले उसलाई देखोस् र आएर भिक्षा देओस् । यो पनि नराम्रो काय विञ्ञति हो । आर्यहरुले यस्तो कहिल्यै गर्दैनन् । जसले त्यस्तो गर्छ ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ख)

"महाराज ! फेरि कुनै भिक्षु टाउको हल्लाएर, आँखीभौं चलाएर या औंलाको ईसाराले विञ्ञति गर्छ (भिक्षा माग्छ) । यो पनि नराम्रो काय विञ्ञति हो । आर्यहरुले यस्तो कहिल्यै गर्दैनन् । जसले त्यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ग)

"कुनचाहिँ काय विञ्ञति राम्रो (दोष नभएको) हो ? यहाँ कुनै भिक्षु भिक्षाटनका लागि निस्केर कुनै गृहस्थको ढोकामा उचित स्थानमा उभिइन्छ, सावधान शान्त र सतर्क रहन्छ । यदि कोही केही दिन चाहन्छ भने उभिन्छ, होइन भने अगाडि बढ्छ । यो राम्रो काय विञ्ञति हो । यसरी नै, अर्हत्‌हरुले पनि गर्नुहुन्छ पुद्‌गल भए पनि यसरी ··· ऊ बुद्धशासनमा प्रशंसित, असल, उच्च र उचित छ भनेर जानिन्छ । ऊ परिशुद्ध जीविका गर्ने भनी जानिन्छ । महाराज ! देवातिदेव भगवान् बुद्धले भन्नुभएको छ –

**'न वे याचन्ति अप्पञ्ञा, अरिया गरहन्ति याचनं ।**
**उद्दिस्स अरिया तिट्ठन्ति, एसा अरियान याचना'ति ॥'**

**'ज्ञानी व्यक्तिले माग्दैनन्, आर्यजनहरु माग्ने कार्यमा निन्दा गर्दछन् । आर्य व्यक्तिहरु भिक्षाका लागि चुपचाप उभिइन्छन् । यही नै उनीहरुको माग्ने तरिका हो ।'**

"कुनचाहिँ वची विञ्ञति नराम्रो (दोष भएको) हो ? महाराज ! यहाँ कोही भिक्षुले वचनद्वारा नाना प्रकारले विञ्ञति गर्छ – चीवर, पिण्डपात, शयनासन या ग्लानप्रत्यय चाहियो । यसरी माग्नु नराम्रो विञ्ञति हो । आर्यहरु यसो कहिल्यै गर्दैनन् । जुन मानिसले यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (क)



https://dhamma.digital

"महाराज ! कोही भिक्षु अरुहरुलाई सुनाएर भन्दछ – 'मलाई फलानो वस्तु (चीज) चाहियो ।' यसरी अरुबाट केही माग्दा ऊ लोभी ठहरिन्छ । यसरी माग्नु पनि नराम्रो वची विञ्ञति हो । आर्यहरु यस्तो कहिल्यै गर्दैनन् । जुन मानिसले यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ख)

"महाराज ! फेरि कोही भिक्षु वचनद्वारा परिषद्लाई सुनाएर भन्छ कि – 'यस्ता यस्ता भिक्षुहरुलाई दान दिनुपर्छ ।' यस्ता कुरा सुनेर व्यक्तिहरुले दान दिन्छन् । यो पनि नराम्रो वची विञ्ञति हो । आर्यहरु यस्तो कहिल्यै गर्दैनन् । जुन मानिसले यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ग)

"महाराज ! एकपल्ट सारिपुत्र महास्थविर सूर्यास्तपछि रातमा बिमार पर्नुभयो । त्यसपछि महामौद्गल्यायन महास्थविरले औषधी सोध्दा सारिपुत्रले भन्नुभएको औषधी ल्याई दिनुभयो । त्यस बेला त्यो औषधी ल्याइयो । तर पछि स्थविर सारिपुत्रलाई होस आयो, 'अरे ! मैले मागेर यो औषधी लिएँ । यो गलत कुरो हो । यसो गर्दा मेरो जीविका मिथ्या हुन्छ ।' त्यसपछि उहाँले त्यो औषधी खानु भएन । यो पनि नराम्रो वची विञ्ञति हो । आर्यहरु यसो कहिल्यै गर्दैनन् । जुन मानिसले यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (घ)

"कुनचाहिँ वची विञ्ञति राम्रो (दोष नभएको) हो ? यहाँ कुनै भिक्षुको आवश्यक परेमा आफ्ना आफन्त मित्रहरुलाई या वर्षावासका लागि जुन व्यक्तिहरुले निमन्त्रणा दिएका छन्, उनीहरुलाई सूचित गरिन्छ । यो दोष नभएको राम्रो वची विञ्ञति हो । यो आर्यहरुले परिभोग गर्ने विञ्ञति हो । जसले यसो गर्दछ ऊ बुद्धशासनमा प्रशंसित, असल, उच्च र उचित छ भनेर जानिन्छ । ऊ परिशुद्ध जीविका गर्ने भनी जानिन्छ । भगवान् अर्हत् सम्यक्सम्बुद्धले पनि यसको अनुमति दिनुभएको छ ।"

"महाराज ! कसीभारद्वाज नामका ब्राह्मणको निमन्त्रणालाई तथागतले अस्वीकार गर्नुभएको थियो, किनकि कसीभारद्वाजले उनलाई दोष दिएर अनावश्यक व्यंग्य हानी, निग्रह गरी गाली गर्न चाहेका थिए । यसै कारण तथागतले त्यस भोजनलाई अस्वीकार गर्नुभयो ।"

२२. "भन्ते नागसेन ! भोजनमा देवताहरुले के सधैँ दिव्य ओज भरिदिन्थे वा केवल सूकरमद्दव[१६१] र मधुपायस[१६२] यी दुवै भोजनमा मात्र ?"

२३. "महाराज ! सधैँ भगवान्ले हरेक गाँस उठाउँदा देवताहरुले त्यसमा दिव्य ओज भरिदिन्थे ।"



https://dhamma.digital

"महाराज ! जस्तो कि राजाको मान्छेले हरेक गाँस उठाउँदा सूप दिँदै जान्छ; यसरी नै, भोजन गर्ने बेलामा हरेक गाँस उठाउँदा देवताहरुले त्यसमा दिव्य ओज भरिदिन्थे । महाराज ! वेरञ्जनामा पनि सुख्खा जौको खाना खाँदाको समयमा पनि देवताहरुले दिव्य ओजले घरिघरि भिजाएका थिए; जसले गर्दा तथागतको शरीर पुष्ट भइरह्यो ।"

"भन्ते नागसेन ! धन्य छन् ती देवताहरु, जो तथागतको सेवा गर्न पाएर लाभान्वित भए । उनीहरु जहिले पनि, जहाँ पनि तैयार रहन्थे ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## १०. धर्मदेशनामा भगवान्को अल्प उत्सुकका विषयमा प्रश्न

२४. "भन्ते नागसेन ! तपाईंहरु भन्नुहुन्छ – बुद्धले चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञानलाई बढाउँदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो । तर सर्वज्ञता प्राप्त गरेपछि धर्मोपदेश गर्नका लागि होइन; बरु शान्त रहनको लागि उहाँलाई इच्छा हुन थाल्यो ।"[१६३]

"भन्ते नागसेन ! जस्तै – कुनै धनुर्धर वा उनको शिष्य महायुद्धमा जानका लागि धेरै दिनसम्म धनुबाण चलाउन सिकेर तयार भए तर ठीक मौकामा लडाईं गर्ने बेलामा दुवै जना लडाईंबाट पछि हटे । भन्ते नागसेन ! त्यस्तै, तथागत पनि चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञान बढाउँदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ भएपछि धर्मदेशना गर्नबाट विरत हुनुभयो ।"

"भन्ते नागसेन ! जस्तै – कुनै मल्ल र उसको शिष्य धेरै दिनदेखि कुस्तीको सबै दाउपेच सिकेर तयार भए, तर जुन दिए मल्लयुद्धको बाजी लाग्यो, त्यस दिन उपस्थित भएनन्; भन्ते नागसेन ! त्यसरी नै, बुद्ध पनि चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञान बढाउँदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ भएपछि धर्मदेशना गर्नमा उत्सुक हुनुभएन ।"

"भन्ते नागसेन ! तथागत कसैको भयबाट पन्छिनुभएको हो अथवा सम्झाउन नसकेर वा आफ्नो असमर्थताले वा यथार्थमा सर्वज्ञता प्राप्त नगर्नाले वा के कारण थियो ? कृपया मलाई सम्झाएर मेरो शङ्कालाई मेटिदिनुस् । (क) भन्ते नागसेन ! यदि यो कुरो सत्य हो कि 'तथागतले चार असंख्य एक लाख कल्पसम्म संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञानलाई बढाएर



https://dhamma.digital

अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो' भने यो कुरो झूटो ठहरिन्छ कि 'सर्वज्ञता प्राप्त गरेर धर्मोदेश गर्नका लागि होइन; शान्त रहनका लागि उहाँको इच्छा भयो' (ख) र यदि यो कुरो ठीक हो कि 'सर्वज्ञता प्राप्त गरेपछि धर्मोपदेश गर्नका लागि नभई शान्त रहने इच्छा जाग्रत भयो' भने यो कुरो झूटो ठहरिन्छ कि 'बुद्धले चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञान बढाउँदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो', यो पनि एक दुविधायुक्त प्रश्न ... ।"

२५. "महाराज ! दुवै कुरा ठीक हो । बुद्धले यथार्थमा चार असंख्य एक लाख कल्पसम्म संसारको उद्धरका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञानलाई बढाएर अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो ।' तर सर्वज्ञता प्राप्त गरेपछि यथार्थ धर्मोपदेश नगरेर केवल शान्त रहने उहाँको इच्छा हुन लाग्यो । यस्तो इच्छा हुनुको कारण यो थियो कि पहिले त उहाँले धर्मलाई यति गम्भीर, सूक्ष्म, दुर्ज्ञेय (बुझ्नै गाह्रो) र दुर्बोध छ र अर्को, संसारका व्यक्तिहरुलाई कामवासनामा अत्यन्तै लिप्त देख्नुभयो तथा झूटो सत्काय दृष्टिमा कस्सिएर बाँधिएको पाउनुभयो । सो देखेपछि उहाँको मनमा वितर्क हुन लाग्यो – 'कसलाई म सिकाऊँ ? कसरी म सिकाऊँ ?' ती मानिसहरुको अल्पसामर्थ्य देख्न थाल्नुभयो ।"

"महाराज ! जस्तै कुनै वैद्य वा चिकित्सक अनेक रोगहरुले पीडित कुनै रोगीका सामु गएर विचार गर्दछन् –'कुन उपचारले, कुन औषधीले यसको रोग निको हुन्छ ?' त्यसरी नै, पहिले त तथागतले धर्म यति गम्भीर देख्नुभयो र दोस्रो – संसारको मानिसहरुलाई कामवासनाहरुमा अत्यन्त लिप्त देख्नुभयो तथा सत्काय दृष्टिले कस्सिएर बाँधिएको पाउनुभयो । सो देखेपछि उहाँको मनमा विचार उठ्न थाल्यो – 'कसलाई म सिकाऊँ ? कसरी म सिकाऊँ ?' ती मानिसहरुको अल्पसामर्थ्य देख्न थाल्नुभयो ।"

"महाराज ! जस्तै, कुनै क्षत्रिय राजगद्दी पाएर आफ्नो द्वारपाल, अङ्गरक्षक, सभासद्, नागरिक, सिपाही, सेना, कोष अधिकारी र मातहतमा रहेका राजाहरुलाई अन्य मानिसहरुलाई देखेर राजाले विचार गर्दछन् – 'कसरी, कुन प्रकारले यसको सञ्चालन गरुँ ?' महाराज ! त्यसरी नै, पहिले त तथागतले धर्मलाई यति गम्भीर देख्नुभयो देख्नुभयो र अर्कोतिर संसारका व्यक्तिहरुलाई कामवासनामा लिप्त देख्नुभयो तथा सत्काय-दृष्टिले आबद्ध देख्नुभयो । सो देखेपछि उहाँको मनमा यो वितर्क हुन लाग्यो – 'कसलाई म सिकाऊँ ? कुन प्रकारले सिकाऊँ ?' ती मानिसहरुको अल्पसामर्थ्य देख्न थाल्नुभयो ।"

"महाराज ! अनि सबै तथागतहरुको यही परम्परा छ कि ब्रह्माद्वारा प्रार्थना गरिएपछि मात्र धर्मोपदेश गर्नुहुन्छ । यसको के कारण हो ? यसको



https://dhamma.digital

कारण यो हो कि सबै त्यस समयमा मानिसहरु तपश्वी, परिव्राजक, श्रमण र ब्राह्मण-ब्रह्मोपासक हुन्थे, ब्रह्मालाई नै मान्थे, ब्रह्माकै पूजा गर्दथे । त्यस बलवान्, यशस्वी, विख्यात, ज्ञानी, अलौकिक र सबैभन्दा अग्र ब्रह्मा स्वयं झुक्नाले देवतासहित सबै लोक झुक्छ, धर्मलाई मान्दछ र ग्रहण गर्दछ । महाराज ! यही कारणले हो कि सबै तथागत ब्रह्माद्वारा प्रार्थना गरेपछि मात्र धर्मोपदेश गर्नुहुन्छ ।"

"महाराज ! जस्तै, कुनै राजा वा राजमन्त्री कुनै मानिसको धेरै सत्कार गर्दछ । उसले यसो गरेपछि प्रजा पनि उसको सम्मानमा लाग्दछ । महाराज ! यसरी बुद्धका सामु ब्रह्मा झुक्नाले देवताहरुका साथ सारा लोक झुक्दछ । जसको पूजा हुन्छ, उसको पूजा संसारले गर्दछ । यसै कारणले ब्रह्मा स्वयं सबै तथागतहरुबाट धर्मोपदेशका लागि प्रार्थना गर्दछन् । यसरी, ब्रह्माद्वारा प्रार्थना गरिएपछि मात्र तथागतले धर्मोपदेश गर्नुहुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईंले स्पष्ट पारिदिनुभयो । अनेक तर्कयुक्त व्याख्या राम्ररी गर्नुभयो । तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"

## ११. बुद्धका कोही आचार्य नभएकोबारे प्रश्न

२६. "भन्ते नागसेन ! भगवान्‌ले भन्नुभएको छ :–

**न मे आचरियो अत्थि, सदिसो मे न विज्जाति ।**
**सदेवकस्मिं लोकस्मिं, नत्थि मे पटिपुग्गलो'ति ॥**[१६४]

Dhamma.Digital

**न मेरो कोही आचार्य छ न मजस्तो अरु कोही,**
**सदेव मनुष्यलोकमा संसारमा मेरो बराबर कोही पनि छैन ।**

"साथै, यो पनि भन्नुभएको छ, भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको शिष्य । तैपति उनले मलाई आफू बराबर स्थानमा बसाए र धेरै सम्मान दिए ।"[१६५]

(क) "भन्ते नागसेन ! यदि तथागतले भन्नुभएको – 'न मेरा कुनै आचार्य छ, न मजस्तो अरु कोही, सदैव मनुष्यलोकमा संसारमा मेरो बराबर कोही पनि छैन' भन्ने कुरा सत्य हो भने, 'भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको शिष्य' भन्ने कुरा असत्य हुन्छ (ख) र फेरि तथागतले भन्नुभएको – 'भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको



https://dhamma.digital

शिष्य …’ भन्ने कुरो सत्य हो भने – ‘न मेरो कोही आचार्य छ, न मझैं कोही …।’ भन्ने कुरो असत्य हुन्छ। यो पनि एउटा दुविधायुक्त प्रश्न …।”

२७. “महाराज ! तथागतले यो ठीक भन्नुभएको छ – ‘न मेरो कुनै आचार्य छ न मजस्तो अरु कोही …।’ उहाँले यो पनि सत्य भन्नुभएको छ – ‘भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको शिष्य …।’ तर, यो त उहाँले बुद्धत्व प्राप्तिभन्दा पहिलेको कुरो भन्नुभएको थियो। त्यस समयमा उहाँ सम्यक्सम्बुद्ध हुनुभएको थिएन, बोधिसत्व नै हुनुहुन्थ्यो। यो त्यस समयको आचार्य भावका बारेमा भन्नुभएको हो।”

“महाराज ! सम्यक्सम्बुद्ध हुनुभन्दा पहिले, बोधिसत्व रहेको समयमा उहाँका पाँच आचार्यहरु भइसकेका थिए, जसबाट शिक्षा लिएर उहाँले समय व्यतीत गर्नुभएको थियो। कुनचाहिँ पाँच जना ?[१६६] (१) महाराज ! ती आठ ब्राह्मणहरु, जसले बोधिसत्व जन्मँदा आएर उहाँको लक्षण भनिदिएका थिएन। उनीहरुको नाम हो (१) राम, (२) धज, (३) लक्खण, (४) मन्त्री, (५) यज्ञ, (६) सुयाम, (७) सुभोज र (८) सुदत्त। उनीहरुले उहाँको भविष्यवाणी भनेर स्वस्तिवाचन गरेका थिए। उनीहरु पहिलो आचार्यहरु भए।”

“महाराज ! उहाँको दोस्रो आचार्य सब्बमित्त नामका आचार्य थिए। उनी उच्च कुलका, शब्द-शास्त्र जान्ने, व्याकरण र वेदका छ अङ्गहरुका पण्डित थिए। बुबा शुद्धोदनले उनलाई प्रशस्त धन दिएर अनि सुनको कलशले सङ्कल्प गराएर यो कुमार सिद्धार्थ[१६७] लाई विद्याध्ययनका लागि जिम्मा दिएका थिए। यो उहाँको दोस्रो आचार्य भए।”

“महाराज ! उहाँका तेस्रो आचार्य ती देवता थिए जसले उहाँको हृदय ज्ञानको खोजीमा जान संवेग उत्पन्न गराइदिए, जसको कुरा सुनेर तत्क्षण नै बोधिसत्व अभिनिष्क्रमण गरी प्रव्रजित हुनुभयो। यी देवता तेस्रो आचार्य भए।”

“महाराज ! फेरि, आलारकलामले आकिञ्चन्यायतनको परिकर्म सिकाईदियो। यो चोथौ (त्यस बेलाको) आचार्य भयो।”

“महाराज ! फेरि, उद्दकरामपुत्रले नैवसंज्ञानासंज्ञायतनवादीको परिकर्म सिकाईदियो। यो पाँचौ (त्यस बेलाको) आचार्य भयो।”

“महाराज ! सम्यक्सम्बुद्ध हुनुभन्दा पहिले नै बोधिसत्व हुँदाखेरि नै उहाँका यी पाँच आचार्यहरु भएका थिए। तर यी सबै लौकिक धर्मका आचार्यहरु हुन्।”

“महाराज ! लाकोत्तर धर्ममा सर्वज्ञ बुद्धलाई सिकाउने, पढाउने कोही पनि छैन। महाराज ! तथागतले त स्वयं नै बुद्धत्व प्राप्त गर्नुभएको थियो,



https://dhamma.digital

तथागतको (यस विषयमा) कोही अर्को आचार्य थिएन । त्यसैले तथागतले भन्नुभयो :–

**'न मेरो कोही आचार्य छ न मजस्तो अरु कोही,**
**सदेव मनुष्यलोकमा संसारमा मेरो बराबर कोही पनि छैन ।'**

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्छु ।"

**(यस वर्गमा एघार प्रश्नहरु छन् ।)**

**मेण्डकप्रश्न समाप्त ।**

**पाँचौं संसर्गवर्ग समाप्त ॥**

Dhamma.Digital



https://dhamma.digital

# धम्मपद

क) अत्त वग्गो (गाथा नं.१५७, १५८, १५९, १६०, १६५)
ख) लोकवग्गो (गाथा नं.१६९, १७०, १७३, १७४, १७८)
ग) बुद्धवग्गो (गाथा नं. १८१, १८२, १८३, १९३, १९४)
घ) सुखवग्गो (गाथा नं.१९७, २०१, २०२, २०३, २०४)
ङ) पियवग्गो (गाथा नं २१२, २१३, २१४, २१५, २१६)

Dhamma.Digital

अनुवादक – भिक्षु धर्मगुप्त महास्थविर



https://dhamma.digital

# १२. अत्तवग्गो (आफूवर्ग)

बोधिराजकुमार सुसुमारगिरि भेसकलावनमा

*१५७. अत्तानञ्चे पियं जञ्ञा, रक्खेय्य नं सुरक्खितं।*
*तिण्णं अञ्ञतरं यामं, पटिजग्गेय्य पण्डितो॥*

*१५७."यदि आफुलाई आफू मन परेको जानी त्यसलाई पनि*
*राम्रोसित रक्षा गर्नु पर्छ।*
*तीन याम(समय)मध्ये एक यामलाई, रक्षा गर्छ पण्डितले।।"*

त्यहाँ *याम* भनेको शास्ता आफू धर्मको मालिक भई, देशना कुशलताको कारणले यहाँ तीन बैंस मध्ये कुनै एक बैंसलाई याम भनी देशना गर्नुभयो भन्ने यहाँ अर्थ जान्नुपऱ्यो। *यदि आफुलाई आफू मन परेको जानी त्यसलाई पनि राम्रोसित रक्षा गर्नु पर्छ*। कसरी गऱ्यो भने ऊ सुरक्षित हुन्छ, त्यसरी त्यसलाई रक्षा गर। त्यहाँ यदि गृहस्थी भए "आफूलाई रक्षा गर्नेछु" भनी प्रासादको माथिलो तल्लामा सुरक्षित कोठामा पसी आरक्षाले सम्पन्न भएपनि, प्रव्रजित भए राम्रोसंग लगाएको ढोका र झ्यालहरू बन्द गरीराखेको गुफामा बसेतापनि आफूलाई रक्षा गर्नसकिंदैन। गृहस्थी जीवनमा क्षमतानुसार दानशीलादि पुण्यहरू गरी, प्रव्रजित भए सेवा तहल, परियत्ति मनसिकारमा उत्सुक भई आफूलाई रक्षा गर्छन्। यसरी तीन बैंसमा रक्षा गर्न सकेन भने एक वैशमा भएपनि पण्डित पुरुषले आफूलाई रक्षा गर्छ। यदि गृहस्थी भए प्रथम बैंसमा खेल्नेमा व्यस्त भई कुशल कर्म गर्न सकेन भने, मध्यमबैंसमा अप्रमादी भई कुशल कर्म गर्नुपऱ्यो। यदि मध्यम बैंसमा छोरा र पत्नीलाई पालनपोषन गरेर कुशल कर्म गर्न सकेन भने, अन्तिम बैंसमा कुशककर्म गर्नुपऱ्यो। यसरी गऱ्यो भने मात्र आफुलाई रक्षा गरेको हुन्छ। यसरी गरेन भने आफूलाई प्रिय भएको ठान्दैनन्, उसलाई अपाय दुर्गतिमा नै लग्छ। यदि प्रव्रजितले प्रथम बैंसमा पाठ गरेर, धारणा गरेर, पढाएर, सेवा तहल (व्रतप्रतिव्रत) गरेर प्रमादी भयोभने, मध्यम बैंसमा अप्रमादपूर्वक श्रमणधर्मलाई पालन गर्नुपर्छ। यदि प्रथम वैशमा अध्ययन गरेका परियत्तिको अर्थकथा, विनिश्चय, कारण र अकारणलाई सोध्दै मध्यम बैंसमा प्रमादी भयोभने, अन्तिम वैशमा अप्रमादपूर्वक श्रमणधर्मलाई पालन गर्नुपर्छ। यसरी गऱ्यो भने मात्र आफुलाई रक्षा गरेको हुन्छ। यसरी गरेन भने आफूलाई प्रिय भएको ठान्दैनन्, पछि पश्चाताप भई उसलाई संताप हुन्छ (गर्छ)।



https://dhamma.digital

उपनन्दशाक्यपुत्रस्थविर जेतवनमा

*१५८. अत्तानमेव पटमं, पतिरूपे निवेसये।*
*अथञ्ञमनुसासेय्य, न किलिस्सेय्य पण्डितो॥*

*१५८."सर्व प्रथम आफूलाई अनुकुल स्थानमा राख।*
*त्यसपछि अरुलाई अनुशासन गर, यसरी गर्ने पण्डितले दुःख दिनेछैन।।"*

त्यहाँ *अनुकुल स्थानमा राख* भनेको योग्य गुणमा प्रतिस्थित गर। यसरी भनेको छ – जो अल्पेच्छतादि गुणद्वारा वा आर्यवंश प्रतिपदादिद्वारा अरुलाई अनुशासन गर्न इच्छा भएको हो, उसले सर्वप्रथम आफूलाई त्यस गुणमा प्रतिस्थापित गर्छ। यसरी स्थापित गरेर पछि अरुलाई उक्त गुणले अनुशासन गर्छ। आफूलाई त्यसमा नराखी केवल अरुलाई मात्र अनुशासन गरी अरुले निन्दा गऱ्यो भने दुःख हुन्छ, त्यहाँ आफूलाई राखी अनुशासन गरेर अरुबाट प्रशंसा पाउँछ, त्यसैले दुःख हुदैन। *यसरी गर्ने पण्डितले दुःख दिनेछैन।*

पधानिकतिस्स स्थविर जेतवनमा

*१५९. अत्तानं चे तथा कयिरा, यथाञ्ञमनुसासति।*
*सुदन्तो वत दमेथ, अत्ता हि किर दुद्दमो॥*

*१५९."जसरी अरुलाई अनुशासन गर्ने हो, त्यसरी आफूलाई गर।*
*साँच्चै, राम्ररी दमन गरीसकेपछि मात्र दमन गर,*
*आफूलाई दमन गर्नु साँच्चै नै गाऱ्हो छ।।"*

त्यसको अर्थ – जसरी भिक्षुले "प्रथमयाम आदिमा चंक्रमण गर्नुपर्छ" भनेर अरुलाई उपदेश दिन्छ, यदि आफू पनि चंक्रमणादि अधिष्ठान गरेर आफूले पहिला त्यसरी गर्यो भने, जसरी अरुलाई अनुशासन गर्ने हो, यसरी भयो भने साच्चै आफूलाई दमन गरेर दमन गरेको हुन्छ। जुन गुणद्वारा अरुलाई अनुशासन गर्छ, ती गुणद्वारा आफू राम्रोसित दमित भई दमन गर।*आफूलाई दमन गर्नु साँच्चै नै गाऱ्हो छ* भनेको आफूलाई दमन गर्नु भनेको गाऱ्हो कुरा हो। जसरी ऊ राम्रोसित दमन हुन्छ त्यसरी नै दमन गर्नुपर्छ।



https://dhamma.digital

कुमारकस्सपकी मातृथेरी जेतवनमा

*१६०. अत्ता हि अत्तनो नाथो, को हि नाथो परो सिया।*
*अत्तना हि सुदन्तेन, नाथं लभति दुल्लभं॥*

*१६०."आफू नै आफ्नो मालिक (नाथ, आधार) हो, अरू को छ र?*
*आफूले राम्रोसंग दमन गरेर, दुर्लभ नाथ प्राप्त हुन्छ।।"*

त्यहाँ *नाथ भनेको* प्रतिस्था (आधार) हो। यसरी भनेको छ – जुन आफू नै आधार भई, आफै सम्पन्न भई कुशल कर्म गरेर स्वर्गमा पुग्ने, मार्गलाई भाविता गरेर फललाई साक्षात्कार गर्न सक्छ। त्यसैले आफू नै आफ्नो प्रतिस्था (आधार) हुन्छ, अरु को कस्को प्रतिस्था हुनसक्ला! आफूले राम्रोसित दमन गरेर निश्चय पनि अर्हतफल भनी गणना गरीराखेको दुर्लभ नाथ प्राप्त हुन्छ। *अर्हत्त्वको कारणले यहाँ "दुर्लभ नाथ प्राप्त हुन्छ" भनी भनेको हो।*

चूलकाल उपासक जेतवनमा

*१६५. अत्तना हि[६] कतं पापं, अत्तना संकिलिस्सति।*
*अत्तना अकतं पापं, अत्तनाव विसुज्झति।*
*सुद्धी असुद्धि पच्चतं, नाञ्ञो अञ्ञं विसोधये।।*

*१६५."आफूले गरेको पापले आफैलाई मलिन गर्छ।*
*"आफूले नगरेको पापले आफैलाई नै विशुद्ध पार्छ।*
*शुद्ध र विशुद्ध आफैबाट हुन्छ, कसैले कसैलाई विशुद्ध पार्न सक्दैन।।"*

त्यसको अर्थ – जसले आफूले अकुशल कर्म गरेको हुन्छ, ऊ चार अपाय– दुःख अनुभव गरी आफै मलिन हुन्छ। जसले आफूले अकुशल कर्म नगरेको कारणले ऊ सुगति र निर्वाणमा जाँदा आफै विशुद्ध हुन्छ। कुशलकर्म भनी गणना गरिएको शुद्धि र अकुशलकर्म भनी गणना गरिएको अशुद्धि *आफैबाट गर्ने*सत्त्वहरूलाई र आफन्तहरूलाई नै विपाक फल आउँछ। एक व्यक्तिले अर्को व्यक्तिलाई शुद्ध गर्नसक्दैन, दुःख पनि दिन सक्दैन भनी भनेको हो।

---

[६] अत्तनाव (सी० स्या० रो०)



https://dhamma.digital

# १३. लोकवग्गो (लोकवर्ग)

शुद्धोदन निग्रोधाराममा

*१६९. धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे।*
*धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च॥*

*१६९. "सुचरित्र धर्मको आचरण गर, त्यो दुश्चरित्रको आचरण नगर।*
*धर्मचारी सुखपूर्वक रहन्छ, यो लोकमा र परलोकमा पनि।।"*

त्यहाँ*धर्मको* भनेको अनुचित खोजलाई त्यागेर हिँडेर त्यही भिक्षाचार सुचरित्र धर्मलाई आचरण गर्नुपर्छ। *सुखपूर्वक रहन्छ*भनेको यो देशना मात्र हो, यसरी योभिक्षाचारधर्म पालन गर्ने धर्माचारी यो लोकमा चार इरियापथद्धारा सुखपूर्वक रहन्छ भन्ने अर्थ हो। *त्यो दुश्चरित्रको आचरण* भनेको विभिन्न प्रकारका वेश्यादि अनुसारको अगोचर स्थानमा जानु दुश्चरित्रसाथ भिक्षाचारधर्म आचरण हुने हो । यसरी नभइकनसुचरित्र धर्मलाई आचरण गर, त्यस दुश्चरित्र आचरण नगर।

पाँचसय विपश्यक भिक्षुहरू जेतवनमा

*१७०. यथा पुब्बुळकं पस्से, यथा पस्से मरीचिकं।*
*एवं लोकं अवेक्खन्तं, मच्चुराजा न पस्सति॥*

*१७०. "जसरी पानीको फोकालाई हेर्ने (देख्ने) झैं, जसरी मृगतृष्णालाई हेर्ने झैं।*
*यो लोकलाई हेर्नेलाई (देख्नेलाई), मृत्युराजले देख्दैन।।"*

त्यहाँ *मृगतृष्णालाई* भनेको माया र भ्रम हो। ती टाढाबाट हेर्दा घरको आकारादि भएतापनि नजिक पुग्दा खालि र रिक्त नै हुन्छ। त्यसैले जसरी उत्पन्न भई फुत्ने पानीको फोकाझैं खालि भएर रिक्त हुने स्वभावलाई हेर, यसरी स्कन्धादि लोकलाई हेरिरहँदा मृत्युराजले देख्दैन भन्ने अर्थ हो।



https://dhamma.digital

अङ्गुलिमाल स्थविर जेतवनमा

*१७३. यस्स पापं कतं कम्मं, कुसलेन पिधीयति[७]।*
*सोमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा॥*

*१७३."जस्ले गरेको पापकर्मलाई कुशलले छोप्छ।*
*उस्ले यो लोकमा जाज्वल्लेमान पार्छ, बादलबाट मुक्त भएको चन्द्रमाझैं।।"*

त्यहाँ *कुशलले* भनेको अर्हतमार्गलाई लिएर भनेको हो।

पेशकारकी छोरी अग्गालवचैत्यमा

*१७४. अन्धभूतो अयं लोको, तनुकेत्थ विपस्सति।*
*सकुणो जालमुत्तोव, अप्पो सग्गाय गच्छति॥*

*१७४."यो लोकजन अन्धो भएका हुन्, यहाँ थोरैले मात्र देख्छ।*
*जालबाट मुक्त भएको पंक्षीझैं, अल्प मात्र स्वर्गमा जान्छन्।।"*

त्यहाँ*"यो लोक जन अन्धो भएका हुन्* भनेको यो संसारका धेरै मानिस प्रज्ञाचक्षुको अभावले अन्धो हुन्। *यहाँ थोरैले मात्र* भनेकोअल्प मात्र यहाँ छन्, धेरै जसो मानिस अनित्यादिद्वारा देख्ने हुँदैन । *जालबाट मुक्त भएको पंक्षीझैं* भनेको जसरी चतुर ब्याधाले जालले ढाकेर समातेका वटाईहरूमध्ये एउटा दुईवटा मात्र जालबाट मुक्त हुन्छन्। बाकी सबै जालभित्रै पर्छ। त्यसरी मरणजालले ढाकेका सत्त्वप्राणीहरूमध्ये धेरै अपायगामि हुन्छन्, *अल्प* एक दुई सत्त्व मात्र स्वर्गमा जान्छन्, सुगति वा निर्वाणमा पुग्छन् भन्ने अर्थ हो।

अनाथपिण्डिकको काल भन्ने छोरा जेतवनमा

*१७८. पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा।*
*सब्बलोकाधिपच्चेन, सोतापत्तिफलं वरं॥*

*१७८."सारा पृथ्वीमा राज्य गर्नु भन्दा,स्वर्गमा जानु भन्दा ।*
*सर्व लोकको आधिपत्य भन्दा पनि, श्रोतापत्तिफल (प्राप्त हुनु)नै उत्तम छ।।"*

---

[७] पितीयति (सी० स्या० रो०)



https://dhamma.digital

त्यहाँ*सारा पृथ्वीमा राज्य गर्नु भन्दा* भनेको चक्रवर्ती राज्य हो। *स्वर्गमा जानु भन्दा*भनेको २६ प्रकारका स्वर्गमा जानु भन्दा। *सर्व लोकको आधिपत्य भन्दा पनि* भनेको एउटा नाग, गरुड र वैमानिकप्रेतलोकमा मात्र होइन, सारा लोकमा अधिकार भएको हो।*श्रोतापत्तिफल (प्राप्त हुनु)नै उत्तम छ* भनेको जसले यतिधेरै ठाउँमा राज्य गरेतापनि नरकादिबाट मुक्त हुँदैन, श्रोतापन्नको अपायद्वार बन्द भएको हुनाले सर्व दुर्बल भएतापनि आठौं जन्म लिने छैन, त्यसैलेश्रोतापत्तिफल नै उत्तम छ भनी भनेको अर्थ हो।

# १४. बुद्धवग्गो (बुद्धवर्ग)

देव मनुष्य — सङ्कस्सनगरद्वारमा

*१८१. ये झानपसुता धीरा, नेक्खम्मूपसमे रता।*
*देवापि तेसं पिहयन्ति, सम्बुद्धानं सतीमतं॥*

*१८१."जो ध्यानमा मग्न भएका धीरहरू, नैष्क्रम्यले शान्तिमालागेका।*
*देवताहरूले पनि ऊहाँ स्मृतिवान् सम्बुद्धहरूलाई प्रिय गर्दछन्।।"*

त्यहाँ*जो ध्यानमा मग्न भएका*भनेको लक्षणूपनिध्यान र आरम्मणूपनिध्यान भनेको यी दुइवटा ध्यानमा आवर्जन गर्ने, ध्यानमा बस्ने, अधिस्थान गर्ने, ध्यानबाट उठ्ने र प्रतिवेक्षण गरेर यत्न र उत्साह गरेर रहने हुन्। *ननैष्क्रम्यले शान्तिमालागेका* भनेको यहाँ प्रव्रज्यालाई नैष्क्रम्य भनी लिन हुँदैन, क्लेशशान्त निर्वाणलाई रति भनी लिएर भनेको हो। *देवताहरूले पनि* भनेको देवमनुष्यहरूलाई पनि ऊहाँहरूका बुद्धभावलाई इच्छा र प्रार्थना गर्छन्। *स्मृतिवान्* भनेको यस्तोस्मृति गुणले वहाँ सम्यक्सम्बुद्धहरू युक्त भएका हुन्। "अहो साँच्चै, हामी पनि बुद्ध हुनेछौं" भनी बुद्धभावलाई इच्छा र कामना गरिरहेका हुन्छन् भन्ने अर्थ हो।

एरकपत्त नागराजवाराणसीको — सिरीसक रुखमुनि

*१८२. किच्छो मनुस्सपटिलाभो, किच्छं मच्चान जीवितं।*
*किच्छं सद्धम्मस्सवनं, किच्छो बुद्धानमुप्पादो॥*

*१८२."मनुष्यभाव प्रतिलाभ हुनु दुर्लभ छ, प्राणीहरूका जीवन पनि दुर्लभ छ।*
*सद्धर्म श्रवन गर्नु दुर्लभ छ,बुद्धहरूका उत्पत्ति पनि दुर्लभ छ।।"*



https://dhamma.digital

त्यस्को अर्थ – धेरै प्रयास र महान् कुशलद्वारा प्राप्त हुने भएकोले मनुष्यभाव प्रतिलाभ हुने भनेको गाऱ्हो र दुर्लभ छ। निरन्तर खेतको काम आदि गरेर जीवन निवाह गर्नुपर्ने, मेहनत गरेर पनि अल्पकाल रहन प्राणीहरूका जीवन कष्टकर छ। अनेक कल्पमा धर्मदेशक व्यक्ति दुर्लभको कारणले गर्दा सद्धर्म श्रवन दुर्लभ छ। महान् उत्साह र पूर्ण प्रतिज्ञा गर्नेको दृढसंकल्पले सिद्ध हुने र अनेक कल्पकोटिसहस्र कालमा पनि उत्पन्न हुने दुर्लभ भएकोले बुद्धहरूका उत्पत्ति पनि दुर्लभ छ, अति नै दुर्लभ छ।

आनन्द स्थविर जेतवनमा

*१८३. सब्बपापस्स अकरणं, कुसलस्स उपसम्पदा।*
*सचित्तपरियोदपनं, एतं बुद्धान सासनं॥*

*१८३."सबै पाप नगर्नु, कुशल सम्पादन गर्नु।*
*आफ्नो चित्तलाई परिशुद्ध पार्नु, यही बुद्धहरूका अनुशासन हुन् ।।*

त्यहाँ*सबै पाप* भनेको सबै अकुशलकर्म हुन्। *सम्पादन गर्नु* भनेको बाहिर आएदेखि जबसम्म अर्हतमार्ग कुशल उत्पन्न हुने र उत्पन्न भएकोलाई वृद्धि हुने हो। *आफ्नो चित्तलाई परिशुद्ध पार्नु* भनेको पञ्चनीवरणबाट आफ्नो चित्तलाई परिशुद्ध पार्नु हो। *यही बुद्धहरूका अनुशासन हुन्* भनेको सबै बुद्धहरूका यहिं नै अनुशासन (शिक्षा) हो।

Dhamma.Digital

आनन्द स्थविर जेतवनमा

*१९३. दुल्लभो पुरिसाजञ्ञो, न सो सब्बत्थ जायति।*
*यत्थ सो जायति धीरो, तं कुलं सुखमेधति॥*

*१९३."उत्तम पुरुष दुर्लभ छ, ऊ सबै ठाउँमा जन्म हुँदैन।*
*जहाँ यस्ता धीर उत्पन्न हुन्छ, त्यस कुलमा सुख वृद्धि हुन्छ।।"*

त्यहाँ *दुर्लभ छ* भनेको उत्तम पुरुष हुनु दुर्लभ छ, असल हात्तीहरूभैं सुलभ हुँदैन, ऊ जस्तोसुकै सिमानाको प्रदेशमावा नीचकुलमा जन्म हुँदैन, मध्यमप्रदेशमा पनि धेरै मानिसले अभिवादन र सत्कार गर्ने स्थानमा क्षत्रिय ब्राह्मणकुल मध्ये एक



https://dhamma.digital

कुलमा जन्म हुन्छ। यसरी ऊ जन्म हुँदा जहाँ धीर उत्तम प्रज्ञावान् सम्यक्सम्बुद्ध जन्म हुन्छ, *त्यस कुलमा सुख वृद्धि* भनेको सुख प्राप्त हुन्छ भन्ने अर्थ हो।

धेरै भिक्षुहरू                                                 जेतवनमा

*१९४. सुखो बुद्धानमुप्पादो, सुखा सद्धम्मदेसना।*
*सुखा सङ्घस्स सामग्गी, समग्गानं तपो सुखो॥*

*१९४."बुद्धहरूको उत्पत्ति हुनु सुख हो,सद्धर्म देशना सुख हो।*
*सङ्घको एकता (सामग्गी) सुख हो, एकता भएकाहरूको तपस्या सुख हो।।"*

त्यहाँ *बुद्धहरूको उत्पत्ति* भनेको जुन बुद्धहरू उत्पन्न हुँदा धेरै मानिसलाई रागकन्तारादिबाट तराउनु हुन्छ, त्यसैले बुद्धहरूका उत्पत्ति सुख र उत्तम छ। जुन सद्धर्म देशनामा पुगेपछि जन्मादि स्वभावधर्मबाट सत्त्वहरू जन्मादिबाट मुक्त हुन्छ,त्यसैले सद्धर्म देशना सुख छ। *एकता (सामग्गी)* भनेको समान चित्त भएका हुनु हो, त्यो पनि सुख नै हो। एकता भई एक मन भएकाहरूले जुन बुद्धवचन अध्ययन गर्न, धुताङ्ग धारण गर्न, श्रमणधर्म पालन गर्न सक्नेछ, त्यसैले एकता भएकाहरूका तपस्या सुख छ भनी भन्दछन्। त्यसैले भन्नुभयो – "भिक्षुहरू, जबसम्म भिक्षुहरू एकमत भई जम्मा हुन्छ, सामग्गी भएर उठ्छ, एकमत भई सङ्घले गर्नुपर्ने कामकर्तव्य गर्छ, भिक्षुहरू, भिक्षुहरूको वृद्धि नै हुन्छ भनी मनमा राखेमा परिहानी हुँदैन।"[८]

# १५. सुखवग्गो (सुखवर्ग)

आफन्तका झगडा शान्त हुँदा                                  शाक्यहरूको स्थानमा

*१९७. सुसुखं वत जीवाम, वेरिनेसु अवेरिनो।*
*वेरिनेसु मनुस्सेसु, विहराम अवेरिनो॥*

*१९७."साँच्चै, हामी राम्रोसँग सुखपूर्वक बाचौं, वैरीहरूको बिचमा अवैरी भई।*
*वैरी (शत्रु) मानिसहरूको बिचमा, रहन्छौं अवैरी भई।।*

---

[८](दी० नि० २. १३६)।



https://dhamma.digital

१९८. सुसुखं वत जीवाम, आतुरेसु अनातुरा।
आतुरेसु मनुस्सेसु, विहराम अनातुरा॥

*१९८."साँच्चै, हामी राम्रोसँग सुखपूर्वक बाचौं, आतुरहरूको बिचमा अनातुर भई।*
*आतुर (कष्ट भएका) मानिसहरूको बिचमा, रहन्छौं अनातुर भई।।*

*१९९. सुसुखं वत जीवाम, उस्सुकेसु अनुस्सुका।*
*उस्सुकेसु मनुस्सेसु, विहराम अनुस्सुका॥*

*१९९."साँच्चै, हामी राम्रोसँग सुखपूर्वक बाचौं, उत्सुकहरूको बिचमा अनुत्सुकभई।*
*उत्सुक मानिसहरूको बिचमा, रहन्छौं अनुत्सुक भई।।*

त्यहाँ*राम्रोसँग सुखपूर्वक* भनेको असल सुख हो। यसरी भनेको छ – जो गृहस्थीहरू भित्ता फोर्ने आदिद्वारा र प्रव्रजितहरू वैद्य काम आदिद्वारा जीवन यापन गर्न चाहिने वस्तु उत्पन्न गरेर "हामी सुखपूर्वक बाचौं" भनी भन्छन्, तिनीहरू भन्दा पनि हामी नै असल सुखपूर्वक साँच्चै बाचिरहेकाछौ, हामी जुन पाँच प्रकारका वैरीभावले वैर भएका मानिसहरूको बिचमा अवैरी भएकाछौं, क्लेशातुर मानिसहरूको बिचमा क्लेश नभएकाले अनातुर भएकाछौं, पाँच प्रकारका कामगुण खोज्न उत्सुक भएका बिचमा उक्त खोजबाट अनुत्सुक भएकाछौं। बाकी स्पष्टै छन्।

कोशल राजा जेतवनमा

*२०१. जयं वेरं पसवति, दुक्खं सेति पराजितो।*
*उपसन्तो सुखं सेति, हित्वा जयपराजयं॥*

२०१.*"विजय हुँदा वैरभाव हुन्छ, पराजित हुँदा दुःखपूर्वक सुत्छ।*
*शान्त हुँदा सुखपूर्वक सुत्छ, जित र पराजितलाई त्याग गरेर।।"*

त्यहाँ *विजय हुँदा* भनेको अरुलाई पराजित गरेर वैरभाव हुन्छ। *पराजित हुँदा* भनेको अरुले पराजित गर्दा "कहिले म शत्रुको पिठ्यूँ हेर्न सकूँ" भनी दुःखले सुत्छ। सबै इरियापथमा दुःखपूर्वक रहन्छ भनेको अर्थ हो। *शान्त हुँदा* भनेको आध्यात्मिक रागादि क्लेश शान्त क्षीणाश्रवले जित र पराजितलाई त्यागेर सुखपूर्वक सुत्छ, सबै इरियापथमा सुखपूर्वक रहन्छ भन्ने अर्थ हो।



https://dhamma.digital

कुनै एक कन्या जेतवनमा

*२०२. नत्थि रागसमो अग्गि, नत्थि दोससमो कलि।*
*नत्थि खन्धसमा* दुक्खा, नत्थि सन्तिपरं सुखं॥*

*२०२."छैन राग समानको अग्नि, छैन दोष समानको समस्या।*
*छैन स्कन्ध समानको दुःख, छैन शान्ति समानको अरु सुख।।"*

त्यहाँ *छैन राग समानको अग्नि* भनेको धुँवा, ज्वाला र गोललाई नदेखाई भित्र जलेरभस्म गर्न सामर्थ्य भएको राग समानको अरु अग्नि भन्ने छैन। *समस्या* भनेको दोष समान अपराध पनि छैन।*स्कन्ध समानको* भनेको स्कन्ध समानको हो।स्कन्धलाई पालन गर्नु दुःख जस्तोअरु दुःख भन्ने हुँदैन। *छैन शान्ति समानको अरु सुख*भनेकोनिर्वाण भन्दा माथि अरु सुख नै छैन। अरु सुखहरू भनेको सुख मात्र हो, निर्वाण परमसुख हो भन्ने अर्थ हो।

एक उपासक आलविमा

*२०३. जिघच्छापरमा रोगा, सङ्खारपरमा[१] दुखा।*
*एतं ञत्वा यथाभूतं, निब्बानं परमं सुखं॥*

*२०३."भोक परम रोग हो, संस्कार परम दुःख हो।*
*यसलाई यथाभूतरूपमा जानी निर्वाण परम सुख हो।।*

त्यहाँ*भोक परम रोग हो* भनेको जुन अरु रोग एकपल्ट औषधी उपचार गर्दा निको हुन्छ वा विस्तार विस्तारै ती रोग निको हुन्छन्, तर भोकलाई सधैँ औषधी उपचार गर्नु परेकोले अरु बाकी रोगहरू भन्दा परम रोग हो। *संस्कार* भनेको पञ्चस्कन्ध हो। *यसलाई जानेर* भनेको भोक समान अरु रोग छैन, स्कन्धलाई पालन गर्नुपर्ने समानको दुःख अरु छैन भनेको यस कुरालाई यथाभूतरूपले जानेर पण्डितले निर्वाण साक्षात्कार गर्छ। *निर्वाण परम सुख हो* भनेको त्यो सुख सबै सुख भन्दा पनि परमोत्तम सुख हो भन्ने अर्थ हो।

---

[१] सङ्खारा परमा (बहूसु)



https://dhamma.digital

प्रशेनजित कोशल जेतवनमा

*२०४. आरोग्यपरमा लाभा, सन्तुट्ठिपरमं धनं।*
*विस्सासपरमा ञाति[१०], निब्बानं परमं[११] सुखं॥*

*२०४."आरोग्य (निरोगी) हुनु परम लाभ हो, सन्तोष परम धन हो।*
*विश्वास परम ज्ञाति हो, निर्वाण परम सुख हो।।"*

त्यहाँ*आरोग्य (निरोगी) हुनु परम लाभ हो* भनेको निरोगी भई रहनु परम लाभ हो। रोगीहरूलाई लाभ भएतापनि अलाभ नै हो, त्यसैले निरोगीलाई सबै प्रकारको लाभ भइरहन्छन्। त्यसैले यस्तो भनेको छ – *"आरोग्य (निरोगी) हुनु परम लाभ हो।" सन्तोष परम धन हो* भनेको गृहस्थी वा प्रव्रजितको जुन आफूलाई प्राप्त भएको र आफूमा भएको हो, त्यसमा नै खुसी भई सन्तोष हुनु भनेको अरु धन भन्दा पनि परम धन हो। *विश्वास परम ज्ञाति हो* भनेको आमाबुबा वा अरु जोसित विश्वास छैन, त्यो ज्ञातिबन्धु होइन। जस्को ज्ञाति नभएकोसंग विश्वास हुन्छ, ऊसित सम्बन्ध नभएतापनि परमोत्तम ज्ञाति हो। त्यसैले भनेको छ –*"विश्वास परम ज्ञाति हो।"* निर्वाण समानको सुख भन्ने अरु छैन, त्यसैले –निर्वाण परम सुख हो।

# १६. पियवग्गो (प्रियवर्ग)

कुनै कुटुम्बिक जेतवनमा

*२१२. पियतो जायती सोको, पियतो जायती भयं।*
*पियतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं॥*

*२१२."प्रियले शोक हुन्छ, प्रियले हुन्छ भय ।*
*प्रियबाट विमुक्त भएकोलाई शोक हुँदैन, कहाँबाट भय हुन्छ।।"*

त्यहाँ *प्रियले* भनेको वृत्तमूलक शोक वा भय उत्पन्न हुने प्रिय सत्त्व वा संस्कारको आधारले उत्पन्न हुन्छ, त्यसबाट विमुक्त भएकोलाई यी दुबै हुँदैन भन्ने अर्थ हो।

---

[१०] विस्सासपरमो ञाति (क० सी०), विस्सासपरमा ञाती (सी० अट्ठ०), विस्सासा परमा ञाति (क०)
[११] निब्बाणपरमं (क० सी०)



https://dhamma.digital

विशाखा जेतवनमा

*२१३. पेमतो जायती सोको, पेमतो जायती भयं।*
*पेमतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं॥*

*२१३."प्रेमले शोक हुन्छ, प्रेमले हुन्छ भय ।*
*प्रेमबाट विमुक्त भएकोलाई शोक हुँदैन, कहाँबाट भय हुन्छ।।"*

त्यहाँ*प्रेमले भनेको* छोराछोरी आदिलाई गरेको प्रेमको कारणले नै शोक उत्पन्न हुन्छ भन्ने अर्थ हो ।

लिच्छवी वैशाली कूटागारशालामा

*२१४. रतिया जायती सोको, रतिया जायती भयं।*
*रतिया विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं॥*

*२१४."रागले शोक हुन्छ, रागले हुन्छ भय ।*
*रागले विमुक्त भएकोलाई शोक हुँदैन, कहाँबाट भय हुन्छ।।"*

त्यहाँ *रागले* भनेको पञ्चकामगुणको रागले हो, त्यसको कारणले भन्ने अर्थ हो।

अनित्थिगन्ध कुमारजेतवनमा

*२१५. कामतो जायती सोको, कामतो जायती भयं।*
*कामतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं॥*

*२१५."कामले शोक हुन्छ, कामले हुन्छ भय ।*
*कामबाट विमुक्त भएकोलाई शोक हुँदैन, कहाँबाट भय हुन्छ।।"*

त्यहाँ*कामले* भनेको वस्तुकाम र क्लेशकामले हो, यी दुईवटा कामको कारणले भन्ने अर्थ हो ।



https://dhamma.digital

कुनै ब्राह्मण जेतवनमा

*२१६. तण्हाय जायती सोको, तण्हाय जायती भयं।*
*तण्हाय विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं॥*

*२१६."तृष्णाले शोक उत्पन्न हुन्छ, तृष्णाले उत्पन्न हुन्छ भय ।*
*तृष्णाबाट विमुक्त भएकोलाई, शोक हुँदैन कहाँबाट भय हुन्छ।।"*

त्यहाँ *तृष्णाले* भनेको छ (६) द्वाराबाट उत्पन्न हुने तृष्णा हो, यो तृष्णाको आधारले उत्पन्न हुन्छ भन्ने अर्थ हो।

Dhamma.Digital



https://dhamma.digital